Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.

बैंक समाचार

# ५४ औं वार्षिकोत्सव आर्थिक विशेषाङ्क















## १४ औं वार्षिक साधारणसभा








## वागमती प्रदेश सरकार र कृषि विकास बैंक लि. बीच सहुलियतपूर्ण ऋण लगानी सम्बन्धी सम्झौता



बैंक समाचार
वर्ष ४५, अंक ३, २०७७ माघ

कृषि विकास बैंक लि.

# ५४ औं वार्षिकोत्सव आर्थिक विशेषाङ्क

हामी ५४ औं वर्षमा प्रवेश गरेका छौं । यहाँसम्म आइपुग्न आ–आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने समस्त ग्राहकवर्ग, कर्जाग्राही, शेयरधनी महानुभावहरू, नेपाल सरकार, नेपाल राष्ट्र बैंक एवं नियामक निकायहरू, एसियाली विकास बैंक लगायत विभिन्न दातृ निकाय, सहयोगी संघसंस्थाहरू र सबै शुभेच्छुकहरूमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा अझ स्तरीय एवं विशिष्टीकृत सेवा दिने प्रण गर्दछौं ।

प्रधानमन्त्री

काठमाडौं, नेपाल



# शुभकामना

कृषि विकास बैंक ५४ औं वर्षमा प्रवेश गरेको अवसरमा बैंकका समस्त सेवाग्राही, शेयरधनी, बैंक परिवार लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

गाउँदेखि शहरसम्मका आम-जनसमुदायलाई सम्पूर्ण बैंकिङ्ग सेवा उपलब्ध गराउने लक्ष्यका साथ अग्रसर कृषि विकास बैंकले बैंकिङ्ग व्यवसायको माध्यमबाट देशको आन्तरिक स्रोत परिचालन गर्ने कार्यमा अहम् भूमिका निर्वाह गर्दै आएको छ । नेपालको कृषि क्षेत्रको विकासका साथै समग्र वित्तीय क्षेत्रको विस्तारका लागि यस बैंकले पुऱ्याउँदै आएको योगदान प्रशंसनीय छ ।

सरकारले परम्परामा आधारित निर्वाहमुखी कृषिलाई आधुनिक कृषि उद्योगमा बदल्ने र यस मार्फत समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने नीति लिएको छ । राष्ट्रको आकाङ्क्षा पूरा गर्न नेपाल सरकारले लिएको नीति तथा प्राथमिकतालाई मध्यनजर राख्दै विकट गाउँ बस्तीका आम नागरिकको बैंकिङ् सेवामा सरल र सहज पहुँच स्थापित गर्न बैंक क्रियाशील रहने छ भन्ने मैले अपेक्षा गरेको छु । साथै अन्य संभाव्य पूर्वाधारका क्षेत्रहरुमा समेत लगानी गर्न सक्रियता देखाउँदै समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न यस बैंकले विशेष भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिएको छु ।

आजको बैंकिङ क्षेत्रको प्रतिस्पर्धात्मक बजारमा आफूलाई सबल ढंगले स्थापित गर्न बैंकले आफ्नो आन्तरिक क्षमता अभिवृद्धि गर्दै अघि बढ्नु पर्ने छ । सूचना प्रविधिको माध्यमबाट सेवा विस्तारलाई थप सहज र प्रभावकारी गर्नेतर्फ कृषि विकास बैंक सदैव क्रियाशील रहेको मैले पाएको छु । आगामी दिनमा बैंकले अझ प्रभावकारी रुपमा निक्षेप परिचालन गर्दै उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह गरी गुणस्तरीय एवं विश्वसनीय सेवा प्रवाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । वित्तीय अनुशासनको पालना गर्दै रोजगारी सिर्जना, गरिबी निवारण र ग्रामीण क्षेत्रका विपन्न वर्गको उत्थान गर्ने कार्यमा बैंकले सफलता प्राप्त गर्दै जाओस् भन्ने कामना गर्दछु ।

अन्त्यमा, सर्वसाधारणको घर आँगनको बैंकका रुपमा स्थापित कृषि विकास बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

२२ पुस २०७७

केपी शर्मा ओली

नेपाल सरकार
# अर्थ मन्त्रालय

मा. विष्णुप्रसाद पौडेल
अर्थ मन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल



## शुभकामना

कृषि विकास बैंक लिमिटेड ५३ औं वर्ष पूरा गरी ५४ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा सञ्चालक, शेयरधनी, बैंक व्यवस्थापन, कर्मचारी, सेवाग्राही लगायत सबै सरोकारवालाहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

कृषि विकास बैंक आफ्ना वृहत् शाखा सञ्जालहरुद्वारा देशभर कार्यक्षेत्र विस्तार गरी सशक्त वाणिज्य बैंकको रुपमा स्थापित भइसकेको छ। नेपालको कृषि क्षेत्रमा वित्तीय सेवा प्रवाह गर्ने कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुको अतिरिक्त मुलुकको ग्रामीण अर्थतन्त्रलाई वित्तीय सेवाका माध्यमबाट गतिशील तुल्याउन यस बैंकले ग्रामीण र शहरी दुवै क्षेत्रमा सन्तुलित उपस्थिति राख्दै अगाडि बढेको छ। यस बैंकले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

ग्रामीण क्षेत्रको बचत परिचालन, कर्जा प्रवाह र वित्तीय पहुँच अभिवृद्धि गर्दै कृषि तथा ग्रामीण विकासका लागि वित्तीय सेवा सहज बनाउने महत्वपूर्ण उद्देश्यका साथ अघि बढिरहेको यस बैंकको कृषि तथा ग्रामीण क्षेत्रको लगानी विस्तारमा संस्थागत विशेष अनुभव र क्षमता रहेको छ। आगामी दिनमा बैंकले संस्थागत सुदृढीकरण, डिजिटल माध्यमबाट आधुनिक प्रविधियुक्त ढंगले ग्राहक सेवाको विस्तार र व्यावसायिक दक्षता अभिवृद्धि गर्दै देशको समृद्धि हासिल गर्न ग्रामीण क्षेत्रमा उत्पादनमुखी कर्जा विस्तारसहितको वित्तीय पहुँच अभिवृद्धिमा महत्वपूर्ण योगदान दिने अपेक्षा गरेको छु। साथै, कोभिड–१९ ले गर्दा शिथिल रहेको अर्थतन्त्रको पुनरुत्थान गर्न सहुलियत कर्जा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सक्रियताका साथ लाग्न आग्रह गर्दछु।

आगामी दिनमा बैंकको भूमिका थप अभिवृद्धि भई बैंकिङ्ग क्षेत्रको उदाहरणीय बैंक बनेर मुलुकको द्रुत आर्थिक विकासमा उल्लेख्य भूमिका निर्वाह गर्नेछ भन्ने विश्वासका साथ बैंकको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

२०७७ माघ

विष्णुप्रसाद पौडेल
अर्थमन्त्री

टेलिफोन नं.: +९७७-१-४२११८०९ (का.), फ्याक्स नं.: +९७७-१-४२११८३१
वेब साईट: www.mof.gov.np

गभर्नर
Governor

# नेपाल राष्ट्र बैंक
# NEPAL RASTRA BANK

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
Central Office
Baluwatar, Kathmandu



## शुभ-कामना

कृषि विकास बैंक लिमिटेड आफ्नो स्थापनाको ५३ वर्ष पूरा गरी ५४ औं वर्षमा प्रवेश गरेको अवसरमा म हार्दिक शुभ-कामना व्यक्त गर्दछु । यस पुनित अवसरमा बैंकले विशेषज्ञ व्यक्तिहरूका सूचनामूलक र विश्लेषणात्मक लेखहरू समेटेर प्रकाशन गर्न लागेको **"बैंक समाचार विशेषाङ्क"** को पूर्ण सफलताको कामना गर्दछु । यस प्रकाशनले सरोकारवालाको बैंकिङ क्षेत्रसँग सम्बन्धित ज्ञानको दायरा विस्तारमा महत्वपूर्ण भूमिका खेल्ने मैले विश्वास लिएको छु ।

नेपालको अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको कृषि क्षेत्रमा वित्तीय सेवा प्रवाह गर्ने मुख्य उद्देश्यका साथ स्थापित यस बैंकले कृषिको व्यावसायीकरण, उत्पादन वृद्धि, ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना, बैंकिङ सेवाको पहुँच विस्तार एवम् गरिबी न्यूनीकरणका क्षेत्रमा पुऱ्याएको योगदान सराहनीय छ ।

मुलुकमा एकातर्फ समावेशी र समन्यायिक विकासका लागि वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्नु आवश्यक छ भने अर्कातिर दिगो र उच्च आर्थिक वृद्धिका लागि प्रतिस्पर्धी लागतमा कृषि, उद्योग, पर्यटन, ऊर्जा र पूर्वाधार क्षेत्रमा वित्तीय साधन प्रवाह गर्नुपर्ने आवश्यकता रहेको छ । स्थापनाकालदेखि ग्रामीण क्षेत्र र कृषि व्यवसायलाई आधार बनाएर अगाडि बढेको यस बैंकले प्रतिस्पर्धी वित्तीय बजारमा अरू बैंकजस्तै कुशल, प्रतिस्पर्धी, नवीनतम तथा आधुनिक बैंकिङ्ग सेवा प्रवाह गर्दै एक सबल वाणिज्य बैंकको रूपमा ग्रामीण व्यवसायी तथा कृषि उद्यमीहरूको आवश्यकता र उत्पादनमूलक क्षेत्रमा लगानी गरी वित्तीय समावेशीकरण मार्फत राष्ट्रले परिलक्षित गरेको समावेशी आर्थिक विकासमा उल्लेखनीय भूमिका निर्वाह गर्नेछ भन्ने मलाई विश्वास छ ।

आगामी दिनमा यस बैंकले फराकिलो शाखा सञ्जालको उपयोग गरी सबल वित्तीय स्थिति कायम गर्दै संस्थागत सुशासन एवम् उच्च कार्यदक्षतामार्फत् उत्पादनशील क्षेत्रमा कर्जा लगानी विस्तार गरी अर्थतन्त्रको विकासमा मार्गदर्शक तथा कृषि क्षेत्रको अगुवा बैंकको भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभेच्छाका साथ पुनः प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

(महा प्रसाद अधिकारी)

Phone. 977-1-4410386 Fax: 977-1-4410159 Post Box: 73 Website: www.nrb.org.np Email: ofg@nrb.org.np

# सञ्चालक समितिका अध्यक्षको शुभकामना



कृषि विकास बैंक लि. ५३ औं वर्ष पूरा गरी ५४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हाम्रा समस्त नेपाल सरकार एवं निजी क्षेत्रका लगानीकर्ता तथा हाम्रा समस्त ग्राहक वर्ग कर्मचारी वर्ग ग्राहक वर्ग, शुभचिन्तक र सम्बन्धित सरोकारवाला सबैमा शुभकामना सन्देश दिने अवसर पाएकोमा म अत्यन्तै गौरवान्वित भएको छु ।

बहुसंख्यक जनता दुर्गम ग्रामीण इलाकामा बसोवास गर्ने र कृषि पेशामा आश्रित भएको कारण यो वर्ग र पेशाको संरक्षण र सम्वर्द्धन नभएसम्म देश विकासले पूर्णता नपाउने यथार्थतालाई दृष्टिगत गरी यस क्षेत्र र यसमा संलग्न कृषक उद्यमीहरूको आर्थिक समुन्नति गर्न आवश्यक पर्ने पुँजी र प्रविधि उपलब्ध गराउने उद्देश्यले २०२४ साल माघ ७ गते यो बैंकको स्थापना भएको कुरा सबैलाई जानकारी भएको विषय हो ।

बैंकले सुरूवातका दिनमा कृषि उद्योग र सहकारी संस्थामा लगानी गरे तापनि हाल आएर ग्राहकका आवश्यकता र मागलाई ध्यानमा राखी सबै प्रकारका वाणिज्य बैंकिङ्ग सेवाहरू प्रदान गर्ने गरेको छ । देशैभरि छरिएर रहेका २८५ भन्दा बढी शाखाहरूबाट आम जनमानसलाई बैंकिङ्ग सेवा प्रदान गरेको छ भने अर्कोतिर छरिएर रहेको पुँजी संकलन गरी लाखौं कृषक, उद्यमीहरूलाई लगानी गरी उनीहरू र देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिँदै आएको छ । बैंकिङ्ग कियाकलाप विस्तार गर्दा सानो पुँजी आवश्यक पर्ने लक्षित समुदायहरू बैंकिङ्ग सेवा वाट विमुख नहुन भन्ने उदेश्यले यस बैंकको पहलमा साना किसान विकास कार्यक्रम सफलतापूर्वक संचालन गरी सोही कार्यक्रमलाई निरन्तरता र प्रभावकारी ढंगबाट संचालन गर्न साना किसान विकास बैंक स्थापना गर्न अहं भूमिका निर्वाह गरेको छ भने विश्वव्यापी आर्थिक मन्दीका बेलामा पनि आन्तरिक सुधार कार्यक्रम संचालन गरी बैंकलाई सुदृढ गरेको कुरा उल्लेख गर्न सान्दर्भिक ठान्दछु ।बैंकले जोखिम ब्यवस्थापनलाई उच्च प्राथमिकता दिन र यसको व्यावसायिक दक्षतामा निखारपना ल्याउदै लगानी मैत्री वातावरणको माध्यमबाट Growth Maximization र Quality Service Maximization मार्फत बैंकको वित्तीय स्वास्थ्यलाई अझ सुदृढ गर्दै लैजाने नीति लिएको छ । यसवाट बैंकिङ्ग क्षेत्रमा आउन सक्ने प्रणालीगत जोखिमलाई पनि यस बैंकले कुशलतापूर्वक व्यवस्थापन गर्न सक्ने कुरा विश्वास दिलाउन चाहान्छु ।

बैंकलाई आज यो अवस्थामा ल्याइपुऱ्याउने हाम्रा समस्त ग्राहक, शेयरहोल्डर, शुभचिन्तक, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, दातृसंस्था पूर्व एवं वर्तमान सञ्चालकज्यूहरू र सम्पूर्ण कर्मचारीहरूप्रति आभार ब्यक्त गर्दै भविष्यमा पनि यस्तै प्रकारका सहयोग र सद्भावको अपेक्षा गरेको छु । अन्तमा, बैंकभित्र रहेका केही कमी कमजोरीहरूलाई सुधार गर्दै आगामी दिनमा प्रविधि मैत्रीको कार्यबाट बैकिङ्ग सेवालाई छिटोछरितो, भरपर्दो बनाउँदै सेवा बढी से बढी वर्ग र क्षेत्रमा प्रदान गर्ने प्रतिबद्धता ब्यक्त गर्दै यस बैंक र यसमा आबद्ध सबैको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**लक्ष्मीप्रपन्न निरौला**
अध्यक्ष
सञ्चालक समिति
कृषि विकास बैंक लिमिटेड

# प्रमुख कार्यकारी अधिकृतको प्रतिबद्धता



कृषि विकास बैंक लि. ५३ वर्ष पूरा गरी ५४ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा बैंकका समस्त ग्राहक वर्ग, शेयरधनी महानुभावहरू, नेपाल सरकार, दातृ निकाय, कर्मचारी वर्ग, शुभेच्छुक तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक आभार एवं शुभकामना व्यक्त गर्दछु ।

वि.सं. २०२४ मा आजकै दिन कृषि तथा ग्रामीण क्षेत्रको माध्यमद्वारा समग्र देशको विकास गर्ने उद्देश्यले स्थापना भएको यस बैंकले एकातर्फ देशका दूरदराजमा रहेका जनतासामु वित्तीय पहुँच विस्तार गर्दै उद्यमशीलताको विकास गरी उनीहरूको आर्थिक अवस्थामा सुधार गरी देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिँदै आएको छ भने अर्कोतर्फ सम्पूर्ण वाणिज्य बैंकिङ्ग कारोवारका साथै अत्याधुनिक बैंकिङ्ग सेवा सुविधाहरू सर्वसाधारणको घरदैलोमा पुऱ्याउने एवं प्रविधिको माध्यमबाट बैंकसँग ग्राहकवर्गलाई आबद्ध गर्दै "सम्पूर्ण बैंकिङ्ग सुविधासहितको तपाईं हाम्रो घर आँगनको बैंक" को अनुभूति दिन शहरी एवं ग्रामीण क्षेत्रमा छरिएर रहेका यस बैंकका सम्पूर्ण शाखा सञ्जालमार्फत पूँजी संकलन गर्दै आम नागरिकलाई बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

बैंकले हालसम्म लाखौंलाख कृषक, उद्यमीहरूलाई कूल १४ खर्बभन्दा बढी रकम लगानी गर्दै कृषि व्यवसायसँग सम्बन्धित व्यावहारिक ज्ञान, सीप एवं सुझावहरू समेत प्रदान गरी कृषिमा व्यवसायीकरण गर्न विशेष भूमिका निर्वाह गर्दै आइरहेको छ । नेपाल राष्ट्र बैंकबाट जारी भएको आ.व. २०७७/७८ को मौद्रिक नीतिमा बैंकलाई कृषि व्यवसायमा अग्रणी बैंक (Lead Bank) को भूमिकामा स्थापित गर्न संस्थागत स्रोत व्यवस्थापनका लागि कृषि बण्ड जारी गर्ने सुविधा प्रदान गरिएकोमा बैंकले सोको प्रक्रिया अघि बढाइसकेको छ । कृषकलाई प्रविधिमैत्री डिजिटल बैंकिङ्ग कारोबारमा अभ्यस्त बनाउँदै वित्तीय साक्षरतालाई थप आधुनिकतातर्फ लैजान मौद्रिक नीतिको अवधारणा बमोजिम किसान क्रेडिट कार्ड, सूचनामूलक जानकारी सहितको किसान एप्सजस्ता अत्याधुनिक डिजिटल बैंकिङ्ग सेवा विस्तार गर्न बैंक उद्यतशील छ । बैंकले आवधिक कर्जाको समुचित व्यवस्थापन गर्नुका साथै नेपाल सरकारको प्राथमिकतामा रहेका क्षेत्र तथा पिछडिएका वर्गलाई लक्षित गरी ल्याइएका कार्यक्रमहरूमा समेत आफ्नो भूमिका प्रभावकारी रूपमा विस्तार गर्दै जानुका साथै मौद्रिक नीति, बैंकको वार्षिक कार्यक्रमअनुरूप लक्ष्य प्राप्त गरी शेयरधनीहरूलाई अपेक्षित लाभांश उपलब्ध गराउन सफल भएको छ ।

यस ऐतिहासिक घडीमा बैंकले आफ्नो दूरदृष्टि, ध्येय, उद्देश्य एवं दीर्घकालीन लक्ष्यहरूलाई आत्मसात गर्दै उपलब्ध श्रोत र साधनहरूको अधिकतम परिचालन गरी बढीभन्दा बढी ग्राहकसमक्ष भरपर्दो बैंकिङ्ग सेवा प्रदान गर्ने कार्यमा निरन्तररूपमा अघि बढ्दै जानेछ । "कृषिलाई नछोड्ने, अरूलाई जोड्ने" मूल नाराका साथ आर्थिक विकासका तीनवटा महत्वपूर्ण स्तम्भहरू; सरकार, निजी क्षेत्र तथा सहकारी क्षेत्रसँग समेत आवश्यक समन्वय र सहकार्य गर्दै दिगो तथा आर्थिक विकासका लागि वातावरण अनुकूल कार्यक्रममा जोड दिई कृषकलाई आधुनिक हिसाबले रोजगारी प्रदान गर्न कृषि मूल्य श्रृंखलामा आधारित परियोजना विस्तार एवं उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्न बैंक सधैं तत्पर रहनेछ । नियमनकारी निकायले जारी गरेका विवेकशील नियम (prudential norms) तथा अन्तर्राष्ट्रिय अभ्यास बमोजिमका जोखिम न्यूनीकरणका सिद्धान्तहरू पालना गर्दै संस्थागत सुशासनलाई आफ्नो संगठनात्मक संरचना बमोजिम थप गतिशील र बलियो बनाउँदै लगिनेछ । कृषिको विकास तथा व्यावसायीकरण, गरिबी निवारण तथा वित्तीय पहुँच विस्तार गरी आर्थिक समृद्धि हासिल गर्ने एवं वाणिज्य बैंकिङ्ग कारोवारलाई अझ फराकिलो र गुणस्तरीय सेवा प्रवाहमा थप अभिवृद्धि गर्ने कार्यमा सदाझैं सबैको सहयोग प्राप्त हुनेछ भन्ने विश्वासका साथ सरकारले उदघोष गरेको "समृद्ध नेपाल सुखी नेपाली" को नारालाई वित्तीय क्षेत्रबाट साकार पार्न हामी कृतसंकल्पित रहेको व्यहोरा पनि निवेदन गर्न चाहन्छौं ।

..............................

**अनिलकुमार उपाध्याय**
प्रमुख कार्यकारी अधिकृत
कृषि विकास बैंक लिमिटेड

# कृषि विकास बैंक लि.

## सञ्चालक समिति



**लक्ष्मीप्रपन्न निरौला**
अध्यक्ष



**झक्कप्रसाद आचार्य**
सञ्चालक
प्रतिनिधि- नेपाल सरकार



**डा. हरिबहादुर के.सी.**
सञ्चालक
प्रतिनिधि- नेपाल सरकार



**डा. इन्दिरा श्रेष्ठ (मास्के)**
स्वतन्त्र सञ्चालक



**संजिव पौडेल**
सञ्चालक
प्रतिनिधि-सर्वसाधारण शेयरधनी



**हरिप्रसाद पराजुली**
सञ्चालक
प्रतिनिधि-सर्वसाधारण शेयरधनी



**विनोद कुमार गुरागाईं**
सञ्चालक
प्रतिनिधि-सर्वसाधारण शेयरधनी



**हिमलाल पौडेल**
कम्पनी सचिव

# कृषि विकास बैंक लि.

## व्यवस्थापन समूह



**अनिलकुमार उपाध्याय**
प्रमुख कार्यकारी अधिकृत



**प्रताप सुवेदी**
प्रमुख कर्जा अधिकृत
(का. मु. उप-महाप्रबन्धक)



**यज्ञप्रकाश न्यौपाने**
प्रमुख वित्त अधिकृत
(का. मु. उप-महाप्रबन्धक)



**ध्रुबचन्द्र गौतम**
प्रमुख कर्पोरेट अधिकृत
(का. मु. उप-महाप्रबन्धक)



**दीर्घबहादुर अर्याल**
प्रमुख जनशक्ति व्यवस्थापन अधिकृत
(का. मु. उप-महाप्रबन्धक)

### विभागस्तरीय विभागीय प्रमुख

१. प्रेम कुमार श्रेष्ठ, वि.प्र., वित्त तथा लेखा विभाग
२. निर्मलप्रसाद उपाध्याय, वि.प्र., जनशक्ति व्यवस्थापन विभाग
३. बाबुकाजी थापा, वि.प्र., कृषि कर्जा तथा एमएसएमई विभाग
४. मिनराज पोखरेल, वि.प्र., व्यवसाय कर्जा तथा ट्रेड फाइनान्स विभाग
५. पप्पुबाबु श्रेष्ठ, वि.प्र., सूचना प्रविधि विभाग
६. सुशिल हुमागाईं, वि.प्र., आन्तरिक लेखा परिक्षण विभाग
७. टंक प्रसाद भट्टराई, वि.प्र., अवकास कोष व्यवस्थापन कार्यालय
८. सुदीप कुमार दाहाल, वि.प्र., ट्रेजरी विभाग
९. निर्मलराज कोईराला, वि.प्र., कानून विभाग
१०. अजयकुमार रिमाल, वि.प्र., डिजिटल बैंकिङ्ग विभाग
११. प्रकाश कंडेल, वि.प्र., केन्द्रीय तालिम प्रतिष्ठान
१२. शंकरकुमार अर्याल, वि.प्र., सामान्य सेवा विभाग
१३. अनिल कुमार यादव, वि.प्र., आन्तरिक निरिक्षण तथा अनुगमन विभाग
१४. गणेश बहादुर डि.सी., वि.प्र., बजार तथा शाखा सञ्चालन विभाग
१५. तेजमान सिंह भण्डारी, वि.प्र. योजना तथा अनुसन्धान विभाग
१६. बिना शर्मा, वि.प्र., परियोजना कार्यान्वयन इकाई
१७. सरोज कुमार साह, का.मु.वि.प्र., कर्पोरेट बैंकिङ्ग, रामशाहपथ
१८. सरिता कुमारी पोखरेल दाहाल, का.मु.वि.प्र., अवकास कोष व्यवस्थापन कार्यालय
१९. हिमलाल पौडेल, का.मु.वि.प्र., कम्पनी सचिवालय
२०. नीकू आचार्य, का.मु.वि.प्र., जोखिम व्यवस्थापन विभाग

### प्रदेशस्तरीय प्रदेश प्रमुख

१. प्रदेश नं. १, प्रदेश प्रमुख - बाशु अधिकारी, प्रदेश कार्यालय, विराटनगर
२. प्रदेश नं. २, प्रदेश प्रमुख - राजेश कुमार श्रीवास्तव, प्रदेश कार्यालय, जनकपुर
३. बागमती (क), प्रदेश प्रमुख - सुन्दरप्रसाद खतिवडा, प्रदेश कार्यालय, काठमाडौं
   बागमती (ख), प्रदेश प्रमुख - कृष्ण नकर्मी, प्रदेश कार्यालय, विरेन्द्रनगर, चितवन
४. गण्डकी प्रदेश, प्रदेश प्रमुख - रघुनाथ न्यौपाने, प्रदेश कार्यालय, पोखरा
५. लुम्बिनी (क), का.मु. प्रदेश प्रमुख - जगदिश्वर पन्थी, प्रदेश कार्यालय, भैरहवा
   लुम्बिनी (ख), प्रदेश प्रमुख - गिरिधारी पौडेल, प्रदेश कार्यालय, नेपालगञ्ज
६. कर्णाली प्रदेश, प्रदेश प्रमुख - घनेन्द्र अधिकारी, कार्यालय, सुर्खेत
७. सुदूरपश्चिम प्रदेश, का.मु. प्रदेश प्रमुख - गोकुल पनेरू, प्रदेश कार्यालय, धनगढी

### मुख्य शाखास्तरीय प्रबन्धक

१. करूण चन्द्र घिमिरे, मुख्य शाखा प्रबन्धक, मुख्य शाखा चावहिल
२. चन्द्रसिंह थापा, का.मु. मुख्य शाखा प्रबन्धक, मुख्य शाखा रत्नपार्क
३. डालेन्द्र थापा, का.मु. मुख्य शाखा प्रबन्धक, मुख्य शाखा लगनखेल
४. रूक्मिणी भट्ट उपाध्याय, का.मु. मुख्य शाखा प्रबन्धक, मुख्य शाखा गौशाला
५. माधव रिजाल, का.मु. मुख्य शाखा प्रबन्धक, मुख्य शाखा पोखरा
६. टंक प्रसाद पोखरेल, का.मु. मुख्य शाखा प्रबन्धक, मुख्य शाखा विराटनगर

# कृषि विकास बैंक लि.

## बैंक समाचार

# ५४ औं वर्ष प्रवेश विशेषाङ्क

**सम्पादन समूह**

ध्रुवचन्द्र गौतम
शंकरकुमार अर्याल
निकू आचार्य
महेश्वर आचार्य

**कार्यकारी सम्पादक**

कल्पना के.सी.

**विशेष सहयोगी**

शान्ता सुवेदी

**तस्बिर**

जेनु बस्नेत

**डिजाइन**

भक्तबहादुर कार्की

**मुद्रण**

वेस्टर्न प्रिन्टिङ सपोर्ट

कृषि विकास बैंक लि., मुख्य कार्यालय, सामान्य सेवा विभागका लागि
सूचना तथा प्रकाशन र श्रव्यदृश्य शाखाद्वारा प्रकाशित तथा वितरित

यसमा प्रकाशित सामग्रीहरू लेखकका निजी विचार हुन् ।

# Key Performance Highlights










DEPOSIT RS.(MILLIONS)
65,898
77,035
87,387
99,816
104,731
119,363
143,732
2070/71
2071/72
2072/73
2073/74
2074/75
2075/76
2076/77


LOANS RS.(MILLIONS)
62,473
72,239
83,418
92,725
100,166
111,750
123,377
2070/71
2071/72
2072/73
2073/74
2074/75
2075/76
2076/77


NPL PERCENTAGE
5.46
5.35
4.36
4.60
3.50
3.29
2.84
2070/71
2071/72
2072/73
2073/74
2074/75
2075/76
2076/77



सरल, सुरक्षित र स्मार्ट सेवाका लागि
कृषि विकास बैंक लिमिटेडमा
स्वागत छ ।
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क" वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA

# सम्पादकीय

'कृषिलाई नछोड्ने, अरूलाई जोड्ने' घोषित प्रतिबद्धताका साथ सम्पूर्ण बैंकिङ्ग सुविधासहितको तपाईं हाम्रो घरआँगनको बैंकको रूपमा नेपाल सरकार एवं नेपाल राष्ट्र बैंकको नीति र कार्यक्रमलाई आत्मसात गर्दै ग्रामीण क्षेत्रमा समेत वित्तीय पहुँच वृद्धिसहित देशको अर्थतन्त्रमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँदै कृषि विकास बैंक आफ्नो सेवाको ५३ औं वर्ष पूरा गरी ५४ औं वर्षमा सगौरव प्रवेश गरेको छ ।

यस सुखद अवसरमा हामी आदणीय शेयरधनी महानुभावहरू, समस्त ग्राहक, नेपाल सरकार, बैंकका अग्रज एवं सम्पूर्ण शुभेच्छुक महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । आफ्नो स्थापना कालमा बैंकले सहकारिता, कृषि र कृषिमा आधारित सेवालाई मूल उद्देश्य मानी अघि बढेको भए तापनि हाल आएर 'क' वर्गको वाणिज्य बैंकको रूपमा रूपान्तरित भई अत्याधुनिक प्रविधिसहित जनतालाई सम्पूर्ण सेवा प्रदान गर्ने भरपर्दो एवं सुरक्षित आधुनिक बैंकको रूपमा बैंक तथा वित्तीय क्षेत्रमा अग्रणी बैंकको रूपमा स्थापित हुन सफल भएको छ । एकातिर शेयरधनीहरूलाई प्रतिस्पर्धात्मक र उच्च दरको प्रतिफल दिन सक्षम भएको छ भने अर्कोतर्फ सरकारको नीति तथा प्राथमिकतालाई समेत आत्मसात् गर्दै नेपाल राष्ट्र बैंकलगायत अन्य नियामक निकायका निर्देशनको पालना गर्दै कृषिको आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रीकरण, औद्योगिकीकरण गरी राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै बैंकले दुर्गम क्षेत्रका सीमान्तकृत वर्गमा पुगी सरल तथा सुलभ भरपर्दो वित्तीय सेवा प्रदान गरी जीवनस्तर उकास्न आफ्नो भूमिकालाई अझ प्रभावकारी तुल्याउँदै लगेको छ ।

बैंकिङ्ग सेवालाई आधुनिकीकरण र ग्राहकमैत्री बनाउँदै लैजाने क्रममा आफ्ना सम्पूर्ण सेवाग्राहीलाई अत्याधुनिक प्रविधियुक्त बैंकिङ्ग प्रणालीको प्रयोगबाट गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यका साथ यस वर्ष कृषि क्षेत्रको अगुवा बैंकका रूपमा समेत आफूलाई उभ्याउन सफल भएको छ । बैंकको व्यवस्थापन तथा सेवामा थप योगदान पुऱ्याउने र कृषि क्षेत्रको अगुवा बैंकको रूपमा विकास गरी वित्तीय क्षेत्रमा लामो अवधिसम्म लगानी गर्न भरपर्दो स्रोत कृषि बण्ड र किसानलाई ऋण र अनुदानसँग आबद्ध गरी भुक्तानी प्रणालीलाई सुरक्षित किसान कार्ड वितरण गर्न समेत सक्षम भएको छ । ग्राहकहरूको चाहना र मागअनुसार उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी डिजिटल बैंकिङ्गका नवीनतम Products हरू (IPS, Connect IPS, RTGS, ATM, Visa Debit Card, Internet Banking, Mobine Banking, E-sewa, For Pay, C-ASBA, DMAT, Opening Visa Credit Card, Online Account, QR Code लगायतका वस्तु तथा सेवाहरू ग्राहकहका माझ पुऱ्याउन सफल रहेको छ ।

आफ्नो क्षमता र दक्षताको अधिकतम उपयोग गरी उच्चतम अधिकृत पुँजी, शेयरधनी र शाखा सञ्जाल भएको यस बैंकले आफ्ना ग्राहकहरूलाई गुणस्तरीय एवं भरपर्दो वित्तीय सेवा र शेयरधनीहरूलाई उच्च प्रतिफल उपलब्ध गराउन सक्षम रहेको छ । बैंकले खेलेको भूमिकाले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउनुका साथै संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहमा समेत बैंक अग्रणी रहन सफल भएको छ ।

अन्तमा, यस बैंकको उत्तरोत्तर प्रगति तथा विकासका निम्ति प्रत्यक्ष एवं परोक्ष रूपमा महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने नेपाल सरकार, नेपाल राष्ट्र बैंकलगायत संघसंस्थाप्रति पुनः हार्दिक धन्यवाद व्यक्त गर्दै ग्राहकहरूमाझ अझ सशक्त एवं प्रभावकारी ढंगले वस्तु तथा सेवा पुऱ्याउने र बैंकका सेवालाई अझ भरपर्दो, सुरक्षित, सहज र सरल तुल्याई बैंक तथा वित्तीय क्षेत्रको अब्बल बैंकको रूपमा आफूलाई उभ्याउने प्रतिबद्धताका साथ बैंकको ५४ औं वार्षिकोत्सवको अवसरमा बैंक तथा वित्तीय क्षेत्रका विशिष्ट महानुभावहरू एवं विज्ञ लेखकहरूको महत्वपूर्ण एवं समसामयिक रचनासहितको बैंक समाचारको ५४ औं विशेषाङ्क प्रकाशित गरेका छौं । हामी यस प्रकाशनमा प्रकाशित सामग्रीले निश्चय पनि सम्बद्ध सबै पाठक वर्गमा थप ऊर्जा र हौसला प्रदान गर्ने विश्वास समेत व्यक्त गर्दछौं । ■


ADBL
बचत
योजना
बैंकमा खाता खोलौं
बचत गर्ने बानी बसालौं
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

# विषयसूची


| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | "३ लाख १७ हजार जति शेयरधनीहरू लाभान्वित हुने भएका छन्"<br>(अन्तर्वार्ता : प्रमुख कार्यकारी अधिकृत अनिलकुमार उपाध्याय) | १ |
| २. | कर्जा जोखिम र यसका विविध अभ्यास एवं पक्षहरू<br>*- लक्ष्मीप्रपन्न निरौला* | ५ |
| ३. | आर्थिक रूपान्तरण र समृद्धिको संवाहक सहुलियतपूर्ण कर्जा<br>- चिन्तामणि शिवाकोटी | ११ |
| ४. | "बैंकको पुँजी वृद्धि नै आजको आवश्यकता"<br>(अन्तर्वार्ता : चन्द्रमान प्रधान) | १६ |
| ५. | कोरोनापछिको ग्रामीण पुनरूत्थानको अवधारणा र त्यसमा कृषि विकास बैंकको भूमिका<br>*- श्रीकृष्ण उपाध्याय* | २० |
| ६. | नेपालमा सार्वजनिक संस्थानको वर्तमान अवस्था<br>*- झक्कप्रसाद आचार्य* | २२ |
| ७. | कृषि विकास बैंक र हाम्रो कृषि<br>*- जलनकुमार शर्मा* | २९ |
| ८. | सार्वजनिक संस्थानमा रणनीतिक व्यवस्थापनका मुद्दाहरू<br>*- दामोदर रेग्मी* | ३५ |
| ९. | नेपालको सन्दर्भमा वित्तीय स्थिरता र वित्तीय समावेशिताको सवाल<br>*- डा. प्रकाशकुमार श्रेष्ठ* | ४२ |
| १०. | कर्जा कारोबारको डिजिटाइजेसनमा CPAS र CAD को कार्यान्वयनः<br>परिचय, आवश्यकता, जिम्मेवारी र भूमिका<br>*- प्रताप सुवेदी* | ४६ |
| ११. | आर्थिक वर्ष २०७७/०७८ को मौद्रिक नीतिमा कृषि क्षेत्रको अगुवा बैंकको रूपमा कृषि विकास बैंक<br>*- यज्ञ प्रकाश न्यौपाने* | ५० |
| १२. | कर्जा जोखिम व्यवस्थापन : असुली रणनीति र यसको प्रभाव<br>*- ध्रुवचन्द्र गौतम* | ५५ |
| १३. | वित्तीय संस्थामा जोखिम व्यवस्थापन आवश्यकता तथा चुनौतीहरू<br>*- राजनविक्रम थापा* | ६१ |

| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १४. | नेपालमा सरकारी बैंकहरूको भविष्य<br>*- नरबहादुर थापा* | ६६ |
| १५. | कृषितन्त्रका विकृति र कृषि कर्जामा प्रणालीगत सुधारको आवश्यकता<br>*- कृष्ण प्रधान* | ७१ |
| १६. | वित्तीय अपराधमा वास्तविक धनीको पहिचान<br>*- सुशीलप्रसाद आचार्य* | ७६ |
| १७. | सुशासनका लागि सेवा प्रवाहमा सुधार<br>*- किरणराज शर्मा/सुमन भट्टराई* | ७९ |
| १८. | नेपालमा ऋणपत्र बजारको आवश्यकता र विकास एवं विस्तारका उपायहरू<br>*- डा. नवराज अधिकारी* | ८२ |
| १९. | बैंकिङ्ग व्यवसायमा देखिने जोखिम र समाधानका उपायहरू<br>*- सुदिप फुयाल* | ९० |
| २०. | उपभोक्ता हित सम्बन्धी कानुन र नेपालमा वित्तीय उपभोक्ताको अवस्था<br>*- रेशमराज रेग्मी* | ९६ |
| २१. | ADBL's Current Nexus Building Efforts with Governmental and Non-governmental Organizations for Agriculture and MSME Credit Lending<br>*- Babu Kaji Thapa* | १०३ |
| २२. | Introduction of Internal audit and its general practice in Agricultural Development Bank<br>*- Sushil humagai* | ११० |
| २३. | Discourse of Money Laundry (ML) and Terrorist Finance (TF)<br>*- Prakash Kandel* | ११३ |
| २४. | Why Agricultural Development Bank Needs International Support<br>*- Ghuran Thakur* | ११६ |
| २५. | नेपालमा कृषि कर्जाको विगत र वर्तमान<br>*- विजयराज पोखरेल* | १२४ |
| २६. | विश्वव्यापीकरणको महत्व र यसको प्रभाव<br>*- गम्भीरबहादुर हाडा* | १२९ |
| २७. | वित्तीय क्षेत्रका सार्वजनिक संस्थान र कार्यकुशलता<br>*- इन्द्रबहादुर देवकोटा* | १४२ |

| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| २८. | विकास योजनाको अवधारणा र नेपालमा यसको अभ्यास<br>*- रमेश अर्याल* | १४७ |
| २९. | नेप्से कारोवारमा सर्किट ब्रेकर र प्रारम्भिक सत्रको कारोवार<br>- निरन्जन फुयाल | १५६ |
| ३०. | बैंकिङ्ग भिलेजमा कृषि विकास बैंकको प्रकृति, संस्कृति र प्रगति<br>*- डा. सुरोज टण्डन* | १५९ |
| ३१. | नेपालको व्यावसायिक कृषि विकासमा भएका प्रयास, समस्या तथा चुनौतीहरू<br>*- हिम लाल श्रेष्ठ* | १६४ |
| ३२. | Proliferation of Digital Banking and the Emerging Cyber Threats<br>*- Deep Singh Rawat* | १६८ |
| ३३. | Why is Compliance a must for Nepalese BFIs in 2020?<br>*- Dwaipayan Regmi* | १७३ |
| ३४. | बैंकिङ्ग व्यवसायमा हुने कसूर, सजाय र न्यूनीकरणका उपाय<br>*- कृष्ण निरौला* | १७७ |


Agricultural Development Bank Limited
कृषि बिकास बैंक लिमिटेड
Kisan ID: xxx xxxx xxxx
KISAN CREDIT CARD
XXXX XXXX XXXX XXXX
VALID THRU MM/YY
CARD HOLDER NAME


ग्राहक सेवाको लागि सम्पर्क नम्बर: ९७७–१–४२६२६१३
इमेल: kisan@adbl.gov.np
कृषिमूलञ्च जीवनम्
ग्राहकको आधिकारिक हस्ताक्षर
यो कार्ड कृषि विकास बैंक लिमिटेडको सम्पत्ति हो। कुनै कारणवस बैंकले फिर्ता मागेमा कार्ड बाहकले फिर्ता गर्नु पर्नेछ। यस कार्डको प्रयोग कार्ड माग फारममा तोकिएको शर्त तथा सुविधाहरु (संशोधन समेत) द्वारा निर्देशित हुनेछ। कसैले यो कार्ड भेटेमा बैंकको नजिकको कार्यालय वा तलको ठेगानामा पठाउनुहुन अनुरोध छ।
कृषि विकास बैंक लिमिटेड
डिजिटल बैंकिङ विभाग
मुख्य कार्यालय, रामशाहपथ काठमाडौं
फोन नम्बर : ०१–४२६२६१३
इमेल: kisan@adbl.gov.np
वेबसाईट: www.adbl.gov.np
KISAN

# ‘३ लाख १७ हजार जति शेयरधनीहरू लाभान्वित हुने भएका छन्’



कृषि विकास बैंकको ५४ औं वार्षिकोत्सवको उपलक्ष्यमा बैंकको समग्र कारोबारको स्थिति, बैंकले अपनाएका रणनीति तथा भविष्यका योजनाहरूका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत **श्री अनिल कुमार उपाध्याय**सँग प्रमुख कार्यकारी अधिकृतको कार्यालयमा कार्यरत वरिष्ठ लेखा अधिकृत (सिए) कृष्ण निरौलासँग भएको अन्तर्वार्ता) -सं.

**सर्वप्रथम वाणिज्य बैंकहरुको छाता संगठन नेपाल बैंकर्स एशोसिएसनको उपाध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएकोमा यहाँलाई हार्दिक बधाई । सरकारी बैंकहरुको यस किसिमको प्रतिनिधित्व प्रशंसनीय नै मान्नुपर्छ । यस सम्बन्धमा केही बताइदिनुहुन्छ कि?**

धन्यवाद । यो उपलब्धी बैंकको संचालक समिति, उच्च व्यवस्थापन र उर्जाशील कर्मचारीसँग शेयर गर्न चाहन्छु । सरकारी बैंकको बैंकर्स एसोसिएसनमा यस किसिमको प्रतिनिधित्वले सरकारी बैंकहरूको कार्यसंचालन प्रभावकारिता निजी क्षेत्रका वाणिज्य बैंकसरह नै रहेको र विवेकशील नियमन (Prudential Norms) हरूको पालना सहित संस्थागत सुशासन तथा सबैको म र यस बैंक प्रतिको विश्वासको उपज हो भन्ने ठानेको छु ।

> **‘कोभिडका कारण प्रभावित व्यवसायहरुलाई राहत प्रदान गर्न पुनर्संरचना र पुनरतालिकीकरणका साथै ग्रेस अवधि समेत थप गरेका कारण बैंकहरुको ब्याज आम्दानीमा नकारात्मक असर पर्‍यो ।’**

**कोभिड-१९ र यसको अर्थतन्त्रका साथै बैंकिङ्ग क्षेत्र र कृषि विकास बैंकमा परेको प्रभावका बारेमा केही बताइदिनुस् न ।**

कोभिड-१९ को महामारीले २०७६ चैत्र ११ देखि २०७७ श्रावणसम्म लकडाउनले गर्दा सम्पूर्ण अर्थतन्त्र नै ठप्प जस्तो भएको जगजाहेर नै छ । नेपाल भ्रमण वर्ष २०२० लाई कोभिड-१९ ले नराम्रोसँग प्रभावित गर्‍यो । चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर ०.६५ प्रतिशत मात्र हुने विश्व बैंकले प्रक्षेपण गरिसकेको छ । उद्योग कलकारखानाहरू बन्द त थिए नै, तपाईंसँग कुरा गर्दै गर्दा दुई लाख त्रिसट्ठी हजार भन्दा बढी मानिसलाई नेपालमा कोरोना संक्रमण भएको र १९०० जतिको ज्यान गइसकेको अवस्था छ ।

बैंकिङ्ग व्यवसाय अर्थतन्त्र चलायमान बनाउने द्योतक मानिए पनि कोभिडका कारण बैंकहरूलाई धेरै असर गरेको राष्ट्र बैंक लगायत विभिन्न प्रतिवेदनहरूले देखाएका छन् । अर्थतन्त्रमा परेको नकारात्मक प्रभावलाई केही हदसम्म न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्र बैंकले आ.व. २०७६/७७ को चौथो त्रैमासमा २ प्रतिशतले कर्जाको ब्याजदर घटाउन बैंकहरूलाई निर्देशन समेत दिएको थियो । यसैगरी कोभिडका कारण प्रभावित व्यवसायहरूलाई राहत प्रदान गर्न पुनर्संरचना र पुनरतालिकीकरणका साथै ग्रेस अवधि समेत थप गरेका कारण बैंकहरूको ब्याज आम्दानीमा नकारात्मक असर पर्‍यो । तथापि अर्थतन्त्रको समस्यालाई हृदयंगम गर्दै समग्र बैंकहरूले सो कदमको स्वागत गरेका थिए ।

कोभिड-१९ का कारण थुप्रै जिल्ला लकडाउनमा गएकाले कृषि विकास बैंकका शाखाहरू पनि बन्द

गर्नुपऱ्यो, कोरोनाकै कारण कर्मचारीमा त्रासको वातावरण सिर्जित भएको थियो । कोभिडबाट हाम्रा करिब २७५ जना कर्मचारीहरू प्रत्यक्ष रूपमा प्रभावित पनि हुन पुगे । हामीले Work From Home को रणनीति बमोजिम पनि काम गऱ्यौं । त्यस्तै अत्यावश्यक सेवा भएकाले आलोपालो (Rotation) को हिसाबले सेवा दिएर भए पनि बैंकिङ्ग सेवा रोकेनौं । साथै यस अवधिमा डिजिटल Products र Online कारोवारमा उल्लेख्य वृद्धि हुन पुग्यो ।

"मौद्रिक नीति २०७७/७८ ले बैंकलाई कृषि क्षेत्रको अगुवा बैंक (Lead Bank) भई कार्य गर्ने अवसर प्रदान गरेको छ । यस कार्यलाई सहजीकरण गर्दै लागत मूल्य कम गर्न तथा कृषिमा विशिष्टिकृत बैंक बनाउने सुविधा दिंदै मौद्रिक नीतिले यस बैंकलाई कृषि ऋणपत्र जारी गर्न सक्ने व्यवस्था समेत मिलाएको छ । यसै सुविधालाई सदुपयोग गर्दै बैंकले हालका लागि रू. ६ अर्बको कृषि बण्ड जारी गर्न लागेको छ । त्यस्तै मौद्रिक नीतिले व्यवस्था गरेबमोजिम बैंकले किसान क्रेडिट कार्ड र किसान एप समेत जारी गर्न लागेको छ ।"

**मौद्रिक नीति २०७७/७८ ले कृषि विकास बैंकलाई दिएको अवसर र ती अवसरलाई सदुपयोग गर्न बैंकले गरिरहेका प्रयासका बारेमा भन्दिनुस् न ।**

मौद्रिक नीति २०७७/७८ ले बैंकलाई कृषि क्षेत्रको अगुवा बैंक (Lead Bank) भई कार्य गर्ने अवसर प्रदान गरेको छ । यस कार्यलाई सहजीकरण गर्दै लागत मूल्य कम गर्न तथा कृषिमा विशिष्टीकृत बैंक बनाउने सुविधा दिंदै मौद्रिक नीतिले यस बैंकलाई कृषि ऋणपत्र जारी गर्न सक्ने व्यवस्था समेत मिलाएको छ । यसै सुविधालाई सदुपयोग गर्दै बैंकले हालका लागि रू. ६ अर्बको कृषि बण्ड जारी गर्न लागेको छ । त्यस्तै मौद्रिक नीतिले व्यवस्था गरेबमोजिम बैंकले किसान क्रेडिट कार्ड र किसान एप समेत जारी गर्न लागेको छ । यसका साथै मौद्रिक नीतिकै व्यवस्था बमोजिम बैंकले आफ्ना तालिम केन्द्र मार्फत कृषि सम्बन्धी तालिम विस्तार गर्न आवश्यक संस्थागत एवं संरचनागत व्यवस्था मिलाउँदै लगेको छ ।

**बैंकको साधारणसभा र वित्तीय विवरणका बारेमा केही बताइदिनुस् न ।**

अघिल्लो वर्ष झैं यस वर्ष पनि नियामक निकायले तोकेको समयावधि ६ महिनाभित्रै यस विषम परिस्थितिमा पनि Virtual माध्यमबाट भए पनि वार्षिक साधारणसभा गर्न सफल भएका छौं । साथै यही साधारणसभाबाट १५ प्रतिशत लाभांश समेत दिन सकेका छौं । बैंकका ३ लाख १७ हजार जति शेयरधनी महानुभावहरू यसबाट लाभान्वित हुने आशा लिएका छौं ।

बैंकको चुक्ता पुँजी बैंकको १४ औं वार्षिक साधारणसभाले पारित गरेपश्चात रू. १६ अर्ब ४१ करोड रहेको छ, जुन वाणिज्य बैंकहरूले कायम गर्नुपर्ने न्यूनतम सीमाभन्दा दुई गुणा बढी हो । यसअन्तर्गत रू. १० अर्ब ९८ करोड साधारण शेयर र रू. ५ अर्ब ४३ करोड अग्राधिकार शेयर रहेको छ । बैंकको जगेडा कोषको कुरा गर्नुपर्दा रू. ११ अर्ब भन्दा बढी रहेको छ । बैंकको कुल पुँजीकोष रू. ३२ अर्ब जति रहेको छ ।

**बैंकको प्रविधि विकास के-कस्तो रहेको छ ?**

आवश्यक पूर्वाधार नपुगेका २ वटा कार्यालय बाहेक सम्पूर्ण कार्यालयहरूमा Core Banking System जडान गरिसकिएको छ । Core Banking System version R16 मा रहेकोमा R20 मा upgrade गर्ने कार्य सम्पन्न भई UAT भइरहेको छ । यसले बैंकबाट प्रदान गरिने सेवाको गुणस्तरमा अभिवृद्धि भएको छ । बैंकको अधिकांश शाखाहरूमा उक्त प्रविधि जडान कार्य सम्पन्न भइसकेकोले बैंकिङ्ग सुविधा ग्रामीण क्षेत्रसम्म पुऱ्याउन बैंक सफल भएको छ । कारोबार संचालनको सन्दर्भमा उत्पन्न हुनसक्ने सम्भावित प्रविधिजन्य जोखिमहरूको पहिचान गरी सोको न्यूनीकरणको लागि आवश्यक व्यवस्था गर्दै आएको छ । IPS, Connect IPS, RTGS, VISA DEBIT Card, Internet Banking, ATM, C–ASBA, DEMAT सेवा जस्ता आधुनिक Electronic Banking को उपकरणहरूको प्रयोगलाई तीब्रता दिइएको छ । Kisan Credit Card र Visa Credit Card आजभोलि नै संचालनमा ल्याउँदै छौं ।

**बैंकले गरेका भौतिक संरचनाका विकासका बारेमा बताइदिनुस् न ।**

बैंकले आफ्ना भौतिक पूर्वाधारहरूलाई आधुनिकीकरण गर्दै "स्मार्ट शाखा" को मोडलमा शाखालाई आकर्षक ढंगले रूपान्तरण गर्दै लगेको छ । कतिपय कर्पोरेट तहका शाखाहरूमा अत्याधुनिक सेन्सरसहितका प्रविधि समेत जडान गरेका छौं । कार्यालय वर्गीकरण गरी अधिकांश भवनहरू रूपान्तरण गर्दै पुराना तथा जीर्ण भएका पूर्वाधारहरूलाई नवीनता प्रदान गर्दै लगेका छौं ।

**प्रदेश संरचना र प्रदेश सरकारहरुसँग के–कस्ता सहकार्य भइरहेका छन् ?**

बैंकले ग्राहकहरूको आवश्यकता बमोजिम नै ७ प्रदेश अनुसार ७ प्रदेश कार्यालय हुने भएता पनि वागमती प्रदेश र ५ नं प्रदेशमा थप १-१ प्रदेश कार्यालय गरी कुल ९ प्रदेश कार्यालयबाट प्रदेश स्तरका बैंकिङ्ग सेवा दिइरहेका छौं । प्रदेश कार्यालयलाई देशको संघीयताको ढाँचा जस्तै सीमा अख्तियारी प्रदान गरी सुगठित गरेका छौं । बैंकका तालिम केन्द्रहरूलाई पनि प्रादेशिक संरचनामा रूपान्तरित गरी व्यवस्थित गरेका छौं ।

प्रदेश सरकारहरूसँगको सहकार्य हेर्नुपर्दा वागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५, सुदूर पश्चिम प्रदेश सँग ब्याज अनुदान र श्रोत/सीमाको आधारमा विभिन्न सम्झौता गरी कृषि र अन्य व्यवसायलाई सहज रूपमा वित्तीय सहायता पुग्ने हिसाबले कार्य गरिरहेका छौं ।

**बैंकले चालू आ.व. मा हासिल गर्न खोजेका लक्ष्य र अनुमानित प्रगति के–कस्ता रहेका छन् ?**

बैंकको चालू आ.व. को लक्ष्यतर्फ हेर्दा १६४ अर्बको निक्षेप र रू. १४५ अर्बको कर्जा लगानी रकम लक्ष्य रहेकोमा २०७७ पौष अन्त्यसम्म आइपुगदा रू. १४२ अर्ब निक्षेप संकलन र रू. १३१ अर्ब भन्दा बढी कर्जा लगानी गरेका छौं । निष्कृय कर्जाको अनुपातिक लक्ष्य १.०६ प्रतिशत रहेकोमा आश्विन २०७७ सम्म २.३७ प्रतिशत रहेको छ । त्यस्तै चालू आ.व.को खुद मुनाफा लक्ष्य रू. ४ अर्ब ८६ करोड रहेकोमा कोभिड-१९ को समस्याका कारण मुनाफा कटौती गर्दै वित्तीय सेवामा बढी ध्यान पुऱ्याउनु परेकाले चालू आ.व.को कात्तिक मसान्तसम्म ६७ करोड खुद मुनाफा आर्जन गरेका छौं । तथापि यो रकम आउने त्रैमासहरूमा राम्रै हिसाबले बढाई तोकिएको लक्ष्य पुऱ्याउन प्रयत्नशील रहने छौं ।

**बैंकको अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा बताइदिनुस् न ।**

बैंक स्थापनाका पहिलो र दोस्रो दशकमा विभिन्न संघ, संस्था, दातृ निकाय, नेपाल सरकारको प्रत्यक्ष ऋण तथा अनुदान सहयोगमा बैंकले कृषि उत्पादन र बजारीकरण (प्रविधि समेत) का साथ जनशक्तिको दक्षता अभिवृद्धिमा उल्लेख्य सहयोग प्राप्त भएको र पछिल्लो दशकमा नेपाल सरकारको सहयोगमा एसियाली विकास बैंकबाट पुनर्संरचनामार्फत प्राप्त ऋण तथा अनुदानबाट बैंकले



> **चालू आ.व.को खुद मुनाफा लक्ष्य रु. ४ अर्ब ८६ करोड रहेकोमा कोभिड-१९ को समस्याका कारण मुनाफा कटौती गर्दै वित्तीय सेवामा बढी ध्यान पुऱ्याउनु परेकाले चालु आ.व.को कात्तिक मसान्तसम्म ६७ करोड खुद मुनाफा आर्जन गरेका छौं**

आफ्ना कार्यलाई प्रभावकारी रूपमा गुणस्तरीय सुधार गर्न सफल भएकोले अब यस बैंकले पुनः आफ्नो सम्बन्धलाई निरन्तरता दिने सोचका साथ अघि बढेको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धमा थप सुधार आउने विश्वास छ । यसै आर्थिक वर्षमा बैंकले IFAD, World Bank, GTZ लगायत विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग कृषि मूल्यश्रृंखलामा वित्तपोषण (Agriculture Value Chain Financing) का लागि महत्वपूर्ण सम्झौताहरू गरेको र सोही बमोजिम नेपालमा कृषिको विकासका लागि विभिन्न वित्तीय सहायता आउने दिनमा प्राप्त गर्ने विश्वास लिएका छौं ।

**भावी योजनाका बारेमा बताइदिनुस् न ।**

"कृषिलाई नछोड्ने, अरूलाई जोड्ने" मूल मन्त्रलाई आत्मसात गर्दै कृषि कर्जामा अगुवाइ गर्दै किसान मैत्री, व्यवसायमैत्री, प्रविधिमैत्री आम सरोकार र जनमानसमा अझ विश्वासिलो र भरपर्दो बैंकको रूपमा स्थापित हुनेछौं ।

बैंकले प्रवाह गर्ने सेवालाई छिटो, छरितो र ग्राहकमुखी बनाउन विशिष्टीकृत सेवाको लागि कार्यालयहरू किटान गरी क्रमिक रूपमा सेवा विस्तार गरिनेछ । Credit Process Automation System (CPAS) का माध्यमबाट कर्जा प्रवाहमा थप गुणस्तरीयता र शिघ्रता ल्याउँदै जानेछौं । कार्यालयहरूको सेवालाई विशिष्टीकृत गर्दै Branch Specific Product को अवधारणा बमोजिम कर्जा, बैंक जमानत आदि सेवाहरू कार्यालयको प्राथमिकता

क्रमानुसार वर्गीकरण गर्दै लगिनेछ । खुद्रा र साना कर्जा, ठूला कर्पोरेट कर्जा र कृषि कर्जालाई प्राथमिकता दिँदै व्यवसाय विस्तार गर्दै लानेछौं । कर्जा प्रवाह, स्वीकृती र कागजात व्यवस्थापन प्रकृयालाई छिटो, छरितो, सहज र गुणस्तरीय बनाइने छ । सम्भाव्यताको आधारमा कृषि, जलविद्युत, पर्यटन तथा अन्य क्षेत्रका ठूला परियोजनाहरूमा लगानी विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

Mutual Fund / Merchant Bank को स्थापना, NPR Prepaid Card, Credit Card, Co-Branding Card तथा Dollar Card को सुरूवात गरी Digital Banking Product लाई थप विस्तार गरिने छ । बैंकले प्रयोग गरिरहेको Core Banking System (CBS) लाई Additional AA Module सहित Upgradation गर्दै MIS लाई अझ बढी प्रभावकारी बनाइने छ ।

कूल निक्षेपमा स्थायी प्रकृतिको न्यून लागतको निक्षेप भार वृद्धि गर्दै निक्षेपको मिश्रणलाई भरपर्दो तथा दिगो बनाउने नीति लिई कार्यक्रम संचालन गरिने छ । भारत लगायत तेस्रो मुलुकबाट विप्रेषण आप्रवाहलाई प्रभावकारी रूपमा बैंकिङ्ग प्रणालीमार्फत कारोवार बढाउने कार्यलाई निरन्तरता दिइनेछ । बैंकले विभिन्न दातृ निकाय तथा एजेन्सीसँग समन्वय, सहकार्य तथा सम्झौता गरी कम लागतको दीर्घकालीन पुँजी स्रोत परिचालन गर्ने वातावरण सिर्जना गरिनेछ । बैंकले संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरूसँग समन्वय, सहकार्य तथा सम्झौता गरी कार्यक्रमहरू संचालन गर्ने कार्यलाई निरन्तरता दिँदै जानेछ ।

**बैंकमा कायम भएको संस्थागत सुशासनका बारेमा बताइदिनुस् न ।**

संस्थागत सुशासनको स्तर निरन्तर कायम राख्दै आफ्ना बैंकिंङ क्रियाकलापहरूलाई सक्रिय र पारदर्शी रूपमा संचालन गर्नेतर्फ बैंक सदैव सजग रहेको छ । नेपाल राष्ट्र बैंकबाट जारी भएका विवेकशील नियमनको परिपालनामा बैंकले सचेतताका साथ कार्य गर्दै आएको छ । त्यसैगरी नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरूबाट जारी भएका नीति नियम र निर्देशनहरूको पूर्ण कार्यान्वयन गरिएको छ । एउटा असल संस्थागत नागरिकको हैसियतले यस बैंकले संस्थागत सुशासनलाई जोड दिएको छ ।

आन्तरिक नियन्त्रण प्रणालीतर्फ बैंक सञ्चालनको सिलसिलामा उत्पन्न हुनसक्ने सम्भावित जोखिम न्यूनीकरणको लागि विभिन्न क्षेत्रमा आन्तरिक नियन्त्रणका उपायहरू अवलम्बन गर्न पर्याप्त संयन्त्रको व्यवस्था गरिएको छ । बैंकमा गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा लेखापरीक्षण समिति रहेको छ । यस समितिले बैंकको वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता तथा प्रभावकारिता, आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरूको समीक्षा, नेपाल राष्ट्र बैंकको निर्देशनहरूको पालना भए/नभएको सम्बन्धमा समीक्षा, लेखापरीक्षकको नियुक्तिको लागि सिफारिस तथा आवश्यक सुधारका लागि मार्ग निर्देशन गर्ने कार्यहरू गर्दै आएको छ । प्रादेशिक संरचना अनुसार शाखालाई तोकिएको कारोबारको सीमाभन्दा माथिका कारोबारहरूको स्वीकृति प्रदेश कार्यालयबाट लिनुपर्ने र सोभन्दा माथि मुख्य कार्यालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ । यसरी कारोबारहरूको साइज र संवेदनशीलताका आधारमा चेक एण्ड ब्यालेन्सको अवधारणालाई आत्मसात गरिएको छ ।

निरीक्षण कार्यलाई अझ बढी प्रभावकारी बनाउन बैंकले छुट्टै आन्तरिक निरीक्षण तथा अनुगमन विभागको स्थापना गरी तदनुरूपका कार्यहरू अघि बढाएको छ ।

बैंकको संस्थागत संरचना अन्तर्गत कम्प्लायन्स विभाग राखी ऐन, कानुन, नीति, नियम, निर्देशनको पालना भए नभएको समीक्षा प्रतिवेदन AML/CFT समितिमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ । जोखिम व्यवस्थापन विभागले बैंकका समग्र जोखिमको समीक्षा गरी जोखिम व्यवस्थापन समितिलाई बुझाउनुपर्ने व्यवस्था गरिएको छ ।

**यहाँको अमूल्य समयका लागि धन्यवाद । अन्तमा केही सन्देश दिन चाहनुहुन्छ कि ?**

बैंकले ५४ औं वार्षिकोत्सव मनाइरहँदा थोरै जनशक्ति प्रयोग गरी आधुनिक प्रविधिमैत्री उपकरणहरूबाट लागतमा प्रभावकारिता, समयमा चुस्तता र परिणाममुखी बैंकिङ्ग सेवा प्रदान गर्दै विवेकशील नियमनको परिधिमा बैंकको पहिचान कायम गर्न बैंकलाई माया गरी यहाँसम्म ल्याउन सहयोग गर्नुहुने सबै ग्राहक, शेयरधनी, संचालक समिति, नियमनकारी निकाय, सरकार, कर्मचारी लगायत सबै सरोकारवालाहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि सबैको साथ, सहयोग र सद्भाव यसरी नै रहिरहनेछ भन्ने अपेक्षा लिएको छु । ■

# कर्जा जोखिम र यसका विविध अभ्यास एवं पक्षहरू



लक्ष्मीप्रपन्न निरौला

## १. परिचय

बैंक तथा वित्तीय संस्थाहरूले सधैंभरी विभिन्न किसिमका जोखिमहरूको सामना गरिरहेका हुन्छन् । यी जोखिमहरूको उचित व्यवस्थापन हुन नसक्दा बैंक तथा वित्तीय संस्थाहरूको व्यवसायिक कारोबारमा प्रतिकुल प्रभाव पारिरहेको हुन्छ । वित्तीय संस्थामा जोखिम हुनु वा जोखिम लिनु अन्तर्निहित (Inherent) तत्व हो । यही जोखिमलाई कुशलतापूर्वक व्यवस्थापन गर्न सकेमा यसको पुरस्कार स्वरूप मुनाफा प्राप्त हुन्छ भने यही कार्य गर्न नसकेको खण्डमा दण्डस्वरूप घाटा हुन जान्छ । त्यसैगरी बढी जोखिम र कम जोखिम लिने काम भएमा पनि संस्थाहरूले नोक्सानी व्यहोर्न पुग्छन् । त्यसैले जोखिम व्यवस्थापन पनि सन्तुलिन ढङ्गबाट सम्पादन गर्न सक्नुपर्ने हुन्छ । जोखिम व्यवस्थापनको चर्चा गर्दा बैंक तथा वित्तीय संस्थाका सञ्चालक तथा उच्च व्यवस्थापकहरूले जोखिमको पहिचान (Identification), मापन (Measuring), अनुगमन (Monitoring) र नियन्त्रण (Controlling) (IMMC) लाई उत्कृष्ट र उपयुक्त नीति, मार्गदर्शन, कार्यनीति, प्रोडक्ट पेपर आदिहरू तर्जुमा गरी/गराई समितिबाट स्वीकृति गरी लागू गर्नुपर्दछ । यी नीतिगत र कार्यगत व्यवस्थाहरू संस्थाले लागू गरेको रणनीति योजना वा व्यावसायिक रणनीति योजनाको आधारमा तय गर्नुपर्दछ । वित्तीय संस्थाका सबै खाले जोखिमहरू व्यवस्थापन गर्न IMMC लाई प्रमुख Tools का रूपमा पनि लिने प्रचलन रहेको छ । त्यसैले बैंकको सञ्चालक र उच्च व्यवस्थापनले आफ्नो संस्थामा कस्ता कस्ता जोखिमहरू छन्, ती जोखिमका बारेमा राम्ररी जानकार हुन आवश्यक छ । बैंकको उच्च व्यवस्थापन र कर्जा अधिकृतहरूले ऋणीको पहिचान गर्न सक्ने क्षमता राख्नु पर्दछ । उनीहरूलाई कर्जा वा ऋणीको परियोजनाको सम्बन्धमा परियोजनाको व्यवस्थापकीय पक्ष, प्राविधिक पक्ष, बजार पक्ष, वित्तीय पक्ष, आर्थिक तथा सामाजिक पक्ष, वातावरणीय पक्ष, कानुनी पक्ष, सुरक्षण पक्ष आदि पक्षहरूको विषयमा दक्षता र क्षमता भएको हुन जरूरी छ । यदि यसको अभाव भएको खण्डमा कर्जा जोखिम बढ्ने देखिन्छ । त्यसैले कर्जा स्वीकृत गर्न पदीय हिसाबले भन्दा पनि दक्षता र क्षमता भएका कर्जा अधिकृतहरूलाई मात्र अख्तियारी सुम्पनुपर्ने देखिन्छ । यस्तो अभ्यास विकसित अर्थतन्त्र भएका देशका बैंकिङ्ग क्षेत्रले धेरै पहिलादेखि नै गर्दै आएका छन् भने नेपालको बैंकिङ्ग क्षेत्रका केही बैंकहरूले पनि यस्तो अभ्यास गर्दै आएका छन् । उत्कृष्ट रणनीति, नीति र कार्यनीति एवं अख्तियारी बनाई लागू गरी कार्यान्वयन गरेको खण्डमा जोखिमहरूको उचित ढङ्गबाट व्यवस्थापन भइ बैंक तथा वित्तीय संस्थाहरूले नोक्सानी व्यहोर्नु पर्ने अवस्था आउँदैन । कर्जा जोखिम र घाटा यी दुवै शब्दहरूले नकारात्मक अर्थ बोक्ने हुँदा यसको नतिजासँग बैंक तथा वित्तीय संस्थाहरूले सधैं होसियारी अपनाउनु पर्ने हुन्छ । त्यही नै जोखिम व्यवस्थापन पनि हो ।

## २. कर्जा जोखिम व्यवस्थापन

कर्जा जोखिम व्यवस्थापनको सम्बन्धमा चर्चा गर्नुअघि कर्जा जोखिम भनेको के हो ? भन्ने विषयमा थाहा हुन जरूरी छ । कर्जा जोखिम भन्नाले ऋणीले कर्जा लिँदाको बखत बैंकसँग गरेको सम्झौता बमोजिम साँवा तथा व्याज नबुझाएको कारणबाट बैंकले वित्तीय नोक्सानी व्यहोर्नुपर्ने र कतिपय अवस्थामा बैंकको पुँजीमा नै क्षय (Erod) भएर जानसक्ने स्थिति नै कर्जा जोखिम हो । कर्जा जोखिम व्यवस्थापनको उद्देश्य जोखिमलाई समायोजन (Adjusted) गर्दै कर्जा जोखिम एक्सपोजरलाई उपयुक्त स्तरमा कायम गरी प्रतिफललाई (Rate of Return) लाई सन्तुलित बनाई राख्नुपर्ने हुन्छ । "Anyone who is unprepared

to take credit risk should not be a banker" भन्ने भनाइले पनि कर्जा जोखिमको संवेदनशीलतालाई पनि स्पष्ट पारेको छ । त्यसैले कर्जाको Marketing गर्ने कर्मचारीले ऋणी Business र Individual Profile दुवै राम्ररी जानेको बुझेको हुन आवश्यक छ । कर्जा जोखिम बढ्दै जाँदा कुनै पनि बैंकको अस्तित्व समाप्त सँगसँगै प्रणालीगत जोखिम समेत निम्तन्छ । त्यसैगरी कर्जा जोखिम र अन्य जोखिमको अन्तर सम्बन्धलाई राम्ररी बुझी कर्जा जोखिम व्यवस्थापन गर्नु पर्दछ । कर्जा जोखिमको कुरा गर्दा नेपालको सन्दर्भमा Default Risk नै प्रमुख समस्या रहेको देखिन्छ । यसको प्रमुख कारण भनेको कर्जा व्यवस्थापकले कर्जाका सर्वमान्य सिद्धान्तभन्दा बाहिर गएर कर्जा प्रवाह गर्नु र ऋणी छनोट गर्ने क्षमता नराख्नु एवं कर्जा पोर्टफोलियोलाई संस्थाले तयार गरेको मापदण्डहरू बमोजिम उच्च व्यवस्थापन र सञ्चालक समितिबाट निरन्तर निगरानी हुन नसक्नु पनि हो वा समितिमा यथार्थ सूचना तथा विवरणहरू सम्प्रषण हुन नसक्दा पनि निगरानी (Oversight) कमजोर हुन सक्ने अवस्था रहन्छ ।

**(क) कर्जा जोखिम व्यवस्थापनका प्रक्रिया**

- कर्जाको शुरूवाती प्रक्रिया बैंकको Business Unit बाट हुनु पर्दछ । यस विभाग वा युनिटको काम कर्जाको Marketing मात्र गर्ने हो कर्जा स्वीकृति गर्ने होइन । यस इकाइले कर्जाको मूल्यांकन गर्दा प्रचलित ऐन, नियम, नियामक संस्थाहरूको निर्देशन, आफ्नो संस्थाको कर्जा नीतिलाई कडाइका साथ पालना गर्दै कर्जा सम्बन्धी अन्य उत्कृष्ट अभ्यासहरूलाई पनि अवलम्बन गर्नुपर्दछ । कर्जाको मूल्यांकन गर्दा हाम्रो जस्तो पछौटेपना रहेको बैंकिङ प्रणलीमा Probability Default र Probability of loss मध्ये Probability Default लाई प्राथमिकता दिने गरिन्छ भने विकसित अवस्थामा रहेको बैंकिङ प्रणलीमा Probability of loss लाई महत्व दिएर कर्जाको विश्लेषण गरिन्छ । Probability of loss from a credit transaction बाट सृजना हुने गर्दछ ।
- दोस्रो चरणको कार्य कर्जा जोखिम इकाइबाट हुने गर्दछ । यस इकाइले पनि प्रचलित ऐन, नियमन एवं नियामक संस्थाहरूको निर्देशन लगायत अन्य उत्कृष्ट अभ्यासहरूलाई समेतलाई अध्ययन गरी कर्जा स्वीकृति गर्नुपर्दछ ।
- तेस्रो चरणको कार्य कर्जा प्रशासन इकाइबाट सम्पादन हुने गर्दछ । यस इकाइले कानुनी कागजात गराउने, अन्य आवश्यक कागजात लिने, लिमिट हाल्ने, कर्जाको अनुगमन गर्ने, कर्जाको गुणस्तर घट्दै गएमा त्यस्ता कर्जाहरूलाई असुली इकाइमा असुली कारवाहीका सिफारिस गरी पठाउने कार्य गर्दछ । यस इकाइले कर्जाको गुणस्तरमा ह्रास आएका कर्जाहरूका लागि नियामक निकायको निर्देशानुसार हुने गरी कर्जा नोक्सानी व्यवस्था गर्ने कार्यको पनि सम्पादन गर्दछ । उक्त उल्लेख गरिएका कार्यको अतिरिक्त यस इकाईको अन्य केही कार्यहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

  • Loan expiry dates. • Mortgage expiry dates.• Credit facility annual review dates.• Fire and other insurance policy expiry dates.• Loan collection follow-up dates.• Provisional periods for ongoing monitoring of rewritten and restructured loans.• Borrower company / firm's tax arrears dates.

  • Inventory valuation review dates.
- बैंक तथा वित्तीय संस्थाहरूले कर्जा जोखिम प्रक्रियालाई उचित ढंगले व्यवस्थापन गर्न सामान्यतया केही मापदण्डहरू बनाएका हुन्छन् । ती देहाय बमोजिमका हुने गर्दछन् ।

**a. Managing Internal Factors**

- Adopting proactive loan policy.
- Good quality credit analysis.
- Loan monitoring.
- Sound credit culture.

**b. Managing External Factors**

- Diversified loan portfolio.
- Scientific credit appraisal for assessing financial and commercial viability of loan proposal.
- Norms for single and group borrowers.
- Norms for sectoral deployment of funds.
- Strong monitoring and internal control systems.
- Proper Authority Delegation and accountability.

यी माथि उल्लेख गरिएका वाहेक देहायका विषयहरूलाई पनि सम्बोधन गरेको हुनु पर्दछ ।

(i) Set objectives and responsibilities.
(ii) Set credit risk guidelines
(iii) Loan applications are analyzed against established credit criteria then credit data and other information are collected.
(iv) Measure and assess credit risk. Credit information and credit analysis are properly documented on standardized forms.
(v) Make credit decisions. Credit decisions are made and approved by appropriate skillful only dedicate credit officers.
(vi) Allocate provisions and capital charge set by regulators.
(vii) Bank should be delegated formal lending limits in accordance with their lender credentials/experience.
(viii) Loan funds are disbursed through proper channels, with proper safeguards against fraud and miss use the fund.
(ix) Monitor credit performance on regular basis.
(x) Generally, loan renewals are subject to the same criteria and credit evaluation process as when first approved.

माथि उल्लेख गरे बमोजिमका कार्यहरूबाट कर्जालाई विश्वस्त गर्न/हुन सकिने ढङ्गले बैंकहरूले जोखिमको पहिचान, मापन, अनुगमन र नियन्त्रण गर्न सकेका छन् वा छैनन् बैंकको उच्च व्यवस्थापनबाट नियमित रूपमा हुनु पर्दछ र यसको जानकारी व्यवस्थापनले नियमित रूपमा जोखिम व्यावस्थापन समिति मार्फत समितिलाई गराउनु पर्दछ ।

**३. कर्जा स्वीकृतका केही महत्वपूर्ण पक्षहरु**

(क) कर्जाको उद्देश्य र विश्वास गर्न सकिने वित्तीय विवरण र अन्य सूचनाहरूको आधारमा कर्जाको साँवा तथा व्याज भुक्तानी गर्न सक्ने स्रोतहरूको विश्लेषण ।
(ख) Current risk profile : ऋणीको तथा कर्जाको दुवै पक्षको Risk Profile हुनुपर्दछ । कर्जाको सम्बन्ध हेर्दा देशको आर्थिक विकास तथा बजार विकासको अवस्थालाई राम्ररी हेर्नु पर्ने हुन्छ । यसलाई Market Appraisal पनि भनिन्छ । ऋणी व्यवसायको मुनाफाको स्थितिको विश्लेषण ।
(ग) Financial Ratio Analysis, Diversification र Concentration of Loan, ऋणीले साँवा तथा व्याज भुक्तानी गरेको विगत पृष्ठभूमि/अभिलेखहरू र तत्काल ऋणी कर्जाको साँवा तथा व्याज भुक्तानी गर्ने क्षमताको विश्लेषण ।
(घ) कर्जाका लागि प्रस्ताव गरिएका सुरक्षणहरूको किसिम, Loan to value ratio LTV, कर्जा नउठेमा सुरक्षणबाट उठाउन सुरक्षण बिक्री गर्न सकिने वा नसकिने कुराहरूलाई धेरै दृष्टिकोणले विश्लेषण हुनुपर्ने ।
(ङ) प्रतिस्पर्धा, बजारको अवस्था वा Market Review, कुनै पनि प्रकारको अनिश्चितताले नगद प्रवाहमा पार्ने प्रभाव आदिको विश्लेषण ।
(च) ऋणीको साख र इमान्दारिताको विश्लेषण ।
(छ) माथि उल्लेख गरिएका विषयहरू बाहेक कर्जाका लागि देहायका Specific factors को पनि विश्लेषण गर्नुपर्ने हुन्छ ।

(i) Internal Factors

**Financial Risk:**
- Assessment of the existing financial position.
- Assessment of the excepted/future financial position
- Accounting quality

**Business Risk**
- Market position
- Operation efficiency

**Management Risk**
- Management business expertise
- Payment records/ history of borrowers.

**External Factors**
- Condition in the respective economic sector and its activities.
- Economic trends in the industry of activity

**४. कर्जा मूल्यांकनको विद्यमान अवस्था :**

**(क) वित्तीय विवरणहरुमा विश्वसनीयताको कमी:**

कर्जा मूल्यांकनका लागि आवश्यक पर्ने वित्तीय विवरणहरू त्यति भरपर्दो नहुने वा ऋणीको आवश्यकता

अनुसार वित्तीय विवरणहरू तयार गरिने भएकाले ऋणीको कर्जा चुक्ता गर्नसक्ने क्षमता (Repayment Capacity) लाई भन्दा पनि धितो सुरक्षणको अवस्थाले बढी प्राथमिकता पाएको देखिन्छ । तर, नेपाल राष्ट्र बैंकले इ.प्रा. निर्देशन नं. २ को बुँदा नं. ९ को खण्ड (५) को उपखण्ड (ग) बमोजिम रू. १५ लाखसम्मको कर्जालाई Repayment Capacity र Cash fiow को आधारमा मात्र पनि प्रवाह गर्न सकिने व्यवस्था गरेबाट भविष्यमा विकसित देशको जस्तै कर्जा मूल्यांकनको प्रमुख आधार ऋणीको वर्तमान तथा भविष्यको नगद प्रवाहको स्थिति र कर्जा तिर्नसक्ने क्षमताबाट निर्धारण हुने देखिन्छ । भविष्यमा ऋणीहरूको वित्तीय विवरणहरूको विश्वसनीयतामा वृद्धि हुँदै जाँदा कर्जा मूल्यांकन गर्ने यी दुई प्रमुख आधारले बढी प्राथमिकता पाउने छन् भनी राष्ट्र बैंकले करिब चार वर्ष अघि नै प्रष्ट रूपले वित्तीय बजारलाई संकेत गरेको देखिन्छ । त्यसका लागि ऋणीको वित्तीय विवरणहरूमा शत प्रतिशत विश्वास गर्न सकिने आधार र प्रमाण हुनु पर्ने अनिवार्य शर्त हो ।

**(ख) विगतको भन्दा वित्तीय विवरणहरुको विश्वसनीयतामा अभिवृद्धि हुने क्रम बढ्दो रहे पनि पर्याप्त सुधारको खाँचो बाँकी रहेको :**

अझै पनि कर्जा प्रणालीलाई धितो सुरक्षणले नै डोर्‍याइ रहेको अवस्था छ । कर्जाको निर्णय लिंदा अझै पनि व्यवहारिक रूपमा धितो सुरक्षणको अनुमानित मूल्यलाई पहिलो श्रेणीमा र वित्तीय विवरण लगायत अन्य पक्षहरूलाई दोस्रो श्रेणीमा राखेर कर्जाको मूल्यांकन गर्ने परिपाटीलाई क्रमशः छोड्दै Repayment Capacity र Cash fiow को आधारमा कर्जा मूल्याङ्कन गर्दा म्भाबगति च्क्प को समस्या हटेर जाने देखिन्छ ।

**(ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५७ को व्यवस्थाले साहु बैंकहरुको अधिकारमा सुनिश्चितता :**

कुनै पनि ऋणीले कर्जाको साँवा तथा व्याज तत्काल भुक्तानी गर्न नसक्दा साथ असुली सम्बन्धी सामान्य प्रक्रिया पुरा गर्न साथ धितो सुरक्षण लिलामी गरी असुल उपर गर्नसक्ने कडा कानुनी प्रावधानको व्यवस्था रहेको देखिन्छ । साहु बैंकहरूको हित प्रत्याभूति हुने यस्तो कानुनी ब्यबस्था संसारका अन्य देशहरूमा कमै देख्न सुन्न पाइन्छ । कतिपय देशअरूमा अदालतको स्वीकृति पश्चात मात्र धितो सुरक्षण लिलामी कारवाही जान सकिने व्यवस्था छ । ऋणीहरू जति जति पारदर्शि हुँदै जान्छन् त्यति त्यति तिनीहरूको हितको प्रत्याभूति हुने कानुनी र नीतिगत ब्यबस्थाहरू बन्दै जाने वातावरण तयार हुन्छ । यसले कर्जाको मूल्यांकन गर्ने पद्धतिमा धितो सुरक्षणको प्रथम आधारको सट्टामा ऋणीको नगद प्रवाह वा परियोजनाले नै प्रमुख रूपमा सुरक्षणको मान्यता पाउँदै जान्छ । यस अवस्थामा कर्जाको मूल्यांकन गर्दा Probability Default र Probability of loss मध्ये Probability of Default लाई प्राथमिकता दिनुपर्ने हुन्छ । जुन परिपक्क अर्थ व्यवस्था भएका देशका बैंकिङ्ग प्रणालीमा अभ्यास भई रहेका पाइन्छ ।

**(घ) ऋणीको कारोवार र वित्तीय विवरणहरु क्रमशः पारदर्शितामा सुधार हुँदै आएको :**

ऋणीहरूले विगतमाभन्दा आफ्नो कारोबारलाई पारदर्शिता बनाउँदै कर तिर्न थालेका छन् भने स्थापना कालदेखि नै नोक्सानीमा देखाएका कम्पनी वा फर्महरूलाई मुनाफामा देखाउन थालेका छन् । यस कार्यले ऋणी कम्पनी वा फर्महरूको वित्तीय विवरणहरूको विश्वसनीयता वढ्दै गई पारदर्शितामा सुधार हुँदै आएको छ । कर प्रशाशनमा पेश गर्नुपर्ने वित्तीय विवरण र कर्जाका लागि बैंकमा पेश गर्नु वित्तीय विवरणमा फरक गर्न नहुने नीतिगत व्यवस्थाले ऋणी कम्पनी वा फर्महरूलाई पारदर्शि हुन बाध्य बनाउँदै लगेको छ । नेपालको सन्दर्भमा राजनैतिक, आर्थिक र बैंकिङ्ग स्थायित्व मार्फत आर्थिक वृद्धि दर उच्च हुनसक्ने सम्भावना रहेकोले कर्जा मूल्यांकन प्रणाली पनि क्रमशः अन्तर्राष्ट्रियस्तरको गर्दै जानु पर्ने हुन्छ ।

**५. Credit Risk Mitigation Process**

(क) कर्जा नीति र मार्गदर्शनहरू विस्तृत (Comprehensive) हुनुपर्दछ, जसको कारणले गर्दा कर्जा सम्बन्धी निर्णयहरूमा पारदर्शिता र गुणस्तरीयता कायम हुन सकोस् ।

(ख) कर्जा स्वीकृति सम्बन्धी मापदण्डहरू Well-defined हुनुपर्दछ ।

(ग) नियामक संस्थाले कायम गरेको Prudential credit exposure limit को सीमाभित्र रही संस्थाले आफ्नो Loan portfolio को आधार प्रतिग्राहक कर्जा सीमा, क्षेत्रगत कर्जा सीमा, भौगोलिक क्षेत्रका आधारमा तय गरिएको कर्जा सीमा, अन्य प्रोडक्ट पेपर बमोजिमले कर्जा सीमा आदि तोक्ने र यसलाई सञ्चालक समितिले आवधिक समयभित्र नियमित रूपले पुनरावलोकन गर्दै जानु पर्ने र बढी कर्जा प्रवाह भएका क्षेत्रबाट कर्जा घटाउने ।

(घ) अर्थ व्यवस्थाका विभिन्न क्षेत्रहरूमा कर्जालाई विविधीकरण गर्नेपर्ने । जसको कारण स्वाभाविक रूपमा कर्जा जोखिमलाई व्यवस्थापन गर्न मद्दत पुग्दछ ।

(ङ) लामो प्रकृतिको आवधिक कर्जाको व्यक्तिगत र कूल कर्जा सीमा कायम गर्ने ।

(च) कर्जा स्वीकृत गर्ने कार्य प्राविधिक काम भएकोले यसको जिम्मेवारी Credit Risk Officer लाई सुम्पनु पर्दछ । पदीय हिसाबले सुम्पने कार्यलाई निरूत्साहित बनाउँदै जानु पर्दछ ।

**६. कर्जा अख्तियारी प्रत्योजन संरचना (Credit Authority Delegation Framework) मा परिवर्तन गर्न केही सुझाव प्रस्तुत गरिएको छ :**

(क) दक्ष र क्षमता भएका Credit Risk Officers तोकी तिनीहरूमार्फत मात्र कर्जा स्वीकृति गर्ने प्रणालीको स्थापना र परिपाटीको विकास गर्ने ।

(ख) प्रोडक्ट पेपरको अधारमा Credit Risk Officer तोकी कर्जा स्वीकृति गर्ने प्रणाली ।

(ग) दुईजना Credit Risk Officer बाट कर्जा स्वीकृत गर्ने प्रणाली ।

(घ) ठूला कर्जाहरूको हकमा Credit Risk Officers बाट सिफारिस भई कर्जा समितिबाट कर्जा स्वीकृत गर्ने प्रणाली ।

(ङ) कर्जा जोखिमको मापन जोखिम व्यवस्थापन समिति र सञ्चालक समितिले कार्य योजना नै बनाई नियमित रूपले Oversight गर्ने प्रणाली ।

(छ) तोकिएको पदाधिकारीले स्वीकृति गरेका कुनै पनि कर्जाहरू Random Sampling को आधारमा जोखिम व्यवस्थापन समितिले पुनरावलोकन गरी राय/सुझाव दिने पद्धति ।

(ज) बहु-तहहरूमा कर्जा स्वीकृति गर्ने प्रणालीलाई अन्त्य गरी Credit Risk Department jf Credit Risk Unit बाट मात्र कर्जा स्वीकृत गर्ने प्रणाली ।

७. कर्जा जोखिम व्यवस्थापनमा सञ्चालक समितिको भूमिकाका सम्बन्धनमा केही सुझाव प्रस्तुत गरिएको छ ।

(क) कर्जा नीति र मार्गदर्शन प्रक्रिया, प्रोडक्ट पेपर आदिलाई नियमित रूपले पुनरावलोकन गर्नुपर्ने ।

(ख) कर्जा अख्तियारीको सीमालाई नियमित रूपमा पुनरावलोकन गर्नुपर्ने ।

(ग) सुरक्षणका कागजात तथा फमेटहरूलाई नियमित रूपले पुनरावलोकन गर्नुपर्ने ।

(घ) Industries wise कर्जा अधिकेन्द्रित Exposure लाई नियमित रूपमा पुनरावलोकन गर्नुपर्ने ।

(ङ) व्याज र साँवाले भाखा नाघेका कर्जाहरूको त्रयमासिक वा अर्धवार्षिक वा वार्षिक रूपमा पुनरावलोकन गर्नुपर्ने ।

(च) व्यवस्थापनले निस्क्रिय कर्जाको हकमा गरेका कारवाहीहरूको पुनरावलोकन गर्नुपर्ने ।

(छ) Random Sampling का आधारमा आवधिक रूपमा ठूला साना ऋणीहरूको कर्जा फाइलहरूलाई जोखिम व्यवस्थापन समितिमा पुनरावलोकन गरी समितिलाई आवश्यक राय सुझाव दिने ।

(ज) Portfolio Wises कर्जाहरूलाई आवधिक रूपमा पुनरावलोकन गर्नुपर्ने ।

(झ) वार्षिक बजेट/कार्ययोजना बमोजिमको कर्जा वृद्धिको वार्षिक लक्ष्य र वास्तविक उपलब्धीको मूल्यांकन गर्नुपर्ने ।

(ञ) कर्जा व्यवस्थापनका सम्बन्धमा आन्तरिक लेखापरीक्षण र बाह्यलेखापरीक्षणले Qualified गरेका विषयहरूलाई तदारूकताका साथ सम्बोधन गर्नुपर्ने ।

(ट) कर्जा व्यवस्थापनका सम्बन्धमा सुपरिवेक्षकले औंल्याएका कैफियतहरूलाई तदारूकताका साथ सम्बोधन गर्नुपर्ने ।

(ठ) अनुसन्धान गर्ने निकायहरूले अनुसन्धान गरिरहेका वा अदालतमा मुद्दा परेका कर्जा फाइलहरूलाई आफू वा आफूले नियुक्त गरेको विज्ञबाट पुनरावलोकन गर्ने वा गर्न लगाउने ।

(ड) Credit Business Unit, Credit Risk Unit र Credit Aeministration Unit हरूबाट स्वतन्त्र ढङ्गले कार्य सम्पादन भएको छ वा छैन, स्वतन्त्र ढङ्गले कार्य सम्पादन गर्न सकेका छन् वा छैनन्, नियमित रूपले निगरानी (Oversight) गर्नुपर्ने ।

(ण) बहुबैंकिङ्ग कारोबार अन्तर्गतको चालू पुँजीको मौज्दातहरू (Stocks) स्वतन्त्र विज्ञहरूबाट मूल्यांकन गराउनु पर्ने ।

## ८. निष्कर्ष

कर्जा जोखिम व्यवस्थापन वित्तीय क्षेत्रको सबैभन्दा महत्वपूर्ण कार्य हो । कर्जाको अस्वाभाविक विस्तार वा संकुचनले समष्टिगत अर्थव्यवस्थाका आन्तरिक र बाह्य क्षेबहरू क्रमशः मूल्यस्तर, व्याजदर, रोजगारी, उत्पादन, समष्टिगत माग र आपूर्ति भुक्तानी सन्तुलन जस्ता क्षेत्रहरूमा प्रभाव पार्ने गर्दछ भने वित्तीय प्रणालीतर्फ वित्तीय स्थायित्वमा चुनौती थपिँदै जान्छ । सन् १९९७ को दक्षिण पूर्वी एशियाको वित्तीय संकट होस् वा २००७।०८ देखि संयुक्त राज्य अमेरिकाबाट प्रारम्भ भएको वित्तीय संकट होस्, यी दुवै संकटको स्रोत कर्जा जोखिम नै रहेको देखिन्छ । कर्जा जोखिमलाई उपयुक्त ढङ्गबाट व्यवस्थापन गर्न नसक्दा वित्तीय संकट निम्तिदो रहेछ भन्ने कुरा प्रमाणित भइसकेको छ । कर्जा जोखिमका कारणबाट धेरै बैंक तथा इन्भेष्टमेन्ट कम्पनीहरू टाट (Insolvent) पल्टेका अनेकौं उदाहरणहरू छन् । त्यसैले बैंक बैंक तथा वित्तीय संस्थाहरूले कर्जा नीति, कर्जा प्रक्रिया, उच्च व्यवस्थापन र बोर्डको निगरानीको स्थिति, कर्जा स्वीकृत गर्ने पद्धति, कर्जा मूल्यांकन गर्ने विधि, कर्जा प्रशासन, सुरक्षणको मूल्यांकन विधि, कर्जा अनुगमन र कर्जा नियन्त्रण गर्ने तरिका आदि पर्याप्त छन् कि छैन, त्यसका मापदण्डहरू पर्याप्त मात्र नभई उत्कृष्ट छन् वा छैन, यी व्यवस्थाहरूले संस्थाको कर्जा जोखिमलाई उपयुक्त ढङ्गबाट व्यवस्थापन गर्न सकेका छन् वा छैनन् ? यी सबै पक्षलाई बैंकको समिति र उच्च व्यवस्थापनबाट नियमित परीक्षण गर्नेपर्ने हुन्छ ।

वासेल कमिटीले पनि कर्जा जोखिमका लागि जोखिममा आधारित थप पुँजीको आवश्यकता पर्छ भनी सिफारिस गरेको छ । वित्तीय संस्थाहरूलाई स्व-नियमनकारी संस्था पनि भएकाले निक्षेपकर्ताहरूको निक्षेप नडुब्ने गरी जोखिमलाई व्यवस्थापन गर्नुपर्छ भन्ने शास्त्रीय मान्यताको महत्व आज पनि त्यत्तिकै सान्दर्भिक छ । वित्तीय संस्थाहरूमा Strategy plan, Business strategy plan, Annual business plan, Product wise Policy papers, Manuals आदिको पर्याप्त व्यवस्था र समय समयमा पुनरावलोकन गरेर संस्थाहरू सञ्चालन गर्दा जोखिम व्यवस्थापन सही ढङ्गले हुन सक्छ । बैंक तथा वित्तीय संस्थाहरूले अवलम्बन गरेका कर्जा सम्बन्धी सम्पूर्ण काम कारवाहीहरूको सबै सरोकारवाला पक्षहरूबाट उचित ढङ्गले नियमित रूपमा निगरानी (Oversight) र परीक्षण गर्न/गराउन सकेको खण्डमा कर्जा जोखिमका कारण व्यक्तिगत संस्था वा समग्र वित्तीय प्रणालीलाई संकटबाट जोगाउन मद्दत पुग्ने देखिन्छ ।

### सन्दर्भ सामग्री


- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- एकीकृत निर्देशन - २०७७
- Various Papers discussion on Credit Risk Management.


*लेखक कृषि विकास बैंक,*
*सञ्चालक समितिका अध्यक्ष हुनुहुन्छ ।*



सुरक्षित बैकिङ्ग कारोवारको लागि
ADBL
QR PAYMENT SERVICE
ADBL
DEBIT CARD
ATM
VISA
ADBL
SMART BANKING
ADBL
INTERNET BANKING
बैंकको डिजिटल Product हरुबाट कारोबार गरौं ।
नगद कारोबारबाट हुन सक्ने जोखिमबाट बचौं ।।
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA


ADBL
लकर
सेवा
सुरक्षाको सुनियोजित प्रत्याभुति
तपाईंको
बहुमूल्य
सामानहरूको
सुरक्षा अब
हाम्रो जिम्मा
तपाईंको बहुमुल्य सामान घरमा राखे भन्न सकिन,
ADBL Locker मा राखे अवश्य सुरक्षित हुन्छ ।
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

# आर्थिक रुपान्तरण र समृद्धिको संवाहक सहुलियतपूर्ण कर्जा



चिन्तामणि शिवाकोटी

**पृष्ठभूमि**

अर्थशास्त्रीय दृष्टिकोणबाट हेर्दा व्यवसाय शुरूआत एवं नियमित संचालन गर्न प्रमुखतः उत्पादनका विभिन्न साधनहरूको आवश्यकता पर्दछ । त्यस्ता साधनहरूको परिचालन गरी व्यवसायीले वस्तु तथा सेवा उत्पादन गरी सोको बिक्री वितरण गर्ने गर्दछन् । उत्पादनका साधनहरूमा सहज पहुँच पुग्न नसक्दा वा उपलब्धता सुनिश्चित नहुँदा बजारको माग अनुसार उत्पादन तथा आपूर्ति हुन सक्दैन । फलस्वरूप आयातमा वृद्धि हुने, वैदेशिक व्यापारमा असन्तुलन आउने, रोजगारीका अवसरहरू गुम्ने तथा समग्रमा राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक असर पुग्न गई राष्ट्रको कूल गार्हस्थ्य उत्पादनमा समेत असर पुर्दछ । तसर्थ पुँजी, जनशक्ति एवं प्रविधि जस्ता उत्पादनका मूलभूत साधनहरूको सहज उपलब्धताले मात्र व्यापार, व्यवसाय तथा उद्योगहरू स्थापना तथा संचालनमा सहजता प्राप्त गर्न सकिन्छ र राष्ट्रले अंगीकार गरेको समृद्धिको लक्ष्य समेत हासिल हुन सक्दछ ।

पुँजीका दुई मुख्य श्रोतहरू स्वपुँजी तथा ऋणमध्ये हाम्रो जस्तो कम आय भएको मुलुकमा स्वपुँजी मात्रले लगानी प्रवर्द्धन हुन सक्दैन । पुँजीको आधारभूत श्रोतको रूपमा ऋण परिचालनलाई समेत लिनुपर्ने हुन्छ । उद्यमशीलताको विकास भई नवीनतम उद्योगहरू स्थापना हुनु, नयाँ सोचका साथ वस्तु तथा सेवाको उत्पादन तथा बिक्री वितरण हुनु, प्रविधिको उच्चतम प्रयोग हुनु र उद्यमीले राज्यको तर्फबाट ढाढसको महसुस गर्न सक्नु नै वर्तमान समयको आवश्यकता हो । यसका लागि ऋणको सहज पहुँच मात्र नभएर यसको वैधता र यसको लागतमा समेत ध्यान दिनुपर्ने हुन्छ । यस्तै विषयहरूलाई ध्यान दिएर नेपाल सरकारले विभिन्न समयमा सहुलियत तथा अनुदानका कार्यक्रमहरू ल्याउने गरेको छ । त्यसमध्ये हाल व्यवसाय निरन्तरता कर्जा, सहुलियतपूर्ण कर्जा, नवप्रवर्तन सुरुवाती पुँजी कर्जा तथा केन्द्रीय बैंकमार्फत पुनर्कर्जा जस्ता कार्यक्रमहरू संचालनमा रहेका छन् भने प्रदेश सरकारहरूले पनि आ आफ्ना तर्फबाट विभिन्न प्रकारका सहुलियतपूर्ण कर्जा तथा अनुदानका कार्यक्रमहरू लागू गरेका छन् । यो लेख विशेषतः नेपाल सरकारको सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी कार्यक्रमको विषयमा केन्द्रित छ ।

**सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान कार्यक्रम**

नेपाल सरकार, मन्त्रिपरिषदबाट २०७५/०५/२१ मा स्वीकृत भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकले २०७५/०६/११ मा "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन जारी गरेको हो । त्यस अघि कार्यान्वयनमा रहेको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ लाई खारेज गरी उक्त कार्यविधि लागू गरिएको हो । यस कार्यविधिमा पहिलो संशोधन २०७६/०१/०५ मा, दोस्रो संशोधनः २०७६/०७/२९ र तेस्रो संशोधन २०७७/०६/०८ गरी तीन पटक संशोधन भइसकेको छ । यसको प्रस्तावना अनुसार यस कर्यक्रमको मुलभूत उद्देश्य कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न, शिक्षित बेरोजगार युवाहरूलाई मुलुकभित्र रोजगारीका अवसर सिर्जना गर्न, विदेशबाट फर्केका युवाहरूको विदेशमा आर्जन गरेको सीप र व्यावसायिक दक्षता उपयोग गर्दै उनीहरूलाई स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवं प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्न, आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनको लागि शैक्षिक ऋण उपलब्ध गराउन, लघु बीमा प्रिमियममा अनुदान दिन तथा भूकम्प पीडितहरूको निजी आवास निर्माणका लागि समेत सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने भन्ने रहेको छ ।

**कार्यविधिका प्रमुख व्यवस्थाहरु**

सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७५ ले व्यवस्था गरेको सीमासम्मको सहुलियतपूर्ण कर्जा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाका शाखाहरूबाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । कार्यविधि अनुसार कर्जाका प्रकार र सीमा देहाय बमोजिम रहेका छन् :–

(क) व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा दश करोड रूपैयाँसम्म,
(ख) शिक्षित युवा स्वरोजगार कर्जा सात लाख रूपैयाँसम्म,
(ग) विदेशबाट फर्केका युवा परियोजना कर्जा दश लाख रूपैयाँसम्म,
(घ) महिला उद्यमशील कर्जा पन्ध्र लाख रूपैयाँसम्म,
(ङ) दलित समुदाय व्यवसाय विकास कर्जा दश लाख रूपैयाँसम्म,
(च) उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा पाँच लाख रूपैयाँसम्म
(छ) भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा तीन लाख रूपैयाँसम्म,
(ज) कपडा उद्योग सञ्चालनका लागि रू पाँच करोड रूपैयाँसम्म,
(झ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम आदिको लागि रू दुई लाख रूपैयाँसम्म, र
(ञ) युवा वर्ग स्वरोजगार कर्जा पाँच लाख रूपैयाँसम्म ।

यस कार्यविधिमा बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो आधार दरमा बढीमा २ प्रतिशत प्रिमियम थप गरी कायम भएको ब्याजदर बमोजिम सहुलियतपूर्ण ब्याज मात्र लिन पाउने व्यवस्था गरिएको छ भने कर्जा सूचना शुल्क र ऋणीले व्यहोर्नु पर्ने बीमा प्रिमियम बाहेक अन्य कुनै पनि प्रकारको थप सेवा शुल्क लिन नपाइने व्यवस्था छ । बैंक तथा वित्तीय संस्थाले निर्धारण गरेको ब्याज दरमा अनुदानको दर महिला उद्यमशील कर्जामा ६ प्रतिशत रहेको छ भने अन्य सम्पूर्ण कर्जामा ५ प्रतिशत रहेको छ । तर, पाँच करोड रूपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा पहिलो पाँच करोडसम्म ५ प्रतिशत अनुदान प्रदान गरेपछिको रू. दश करोड सम्मको कर्जा रकममा २ प्रतिशत मात्र अनुदान दिने व्यवस्था रहेको छ । यसरी ब्याज अनुदान बढीमा पाँच वर्षको लागि दिइने व्यवस्था रहेको छ । सबै किसिमका कर्जा परियोजना धितो तथा व्यक्तिगत जमानीमा उपलब्ध हुने छन् भने शिक्षित युवा स्वरोजगार कर्जामा निवेदकको सक्कल शैक्षिक प्रमाण पत्र धितोस्वरूप राखिने छ ।

यसरी सहुलियत व्याजदरमा प्रदान गरिएको कर्जा चुक्ता नगरेमा ऋणीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्ने, ऋणीको राहदानी रोक्का राख्ने, ऋणीको नाममा रहेको कुनै चल अचल सम्पति बिक्री गर्न बन्देज लगाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउने, ऋणीको बैंक तथा वित्तीय संस्थाहरूमा रहेको खाता रोक्का गर्ने, नेपाल सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य नागरिक सुविधाबाट बञ्चित गर्ने जस्ता कारवाही हुने व्यवस्था रहेको छ । साथै, आपसी सम्बन्ध भएको ऋणीको समूहभित्रको कुनै एक व्यक्ति, फर्म, संस्था वा कम्पनीले सहुलियतपूर्ण कर्जा (भूकम्पपीडित बाहेक) लिए पश्चात समूहभित्रको अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनी सहुलियतपूर्ण कर्जाका लागि योग्य हुने छैनन् भने नेपाल सरकार, प्रदेश वा स्थानीय तहबाट कुनै पनि किसिमको अनुदान तथा आर्थिक सुविधा प्राप्त गरेको व्यक्ति वा संस्थाले समेत यस्तो कर्जा प्राप्त गर्न योग्य नरहने व्यवस्था रहेको छ ।

**नेपाल राष्ट्र बैंकबाट भएका थप व्यवस्था**

यस कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकबाट केही थप व्यवस्थाहरू समेत गरिएका छन् । सहुलियतपूर्ण कर्जाहरू मध्ये कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जा शीर्षकमा ग्रामीण इलाकालाई प्राथमिकतामा राखी २०७८ असार मसान्तसम्ममा वाणिज्य बैंकले ५०० वा न्यूनतम प्रति शाखा १० मध्ये जुन बढी हुन्छ, राष्ट्रियस्तरका विकास बैंकले ३०० वा न्यूनतम प्रति शाखा ५ मध्ये जुन बढी हुन्छ, राष्ट्रियस्तर बाहेकका विकास बैंक न्यूनतम २०० वटा र वित्त कम्पनीले न्यूनतम १०० वटा यस्तो कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था भएको छ । राज्यबाट अनुदान प्राप्त गर्नु सार्वजनिक चासोको विषय समेत रहेकोले पारदर्शीताका लागि बैंक तथा वित्तीय संस्थाले सहुलियतपूर्ण कर्जा प्राप्त गरेका ऋणीको विवरण आफ्नो वेबसाइटमार्फत त्रैमासिक रूपमा सार्वजनिक गर्नुपर्ने प्रावधान समेत निर्धारण गरिएको छ ।

कार्यविधिको कार्यान्वयनका क्रममा सम्बन्धित निकायले कर्जा प्रवाह नगरेको, ढिलासुस्ती गरेको वा कृत्रिम समस्या सिर्जना गरी उद्यमी व्यवसायीलाई सेवा सुविधाबाट बञ्चित गराइएको जस्ता गुनासो सुन्ने तथा सोका आधारमा आवश्यक काम कारवाही अगाडि बढाउने कार्य केन्द्रीय समन्वय तथा अनुगमन समितिको सचिवालयका साथै नेपाल राष्ट्र बैंकको ग्राहक संरक्षण इकाईमार्फत समेत हुँदै आएको छ ।

## सहुलियतपूर्ण कर्जा प्रवाहको वर्तमान अवस्था

सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि बमोजिम २०७७ मंसिर मसान्तसम्म ९ वटा विभिन्न प्रकारका कर्जाहरूमा रू. ३ अर्ब ८३ करोड ब्याज अनुदान प्रदान भइसकेको छ । जस अन्तर्गत रू. १०१ अर्ब ७१ करोड ऋण स्वीकृत भई रू. ८६ अर्ब २२ करोड कर्जा बक्यौता रहेको छ भने ५१,९९९ ऋणीहरू लाभान्वित भइसकेका छन् । कूल ऋणी संख्याका आधारमा सबै भन्दा बढी 'क' वर्गका बैंकहरूले ९२ प्रतिशत, 'ख' वर्गका विकास बैंकहरूले ८ प्रतिशत तथा 'ग' र 'घ' वर्गका वित्तीय संस्थाहरूले १ प्रतिशत ऋणीहरूलाई सहुलियतपूर्ण कर्जा प्रदान गरेका छन् ।

सहुलियतपूर्ण कर्जाका विभिन्न प्रकारमध्ये ५९ प्रतिशत कर्जा व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षक अन्तर्गत प्रवाह भएको छ भने महिला उद्यमशील कर्जा ३८ प्रतिशत छ र अन्य शीर्षकमा बाँकी ३ प्रतिशत कर्जा प्रवाह भएको छ । त्यसैगरी, स्वीकृत कर्जाका आधारमा व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाअन्तर्गत ७९ प्रतिशत, महिला उद्यमशील कर्जा १७ प्रतिशत र अन्य शीर्षकमा बाँकी ४ प्रतिशत कर्जा प्रवाह भएको छ । सहुलियतपूर्ण कर्जा प्रवाहको तथ्यांक निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## सहुलियतपूर्ण कर्जा प्रवाहको प्रभावकारितामा देखिएका समस्या तथा चुनौती

उद्यमशीलता विकास होस्, उद्योग व्यवसायको वृद्धि भई मुलुक भित्रै रोजगारी सिर्जना होस्, आय आर्जनमा वृद्धि होस् भन्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको यस कार्यक्रमले सुरूआती समयमा अपेक्षाकृत उत्साह तथा नतिजा हासिल गर्न नसकेता पनि हाल ५२ हजार ऋणी यसबाट लाभान्वित भइरहेका छन् भने विभिन्न बैंक तथा वित्तीय संस्थाहरू फरक फरक ढंगबाट यो संख्यालाई अझ बढाउन प्रयासरत देखिन्छन् । यद्यपि, आशातीत नतिजा हासिल नहुनुमा प्रमुखतः देहाय बमोजिमका समस्या तथा चुनौती देखा परेका छन् :–

- सहुलियतपूर्ण कर्जा कार्यक्रमले धितो राख्ने सम्पति पुँजीको अभावले व्यवसाय गर्नबाट बन्चित रहेको वर्गलाई सेवाशुल्करहित सस्तो ब्याजदरमा बैंक कर्जा प्रदान गरी उनीहरूको रोजगारी, आय र जीवनस्तर उठाउने महान् सामाजिक उद्देश्य लिएको छ । तर यसमा संलग्न हुनुपर्ने बैंक तथा वित्तीय संस्थाहरूले सरकारको यो लोककल्याणकारी कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्नुको साटो महत्व नदिने वा कम महत्व दिने गरिरहेका छन् । सत्य कुरा भन्नु पर्दा बैंकहरू यस कार्यक्रमप्रति उदासीन रहेका छन् । अधिकांश शाखा कार्यालयहरूमा कर्जाको बारेमा सोध्न जाने व्यक्तिलाई शाखा प्रबन्धक र कर्मचारीहरूले आफूलाई यस्तो कर्जाबारे थाहा नभएको, यस्तो कर्जाको लागि बजेट नभएको, सहुलियतपूर्ण कर्जाको लागि धितो चाहिने, सहुलियत बाहेकका नियमित कर्जाहरू लिने भएमात्र तत्काल कारवाही हुने जस्ता उत्तर दिएर कर्जा आवश्यकता पर्ने गरीब जनतालाई निरूत्साहित

**प्रवाहित सहुलियतपूर्ण कर्जाको विवरण (मंसिर, २०७७ सम्म)** रु.हजारमा

| क्र.सं. | कर्जा प्रकार | कुल | | |
|---|---|---|---|---|
| | | ऋणी संख्या | स्वीकृत कर्जा रकम | बाँकी कर्जा रकम |
| १ | व्यावसायिक कृषि तथा पशुपन्क्षी कर्जा | ३०,७९५ | ८०,५११,३३९ | ६८,६४७,२८१ |
| २ | शिक्षित युवा स्वरोजगार कर्जा | ८५ | ५०,४६० | ४५,१२२ |
| ३ | विदेशबाट फर्केका युवा परियोजना कर्जा | ४६० | ३८४,६०० | ३३८,०६७ |
| ४ | महिला उद्यमशीलता कर्जा | १९,६०२ | १७,३५०,५४५ | १५,८५८,६५५ |
| ५ | दलित समुदाय व्यवसाय कर्जा | ५६३ | ३५९,९०८ | ३१८,६७० |
| ६ | उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा | ८७ | ४२,६३१ | २६,९०३ |
| ७ | भूकम्पपीडितहरूको निजी आवास निर्माण कर्जा | २३६ | ६९,०८० | ५६,१८६ |
| ८ | कपडा उद्योग सञ्चालनको लागि कर्जा | १७१ | २,९४६,२०७ | ९२५,७२७ |
| ९ | प्राविधिक तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त संस्थाबाट लिइने कर्जा | – | – | – |
| कुल | | ५१,९९९ | १०१,७१४,७६८ | ८६,२१६,६०९ |
| कुल वितरित ब्याज अनुदान रकम | | रू. ३ अर्ब ८३ करोड | | |

गराउने गरिरहेको प्रशस्तै उदाहरणहरू भेटिएका छन् । अझ दुःखको कुरा सरकारी बैंकहरू समेत सरकारको यो लोककल्याणकारी कार्यक्रम प्रति उत्साहित छैनन् । यस्तो किन भइरहेको छ ? रू. दश लाखभन्दा बढीको कृषि कर्जा र कपडा उद्योगमा जाने कर्जाको अनिवार्य रूपमा परियोजनाको बीमा गरिएको हुन्छ भने अरू सहुलियत कर्जामा कर्जा सुरक्षण गर्नुपर्ने अनिवार्य व्यवस्था छ । यस्तो कर्जा डुब्ने सामान्यतया अवस्था रहन्न । कथंकदाचित कर्जा नउठेमा निक्षेप तथा कर्जा सुरक्षण कोष र बीमा कम्पनीहरूले जोखिम बहन गर्ने नै छन् ।

- व्यावसायिक योजना (Business Plan) कर्जा पाउनको लागि एउटा अनिवार्य शर्त हो । तर १०-१५ लाख कर्जाको लागि बैंकको ढोका चहार्ने गरीब जनतामा व्यावसायिक योजना बनाउन सक्ने कला, सीप र ज्ञान हुँदैन । नत कसैलाई बनाउन लगाएर पैसा तिर्न सक्ने क्षमता हुन्छ । बैंकहरूले यही व्यावसायिक योजना नभएको बहानामा सहुलियतपूर्ण कर्जाबाट पन्छिने मौका पाएका छन् । समाजकल्याण परिषद, नागरिक समाज, युवा स्वरोजगार परिषद, वैदेशिक रोजगार विभाग जस्ता निकायहरूले कर्जा आवश्यकता पर्ने विपन्न जनताका लागि निःशुल्क व्यावसायिक योजना बनाएर बैंकको पहुँचसम्म पुऱ्याइदिएमा सहुलियतकर्जा कार्यक्रमको विस्तारले छलाङ्ग मार्ने थियो । तर यसतर्फ सम्बन्धित निकायहरूको ध्यान आकृष्ट भएको पाइदैन ।
- सहुलियतपूर्ण कर्जाको आसय उद्यमशीलताको विकास तथा स्वदेशमा रोजगारी सिर्जना रहेता पनि कर्जाको उद्देश्य तथा व्यवसाय स्थापनाभन्दा पनि सहज रूपमा वितरण भइरहेको अनुदान सुविधा प्राप्त गर्ने होडले मात्र धेरैजसो मागहरू प्राप्त हुने गरेको देखिन्छ । यसले एकातर्फ आम जनमानसमा यस प्रतिको चेतनाको अभाव देखिन्छ भने अर्कोतर्फ लक्षित वर्गलाई आवश्यकतानुसार यसप्रति अभिमुखीकरण गर्न नसकिएको पनि प्रष्ट हुन्छ ।
- यस कर्जाको आपूर्ति पक्ष सबल छ तर माग पक्षलाई दरिलो बनाउन थप प्रयास आवश्यक देखिन्छ । उचित सीप विकास तथा व्यावसायिक परामर्श, सीप भएका तर व्यवसाय संचालनका लागि पुँजी नभएका समूहको पहिचान, औपचारिक माध्यमबाट कर्जाको प्रयोग र यस कार्यक्रमको सबल पक्षको बारेमा यथेष्ट प्रचार आदि अपुग भएर नै माग पक्ष कमजोर भएको देखिन्छ ।
- लक्षित वर्ग यसको दायरामा आउन समय लागिरहेको देखिन्छ भने कतिपय ऋणीमा यो कर्जा भविष्यमा मिनाहा हुन्छ, यो सबैले उपभोग गर्न पाउने सुबिधा हो भन्ने जस्ता गलत विचार हावी भएको पाइन्छ भने कति स्थापित उद्योगी व्यवसायीहरूले समेत सहुलियतपूर्ण कर्जाको मर्म र मुलभूत उद्देश्यलाई बिर्सेर यसको माग गर्ने गरेको देखिन्छ ।
- एकातर्फ अझै पनि यस प्रतिको पहुँच बढाउनु पर्ने देखिन्छ भने यसको बढोत्तरी सँगै यदाकदा विसंगतिका घटनाहरू पनि देखिन थालेका छन् । लक्ष्य हासिल गर्ने होडमा कार्यविधिले कल्पना गरे भन्दा अन्य क्षेत्रका ऋणीलाई कर्जा प्रबाह गरि अनुदान माग गर्नु जस्तो ऋण प्रदान गर्ने संस्थाको लापरवाही साथै सस्तो कर्जा उपलब्ध हुन्छ भनेर आवश्यकता भन्दा पनि अधिकतम सीमासम्म कर्जा उपभोग गर्नु, पहिलेदेखि नै व्यवसायमा संलग्न रही व्यवसाय गर्दै आएका व्यवसायीले समेत नयाँ कागजी प्रक्रिया पूरा गरी कर्जाको माग गर्नु जस्ता ऋणीका कमजोरीहरू समेत यस कार्यक्रमको प्रमुख चुनौतीको रूपमा देखापरेका छन् ।
- यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अत्यधिक सुनिने गुनासो बैंक तथा वित्तीय संस्थाले धितो माग गरे भन्ने पनि रहेको छ । कार्यविधिमा प्रष्ट लेखिएको व्यवस्थाबाहेक थप धितो माग गरी ऋणीलाई हतोत्साही गर्ने कार्य गर्नु गराउनु हुँदैन भने कार्यविधिले जोखिम न्यूनीकरणका लागि व्यवसायको बीमा तथा कर्जा सुरक्षण जस्ता सबै उपाय अवलम्बन गरेको विषयलाई आत्मसात गर्न आवश्यक देखिन्छ ।
- यसको संख्या बढ्नु र अनुदान रकममा वृद्धि हुनुले यस प्रतिको पहुँच अभिवृद्धि भएको अवश्य देखाउँछ । यद्यपि लक्षित वर्गसम्म यो कार्यक्रम पुगे/नपुगेको, व्यवसाय सञ्चालनमा टेवा पुगे/नपुगेको, राज्यले दिएको अनुदानले अपेक्षित लाभ प्राप्त भए/नभएको, कार्यक्रमको दुरूपयोग भए/नभएको जस्ता विषयमा प्रभावकारी अनुगमन तथा निरीक्षण हुनुपर्ने देखिन्छ ।

**सरोकारवालाको भूमिका : कसले के गर्ने ?**

सहुलियतपूर्ण कर्जाको सही एवं प्रभावकारी उपयोगले आन्तरिक उत्पादन, आय र रोजगारी बढ्ने मात्र नभई निर्यात र आयातबीच रहेको खाडल पुर्दै बाह्य व्यापार घाटा कम गर्न मद्दत पुरयाउँछ । यसबाट आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि योगदान पुग्दछ । तसर्थ, यस्तो कर्जाको प्रभावकारी उपयोगको विस्तार गर्दै सदुपयोगिताको सुनिश्चितताका लागि कर्जामा संलग्न सबै सरोकारवाला

पक्षहरूले जिम्मेवारपूर्ण ढङ्गले आ-आफनो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । ऋणीले कर्जासम्बन्धी निवेदनका साथै कार्यविधि बमोजिमका कागजातहरू पेस गरेमा बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारले समयसापेक्ष ढङ्गले कुशलतापूर्वक आफ्ना जिम्मेवारीहरू पूरा गर्नुपर्दछ । कार्यविधिले विभिन्न सरोकारवालाहरूका काम, कर्तव्य, अधिकार समेत किटानी गरेको छ । ती जिम्मेवारीहरू पूरागर्न सबै निकायको इमान्दारिता, प्रतिबद्धता र तत्परताको जरूरी छ ।

कार्यविधि अनुसार कर्जाको प्रकार, उद्देश्य, माग रकम, जोखिमको स्तर, सुरक्षण, बीमा लगायत परियोजनाको सम्भाव्यता तथा कर्जाको सदुपयोग हुने आधारमा बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । साथै, बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्न नसकिने अवस्थामा स्पष्ट आधार र कारण सहित सम्बन्धित ऋणीलाई लिखित जानकारी दिनुपर्दछ । कर्जा प्रवाह भएको अवस्थामा सम्बन्धित बैंक वा वित्तीय संस्थाले ब्याज अनुदान रकम बाहेकको ब्याज रकम ऋणीबाट असुल गरेको प्रमाण सहित नेपाल राष्ट्र बैंकले तोकेको ढाँचामा सोधभर्ना माग गर्नुपर्दछ । यसका साथै, समय समयमा कर्जाको सदुपयोगिता निरीक्षण गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

यस शीर्षक अन्तर्गत दश लाख रूपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाका लागि अनिवार्य रूपमा धितोको सुरक्षण हुने र सो बाहेक अन्य कर्जाका लागि यस्तो कर्जामा बीमा कम्पनीले ऋणीसँग बीमा प्रिमियमको ५० प्रतिशत मात्र प्रिमियम रकम लिई बीमा गरिदिनुपर्ने व्यवस्था रहेको छ । बीमा प्रिमियमको बाँकी ५० प्रतिशत रकम भुक्तानीको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैंकमा रहेको अनुदान सोधभर्ना खाता खोली आवश्यक रकम जम्मा गरेको हुँदा नेपाल राष्ट्र बैंकले बीमा समिति मार्फत सम्बन्धित बीमा कम्पनीलाई सोधभर्ना दिने व्यवस्था छ ।

यसै गरी दश लाख रूपैयाँ भन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाका लागि यस्तो कर्जामा निक्षेप तथा कर्जा सुरक्षण कोषले समेत सम्बन्धित बैंक तथा वित्तीय संस्थासँग सुरक्षण शुल्कको ५० प्रतिशत रकम लिई सुरक्षण गर्नुपर्दछ । कोषले सुरक्षण शुल्कका बाँकी ५० प्रतिशत रकम नेपाल राष्ट्र बैंकबाट सोधभर्ना प्राप्त गर्दछ । बीमा कम्पनीबाट माग भई आएको सोधभर्ना रकम नेपाल सरकारले नेपाल राष्ट्र बैंक मार्फत सम्बन्धित बीमा कम्पनीलाई उपलब्ध गराउने र बीमा गरिएको व्यवसायमा क्षति पुगेको अवस्थामा व्यवसायीलाई क्षतिपूर्ति उपलब्ध गराउने जिम्मेवारी बीमा समितिको रहेको छ । यसरी बीमा तथा कर्जा सुरक्षणमा पनि न्यूनतम शुल्क मात्र राखी ऋणीलाई थप व्यभार नपर्ने गरी व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय संस्था, बीमा समिति, निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सोधभर्ना माग भइआएपछि नेपाल राष्ट्र बैंकले अनुदान सोधभर्ना खाताबाट सोधभर्ना उपलब्ध गराउँदछ । यसका साथै, अनुदान सोधभर्ना खाताको सञ्चालन गरी नियमित रूपमा नेपाल सरकार, अर्थ मन्त्रालयलाई जानकारी गराउने र कार्यविधि अनुसार प्रवाह गरिएका कर्जाहरूको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने कार्य समेत नेपाल राष्ट्र बैंकले गर्ने गर्दछ ।

**निष्कर्ष**

सहुलियपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रमले समग्रमा सबै समूह तथा क्षेत्रमा उद्यमशिलता विकास मार्फत स्वदेशमा रोजगार सृजना गरी उत्पादन अभिवृद्धि गर्ने उद्देश्य लिएको छ । यसको सफलताको लागि सरकारी निकाय, केन्द्रीय बैंक, बैंक तथा वित्तीय संस्था, निक्षेप तथा कर्जा सुरक्षण कोष तथा उद्योगी व्यवसायीहरू सबैले कार्यक्रमको लक्ष्यलाई आत्मसात गरी अघि बढ्नु पर्ने देखिन्छ । कार्यक्रम लागू भएको दुई वर्ष पूरा भइसकेको हालको अवस्थामा यसको प्रभावकारिता तथा कार्यान्वयनमा देखिएका समस्या सम्बन्धमा विस्तृत अध्ययन भई कार्यक्रमलाई पुनरावलोकन गरी आश्यकतानुसार परिमार्जन गर्दै जानुपर्ने देखिन्छ । यसका साथै प्रादेशिक सरकारहरूले समेत विभिन्न प्रकारका सहुलियतपूर्ण कर्जा कार्यक्रमहरू लागू गर्दा दोहोरो नपर्ने र प्रभावकारी अनुगमन गर्न सकिने प्रकारका कार्यक्रमहरू तय गर्नुपर्ने देखिन्छ । सरोकारवाला सबै पक्षले सहुलियतपूर्ण कर्जाको मर्म र भावना अनुरूप कार्य गरेमा मुलुक भित्रै स्वरोजगारीको पर्याप्त अवसरहरूको सिर्जना गरी वैदेशिक रोजगारीप्रतिको परनिर्भरताको अन्त्य गर्न सकिन्छ । आत्मनिर्भर अर्थतन्त्रको जग बसाउन र ग्रामीण भेगसम्मका विपन्न जनताको आय र रोजगारी अभिवृद्धि गरी उनीहरूको जीवनस्तर माथि उठाउने कुरामा सहुलियत कर्जाले महत्वपूर्ण भूमिका खेल्न सक्छ । हेर्दा सानो देखिए पनि सहुलियतपूर्ण कर्जाको प्रभावकारी परिचालनले हाम्रो समाजको विद्यमान पछौटेपनको अवस्थामा आर्थिक कान्ती ल्याइ समाजको आर्थिक रूपान्तरण मार्फत समृद्ध नेपाल सुखी नेपालीको अभियानलाई सार्थकतामा परिणत गर्न संवाहक बन्न सक्छ । ■

*लेखक नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर हुनुहुन्छ ।*

# ‘बैंकको पुँजी वृद्धि नै आजको आवश्यकता’



■ चन्द्रमान प्रधान

*नेपाली बैंकिङ्‌ क्षेत्रको लामो, संघर्षशील इतिहास तथा समृद्ध वर्तमानमा कृषि विकास बैंकको महत्वपूर्ण स्थान रहेको छ । कृषि विकास बैंकको जन्म हुँदादेखि नै यसलाई हुर्काउने, बढाउने र हालको अवस्थासम्म ल्याइपुऱ्याउने एउटा जिउँदो इतिहासको नाम हो - चन्द्रमान प्रधान । वि.सं. २०२० सालमा सहकारी बैंकको स्थापना भएसँगै उहाँले वि.सं. २०२१ देखि बैंकिङ्‌ इतिहासमा जागिरे जीवनको सुरूवात गर्नुभयो । विभिन्न आरोह अवरोह पार गर्दै २०२४ साल माघ ७ गते कृषि विकास बैंक ऐन-२०२४ अन्तर्गत बैंकको स्थापना भयो । बैंक स्थापनाकालदेखि नै उहाँले बैंकलाई हुर्काउने, बढाउने कार्यमा लाग्नुभयो । राणाशासकहरूले वि.सं. १९९७ सालमा धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, गंगालाल श्रेष्ठ र दशरथ चन्दहरूलाई मृत्युदण्ड दिएको अघिल्लो वर्ष वि.सं. १९९६ सालमा पिता स्व. गणेशमान प्रधान र माता गणेशकुमारी प्रधानको छैठौं सन्तानको रूपमा काठमाडौंको त्यौड टोलमा उहाँको जन्म भएको थियो । औपचारिक रूपमा विश्वविद्यालयबाट भूगोल विषयमा स्नातकोत्तर गर्नुभएका नेपालका भूगोलविद्, एक सफल बैंकर्स, शालीन तथा एक सौम्य व्यक्तित्वका धनी आदरणीय चन्द्रमान प्रधानसँग कृषि विकास बैंक लि.को ५४ औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित विशेषाङ्कको लागि बैंकका वरिष्ठ ऋण अधिकृत शान्तिराम भट्टराईले उहाँकै निजी निवासमा उहाँसँग लिइएको अन्तर्वार्ता (कुराकानीमा आधारित) का प्रमुख अंशहरू यहाँ प्रस्तुत गरिएको छ । -सं.)*

**कृषि विकास बैंकलाई जन्माउने, हुर्काउने र हालको अवस्थामा ल्याइपुऱ्याउने एउटा ज्युँदा इतिहास, हाम्रो अग्रज हुनुहुन्छ यहाँ, बैंक कसरी स्थापना भयो ? स्थापना सम्बन्धी यहाँको स्मरण ?**

नेपाली बैंकिङ्‌ क्षेत्रको लामो इतिहास रहेको छ । यो बैंकिङ्‌ क्षेत्रको इतिहासलाई गति दिनको लागि विभिन्न बैंक तथा वित्तीय संस्थाहरूले समय-समयमा अहं भूमिका निर्वाह गर्दै आउने सन्दर्भको श्रृङ्खलामा जन्मिएको हो -कृषि विकास बैंक । कृषि विकास बैंकमा परिणत भएर बैंकको विस्तारित रूप लिनुअघि यो बैंक सहकारी बैंकको रूपमा वि.सं. २०२० सालमा स्थापना भई सञ्चालन भएको थियो । वित्तीय क्षेत्रमा मेरो प्रवेश भने यही सहकारी बैंकमा वि.सं. २०२१ सालमा भएको हो । समयक्रममा सहकारी बैंकको कमजोर अवस्थाका कारण एवं व्यक्ति तथा संगठित व्यावसायिक/व्यापारिक संघसंस्था आदिलाई ऋण प्रवाह गर्नको लागि एउटा बैंकको आवश्यकता देखियो । तत्कालीन समयमा नेपालमा एउटा मात्र बैंक थियो- नेपाल बैंक लिमिटेड । यो बैंक वि.सं. १९९४ मा स्थापना भई सञ्चालन भइरहेको थियो । वि.सं.२०१३ सालमा स्थापित नेपाल औद्योगिक विकास निगमले औद्योगिक क्षेत्रको विकासमा भूमिका खेल्दै आएको थियो । यसरी वाणिज्य तथा औद्योगिक क्षेत्रमा लगानी गर्ने बैंकहरू भए पनि कृषि क्षेत्रमा लगानी गर्ने कुनै बैंक तथा वित्तीय संस्था खुलेको थिएन । कृषि क्षेत्रमा लगानीको आवश्यकतालाई महसुस गरेर तत्कालीन सरकारले कृषि विकासका लागि सहकारी बैंक स्थापना गर्न चाहेको हुनाले उक्त सहकारी बैंकको स्थापना भएको थियो ।

सहकारी संस्थानमा लगानी गर्दा कुनै पनि धितो नहुने भएकाले ऋण उठ्न सकेन । यसले गर्दा सहकारी विभाग र बैंकबीच द्वन्द चुलियो । यसकारण नयाँ सोच र तरिकाले सहकारी बैंकलाई सञ्चालन गर्नु वाञ्छनीय बन्यो । त्यसपछि हामीले कृषि विकास बैंकको स्थापना गर्ने दिशामा पाइला चाल्न थाल्यौँ र वि.सं. २०२४ साल माघ ७ गतेका दिन कृषि विकास बैंकको स्थापना हुन पुग्यो ।

**यहाँहरुले बैंक सञ्चालन गर्दा देशमा पञ्चायती व्यवस्था थियो, हाल प्रजातन्त्र हुँदै लोकतान्त्रिक गणतन्त्रको रुपमा रुपान्तरित भएको अवस्थामा यहाँले त्यो बेलाका कर्मचारी र हालका कर्मचारीहरुको आचरण तथा व्यवहारमा कतिको भिन्नता पाउनुभएको छ ? साथै बैंकको विगत र वर्तमानको कार्य प्रकृति र कार्य संस्कृतिको कसरी तुलना गर्नुहुन्छ ?**

त्यो बेला समय नै फरक थियो । व्यवस्था जस्तो भए पनि बैंकर्सले देश समृद्ध बनाउने ध्येयले बैंकको कार्य गर्नु पर्दछ । त्यो बेला अहिलेको जस्तो प्रतिष्पर्धा थिएन । बैंकले त्योबेला पनि गुणस्तरीय जनशक्ति नै लिने गर्दथ्यो र अहिले पनि गुणस्तरीय जनशक्ति नै लिएको छ । विगत र वर्तमानको काम गर्ने प्रकृतिमा केही फरक त अवश्य पर्छ । तरिका, साधन, श्रोत फरक भए होलान् यद्यपि कर्मचारी लिने सन्दर्भमा बैंकले कहिल्यै कुनै सम्झौता गरेन । त्यस कारणले त हो नि बैंक आज यो स्थितिमा पुग्न सकेको । यसका लागि त हामी सबैले गर्व गर्नु पर्दछ ।

> **कृषि विकास बैंकलाई त म सुनौलो अवसर आएको देख्छु । त्यो के भने अहिले धेरैको इच्छा चाहिँ** Marketing **र** Agro Business **मा छ । बजारको उचित व्यवस्था गर्ने हो भने धेरै मानिसको त्यसमा लगानी गर्ने इच्छा बढेको मैले पाएको छु ।**

**हाल यहाँ बैंकलाई विभिन्न माध्यमबाट बुझिरहनुभएको छ । तपाईंहरुले सृष्टि गरेको बैंक हाल अत्याधुनिक बैंकिङ्ग कारोबार गर्ने बैंकको रुपमा परिणत भएको छ, हाल बैंकलाई एउटा अभिभावकको हैसियतले कसरी हेरिरहनुभएको छ ?**

बैंकको गतिविधिबारे म चासो पनि राख्छु र सो अनुसारका सूचना पनि अध्ययन गर्ने गरेको छु । समयक्रमअनुसार हाल यो बैंक अत्याधुनिक बैंकिङ् कारोबार गर्ने बैंकका रूपमा परिणत भएको छ । यो खुसीको कुरा हो र स्वाभाविक पनि । प्रतिस्पर्धी यो समयमा पुरानो ढङ्गबाट कार्य गर्नु उचित होइन, समयको मागअनुसार नै बैंक चल्नुपर्छ भन्ने मेरो पनि मान्यता रहेको छ । हामीले बैंक सञ्चालन गर्दा समयानुसारको कार्य प्रकृतिको माग भएजस्तै अहिलेको आधुनिक समयमा पनि समय सुहाउँदो नै कार्य प्रकृतिको माग हुन्छ । अहिले अत्याधुनिक बैंकिङ् कारोबार गर्ने बैंकका रूपमा यो बैंक परिणत भएको छ । समयलाई चिनेर अघि बढ्नु नै उत्तम विकल्प हो जस्तो लाग्छ ।

**बैंकले आगामी दिनमा लिनुपर्ने रणनीति कस्तो हुनुपर्छ जस्तो लाग्छ यहाँलाई ?**

कृषि विकास बैंकले देशको विकासमा एक महत्वपूर्ण हिस्सा ओगटेको छ । यसले खाली बैंक मात्र होइन, समग्र देशकै विकासमा चासो राख्दछ । देशलाई नै उन्नतिको पथमा अगाडि बढाउनको निम्ति यो बैंकले आफूलाई अझ ठूलो र शक्तिशाली बनाउनु पर्दछ । यसका लागि अझै पुँजी वृद्धि गर्नतर्फ जोड दिनुपर्दछ । बैंकको स्वामित्वमा रही प्रयोजनमा नरहेका देशका विभिन्न महत्वपूर्ण स्थानमा भएका सम्पत्तिहरू (भवन/जग्गा) को पुनर्मूल्याङ्कन (Revaluation) गर्नुपर्दछ । त्यस्तै कतिपय जग्गाहरू बिक्री पनि गर्न सकिन्छ । यसरी बिक्रीबाट प्राप्त नगद पनि बैंकको राम्रो पुँजीको स्रोत हो । यस्तै बैंकले सकार गरी लिएका जग्गाहरू आवश्यक कानुन निर्माण गरी भाडामा दिने र त्यो भाडा वापत प्राप्त रकमबाट NPA घटाउनका साथै पुँजी वृद्धि पनि गर्न सकिन्छ । पुँजी वृद्धि गर्नतर्फ लाग्नु आज अपरिहार्य भएको छ । यसको लागि ठूलो सङ्ख्यामा वैदेशिक रोजगारमा गएका दक्ष जनशक्ति, जो सीप सिकेर आएका हुन्छन्, तिनीहरूलाई समावेश गर्न सकिन्छ । उनीहरूलाई त्यस्ता अवसरको सदुपयोग गराई परिचालन गराएमा बैंकमात्र होइन देश नै समृद्धशाली हुन्छ । यसका लागि बैंकले चनाखो भई कार्य गरेमा भलाइ हुने देखिन्छ ।

अन्य वित्तीय संस्था खासै पुग्न नसकेको कृषि व्यवसाय तथा बजार व्यवस्थाको क्षेत्रमा लगानी गर्ने सोचमा जोड दियो भने अझ यो बैंक समृद्ध हुने थियो भन्ने मलाई लाग्छ । बजार व्यवस्था भनेको किन्ने बेच्ने मात्र होइन, निकासी गर्ने पनि हो । नेपालमा उत्पादित चिया, अलैंची, सुन्तला, एभोकाडो, किवि, स्याउ, इस्कुस, अकबरे आदि बालीहरू देशमा त्यतिकै बजार नपाएर खेर गइरहेका छन् । विस्तृत अवधारणा (specification) बनाई स्तरीकरण (Grading) गरेर यी वस्तुहरू निर्यात गर्न आवश्यक पर्ने यावत पक्षमा लगानी गर्ने हो भने न त जुम्लाको स्याउ खेर जान्छ न त अन्यत्रका अन्य उत्पादित वस्तु । कसलाई के कुराको आवश्यकता र माग छ भन्ने बुझेर लगानी गर्न सक्नुपर्दछ । जस्तै :-इटालीमा डोसा पाइन्छ, जसको लागि उसिना चामलको माग छ । नेपाली कृषकले बजार भाउ नपाएर सडकमा दूध पोखेको समाचार सुन्नमा आउँछ, दूधको बजार नपाए त्यसबाट पनिर, चीज,

घ्यू आदि सामग्रीहरू बनाउन सकिन्छ । बैंकले त्यस्ता किसानलाई प्रेरित गर्न सक्यो भने त्यस्ता क्षेत्रमा लगानी बढाउन सकिन्छ ।

**वैदेशिक वित्तीय संघसंस्थासँग कृषि विकास बैंक लि.ले के कस्तो समन्वय गरी अघि बढ्दा समग्र बैंक र देशको लागि अनुकूल हुने देख्नुहुन्छ ?**

हामीसँग त्यो बेलामा पर्याप्त पुँजीको अभाव थियो । बैंकमा पुँजीको अभाव भएपछि कस्तो होला तपाईं अनुमान गर्न सक्नहुन्छ । त्यही भएर हामीले वैदेशिक वित्तीय संस्थाहरूसँग सामीप्यता बढायौं । कुनै पनि वैदेशिक सहयोग निकाय आउँदा त्यहाँबाट हामीले लिन चाहिँ सक्नुपर्दछ । हामीले पहिला Asian institute of technology मार्फत् संयुक्त रूपमा Agriculture Planning in Nepal भन्ने एक महिनाको तालिम सञ्चालन गरेका थियौं । त्यस्ता तालिमहरूले बैंकका जनशक्तिलाई दक्ष बनाउन मद्दत गरेको थियो । अहिले पनि बैंकमा तालिम त हुन्छन् नै तर वैदेशिक सहयोग निकाय आउने सम्बन्धमा बढी चासो दिन सकेमा बैंकको हित नै हुन्छ जस्तो लाग्छ ।

हामीले बैंक स्थापनाकालको सुरूवाततिर नै एशियन विकास बैंकसँगको समन्वयमा केही कार्य गर्ने सोच बनायौं । हामीलाई पहिलो ऋणस्वरूप एशियन विकास बैंकले २.४ मिलियन डलर सहुलियत दरको ऋण उपलब्ध गरायो । उसले हामीलाई चार कार्यप्रणाली (Procedure) अन्तर्गत उक्त ऋण उपलब्ध गराएको थियो । जसमा Production, Marketing, Mechanization र Agro-Business रहेको थियो । Marketing बाहेक अरू चाहिँ अनुमोदन भएका थिए । यसरी त्यो समयमा पनि बैदशिक वित्तीय संघसंस्थाहरूसँग हामीले समन्वय गरी बैंकको भलाइका लागि कार्य गरेका थियौं । यो क्रम त्यसपछि पनि चलिरहेको छ र त्यस्ता वैदेशिक वित्तीय संघसंस्थासँग समन्वय गर्ने कार्यलाई निरन्तरता दिनु नै बैंक र समग्र देशको लागि अनुकूल हुन्छ ।

**बैंकिङ्ग क्षेत्रमा कृषि विकास बैंक लि.को हालको उपस्थिति कस्तो देख्नुहुन्छ ? थप प्रगतिका लागि बैंकले आगामी दिनमा कसरी मार्ग तय गर्नुपर्ला ?**

कृषि विकास बैंकको उपस्थिति त बैंकिङ्ग क्षेत्रमा मात्र हैन देशका कुनाकुनामा नै भएको छ । अझ पहिला त सानाकिसान विकास आयोजनाका रूपमा बैंकले गाउँगाउँमा आफ्नो बाक्लो उपस्थिति जनाएको थियो । प्रतिकूलताका कारण ती उपस्थिति कम भए । यद्यपि हाल पनि बैंकका शाखाहरूको विस्तार राम्रै किसिमले सञ्चालन र विस्तार भइरहेको पाएको छु ।

कुरो ग्रामीण क्षेत्रमा वित्तीय पहुँच र प्रतिष्पर्धाको उपस्थितिको पनि गर्नु उचित हुन्छ । हाल विश्व महामारीका रूपमा फैलिरहेको कोभिड-१९ को कारण पनि देश आर्थिक रूपमा केही पछि परेको महसुस गरिएको छ । साथै देशमा भएका सम्पूर्ण वित्तीय संघसंस्थाको अवस्था पनि त्यसले नकारात्मकतातर्फ लगेको सहजै अनुमान गर्न सकिन्छ । समग्रतालाई हेर्दा कृषि विकास बैंक पनि अछुतो रहँदैन । तर यसले जसरी आफ्ना जनशक्ति परिचालन गरी प्रतिकुल समयमा पनि काम गर्दै अघि बढ्यो, त्यसले यो बैंकलाई बैंकिङ्ग क्षेत्रमा गर्विलो उपस्थिति गराएको महसुस हुन्छ । साथै यसरी र अझ थप ऊर्जाका साथ अघि बढेमा आगामी दिनमा थप प्रगति हुने निश्चित हुन्छ ।

**'पुँजी वृद्धि गर्नतर्फ लाग्नु आज अपरिहार्य भएको छ । यसको लागि ठूलो सङ्ख्यामा वैदेशिक रोजगारमा गएका दक्ष जनशक्ति, जो सीप सिकेर आएका हुन्छन्, लाई समावेश गर्न सकिन्छ ।'**



**बैंकले कृषिलाई नछोड्ने, अरुलाई जोड्ने अभियानमा लागिरहेको अवस्थामा यसको लागि कुन क्षेत्रलाई प्रमुख प्राथमितकता दिनु उपयुक्त हुन्छ जस्तो लाग्छ ?**

देशलाई समृद्धशाली बनाउनको लागि वित्तीय क्षेत्रको महत्वपूर्ण स्थान रहेको छ । त्यसमा पनि कृषि विकास बैंकको स्थापना नै देशको समग्र कृषि क्षेत्रको विकास गर्ने

हेतुले भएको हुँदा बैंक अब पनि अहिले लिएको अभियान जस्तै कृषिलाई पनि नछोडी अन्य क्षेत्रलाई पनि जोड्दै जानु नै उपयुक्त हुन्छ जस्तो लाग्छ ।

**बैंक समयानुकूल परिवर्तनबारे यहाँको धारणा ?**

समयानुकूल परिवर्तन त स्वाभाविक हो । सधैं एकै प्रकारले चल्यो भने त प्रतिष्पर्धी समयमा आफ्नो उपस्थिति नगण्य भइहाल्छ नि । हामीले बैंक स्थापना गर्दाताकाको कामको प्रकृति अहिले मिल्दैन । त्यही भएर अहिले अत्याधुनिक बैंकिङ्ग प्रणाली भित्रिएको छ । अब विस्तारै समय क्रमसँगै योभन्दा अत्याधुनिक प्रणाली भित्रिन्छ होला । कर्मचारी पनि त्यही अनुसार दक्षता हासिल गरेका हुन्छन् र नभएकाहरूको दक्षता र सीप अभिवृद्धि गराउनु पर्दछ ।

**यहाँले विभिन्न संघ संस्थाहरु जस्तैः- कृषि विकास बैंक, धान चामल निर्यात कम्पनी, नेपाल व्यवस्थापन संघ, लायन्स क्लब अफ इन्टरनेशनल आदिमा कुशल नेतृत्व सम्हाली सक्नुभएको छ। यहाँले काम गर्दाताका गरेका सङ्घर्षका कथा र त्यसभित्रका सफलता यहाँको आत्मकथन 'चन्द्रकमल एक थुँगा' मा पनि पढ्न सकिन्छ। यहाँले काम गरेकामध्ये कुन संस्थाबाट चाहिँ समग्र देश र नागरिकहरुले सेवा पाए भन्ने लाग्छ ?**

मैले तपाईंले भनेजस्तै ती संस्थाहरूमा काम गर्ने अवसर पाएँ । कुनै पनि संस्थामा काम गरेपछि त्यहाँबाट देश र जनताको लागि कस्तो काम भयो भन्ने आफूलाई लाग्ने गर्छ । कामप्रति आफू सन्तुष्ट भइयो भने त्यस संस्था र जनताप्रति भलाई गरिएछ भन्ने लाग्छ । मैले काम गरेका संस्थाहरूमध्ये अहिले धान चामल निर्यात कम्पनी सञ्चालित छैन । मैले धेरै समय बिताएको, स्थापनाकालदेखि नै संलग्न भएर संस्थाको हितमा रही काम गरेर अगाडि बढाउन सानो प्रयास गरेको संस्था भनेको कृषि विकास बैंक नै हो । अन्य संस्थाबाट पनि नेपाली जतताले सेवा त पाएकै हुन् यद्यपि स्वाभाविक रूपमा यही संस्थामा गरेको कामबाट म सन्तुष्ट छु र यस बैंकको माध्यमबाट नै देशका नागरिकहरूलाई केही सेवा गर्न सकियो कि भन्ने लाग्दछ ।

**अन्त्यमा, यहाँको निरोगिता र दीर्घायुको कामना गर्दै यहाँहरुले स्थापना गर्नुभएको बैंकले आज आफ्नो ५४ औं वार्षिकोत्सव मनाइरहेको छ, यस सन्दर्भमा बैंकका तमाम बचत कर्ता, कर्जाग्राही, शेयर धनी, बैंक व्यवस्थापन, शुभचिन्तक, पूर्व तथा कार्यरत कर्मचारीहरुलाई के भन्न चाहनुहुन्छ ?**

धन्यवाद ! हामीले सुरुवात गरी सञ्चालन गरेको बैंकले आज विभिन्न आरोह अवरोह पार गर्दै ५३ वर्ष पार गरी ५४ वर्षमा टेकेको छ । मलाई गर्व लाग्छ, बैंकको आजको अवस्था र प्रगति देखेर । राम्रो बैंक छानेर आफ्नो जीवनको महत्वपूर्ण कमाइ यस बैंकमा राख्नुभएका बैंकका बचत कर्ता बधाइका पात्र हुनुहुन्छ किनभने उहाँहरूले राखेको बचत सुरक्षित छ । त्यस्तै कर्जाग्राही, शेयर धनी महानुभावहरूकै बैंक हो यो । यो बैंकको खुसी तपाईंहरूको खुसी हो । यसको नाफामा तपाईंहरूको पनि भलाइ छ । त्यस्तै बैंक व्यवस्थापन, पूर्व तथा कार्यरत कर्मचारीहरू लगायत माथि उल्लेखित हाम्रा तमाम ग्राहकहरूको संयुक्त प्रयासबाट यो बैंक यहाँसम्म आइपुगेको छ ।

कृषिबाट उत्पादित वस्तुहरू बजारको अभावका कारण कृषकले बाटोमा पोख्ने अवस्था नआओस् भन्दछु । दूध बिक्री भएन भने बाटोमा घोप्ट्याउनुको सट्टा त्यसको विकल्प खोज्नु आवश्यक देखिन्छ । दूधबाट घिउ, पनिर, कुराउनी, चीज आदि परिकारहरू बनाएर बिक्री गर्न सकिन्छ । त्यसको लागि बैंकले पनि सहजीकरण गरिदिनु पर्छ । बैंकको सधैं राम्रो भएको सुन्न पाऊँ, मेरो घरसम्म आएर मैले आफ्नो उर्बर समय गुजारेको संस्थाको बारेमा केही भन्ने अवसर दिनुभएकोमा बैंक परिवारलाई धन्यवाद व्यक्त गर्दछु, बैंकको ५४ औं वार्षिकोत्सवको उपलक्ष्यमा यही मेरो शुभकामना । ■

# कोरोनापछिको ग्रामीण पुनरुत्थानको अवधारणा र त्यसमा कृषि विकास बैंकको भूमिका



श्रीकृष्ण उपाध्याय

सर्वप्रथम कृषि विकास बैंकको स्थापनाको ५४औं दिवसमा सम्बन्धित सबैलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । कोरोना महामारीले गर्दा मुलुक आर्थिक र सामाजिक रूपमा अति नै कष्टकर अवस्थामा छ । निकै समयको लकडाउनले गर्दा आर्थिक मन्दि भई कारोबारमा संकुचनले गर्दा रोजगारी गुमेको छ । आर्थिक सूचांक तल झरेको छ, विकासको दर घटेर गरिबी र बेरोजगारी बढेको छ ।

विदेशमा रोजगारमा गएका युवाहरू स्वदेश फर्केका छन् र काम नपाई त्यसै बसेका छन् । हवाई उडान बन्द भएको अवस्थामा पर्यटन व्यवसाय ठप्प थियो भने बल्ल हवाई यात्रा र आन्तरिक पर्यटनले सामान्य गति लिन थालेको छ । सरकारले बजेटको धेरै बढी भाग कोरोना रोकथाम र स्वास्थ्य उपचारमा खर्च गर्नु परेकोले, प्रभावकारी रोजगारी अभिवृद्धि र राहतको प्याकेज ल्याउन सकेको छैन । यस्तै अवस्थामा राजनीतिक अस्थिरताले मुलुकलाई फेरी गाँजेको छ र अस्थिरताले गर्दा लगानीको वातावरण नराम्रोसँग प्रभावित भएको छ ।

यस्तो अवस्थामा अर्थतन्त्रलाई चलायमा नबनाउन र रोजगारी बढाउन Special Economic Package ल्याउनु आवश्यक छ । यो कोरोनापछिको विकासको सन्दर्भलाई ध्यानमा राखेर हुनुपर्दछ । अब विश्वले पुरानै ढंगको विकासको अवधारणा जसबाट खाली विकास दर वृद्धि बढाउने नभई असमानता, गरीवी घटाएर बढी से बढी रोजगारी बढाउने खालको अर्थतन्त्रको सृजना गर्नुपर्ने आवश्यकता छ । नेपाल जलस्रोतको धनी र युवा जनशक्ति बढी भएको देश, जैविक विविधता र वातावरणीय अनुकूलता भएको देश भएकोले त्यसको आधारमा हुने हरित पुनर्स्थापना विकास (Green Recovery Model) मा विकास आधारित हुनु पर्दछ ।

कृषि विकास बैंकको पूर्ववत् संस्था सहकारी बैंक थियो जसलाई २०२० सालमा भूमिसुधार कार्यक्रम लागू गर्दा ऋण मोचनपछि साना किसान र मोहीहरूलाई संस्थागत ऋण उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको थियो । सुरूमा यसले साझा सहकारीको माध्यमबाट झापाको बुधबारेमा परीक्षण सुरू गरिएको भूमि सुधार कार्यक्रमअन्तर्गत ऋण प्रवाह गरी कारोबार सुरू गऱ्यो । सुरूमा यस बैंकमा भएको सबै लगानी तत्कालीन श्री ५ को सरकारको माध्यमबाट अमेरिकी सरकारको अनुदानमा भएको थियो । यसका साथै अमेरिकी सरकारले सल्लाहकार सेवा र कर्मचारीको बाह्य तालिमको व्यवस्था पनि गरेको थियो । त्यसै बैंकलाई एउटा विशेष कानुन 'कृषि विकास बैंक ऐन २०२४' अन्तर्गत कृषि विकास बैंकमा परिणत गरियो । यसको स्थापनाको सुरूमा तत्कालीन श्री ५ को सरकारको पूर्ण स्वामित्व थियो । तर कानुनमा नेपाल राष्ट्र बैंक र किसानहरूले पनि शेयर खरिद गर्ने व्यवस्था गरिएको थियो । त्यस बेला कुनै पनि ऋणीले ऋण लिंदाखेरी लिएको ऋण रकमको १० % शेयरमा जाने व्यवस्था गरिएको थियो । यो व्यवस्था संयुक्त राज्य अमेरिकामा १९३० को Depression पछिको New Deal योजनाअन्तर्गत खडा भएको Lanb Bank System अनुसार परिकल्पना गरिएको थियो । यसको तर्क सुरूमा सरकारले बैंकको पुँजी राख्ने र पछि गएर वित्तीय संस्था किसानको हुने व्यवस्था थियो । यहाँ पनि कृषि विकास बैंक कालान्तरमा किसानहरूको बैंक हुने परिकल्पना त्यो बेला गरिएको थियो ।

बैंक उदारीकणको युग अर्थात् २०४६ सालभन्दा अघि कृषिमा ऋण लागनी र प्राविधिक सेवा प्रदान गर्ने एउटा प्रमुख विशेषकृत सेवा दिने संस्थाको रूपमा काम गरेको थियो । यसले कृषि विकासका लागि ऋण, प्राविधिक सेवा, तालिम, अनुसन्धान र सामुदायिक संगठनको विकासको साथै बैंकिङ्ग सेवा पनि प्रदान गरेको थियो । सुरूमा तत्कालीन श्री ५ को सरकारको लगानी र वैदेशिक सहायताबाट यसले शाखा विस्तार गरी सेवा

दिएको थियो । विकास बैंकको रूपमा अग्रणी भूमिका निर्वाह गर्दै साना किसान विकास कार्यक्रम सञ्चालन गरी साना किसानलाई संगठित गराएर एकीकृत रूपमा ऋणका साथसाथै प्रविधि, पूर्वाधार, तालिम र बजार व्यवस्था गरेको थियो । यसका लागि छुट्टै आयोजना इकाई गाउँ स्तरसम्म विस्तार गरी क्षेत्रीय स्तरमा तालिम केन्द्र र उपयुक्त प्रविधि केन्द्र पनि स्थापना गरिएको थियो । साना किसानको सफल कार्यान्वयनले गर्दा नै साना किसान विकास बैंक, साना किसान केन्द्रीय संघ र सोसँग सम्बन्धि १,००० जति साना किसान संस्था सञ्चालनमा आएका छन् । यी सबै संस्था, बैंक र संघ साना किसानकै स्वामित्वमा छन् । जुन संगठन गाउँ स्तरबाट विस्तार भई केन्द्रसम्म पुगेको Model दक्षिण एशियामा अरू छैन ।

कृषि विकास बैंकको विगत ३० वर्षको विकासको यात्रापछि आएको Structural Adjustment Programme ले गर्दा Financial Reform अन्तर्गत वाणिज्य बैंकमा परिणत हुनु पर्‍यो र कृषिमा भएको नेतृत्वदायी भूमिका गुम्न पुग्यो । यसले गर्दा बैंक वित्तीय अवस्थामा सुधार भएर बैंक आर्थिक रूपमा सक्षम बन्यो र आफ्नो खुट्टामा उभिन भने सक्षम भयो । बैंकमा सरकार र दातृ संस्थाको परनिर्भरता घटाउन र यसलाई स्वतन्त्र रूपले सञ्चालन र कोष परिचालन गर्न २०४३ सालमा शहर केन्द्रित पूर्ण बैंकिङ्ग सेवा सुरू गरियो । यसको उद्देश्य शहरको पुँजी गाउँसम्म पुर्‍याएर कृषकसम्म वित्तीय पहुँच पुर्‍याएर उनीहरूको आय वृद्धि गर्नु थियो । यस कार्यमा बैंक निकै नै मात्रामा सफल भयो र पुँजी परिचालन गरेर सेवा विस्तार गर्न पनि सफल भयो । अहिले आएर यसको नेतृत्वदायी भूमिका नेपाल सरकार, नेपाल राष्ट्र बैंक र अरू बैंकहरूले पनि महशुस गरी बजारमा ल्याएको विशेष कृषि Bond मार्फत् बैंक लगानी गर्न दिने नीति लिइएको छ जुन निकै नै सह्रानीय छ ।

माथि उल्लेख गरे अनुसार अहिलेको कोरोना पछिको अवस्थामा कृषि र ग्रामीण पर्यटनको भूमिका जनजिविका, रोजगारी, खाद्य सुरक्षा र पोषणका लागि रहने देखिन्छ । त्यसैले यी दुवै क्षेत्रको विकासका लागि एउटा संस्थाले नेतृत्वदायी भूमिका लिनुपर्ने हुन्छ । यसका लागि पुँजीको आधार, शाखा, कर्मचारीको क्षमता, तालिम केन्द्रको व्यवस्था र व्यवस्थापन क्षमताले गर्दा कृषि विकास बैंकमा भर पर्नुपर्ने आधार धेरै नै छन् ।

कृषि विकास बैंकलाई कृषिमा उद्यमशीलताको विकास, उत्पादकत्व र आयवृद्धिका लागि सेवा विस्तार गरी समष्टिगत रूपमा विशिष्ट संस्थाको रूपमा विकास गर्न नेपाल सरकार, दातृ संस्था र अरू सबै संस्थाको भरपुर सहयोग आवश्यक पर्छ । कोरोना महामारी पछिको विकासको अवधारणामा विश्वमा निकै नै परिवर्तन भएको छ र त्यसलाई आत्मसात गरेर अगाडि बढ्नु चुनौतीपूर्ण छ र यसमा सबैको साथ र सहयोग चाहिन्छ । बैंकसँग भएको कर्मचारीको क्षमता, प्रविधि र पूर्वाधारको अधिकतम उपयोग गरी सबै मिलेर एउटा दूरदृष्टि (Long Term Vision) तयार गरी अगाडि बढ्नु आवश्यक छ ।

नेपाल सरकारले पनि कृषि विकास बैंकको सुरूको विकासको अवधारणालाई मनन गरी यसको संगठनात्मक सुधार र किसानप्रति बढी उत्तरदायी बन्न सक्ने संस्थाको रूपमा विकास गर्नु जरूरी छ । यो बैंकको शेयर धनी २ लाख जति छन् त्यसमा बढी संख्यामा ऋणी किसान नै छन् । त्यसले यो बैंक खाली नाफामुखी मात्र नभई यसले सामाजिक उत्तरदायित्वको रूपमा खासगरी साना किसानको जीवनस्तर उकास्ने खालको काम गर्नु अत्यावश्यक छ । आजको युग Impact Investment को युग हो जहाँ लगानीका लागि प्रतिफल मात्र होइन कि त्यसको प्रत्यक्ष प्रभाव र नतिजा हेरिन्छ । यस सन्दर्भमा विश्व नै वातावरण विनासलाई ध्यानमा राखेर Green Recovery Plan तर्फ आकर्षित भएको अवस्था छ र हामीले त्यसबारे सोच्नु आवश्यक छ । अझ हाम्रो त शेयर सदस्यहरू यो बैंकका धनी हुन् भने कर्जा लिने किसान पनि तिनै हुन् । त्यसैले उनीहरूको उन्नतितर्फ ध्यान दिनु हामी सबैको दायित्व हुन जान्छ ।

यस्तो खालको अवधारणालाई मूर्तरूप दिई एउटा कार्य योजना बनाउन बैंकले नेतृत्वदायी भूमिका अदा गर्न सक्छ र यसमा नेपाल सरकारको सहयोग क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने छ । बैंकले वाणिज्य बैंकको गोरेटो बाटोमा हिँडेको ३० वर्षपछि वर्तमान व्यवस्थापनको प्रयासबाट ८० मिलियन डलर (करीव ११ अरव) को ऋण अन्तर्राष्ट्रिय कृषि विकास कोष (IFAD) बाट प्राप्तभएको छ जुन खुसीको कुरो हो । यसले बैंकलाई विकासको बाटोमा लग्न ढोका खोलेको छ र यसलाई राम्रोसँग उपयोग गरी अगाडि बढेमा बैंक अझ सुदृढ हुनेछ र विकासमा साझेदारी गर्न सक्षम हुनेछ ।

अन्तमा म बैंकको संचालक समिति, व्यवस्थापन र कर्मचारी वर्ग नयाँ चुनौतीलाई सामना गर्दै सम्भावना पहिल्याउँदै किसानको समष्टिगत विकासमा लाग्नेछन् भन्ने कामना गर्दछु । ■

*लेखक राष्ट्रिय योजना आयोगका पूर्व सदस्य, कृषि विकास बैंकका पूर्व कार्यकारी अध्यक्ष तथा महाप्रबन्धक र सप्रोस नेपालका अध्यक्ष हुनुहुन्छ ।*

# नेपालमा सार्वजनिक संस्थानको वर्तमान अवस्था



झक्कप्रसाद आचार्य

**१ पृष्ठभूमि**

विश्वमा सन् १९९० को आर्थिक मन्दीको प्रभाव बजार संयन्त्र असफल भएको अवस्था र द्धितिय विश्वयुद्ध पश्चात आर्थिक सामाजिक लगायतका क्षेत्रमा सरकारको भूमिका अग्रणी भएकोले लोक कल्याणकारी राज्यको उद्देश्य पूरा आम नागरिकका दैनिक आधारभूत आवश्यकताका वस्तु तथा सेवाको सहज र शुलभ आपूर्ति गर्दै निर्माण गर्न सार्वजनिक संस्थानको स्थापना भएको हो । वस्तु तथा सेवाको उत्पादन र आपूर्तिको माध्यमबाट रोजगारी सिर्जना गर्ने, पूर्वाधार तयार गर्ने, अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने, आयात प्रतिस्थापन गर्ने र समतामुलक राज्यको स्थापना गरी न्याय प्रवर्धन गर्ने उद्देश्यले नेपालमा सार्वजनिक संस्थानको स्थापना गरिएको पाइन्छ । नेपालमा वि.सं. १९९३ मा विराटनगर जुट मिलको स्थापनाबाट सार्वजनिक संस्थानको शुरूवात भएकोहो । प्रथम पञ्चवर्षीय योजना (वि.सं. २०१३ देखि वि.सं. २०१८) बाट सार्वजनिक संस्थानको स्थापनाको क्रम बढ्दै गई सातौं पञ्चवर्षीय योजना (वि.सं. २०४२ देखि वि.सं. २०४७) को अन्त्यसम्म आइपुग्दा ६२ वटा स्थापना भइसकेका थिए । अग्रणी एवं उदाहरणीय भूमिका वा लगानी भएको क्षेत्रमा उद्योगधन्दा र साधन स्रोतको उपयोग र संरक्षण गर्न, रणनीतिक महत्वका क्षेत्रमा राज्यको उपस्थिति सुदृढ तुल्याउन समेत सार्वजनिक संस्थान स्थापना र सञ्चालन गर्नुपर्ने हुन्छ । हालको प्रतिस्पर्धात्मक वातावरणको अवस्थामा कतिपय संस्थान सञ्चालन हुन नसकी बन्द अवस्थामा रहेका छन् भने सञ्चालनमा भएको भएता पनि प्रतिस्पर्धमा खरो उत्रिन नसकी दिन प्रति दिन घाटामा गइरहेका छन् ।

कुनै निश्चित क्षेत्र तथा आयस्रोतको आधारमा स्थापित संस्थानहरू अन्य बैंकल्पिक क्षेत्र तथा आयस्रोतको पहिचान र अवस्था समेत विश्लेषण नगरी कार्यक्षेत्रमा परिवर्तन गरिदा केही संस्थानहरूको अवस्था नाजुक हुन गएको छ । आर्थिक अवस्था सबल भएका संस्थानहरूले पनि बजारको अवस्था तथा आफ्नो वित्तीय र सञ्चालनको अवस्थाको विश्लेषण र उपयुक्त व्यावसायिक कार्ययोजना बनाई कार्य गर्न नसक्दा विद्यमान व्यावसायिक क्रियाकलापबाट मात्र सञ्चालनमा रही रहन कठिन हुँदै गएको छ । कुनै समय प्रतिष्ठित मानिएका सार्वजनिक संस्थानहरू समयको परिवर्तनसँगै कमजोर व्यवस्थापन, यथास्थितिमा सञ्चालन, राजनीतिक हस्तक्षेप, व्यावसायिक संस्कारको अभाव र सरकारसंगको परनिर्भरताका कारणले नाजुक अवस्थामा पुगेका छन् भने केही संस्थानहरूले सुधारका प्रयासहरू गरिरहेका देखिन्छ । यसै क्रममा उदार अर्थतन्त्रको प्रादुर्भावसँगै संस्थानको व्यवस्थापन तथा सञ्चालनमा प्रतिस्पर्धात्मक र व्यावसायिकतामा सञ्चालन गर्ने नीति लिएपछि ३० संस्थानको निजीकरण गरिएको छ । त्यसैगरी व्यावसायिक कार्यकुशलता, वित्तीय दक्षता, सेवा प्रवाह क्षमता र उद्यमशीलता वृद्धि गर्नका लागि एकै प्रकृतिका संस्थानलाई गाभ्ने लगायतका संस्थान सुधारका प्रयासहरू पनि भइरहेका छन् ।

सार्वजनिक संस्थानहरू उत्पादन, बिक्री वितरण एवै उद्यमशीलता प्रबर्द्धन र रोजगारीको प्रमुख स्रोतको रूपमा विकसित हुनुपर्ने मान्यता हुँदाहुँदै पनि कुशल व्यवस्थापनको अभावका कारण नाजुक अवस्थामा परिणत हुँदा सरकारले हरेक वर्ष ऋण लगानी बढाउँदै लैजानु पर्ने र संस्थानहरू बन्द गरी कार्यरत कर्मचारीहरूलाई अवकाश दिनुपर्ने समस्या समेत थपिएको छ । नागरिकका दैनिक आधारभूत आवश्यकताका वस्तु तथा सेवा सर्वसुलभरूपमा आपूर्ति गराउने मुलभूत उद्देश्य पनि सार्वजनिक संस्थानहरूबाट पूरा हुन सकेको छैन । कानुनबाट नै यथोचित संरक्षण दिइए पनि व्यावसायिक कार्यकुशलता, वित्तीय दक्षता, सेवा प्रवाह क्षमता र उद्यमशीलतामा ह्रास आउने क्रम रोकिएको छैन ।

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको तीनखम्बे अर्थनीति अवलम्बन गरेको परिप्रेक्ष्यमा सार्वजनिक संस्थानको भूमिका थप वृद्धि भएको महसुस गरिएको छ । यसका साथै नेपाल सरकारले अङ्गीकार गरेको आम नेपालीको उच्चतम चाहना 'समृद्ध नेपाल, सुखी नेपाली' लाई सार्थक तुल्याउने कार्यमा सार्वजनिक

संस्थानको उपस्थिति र कार्यक्षेत्रमा विस्तार गर्न आवश्यक देखिएको छ । यसर्थ सरकारले सार्वजनिक संस्थानमार्फत् सर्वसाधारणको हितमा लगानी बढाउँदै संस्थानको वित्तीय, व्यावसायिक र प्रशासनिक क्षमतामा देखिएको चुनौतीलाई सामना गर्न दीर्घकालीन सुधारका नीति अवलम्बन गर्नुपर्ने देखिन्छ । यसका साथै, संस्थानको व्यवस्थापकीय र वित्तीय कार्यकुशलतामा अभिवृद्धि गर्न एवं स्वायत्तता, नियन्त्रण र उत्तरदायित्वबीच उचित सन्तुलन ल्याउन यिनीहरूको प्रणालीगत र संरचनागत सुधार गर्न आवश्यक छ । संघीय शासन प्रणालीबमोजिम संस्थानको पुनर्संरचना गरी एकीकृत ढाँचाको संस्थान सञ्चलन तथा व्यवस्थापन सम्बन्धी नीतिगत र कानुनी व्यवस्था सहितको नियमनकारी निकायको स्थापना गर्न उत्तिकै आवश्यक छ ।

## २. **सार्वजनिक संस्थानको समीक्षा**

वि.सं. १९९० को दशकको शुरूवातसँगै नेपालमा सार्वजनिक संस्थान स्थापना गर्ने कार्यको शुरूवात भई सातौं योजनाको अन्तसम्म संस्थानको संख्या ६२ पुग्यो । नेपालमा हाल ४४ संस्थान अस्तित्वमा रहेका छन् जसमध्ये ३३ संस्थान मात्र व्यावसायिक रूपले सञ्चालनमा रहेका छन् । सार्वजनिक संस्थानलाई क्षेत्रगत आधारमा औद्योगिक, व्यापारिक, सेवा, सामाजिक, जनोपयोगी र वित्तीय क्षेत्र गरी ६ क्षेत्रमा विभाजन गरी सञ्चालन गरिएको छ । हाल औद्योगिक क्षेत्रमा १०, व्यापारिक क्षेत्रमा ५, सेवा क्षेत्रमा १०, सामाजिक क्षेत्रमा ५, जनोपयोगी क्षेत्रमा ५ र वित्तीय क्षेत्रमा ९ गरी जम्मा ४४ सार्वजनिक संस्थान अस्तित्वमा छन् । तीमध्ये ३३ सार्वजनिक संस्थान मात्र सञ्चालनमा रहेका छन् । जनकपुर चुरोट कारखाना लि., बुटवल धागो कारखाना लि., नेपाल इञ्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि र नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि. कानुनी रूपमा अस्तित्वमा रहे पनि ती संस्थान कुनै व्यावसायिक कारोबारमा संलग्न छैनन् । नेपाल मेटल कम्पनी लि. सञ्चालनमा आएको छैन भने नयाँ रेल्बेलाइन निर्माणपश्चात् नेपाल रेल्वे कम्पनी लि. को व्यावसायिक कारोबार शुरू भएको छैन । केही वर्षयता जलविद्युत उत्पादन तथा प्रशारण लाइन, सार्वजनिक निर्माण र औद्योगिक क्षेत्रमा लगानी गर्दै जाने सरकारको नीतिअनुरूप धौवादी फलाम कम्पनी लि. र नेपाल पूर्वाधार निर्माण कम्पनी लि. थप नयाँ सार्वजनिक संस्थानको रूपमा आर्थिक वर्ष २०७६/७७ मा स्थापना भएका छन् ।

नेपालमा सार्वजनिक संस्थान विभिन्न ऐनद्वारा गठन भएका छन् जसले गर्दा कानुनी अवस्था तथा अस्तित्व अलग अलग रहेको छ ।नेपाल सरकारको अधिकांश स्वामित्व भएका ४४ सार्वजनिक संस्थानमध्ये ३३ कम्पनी ऐन, ७ विशेष ऐन, २ सञ्चार संस्थान ऐन, १ सहकारी ऐन र १ संस्थान ऐनबमोजिम स्थापना भएका छन् । यी संस्थानको कार्य सञ्चालनका लागि बनेका नियमावली, आर्थिक तथा कर्मचारी विनियमावली समेत बेग्ला बेग्लै छन् । यसै कारणले गर्दा संस्थानको दैनिक तथा व्यवस्थापकीय कार्यसञ्चालनका विधि भिन्न भिन्न छ । नेपालको संविधानबमोजिम लोक सेवा आयोगले सङ्गठित संस्थाहरूमा नियुक्ति र बढुवासम्बन्धी मापदण्ड तयार गरी लागू गरिसकेको हुँदा यी संस्थानका पदपूर्ति प्रक्रिया र वृत्ति विकासका विषयमा एकरूपता कायम भएको छ । तथापि, सार्वजनिक संस्थानपिच्छे कर्मचारीहरूको सेवासुविधामा भने अझै विविधता कायमै रहेको छ ।

संस्थान विभिन्न ऐनहरूबाट गठन भएको भएता पनि आफ्नो कार्यमा भने स्वायत्त छन् तर सरकारी नियमनकारी निकाय फरक फरक रहेका छन् । सरकारी स्वामित्वका वाणिज्य बैंकहरू, धितोपत्र बजार, बिमा कम्पनी तथा संस्थानको सम्बन्धित मन्त्रालयहरूले नियमन गर्ने व्यवस्था छ । हाल अस्तित्वमा रहेका संस्थानमध्ये उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत १३, अर्थ मन्त्रालयअन्तर्गत ८, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत ५, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयअन्तर्गत ४, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत ३, संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयअन्तर्गत ३, कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत ३, बन तथा वातावरण मन्त्रालयअन्तर्गत २, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत १र१ संस्थान रहेका छन् । त्यसैगरी स्वामित्वका आधारमा हेर्ने हो भने आ.व. २०७५/७६ सम्म अस्तित्वमा रहेका ४४ संस्थानमध्ये नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका २३, अधिकांश स्वामित्व (नेपाल सरकार र नेपाल सरकारको स्वामित्व रहेका अन्य निकायहरूको ५० प्रतिशतभन्दा बढी स्वामित्व) मा रहेका २१ संस्थान रहेका छन् ।

विगत पाँच वर्षको तथ्यांक विश्लेषण गर्ने हो भने सार्वजनिक संस्थानको वित्तीय स्थिति समानान्तर परिवर्तनको स्थितिमा देखिँदैन । सार्वजनिक संस्थानमा नेपाल सरकारको शेयर लगानी प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ भने ऋण लगानी संस्थानको आवश्यकतामा भर पर्ने हुँदा कुनै वर्ष बढ्ने कुनै वर्ष घट्ने देखिन्छ । त्यसैगरी सञ्चालन आम्दानी, प्रशासनिक खर्च, खुद नाफा, सञ्चित नाफा र खुद सम्पत्तिमा पनि परिवर्नतमा एकरूपता छैन । रोजगारी भने बढ्दो क्रममा रहेको देखिन्छ । सार्वजनिक संस्थानको वित्तीय सूचकहरूमा भएको वार्षिक परिवर्तन प्रतिशत तलको तालिकामा देखाइएको छ ।

**सार्वजनिक संस्थानको वित्तीय सूचकहरुमा विगत पाँच वर्षमा भएको परिवर्तन (प्रतिशतमा)**

| सूचक/आर्थिक वर्ष | २०१४/१५ | २०१५/१६ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ |
|---|---|---|---|---|---|
| नेपाल सरकारको शेयर लगानी | ८.९३ | १३.८ | ११.१८ | १६.८९ | ३५.६७ |
| नेपाल सरकारको ऋण लगानी | १६.३७ | ०.४२ | १६.८६ | ७.८१ | १७.२३ |
| नेपाल सरकारलाई लाभांश प्राप्ति | -२.४२ | २०.९५ | -०.४४ | २७.२३ | -४.२८ |
| सञ्चालन आम्दानी | ५.०५ | -१२.९४ | ३४.८४ | २१.३५ | २०.२९ |
| प्रशासनिक खर्च | -२७.९३ | -१०.२६ | ३.६७ | -८.२३ | ३२.४७ |
| खुद नाफा/नोक्सानी | ४९६.५८ | १.६१ | १८.५ | ४.८८ | १२.३६ |
| सञ्चित नाफा/नोक्सानी | १२१.३ | ३७३.५३ | -१७.१८ | ५२.४४ | २८.९३ |
| खुद सम्पत्ति | ६२.०८ | १८.२२ | ३८.२२ | ७४.२५ | २१.०१ |
| रोजगारी | -५.३२ | -४.९ | -२.०२ | ०.४१ | ७.८८ |

*स्रोतः सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७७*

क्षेत्रगत रूपमा स्थापना भएका सार्वजनिक संस्थानको क्षेत्रगत रूपमा आर्थिक वर्ष २०७४/७५ र आर्थिक वर्ष २०७५/७६ को वित्तीय सूचकहरूमा भएको परिवर्तन विश्लेषण गर्ने हो भने व्यापारिक क्षेत्र अन्तर्गतका संस्थानमा नेपाल सरकारको शेयर ५३२.६५ प्रतिशतले वृद्धि भएको छ भने सामाजिक क्षेत्रका संस्थानमा ६.५ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ । नेपाल सरकारको ऋण लगानी ब्यापारिक क्षेत्रका संस्थानमा शून्य छ भने सेवा क्षेत्रको संस्थानमा ५७७.४२ प्रतिशतले वृद्धि भएको छ । वित्तीय क्षेत्रमा अघिल्लो आर्थिक वर्षको तुलनामा ५१.६४ प्रतिशतले घटेको छ । व्यापारिक र वित्तीय क्षेत्रका संस्थानले नेपाल सरकारलाई दिने लाभांशमा वृद्धि गरेका छन् । त्यसैगरी व्यापारिक क्षेत्रको संस्थानमा सञ्चालन आम्दानीको वृद्धि प्रतिशत बढी छ भने जनोपयोगी क्षेत्रका संस्थानको प्रशासनिक खर्च १८४ प्रतिशतले बढेको छ । व्यापारिक क्षेत्रका संस्थानको सबैभन्दा बढी १३४.२६ प्रतिशतले नाफा बढेको छ भने वित्तीय क्षेत्रका संस्थानको सञ्चित नाफा ३७३.२ प्रतिशतले बढेको छ । खुद सम्पत्ति सबैभन्दा बढी १७४.३३ प्रतिशतले सामाजिक क्षेत्रका संस्थानको बढेको छ । औद्योगिक क्षेत्रका संस्थानमा सबैभन्दा बढी ९४.७१ प्रतिशतले बढेको छ भने सामाजिक क्षेत्रका संस्थानमा ९.१६ प्रतिशतले रोजगारी घटेको छ । सार्वजनिक संस्थानमा आर्थिक वर्ष २०७४/७५ भन्दा आर्थिक वर्ष २०७५/७६ मा भएको क्षेत्रगत र सूचकगत विवरण तलको तालिकामा देखाइएको छ ।

**क्षेत्रगत रुपमा सार्वजनिक संस्थानमा अघिल्लो आर्थिक वर्षको तुलनामा**
**आर्थिक वर्ष २०७५/७६ मा भएको परिवर्तन (प्रतिशतमा)**

| सूचक/क्षेत्र | औद्योगिक | व्यापारिक | सेवा | सामाजिक | जनोपयोगी | वित्तीय |
|---|---|---|---|---|---|---|
| नेपाल सरकारको शेयर लगानी | ८.४१ | ५३२.६५ | ५१.०८ | ६.५ | २८.४५ | २१.१ |
| नेपाल सरकारको ऋण लगानी | ११.१३ | ० | ५७७.४२ | ४१.७५ | १०.९८ | -५१.६४ |
| नेपाल सरकारलाई लाभांश प्राप्ति | ० | १०० | -७६.७३ | ० | ० | ३९.२९ |
| सञ्चालन आम्दानी | -१.७६ | २५.३९ | २३.६ | -२.११ | ८.६८ | २३.८९ |
| प्रशासनिक खर्च | २७.२१ | -०.१७ | ०.५८ | ०.२९ | १८४ | -२.१२ |
| खुद नाफा/नोक्सानी | -४०९.२७ | १३४.२६ | -४८.३५ | ०.७२ | -३.४८ | २५.५१ |
| सञ्चित नाफा/नोक्सानी | ३.६ | -१५.३७ | २८.०६ | -४.९ | ४.२४ | ३७३.२ |
| खुद सम्पत्ति | ६.१६ | ५४.८५ | १२.०५ | १७४.३३ | २२.०८ | २१ |
| रोजगारी | ९४.७१ | ११.७ | ६.०५ | -९.१६ | -०.०२ | ०.०३ |

*स्रोतः सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७७*

सार्वजनिक संस्थानको सञ्चालन आयको कूल गार्हस्थ्य उत्पादनमा योगदान बढ्दै गएको छ । आर्थिक वर्ष २०७५/७६ को संशोधित कूल गार्हस्थ्य उत्पादन रू. ३४ खर्ब ५८ अर्ब ७९ करोड ३० लाखमा सार्वजनिक संस्थानको कूल सञ्चालन आयको अनुपात १३.६० प्रतिशत रहेको छ । यो अनुपात आर्थिक वर्ष २०७२/७३ देखि क्रमशः बढ्दै गई यस आर्थिक वर्षमा उच्च हुन पुगेको हो । क्षेत्रगत रूपमा हेर्ने होभने कूल गार्हस्थ्य उत्पादनमा सञ्चालन आयको अनुपात व्यापारिक क्षेत्रका सार्वजनिक संस्थानको सबैभन्दा बढी (७.५२ प्रतिशत) र सामाजिक क्षेत्रका सार्वजनिक संस्थानको अनुपात सबैभन्दा कम (०.०६ प्रतिशत) रहेको छ । व्यापारिक क्षेत्रमा पनि नेपाल आयल निगमको हिस्सा सबैभन्दा बढी देखिएको छ ।

आ.व. २०७५/७६मा सार्वजनिक संस्थानको राजस्वमा योगदान उल्लेखनीय रहेको छ । नेपाल सरकारको सञ्चित कोषमा सार्वजनिक संस्थानबाट आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, लाभांश, ब्याजकर, रोयल्टी र अन्य गरी कर तथा गैरकरबाट जम्मा रू. १ खर्ब १९ अर्ब ३९ करोड ७८ लाख राजस्व प्राप्त भएको थियो । यो रकम अघिल्लो आर्थिक वर्षको तुलनामा २६.९३ प्रतिशतले वृद्धि भएको हो । सार्वजनिक संस्थानबाट प्राप्त भएको कूल राजस्वमा व्यापारिक क्षेत्रका संस्थानको योगदान सबैभन्दा बढी ५७.२० प्रतिशत रहेको छ भने सामाजिक क्षेत्रका संस्थानको योगदान सबैभन्दा कम ०.१९ प्रतिशत रहेको छ । नेपाल सरकारको कूल कर राजस्वमा संस्थानको योगदान १५.७३ प्रतिशत पुगेको छ ।

आयकर (प्रत्यक्ष कर) को मात्र विश्लेषण गर्ने हो भने आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकारले सार्वजनिक संस्थानबाट अघिल्लो आर्थिक वर्षको तुलनामा २७.८४ प्रतिशतले वृद्धि भई कूल रू. १७ अर्ब ५७ करोड २७ लाख आयकर प्राप्त गरेको छ । आयकरमा वित्तीय क्षेत्रका सार्वजनिक संस्थानले सबैभन्दा बढी रू. ६ अर्ब ९४ करोड ३० लाख (३९ प्रतिशत) र औद्योगिक क्षेत्रका संस्थानले सबैभन्दा कम रू. १ करोड ७२ लाख (०.१० प्रतिशत) योगदान गरेका छन् । नेपाल सरकारको कूल आयकरमा भने आर्थिक वर्ष २०७५/७६ मा सार्वजनिक संस्थानको योगदान ९.०४ प्रतिशत रहेको छ । यसरी विभिन्न वित्तीय सूचकहरूमा वार्षिक र क्षेत्रगत रूपमा भएको परिवर्तन विश्लेषण गर्दा संस्थानको अवस्था सुधारात्मक नै देखिन्छ । तथापि, निरन्तर घाटामा रहेका, व्यावसायिक रूपमा असक्षम तथा बन्द रहेका केही संस्थानको सुधार गर्ने वा निजीक्षेत्रको साझेदारीमा सञ्चालन गर्ने भन्ने विषयमा अध्ययन गरी निर्णय लिनु अत्यावश्यक देखिन्छ ।

**३. संस्थान सञ्चालनको दृष्टिकोणमा विविधता**

नेपालमा सञ्चालित संस्थानमा कानुनी, संरचनागत, कार्यगत तथा व्यावसायिक विविधता देखिएका छन् । संस्थान एकै ऐन बमोजिम स्थापना नभई विभिन्न ऐन बमोजिम स्थापना भई सञ्चालनमा रहेका छन् । यसले गर्दा ती संस्थानहरूको सञ्चालक समितिको संरचना, अन्य कानुन बनाउने तथा सेवा सुविधा निर्धारण गर्ने प्रक्रियामा फरक फरक व्यवस्था रहेका छन् । संस्थानको नियमनकारी निकाय पनि नेपाल सरकारको विभिन्न मन्त्रालय रहेको हुँदा तिनको सञ्चालनको विधि तथा प्रकृति फरक फरक रहेको छ ।

सार्वजनिक संस्थान औद्योगिक, जनोपयोगी, व्यापारिक, वित्तीय, सामाजिक तथा सेवा क्षेत्रअन्तर्गत स्थापना भएका छन् । यसले गर्दा ती संस्थानको कार्यशैली र आय आर्जन तथा सेवा प्रवाहको प्रक्रिया फरक फरक रहेको छ । औद्योगिक, वित्तीय तथा व्यापारिक क्षेत्र अन्तर्गतका संस्थानले निजी उद्योगसँग प्रतिस्पर्धा गर्दै नाफा आर्जन गर्नुपर्ने अवस्था छ भने जनोपयोगी, सेवा तथा सामाजिक क्षेत्रअन्तर्गतका संस्थानले जनताको हितलाई सर्वोपरी मानी नाफाभन्दा जनहित तर्फ विशेष ध्यान दिई कार्य गर्नु परेको छ । कतिपय संस्थानले सरकारको तर्फबाट एकाधिकार प्राप्त गरी वस्तु तथा सेवा बिक्री वितरण गरी नाफा आर्जन गरिरहेका छन् भने कतिपय संस्थानले सरकारका तर्फबाट जनताका हितका लागि नाफाभन्दा पनि सेवा प्रवाहमा जोड दिई कार्य गरिरहेका छन् ।

कार्यगत क्षेत्र, एकाधिकार तथा बजार प्रतिस्पर्धाबमोजिम कतिपय संस्थान नाफामा सञ्चालनमा छन् भने कतिपय संस्थानहरू घाटामा सञ्चालनमा छन् । कतिपय संस्थान आफ्नो आयबाट कर्मचारीलाई तलब समेत दिन नसकी सरकारसँग ऋण लिनुपर्ने अवस्थामा छन् । यसकारण ती संस्थानले आफ्ना कर्मचारीलाई प्रदान गर्ने सेवा सुविधा समेत फरक फरक छ । नेपाल टेलिकम, विद्युत प्राधिकरणजस्ता संस्थान अन्तर्राष्ट्रियस्तरका छन् जसले अन्तर्राष्ट्रिय क्षेत्रमा वस्तु तथा सेवाको व्यापार गर्दछन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, नेपाल टेलिकम जस्ता संस्थानले प्राकृतिक प्रकोप तथा विपत्तीका कारण उत्पादनदेखि आपूर्तिका शृंखला अवरूद्ध भएको अवस्थामा सरकारको तर्फबाट जनतालाई वस्तु तथा सेवाको आपूर्तिमा निरन्तरता रूपमा गरी जनताको हितलाई सर्वोपरी राखी कार्य गर्दछन् ।

सरकारको नीतिगत अस्थिरताले गर्दा पनि संस्थान सञ्चालनमा विविधता देखिएको छ । वि. सं. २०४८ मा निजीकरणको अवधारणासँगै सरकारले संस्थानमा लगानी

घटाउँदै निजीक्षेत्र आकर्षित गर्दै लैजाने नीति लिईयो । यसले गर्दा कतिपय संस्थान खारेज भए भने कतिपय संस्थान निजीकरण गरिए । त्यसपछि पुनः वि.सं. २०६२ पछि सार्वजनिक संस्थानमा सरकारको संलग्नता आवश्यक देखी सरकारको संलग्नता बढाउँदै लगियो । हाल पुनः संस्थानमा निजी क्षेत्रलाई संलग्न गराउँदै निजीक्षेत्रको परिपूरकको रूपमा संस्थान सञ्चालन गर्नुपर्ने धारणा अगाडि आएको छ । यसरी विभिन्न समयमा परिवर्तन हुने सरकारी नीति तथा धारणाले संस्थान सञ्चालनमा नीतिगत स्थिरताको अभाव छ । नीतिगत परिवर्तनसँगै आफूलाई परिवर्तन गराउँदै लैजानुपर्ने बाध्यतामा संस्थानहरू रहेका छन् ।

**४. संस्थानको नियमन संयन्त्र**

हाल नेपालका सार्वजनिक संस्थानहरू सञ्चालन र ब्यबस्थापनमा विषयगत मन्त्रालयहरूको महत्वपूर्ण भूमिका रहन्छ । संस्थानको सञ्चालक समितिको संरचना र मन्त्रालयगत निर्देशनको विविधताको कारण सञ्चालन र मव्यवस्थापनमा केही समस्याहरू रहेका छन् । नेपालको संविधान बमोजिम नेपाल सरकारको ५० प्रतिशतभन्दा बढी स्वामित्व भएका संस्थानहरूमा कर्मचारी भर्नाको कार्य हाल लोक सेवा आयोगबाट हुँदै आएको छ । संगठन संरचना विषयगत मन्त्रालयले स्वीकृत गर्ने तथा आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको सहमति अनिवार्य गरिएको छ । साथै सार्वजनिक खरिद लगायतका नीतिगत विषयमा अर्थ मन्त्रालय र विषयगत मन्त्रालयको निर्देशन हुने गर्दछ ।

संस्थान स्थापनाको उद्देश्य र स्वायत्तताको विषय पनि बारम्वार चर्चामा रहन्छ । तर नेपालका संस्थानहरूको वर्तमान अवस्थाको विश्लेषण गर्दा निर्णय क्षमताको अभाब, स्वार्थ प्रेरित निर्णय गर्ने प्रबृत्ति र निर्णयको उत्तरदायित्वबाट पन्छिने प्रबृत्तिको कारण नियामकको भूमिकामा बढोत्तरी भएको अनुभूति भएको छ जुन यथार्थ हो । यसलाई सबल र एकद्धार प्रणालीमा केन्द्रित गर्न नेपाल सरकारले संस्थान सञ्चालन र व्यवस्थापनका लागि छाता ऐन ल्याउने गृहकार्यमा जुटेको छ ।

**५. निजीकृत संस्थानहरुको वर्तमान अवस्था**

राज्यले अवलम्बन गरेको खुला बजार अर्थनीति अनुसार सार्वजनिक संस्थानमा सरकारको लगानीलैजाने नीतिअनुरूप ३० संस्थान निजीकरण गरिसकिएको छ ।संस्थानको निजीकरण भएपछि संस्थानको कार्यक्षमतामा वृद्धि हुने, कार्यसम्पादन प्रभावकारी र चुस्त हुने,संस्थानको उत्पादन र सेवा प्रवाहमा गुणात्मक वृद्धि हुने अपेक्षा गरिएको थियो । तर, अपेक्षित रूपमा निजीकृत संस्थानमा सुधार आउन सकेन । यद्यपि संस्थानको कार्यकुशलता, वित्तीय दक्षता, सेवा प्रवाह क्षमता र उद्यमशीलतावृद्धि गर्नका लागि बन्द भएका, निरन्तर घाटामा रहेका संस्थानलाई निजीक्षेत्रको सहभागितामा सञ्चालन गर्ने तथा एकै प्रकृतिका वस्तु तथा सेवा प्रवाह गर्ने संस्थानलाई गाभ्नेलगायतका सार्वजनिक संस्थान सुधारका प्रयासहरू निरन्तर रूपमा भइरहेका छन् ।

नेपालमा हालसम्म विनिवेश गरिएका ३० सार्वजनिक संस्थानमध्ये निजीकरण ऐनबमोजिम १२ संस्थान खारेज भएका छन् । निजीकरणऐनमा उल्लेख भएबमोजिम व्यवसाय बिक्री, सम्पत्ति बिक्री, शेयर विनिवेश, लिजलगायतका विभिन्न माध्यमबाट १८ संस्थान पूर्ण वा आंशिक निजीकरण गरिएकोमा हाल १२ संस्थान मात्र सञ्चालनमा रहेका छन् । सञ्चालनमा रहेका संस्थानमध्ये पनि ९ नाफामा र ३ घाटामा सञ्चालित छन् ।

संस्थानको निजीकरण गरिएको भएता पनि पूर्ण रूपमा सरकारी स्वामित्व हटिसकेको छैन । कुनै संस्थानमा सरकारको शेयर बाँकी छ भने कुनै संस्थान व्यवस्थापन करार मार्फत सञ्चालित छन् । कतिपय खारेज भएका संस्थानमा पनि नेपाल सरकारको शेयर तथा ऋण र सोको व्याज अझै लिन बाँकी रहेको छ भने बेरूजु समेत फर्छ्यौट हुन सकेको छैन । ती संस्थानका नियमनकारी निकाय कुन हुन् वा कसले समन्वय गरिरहेको छ भन्ने समेत स्पष्ट छैन । त्यसले गर्दा नेपाल सरकारको सम्पत्तिको उचित उपयोग हुन सकेको छैन ।

**६ संस्थान सञ्चालनमा देखिएका समस्याहरु**

संस्थानको समग्र अवस्था सुधारोन्मुख देखिएता पनि संस्थानलाई बेग्लावेग्लै राखी अध्ययन गर्ने होभने धेरै संस्थानको अवस्था आशालाग्दो छैन । पछिल्ला वर्षमा केही संस्थानको सञ्चालन आय र खुद नाफा बढ्दै गए पनि कतिपय संस्थानको कारोबार तथा आर्थिक अवस्था कमजोर नै रहेको छ । गैरव्यावसायिक कार्यशैली, उच्च लागत,सरकारसँगको परनिर्भरता र निर्णय प्रक्रियामा ढिलाईलगायतका कारणले संस्थानको सञ्चालन र व्यवस्थापन थप चुनौतीपूर्ण बन्दै गएको छ । संस्थानको सञ्चालन र व्यवस्थापनमा देखिएका प्रमुख समस्याहरू देहायबमोजिम रहेका छन् :

(क) निजीक्षेत्रको तुलनामा संस्थानले कारोबार गर्ने वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि र बजार विस्तार हुन सकेको छैन ।

(ख) संस्थानका अधिकांश कर्मचारीको कार्यक्षमता (Work efficiency) र उत्पादकत्व (Productivity) प्रतिस्पर्धी बजारको तुलनामा कमजोर रहेको छ । संस्थाको हितभन्दा पनि व्यक्तिगत हितलाई ध्यानमा राखी काम गर्ने सोच बढ्दै गएको छ ।

(ग) संस्थानमा कोषमा व्यवस्था नगरिएको दायित्व (Unfunded liability) अस्वाभाविक रूपमा बढ्दै गएको छ जसले गर्दा वित्तीय अपारदर्शिता बढेको छ ।

(घ) कतिपय संस्थानमा दैनिक प्रशासनिक खर्च र तलबभत्ता जस्ता अनिवार्य दायित्वका विषयमा पनि संस्थानको आयले धान्न नसक्ने र सो प्रयोजनका लागि पनि सरकारको भर पर्नुपर्ने अवस्था छ ।

(ङ) ठूला नाफा गर्ने संस्थानलगायतले समेत सरकारबाट लगानी भएको ऋणको साँवा तथा सोको ब्याज लामो समयसम्म पनि फिर्ता नगरी दिन प्रतिदिन ऋणको दायित्व बढाउँदै लगेको अवस्था छ । साथै, सरकारसँगको ऋण तथा शेयरको हिसाब समेत अद्यावधिक हुन सकेको छैन ।

(च) कतिपय संस्थानको निरन्तरको घाटा तथा बन्द अवस्थाले गर्दा संस्थानमाथि वित्तीय जोखिम र सरकारमाथि आर्थिक भार बढ्दै गएको छ ।

(छ) निजीकरण भएका अधिकांश संस्थानको आर्थिक अवस्था निजीकरण गर्दाको अवस्थाको भन्दा कमजोर हुँदै गएको छ र कतिपय बन्द अवस्थामा छन् भने कतिपय घाटामा सञ्चालित छन् ।

**७. संस्थान सञ्चालनको भावी मार्गचित्र**

संविधानप्रदत्तमौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, आवधिक योजनातथा सरकारका वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि सार्वजनिक संस्थानको सान्दर्भिकता अझै पनि छ । प्राकृतिक विपत्तीको समयमा तथा निजीक्षेत्र असक्षम तथा अनिच्छुक रहेको अवस्थामा सार्वजनिक संस्थान राज्यका नीति तथा कार्यक्रमबमोजिम कार्य गरी समाजप्रतिको दायित्व पूरा गरेको उदाहरण प्रशस्त पाइन्छ । कोरोना प्रकोपको समयमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीले खाद्यान्नको आपूर्तिमा र नेपाल टेलिकमले सूचना प्रवाहको क्षेत्रमा अग्रस्थानमा रहेर कार्य गरेको उदाहरण स्पष्ट छ । आगामी दिनमा संस्थान प्रतिष्पर्धि तथा प्रभावकारी रूपमा सञ्चालन गर्न सरकारले स्पष्ट नीति लिनुका साथै संस्थानले पनि आफूलाई सक्षम र सबल बनाउँदै लैजानु पर्ने देखिन्छ । आगामी दिनमा संस्थानको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धमा प्रमुख सवालहरू देहायअनुसार रहेका छन् ।

(क) हाल सञ्चालनमा रहेका संस्थानमध्ये लगातार घाटामा गएका संस्थान सञ्चालन गर्ने वा नगर्ने, निजीक्षेत्रको लगानी सबल भएको क्षेत्रअन्तर्गतका संस्थान सञ्चालन गर्ने वा नगर्ने, उस्तै प्रकृतिका वस्तु तथा सेवा प्रवाह गर्ने संस्थान सञ्चालन गर्ने वा नगर्ने तथा बन्द अवस्थामा रहेका संस्थानको व्यवस्थापन वा पुनः सञ्चालन गर्ने वा नगर्ने जस्ता विषयमा सरकारले स्पष्ट धारणा बनाई अगाडि बढ्नु पर्दछ । त्यसका लागि सञ्चालनमा रहेका संस्थानको स्थिति अध्ययन गरी सरकारले सञ्चालन गर्नुपर्ने, विनिवेश गर्नुपर्ने, सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्नुपर्ने, पूर्णरूपमा निजी क्षेत्रलाई सञ्चालन गर्न दिने तथा खारेज गर्नुपर्ने संस्थान वर्गिकरण गरी सोहीबमोजिम व्यवस्थापन गर्नुपर्दछ ।

(ख) सरकार परिवर्तन वा समय परिवर्तनसँगै संस्थान सञ्चालनको मोडालिटी परिवर्तन हुनु हुँदैन । कस्ता कस्ता संस्थान सरकारले आफैं सञ्चालन गर्ने, कस्ता संस्थान निजीक्षेत्रको सहभागितामा सञ्चालन गर्ने, कस्तो संस्थानमा सरकारले लगानी नगर्नेभन्ने दीर्घकालीन नीति बनाई अगाडि बढ्नु पर्दछ । हालको अवस्थामा संस्थान निजीक्षेत्रसँग प्रतिष्पर्धि होइन परिपूरकको रूपमा सञ्चालन हुनु पर्दछ ।

(ग) निजीक्षेत्रले लगानी गर्न नसक्ने तर राज्यको आवश्यकताभित्र पर्ने वस्तु तथा सेवा प्रवाहमा संस्थानलाई सीमित गरिनु पर्दछ । विद्युत उत्पादन तथा वितरण, खानेपानी आपूर्ति, पेट्रोलियम पदार्थको आयात तथा आपूर्ति, खाद्यान्न आपूर्तिजस्ता क्षेत्रमा निजीक्षेत्रको लगानी पर्याप्त र नियमित नहुने हुँदा उक्त वस्तु तथा सेवाको आपूर्तिका लागि संस्थान संलग्न हुनु आवश्यक छ ।

(घ) हाल सञ्चालनमा रहेको संस्थान कम्पनी ऐनलगायतका भिन्न भिन्न ऐनबाट सञ्चालित छन् । संस्थान सञ्चालन र व्यवस्थापनमा एकरूपमा ल्याउन एकीकृत कानुन निर्माण गरी अनुगमन तथा मूल्यांकनको भरपर्दो संयन्त्र बनाउन आवश्यक छ ।

(ङ) संस्थानको आवश्यकता, सान्दर्भिकता र कार्यप्रकृतिका आधारमा संस्थानको पुनर्संरचना गरी समान उद्देश्य तथा एकै प्रकृतिका कार्य गर्ने विभिन्न संस्थानलाई एकापसमा गाभ्ने (Merger), गाभिने (Acquisition) तथा ठूला संस्थानलाई कार्य विशिष्टिकरणका लागि छुट्याउने (Unbundling) नीतिको कार्यान्वयन गर्नु आवश्यक छ ।

(च) संस्थान सञ्चालनका लागि नेपाल सरकारको तर्फबाट तालुक मन्त्रालय भिन्न भिन्न रहेका छन् । प्रत्येक तालुक मन्त्रालयले समन्वय गरी संस्थानको कार्यसम्पादनका लागि एकै प्रकारको न्यूनतम मापदण्ड र संस्थानको वित्तीय अवस्था, कार्यसम्पादनको स्तर र कार्य विशिष्टीकरणको आधारमा थप अलग अलग मापदण्ड तोकी संस्थान संस्थान सञ्चालन गर्नु पर्दछ । साथै, प्रत्येक वर्ष कार्यसम्पादन सम्झौता गर्ने र अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाई सोको नतिजाको आधारमा प्रमुखको नियुक्तिले निरन्तरता पाउने वा नपाउने समेतको निर्णय गर्ने व्यवस्था गर्नु आवश्यक छ ।

(छ) संस्थानमा विविध कारणले गर्दा कर्मचारीको संख्या अधिक रहेको छ । संस्थानको व्यावसायिक योजना र कार्यबोझको आधारमा कर्मचारीको संख्या तय गर्नु आवश्यक छ । प्रत्येक कर्मचारीले सम्पादन गर्नुपर्ने कामको स्पष्ट विवरण र कार्यसूचकहरूको निर्माण गरी संस्थानको कार्यसम्पादनलाई कर्मचारीको वृत्ति विकाससँग आबद्ध गर्ने नीति अवलम्बन गर्नुपर्छ ।

(ज) सरकारले संस्थानको व्यावसायिक योजनाका आधारमा आर्थिक र वित्तीय सम्भाब्यता देखिएका संस्थानमा लगानी गर्ने नीति लिनु आवश्यक छ ।

(झ) अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गर्दै जानु पर्ने क्षेत्रमा कार्यरत संस्थानमा पर्याप्त पुँजी र नवीनतम प्रविधिमार्फत प्रतिस्पर्धी बनाउन रणनीतिक साझेदार भित्र्याउने नीति लिनुपर्छ ।

(ञ) निजीकरण गरिएका संस्थान सम्झौता विवादका कारण सञ्चालन हुन नसकेको भएमा विवाद समाधान गरी सञ्चालनमा ल्याउनु पर्दछ । निजीकरण गर्दाका अवस्थामा गरिएका सम्झौतामा भएका प्रावधान कार्यान्वयन भए नभएको विषयमा सम्बन्धित निकायबाट नियमित अनगुमन गरेर सम्झौताको पूर्णपालना गर्नु गराउनपर्दछ ।

(ट) संस्थानमा ट्रेड युनियनको भूमिका पेशागत हक हित, सामाजिक संवाद र सामूहिक सौदाबाजीलगायत संस्थागत सुशासन कायम गर्ने र समग्र कार्यसम्पादनमा सुधार गर्ने कार्यमासमेत केन्द्रित गर्नु आवश्यक छ ।

## ७. निश्कर्ष

नेपालमा झण्डै ८० वर्षको इतिहास बोकेको सार्वजनिक संस्थानलाई सरकारले आफ्ना नीति तथा कार्यक्रममा सघाउने संयन्त्र र निजीक्षेत्रको प्रतिस्पर्धी नभई परिपूरक निकायको रूपमा अगाडि बढाउनु आवश्यक छ । संस्थानको वित्तीय अवस्था तथा कार्यसञ्चालनको स्थितिलाई विश्लेषण गरी कुन विधि तथा प्रक्रियाबाट सञ्चालन गर्ने हो सोको तय गर्नु जरूरी भइसकेको छ । सार्वजनिक संस्थानमा सरकारले लगानी गर्ने मात्र हैन ती संस्थानलाई कार्यगत रूपमा सक्षम र वित्तीय रूपमा सबल बनाउन समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ । संस्थानले पनि आफ्ना जनशक्ति तथा अन्य स्रोतहरूलाई समयसापेक्ष प्रतिष्पर्धि र अधिकतम उपयोगी बनाउँदै संस्था रहे हामी रहन्छौ भन्ने भावनाका साथ संस्थानलाई अगाडि बढाउनु आवश्यक छ । ■

*लेखक अर्थ मन्त्रालयका सहसचिव हुनुहुन्छ ।*



ADBL
SMART BANKING
तपाईंको खाताको जानकारी तथा सुविधाको
लागि साथमा छ हरपल तपाई हाम्रो ADBL
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क" वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA


ADBL
ONLINE ACCOUNT
० मौज्दातमा खाता खोल्न सकिने
अनलाइनबाटै रकम जम्मा गर्न सकिने
घरमै बसीबसी कारोवार गर्न सकिने
देश विदेश जहाँबाट पनि कारोवर गर्न सकिने
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

# कृषि विकास बैंक र हाम्रो कृषि

■ जलनकुमार शर्मा

**पृष्ठभूमि**

माघ ७, २०२४ सालमा स्थापना भएको कृषि वकास बैंक हाल आफ्नो ५४ औं वार्षिकोत्सव मनाउँदै छ । यो एउटा गर्वकै विषय हो । विगतको इतिहास र वर्तमानको यस बैंकको क्रियाशीलता हेर्दा यसले हाम्रो देशको कृषि क्षेत्रमा ऋण प्रवाह गर्नेदेखि लिएर नयाँ सोचसहित विभिन्न कार्यमहरू सञ्चालन गर्नमा उल्लेखनीय योगदान पुऱ्याएको छ ।

स्थापना हुँदा यो बैंकको आफ्नो छुट्टै ऐन थियो । विकास बैंकको नाताले कृषि क्षेत्रमा संस्थागत एवं व्यक्तिगत रूपमा दुवै क्षेत्रमा ऋण प्रवाह गर्नु उद्देश्य थियो । पछि कार्य गर्दै जाँदा नयाँ र नौला कामहरू पनि थपिँदै गए । साधन/स्रोत जुटाउन एसियाली विकास बैंकदेखि लिएर अरू अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग ऋण र प्राविधिक सहयोग लिने क्रम बढेर गयो । आ.व. २०३२।०३३ मा गरिबी निवारण गर्ने उद्देश्य राखेर साना किसान विकास कार्यत्रमको थालनी व्यापक रूपमा भएर गयो । आ.व. २०२८/०२९ देखि ५ वर्षका लागि त्यस बेलाको सहकारीको व्यवस्थापन पनि यस बैंकले लियो । २०३० साल बचत संस्थानलाई यस बैंकमा गाभ्ने काम पनि भएको हो । क्रमशः देशभरि नै साना-ठूला कृषि ऋण प्रवाह गर्ने कार्य यस बैंकले गर्न थाल्यो र हाल पनि गर्दैछ । अहिले पनि मुलुकमा भएका २७ वटा वाणिज्य बैंकहरूमध्ये आफ्नो ऋण पोर्टफोलियोमा झण्डै ३३ प्रतिशत कृषि ऋण प्रवाह गरेर अग्रस्थानमा रहेको देखाएकै छ ।

कृषि ऋण किसानहरूलाई सहज, सुगम र सस्तोमा उपलब्ध गराउनु पर्दछ भन्ने आवाज अहिले पनि छ । निश्चय पनि कृषि उपज/उत्पादन वृद्धि गर्न कृषि ऋणको आवश्यकता पर्दछ । किसान वा कृषि उद्यमीलाई स्रोत र साधनको आवश्यकता पर्दछ । कृषि विकास बैंकले आफ्नो भूमिका खेलेको देखिन्छ । वर्तमानमा मुलुकको कृषिको अवस्था कस्तो छ ? के हाम्रो देशमा हाम्रो कृषि क्षेत्रको आवश्यकता धान/चामल, मकै लगायत दलहन, तेलहन, फलफुल, तरकारी, मासुजन्य उत्पादन, दुध तथा दुग्ध पदार्थ आदिमा हामी आफैंलाई पुग्ने उत्पादन आजको मितिसम्म आइपुग्दा, पुऱ्याउने स्थितिमा छौं त ? गम्भीर भएर सोच्ने बेला आएको छ । धेरै शीर्षकमा हाम्रो उपलब्धि उत्पादनजनक देखिएका छन् तर वर्षभरि पुग्ने गरी उत्पादन गर्न सकेका छैनौं । भनौं, हुन सकिरहेको छैन । कृषिमा उत्पादन र उत्पादकत्व बढाउनु, भएको उत्पादनको उचित बजारीकरण गर्नु, कृषि सामग्रीहरू जस्तै बिउ, मल, सिंचाइ आदिको नियमित आपूर्ति हुनु, यान्त्रीकरणमा व्यापकता ल्याउनु, उत्पादनको गुणस्तर कायम राखिनुका साथै प्राविधिक सेवा एवं कृषि बिमाको व्यवस्था सँगसँगै कृषि व्यवसाय यो पेसा हो भनेर लाग्ने ठूलो युवा जमातको संलग्नता आवश्यक छ । साथै, कृषिमा काम गर्ने नयाँ सोच र शैलीको पनि आवश्यकता छ । ऋण उपलब्ध हुनु एउटा पाटो हो भने प्रदान भएको ऋण र किसान/उद्यमशील किसानहरूको स्वलागत मिलाउँदा उत्पादकत्व बढेर नै जानुपर्ने स्थिति बनाउन ढिला गर्नु हुँदैन ।

कृषि विकास बैंक लगायत हाल देशभरि कृषिमा ऋण प्रवाह गर्ने नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकहरू, वित्तीय संस्थाहरू एवं लघु कर्जा प्रदायक प्रशस्त इकाईहरू खडा भएका छन् । देशैंभरि अब करिब करिब सबै स्थानीय तहमा बैंक शाखाहरू पुगेका छन् । सहकारी संस्थाहरूबाट पनि देशैभरि कृषिमा लगानी हुँदै आएको छ । साना किसान कृषि सहकारीहरूको सञ्जाल झन् कृषि क्षेत्रमा लगानइ गर्न एउटा सशक्त संस्थागत ढाँचामा उभिएको छ । प्रत्येक संस्थाको र इकाईहरूको आफ्नो आफ्नो भूमिका छ । सबै प्रयासहरू अब देशको कृषिको रूपान्तरणमा परिचालित हुनु आवश्यक छ ।

यस लेखमा खासगरी कृषि विकास बैंकको कृषि ऋण प्रवाहमा हालको भूमिका, आउने दिनमा केही नीतिगत परिवर्तन र पछिल्ला ६ महिनामा देशका केही प्रबुद्ध नेतृत्व वर्गले कृषिको विकासमा राखेको आफ्ना विचारहरू पनि संक्षेपमा केलाउने प्रयास गरिएको छ । सबै दलका वा नेतृत्वमा रहेका व्यक्तिहरूको आफ्नो दृष्टिकोण हुन्छ । ती सबैलाई विवेचना गर्नु पर्दछ । राजनीतिक वृत्तमा कृषिको विकासको कुरा हुनु एकदम महत्वपूर्ण छ । कृषिबाट क्रमशः जनसंख्यालाई सेवा वा उद्योगतर्फ लैजान राजनीतिक दलको भूमिका महत्वपूर्ण हुने भएकाले यहाँ तीन जना व्यक्तिहरूको विचार राखिएको छ । यी विचारहरूले धेरै हदसम्म कृषिलाई जोड दिएको छ । यी विचारहरूको कार्यान्वयनमा पनि कृषि विकास बैंकको भूमिकालाई जोडेर हेर्दा एउटा प्रष्ट तस्बिर बन्नु पर्दछ । अतः विगतका गौरवशाली पृष्ठभूमिलाई मध्यनजर गर्दै आउँदा दिनहरूमा कृषि विकास बैंकबाट किसानहरूले धेरै कार्य गर्न सक्ने अपेक्षा राखिएको छ ।

**कृषि विकास बैंकको वर्तमान अवस्था**

वाणिज्य बैंक हुँदाहुँदै पनि अहिले मुलुकभरि सबैभन्दा धेरै सञ्जाल अर्थात् शाखा कार्यालय भएको बैंक कृषि विकास बैंक नै हो । ७७ वटै जिल्लाभरि यसको पहुँच छ । अर्थात् यस बैंकको कार्यक्षेत्रभित्र देशभरिका सम्पूर्ण घरधुरी समेटिएको छ । यसको अर्थ बैंकसँग कारोवार गर्न सबै जनाले चाहेमा गर्न सक्दछन् । हाल २८० वटा जति शाखा कार्यालयहरू कार्यरत छन् । कृषि विकास बैंकले पछिल्लो तथ्यांकअनुसार झण्डै रू. १ खर्ब ३१ अर्बको ऋण पोर्टफोलियोमा कृषि ऋणतर्फको अनुपात झण्डै ३४ प्रतिशत हुनु आफैंमा महत्वपूर्ण छ । अरू वाणिज्य बैंकहरूको तुलनामा यो अनुपात ठूलो हो । सायद कृषि क्षेत्रमा लामो अनुभव भएर पनि लगानी बढी भएको हुन सक्दछ ।

कृषि विकास बैंकभित्र झण्डै २६५० भन्दा बढी कर्मचारीको दरबन्दी छ । यो संख्या पनि नेपालको परिप्रेक्ष्यमा ठूलो संख्या हो । एक समय यस बैंकमा ५००० भन्दा बढी जनशक्ति कार्यरत थिए । तर त्यस बेला कृषि विकास बैंकको संरचनामा तीन तह (क्षेत्र) थियो । वाणिज्य बैंकिङ्, विकास बैंकिङ् र साना किसान विकास कार्यक्रम अन्तर्गत लघुकर्जाको कारोवार । हाल यी तीन तह नभई एउटै वाणिज्य बैंकिङ्मै कार्य गर्ने व्यवस्था छ । जसमा विकास बैंकतर्फ हुँदै गरेका कार्य र साना तथा मझौला ऋणतर्फ पनि कार्य भइरहेको छ । छुट्टै कार्यालयको संरचना नभएको हुँदा कर्मचारीहरूको संख्या पहिलेभन्दा कम भएको तर अहिले पनि ठूलै रहेको छ ।

जनशक्तिहरूलाई समयसापेक्ष तालिम दिएर समयानुकूल बनाउने कार्य कृषि विकास बैंकले विगत लामो समयदेखि गर्दै आएको हो । पहिले पनि तत्कालीन पाँच विकास क्षेत्रको अवधारणा अनुसार पाँचैवटा क्षेत्रमा आधुनिक आवासीय तालिम केन्द्रहरू रहेको र काठमाडौं उपत्यकामा एउटा केन्द्रीय तालिम प्रतिष्ठान रहेको छ । यो सबै मिलाउँदा ६ वटा तालिम केन्द्र हुनु ठूलो कुरा हो । यसले जनशत्तिको समयअनुसार क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । आफ्ना जनशक्तिहरूलाई नियमित आवश्यकता अनुसार तालिम दिनु र अन्य निकायहरूलाई पनि उनीहरूको तालिम, गोष्ठी, सभा आदि शैक्षिक, बौद्धिक कार्य गर्दा उपलब्ध भौतिक संरचनालाई प्रयोग गर्न दिनु पनि यस बैंकको आफ्नो विशिष्ट कार्यशैली हो । अग्रगामी हुनलाई अरूको भन्दा व्यापक र दूरदृष्टि राख्ने क्रममा यो बैंकको कार्यशैली राम्रो रहेको छ । शाखा कार्यालय धेरै हुनु, जनशक्तिको आकार पनि ठूलो हुनु, भएका जनशक्तिलाई चुस्त र समयानुकूल तालिम आदिका माध्यमबाट ज्ञान र सिप दिइराख्नाले पनि कृषि क्षेत्रमा लगानी उत्साहजनक देखिएको हो । भविष्यमा कृषि क्षेत्रमा अझ प्रशस्त ऋण प्रवाह एवं आधुनिक बैंकिङ् सञ्जाल व्यापक रुपमा ग्रामीण क्षेत्रलाई समेटेर अगाडि बढ्नुपर्ने कृषि विकास बैंकको चुनौती छँदैछ ।

**कृषिमा केही नेतृत्ववर्गको पछिल्ला अवधारणाहरु**

कृषि विकास बैंक र यसले कृषि क्षेत्रमा गरेको लगानी र यसको तथ्यांकले मात्र धेरै उपलब्धि हुन सक्दैन । देशमा रहेका विभिन्न दलहरूको दृष्टिकोण र उनीहरूले लिएको नीति र कृषि क्षेत्रमा पुर्‍याएको र पुर्‍याउन सक्ने विचार र धारणाको पनि महत्व हुन्छ । ऋण प्रदान गर्नु एउटा मात्र पाटो हो । कृषिसँग जोडिएका अरू धेरै पक्ष हुन्छन्, जसलाई माथि पनि उल्लेख गरिएको छ । यस लेखमा तीन जना व्यक्तित्वको नेपालको विकासको सन्दर्भमा कृषि क्षेत्रलाई उहाँहरूले कसरी हेर्नुभएको छ, उहाँहरूको दृष्टिकोण राख्ने प्रयास गरिएको छ । कहाँ कहाँ, के के गर्नुपर्ने, कति गर्न सकिने, कति गर्न नसकिने आदि पक्ष पनि प्रष्ट हुने हुन्छ ।

**(क) पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई**

गत मंसिर २०७७ मा डा. बाबुराम भट्टराईद्वारा लिखित 'अर्थ-राजनीतिक विमर्श' नामक सांग्रिला बुक्सले प्रकाशन गरेको पुस्तक बजारमा आएको छ । यस पुस्तकमा कृषिको विकासबारे लेखकले आफ्नो महत्वपूर्ण

धारणा राख्नुभएको छ । पुस्तकमा (पृ. ८८-८९) "गत २०१८ मा निजले प्रसिद्ध अर्थशास्त्री एवं नोवेल पुरस्कार विजेता कोलम्बिया विश्वविद्यालयमा प्राध्यापनरत जोसेफ स्टिगलिट्जसँग अमेरिकामा आफ्नो भेटमा विकास गर्दा कुन क्षेत्रमा प्राथमिकता दिनुपर्ला" भनेर सोध्दा, "नेपाल निर्वाहमुखी कृषिप्रधान अर्थतन्त्रबाट भर्खरै औद्योगिक अर्थतन्त्रमा रूपान्तरणको क्रममा भएको हुनाले यो चरणमा नेपालले मुख्य रूपमा कृषिको उत्पादकत्व बढाउने र कृषिको आधुनिकीकरणमा नै मुख्य जोड गर्नुपर्छ," भन्नेमा उनको जोड थियो । त्यस्तै "कृषिको आधुनिकीकरण र वैज्ञानिकीकरणको निम्ति दक्ष जनशक्ति अनिवार्य हुन्छ । त्यसैले कृषि क्षेत्रको रूपान्तरण सँगसँगै शिक्षा र प्रविधिको विकासलाई पनि जोडेर लानुपर्छ," भन्ने उनको भनाइलाई डा. भट्टराई महत्वपूर्ण ठान्दछन् ।

सोही पुस्तकको पृष्ठ २०१ मा बाबुराम भट्टराई लेख्छन्, "परम्परागत कृषि क्षेत्रमा दुई तिहाई श्रमशक्ति अल्झाइराखेर कुनै पनि देश समृद्ध बन्नै सक्दैन । किनकि स्वभावैले कृषि क्षेत्रको उत्पादकत्व गैह्र-कृषि उद्योग र सेवा क्षेत्रको भन्दा निकै कम हुन्छ । त्यसैले विकसित देशहरूमा कृषि श्रमशक्तिको अनुपात १-२ प्रतिशत मात्रै हुन्छ । हामीले पनि औद्योगिक क्रान्तिको आधार तयार गर्न सुरुमा कृषि क्षेत्रको आमूल रूपान्तरण गरेर अतिरिक्त श्रमशक्ति उद्योग तथा सेवा क्षेत्रमा स्थानान्तरण गर्ने कृषि क्षेत्रको पुँजी सञ्जय कृषिजन्य उद्योगहरूमा लगानी गर्ने र कृषिको मेसिनीकरण गरेर उद्योग क्षेत्रको निम्ति बजार विस्तार गर्ने नीति लिनुपर्दछ ।" "हामीसँग हावापानी र जैविक विविधतासँगै स्थायी पानीको स्रोत पनि प्रचुर रहेकाले अन्य मूल्यका कृषिजन्य पदार्थमा विश्वमै तुलनात्मक लाभ लिन सक्ने प्रचुर सम्भावना छ ।"

यसरी परम्परागत खेतीमा ठूलो श्रमशक्ति राख्न नहुने, उत्पादकत्व पनि कम रहेकाले मेसिनहरूको प्रयोगमा जोड दिनुपर्ने लेख्छन् । जैविक विविधताले र पानीको स्थायी स्रोत धेरै भएकाले उच्च मूल्यका कृषिजन्य पदार्थमा जोड दिएर तुलनात्मक लाभ लिन सक्नुपर्ने भन्छन् । यी विचारहरू ठिक छन् र गर्न पनि सकिन्छ । तर गर्न के गर्ने ? एउटा ऋण प्रवाह गर्ने संस्था कहाँ जोडिन जान्छ, हेर्नु अत्यन्तै जरूरी छ ।

कृषिमा आश्रित जनसंख्याबारे डा. भट्टराई अझ लेख्छन्, "हामीले क्रमशः कृषिमा आश्रित जनसंख्या दुई तिहाईबाट १५/२० प्रतिशतमा झार्न सक्नुपर्छ । उद्योगमा लागेका जनशक्ति १२ प्रतिशतबाट कमसेकम ३०/३५ प्रतिशतमा पु"याउन सक्नुपर्छ । र, सेवा क्षेत्रमा लागेका जनसंख्यालाई ४५/५० प्रतिशत पुऱ्याउनु पर्दछ । त्यसरी मात्रै दिगो प्रकारको आर्थिक विकास र समृद्धि हुन सक्दछ" (पृ. २०४) । कृषिको जनसंख्या क्रमशः घटाउँदै लैजानु पर्दछ । त्यसमा दुई राय नै छैन । तर घटाउनका लागि अरू गैह्र कृषि क्षेत्रमा ठूलो कार्य राष्ट्रले गर्नु पर्दछ । साथै, एउटा समय निर्धारण पनि गर्नु ठिक हुन सक्दछ । कृषि विकास बैंक लगायत अरू बैंकहरूले आधुनिक कृषि कार्यतर्फ आफ्नो स्रोत र साधन बढी केन्द्रित गर्नुपर्ने देखिन्छ ।

(ख) **रामचन्द्र पौडेल, वरिष्ठ नेता, नेपाली कांग्रेस**)

रामचन्द्र पौडेल नेपाली कांग्रेसका वरिष्ठ नेता हुन् । आजभन्दा झण्डै २६-२७ वर्षअगाडि कृषि मन्त्रीको जिम्मेवारी पनि बोकेका र लामो समयसम्म विभिन्न मन्त्रालयको जिम्मेवारी संहालेका व्यक्ति हुन् । कृषिमा उनको विचार मूलतः ग्रामीण क्षेत्रमा अवस्थित किसान लक्षित पनि देखिन्छ । गत भदौ २३, २०७७ को कान्तिपुर दैनिकमा 'हाम्रो विकासको उपयुक्त मोडल' शीर्षक राखेर उनको एउटा लामो लेख प्रकाशित भएको छ ।

लेखमा उनी लेख्छन्, "कसैले अपुरो भने पनि अधुरो भने पनि मैले देखेको नेपालको दिगो विकास र समृद्धिको आधार भनेको कृषि क्रान्ति, पर्यटनको विस्तार र जलशक्तिको विकास नै हो ।" कृषिमा क्रान्तिको कुरा यहाँ गरिएको छ । सँगसँगै पर्यटन र जलशक्तिलाई पनि उनले महत्वपूर्ण मानेका छन् । तर प्रधानतः उनको विचार कृषिमा नै क्रान्ति ल्याउनुपर्ने भन्ने छ । कृषिको विकासको कुरा गर्दा उनी बढी ग्रामीणमुखी देखिन्छन् । ग्रामीण स्तरमा नै कृषिको विकास गर्नुपर्नेमा उनी जोड दिन्छन् । सोही लेखमा उनी लेख्छन्, "मैले कृषि क्रान्ति त्यसै भनिरहेको छैन । राष्ट्रको ग्रामीण जीवनमा आमूल परिवर्तन नभएसम्म, किसान, कृषक महिला, भूमिहिन किसान सबैलाई सामाजिक र राजनीतिक चेतना जगाउने आधुनिक प्रविधिसँग अभ्यस्त नगराएसम्म राष्ट्रको दिगो र खँदिलो विकास सम्भवै छैन ।" "यी सबै समस्यालाई सम्बोधन गर्ने गाउँमुखी अर्थनीति र जनमुखी राजनीतिले नै हो ।" यसरी पौडेल गाउँलाई नै बढी विकासमा जोड दिन्छन्, जहाँ अहिलेसम्म मूलतः कृषि पेसाकै बाहुल्यता छ ।

मुलुकको वर्तमान स्थितिको यथार्थलाई चित्रण गर्दै उनी उक्त लेखमा लेख्छन्, "केही दशक अघिसम्म खाद्यान्न निर्यात गर्ने हाम्रो मुलुकले अहिले चामल, दाल र तरकारी समेत आयात गर्दा झण्डै आधा खर्ब रूपैयाँ विदेशिने गरेको छ । धान-चामल निर्यात कम्पनी बन्द भएको धेरै समय भएको छैन । अझ हामीले उन्नति

गरेको भनेर धाकधक्कु लगाउने ? खाद्य सम्प्रभुताको रटान मात्रै लगाउने कि, त्यतातिर ध्यान पनि दिने ? कृषि क्रान्तिबाट अन्नबाली, फलफुल, तरकारी, दलहन, चिया, कफी, अदुवा, लसुन, प्याज, मसला, माछा, मासु आदि आपूर्तिमा हामी आत्मनिर्भर बन्नु पर्दछ ।" कृषि क्षेत्रमा आत्मनिर्भर बन्ने धारणा र विचार राख्नु धेरै सकारात्मक कुरा हो । रोजगारीबाट आय वृद्धि गर्नेतर्फ उनी भन्छन्, "गाउँ-गाउँमै रोजगारी र आम्दानीको अवसर सिर्जना गर्नु, गाउँ-गाउँमै रोजगारी र आम्दानीका लागि कृषि क्रान्ति र पर्यटनको विस्तार नै मुख्य आधार हुन् ।"

आधुनिकीकरण र व्यावसायीकरणबारे अगाडि चर्चा गर्दै पौडेल विचार यसरी राख्छन्, "कृषिको व्यावसायीकरणका लागि जब आधुनिक प्रविधि, यान्त्रीकरण र बजारीकरणतिर कृषिलाई उन्मुख गराउँछौं, हाम्रै गाउँघरमा पर्याप्त रोजगारी सिर्जना हुन सक्दछ । कफी, सुन्तला, स्याउ, अदुवा, अलैंची जस्ता कृषि उपज र यार्चागुम्बु, पाँचऔंले, केशर लगायतका जडीबुटीको उत्पादन बढाई निर्यात गर्न सक्दछौं ।" निर्यात गर्नेतर्फ पनि उनी प्रशस्त सम्भावना रहेको देख्दछन् । जग्गा विकास वा चक्लाबन्दी गर्नुपर्ने कुरातर्फ इंगित गर्दै लेख्छन्, "हिमाल, पहाड, तराई-मधेस यत्रतत्र हामीसँग थरीथरीका जमीन छन् । व्यावसायिक कृषि गर्न चाहनेलाई कृषिबाली अनुसारको जमीन राज्यले लिजमा लिएर हुन्छ वा जे गरेर भए पनि उपलब्ध गराउने । त्यो जमीनलाई चाहिने पानी, मल, बिउ, प्रविधि, विज्ञ सहयोग र पुँजी लगानी उपलब्ध गराउने र सुरक्षा दिने, बिमा आदि व्यवस्था मिलाइदिने ।" यसरी कृषिको विकासका लागि आवश्यक पर्ने सहयोग जुटाउनुपर्ने र ती सबका लागि लगानी आवश्यक पर्ने भन्दछन् । कृषि विकास बैंक लगायत अन्य वित्तीय संस्थाहरूले पनि कृषिको विभिन्न क्षेत्रको विकासमा सहकार्य गर्न सक्ने प्रशस्त ठाउँ देखा पर्दछ ।

एकजना वरिष्ठ नेतृत्वले कृषिको विकासमा मुलुकको सम्पन्नता निर्भर छ भन्ने दृष्टिकोण राख्नु निकै सकारात्मक पक्ष हो ।

(ग) **घनश्याम भुसाल, नेकपा (पूर्वमन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय)**

घनश्याम भुसाल झण्डै १३ महिना जति कृषि तथा पशुपन्छी विकास मन्त्री भएर यसै वर्षको पौषको दोस्रो साता पदबाट राजीनामा दिएर बाहिर निस्केका छन् । निजले १३ महिनासम्म मन्त्रालयको जिम्मेवारी संहालेपछि मन्त्रीको नाताले उनले किसान र कृषिको हितमा गर्न खोजेका केही कुराका बारेमा चर्चा गर्नु सान्दर्भिक हुनेछ । कृषिको विकासको कुरा सिद्धान्तमा मात्र गरेर हुँदैन । व्यवहारमा कस्ता नीतिहरू कार्यान्वयन गर्ने त्यो महत्वपूर्ण हुन्छ । निजको अग्रसरतामा उनी मन्त्री हुँदा ल्याएका केही नीतिहरू र दृष्टिकोणहरूका बारेमा केही दिन अगाडि उनी मन्त्री हुँदा एउटा अन्तर्वार्ता (न्यू विजनेस एज, अक्टोबर-नोभेम्बर २०२० को अंकमा दिएको अन्तर्वार्ताको अनुवादित अंश आर्थिक अभियान, मंसिर ३, २०७७ मा प्रकाशित) आएको छ । उनको त्यही अन्तर्वार्तामा आएका विचार र नीतिलाई यहाँ चर्चा गरिँदैछ ।

उक्त अन्तर्वार्तामा भुसाल भन्दछन्- "देशको कूल गार्हस्थ्य उत्पादनको २७ प्रतिशत योगदान रहेको कृषि पेसा संकटका बेला साथ दिइरहेको क्षेत्र हो । यो संरक्षण गर्नुपर्ने क्षेत्र पनि हो । कृषि कर्म सबैभन्दा दुःख हुने काम हो । यसमा बचत पनि असाध्यै कम हुने गरेको छ । यान्त्रीकरणले गाह्रो कामलाई सजिलो त बनाउँछ, तर कृषिमा क्रान्तिकारी परिवर्तनका लागि यसैबाट न्यूनतम बचत हुन्छ भन्ने प्रत्याभूति किसानलाई दिन सक्नु पर्दछ । संरक्षित कृषि, सुनिश्चित बचतमार्फत् हामीले गर्न खोजेको पनि यस्तै हो ।"

यी विचारहरूले मोटामोटी कृषि क्षेत्रको वर्तमानमा अर्थतन्त्रमा रहेको हिस्सेदारी, किसानहरूको कठिनाइ, यान्त्रीकरणको सीमितता, कृषि पेसाबाट पनि बचत गर्न सम्भव छ भन्ने किसानहरूर्ला अनुभूति दिलाउने कुराहरू उल्लेख गरेको देखिन्छ । यी अहं विषयहरूलाई सम्बोधन गर्न निजले पाँचवटा नीतिगत आधारहरू तयार गरेको विषय अन्तर्वार्तामा उल्लेख गरेका छन् । ती हुन्- "पहिलो, उत्पादन सामग्रीमा अनुदान । यसमा व्यक्तिगत प्रतिस्पर्धात्मक अनुदानको साटो सबैले पाउने गरी बिउ र नश्ल, मल, सिंचाइ, बिजुली जस्ता उत्पादनका मुख्य सामग्रीमा अनुदान केन्द्रित गरिने छ । दोस्रो, सबै किसानको घरदैलोमा प्राविधिक सेवा पुऱ्याइने छ । तेस्रो, हरेक किसानलाई ५ प्रतिशतमा नबढ्ने गरी सस्तो ब्याजमा सुलभ ऋणको पहुँच ग्यारेन्टी गरिने छ । चौथो, प्राकृतिक प्रकोप र अन्य भवितव्यबाट हुने बाली र पशुपन्छीको क्षतिबाट किसानलाई बचाउन बाली तथा पशुपन्छी बिमालाई व्यापक बनाइने छ । पाँचौं, किसानले उत्पादन गर्ने मुख्य बालीको उत्पादन लागतको मूल्यांकन गरेर उचित बचतको ग्यारेन्टी हुने गरी न्यूनतम समर्थन मूल्य तोकिने छ र बजारमा न्यूनतम मूल्य पनि नपाए सरकार आफैंले खरिद गर्ने व्यवस्था गर्ने छ ।"

यी माथि लेखिएका निज मन्त्रीमै कायम भइरहेको र कमसेकम यो चालु आ.व. को अन्तसम्म कार्यान्वयन भएको भए, कस्तो परिणाम आयो भनेर मूल्यांकन गर्न

सकिन्थ्यो । तर स्थिति त्यो रहेन । तर मन्त्रालयमा निज हुँदाको बखतमा बनेका नीति अर्को बजेट नआउन्जेलसम्म कार्यान्वयनमा हुन सक्ने अनुमान गर्न सकिन्छ ।

भुसालले लिएका नीतिगत र किसानलाई सहयोग गर्न अनुदानसहितको मल, बिउ, सिंचाइ, बिजुली आदिको कुरा ठिक छ । तर सबैले पाउँछन् कि पाउँदैनन्, फेरि चाहिएको बेला उपलब्ध हुन्छ कि हुँदैन, त्यो हेर्नुपर्छ । सबै किसानको घरदैलोमा प्राविधिक सेवा पुऱ्याउने कुरा छ । यो अहं कुरा हो । परम्परागतभन्दा आधुनिक कृषि प्रणालीमा जानै पर्दछ । किसानलाई प्राविधिक सेवा दिने कुरा ठिक हो । कार्यान्वयन पक्ष बलियो चाहिन्छ । यस्तै सबै किसानलाई ५ प्रतिशतमा नबढ्ने गरी सस्तो ब्याजमा सुलभ ऋणको ग्यारेन्टी गर्ने कुरा छ । सिद्धान्तमा ठिक देखिए पनि सबै किसानलाई अहिले नै पुऱ्याउन सकिने संरचना छ कि छैन, हेर्नुपर्ने स्थिति छ । बैंक, वित्तीय संस्थाहरू एवं सहकारी संस्थाहरूले पनि व्यापक रूपमा कृषि ऋण प्रवाह गर्छन्, त्यसलाई ५ प्रतिशतमा नबढाई प्रत्येक किसानलाई उपलब्ध गराउने कुरा चुनौतीपूर्ण हुन्छ । बाली र पशुपन्छी बिमाको कुरो यो क्रमिक रूपमा बढ्दै जाने हो । किसानले उत्पादन गर्ने मुख्य बालीको उत्पादन लागत हिसाब गरी न्यूनतम समर्थन मूल्य तोकिने, बजारमा बिक्री नभए सरकारले त्यस मूल्यमा खरिद गरिदिने । सिद्धान्तमा यो ठिक छ, यसमा पनि राम्रो तयारी आवश्यक छ ।

भुसालले बनाएका नीतिगत विषयलाई सक्षमता तथा दृढताका आधारमा कार्यान्वयन गर्न सकेमा निश्चय पनि केही सकारात्मक परिणाम आउन सक्ने ठाउँ देखिन्छ । तर मन्त्री फेरिएपछि ती बनेका नीति कति हदसम्म लागू हुन्छन्, हेर्नुपर्ने हुन्छ ।

यसरी तीन जना विभिन्न दलका आबद्ध नेतृत्वले हाम्रो कृषिलाई बुझेको, गम्भीरता देखाएको र केही ठोस कार्यक्रम लागू गर्न खोजेको पनि देखिन्छ ।

**कृषि विकास बैंकले लिन सक्ने सम्भावित थप पहलहरु**

कृषि क्षेत्रमा लामो समयदेखि कृषि विकास बैंकले काम गरेको अनुभवले अहिले पनि अग्रपंक्तिमा नै रहेको छ । कृषिको विकासमा धेरै कुरा सम्मिश्रण भएपछि उत्पादन र उत्पादकत्व बढाउने काम प्रमुख हुन्छ । मूलतः बैंक तथा वित्तीय संस्थाहरूले ऋण प्रवाह गर्ने हुन् । सबै ऋण एकै प्रकारका हुँदैनन् । छोटो, मध्यम र दीर्घ अवधिका लागि ऋण प्रवाह गर्नुपर्ने हुन्छ । कृषिमा व्यावसायिकता, यान्त्रीकरण, आधुनिकीकरण भएर नाफामूलक हुने दिसामा कार्य गर्ने पर्दछ । निर्वाहमुखी कृषि र त्यसका लागि वित्तीय पहुँच पुऱ्याई राख्ने नीतिले कृषिमा हामीले खोजेको रूपान्तरण गर्न सकिँदैन । फेरि कृषि विकास बैंकले अरू २६ वटा वाणिज्य बैंकहरूसँग पनि प्रतिस्पर्धा गरी नै रहनुपर्दछ । त्यसै अरू बैंकहरू पनि प्रतिस्र्धाका लागि खडा छन् । चुस्त, फुर्तिलो र विश्वसनीय सेवा प्रदान गर्नु बैंकको लक्ष्य रहनु स्वाभाविक हो । समयअनुसार साना र मझौला आकारका ऋण माग्नेलाई बैंक आफैंले गर्दै आएको काम सँगसँगै साना किसान विकास बैंक लघु वित्त वित्तीय संस्थासँग आबद्ध रहेका साना किसान कृषि सहकारी संस्थाहरूको ठूलो सञ्जालमा आबद्ध किसानहरूलाई लक्षित कार्यगत धारणा बनाउन सकिन्छ । ग्रामीण तहमा निर्मित उक्त सञ्जालबाट हुन सक्ने कार्य उनीहरूले गर्ने, उनीहरूले नगर्ने ठाउँमा कृषि विकास बैंक आफैंले गर्ने । स्रोतको बाँडफाँडको चाँजो मिलाउन सकेमा आन्तरिक पुँजीले नै साना र मध्यम तहमा लगानी बढाउन सकिने देखिन्छ ।

त्यस्तै कृषि ऋणलाई ध्यानमा राखेर तराई तथा पहाडका २/२ जिल्लामा एकीकृत प्रवाह पार्ने गरी पनि सघन कार्यक्रम सञ्चालन गर्ने सोच बन्नु जरूरी छ । यसरी काम गर्द अरू जिल्लाहरूलाई अनुकरणीय हुन सकोस् । नेपालको हाम्रो विविधता, आवश्यकता, साधन र स्रोतको उपलब्धताको पहिचान हामीले गर्ने हो । नयाँ तरिका र पद्धतिको खोज र विकास पनि हामीले नै गर्नुपर्दछ । कृषि विकास बैंकको अहिले पनि नयाँ सोचबाट कार्य गर्ने क्षमतामा किसानहरू विश्वस्त हुन सक्दछन् ।

तेस्रो अनुसन्धानमा जोड दिनुपर्ने आवश्यकता छ । कुन कुन क्षेत्रमा मुलुकको सम्भावना छ, त्यसलाई हेर्ने, अध्ययन गर्ने, विश्वसनीय तथ्यांक संकलन गर्ने र अनुसन्धान गरी कृषिको कुन क्षेत्रमा लगानी गर्दा किसानलाई फाइदा हुने, बजारसम्मको पहुँच राम्रो हुने र निर्यात पनि गर्न सकिने क्षेत्र पहिचान गर्नु आवश्यक छ । अरूले गरिदेला भनेर पर्खनुभन्दा केही आफूले सुरू गर्ने र केही अनुसन्धानका काम विश्वसनीय फर्म वा परामर्शदातृ निकायबाट गर्न लगाउने । धेरै ठूलो स्केलमा होइन । अनुसन्धान खर्चिलो हुन्छ भन्ने हाम्रो आम धारणा छ । यो खर्च नभएर लगानी हो भन्ने धारणामा जानु जरूरी छ । यसमा कृषि विकास बैंकको अग्रसरताको खाँचो छ । कृषि ऋणमा झञ्झट हुन्छ । साना साना आकारका ऋण हुन्छन् । सञ्चालन खर्च बढी हुन्छ भन्ने आम धारणा रहेको छ । केही हदसम्म कुरा ठिक हुन सक्दछ तर कृषिमा सघन रूपमा मुलुकले ऋण लगायत अरू आवश्यक विषयहरूमा ध्यान पुऱ्याउन सकेन भने आयातमा नै भर पर्नुपर्ने हुन्छ । युवाका लागि देश बाहिर नै रोजगारीको सम्भावना देख्ने

हालको स्थितिले दीर्घकालमा मुलुकलाई फाइदा गर्दैन । देशमा नै प्रशस्त सम्भावना र अवसरहरू छन् भनी सबैले बुझ्नुपर्ने बेला आएको छ । एउटा इतिहास बोकेको कृषि विकास बैंकले आफ्नो तहबाट अझ बढी देखिने गरी कृषिको क्षेत्रको विकासमा नयाँ नयाँ सोचहरूसहित कार्यक्रम अगाडि बढाउनुपर्ने आवश्यकता छ ।

**अन्तमा,**

देशमा ५० वर्ष पूरा गरेका तीन वाणिज्य बैंकहरूमध्ये कृषि विकास बैंक एक हो । कृषिको क्षेत्रमा विगतदेखि नै नवीन सोचका साथ धेरै शीर्षकहरू ऋण प्रवाह गर्नेदेखि साना र ठूला किसानलाई लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेकोले सम्भवतः सबैले अरू बैंकहरूभन्दा बढी सुनेको र जानेको बैंक यही नै हो ।

ठूलो सञ्जाल भएको, भौतिक पूर्वाधार पनि राम्रो रहेको, जनशक्ति पनि ठूलो भएको र पछिल्ला केही वर्ष यतादेखि धेरै नाफा आर्जन गर्ने र शेयरधनीहरूलाई आकर्षक एवं उच्च लाभांश दिने बैंकहरूमध्ये अग्रपंक्तिमा रहँदै आएकाले पनि वित्तीय व्यवस्थापनमा बैंक सचेत रहेको देखिन्छ ।

बैंकका सुरूका २० वर्ष नयाँ नयाँ सोच र प्रयोग गर्नमा अभ्यस्तरत थियो । त्यस बेलामा सायद अरू धेरै कृषि क्षेत्रमा ऋण लगानी गर्ने संस्थाहरू नभएकाले पनि यस बैंकलाई कार्य गर्न सहज थियो । गरिबी निवारण गर्ने उद्देश्यले सञ्चालित साना किसान विकास कार्यक्रम क्रमशः विभिन्न चरणहरू पार गर्दै अहिले देशभरि नै सशक्त रूपमा यसको उपस्थिति छ । यस कार्यक्रमलाई यहाँसम्म ल्याई पुऱ्याउनमा कृषि विकास बैंकको बिर्सन नसकिने योगदान छ । अहिले पनि साना किसान विकास, लघुवित्त वित्तीय संस्थामा यस बैंकको झण्डै २२ प्रतिशत शेयर लगानी रहेको छ । यो संस्थासँगै थप सहकार्य गर्ने सोच बन्न सकेमा दीर्घकालमा देशलाई बढी फाइदा पुग्न जाने हुन्छ ।

तीन जना नेतृत्व वर्गको विचार हेर्दा सबैले नै कृषिमा जोड दिएको देखिन्छ । कृषि क्रान्तिको कुरा भएको छ । सस्तो र सहज ऋणको कुरा भएको छ । यान्त्रीकरण, बजारीकरण र आधुनिकीकरणमा सबैंको जोड छ । कृषिमा आश्रित हाल झण्डै दुई तिहाई जनसंख्यालाई १५/२० प्रतिशतमा झार्नुपर्ने विचार छन् । गाउँमुखी कृषिमा जोडको कुरा छ । राज्यले प्रमुख उपजमा न्यूनतम खरिद मूल्य राखेर खरिद गर्नुपर्ने सोच छ । कृषि सामग्रीहरूमा अनुदानसहित सस्तो ब्याजमा सबै किसानलाई ऋण उपलब्ध गराउनुपर्ने विचारहरू आएका छन् । यी विचारहरू खराब छैनन् । युवाहरूलाई लक्षित गरी कार्यक्रममा जोड दिने विषयहरू पनि महत्वपूर्ण छन् ।

राजनीतिक दलहरूमा कृषिमा जोड दिनुपर्नेमा कुनै दुविधा छैन । कृषि विकास बैंकले विगत ५३ वर्षदेखि कृषि ऋण प्रवाह गर्दै आएको हो । सरकारी स्वामित्वमा रहेर पनि कृषिको विकासमा यस बैंकले खेल्ने भूमिका अझ सुदृढ हुँदै, किसानहरूको सहज पहुँचभित्र स्तरीय र भरपर्दो सेवा दिन अझ बढी सक्षम होस् भनी शुभकामना पनि दिनु मेरो कर्तब्य ठान्दछु । ■

*लेखक कृषि विकास बैंक लि. पूर्वमहाप्रबन्धक हुनुहुन्छ ।*

# सार्वजनिक संस्थानमा रणनीतिक व्यवस्थापनका मुद्दाहरू



दामोदर रेग्मी

राज्यले सेवा प्रवाहको निमित्त सरकारी संरचनाभित्रै व्यापारिक कार्यशैली, दक्षता, उत्पादकत्व क्षमता भएको र विज्ञतायुक्त संरचनामार्फत् जनतालाई आवश्यक पर्ने सेवा सुविधाको वितरण गर्ने व्यवस्था मिलाएको हुन्छ । यस्ता संस्थाहरूले नै खासगरी जनसरोकारका दिनदिनै उपभोग्य वस्तुहरूको आपूर्ति संरचनालाई सहज बनाएका हुन्छन् । सरकारको यस्तो संरचनालाई एजेन्सीकरण, सार्वजनिक संस्थान, राज्य नियन्त्रित संस्थानहरू आदि नामले चिनिने गर्दछ । सरकारी संरचना खासगरी निजामति प्रशासन बढी प्रक्रियामुखी हुने र बजार संयन्त्रका आरोह अवरोहसँग नियमित रूपमा जुध्ने क्षमता नहुने हुनाले सरकारी संरचनाभित्र सार्वजनिक संस्थान व्यापारिक व्यावसायिकता र प्रतिस्पर्धाको सरलतायुक्त संरचनाको रूपमा स्थापना गरिएका हुन्छन् । सेवा प्रवाहमा सरकारको उपस्थितिसहितको व्यावसायिकता र अर्ध बजारीकरणको मान्यतामा यस्ता संरचनाहरू कार्यरत रहेका हुन्छन् ।

द्वितीय विश्वयुद्धपछि आर्थिक गतिविधिलाई निरन्तरता दिँदै लोक कल्याणकारी राज्यको स्थापना र प्रबर्द्धन, आर्थिक र सामाजिक विकासको प्रक्रियालाई तिव्रता दिने उद्देश्यका साथ सार्वजनिक संस्थानहरूको स्थापना हुने क्रम सुरू भएको हो । जुन आवश्यकताका प्राथमिक विषयहरू बजारसँग सम्बन्धित हुने तर बजार संयन्त्रमा निजामति प्रशासनको कर्मचारीतन्त्रीय उपस्थिति प्रभावकारी नहुने, नियम प्रक्रियाका शृङ्खलाहरू अवरोधले समयमै आपूर्ति व्यवस्थापन नहुने कारणले सरकारी संस्थानको स्थापना गर्नुपरेको हो । यसर्थ सरकारी (Public) र संस्थान (Enterprises) दुई शब्दले सरकार पनि लोक कल्याणकारी भावनाकै बीच व्यवसायी पनि हुनुपर्ने अवधारणाको सन्दर्भमा सरकारी संस्थाहरू स्थापना हुन पुगेका हुन् ।

सरकारी संस्थानको स्थापनाको मूल अवधारणा व्यवसायमा सरकार (Government in Business), जन सरोकारका विषयमा दक्ष रहन स्वीकार (Capable Government in Daily People's Consumption/affairs) हो । यस कार्यका लागि संस्थानहरूलाई उत्पादन, वितरण, आपूर्ति, निर्माण बिक्री जस्ता अधिकार र ती अधिकारको प्रयोगमा स्वायत्तता प्रदान गर्ने गरिन्छ ।

**सार्वजनिक संस्थानका विशेषता**

(क) व्यवसायमा सरकार
(ख) जनसरोकारका दैनिकी विषयमा दक्ष सरकार
(ग) व्यावसायिक फैलावट
(घ) स्वायत्तता
(ङ) विज्ञता
(च) बजार संयन्त्रमा प्रतिस्पर्धा गर्ने क्षमता
(छ) आपूर्तिको सहजकर्ता
(ज) बजार एकाधिकारको नियन्त्रण
(झ) उपभोक्ता हितको संरक्षण
(ञ) नव प्रवर्तन

**क्षेत्रगत आधारमा सार्वजनिक संस्थान**

१. औद्योगिक क्षेत्र
२. व्यापारिक क्षेत्र
३. सेवा क्षेत्र
४. सामाजिक क्षेत्र
५. जनउपयोगी क्षेत्र
६. वित्तीय क्षेत्र

**सार्वजनिक संस्थानको उत्तरदायित्व**

१. वस्तु र सेवाको सामयिक आपूर्तिको प्रत्याभूति
२. सुपथ मूल्य र सहज रूपमा वस्तु र सेवाको उपलब्धताको आपूर्ति
३. सामाजिक उत्तरदायित्व

४. वित्तीय सुशासन
५. जवाफदेहिता

**डिस्ट्रिब्युटिभ गभर्नेन्सको अवधारणा र सार्वजनिक संस्थान**

- शासकीय संयन्त्रमा बहुसहकर्ताहरूको उपस्थितिको सन्दर्भमा डिस्ट्रिब्युटिभ गभर्नेन्सको अवधारणाको विकास ।
- क्षेत्रगत विज्ञता र विशिष्टताको आधारमा कार्यक्षेत्रको विनियोजन ।
- लोककल्याणकारी र सहजकर्ता राज्यका रूपमा सरकारी निकायहरूको संलग्नता तथा व्यावसायिकता, गुणस्तरता र स्वयत्तता आवश्यक पर्ने क्षेत्रहरूमा सरकारी संरचनाभित्रै वा बाह्य रूपमा अन्य बहु संस्थाहरूको स्थापना गर्नुपर्ने अपरिहार्यता ।
- व्यावसायिकताको आधारमा सेवाको गुणस्तरताको प्रत्याभूति सार्वजनिक संस्थानको मूल ध्येय हुनु आवश्यक हुन्छ ।

**बदलिँदो शासकीय परिपाटीमा सार्वजनिक संस्थान**

- सुशासनको अवधारणा
- जनता वा सेवाग्राही नै पहिलो प्राथमिकताका विषय हुन् भन्ने अवधारणा
- विकेन्द्रीकरणको प्रयोग र यसमा सामयिक परिमार्जनको लहर
- Ministerial Portfolio को कार्यलाई खण्डीकरण गरी Core र Non Core Job मा सहकर्ताहरूको कित्ता विभाजन
- जनताको निकटतम दूरीमा रहेको निकायले मात्र प्रभावकारी, सहज र सुलभ सेवा उपलब्ध गराउन सक्दछ भन्ने परिपूरण सिद्धान्तको अवधारणा अनुरूप सार्वजनिक संस्थानको रणनीतिक व्यवस्थापन

**सेवाग्राहीको चाहना र सार्वजनिक संस्थान**

- सेवाग्राहीमा नयाँ स्वादको चाहना
- प्रक्रियाको सरलीकरण गरी शीघ्र सेवा प्रवाहको अवधारणाको विकास
- प्रक्रियाभन्दा परिणाममा जोड
- सेवा प्राप्ति गर्दाको लागत र प्राप्त सेवाको गुणस्तरमा सामन्जस्यता हुनुपर्ने
- सेवा प्राप्तिका प्रक्रिया सकभर कम हुनुपर्ने र सबै प्रक्रियाहरू परदर्शी हुनुपर्ने
- प्रत्यक्ष जवाफदेहिता
- सेवा प्रवाहका यी आयामहरूमा सार्वजनिक संस्थानको प्रखर उपस्थिति

**एजेन्सीकरणको अवधारणामा सार्वजनिक संस्थान**

सरकार जनताबीचको सम्बन्ध भनेको सेवा आपूर्तिकर्ता र सेवा उपभोगकर्ता बीचको सम्बन्ध हो । सरकार जनता प्रति सबै प्रकारका सेवा प्रवाहमा समर्पित स्थायी संयन्त्र हो । सरकारले प्रवाह गर्ने गुणस्तर वा लागत अनुसारको गुणस्तरको आधारमा नै सरकार र जनताको सम्बन्धको दूरी पहिचान हुने गर्दछ । तर सरकारमा जनताले चाहने सबै सेवालाई उच्च गुणस्तरमा, कम समय र लागतमा जनतालाई शीघ्रातीशीघ्र उपलब्ध गराउने क्षमता हुँदैन । यसर्थ सरकारले विभिन्न संयन्त्रहरूमार्फत् यस्ता सेवाहरू उपलब्ध गराउने गर्दछ । यसका लागि सरकारले कतै नयाँ संस्थाको स्थापनाद्वारा, कतै विशेष कानुनको स्थापनद्वारा, कतै कार्यक्षेत्रमा स्वायत्तता दिएर आफैं वा आफ्ना प्रतिनिधिद्वारा सेवाको उपलब्धता गराउने गर्दछ । यसलाई नै एजेन्सीकरण भन्ने गरिन्छ । सार्वजनिक संस्थानहरूको रणनीतिक पक्ष यस आयामबाट समेत सकारात्मक रूपमा प्रभावित हुनु आवश्यक हुन्छ ।

**एजेन्सीकरणका रुप**

क) **सरकारको आफ्नै प्रत्यक्ष संलग्नताः** जनताको प्राथमिक आवश्यकतासँग सम्बन्धित विषयहरूमा सरकारको प्रत्यक्ष संलग्नता रहने गर्दछ । शिक्षा, स्वास्थ्य, नागरिकता, सुरक्षा जस्ता विषयहरू । यसमा बजेट, नीति निर्माण सबै सरकारकै अधिकार क्षेत्रभित्र पर्दछ ।

ख) **स्वायत्त संस्थाहरूको निर्माणः** सरकारको मूल नीति नियमको अधीनमा रहेर बजेट, आन्तरिक कार्य सञ्चालनका विधि निर्माण र व्यवस्थापनमा समेत अधिकार रहने गरी सरकारले स्वायत्त संस्थाहरू स्थापना गर्न सक्दछ ।

ग) **विशेष कानुनको निर्माणद्वारा स्वायत्त संस्थाहरूको निर्माण** : सार्वजनिक संस्थानहरू, विकास समितिहरू

**एजेन्सीकरणका तरिका**

- कामको स्वरूपको आधारमा भिन्न संस्थाहरूको सिर्जना
- कामको विज्ञताको आधारमा भिन्न संस्थाहरूको सिर्जना
- कानुनी स्वायत्तताको आधारमा भिन्न संस्थाहरूको सिर्जना
- कानुनी र बजेट स्वायत्तताको आधारमा भिन्न संस्थाहरूको सिर्जना
- कानुनी बजेट र कार्य स्वायत्तताको आधारमा भिन्न संस्थाहरूको सिर्जना

**नेपालमा एजेन्सीकरणको प्रयोगमा आएका क्लस्टरहरु**

**क्लस्टर एकः**

- सार्वजनिक संस्थानः यस अन्तर्गत विभिन्न क्षेत्रगत ऐन, कानुन बमोजिम सार्वजनिक संस्थानहरू कार्यरत रहेका छन् । सार्वजनिक संस्थानका लागि संचालक समिति अधिकारयुक्त हुने गर्दछ ।

**क्लस्टर दुईः**

- प्राधिकरणहरू : यस अन्तर्गत विशेष दायित्वका निकायहरू रहेका छन् : नेपाल विद्युत प्राधिकरण, नेपाल दूरसंचार प्रधिकरण, काठमाडौं उपत्यका विकास प्राधिकरण आदि ।

**क्लस्टर तीनः**

- कम्पनीहरूः टेलिकम, बिमा, कृषि सामग्री आदि

**क्लस्टर चारः**

- बोर्डहरू : लगानी बोर्ड, पर्यटन बोर्ड, सरकारी बोर्ड, उपत्यका खानेपानी बोर्ड आदि

**क्लस्टर पाँचः**

- विकास समितिः संस्कृति सम्बन्धी समितिहरू (जस्तैः पाथिभरा क्षेत्र विकास समिति लगायतका ९ वटा विकास समितिहरू), पर्यटन सम्बन्धी समितिहरू (जस्तैः तारा गाउँ विकास समिति लगायतका १४ वटा विकास समिति), यस्तै प्रकारका अन्य विकास समितिहरू ।

**क्लस्टर छः**

कोष : पशुपति क्षेत्र विकास कोष, लुम्बिनी क्षेत्र विकास कोष, गरिबी निवारण कोष, नगर विकास कोष आदि ।

**मानव पुँजीको रणनीतिक व्यवस्थापन महत्वपूर्ण अपरिहार्य पक्ष**

मानव संशाधन व्यवस्थापन सार्वजनिक प्रशासनको अति महत्वपूर्ण व्यवस्थापकीय आयाम हो । उद्देश्यसहितको कुनै निश्चित कार्य निश्चित विधिपूर्वक सम्पादन गरी अपेक्षित उपलब्धि हासिल गर्न विविध स्रोतको आवश्यकता पर्दछ । यसमध्ये मानवस्रोत एउटा महत्वपूर्ण स्रोत हो । यसलाई मानवशक्ति र श्रमशक्ति र जनशक्ति पनि भन्ने गरिन्छ । मानवशक्ति र श्रमशक्तिले अन्य साधनस्रोतहरू पुँजी, प्रविधि, प्रक्रिया, वस्तु र सूचनाको उपयोग र प्रभावकारितामा अभिवृद्धि ल्याउन सक्ने संवेदनाले युक्त महत्वपूर्ण स्रोत हो । यसैले यसको व्यवस्थापन पनि अति नै महत्वपूर्ण मान्ने गरिन्छ । मुलुकको समग्र विकासका लागि मानव साधन सधैं महत्वपूर्ण, आवश्यकीय र प्रभावकारी संयन्त्रको रूपमा रहने गर्दछ । मानव संशाधनको महत्व राष्ट्रको सर्वाङ्गीण विकासको दृष्टिले साधन र साध्य दुवै आयामबाट महत्वपूर्ण मानिन्छ । साधनको रूपमा यसको परिचालनबिना विकास निर्माण कार्य सम्भव हुँदैन भने साध्यको रूपमा मानव संशाधनको विकास नै राष्ट्रिय विकासको अन्तिम लक्ष्य हो । सार्वजनिक संस्थानको मानवस्रोत व्यवस्थापन पनि यसै अवधारणबाट परिलक्षित हुनु आवश्यक हुन्छ ।

राष्ट्रिय विकासको लक्ष्य हासिल गर्नका लागि सार्वजनिक क्षेत्रमा पनि मानव स्रोतको योजना, विकास, सम्बर्द्धन र समुचित उपयोग अनिवार्य छ । मानव संशाधन आर्थिक तथा सामाजिक विकासको मुख्य आधार पनि हो । मानव संशाधन व्यवस्थानको अभ्यास मानव सभ्यताको विकासक्रमसँगै हुँदै आएको हो । यद्यपि यसको व्यवस्थित विकास सुरू भएको भने केही दशक मात्र भएको छ । मानव स्रोतको प्रभावकारिताबाट अन्य अन्य साधन स्रोतहरू पुँजी, औजार, वस्तु, सूचनाको परिचालनमा प्रभावकारिता ल्याउन सकिन्छ । यसैले मानव स्रोत स्वतन्त्र चर हो भने अन्य साधन स्रोतहरू मानव स्रोतको प्रभावकारितामा निर्भर रहने आश्रित चर हुन् । यसर्थ मानव स्रोत व्यवस्थापन महत्वपूर्ण र आवश्यकीय व्यवस्थापकीय संयन्त्रको रूपमा चिनिने गरेको हो । मानव संशाधन व्यवस्थापनले मानिसहरूको शक्ति र क्षमताको उचित व्यवस्थापन गरी अपेक्षित परिणाम निकाल्नमा सहयोग पुऱ्याउँछ । मानव

संशाधन व्यवस्थापनले मानवीय साधनहरूको अद्यावधिक स्थिति र आवश्यकताको योजना, प्राप्ति, उपयोग, विकास, सामयिक सम्भार, एकाकार, अवकाश, अवकाश पश्चात्को योजना र अवकाश व्यवस्थापन जस्ता समग्र पक्षलाई समेट्दछ । मानव स्रोत व्यवस्थापन यी सबै कार्यहरूको शृङ्खलाबद्ध प्राथमिकतामा आधारित विभिन्न क्रियाकलापको संयुक्त स्वरूप हो । यी सबै चरणबद्ध शृंखलाहरूको विवेकपूर्ण र दिगो व्यवस्थापननै रणनीतिक व्यवस्थापन हो ।

**जनशक्ति रणनीतिक साधन**

जनशक्तिलाई रणनीतिक साधनको रूपमा लिई मानव संशाधनसँग सम्बन्धित सबै कार्यहरू बीचमा समन्वयको अपरिहार्यता माग गर्नु मानव संशाधन व्यवस्थापनको अर्को महत्वपूर्ण पक्ष हो । सरल रूपमा भन्ने हो भने सार्वजनिक प्रशासन र व्यवस्थापनको क्षेत्रमा अत्यधिक प्रयोगमा आउने प्राप्ति देखि अवकाशसम्मका तह प्रचलनमा रहदै आएको मा मानवस्रोत व्यवस्थापनले प्राप्तिपूर्व र अवकाशपश्चात्को अवस्थालाई समेत समेट्नु पर्ने मान्यताको विकास भएको छ र यसै मान्यता अनुरूप मानवस्रोत व्यवस्थापनको व्यावहारिक प्रयोग हुँदै आइरहेको छ ।

मानव सभ्यता र समयको विकासक्रमसँगै मानव संशाधन व्यवस्थापनको अवधारणामा पनि सामयिक परिवर्तनहरू भएका छन् र यो परिवर्तनले प्रारम्भका दिनमा मानवलाई साधनको रूपमा लिइएको र पछि क्रमशः मानवलाई पुँजीको रूपमा लिने चलन बढी मानवीय संवेदनात्मक पक्ष र उत्प्रेरणामा जोड दिने गरेको पाइन्छ । मानव संशाधन व्यवस्थापनमा भएको यो विकासले मानव संशाधनको रणनीतिक व्यवस्थापनमा जोड दिएको छ । रणनीतिक व्यवस्थापनले मानव संशाधन व्यवस्थापनका सबै चरणहरूमा सबल, कमजोर, अवसर र चुनौतीका पक्षहरूबीच सामन्जस्यताको माग गर्दछ ।

**प्रतिभा व्यवस्थापन**

मानव संशाधनको रणनीतिक व्यवस्थापनको पक्ष प्रतिभा व्यवस्थापनको रूपमा पनि चिनिने गर्दछ । प्रतिभा व्यवस्थापनको अवधारणा सन् १९९७ देखि प्रयोगमा आउन थालेको हो । मानव संशाधनको विवेकपूर्ण व्यवस्थापन नै प्रतिभा व्यवस्थापन हो । प्रतिभा व्यवस्थापनको अवधारणाले मानव शक्तिलाई दायित्वभन्दा पनि पुँजीको रूपमा लिने गर्दछ र कसरी कर्मचारी विशेषको दक्षतालाई सांगठनिक लक्ष्य प्राप्तिमा उपयोग गर्न सकिन्छ भन्ने उद्देश्यबाट अभिप्रेरित गर्ने गर्दछ । साधारण अर्थमा प्रतिभा व्यवस्थापन संगठनमा उपलब्ध जनशक्तिको विवेकपूर्ण उपयोग हो । प्रतिभा व्यवस्थापनको यो बुझाइले संगठनमा प्राप्त भइसकेका जनशक्तिको उपयोग नै प्रतिभा व्यवस्थापन हो भन्ने मात्र अर्थ लाग्न सक्दछ तर प्रतिभा व्यवस्थापन मानव स्रोत व्यवस्थापनको समग्र पक्ष र चक्रसँग सम्बन्ध राख्ने विषय हो ।

मानव संशाधन व्यवस्थापन नियुक्ति पूर्व र अवकाश पश्चातका विषयसँग सम्बन्धित छ भने प्रतिभा व्यवस्थापन यसको अतिरिक्त उत्कृष्ट जनशक्तिको प्राप्ति, विकास, प्रयोग र संगठनमा टिकाइराख्ने विषय समेतसँग सम्बन्धित छ । प्रतिभा व्यवस्थापनका मूलत निम्न चार चरणहरू रहने गर्दछन् यी चारै चरणको सुझबुझ र सबल र दुर्वल पक्षको व्यवस्थापन नै रणनीतिक व्यवस्थापन हो ।

**१. प्राप्तिपूर्वको चरण : श्रम बजार व्यवस्थापनको रणनीति**

जनशक्ति योजना प्रतिभा व्यवस्थापनको प्राप्तिपूर्वको चरणमा पर्दछ । सांगठनिक उद्देश्य प्राप्तिद्वारा राष्ट्रिय उद्देश्य प्राप्तिका लागि प्रतिभावान मानव स्रोत सवभन्दा महत्वपूर्ण पक्ष हो । यस चरणमा संगठनका लागि आवश्यक पर्ने उमेर समूह, योग्यता र सीपको क्षेत्र, विज्ञताको क्षेत्र आदिको विश्लेषण गरिन्छ र सो अनुरूप त्यस्ता जनशक्तिको उत्पादन गर्ने रणनीति लिइन्छ ।

जनशक्ति योजना सांगठनिक र राष्ट्रिय तह गरी दुई तहमा निर्माण हुने गर्दछ । यी दुवै तहको आवश्यकताको आधारमा विभिन्न शैक्षिक संस्थाहरूले लामो समयको अन्तरालपछि श्रम बजारमा क्षमतावान् र प्रतिभावान जनशक्ति तयार गर्ने गर्दछन् ।

**२. प्राप्तिको चरण : योग्यता र क्षमताको चयन गर्ने रणनीति**

क्षमतावान् जनशक्तिको प्राप्ति गर्ने प्रक्रिया प्रतिभा व्यवस्थापनको अर्को महत्वपूर्ण चरण हो । श्रम बजारमा उपलब्ध जनशक्तिमध्ये संगठनलाई आवश्यक पर्ने क्षमतावान् जनशक्तिको प्राप्ति गर्ने प्रक्रिया यसअन्तर्गत पर्दछ । यसमा कुनै निश्चित संगठनका लागि आवश्यक जनशक्तिलाई छनौटको विशिष्ट मापदण्ड तयार गरी विभिन्न प्रतिस्पर्धाको माध्यमद्वारा क्षमतावान् जनशक्तिलाई संगठनमा प्राप्त गर्ने गरिन्छ । संगठनका लागि आवश्यक जनशक्ति प्राप्तका लागि अपनाइने छनौट प्रक्रिया निम्न आधारमा आधारित हुनु पर्दछ :

- प्रतिस्पर्धाको आधार
- निष्पक्षताको आधार

- प्रतिस्पर्धामा समान रूपमा सहभागिता जनाउन पाउने अवसरको आधार
- सहभागीहरूको प्रतिस्पर्धालाई तटस्थ र निष्पक्ष रूपमा परीक्षण गर्ने आधार
- जनशक्तिको सेवा सुविधा र सेवा अवधिको आधार

जनशक्ति प्राप्तिका लागि अपनाइने प्रक्रियालाई व्यवस्थापकीय भाषामा पदपूर्ति भन्ने गरिन्छ । पदपूर्ति सम्बन्धमा लुट प्रणाली, योग्यता प्रणाली र मिश्रित प्रणाली चलनचल्तीमा रहेका छन् । योग्यता प्रणालीमा संगठनमा आवश्यक पर्ने जनशक्तिलाई निष्पक्षता र प्रतिस्पर्धाको आधारमा छनौट गरिन्छ । सर्वसाधारणको सहज पहुँच र निष्पक्ष छनौट प्रणालीको कारणले योग्यता प्रणाली पदपूर्तिका लागि उचित मानिएको छ ।

### ३. उपयोग र विकासको चरणः क्षमताको उपयोगको रणनीति

श्रम बजारमा उपलब्ध क्षमतावान् जनशक्तिको प्राप्तिले मात्र संगठनको आवश्यकता पूर्ति हुँदैन । यस्तो क्षमतावान् जनशक्तिलाई क्षेत्रगत विज्ञताको आधारमा काममा उपयोग गर्ने प्रक्रिया प्रतिभा व्यवस्थापनको महत्वपूर्ण चरण हो । विभिन्न चरणको प्रतिस्पर्धात्मक छनौट प्रक्रिया पार गरेर आएको जनशक्तिलाई प्रयोग गर्ने सम्बन्धमा निम्न आधारहरू लिने गरिन्छ :

- **विज्ञताको आधार**
  - जुन कामका लागि लिइएको हो सो काममा लगाउने
  - योग्यता, सीप, दक्षता, अनुभव अदिको आधारमा कार्य विनियोजन गर्ने
- **परिणाम र उत्तरदायित्वको आधार**
  - कार्य विवरणको आधारमा काममा लगाउने
  - कुन काम के कसरी कुन प्रक्रियाद्वारा सम्पादन गरिने हो सोको स्पष्ट आधार तोक्ने
  - कार्य सम्पादन मूल्यांकन प्रणाली
- **सक्षमताको आधार**
  - योग्यता, अनुभव र दक्षताको आधारमा काममा लगाउने भएता पनि व्यक्तिको क्षमता, दक्षता र रूचिको आधारमा काममा लगाउने
  - स्थान अनुरूप व्यक्तिको उपयुक्तताको आधार
  - सही व्यक्तिलाई सही ठाउँमा पदस्थापन गर्ने
- **उत्प्रेरणाको आधार**
  - आकर्षक वृत्ति मार्ग, कार्य परिवर्तन, कार्य विस्तृतिकरण, कार्य पुष्टीकरण आकर्षक तलबमान र उत्प्रेरणा (मौद्रिक तथा गैरमौद्रिक) का माध्यमद्वारा क्षमतावान् जनशक्तिलाई संगठनको लक्ष्य प्राप्तिका उपयोग गर्ने

**क्षमतावान् जनशक्तिलाई संगठनमा टिकाइराख्ने आधार**

- आकर्षक, पूर्वानुमानयुक्त र पारदर्शी वृत्ति मार्ग,
- क्षमतावान् जनशक्ति आकर्षण गर्ने र टिकाइराख्ने रणनीति

- काम अनुसारको तलब भत्ता र अन्य सुविधाहरू
- मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहन व्यवस्था
- सेवा शर्तको सुरक्षा र सेवा अवधिको सुरक्षा
- बिदा, उपचार खर्च र पारिवारिक र सामाजिक संस्कारको सम्मान
- संगठन एउटा सुमधुर सम्बन्धसहितको परिवारको अवधारणा
- पेशागत व्यावसायिकताको प्रबर्द्धन
- जनशक्ति विकासः संगठनमा उपलब्ध जनशक्तिलाई कार्यशैली, प्रविधि, विकसित नवीनतम प्रवृत्तिसँग परिचित गराई कार्य सहजताका साथ सम्पादन गर्न सक्ने कौशलमा वृद्धि ल्याउनमा विकास (तालिम) को अहम भूमिका रहेको हुन्छ । जनशक्ति विकास मानव स्रोत व्यवस्थापनका अवयवहरूमध्ये महत्वपूर्ण र प्रभावकारी अवयवको रूपमा चिनिने गर्दछ । संगठनमा एक पटक लिइएको जनशक्तिलाई समय, प्रविधि, अवधारणा, कार्यक्षेत्रमा आएको परिवर्तनको परिवेशमा सामयिक रूपमा परिमार्जित र विकास गरिनु पर्ने मान्यता नीति जनशक्ति व्यवस्थापनको सन्दर्भमा महत्वपूर्ण विषय हो । मानव स्रोत व्यवस्थापनमा विकासको महत्वपूर्ण स्थान रहेको छ । जनशक्ति विकास वा तालिम एउटा निरन्तर चलिरहने प्रक्रिया हो । यसले समय र प्रविधिमा आएको परिवर्तनसँगै ज्ञान, सीप र मनोवृत्तिमा सकारात्मक परिवर्तन ल्याई जनशक्तिलाई संगठनको कार्य सम्पादनमा सदा चुस्त दुरुस्त रहन सहयोग पुऱ्याउँछ । तालिमको आधुनिक मान्यता अनुसार तालिमले जनशक्तिलाई वर्तमान

आवश्यकता अनुसार र भावी आवश्यकता अनुसार चल्न सक्ने बनाउन सक्नु पर्दछ भन्ने अवधारणाको विकास भएको छ ।

४. **बहिर्गमनको चरण : योगदानको सम्मानको रणनीति**

- **अवकाश**
    - अनिवार्य अवकाशको हद
    - पदावधिको आधारमा अवकाश
    - बाध्यात्मक अवकाशक
    - स्वेच्छिक अवकाश

- **अवकाश योजना, अवकाश व्यवस्थापन**
    - निवृत्तिभरण, उपदान, पारिवारिक निवृत्तिभरण, तलब वृद्धिको आधारमा निवृत्तिभरणमा थप
    - विज्ञताको अनुभव लिन सकिने व्यवस्था

**जनशक्ति संगठनका पुँजी तथा अमूल्य निधि**

संगठनमा उपलब्ध सबै जनशक्ति संगठनका पुँजी तथा अमूल्य निधि हुन् । तथापि केही जनशक्तिको क्षमता संगठनमा अन्य जनशक्तिको क्षमताभन्दा निकै बढी हुन्छ र यिनीहरू संगठनको दैनिक कार्यलाई व्यवस्थित गर्न, अपेक्षित परिणाम निकाल्न र संगठनको साख अभिवृद्धि गर्न प्रखर सावित भएका हुन्छन् । यसर्थ यिनीहरूलाई समूहगत कार्य, टोलीगत कार्य, विशेष भूमिका, समन्वयकारी भूमिका आदिद्वारा उनीहरूको क्षमताको अधिकभन्दा अधिक रूपमा प्रयोग गर्न सकिन्छ । साथसाथै अन्य तुलनात्मक रूपमा मध्यम वा निम्न क्षमताका कर्मचारीहरूलाई विकासको तालिम जस्ता अन्य उपागमद्वारा उनीहरूको क्षमतालाई सामयिक रूपमा तिखारी राख्नुपर्ने हुन्छ । साथै संगठनमा उर्जाशील, उत्पादनशील र सिर्जनशील जनशक्ति को अन्यत्र पलायनलाई पनि रोक्नुपर्ने हुन्छ ।

यी सबै विषयलाई समेट्नुपर्ने विषय रणनीतिक व्यवस्थापनको पक्ष हो । मानवलाई मानव पुँजीमा परिणत गर्न सुरूमा त्यसमा लगानी गर्ने र त्यसबाट अधिकतम प्रतिफल लिन तयार पारिने रणनीति र सो रणनीतिको कार्यान्वयन व्यवस्थापन नै रणनीतिक व्यवस्थापन हो ।

**रणनीतिक व्यवस्थापनका चरणको पहिचान**

- दूरदृष्टिबारे स्पष्टता Clarify Your Vision
- सूचनाको उपलब्धता र विश्लेषण Gather and Analyze Information
- व्यावसायिक आवश्यकताको पहिचान Understanding the needs of the business
- रणनीतिको तर्जुमा Formulate a Strategy
- रणनीति कार्यान्वयन Implement Your Strategy
- मूल्यांकन र नियन्त्रण Evaluate and Control
- पृष्ठपोषण Feedback




**Strategic Control**

**सम्पूर्ण गुणस्तरीयताको प्रत्याभूतिका लागि रणनीतिक व्यवस्थापन**

बदलिँदो शासकीय परिपाटी, सहकर्ताहरूको बढोत्तरी, क्षेत्रगत विज्ञता र विशिष्टताको आधारमा कार्यक्षेत्रको विनियोजन, सेवाग्राहीहरूको चाहना आदि कारणले प्रभावकारी सेवा प्रवाहको बैंकल्पिक उपाय खोजी गर्ने क्रममा सेवाको एजेन्सीकरण गर्ने मान्यता अगाडि बढेको हो जसले गर्दा सेवा प्रवाहको दायरा फराकिलो बन्न पुगेको छ । बदलिँदो शासकीय परिपाटीले जनता नै सर्वोपरी हुन् भन्ने मान्यतालाई मात्र स्थापित गरेको छैन यसले सहकर्ताहरूको बढोत्तरी पनि गरेको छ । यस सन्दर्भमा शासकीय सहकर्ताहरू, सहजकर्ताहरू, कानुनी, संस्थागत वा अन्य भूमिका मा सेवा प्रवाहको जिम्मा पाएका निकायहरू अझै बढी जनमुखी, परिणाममुखी र सेवा प्रवाहको प्रक्रियात्मक सरलता, सेवा सम्मको पहुँचमा सहजता, उपलब्ध सेवाको गुणात्मकता र समग्रमा सेवा प्रवाहको सम्पूर्ण शृंखलामा गुणस्तरीयताको प्रत्याभूति गर्ने तर्फ आफ्ना सारा प्रयासहरू परिलक्षित हुनुपर्ने सामयिक आवश्यकता हो । सेवा प्रवाहको आफ्नो मूल लक्ष्यलाई प्रतिस्पर्धापूर्ण बजार संयन्त्र, व्यावसायिकताको आयाम र गुणस्तरको आयाम तथा जनचाहनालाई सन्तुष्टिमा रूपान्तरण गर्न सार्वजनिक संस्थानको रणनीतिक आयाम परिचालन हुनु आवश्यक हुन्छ । ■

*लेखक आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव तथा प्रशासन र संघीयताका विश्लेषक हुनुहुन्छ ।*

**सन्दर्भ सामग्री**


- Drucker, Peter F. (1974), Management: Tasks, Responsibilities, Practices, USA: William Hineman
- Framework for Human Resources Management, International Civil Service Commission August 2001
- Goel, S. L. (1984) Public Administration, Sterling Publishers Pvt. Ltd. New Delhi
- Richard A . Swanson and Elwood F. Holton (2009), 2nd Edition Foundations of Human Resource Development
- Sinha, Dharni P. (1992), The Approach to Human Resource Planning in Nepal The Case of Case of Civil Service, CNAS Journal Vol. 19 No . 1 Pg 93-119
- रेग्मी, दामोदर (२०६५), परिवर्तित सन्दर्भमा निजामती सेवामा जनशक्ति व्यवस्थापन, प्रशासन, मानव स्रोत विकास विशेषांक पूर्णाङ्क ११०, नेपाल सरकार सामान्य प्रशासन मन्त्रालय, पृ. ७३-८४
- रेग्मी दामोदर (२०६६), परिवर्तित सन्दर्भमा निजामती सेवा सुधारको पर्खाइमा, निजामती सेवा दर्पण (निजामती सेवा दिवस २०६६ को उपलक्ष्यमा प्रकाशित स्मारिका), निजामती सेवा दिवस मूल समारोह समिति, २०६६ पृ. ४६-५२
- अग्रवाल, डा. गोबिन्दराम (२०६९), नेपालमा मानव संशाधन व्यवस्थापन, एम. के. पब्लिसर्स एण्ड डिस्टि्ब्यूटर्स भोटाहिटी, काठमाडौं
- रेग्मी, दामोदर (२०७०), मानव स्रोत व्यवस्थापनका अवधारणा र नेपालको निजामती सेवा, पराग चौथो विशेषांक, राष्ट्रिय कर्मचारी संगठन निजामती विभागीय समिति अर्थ मन्त्रालय, १ फागुन २०७० पृ. २२६-२३८
- प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन २०७०, प्रशासन सुधार सुझाव समिति २०७०, सिंहदरबार, नेपाल
- नेपालको संविधान २०७२, कानुन किताव व्यवस्था समिति
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, कानुन किताव व्यवस्था समिति
- रेग्मी, दामोदर (२०७५), संघीय शासन प्रणाली, सुशासन र विकास, काठमाडौः ऐश्वर्य प्रकाशन
- रेग्मी, दामोदर (२०७५), नेपालमा संघीयताका अवसर र चुनौतीहरू, काठमाडौः ऐश्वर्य प्रकाशन
- रेग्मी, दामोदर (२०७७), प्रशासनमा व्यावसायिकता र सदाचारिता, काठमाडौः ज्ञानज्योति बुक्स एण्ड पब्लिकेशन
- रेग्मी, दामोदर (२०७७), शासकीय प्रबन्ध, प्रशासन र व्यवस्थापन, काठमाडौः अक्षरांक प्रकाशन

# नेपालको सन्दर्भमा वित्तीय स्थिरता र वित्तीय समावेशिताको सवाल



डा. प्रकाशकुमार श्रेष्ठ

**१. विषय प्रवेश**

वित्तीय क्षेत्रमा स्थिरता र समावेशिता जल्दाबल्दा विषयका रूपमा रहेका छन् । विश्वमा विभिन्न देशहरूमा बेला बेलामा भएका वित्तीय संकटहरूले वित्तीय स्थिरतालाई जोड दिनुपर्ने देखिएको छ । सन् २००७ मा संयुक्त राज्य अमेरिकामा शुरू भएको विश्वव्यापी वित संकटपछि वित्तीय स्थायित्वले उच्च प्राथमिकता पाएको छ । अर्कोतर्फ सन् २०१५ मा संयुक्त राष्ट्र संघको महासभाले पारित गरेको सन् २०३० सम्म हासिल गर्नेगरी निर्धारण गरिएका दिगो विकासको लक्ष्यले समावेशी विकास अवधारणा अघि सारेसँगै वित्तीय समावेशिताले पनि महत्व पाउन थाल्यो । एक्काइसौ शताव्दीमा पनि विश्वमा ठूलै संख्यामा गरिबी र विपन्नतामा रहेको परिप्रेक्ष्यमा गरिबी निवारण र रोजगारी सिर्जना गर्दै कोही पनि नछुट्ने गरी समावेशी विकास गर्ने उद्देश्य दिगो विकासका लक्ष्यको रहेको छ । यसका लागि समावेशी वितको आवश्यकता पनि भएकोले अहिले विश्वव्यापी रूपमा वित्तीय समावेशितालाई महत्वका साथ जोड दिइएको छ । हुनत, कमजोर वित्तीय समावेशिताको अवस्था सामान्यतया विकासशील देशहरूमा रहेको पाइन्छ जहाँ जनसंख्याको ठूलै तप्का औपचारिक वित्तीय सेवाबाट बन्चित रहेका छन् ।

वित्तीय समावेशिताले सबै तप्काका खासगरी गरीब र न्यून आय भएका मानिसहरूलाई सहज र सहुलियत ढंगबाट वित्तीय सेवा उपलब्धता हुने अवस्थालाई जनाउँछ । खासगरी, ग्रामीण क्षेत्रमा बसोबास गर्ने र विपन्न वर्गहरू नै विभिन्न कारणहरूले गर्दा औपचारिक वित्तीय सेवाबाट बन्चित हुन्छन् । हुनत, विकासशील देशमा अन्य व्यक्तिहरू पनि औपचारिक वित्तीय सेवा प्राप्त नसकिरहेका हुन्छन् । औपचारिक वित्तीय सेवाबाट बन्चित हुँदा त्यस्ता वर्गहरू नै बढी मात्रामा अनौपचारिक वित्तीय सेवामा निर्भर गर्नुपर्ने हुन्छ । तर, अनौपचारिक वित्तीय सेवाको व्याजदरहरू महंगो हुने, शोषणयुक्त हुने र पर्याप्त नहुने हुन्छ, यसले गरिबीको चक्रलाई निरन्तरता दिन्छ । साथै, अनौपचारिक वित्तीय सेवामा बचत परिचालन सहज ढंगले गर्न नसकिने र असुरक्षित हुने हुन्छ । आधारभूत वित्तीय सेवा प्राप्त नहुँदा आर्थिक गतिविधिमा गहकिलो संलग्नता र पुँजी निर्माणको काम हुन नसक्ने भई गरिबी निवारण हुन सक्दैन र आय असमानता बढ्दै जान्छ। तसर्थ, गरिबी निवारण, उद्यमशीलता विकास, आर्थिक रूपले शसक्तिकरण र आय असमानता कम गर्दै जानका लागि सबैमा वित्तीय पहुँचको आवश्यकता हुन्छ । वास्तवमा वित्तीय समावेशिताले सबै वर्ग र तप्काका मानिसहरूलाई औपचारिक वित्तीय प्रणाली समावेश गरी आधारभूत वित्तीय सेवाहरू जस्तै भुक्तानी, बचत, ऋण र बिमा जस्ता सेवाहरूको उपलब्धता गराउने कुरालाई जनाउँछ ।

वित्तीय स्थायित्व र वित्तीय समावेशिताका विषयहरू ज्वलन्त रूपले उठिरहदा यी विषयहरू प्रतिस्थापन हुन् या परिपूरक हुन् भन्ने कुरामा पनि बहस हुने गरेको छ । यी विषयहरूमध्ये कुन चाहिँलाई बढी प्राथमिकता दिनु पर्दछ भन्ने पनि बहसको विषय रहेको छ । साथै, यी दुई क्षेत्र बीचको अन्तरसम्बन्ध पनि खोजीको विषय रहेको छ । कतिपयले वित्तीय समावेशितालाई जोड दिदा वित्तीय स्थायित्व जोखिम पर्न सक्ने तर्कहरू पनि गरेका छन् । तर, ठूलो हिस्सालाई वाहिर राखेर हुने वित्तीय

**एक्काइसौ शताव्दीमा पनि विश्वमा ठूलै संख्यामा गरिबी र विपन्नतामा रहेको परिप्रेक्ष्यमा गरिबी निवारण र रोजगारी सिर्जना गर्दै कोही पनि नछुट्ने गरी समावेशी विकास गर्ने उद्देश्य दिगो विकासका लक्ष्यको रहेको छ ।**

क्षेत्रको विकास र स्थायित्व पनि न्यायिक मान्न सकिने देखिँदैन ।

यसै सन्दर्भमा यी दुई विषयहरूको अन्तरसम्बन्ध र नेपालको परिवेशमा अवलम्बन गर्नुपर्ने कार्य दिशाको सवालमा यो लेखले केही चर्चा गर्ने प्रयास गरेको छ । नेपालका लागि यी दुई विषयको आफ्नै गहनता रहेको छ । दुवैलाई सन्तुलित ढंगले अघि बढाउनु पर्ने देखिन्छ । वित्तीय क्षेत्रको विकासको स्तरलाई हेर्दा तत्काललाई तुलनात्मक रूपमा वित्तीय समावेशितालाई बढी जोड दिन उपयुक्त हुन सक्छ ।

## २. वित्तीय स्थिरता र वित्तीय समावेशिता बीचको अन्तरसम्बन्ध

वित्तीय स्थिरताले विना व्यवधान वित्तीय क्षेत्रको कुशल सञ्चालनलाई जनाउँछ । वित्तीय क्षेत्रले आफ्नो भूमिका सहज ढंगले निर्वाह गर्न सक्यो भने वित्तीय स्थायित्व कायम हुन्छ । वित्तीय क्षेत्रले मुख्य गरेर भुक्तानी सहज पार्ने, वित्तीय मध्यस्थताको काम गर्ने र जोखिम व्यवस्थापन गर्ने काम गर्दछ । वित्तीय मध्यस्थताको कामले ने अर्थतन्त्रमा बचत परिचालन भई लगानीका लागि वित्तीय साधन उपलब्ध हुने र लगानी प्रवर्द्धन भई आर्थिक वृद्धि र रोजगारी सिर्जना हुन जान्छ । बचत परिचालन र कर्जा प्रवाह गर्दा कर्जा, तरलता र बजार जोखिमहरू सिर्जना हुन्छन् । तसर्थ, वित्तीय क्षेत्र ज्यादै जोखिमयुक्त क्षेत्रको रूपमा रहेको हुन्छ । जोखिम व्यवस्थापन सही ढंगले हुन नसक्दा नै वित्तीय अस्थिरता सिर्जना हुन्छ । वित्तीय अस्थिरताले वित्तीय क्षेत्र मात्र होइन अन्तमा उत्पादनमुलक क्षेत्र पनि प्रभावित हुन पुग्छ । वित्तीय संकटले आर्थिक संकट पनि सिर्जना गर्दछ । अस्थिर वित्तीय क्षेत्रबाट वित्तीय समावेशिताको अपेक्षा पनि गर्न सकिदैन ।

पछिल्ला समय बजार अर्थतन्त्रमा आधारित नवउदारबादी अर्थव्यवस्था एकपछि अर्को वित संकटहरू आएका छन् । एक दशक अगाडि संयुक्त राज्य अमेरिकाबाट शुरूवात भएर विश्वका धेरै देशहरूमा फैलिएको विश्वव्यापी वितसंकट पछिल्लो एउटा उदाहरण हो । यो संकटपछि वित्तीय क्षेत्रलाई नयाँ ढंगबाट नियमन गर्न थालिएको छ । वासल तेस्रो लागू गरी समष्टिगतरूपमा नियमन गर्न शुरू गरिएको छ । वित्तीय क्षेत्रलाई पूर्ण रूपमा बजार प्रक्रियामा छोडन नसकिने निष्कर्षमा पुगेको स्थिति छ ।

वित्तीय क्षेत्र संवेदनशील हुने र यसको जवरजस्त विस्तार गरिएमा संकटोन्मुख हुने तर्कहरू पनि रहेका छन् । वित्तीय समावेशिताका लागि न्यून आय भएका वर्गहरूलाई समेटनु पर्ने, यिनीहरूका लागि कर्जा प्रवाह गर्न कर्जा शर्तहरू कमशल बनाउनु पर्ने हुन्छ । न्यून आय भएका वर्गहरू बढी जोखिमयुक्त हुने ठानिन्छ । तसर्थ, यस्ता वर्गहरूलाई कर्जा प्रवाह गर्दा असुली कम भई कर्जा जोखिम बढ्ने र वित्तीय क्षेत्र धराप पर्ने तर्कहरू पनि रहेका छन् । यस आधारमा वित्तीय समावेशिताले वित्तीय स्थायित्व खलल पुऱ्याउन सक्ने देखिन्छ । तर, धेरै देशहरूमा गरीबसँग कारोवार गर्ने लघुवित संस्थाहरूको कर्जा असुली दर अत्यन्तै राम्रो रहने गरेबाट गरीब र न्यून आय भएका मानिसहरू पनि विश्वासिला, भरपर्दा र ऋण तिर्ने क्षमता राख्ने देखाउँछ ।

त्यस्तै, न्यून आय भएका तथा ग्रामीण क्षेत्रमा वस्ने व्यक्तिहरूलाई वित्तीय पहुँच पुऱ्याउन महंगो र खर्चिलो हुने हुन्छ । यसले वित्तीय संस्थाहरूको सञ्चालन लागत बढाउने र नाफाको दरमा असर पार्दछ । नाफा कम हुँदा वा घाटा हुँदा वित्तीय संस्थाहरू सञ्चालनमा रहन नसक्ने भई वित्तीय अस्थिरता सिर्जना हुन सक्ने मान्यता पनि रहेको छ । साथै, वित्तीय पहुँच पुऱ्याउन प्रयोग गरिने नवीनतम सूचना प्रविधिहरूले साइबर जोखिम सिर्जना गरी वित्तीय स्थायित्व प्रभाव पार्न सक्ने पनि हुन्छ ।

तर, वित्तीय समावेशिताले वित्तीय स्थायित्व कायम गर्न सहयोग पुऱ्याउने बलिया आधारहरू पनि रहेका छन् । केही त्यस्ता आधारहरू निम्नानुसार रहेका छन् । पहिलो, वित्तीय समावेशिताले धेरैभन्दा धेरै मानिसहरूलाई औपचारिक वितको पहुँचभित्र ल्याउँछ । न्यून आय भएका मानिसहरूले कम बचत गर्दछन तर तिनीहरूको बचत स्थिर प्रकृतिको हुन्छ । धेरै यस्ता व्यक्तिहरूबाट बचत संकलन गर्दा बचतको आधार फराकिलो र स्थिर प्रकृतिको हुन्छ । यसले वित्तीय स्थायित्व कायम गर्न सहयोग पुग्दछ । यस्तो बचत परिचालनबाट वित्तीय संस्थाहरूले दीर्घकालीन प्रकृतिको लगानी गर्न सक्छन जसले नाफाको दर बढाउन मद्दत गर्दछ ।

दोस्रो, वित्तीय समावेशिता बढाउँदा धेरैभन्दा धेरै व्यक्तिहरूलाई कर्जा प्रवाह गर्नुपर्ने हुन्छ । यसले कर्जाको विविधिकरण गराउन सहयोग पुऱ्याउँछ ।कर्जा विविधिकरणले कर्जा जोखिम घटाउँछ, जुन वित्तीय स्थायित्वका लागि सहयोगी हुन्छ । साना कर्जाहरू कहि कतै नउठेमा पनि ठूलो नोक्सानी हुँदैन ।

तेस्रो, वित्तीय समावेशीता बढ्दा मौद्रिक नीतिको प्रसारण प्रभावकारी हुन्छ । मौद्रिक नीतिले फेरबदल गर्ने व्याजदरले औपचारिक क्षेत्रमा रहेका सबैलाई असर पार्ने हुन्छ । प्रभावकारी मौद्रिक नीतिले समष्टिगत आर्थिक स्थायित्वसँगै वित्तीय स्थायित्व हासिल गर्न पनि सहयोगी हुन्छ ।

चौथो, वित्तीय पहुँचका लागि खर्च कटौति गर्न नयाँ प्रविधि र उपायहरूको खोजी प्रयोग गर्नुपर्ने हुन्छ । यसले वित्तीय संस्थाहरूको सञ्चालन कुशलता बढाई नाफा बढाउन पनि सहयोगी हुन्छ, जुन वित्तीय स्थायित्वका लागि उपयोगी हुन्छ । वित्तीय प्रविधिको विकास र विस्तार भई रहेको अवस्था वित्तीय समावेशिता अभिवृद्धि गर्न यी प्रविधिको प्रयोग बढाउन सकिन्छ ।

पाँचौ, वित्तीय समावेशिता हुँदा समावेशी खालको आर्थिक वृद्धि हुन्छ । यसले आय असमानता कम गर्दै सामाजिक न्याय कायम गर्न सहयोग पुर्‍याउँछ । फलस्वरूप, सामाजिक स्थायित्व प्राप्त हुन्छ जुन वित्तीय स्थायित्व कायम गराउन पनि सहयोगी हुन्छ । समावेशी, समन्यायिक र शान्तिपूर्ण समाजमा नै वित्तीय संस्थाहरू विना व्यवधान संचालित हुन सक्छन् ।

वित्तीय स्थायित्व र वित्तीय समावेशितालाई हेर्दा केही माध्यमबाट वित्तीय समावेशिताले वित्तीय स्थायित्वलाई नकारात्मक ढंगले असर पार्ने कुरालाई नकार्न नसकिए पनि धेरै तरिकाले वित्तीय समावेशिताले वित्तीय स्थायित्वका लागि सहयोग गर्ने कुरा पनि माथिको चर्चाबाट देखिन्छ । वित्तीय समावेशिताले वित्तीय स्थायित्वमा पार्न सक्ने केही नकारात्मक असरलाई समाधान गर्न सकिन्छ । खास गरी कमसल कर्जा जाने सम्भावनाहरूलाई रोक्न र वित्तीय पहुँचलाई सही सदुपयोग गर्न प्रभावकारी नियमन र सुपरीवेक्षण प्रणाली, वित्तीय साक्षरता र बलियो ग्राहक संरक्षण प्रणालीको व्यवस्था गर्न सकिन्छ ।तसर्थ, वित्तीय स्थिरतासँगै वित्तीय समावेशितालाई पनि जोड दिएर जानुपर्ने देखिन्छ । वित्तीय समावेशिता विनाको वित्तीय स्थायित्व समाजिक दृष्टिकोणबाट हेर्दा न्यायिक ठान्न गाह्रो हुन्छ ।

### ३. नेपालमा वित्तीय स्थिरता र वित्तीय समावेशिता

नेपालमा वित्तीय क्षेत्र उत्साहजनक रूपमा विस्तार भई रहेको छ र समग्रमा वित्तीय स्थायित्वको अवस्था छ । नेपालको वित्तीय क्षेत्र दक्षिण एशियामा नै सुदृढ मानिन्छ । निष्कृय कर्जाको अनुपात कम छ भने नाफाको स्तर संतोषजनक रहेको छ । केही वित्तीय संस्थाहरूमा संस्थागत सुशासनका कारण समस्याग्रस्त भए पनि धेरै त्यस्ता संस्थाहरू पुनर्जागृत भएका छन् । पछिल्लो समय चलिरहेको मर्जर र एक्विजिशनको प्रक्रियाले गर्दा नेपालको वित्तीय क्षेत्र थप सुदृढ भएको छ । कुनै बेला समस्याग्रस्त रहेका सरकारी स्वामित्व भएका वित्तीय संस्थाहरू पनि वित्तीय क्षेत्र सुधार कार्यक्रम लागू गरेपश्चात सुदृढ अवस्थामा पुगेका छन् ।

वित्तीय क्षेत्रको विस्तारसँगै वित्तीय समावेशिता बढ्दै गएको छ । तर अझै पर्याप्त छैन । सन् २०१४ मा युनएनसिडिफले गरेको सर्वेक्षणमा ४० प्रतिशत वयस्कहरूको बैंकमा खाता भएको र थप २१ प्रतिशत सहकारी संस्थाबाट बैंकिङ्ग सुविधा प्राप्त गरेको र अर्को २१ प्रतिशतले अनौपचारिक क्षेत्रबाट बैंकिङ्ग सेवा प्राप्त गरेका छन भने १८ प्रतिशत पूर्णरूप वित्तीय सेवाबाट बन्चित रहेको पाइएको थियो । तत्पश्चात, नयाँ खाता खोल्दा रू. १०० जम्मा गरी दिइ सबैंको खाता खोल्ने अभियान सञ्चालन भएको छ भने बैंकिङ्ग संस्थाहरूको शाखा विस्तारमा पनि तीव्र दरमा भइरहेकोले पक्कै पनि वित्तीय पहुँच बढेको हुनुपर्दछ ।

विश्व बैंक Global Findex Data ले नेपालमा बैंक खाता हुने वयस्कहरू (१५ वर्षदेखि माथि उमेरका) सन् २०११ मा २५ प्रतिशत रहेकोमा सन् २०१७ मा ४५ प्रतिशत पुगेको देखाएको छ । त्यसमध्ये पुरूषहरू ५० प्रतिशत र महिलाहरू ४२ प्रतिशतको बैंक खाता रहेको देखाएको छ । माथिल्लो ६० प्रतिशत धनीहरूमध्ये ५० प्रतिशतको र तल्लो ४० प्रतिशत गरीबहरूमध्ये ३८ प्रतिशतको बैंक खाता रहेको पाइएको छ ।

बैंक खाता भएका जनसंख्या पछिल्लो समय केही सुधार भएको हुनसक्छ । अहिले नेपालको जनसंख्याभन्दा बढी बैंक खाताहरू भएका छन् । तर, त्यसमा एउटै व्यक्तिको धेरै खाताहरू पनि रहेका छन् । एक वर्ष अगाडि नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक, विकास बैंक र वित कम्पनीहरूमा रहेको खाताहरू मध्ये दोहोरिएका खाताहरू हटाएर हेर्दा करिब जनसंख्याको ६१ प्रतिशतसँग बैंक खाता रहेको पाइएको थियो । लघुवित संस्थाहरू र सहकारी संस्थाहरूमा रहेका खाताहरूलाई समावेश गर्ने हो भने पक्कै पनि यो हिस्सा अझ बढ्छ ।

नेपालमा बैंक खाताको प्रयोग भने कमजोर रहेको छ । धेरै बैंक खाता निष्कृय रहेका पाइन्छ । विश्व बैंकको Global Findex Data ले सन् २०१७ मा १५ वर्षदेखि माथिका १७ प्रतिशत वयस्कहरूले बैंकमा बचत गर्ने र १३ प्रतिशतले मात्र ऋण लिने गरेको पाइएको छ । सो तथ्यांकले सन् २०१७ मा नेपालमा ५३ प्रतिशत वयस्कहरूले साथी तथा परिवारहरूबाट ऋण लिने गरेका छन् । डेबिट कार्डको प्रयोग विस्तारै बढे पनि करिब १० प्रतिशत वयस्कहरूसँग मात्र रहेको पाइएको थियो । पछिल्लो तीन वर्षमा यसमा केही सुधार भएको हुन सक्छ । वित्तीय पहुँचका विभिन्न सूचकहरू हेर्दा नेपाल सार्क मुलुकहरूमा श्रीलंका र भारतभन्दा कमजोर रहेको छ ।

आपूर्तिपक्षबाट हेर्दा पनि क, ख र ग वर्गका वित्तीय संस्थाहरूमा २०७७ कार्तिकसम्म ३ करोड ३५ लाख निक्षेप खाताहरू हुँदै गर्दा ऋण खाताहरू जम्मा १५ लाख ५७ हजार रहेका छन् । यसले कर्जामा सीमित मानिसहरूको मात्रै पहुँच पुगेको देखाउँछ । लघुवित संस्थाहरूमा करिब २८ लाख ऋणीहरू रहेका छन भने ३४ लाख सहकारीका सदस्यहरू मध्ये केहीले त्यहाँबाट ऋण लिएका छन् । सबै गरेर पनि एक चौथाइ जनसंख्यामा मुश्किलले औपचारिक क्षेत्रबाट कर्जा पुगेको देखिन्छ । यसरी तुलनात्मक रूपले कर्जामा पहुँच कम रहेको छ ।

विश्व बैंक Global Findex Data अनुसार नेपालमा कम वित्तीय पहुँच हुनुमा मुख्य कारणहरूमा अर्पयाप्त आम्दानी (४०%), वित्तीय संस्थाहरू टाढा रहेका (२०%), परिवारका अन्य सदस्यहरूको खाता रहेको (१८%), वित्तीय सेवा महंगो रहेको (१७%) र आवश्यक कागजातहरूको अभाव (१०%) रहेको पाइएको छ । विकट स्थान बस्नेका अतिरिक्त वित्तीय ज्ञानको अभावले सहरी क्षेत्रमा बस्ने व्यक्तिहरू पनि वित्तीय सेवाबाट बन्चित भएका छन् ।

पछिल्लो समय नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूले दिने सेवाहरूमा जथाभावी शुल्क लिन नपाइने गराएको छ भने शाखारहित बैंकिंक मार्फत वित्तीय सेवा प्रवाह गर्न प्रोत्साहन गरेको छ । त्यस्तै, इलेक्ट्रोनिक भुक्तानीलाई जोड दिएको छ । दशलाखभन्दा माथिको भुक्तानी बैंक मार्फत गर्नुपर्ने, तलब भुक्तानी बैंक खाता गर्नुपर्ने, सरकारको सबै खाले भुक्तानी चेकमार्फत गर्नुपर्ने व्यवस्थाले बैंक खाता खोल्न यसको प्रयोग बढाउन सहयोग पुऱ्याएको छ । यसका साथै शेयर खरिदबिक्री पनि बैंक मार्फत गर्नुपर्ने व्यवस्थाले पछिल्लो समय बैंक खाता संख्या उल्लेख्य बढाएको छ ।

## ४. उपसंहार

वित्तीय स्थिरता विना वित्तीय समावेशिता प्रवर्द्धन गर्न नसकिने र वित्तीय समावेशिताबिनाको वित्तीय स्थिरता सामाजिक न्याय र समावेशिता अर्थतन्त्रको हिसाबले जायज ठान्न नसकिने हुनाले वित्तीय स्थिरता र वित्तीय समावेशितालाई सँगसँगै लैजानुपर्ने देखिन्छ । नेपाल जस्तो विकासशील देशमा जहाँ वित्तीय क्षेत्रको भर्खर विकास र विस्तार हुँदै गरेको र जटिल प्रकृतिको भई नसकेको अवस्थामा वित्तीय स्थिरता धेरै चुनौतीपूर्ण नहुन सक्छ । तर, ठूलै संख्यामा मानिसहरू वित्तीय पहुँचबाट बाहिर रहेको अवस्थामा वित्तीय समावेशिताले अलि बढी प्राथमिकता पाउनु समय सान्दर्भिक नै हुने देखिन्छ । यसको विस्तार गर्न भने वित्तीय सेवाको माग र आपूर्ति पक्ष दुवै तर्फबाट सम्बोधन गर्नुपर्ने हुन्छ ।

एकातर्फ वित्तीय सेवाको पहुँच विस्तार गर्नुपर्ने हुन्छ भने माग पक्षमा यसको उपयोग गर्ने ज्ञान र क्षमता पनि बढाउनु पर्दछ । पहुँच विस्तारका लागि विभिन्न किसिमका आधुनिक प्रविधिको प्रयोग गर्न सकिन्छ भने माग पक्ष सबल बनाउन वित्तीय साक्षरता र उद्यमशीलता विकास गरिनुपर्ने देखिन्छ । डिजिटल प्रविधिको प्रयोग गर्न वित्तीय ज्ञानको अतिरिक्त डिजिटल ज्ञान हुनु पनि आवश्यक छ । अहिले मोबाइल र इन्टरनेटको माध्यमबाट अधिकांश बैंकिङ्ग कारोवारहरू गर्न सकिन्छ । तसर्थ, अधिकांश व्यक्तिहरूमा सूचना प्रविधिको प्रयोग क्षमता बढाउनु पर्दछ ।

वित्तीय स्थिरतासँगै वित्तीय समावेशिता विस्तार गर्न सरकार, केन्द्रीय बैंक, बैंक तथा वित्तीय संस्थाहरू र सूचना प्रविधिसँग सम्बन्ध संस्थाहरू पनि लाग्नु पर्ने आवश्कता छ । नवीनतम प्रविधिमार्फत वित्तीय सेवा विस्तार गर्दै यसबाट उत्पन्न जोखिमलाई न्यूनीकरण गर्दै जानु पर्ने हुन्छ । विद्यालय शिक्षामा पनि वित्तीय ज्ञान दिने व्यवस्था, व्यावसायिक र उद्यमशील हुने वातावरण दिनुपर्ने देखिन्छ । ■

*लेखक अर्थ मन्त्रालय, नेपाल सरकारका*
*आर्थिक सल्लाहकार हुनुहुन्छ ।*

# कर्जा कारोबारको डिजिटाइजेसनमा CPAS र CAD को कार्यान्वयन: परिचय, आवश्यकता, जिम्मेवारी र भूमिका



प्रताप सुवेदी

**परिचय**

बैंकिङ्ग व्यवसायको प्रमुख आधारको रूपमा कर्जा कारोबारलाई लिइन्छ । बैंकहरूको परम्परागत व्यवसाय र ठूलो पोर्टफोलियो समेत कर्जा कारोबारमा हुने हुँदा यसका लागि सबै कागजात, कानुनी प्रक्रिया एवं कम्प्लायन्सहरू पूरा गरी व्यवस्थित तथा आधुनिक तरिकाले फाइलहरू खडा गरी राख्नुपर्दछ । बैंकिङ्ग व्यवसाय आधुनिकीकरण हुने क्रममा सबै प्रोडक्टसहरू क्रमशः डिजिटाइजेसन र अनलाइनमार्फत् प्रवाह भइरहेका छन् । कर्जाको कारोबारमा असंख्य कागजपत्रहरू लिनुपर्ने, त्यसलाई विभिन्न तह (Authority level) सम्ममा पुर्‍याई अध्ययन गरी आवश्यक स्वीकृति लिई पुनः सम्बन्धित शाखाहरूमा पुर्‍याउनुपर्ने हुन्छ । यो कार्य जति छिटो तथा छरितो र गुणस्तरीय रूपमा सम्पादन गर्न सकिन्छ त्यति नै ग्राहकको सन्तुष्टी तथा बैंकको पोर्टफोलियोमा सुधार आई व्यवसाय अभिवृद्धि गर्न सकिन्छ । त्यसैगरी स्वीकृत कर्जाका सबै कानुनी शर्तहरू पूरा भएको अवस्थामा मात्र कर्जाको सीमा प्रदान गर्ने र ग्राहकलाई रकम उपलब्ध गराउने कार्य डिजिटल विधिको प्रयोग गरी कर्जा प्रशासन अन्तर्गत सम्पादन गर्न सकिन्छ । आधुनिक बैंकिङ्ग सेवाहरूमार्फत् कर्जा तथा सुविधाहरू ग्राहकलाई सुरक्षित, भरपर्दो र छिटो माध्यमबाट प्रदान गर्ने भरपर्दो विधिबाट कर्जामा डिजिटाइजेसन गर्न सकिन्छ ।

**स्वचालित कर्जा प्रशोधन सफ्टवेयर (CPAS)**

बैंकिङ्ग व्यवसायको कूल कारोबारको अधिकांश अंश कर्जा कारोबार अन्तर्गत रहने विषय माथि नै उल्लेख गरियो । कागजातहरूको कमभन्दा कम प्रयोग गरी आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्दै कर्जा सेवालाई सरल तथा सहज बनाउन कर्जा प्रशोधन, डकुमेण्टेसन कर्जा तथा सुविधा सीमा स्वीकृति गर्न ग्राहकले कर्जा आवेदन गरेको शाखादेखि स्वीकृति हुने तहसम्म र स्वीकृति हुने तह (कार्यालय) देखि पुनः ग्राहकले आवेदन गरेको शाखासम्म डिजिटल डकुमेण्टस् तथा फाइलहरू अनलाइन मार्फत पठाउने, प्राप्त गर्ने र सम्भव भएसम्मको प्रशोधन गर्ने प्रयोजनको लागि बैङकहरूले प्रयोग गर्ने सफ्टवेयरलाई स्वचालित कर्जा प्रशोधन सफ्टवेयर (Credit Process Automation Software-CPAS) भनिन्छ । यद्धपी बैंक अनुसार यस सफ्टवेयरको नाम फरक फरक राखिएको पनि पाइन्छ । कर्जा स्वीकृति पश्चातमात्र शाखा कार्यालयले स्वीकृत गरेको कर्जा प्रदेश कार्यालयमा रहेको कर्जा प्रशासन ईकाइले र प्रदेश कार्यालय एवं मुख्य कार्यालयले स्वीकृत गरेको कर्जा ग्राहकले कर्जा सुविधा प्रस्ताव पत्र (CFOL) मा सहमति जनाइसकेपछि मुख्य कार्यालयस्थित कर्जा प्रसासन (CAD) ले बैंकको कोर बैंकिङ्ग सिस्टममा प्रविष्टि गर्ने व्यवस्था रहेको छ । तसर्थ CPAS भनेको CBS भन्दा वाहिरी सफ्टवेयर हो र कर्जा स्वीकृति पश्चात मात्र बैंकको कोर बैंकिङ्ग प्रणालीमा प्रविष्टि गरिन्छ ।

**कर्जा कारोवारको डिजिटाइजेसन र CPAS सफ्टवेयरको आवश्यकता**

कृषि विकास बैंकले कर्जा तथा सुविधाको सीमा स्वीकृति प्रक्रियालाई डिजिटाइज गर्दै आफ्ना ग्राहकलाई छिटो छरितो सरल तथा सहज रूपमा अनलाइनमार्फत स्वीकृत गर्ने र कर्जा स्वीकृतसँग सम्बन्धित सबै कागजात एवं डकुमेण्टलाई डिजिटाइज गर्दै विद्युतीय फाईलिङ्ग (e-filing) गर्न एवं कर्जा स्वीकृति प्रक्रियामा हुने फाइल एवं कागजातहरूको भौतिक ओसार पसार (Physical Transfer) लाई पूर्णरूपमा अन्त्य गर्ने उद्देश्यका साथ संचालक समितिबाट स्वीकृति भई कार्यान्वयनमा ल्याएको सफ्टवेयरलाई CPAS (Credit Processing Automation Software) भनिन्छ । कर्जा प्रशोधनको देहायका क्षेत्रमा उपयोग गरी कर्जा कारोवारलाई

डिजिटाइजेसन गर्न सकिन्छ ।

- कर्जा तथा सुविधाको स्वीकृति प्रक्रियालाई अनलाइनमार्फत सम्पादन गर्ने ।
- Document Management System को रूपमा Internal Domin मार्फत सञ्चालन हुने ।
- छिटो छरितो र सुरक्षित प्रविधिबाट कर्जा फाइलहरू सम्बन्धित शाखा वा तहसम्म आदान प्रदान हुने ।
- कर्जा कारोवारसँग सम्बन्धित असंख्य कागजातहरूलाई डिजिटल स्वरूपमा परिणत गरी अपलोड गरी फाइलमा समावेश गर्न सकिने ।
- कागजपत्रहरूको स्वतः विद्युतीय फाइलिङ्ग (e–filing) हुने ।
- कर्जासँग सम्बन्धित कागजपत्रहरूलाई अनुगमन ट्याकिङ्ग गर्न सकिने ।
- कर्जा कागजातहरूको आन्तरिक र बाह्य लेखापरीक्षणलाई सिस्टमबाट नै गर्न सकिने ।
- कर्जा फाइल र कागजातहरूको डिजिटल विधिबाट आन्तरिक जाँच एवं आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत गराउन सहयोग पुग्ने ।
- कर्जा फाइलहरूको झन्झटपूर्ण कागजी प्रक्रियाबाट मुक्त हुन ।
- कर्जा फाइल र कागजातहरूको भौतीक ओसारपसारबाट सृजना हुन सक्ने सम्भाव्य जोखिमहरूबाट बच्न ।
- कर्जा स्वीकृति प्रस्तावमा हुने वित्तीय विवरण तथा अन्य विवरणहरूको स्वतः गणना (Auto Calculation) बाट गणितीय शुद्धता हासिल हुने ।
- सेवाग्राहीलाई सरल सहज र गुणस्तरीय सेवा प्राप्त हुने ।
- कर्जा तथा जमानत कारोवारमा आउने जोखिमलाई न्यूनीकरण गर्न सहयोग हुने ।

**कर्जा प्रशासन** (CAD)

कर्जाको स्वीकृति र वितरण (Approval & Disbursement) को सन्तुलन (Check & Balance) कायम गर्न कर्जा विभाग अन्तर्गतको महत्वपूर्ण इकाई हो । जसले कर्जा स्वीकृतिका क्रममा उल्लेख भएका शर्तहरू पूरा भए नभएको, पेश गर्नुपर्ने सम्पूर्ण कागजातहरू ऋणीले पेश गरे नगरेको लगायत विषयहरू र आवश्यक पर्ने सम्पूर्ण कागजातहरूको यकिन गरी मात्र स्वीकृत कर्जाको सीमा (Limit) दिने कार्य गर्दछ । यसबाट कर्जा जोखिम कम गर्न र कर्जाको गुणस्तरमा समेत वृद्धि गर्दछ । कर्जा प्रसासन (CAD) ले मुलत Documentation Risk लाई न्यून गर्दै सुरक्षण (Security) सँग सम्बन्धित कागजातहरूको कडाइका साथ प्राप्त गर्ने र उच्च जोखिम हुने ग्राहकको समेत आवश्यक अनुगमन गर्दै कर्जा जोखिम न्यूनीकरण गर्न सहयोग पुऱ्याउँदछ । साथै कर्जाको पोर्टफोलियोको विश्लेषण गर्ने कडा संयन्त्रबाट तत्काल लिमिट घटबढ, मार्जिन सुविधा, व्याजदर, फी, कमिशन लगायत विषयमा पुनः आवश्यक रणनीति लिन सहज बनाउँछ । कर्जा प्रसासन (CAD) लाई मुख्यत देहायका २ भागमा राखी अध्ययन गर्न सकिन्छ । यसले एकातर्फ ऋण प्रवाह र अनुगमनमा कडाइ गर्दछ अर्कोतर्फ कर्जा सुविधाको डिजिटाइजेसन र कर्जा जोखिम न्यूनीकरणमा सहयोग पुऱ्याउँदछ ।

**कर्जाको केन्द्रिकृत प्रवाह (Centralized Disburshment)**

कर्जा स्वीकृत गर्ने अख्तियार प्राप्त तहबाट स्वीकृत भएका कर्जा तथा सुविधाहरूको शर्तहरू ऋणीबाट अनिवार्य रूपमा पालना गराउने सोसँग सम्बन्धित सबै डकुमेण्टहरू अनिवार्य रूपमा प्राप्त गरी/गराई मात्र कर्जा लिमिट राख्ने कार्यहरू पर्दछन । यस अन्तर्गत मुख्यतः स्वीकृत मिति, स्वीकृत गर्ने अधिकारी, कर्जा सम्झौताको विस्तृत विवरण, डकुमेण्टस समीक्षा गर्ने अधिकारी, बिमा लेखहरू प्राप्ति, मालपोत रोक्का, दृष्टिबन्धक गरेको कागजात, अन्य तोकिएका र आवश्यक पर्ने कागजातहरू सम्बन्धी विषयहरूको प्राप्ति/यकिन गरी लिपमट उपलब्ध गराई मात्र कर्जा तथा सुविधाहरू प्रवाह गरिन्छ । जसले गर्दा कर्जा जोखिमलाई कम गर्न सहयोग पुऱ्याउँदछ ।

**कर्जाको केन्द्रिकृत अनुगमन (Centralized Monitoring)**

स्वीकृत कर्जा तथा सुविधाहरू ग्राहकलाई प्रवाह गरीसकेपछि कर्जा र पोर्टफोलियोको अवस्था कस्तो रह्यो, कति लिमिट स्वीकृत हुँदा कति रकमले लगानीमा वृद्धि हुन सक्यो, कुन शाखाले उच्चतम र न्यूनतम रकमले पोर्टफोलियो घटबढ भयो लगायत विषयको नियमित अनुगमन र समीक्षाबाट व्यवस्थापनले तत्काल आवश्यक सुधार गर्न सक्ने अवस्था रहन्छ । यसका लागि निम्न विषयहरू सम्बन्धित शाखा/कर्जा युनिटबाट CAD ले प्राप्त गरी कर्जाको लिमिट राख्ने कार्य गर्दछ । क्षेत्रगत रूपमा कर्जा वितरणको अवस्था, प्रदेश, शाखा तथा कर्जा युनिटहरूको कार्य सम्पादन विश्लेषण, धेरै

कर्जा वृद्धि गरेका कार्यालयहरूको विश्लेषण, कर्जा मिश्रण अनुपात विश्लेषण, धेरै र थोरै आवधिक कर्जा प्रवाह गर्ने कार्यालयहरूको विश्लेषण, स्वीकृत लिमिट र लगानीमा रहेको रकमको विश्लेषण आदिको तत्कालीन विश्लेषणबाट अल्पकालीन, मध्यकालीन रणनीति यथावत राखी वा आवश्यकता अनुसार हेरफेर गरी उद्देश्य हासिल गर्ने गरी कार्यक्रम सञ्चालन गर्न मद्दत पुग्छ ।

**CPAS र CAD को कार्यान्वयनमा विभिन्न तहका कार्यालयहरुको जिम्मेवारी र भूमिका**

कर्जा कारोवारलाई डिजिटाइजेसन, छिटो छरितो र स्वचालित विधिमा लैजान र कर्जा जोखिम कम गरी गुणस्तरीय पोर्टफोलियो वृद्धिका लागि बैंकले हालै कार्यान्वयनमा ल्याएका दुई यी प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि कर्जाको काम गर्ने इकाईहरू जस्तैः शाखा कार्यालय, प्रदेश कार्यालय, कर्पोरेट बैंकिङ्ग तथा कर्जा र ट्रेड फाइनान्स एवं एम.एस.एम.ई. विभाग एवं कर्जाको जोखिम विश्लेषण गरी लगानी गर्न सकिने नसकिनेबारे सुझाव दिन जोखिम व्यवस्थापन विभागको महत्वपूर्ण भूमिका रहेको हुन्छ । साथै कर्जामा काम गर्ने सबै तहका कर्मचारीहरू समेतको यसमा महत्वपूर्ण भूमिका रहन्छ ।

**(क) शाखा कार्यालयहरुको भूमिका**

CPAS प्रणालीमा शाखा कार्यालयहरू जुनसुकै कर्जा तथा सुविधाहरूको शुरूवातकर्ता तथा माथिल्लो तहबाट लिमिट स्वीकृत गर्न पर्ने अवस्था भएमा सिफारिशकर्ता र समीक्षकको भूमिकामा रहने हुँदा ग्राहकको छनौट गर्ने देखि सम्पूर्ण कागजातहरू प्रमाणित गरी लिने, चेकजाँच गर्ने धितो निरीक्षण, कर्जा तथा सुविधाको समीक्षा गर्ने लगायत कर्जा प्रशोधन सम्बन्धी सम्पूर्ण विषयहरुमा कम्प्लायन्स पूरा गरी CPAS मा प्रविष्टि र सम्पूर्ण कागजातहरू अपलोड गर्ने, नपुग कागजात पुनः लिई आफ्नो सीमाभित्र भए यसै सिस्टमबाट स्वीकृति गर्ने र माथिल्लो सीमा भए तोकिए बमोजिमको तहमा सिफारिश र समीक्षासहित पठाउने जिम्मेवारी र दायित्व रहन्छ । यसरी शाखाबाट स्वीकृति हुने कर्जाको लिमिट भने बैंकको प्रदेश कार्यालयको CAD UNIT ले पोष्टिङ गर्नुपर्ने हुन्छ ।

**(ख) प्रदेश कार्यालयको भूमिका**

शाखा कार्यालयहरुको सीमाभन्दा बढी रकमको कर्जा तथा सुविधा भएमा शाखाले प्रदेश कार्यालयहरूमा CPAS सिस्टमबाट पठाइसकेपछि प्रदेश कार्यालयको तोकिएको कर्जासँग सम्बन्धित फाँटमा आवश्यक विश्लेषण चेकजाँच गरी उपयुक्त देखिएमा र कम्प्लायन्स पूरा भएको अवस्थामा प्रदेशको जोखिम इकाईमा पठाई जोखिम मूल्यांकनबाट स्वीकृतयोग्य भएमा आफ्नो सीमाभित्रको भएमा प्रदेश प्रमुखले सिस्टमबाट कर्जा स्वीकृत गर्नुपर्ने, माथिल्लो तहमा पठाउनुपर्ने भएमा व्यवसाय कर्जा वा एम.एस.एम.ई. विभागमा CPAS सिस्टममार्फत तोकिएको समयमा पठाउनुपर्ने जिम्मेवारी र दायित्व रहेको छ । यसरी स्वीकृत हुने कर्जाको लिमिट भने केन्द्रिकृत रूपमा अर्थात मुख्य कार्यालयको CAD Unit ले पोष्टिङ गर्ने जिम्मेवारी रहन्छ ।

**(ग) कर्पोरेट कार्यालयको भूमिका**

कर्पोरेट बैंकिङ्ग कार्यालय कर्जा सुविधा स्वीकृत गर्न सक्ने अलग इकाई भएको हुँदा कर्जा तथा सुविधाहरूको शुरूवातकर्ता वा माथिल्लो तहमा जानुपर्ने सीमाको हकमा सिफारिशकर्ता र समीक्षकको रूपमा रहेको छ । तोकिएको शाखाले ग्राहकको छनौटदेखि सम्पूर्ण कागजातहरू प्राप्त गर्ने प्रमाणित गरी लिने, चेकजाँच गर्ने, धितो मूल्याङ्कन एवं समीक्षा गर्ने सम्पूर्ण कम्प्लायन्सहरू पूरा गरी CAPS मा प्रविष्टि गर्ने र सम्पूर्ण कागजात अपलोड गर्ने र कार्यविधि अनुसार जोखिम व्यवस्थापन विभागमा पठाउने, स्वीकृतयोग्य भएमा आफ्नो सीमाभित्रको लिमिट भएमा सिस्टमबाट स्वीकृत गर्ने माथिको सीमा भएमा सिस्टममार्फत् स्वीकृतिका लागि प्रमुख कर्पोरेट अधिकृत वा कर्जा कमिटीमा फरवार्ड गर्ने र सिस्टमबाट स्वीकृत कार्य गर्नुपर्नेछ । स्वीकृत कर्जाको लिमिट भने मुख्य कार्यालयको CAD Unit ले Posting गर्ने व्यवस्था रहेको छ ।

**(घ) मुख्य कार्यालय तथा विभागहरुको भूमिका**

प्रदेश/शाखाबाट प्राप्त कर्जा तथा सुविधा सम्बन्धित विभाग अर्थात व्यवसाय कर्जा तथा ट्रेड फाइनान्स विभाग वा एमएसएमई विभागमा CPAS System बाट प्राप्त भइसकेपछि विभागस्थित तोकिएको शाखाले प्रदेश कार्यालयको परियोजना तथा धितो निरीक्षण, धितो समीक्षा र कर्जा सिफारिशको सम्बन्धमा चेकजाँच गरी कर्जा कार्यविधि अनुसार लगानीयोग्य भएमा प्रक्रियाहरू पूरा गरी CPAS System बाट अपलोड गरी जोखिम व्यवस्थापन विभागमा पठाउनुपर्ने हुन्छ । जोखिम व्यवस्थापन विभाग को सम्बन्धित शाखाले विस्तृत कर्जा जोखिम विश्लेषणसहितको प्रतिवेदन र कागजातहरू CPAS System मा अपलोड गरी पुनः विभागमा पठाउने र विभागस्थित सम्बन्धित शाखाले सिफारिश समीक्षासहितको

टिप्पणी स्वीकृतिका लागि सम्बन्धित विभागीय प्रमुख/प्रमुख कर्जा अधिकृत/प्रमुख कार्यकारी अधिकृत वा कर्जा कमिटीमा पठाउने र तोकिएको तहबाट सिस्टम मार्फत स्वीकृत हुने र आवश्यकता अनुसारका शर्त सुविधाहरूसहित कर्जा स्वीकृत हुने हुँदा सोको जानकारी CAD एवं सम्बन्धित शाखालाई दिई लिमिट पोष्टिङको कार्य कर्जा विभाग अन्तर्गत CAD एकाईले गर्नुपर्ने हुन्छ ।

(ङ) CAD **को भूमिका र आवश्यकता**

शाखा कार्यालयको सीमाभित्रको कर्जा शाखा कार्यालय अर्थात प्रबन्धकले स्वीकृत गरेको अवस्थामा प्रदेश कार्यालयको CAD ले लिमिट पोष्टिङ सम्बन्धी कार्य गर्नुपर्ने र प्रदेश र मुख्य कार्यालयबाट स्वीकृत कर्जाको हकमा लिमिटका लागि ग्राहकले कर्जा सुविधा प्रस्तावपत्र (CFOL) स्वीकृति जनाइसकेपछि र शर्त सुविधाहरू पालना गरेपछि मुख्य कार्यालयको CAD UNIT ले तोकिए बमोजिम लिमिट पोष्टिङ गरिदिनु पर्दछ । यस सम्बन्धी अन्य कार्यहरू CPAS सम्बन्धी निर्देशिका र अन्य व्यवस्थामा उल्लेख भए अनुसार हुनेछन् । कर्जा प्रशासन CAD को प्रभावकारी कार्यान्वयनबाट कर्जा तथा डकुमेण्टससँग सम्बन्धित जोखिम कम गर्ने, सुरक्षण सम्बन्धित जोखिमहरू कम गर्ने, सुरक्षण सम्बन्धी कागजातहरूमा एकरूपता, आवधिक समीक्षाबाट कर्जाको अल्पकालीन रणनीतिहरू तय गर्न, ग्राहकलाई प्रदान गरिएको सुविधामा समयसापेक्ष परिवर्तन गरी पोर्टफोलियो बढाउन सहजता हुने, सम्पूर्ण शर्त पालना र कागजात प्राप्तिको यकिन गरेर मात्र केन्द्रिय स्तरबाट लिमिट पोष्टिङ गर्ने तथा समग्र कर्जा कारोवारलाई डिजिटाइजेसन गर्न सहयोग पुग्दछ । CAD र CPAS लाई कार्यान्वयन गर्दा चरणबद्ध रूपमा माथिल्लो तह र ठूलो कारोवारबाट क्रमशः तल्लो तहसम्म र सानो कारोवारसम्म जाँदा कार्यान्वयनमा सफलता हुने तर्फ समेत ध्यान दिइएको छ ।

**निष्कर्ष**

ग्राहकलाई अत्याधुनिक प्रविधिमा आधारित सुविधाहरू प्रदान गर्दै जाने क्रममा बैंकले अनलाइनमार्फत् नै कर्जा आवेदनदेखि स्वीकृतिसम्मको कार्य गर्ने नीति कार्यान्वयन गर्ने क्रममा बैंक रहेको छ । कर्जा कारोवारलाई क्रमशः डिजिटाइजेसन गर्दै गुणस्तरीय पोर्टफोलियो कायम गर्ने सन्दर्भमा बैंकले चालु आर्थिक वर्षदेखि शुरूवात गरेका प्रस्तुत दुवै Tools हरूको प्रभावकारी कार्यान्वयनबाट एकातर्फ बैंकको छिटो छरितो, गुणस्तरीय कर्जा तथा सुविधाका सेवाहरू ग्राहकलाई प्राप्त हुने अवस्था सृजना भइसकेको छ भने अर्कोतर्फ गुणस्तरीय पोर्टफोलियो कायम गर्दै व्यवसाय अभिवृद्धि गर्ने र कर्जा जोखिम न्यूनीकरण हुने अपेक्षा गरिएको छ । ■

*लेखक कृषि विकास बैंक लि. का का.मु. उपमहाप्रबन्धक (प्रमुख कर्जा व्यवसाय अधिकृत) हुनुहुन्छ ।*

**सन्दर्भ सामग्री**

1. https://www.mindtree.com/about/resources/automated-corporate-credit-processing-solution
2. https://softwareconnect.com/credit-management/
3. Credit Administration overview, credit policy, qualification and skills, corporate finance institute
4. Credit Process Automation software (CPAS) guideline ADBL
5. Annual program and budget of ADBL (FY2077-78)

# आर्थिक वर्ष २०७७/०७८ को मौद्रिक नीतिमा कृषि क्षेत्रको अगुवा बैंकको रुपमा कृषि विकास बैंक



यज्ञ प्रकाश न्यौपाने

सरकारले हरेक आर्थिक वर्षमा आफ्नो बजेटमार्फत् वित्तीय नीतिको तर्जुमा गरी लागू गर्ने गरेको हुन्छ । वित्तीय नीतिले निर्देशित गरेको उद्देश्यहरू प्राप्त गर्न मुलुकको केन्द्रीय बैंकले मौद्रिक नीतिको तर्जुमा गरी कार्यान्वयन गर्ने गर्दछ । केन्द्रीय बैंकले सरकारको आर्थिक सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा काम गर्नुका अतिरिक्त मुलुकको समग्र आर्थिक अवस्थाको मूल्यांकन एवं विश्लेषण गर्ने, वित्तीय तथा मौद्रिक अवस्थाको विश्लेषण गरी मूल्य स्थिरता तथा विदेशी बिनिमय कायम गर्न मौद्रिक नीति जारी गर्ने, मुद्रा निश्कासन साथै बैकिङ्ग तथा वित्तीय प्रणालीको स्वस्थ विकासको उपयुक्त नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने तथा विदेशी विनिमय प्रणाली स्थापित गर्नुका साथै संचिति व्यवस्थापन गर्ने लगायतका प्रमुख कार्य गर्ने गर्दछ । बैंकको उद्देश्यको रूपमा अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र सोधनान्तर स्थिरता कायम गर्नका लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने रहेको छ ।

> **सामाजिक न्यायसहितको दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा हासिल गर्ने आधारशिला तयार हुँदै गरेको अवस्थामा कोभिड-१९ ले अनपेक्षित चुनौती थपेको छ ।**

वित्तीय नीतिले निर्दिष्ट गरेका उद्देश्यहरू प्राप्त गर्न सघाउ पुर्‍याउने अभिप्रायले मुद्राको मात्रा उपभोग र लगायतलाई प्रभाव पार्न अपनाउने नीति नै मैद्रिक नीति हो । वित्तीय साधन परिचालन गर्ने अर्थतन्त्रको एक महत्वपूर्ण उपकरण मौद्रिक नीति जहाँ मुद्राको परिणाम, ब्याजदर, मुद्राको उपलब्धता तथा विनिमयदर आदि समावेश गरिएका हुन्छन् । मौद्रिक उपकरणहरूको माध्यमबाट मूल्य स्थिरता कायम गर्नु पर्दछ । अर्थतन्त्रमा मुद्रा बजारका औजार प्रयोग गरी मुद्राको प्रदाय (Money Supply) बाट मुद्राको मूल्य (Value of Money) बजारमा ब्याजदरको अवस्था, वस्तु तथा सेवाको मूल्यमा परेको/पर्ने प्रभावहरूलाई अध्ययन गर्दै अर्थतन्त्रलाई स्वतन्त्र, दिगो र स्थायी रूपले संचालित गर्न मौद्रिक नीति केन्द्रिकृत रहेको हुन्छ ।

कोभिड-१९ महामारीले विश्वभर मानवीय संकटका साथै आर्थिक संकट उत्पन्न गरेको भिन्न परिवेशमा आर्थिक वर्ष २०७७/६८ को मौद्रिक नीति तर्जुमा गरिएको देखिन्छ । विश्व अर्थतन्त्र सन् १९३० को दशकको महामन्दीपछिको सबैभन्दा ठूलो संकुचनमा गएको छ । विश्वले एकै पटक स्वास्थ्य संकट र आर्थिक संकट व्यहोर्नु परेका कारण गरिबी, बेरोजगारी र आय असमानता बढ्ने अनुमान छ । सामाजिक न्यायसहितको दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा हासिल गर्ने आधारशीला तयार हुँदै गरेको अवस्थामा कोभिड-१९ ले अनपेक्षित चुनौती थपेको छ । लगातार तीन वर्षको उच्च आर्थिक वृद्धिपछि आर्थिक वर्ष २०७६/७७ मा न्यून आर्थिक वृद्धि रहेको अनुमान छ । मुद्रास्फीति लक्षित सीमाभित्रै रहने, आयात संकुचन भएका कारण व्यापार घाटा तथा चालु खाता घाटामा सुधार, शोधनान्तर बचत उल्लेख्य बढेको, निक्षेप परिचालनको तुलनामा कर्जा विस्तार कम रहेको, वित्तीय पहुँच उल्लेख्य विस्तार भएको छ । वित्तीय कारोबारमा विद्युतीय भुक्तानीको प्रयोग बढ्दै गइरहेको छ । वित्तीय विस्तारसँगै आधुनिक भुक्तानी प्रणालीका लागि पूर्वाधार विकासको काम अगाडि बढेको छ । मोबाइल बैंकिङ्गको प्रयोग बढेका कारण बन्दाबन्दीको समयमा समेत बैंकिङ्ग कारोबार सहज भएको छ । कोभिड-१९ का कारण विश्वभर नै श्रम बजार र विप्रेषण

आप्रवाह प्रभावित हुने अनुमान छ । वैदेशिक रोजगारीमा गएको श्रमशक्ति फर्किने क्रमसँगै त्यसको असर आन्तरिक श्रम बजारमा पनि पर्ने भएको छ । प्रमुख श्रम गन्तव्य मुलुकहरू आर्थिक संकुचनमा गएसँगै विप्रेषण आप्रवाहमा कमी आएमा सोको असर बैंकिङ्ग क्षेत्रको साधन परिचालन, बाह्य क्षेत्र सन्तुलन तथा गरिबी निवारणमा पर्ने देखिएको छ । कोभिड-१९ महामारीले अर्थतन्त्रमा पारेको असर व्यवस्थापन गर्न मौद्रिक नीतिले मूल्य र बाह्य क्षेत्र स्थायित्व कायम राख्दै आर्थिक पुनरूत्थानमा जोड दिन, आर्थिक गतिविधिलाई चलायमान बनाउन कोभिड-१९ बाट प्रभावित क्षेत्रको कर्जा व्यवस्थापन र नेपाल राष्ट्र बैंक पहुँचमा सहजीकरण गर्नुपर्ने र वित्तीय साधनलाई उद्यमशीलता विकास, उत्पादन अभिवृद्धि र रोजगारी सिर्जना गर्नेतर्फ प्रोत्साहित गर्न, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक स्थिति एवं परिदृश्यलाई ध्यानमा राखी आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीति तर्जुमा गरेको छ ।

### मौद्रिक नीतिका प्रमुख उद्देश्यहरु

मौद्रिक नीतिका प्रमुख उद्देश्यहरू निम्न बमोजिम रहेका छन्

- मूल्य स्थिरता कायम गर्ने
- भुक्तानी सन्तुलन कायम गर्ने
- वित्तीय स्थायित्व कायम गर्ने
- उच्च तथा दिगो आर्थिक वृद्धिका लागि सघाउ पुऱ्याउने
- रोजगारीका स्तरका वृद्धि गर्नुपर्ने

### आर्थिक पुनरुत्थान

उल्लेखित उद्देश्य प्राप्तिका लागि अर्थतन्त्रको अवस्थालाई दृष्टिगत गरी अर्थतन्त्रको अनुकूल हुने गरी मौद्रिक नीति निर्धारण गर्दछ । मुख्यतया मौद्रिक नीति दुई किसिमको अवलम्बन गरेको पाइन्छ ।

- विस्तारयोग्य नीति (Expansionary Monetary Policy)
- संकुचित मौद्रिक नीति (Tight Monetary Policy)

उल्लेखित मौद्रिक नीतिमा कुन किसिमको मौद्रिक नीति अपनाउने सम्बन्धमा त्यस देशको त्यस समयको आर्थिक अवस्था र सरकारको वित्तीय नीतिमा निर्भर गर्दछ । विस्तारित मौद्रिक नीतिले मुद्राको आपूर्तिमा वृद्धि गर्दछ । जसले बेराजगारी कम गर्न, निजी क्षेत्रको खर्च बढाउँछ, उपभोक्ताको खर्च बढाउँछ र आर्थिक वृद्धिमा साहायत पुऱ्याउँछ । विभिन्न उपकरणहरूको उपयोग गरी केन्द्रीय बैंकले आफ्नो लक्ष्य हासिल गर्दछ । मुद्रा संकुचनको अवस्था भएमा विस्तारयोग्य मौद्रिक नीति उपयुक्त मानिन्छ भने मुद्रास्फीतिको अवस्था विद्यमान भएमा विस्तारयोग्य मौद्रिक नीति उपयुक्त मानिन्छ । संकुचित मौद्रिक नीति अन्तर्गत मुद्राको आपूर्तिमा कमी गरिन्छ । यस अन्तर्गत मुद्रा स्फीतिको नियन्त्रण गर्नका लागि यस प्रकारको मौद्रिक नीति प्रयोग गरिन्छ । संकुचित मौद्रिक नीतिले विकासको गति ढिलो गर्दछ र बेराजगारीमा वृद्धि गर्दछ । केन्द्रीय बैंककले देशको आर्थिक अवस्था, अर्थतन्त्रको साइज हेरी विभिन्न किसिमको उपकरणहरूको प्रयोग गर्दछ ।

### मौद्रिक नीतिको महत्व

**(Importance of monetary policy)**

- वित्तीय संस्थाहरूको विकास र सबलीकरण गर्न
- बजारमा ब्याजदर नियन्त्रण गर्न
- मुद्राको माग र आपूर्तिबीचको सन्तुलन कायम गर्न
- सरकारको ऋण पत्र व्यवस्थापन गर्न
- मुद्रास्फीतिको प्रभावलाई नियन्त्रण गर्न
- भुक्तानी सन्तुलन कायम गर्न ।
- विदेशी विनिमयको सन्तुलन कायम गर्ने ।

### मौद्रिक नीतिको आवश्यकता

**(Need of Monetary Policy)**

समष्टिगत आर्थिक उद्देश्यहरू, आर्थिक वृद्धि, मूल्य स्थिरता, बाह्य क्षेत्र स्थिरता तथा वित्तीय क्षेत्र स्थिरता लगायतका लक्ष्यहरू हासिल गर्नका लागि मौद्रिक नीतिको उपयोग गरिन्छ । मौद्रिक नीतिले आफ्ना उद्देश्यहरू हासिल गर्नका लागि बैंकदर, खुला बजार कार्य, अनिवार्य नगद मौज्दात अनुपात, वैधानिक तरलता अनुपात, निक्षेप बोलकबोल जस्ता उपकरण प्रयोग गर्दै, तरलता अर्थात् लगानीयोग्य पुँजीको उपलब्धतामा परिवर्तन ल्याउँदछ । तरलतामा आएको परिवर्तनले व्याजदरमा परिवर्तन ल्याउँदछ । यसबाट हुनसक्ने जोखिम नियन्त्रणका लागि पूर्व सचेतना प्रणाली, शीघ्र सुधारात्मक कारबाही, दबाब परीक्षण, ग्राहक पहिचान नीति, Capital AdequacyRatio, आकस्मिक योजना जस्ता प्रक्रियाहरू अपनाउँछ ।

**(क) मूल्य तथा आर्थिक स्थिरता कायम गर्न**

अर्थतन्त्रमा वस्तु तथा सेवाको मूल्यमा अनपेक्षित रूपमा उतार चढाव नहुने वा नभएको अवस्थालाई मूल्य स्थिरताको रूपमा लिने गरिन्छ । निश्चित प्रतिशतसम्मको मूल्यस्तरको वृद्धिलाई बान्छनीय मानिन्छ । उल्लेखितभन्दा बढी दरमा मूल्यको घट/बढ भएमा मुद्रा संकुचन वा मुद्रास्फीति हुने हुँदा यसको नियन्त्रण गर्न मौद्रिक नीति केन्द्रित रहन्छ । यसरी वित्तीय बजारलाई चलायमान राख्न, मुद्रास्फीतिलाई नियन्त्रण राख्न, वित्तीय बजारमा हुनसक्ने जाखिमलाई समयमा नियन्त्रण गरी मूल्य स्थिरता हासिल गर्ने मौद्रिक नीतिको प्रमुख उद्देश्य रहेको छ ।

मूल्य स्थिरता कायमका लागि केन्द्रीय बैंकले मुद्रा आपूर्ति (Money Supply) लाई नियन्त्रण गर्दछ । यसका लागि Cash Reserve Ratio (CRR), Statuatory Liquidity Ratio(SLR), CCD ratio,CD ratio, Net Liquidity Ratio, Sectoral Loan Limit, interestrate corridorh:tf उपकरणहरूको प्रयोग गर्ने ।

**(ख) शोधनान्तर स्थितिमा स्थायित्व एवं बाह्य क्षेत्र स्थिरता हासिल गर्न**

विश्व अर्थतन्त्रको क्रियाकलापबाट आफ्नो अर्थतन्त्रमा हुनसक्ने प्रभावलाई आफ्नो अनुकूल हुने गरी नीतिहरू तर्जुमा एवं कार्यान्वयन गर्न मौद्रिक नीतिको अर्को प्रमुख उद्देश्य रहेको विदेशी विनिमय दरमा स्थायित्व कायम गर्नका लागि स्वदेशी मुद्राको मूल्यमा स्थायित्व कायम राख्न आवश्यक नीतिको तर्जुमा गर्ने, विदेशी वस्तु तथा सेवा आयात गर्नका लागि विदेशी मुद्रा संचिति कायम राख्न चालु खाता सञ्चालनका लागि नीतिहरू निर्धारण गर्न, विदेशी मुद्रा भुक्तानीमा दिशानिर्देश गर्दछ । यसका लागि केन्द्रीय बैंकले विदेशी मुद्राको विनिमय दर तोक्ने, आवश्यकता अनुसार विनिमयदरको अवमूल्यन र पुनरमूल्यांकन गर्ने गर्दछ । विश्व अर्थतन्त्रको प्रभावबाट आफ्नो अर्थतन्त्रमा हुनसक्ने प्रभावलाई पहिचान गरी सोको सकारात्मक उपायहरू अवलम्बन गर्ने, मुद्रास्फीतिलाई नियन्त्रण राख्न, वित्तीय बजारमा हुनसक्ने जोखिमलाई समयमा नियन्त्रण गरी विदेशी विनिमयदर स्थिरता कायम गर्नु मौद्रिक नीतिको प्रमुख उद्देश्य रहेको छ । यसरी राज्यको समग्र मौद्रिक क्रियाकलापहरू सञ्चालनका लागि मौद्रिक नीति केन्द्रित रहन्छ ।

**(ग) आर्थिक वृद्धि हासिल गर्न**

मौद्रिक नीतिमार्फत् उच्च : दिगो तथा फराकिलो आर्थिक स्थिरता कायम हुन सकेमा स्वदेशी लगानी आकर्षित भई आर्थिक क्रियाकलापहरू वृद्धि हुनेछन् । त्यसका लागि केन्द्रीय बैंकले बैंकिङ्ग उद्योगमा बचत परिचालन, कर्जा प्रभाव सीमा निर्धारण, आधार ब्याजदर, राज्यका आन्तरिक तथा बाह्य ऋणको सीमा अस्त्रहरूको सहारा लिने गर्दछन् तसर्थ मौद्रिक नीति समग्र अर्थतन्त्रको समृद्धिका लागि महत्वपूर्ण औजारको रूपमा रहेको हुन्छ ।

**नेपालको केन्द्रीय बैंकले लिएको मौद्रिक लक्ष्य:**

- मुद्रास्फीतिलाई सीमित प्रतिशतभित्र सीमित गर्ने ।
- बाह्य क्षेत्रको स्थायित्वका लागि वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने ।
- नेपाल सरकारले तय गरेको आर्थिक वृद्धि दरलाई सहयोग पुऱ्याउने गरी आवश्यक तरलता व्यवस्थापन गर्ने ।
- भारतीय मुद्रासँगको स्थिर विनिमय दरलाई मौद्रिक अंकुशको रूपमा यथावत राखी सोको व्यवस्थापनका लागि मौद्रिक तथा कर्जा योगांकहरूलाई वाञ्छित स्तरमा राख्ने ।
- विस्तृत मुद्राप्रदाय वृद्धिदरलाई उचित सीमाभित्र कायम गर्ने ।
- नेपाल सरकारको बजेटसँग तादात्म्य हुने गरी आन्तरिक कर्जा वृद्धिको लक्ष्य निर्धारण गर्ने
- निजी क्षेत्रतर्फको कर्जा विस्तारको सीमा कायम गर्ने आर्थिक पुनरूत्थान

**मौद्रिक नीतिको सञ्चालन लक्ष्य तथा उपकरण र वित्तीय क्षेत्रसँग सम्बन्धित व्यवस्था:**

- ब्याजदर करिडोर पद्धतिलाई समयसापेक्ष परिमार्जन गर्ने गरी लागू गरेको ।
- स्थायी तरलता सुविधा दरलाई ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा लिइने पद्धतिलाई यथावत् कायम गरिएको
- स्थायी तरलता सुविधाको व्यवस्था ।
- बैंक तथा वित्तीय संस्थाहरूले कायम गर्नुपर्ने अनिवार्य नगद मौज्दात प्रतिशत तथा वैधानिक तरलता अनुपात सम्बन्धी व्यवस्था ।
- बैंक तथा वित्तीय संस्थाहरूलाई तोकिएका सुरक्षणपत्रको धितोमा प्रदान गरिने स्थायी तरलता सुविधाको समयावधि सम्बन्धी व्यवस्था

- पुनर्कर्जा सुविधा प्रदान गर्ने व्यवस्था ।
- पुनर्कर्जा कोष स्थापना गर्ने ।
- कृषि बण्ड तथा उर्जा बण्ड सम्बन्धि व्यवस्था
- डिजिटलाइजेसनमा प्राथमिकता
- मर्जर तथा एक्विजेसनलाई प्राथमिकता

कोभिड-१९ संक्रमणबाट प्रभावित अर्थतन्त्रलाई पुनरूत्थान गर्न कृषि, उर्जा, पर्यटन तथा घरेलु, साना एवं मझौला उद्योगमा कर्जा लगानी प्रोत्साहित गर्ने नीति अवलम्बन गरी आर्थिक वर्ष २०७७/७८ देखि बैंक तथा वित्तीय संस्थाले तोकिएका प्राथमिकता प्राप्त क्षेत्रमा गर्नुपर्ने कर्जा लगानी सम्बन्धी व्यवस्थामा समेत परिमार्जन गरेको छ । पुनर्कर्जाको पहुँच विकेन्द्रित गरिएको छ । सहुलियतपूर्ण कर्जा कार्यक्रम पुनर्संरचना गर्दै दायरा फराकिलो बनाएको छ । कृषि उत्पादनमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षा कायम गर्न र बहुसंख्यक नेपालीको आय आर्जन तथा रोजगारीको आधारको रूपमा रहेको कृषि क्षेत्रको विकासका लागि वाणिज्य बैंकले २०८० असार मसान्तसम्म कूल कर्जा लगानीको न्यूनतम १५ प्रतिशत कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था गरेको छ । कृषि विकास बैंकलाई कृषि क्षेत्रको अगुवा बैंक (Lead Bank) को रूपमा विकास गर्नेछ । कृषि क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन सो बैंकले कृषि ऋणपत्र नेपाल राष्ट्र बैंक (Agricultural Bond) जारी गर्नसक्ने व्यवस्था गरेको छ । वाणिज्य बैंकहरूले २०८१ असार मसान्तसम्म आफ्नो कूल कर्जा लगानीको न्यूनतम १० प्रतिशत उर्जा क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरेको छ । कोभिड-१९ संकटबाट अति प्रभावित हवाई उड्डयन व्यवसाय, यातायात, होटल, रेष्टुरेन्ट लगायतका पर्यटन क्षेत्रका उद्यम-व्यवसाय पुनरूत्थानका लागि चालु पुँजी कर्जा, सहुलियतपूर्ण कर्जा र पुनर्कर्जा प्रवाहमा प्राथमिकता दिएको छ । पर्यटन क्षेत्रसँग सम्बन्धित निर्माणाधीन आयोजनाहरू निर्माण सम्पन्न गर्न पुँजीको अभाव हुने भएमा त्यस्ता आयोजनाका लागि बैंक तथा वित्तीय संस्थाबाट सहज ढंगबाट कर्जा उपलब्ध हुने व्यवस्था र वाणिज्य बैंकहरूले २०८१ असार मसान्तसम्म लघु, साना एवं मझौला उद्यमका क्षेत्रमा रू. १ करोडभन्दा कम रकमका कर्जाहरू आफ्नो कूल कर्जा लगानीको न्यूनतम १५ प्रतिशत हुने गरी प्रवाह गर्नुपर्ने व्यवस्था गरेको छ ।

कोभिड-१९ प्रकोपको कारण अर्थतन्त्रमा परेको असरलाई मध्यनजर राख्दै उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका लागि विद्यमान सहुलियतपूर्ण कर्जा कार्यक्रम सरल रूपमा कार्यान्वयन हुने व्यवस्था गरी बैंक तथा वित्तीय संस्थाबाट तोकिएका क्षेत्रमा यस्तो कर्जा ऋणीलाई ५ प्रतिशत ब्याजदरमा उपलब्ध हुने व्यवस्था गरेको छ ।

कोभिड-१९ बाट प्रभावित पेशा, उद्यम र व्यवसायको कर्जामा पहुँच अभिवृद्धि गर्दै आर्थिक क्रियाकलाप विस्तारका लागि सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन र देशका दुर्गमस्थानसम्म कर्जा सुविधा सहज गर्ने उद्देश्यले पुनर्कर्जा सम्बन्धी विद्यमान व्यवस्थामा परिमार्जन गर्दै पुनर्कर्जाका लागि उपलब्ध कोषको ५ गुणासम्म पुनर्कर्जा उपलब्ध गराउने व्यवस्था गरेको छ ।

कोभिड-१९ संक्रमणका कारण प्रभावित अर्थतन्त्र पुनरुत्थान गर्न बैंक तथा वित्तीय संस्थाहरूको साधन प्रवाह अभिवृद्धि गर्न कर्जा स्रोत परिचालन अनुपात (CCD Ratio) को सीमा २०७८ असार मसान्तसम्मका लागि ८० प्रतिशतबाट बढाई ८५ प्रतिशत कायम गरेको । आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र नगदमा असुल भएको ब्याज रकमलाई नियामकीय कोषमा सार्नु नपर्ने व्यवस्था रहेकोमा यस्तो अवधि आर्थिक वर्ष २०७६/७७ का लागि ९० दिन कायम गरेको छ । ३ प्रतिशतको अनिवार्य नगद अनुपात वैधानिक तरलता अनुपात १० प्रतिशत अन्तिम ऋणदाता सुविधाको रूपमा उपयोग गर्ने बैंक दरलाई ५ प्रतिशतमा कायम गरेको छ । सबल र सुरक्षित विद्युतीय भुक्तानी प्रणालीको विकास गर्दै नगद कारोबार न्यूनीकरण गर्न नेपाल सरकारले कार्यान्वयनमा ल्याएको डिजिटल नेपाल फ्रेमवर्कको मर्मअनुरूप सबै प्रकारका वित्तीय कारोबार विद्युतीय माध्यमबाट गर्न प्रोत्साहित गर्ने व्यवस्था गरेको छ । विद्युतीय भुक्तानीमा Quick Response (QR) Code मार्फत हुने भुक्तानीलाई व्यवस्थित गर्न मार्गदर्शन जारी गर्ने भुक्तानी प्रणालीको विकास सम्बन्धी सूचकहरू (Payment System Development Indicator, PSDI) प्रकाशन गर्ने नेपाल राष्ट्र बैंक सरकारी ऋणपत्रको कारोबार व्यवस्थित गर्न सरकारी ऋणपत्रको अभौतिकीकरण गर्ने ।

**सन्दर्भ : कृषि विकास बैंक लि.**

नेपाल राष्ट्र बैंकले जारी गरेको आर्थिक वर्ष २०७७/०७८ को मौद्रिक नीति तथा एकीकृत निर्देशनमा कृषि विकास बैंकलाई कृषि क्षेत्रको अगुवा बैंक (Lead Bank) को रूपमा विकास गरी कृषि क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन बैंकले कृषि ऋणपत्र (Agricultural Bond) जारी गर्न सक्ने व्यवस्था र यस्तो ऋणपत्रमा गरेको लगानीमार्फत् अन्य बैंक तथा

वित्तीय संस्थाहरूलाई कृषि कर्जा अनुपात कायम गर्न सकिने व्यवस्था गर्ने उल्लेख छ । साथै उक्त मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाहरूले एकआपसमा गर्दै आएको कृषि कर्जा खरिद बिक्री (Credit Swap) को व्यवस्थालाई थप सरलीकरण गरिने विषय समेत उल्लेख भएको छ । नेपाल राष्ट्र बैंकले गरेको यस व्यवस्थाले कृषि विकास बैंकलाई कृषि ऋणपत्रको निष्काशन तथा व्यवस्थापन गर्न मात्र नभई यस क्षेत्रमा कर्जा प्रवाह गर्न तथा श्रोत व्यवस्थापन गर्न ठूलो जिम्मेवारी प्रदान गरेको छ । यस व्यवस्थाले बैंकलाई कृषि क्षेत्रमा केन्द्रित भई कार्य गर्ने नयाँ र थप अवसर समेत प्रदान गरेको छ ।

आर्थिक वर्ष २०७७/०७८ को मौद्रिक नीतिमा गरिएका व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा समग्र कर्जाको विकास सँगसँगै कृषि कर्जा समेत वृद्धि गर्दै लैजानुपर्ने भएकाले कृषि कर्जा विस्तारमा आवश्यक वित्तीय स्रोतका लागि बैंक तथा वित्तीय संस्थाहरूलाई लक्षित गरी निरन्तर रूपमा विभिन्न प्रकृतिका कृषि ऋणपत्र निष्काशन गर्न सकिने भएको । बैंकले कृषि व्यवसाय गर्न चाहने सर्वसाधारण किसानका लागि आवश्यक कृषि तालिम, कृषि कर्जा तथा अन्य प्राविधिक सहयोगको व्यवस्था गर्नेदेखि लिएर ठूला ठूला कृषि फर्म सञ्चालन तथा कृषि क्षेत्रसँग सम्बन्धित उद्योग लगायत मूल्य शृंखला परियोजना सञ्चालन गर्न चाहनेहरूका लागि सोही बमोजिम कृषि कर्जा प्रदान गर्ने जस्ता कार्यहरू समेत गर्न सक्ने क्रममा रहेको छ । समग्र कृषि क्षेत्रमा लगभग ५० अर्ब कर्जा प्रवाह गर्ने चालू आर्थिक वर्षको लक्ष्य रहेकोले उक्त लगानीलाई कम लागत र दिगो श्रोतको आधारमा कर्जा विस्तार गर्न आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रममार्फत रू. २४ अर्बसम्मको कृषि ऋणपत्र निष्काशन गर्न व्यवस्था भए बमोजिम २४ अर्बको कृषि ऋण निष्काशनका लागि नेपाल राष्ट्र बैंकसँग स्वीकृति माग गरेकोमा प्रथम पटक रू. ६ अर्बको ७ बर्षे वार्षिक ४ प्रतिशतको कृषि ऋणपत्र निष्काशनका लागि स्वीकृतिपत्र प्राप्त भएको छ । यसरी पहिलो चरणमा ६ अर्बको ७ वर्षे, तत्पश्चात ६ अर्बको ८ वर्षे, ६ अर्बको ९ बर्षे र ६ अर्बका १० वर्षे अवधिको कृषि ऋणपत्र निष्काशन थालेको छ ।

मौद्रिक नीतिको प्राथमिकता बमोजिम बैंकिङ् सेवाहरूलाई अत्याधुनिक र ग्राहक मैत्री बनाउँदै लैजाने क्रममा आफ्ना सम्पूर्ण सेवाग्राहीलाई अत्याधुनिक प्रविधियुक्त बैंकिङ् प्रणालीको प्रयोगबाट गुणस्तरीय सेवा प्रदान गर्न Digital Banking मार्फत् सबै नेपालीको घरआँगनसम्म सहज बैंकिङ् पहुँच भन्ने अभियानलाई तीव्रताका साथ अगाडि बढाउने अभिप्रायले आधुनिक बैंकिङ्का Product हरू जस्तैः IPS, Connect IPS, Visa Debit Card, Internet Banking, Mobile Banking, E-Sewa, Fonpay, C–ASBA, DMAT, Online Account Opening सेवा जस्ता आधुनिक Electronic Banking को Instruments को प्रयोगलाई तीव्रता दिइने तथा सेवालाई upgrade को साथै यस बैंकलाई कृषि क्षेत्रको अगुवा बैंकको रूपमा विकास गरी लामो अवधिसम्म लगानी गर्न भरपर्दो स्रोत कृषि बन्ड र किसानलाई ऋण तथा अनुदानसँग आबद्ध गरी भुक्तानी प्रणालीलाई प्रविधि सुरक्षित किसान क्रेडिट कार्ड र किसानहरूलाई जानकारीमूलक सूचना समेत दिन किसान एप सञ्चालनमा ल्याएको छ । ■

*लेखक कृषि विकास बैंकका का.मु. उपमहाप्रबन्धक (प्रमुख वित्त अधिकृत) हुनुहुन्छ ।*

**सन्दर्भ**

1. "Milton Friedman on nobelprize.org". Nobel Prize. 1976. Archived from the original on April 12, 2008. Retrieved February 20, 2008.

2. Edward Nelson (April 13, 2011). "Friedman's Monetary Economics in Practice"Archived December 31, 2014, at the Wayback Machine. "in important respects, the overall monetary and financial policy response to the crisis can be viewed as Friedman's monetary economics in practice. ... Friedman's recommendations for responding to a financial crisis largely lined up with the principal financial and monetary policy measures taken since 2007". "Review" in Journal of Economic

(३) नेपाल राष्ट बैंकबाट बैंक तथा बित्तीय संस्थाहरूलाई आ.बव २०७७/७८ को मौद्रिक नीति

(४) कृषि विकास बैंक लि. को आ.ब.२०७७/७८ को बजेट तथा कार्यक्रम पुस्तिका

# कर्जा जोखिम व्यवस्थापन : असुली रणनीति र यसको प्रभाव



ध्रुवचन्द्र गौतम

**पृष्ठभूमि**

कुनै पनि बैंकको स्थाना मूलतः दुई वटा प्रमुख कार्यका लागि भएको हुन्छ ।

१. कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाको निक्षेप स्वीकार गर्नु,

२. कर्जा तथा सापट प्रदान/प्रवाह गर्नु ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ को परिच्छेद ७ को दफा ४९(१) बमोमिज 'क' वर्गका वाणिज्य बैंकहरूले बैंकिङ्ग तथा वित्तीय कारोवार सञ्चालन सम्बन्धी व्यवस्था अन्तर्गत बैंकको प्रमुख कार्यमध्ये ब्याज तथा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने वा विभिन्न वित्तीय उपकरणमार्फत् निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने, चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम कर्जा दिने लगायतका महत्वपूर्ण कार्यहरू पर्दछन् । यी दुई प्रमुख कार्यअन्तर्गत नै बैंकका विभिन्न वस्तु एवं सेवाका माध्यमबाट बैंकिङ्ग व्यवसाय सञ्चालन भई ग्राहक/सेवाग्राहीको चाहना परिपूर्ति एवं बैंकको उद्देश्य समेत पूरा हुने गर्दछ ।

'कर्जा तथा सुविधा' अथवा कर्जा सापट भन्नाले व्यक्ति, फर्म, कम्पनी संस्था वा अन्य व्यावसायिक प्रतिष्ठानलाई निश्चित अवधिभित्र अप्रत्यक्ष प्रत्याभूति, कर्जाको ब्याज वा अन्य दस्तुर, पुनरकर्जा, कर्जाको पुनर्संरचना र नवीकरण, जारी गरिएको जमानी तथा अन्य बचनवद्धता सम्झनु पर्दछ । साथै गैरकोषमा आधारित बैंक जमानत, प्रतीतपत्र, क्रेडिट कार्ड सुविधा तथा शेयर धितोमा राखी लिइएका कर्जा लगायतका कारोवारलाई समेत जनाउँछ ।

तसर्थ कर्जा लगानी बैंक तथा वित्तीय संस्थाको प्रमुख कारोवार हो, जसमा बढी जोखिम समेत अन्तर्निहित हुन्छ । गुणस्तरीय कर्जा प्रवाह गर्न सकियो र कर्जा लगानीपूर्व ग्राहकको व्यावसायिक योजना, कर्जा तिर्न सक्ने क्षमता, धितो जमानतको गुणस्तर, योग्यता, आयस्तर, व्यवहार, पारिवारिक पृष्ठभूमि, सामाजिक प्रतिष्ठा, वित्तीय विवरणहरूको अध्ययन र विश्लेषणका साथै जोखिमको स्तर समेत मापन गरी सुरक्षित लगानी गरिनु पर्दछ । तर जोखिम न्यून हुने र बैंकले प्रवाह गरेको कर्जा सुरक्षित भई तोकिएको समयमा नै कर्जा/सापट, सुविधाको साँवा, किस्ता, ब्याज असुल हुन्छ भन्ने विश्वास रहँदारहँदै पनि कतिपय अवस्थामा प्रवाहित कर्जा जोखिममा पर्ने गर्दछ र कर्जाका साँवा, ब्याज समयमै असुलउपर हुन नसकी कर्जा निस्क्रिय सम्पत्तिमा परिणत हुने अवस्था सिर्जना हुन्छ ।

मूलतः कर्जा निस्क्रिय वा समस्याग्रस्त हुनुमा बैंकको भन्दा पनि ग्राहकको काबु बाहिरको परिस्थिति वा बदनियत, लापरबाही एवं दुरूपयोगले हुने गर्दछ । साथै देशको आर्थिक, राजनीतिक एवं सामाजिक अवस्थामा हुने परिवर्तन, प्राकृतिक विपत्ति, मानवीय क्षति, महामारी जस्ता कारणले समेत कर्जा समस्याग्रस्त भई समयमै असुल उपर हुन नसक्ने अवस्था सिर्जना हुन्छ । यसरी कर्जाको गुणस्तरमा ह्रास आई वा क्षति भई परियोजना/व्यवसाय सञ्चालनमा नरही वा बन्द भई ग्राहकले तोकिएको समयमा बैंकलाई कर्जा सापटको साँवा, किस्ता तथा ब्याज भुक्तानी गर्न असमर्थ रहेमा वा बैंक र कर्जाग्राही बीच भएको सम्झौताका शर्त उल्लंघन भएको कारण समेतका आधारमा विभिन्न कानुनी प्रक्रिया अवलम्बन, सामाजिक एवं पारिवारिक दवाव, तरताकेता, कर्जाको साँवा ब्याज बुझाउन पूर्व स्मरणपत्र, २१ दिने सूचना आदिका माध्यमबाट कर्जाग्राहीलाई सुसूचित गरिन्छ । यी विधि र प्रक्रिया अवलम्बनबाट समेत कर्जा असुलउपर हुन नसकेमा ऋणीले दिएको धितो/जमानत सार्वजनिक रूपमा लिलाम बिक्री गरी असुलउपर गर्ने कार्यलाई नै कर्जा असुली भनिन्छ ।

**बैंकिङ्ग व्यवसायमा कर्जा सम्बन्धी जोखिम (Credit Risk) र यसको व्यवस्थापन**

बैंकबाट प्रवाह भएको कर्जा विभिन्न कारणले असुल उपर हुन नसक्ने अवस्था वा बैंकका कर्जाग्राहीलाई आफ्नो असक्षमता (Inability) वा अनिच्छा (unwillingness) का कारण बैंकप्रतिको प्रतिबद्धता पूरा गर्न नसकी बैंकलाई हुन सक्ने सम्भावित हानी/नोक्सानीलाई कर्जा सम्बन्धी जोखिम भनिन्छ, अर्को शब्दमा जब कुनै एक पक्ष (ऋण लिने वा कर्जा सापट दिने) ले आफ्नो दायित्व पूरा गर्दैन वा उसलाई दायित्व पूरा गर्नबाट बञ्चित गराउने अवस्था सिर्जना हुन्छ, त्यसबेला कर्जा जोखिममा पर्न जान्छ । कर्जा लिने व्यक्ति वा संस्थाले ऋण नतिर्नुबाट नै कर्जा सम्बन्धी जोखिम उत्पन्न हुन्छ । जसका स्रोतहरू तपसिल बमोजिम रहेका छन् ।

- कर्जा लगानी भई तोकिएको समय सीमाभित्र साँवा तथा ब्याज असुल नहुनु,
- वासलात बाहिरको कारोबारबाट उपयुक्त समयमा रकम प्राप्त नहुनु वा शर्तको उल्लंघन हुनु,
- ट्रेजरी व्यवसायमा सम्झौता अनुसार रकम प्राप्त नहुनु,
- धितो/धितोपत्र Realize नहुनु,
- बैंक सम्बन्धी अन्य दाबी भुक्तानी रहनु ।



**कर्जा जोखिमका कारणहरु**

- देशको अर्थ व्यवस्था,
- सरकारी नीति,
- ठूलो परिमाणमा हुने वस्तु तथा सेवा, शेयर मूल्य, विदेशी विनिमय दर एवं ब्याजदरमा हुने परिवर्तन,
- Credit Policy मा भएको कमजोरी,
- अधिकेन्द्रित कर्जाको असीमित प्रवाह,
- कमजोर कर्जा प्रशासन,
- सीमाविहीन कर्जा लगानी,
- ऋणीको वित्तीय अवस्थाको पर्याप्त विश्लेषण नहुनु,
- सुरक्षणमा अधिक निर्भरता रहनु,
- कर्जा जोखिमको पुनरावलोकन गर्ने संयन्त्रको अभाव,
- साथै ऋणीहरूको कार्यकुशलतामा भएको कमजोरी आदि ।

बैंकिङ्ग व्यवसायमा सबैभन्दा बढी जोखिम हुने अवस्था ऋणीलाई प्रवाह गरिएको कर्जा नै हुने हुँदा जोखिमको समयमा नै पहिचान विश्लेषण, मापन, अनुगमन, नियन्त्रण र व्यवस्थापन गर्नु जरूरी छ । बैंकिङ्ग व्यवसायमा जोखिमको अवस्था बैंकको आन्तरिक कारणले मात्र नभई हालको विश्वव्यापीकरण, आर्थिक उदारीकरण, आधुनिकीकरण र प्रविधिमा भइरहेको तीव्र विकास र परिवर्तनको प्रभावका कारण समेत सृजना हुने गर्दछ । यसैले कर्जा/सापट सुविधा प्रदान गर्नुपूर्व जोखिमको प्रभावकारी ढंगले पूर्वानुमान गरिनु आवश्यक छ । जसबाट जोखिम न्यून हुन गई कर्जा लगानी सहज र सरल ढंगले असुल हुन सक्दछ ।

भनिन्छ, "Loan is self is not bad, either lender or receiver is bad." कर्जा आफैंमा खराब हुँदैन या त कर्जा लगानी गर्ने वा कर्जा लिनेमध्ये कुनै एउटा पक्ष खराब हुन सक्दछ । त्यसैले बैंकले कर्जा लगानी गर्दा Portfolio व्यवस्थापन गर्न र ऋणीको पहिचान नगरी लगानी गर्दा कर्जा जोखिममा पर्ने, निस्क्रिय कर्जामा परिणत हुने र कर्जा असुलउपर नहुने अवस्था आउँछ ।

त्यसैले कर्जा लगानी गर्दाका बखत नै कर्जाग्राही र परियोजनाको सूक्ष्म विश्लेषण गर्ने हो भने कर्जाको गुणस्तर कायम हुन जान्छ र निस्क्रिय सम्पत्तिको मात्रा बढ्न सक्दैन । त्यसैले भनिन्छ, "Quality lending is half collection." कर्जाको गुणस्तर कायम गर्न र जोखिम न्यूनीकरण गरी समयमै कर्जाको साँवा, ब्याज एवं किस्ता भुक्तानी हुने अवस्था सिर्जना गर्न र निस्क्रिय कर्जाको उचित व्यवस्थापन एवं न्यूनीकरण गर्न प्रत्येक आर्थिक वर्षको श्रावण तथा माघ मसान्तसम्म आफ्नो कार्यालयबाट लगानी भएको कर्जालाई वर्गीकरण गरी सोको रेकर्ड अद्यावधिक गरी राख्नु पर्दछ । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार भाखा नाघेको अवधिको आधारमा सम्पूर्ण कर्जालाई देहाय

बमोजिम वर्गीकरण गर्नु पर्दछ ।

१. **सक्रिय कर्जा** (Performing Loan) : यस कर्जा अन्तर्गत २ प्रकारका कर्जा पर्दछन् ।

(क) **असल** (Pass) **कर्जा**

१. भाखा ननाघेका र १ महिनासम्म भाखा नाघेका कर्जा,

२. मुद्दती रसिदको धितोमा गएका कर्जा,

३. नेपाल सरकारको सुरक्षणपत्र तथा नेपाल राष्ट्र बैंकको ऋणपत्रको धितोमा गएको कर्जा,

४. पर्याप्त सुरक्षण लिई प्रति ग्राहक १० (दश) लाख सम्म प्रवाह भएको सुनचाँदी कर्जा ।

(ख) **सूक्ष्म निगरानी** (Watch list) **कर्जा**

१. एक महिनादेखि तीन महिनासम्म भाखा नाघेका कर्जा,

२. नवीकरण नभई अस्थायी रूपमा भुक्तानी अवधि बढाइएका अल्पकालीन एवं चालू प्रकृतिको कर्जा,

३. अन्य कुनै पनि बैंक तथा वित्तीय संस्थामा निस्क्रिय कर्जामा वर्गीकरण भएको ग्राहकलाई प्रदान गरिएको कर्जा,

४. साँवा ब्याज नियमित भुक्तानी भए तापनि लगातार दुई वर्षदेखि खुद नोक्सानी वा नेटवर्थ ऋणात्मक रहेको फर्म/कम्पनी/संस्थालाई प्रवाह भएको कर्जा निर्माणाधीन परियोजनाको हकमा व्यवसायीले उत्पादन सुरू गरेपछि मात्र यो व्यवस्था लागु हुने ।

(२) **निस्क्रिय कर्जा** (Non performing loan) **कर्जा** : यस अन्तर्गत तीन प्रकारका कर्जा पर्दछन् :

(क) **कमसल** (Sub standard) **कर्जा** : ३ (तीन) महिनादेखि ६ महिनासम्म भाखा नाघेका कर्जा

(ख) **शंकास्पद** (Doubtful) **कर्जा** : ६ महिनादेखि एक वर्षसम्म भाखा नाघेका कर्जा

(ग) **खराब** (Loss) **कर्जा** : १ वर्षभन्दा बढी अवधिले भाखा नाघेको कर्जा

(घ) **पुनरतालिकीकरण/पुनर्संरचना** गरिएका र गरिएको बखत २५ प्रतिशत ब्याज रकम असुल उपर भएको कर्जा ।

यसका अतिरिक्त देहायको अवस्थामा रहेका कर्जालाई समेत खराब वर्गमा वर्गीकरण गर्नुपर्दछ ।

- ऋणी टाट पल्टेमा वा टाट पल्टेको घोषणा भएमा,
- ऋणी हराएमा गायब भएमा,
- कर्जा दुरूपयोग भएमा,
- परियोजना/व्यवसाय सञ्चालन हुने अवस्था नरहेमा,
- परियोजना वा व्यवसाय संचालनमा नभएमा,
- एल.सी., बैंक ग्यारेन्टी र अन्य सम्भाव्य दायित्व फोर्स लोन (Force Loan) को रुपमा कोषमा आधारित कर्जामा परिणत भएको कर्जा ९० दिनसम्म असुली नभएमा,
- कर्जा असुल हुन नसकी लिलामी प्रक्रिया सुरू भएको १८० दिन नाघेमा वा असुली प्रक्रिया अन्तर्गत मुद्दा चलिरहेको अवस्थामा,
- कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका ऋणीहरूलाई कर्जा प्रदान गरेमा,
- सुरक्षणको बजार मूल्यले कर्जाको सुरक्षण हुन नसकेमा,
- खरिद डिस्काउन्ट गरेको बिल्सको भुक्तानी मितिले ९० दिनसम्म असुल नभएमा,
- कुनै व्यक्ति/फर्म/कम्पनीको नाममा रहेको कर्जा अर्को व्यक्ति/फर्म/कम्पनीले उपभोग गरेको अवस्थामा,
- टीआर कर्जा (Trust Receipt Loan) भुक्तानी गर्ने प्रयोजनका लागि एलसी खोल्दाका बखत उल्लेख नगरिएको अन्य कुनै नयाँ कर्जा स्वीकृत गरी प्रवाह भएमा,
- Credit Card कर्जा भाखा नाघेको मितिले ९० दिनभित्र अपलेखन नभएमा,
- ऋणीले एउटै मिति वा अवधिको अलग अलग वित्तीय विवरण पेश गरेको अवस्थामा,
- नेपाल राष्ट्र बैंकले समय समयमा दिएको निर्देशनबमोजिम कर्जाको वर्गीकरण गर्नुपर्ने ।

**कर्जाको वर्गीकरण अनुसार न्यूनतम कर्जा नोक्सानी व्यवस्था**

नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन बमोजिम वर्गीकरण गरिएका कर्जा सापटीको लागि वक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्दछ ।

| कर्जा वर्गीकरण | न्यूनतम कर्जा नोक्सानी व्यवस्था |
|---|---|
| (क) असल | १ प्रतिशत |
| (ख) सूक्ष्म निगरानी | ५ प्रतिशत |
| (ग) कमसल | २५ प्रतिशत |
| (घ) शंकास्पद | ५० प्रतिशत |
| (ङ) खराब | १०० प्रतिशत |
| (च) पुनर्संरचना वा पुनरतालिकीकरण | १२.५० प्रतिशत |

यस निर्देशन बमोजिम असल वर्गमा वर्गीकण भएका तर २०७७ असार मसान्तसम्ममा भुक्तानी गर्नुपर्ने साँवा ब्याज रकम असुल हुन नसकेको अवस्थामा भाखा नाघेको अवधिको आधारमा तल्लो वर्गमा वर्गीकरण गर्नुपर्ने कर्जाको लागि ५ प्रतिशत र किस्ताको ब्याज असुल भई साँवा रकम मात्र वक्यौता रहेका कर्जाको लागि २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

२०७६ पौष मसान्तमा असल बाहेक अन्य वर्गमा वर्गीकरण गरिएका कर्जालाई २०७७ असार मसान्तमा भाखा नाघेको अवधिको आधारमा कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

असल वर्गमा परेका तर ५ प्रतिशत वा २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गरिएका कर्जाको विवरण अलग्गै तयार गरी नेपाल राष्ट्र बैंकमा पेश गर्ने व्यवस्था रहेको छ ।

यसरी नेपाल राष्ट्र बैंकले कोभिड-१९ को महामारीबाट उत्पन्न समस्यालाई दृष्टिगत गरी उल्लेखित बमोजिम कर्जा नोक्सानी व्यवस्थामा अतिरिक्त सुविधा प्रदान गरेको छ ।

**बैंकको कर्जा असुली रणनीति**

बैंकले लगानी गरेको कर्जा गुणस्तरीय सुरक्षित र सम्पत्ति सिर्जना गर्ने खालको हुनुपर्ने सर्वमान्य सिद्धान्त हो । तर परियोजना विश्लेषण गर्ने क्षमताको कमी, धितो मूल्यांकनमा कमी, बिना धितोमा लगानी हुने कर्जाको परियोजना विश्लेषण नहुनु, अनुगमनमा कमजोरी रहनु, व्यावसायिक क्षेत्रमा लगानी हुनु, कानुनी पक्षमा त्रुटि हुन जानु, नीति नियमको कार्यान्वयनमा हुने कमजोरीका कारण असल कर्जा क्रमशः निस्क्रिय एवं खराब वर्गमा परिणत हुन जान्छ । तसर्थ कृषि विकास बैंकले एकीकृत कर्जा असुली कार्यविधि, २०७७ जारी गरी निस्क्रिय कर्जा (NPL) राफसाफ, अपलेखित एवं गैह्रबैंकिङ्ग सम्पत्ति (NBA) फछ्र्यौट गर्दै कर्जाको भुक्तानीमा नियमितता दिन मासिक ब्याजको धारमा ल्याई प्रत्येक कर्जालाई सक्रिय बनाउने र बैंकले ग्राहकबाट असुलउपर गर्नुपर्ने, बाँकी साँवा, ब्याज वा अन्य रकम असुल गर्ने, कर्जा नवीकरण गर्ने, कर्जा पुनर्संरचना तथा पुनरतालिकीकरण गर्ने वा दुवै पक्षलाई मान्य हुने गरी कर्जाको पुनर्स्थापना गर्ने कार्य गरिन्छ र कर्जा असुलीमा तपसिल बमोजिमका रणनीतिहरू अख्तियार गर्ने नीति अवलम्बन गरिएको छ ।

१. **कर्जाको वर्गीकरण गर्ने**

२. **कर्जालाई नियमित वा असुली गर्ने**

(क) **नियमित** (Regularize) **गर्ने**

- सम्झौता बमोजिम शर्त उल्लंघन हुन नदिने,
- छलफल गरी Discussion Paper तयार गरी मिसिलमा समावेश गर्ने,
- कर्जाको गुणस्तर घट्न नदिन उपायहरू खोज्ने,
- आंशिक फुकुवा वा अन्य वैकल्पिक उपायको अवलम्बन गर्ने ।

(ख) **कर्जा असुली स्मरणपत्र लेख्ने**

- **ब्याज बुझाउने बारेको स्मरणपत्र** : ब्याज वक्यौता भएमा स्मरणपत्र बुझाउने
- **कर्जा भुक्तानी सम्बन्धी स्मरणपत्र** : साँवा वा किस्ता भुक्तानी समय आउनुअगावै आगामी किस्ता र भुक्तानी मितिको बारेमा जानकारी गराउने ।

३. **ताकेतापत्र बुझाउने :**

**कर्जा भुक्तानी सम्बन्धी प्रथम ताकेतापत्र**

साँवा वा किस्ताको भाखा नाघेमा वा ब्याज वक्यौता भएका कर्जा ग्राहकलाई १५ दिनको म्याद दिई ताकेता पत्र धितोमञ्जुरी दिने तथा व्यक्तिगत जमानत दिनेलाई समेत बुझाउने ।

**कर्जा भुक्तानी सम्बन्धी दोस्रो ताकेतापत्र**

- प्रथम ताकेतापत्र पठाइसक्दा समेत असुल उपर नभएमा पुनः १५ दिनको म्याद दिई पत्रपत्रिकामा नाम प्रकाशन पूर्वको ताकेतापत्र लेख्ने तथा सोको पत्रको बोधार्थ धितो मन्जुरी दिने तथा व्यक्तिगत जमानत दिनेलाई समेत बुझाउनु पर्नेछ । सोको सहीछाप,

दस्तखत, पत्र बुझेको मिति तथा ऋणीको प्रतिबद्धता लिई मिसिलमा समावेश गर्ने ।

**परियोजना संचालन गर्ने बारेको पत्र**

- परियोजना आंशिक वा बन्द भएका ग्राहकहरूलाई समेत कर्जाको सदुपयोग गर्न पत्राचार गर्ने, अन्यथा कर्जा असुली कारबाही अगाडि बढाउने ।

**४. पत्रपत्रिकामा नाम प्रकाशन गर्ने**

पत्रिकामा कर्जा बुझाउने बारेको २१ दिने सूचना प्रकाशित गर्ने ।

**५. कालोसूचीमा नाम समावेश गर्ने**

**६. धितो लिलामी बिक्री कारबाही गर्ने**

(क) पत्रिकामा कर्जा बुझाउने बारेको ३५ दिने धितो लिलामी सम्बन्धी सूचना प्रकाशन गर्ने,
(ख) धितो वा सुरक्षणमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम गर्ने ।

**७. लिलाम हुन नसकेमा बैंक आफैंले धितो सकार गर्नेः**
यसका अतिरिक्त कर्जा असुलीका अन्य कारवाही तथा प्रक्रियाहरू संचालन गर्न सकिने छ ।

**८. ब्याज छुट गरी कर्जा राफसाफ गर्ने**

(क) समस्याग्रस्त कर्जा असुली तथा गैह्रबैंकिङ्ग सम्पत्ति राफसाफ गर्ने निर्देशिका-२०७७ को कार्यान्वयन गर्ने
(ख) निर्देशिकामा भएको व्यवस्था बमोजिम ब्याज छुट गरी निस्क्रिय कर्जा, अपलेखित कर्जा तथा गैह्रबैंकिङ्ग सम्पत्ति राफसाफ गर्ने ।

यसका अतिरिक्त कर्जा असुलीका अन्य कारबाही तथा प्रक्रिया सञ्चालन गर्न सकिने छ ।

**तपसिल**

१. ग्राहक, जमानतकर्ता, मन्जुरी दिने तथा अन्य व्यक्तिसँग सम्झौता गरी असुली गर्ने,
२. निस्क्रिय तथा खराब कर्जाको आंशिक फुकुवा प्रक्रियाबाट कर्जा राफसाफ गर्ने,
३. खराब कर्जालाई ब्याज छुट गरी कर्जा राफसाफ गर्ने,
४. पारिवारिक तथा सामाजिक दबाब सिर्जना गरी कर्जा राफसाफ गर्ने,
५. ऋण असुली न्यायाधीकरणमा उजुरी निवेदन दर्ता गरी कानुनी प्रक्रियाबाट असुल उपर गर्ने,
६. बैंक आफैंले धितो सुरक्षण सकार गरी असुलउपर गर्ने,
७. सम्बन्धित धितो धनीलाई गैह्रबैंकिङ्ग सम्पत्ति फिर्ता गरी राफसाफ गर्ने,
८. गैह्रबैंकिङ्ग सम्पत्ति शिलबन्दी टेण्डर गरी सकार सम्पत्ति फरफारक गर्ने ।

बैंकले चालू आ.व. २०७७/०७८ को बजेट कार्यक्रममा कर्जा असुली नीति एवं रणनीति निम्नबमोजिम तय गरेको छ ।

**कर्जा असुली नीति**

(१) निस्क्रिय कर्जा २ प्रतिशतभन्दा कम हुने गरी कर्जा असुली गर्ने ।

**कर्जा असुली रणनीति**

१. कर्जा नोक्सानी व्यवस्था २ प्रतिशतभन्दा बढी भएका कार्यालयहरूले गत आ.व.को भन्दा कम कायम हुने गरी कार्यक्रम संचालन गर्ने,
२. कर्जा वर्गीकरण अनुसार विशलेषण गरी कर्जा असुली कार्यक्रम संचालन गर्ने,
३. निस्क्रिय कर्जा राफसाफ गर्ने गरी संयन्त्र विकास गरी कर्जा असुली रणनीति तयार गर्ने,
४. समस्याग्रस्त निस्क्रिय कर्जा, अपलेखित कर्जा तथा गैह्रबैंकिङ्ग सम्पत्ति राफसाफ गर्ने गरी रणनीति अवलम्बन गर्ने,
५. ठूला कर्जाहरूलाई विशेष असुली व्यवस्था गरी कर्जा फरफारक गर्ने,
६. लामो समयदेखि निस्क्रिय रहेका, असुलउपर हुन नसकेका तथा मुद्दा परेका कर्जाहरूको असुली विभागबाट एकद्वार नीति अवलम्बन गरी प्राथमिकताका साथ असुल उपर गर्ने ।

उल्लेखित कर्जा असुली रणनीतिका अतिरिक्त बैंकबाट कर्जा सुविधा लिई कारोवार गरिरहेका ग्राहकहरूको विभिन्न कारणबाट विगत लामो समयदेखि कर्जा असुलउपर नभई निस्क्रिय रहेको कर्जा, अपलेखित कर्जा (खराब कर्जाको वर्गीकरणमा परी शतप्रतिशत नोक्सानी व्यवस्था भएका, कर्जा सुरक्षणमा रहेका धितो लिलाम बिक्री हुन नसकेको अवस्थामा बैंक आफैंले सकार गर्दा नपुग भएको रकम भएमा, धितो लिलाम रकमबाट बिक्री भई बैंकको लेना रकम नपुग भएकोमा, रू. ५० हजारभन्दा बढी रकम अपलेखन गर्दा कालोसूचीमा समावेश भएको कर्जा) तथा

गैह्रबैंकिङ्ग सम्पत्ति (कर्जा सुरक्षण वापत रहेको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंक आफैंले सकार गरेको सम्पत्ति) हरूमा ब्याज छुट प्रदान गर्दा यस किसिमका समस्याग्रस्त कर्जा असुलीमा सकारात्मक प्रभाव पार्ने र यसबाट निस्क्रिय कर्जा एवं समस्याग्रस्त कर्जाको अंश घटाउन मद्दत पुग्न जाने कुरालाई दृष्टिगत गर्नुका साथै कोभिड-१९ को महामारीका कारण व्यवसाय एवं ग्राहकलाई परेको असरलाई समेत न्यूनीकरण गर्ने अभिप्रायले **कर्जा असुली कार्यविधि २०७७** को अधीनमा रही बैंक संचालक समितिको स्वीकृतिमा **समस्याग्रस्त कर्जा असुली तथा गैह्रबैंकिङ्ग सम्पत्ति राफसाफ गर्ने निर्देशिका २०७७** जारी गरी सम्बन्धित कार्यालयहरूको रेकर्डमा अनिवार्य रूपमा कर्जाको वर्गीकरण गरी अद्यावधिक गरिएका मध्यम जोखिम भएका कर्जालाई 'क' वर्ग, (Category A) उच्च जोखिम भएका कर्जालाई 'ख' वर्ग, (Category B) अति उच्च जोखम भएका कर्जालाई 'ग' (Category C) मा वर्गकरण गरी निस्क्रिय कर्जाको ब्याजमा Overall Score को आधारमा Upper Limit मा ४० प्रतिशत अपलेखित कर्जाको ब्याजमा बढीमा ६० प्रतिशत र गैह्रबैंकिङ्ग सम्पत्ति (सकार) मा बढीमा ८० प्रतिशत, युवा स्वरोजगार कर्जा, साझा सहकारी संस्थामा प्रवाह भएका र Buy Back Guarantee मा प्रदान गरिएको कर्जामा अधिकतम छुट सीमा कायम गरी कर्जा असुल एवं फछ्र्यौट गर्ने नीति अवलम्बन गरेको छ । साथै बढी समस्याग्रस्त कर्जाको हकमा प्रमाणित कागजात, सिफारिसका आधारमा १० प्रतिशतदेखि बढीमा २० प्रतिशतसम्म अतिरिक्त थप ब्याज छुट गरी कर्जा राफसाफ गर्ने नीति अख्तियार गरिएको छ ।

### कर्जा असुली रणनीतिको प्रभाव

यसरी कर्जा असुली रणनीति अख्तियार गरी बैंकले आफ्नो सम्पत्ति एवं कर्जाको गुणस्तर कायम गर्न विगत केही वर्ष अगाडि ६० प्रतिशतभन्दा बढी निस्क्रिय कर्जाको अवस्थामा रहेको सूचकांकलाई शीघ्र सुधारात्मक एवं उपचारात्मक उपाय अवलम्बन गरी २०७७ असार मसान्तसम्म कूल कर्जामा निस्क्रिय कर्जाको २.८४ प्रतिशत र रकमका आधारमा ३.३४ अर्बमा सीमित गर्न सफल भएको छ । साथै, कोभिड-१९ को असरको अवस्थामा पनि २०७७ पौष मसान्तमा निस्क्रिय कर्जा करिब ४ प्रतिशतमा कायम गर्न सफल रहेको र लगानीमा रहिरहेको कर्जा, पाउनुपर्ने बाँकी ब्याज, कर्जा नोक्सानी व्यवस्था र निक्षेपको आकारलाई पनि वाञ्छित सीमाभित्र राख्न बैंक सफल भएको छ । यसरी कृषि विकास बैंकले कर्जा लगानी एवं असुलीमा लिएको रणनीतिले निस्क्रिय कर्जा, अपलेखित कर्जा एवं गैह्रबैंकिङ्ग सम्पत्तिको असुली एवं फछ्र्यौटमा उल्लेखनीय परिवर्तन भई बैंकको मुनाफा वृद्धि, जोखिम न्यूनीकरण र शेयरधनी एवं कर्मचारीले समेत उच्च लाभांश एवं प्रतिफल प्राप्त गर्नुका साथै कृषि विकास बैंकको शाखा समेत वृद्धि भई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रूपमा समेत बैंकको छवि अत्यन्त सकारात्मक बन्न पुगेको छ । ■

*लेखक कृषि विकास बैंक लि. का*
*उपमहाप्रबन्धक (प्रमुख कर्पोरेट अधिकृत) हुनुहुन्छ ।*

### सन्दर्भ सामग्री

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७१
२. नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन-२०७७
३. कृषि विकास बैंक लि., कर्जा असुली कार्यविधि २०७७
४. समस्याग्रस्त कर्जा असुली तथा गैह्रबैंकिङ्ग सम्पत्ति राफसाफ गर्ने निर्देशिका-२०७४
५. कृषि विकास बैंकको ४८ औं वर्ष प्रवेश विशेषांक २०७१
६. बैंक समाचार, ५३ औं वर्ष प्रवेश विशेषांक
७. वित्तीय सन्देश स्मारिका, अंक ६
८. संगठन स्मारिका (सृजना), अंक ४


ADBL
DEBIT CARD
स्मार्ट, सरल र सुरक्षित
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क" वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA


ADBL
बचत
योजना
हरेक नेपालीको चाहना,
सबैको लागि, सधैको लागि, ADBL बचत योजना
एक घर एक खाता हाम्रो अभियान
ADBL बचत योजना
कृषक बचत खाता
कर्मचारी निवृत्तिभरण बचत खाता
वेतनशिल नारी बचत खाता
शेयरधनी बचत खाता
समृद्धि बचत खाता
बा-आमा बचत खाता
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

# वित्तीय संस्थामा जोखिम व्यवस्थापन आवश्यकता तथा चुनौतीहरू



राजनविक्रम थापा

**विषय प्रवेश :**

सामान्य अर्थमा ब्यक्ति वा संस्थाले कुनै क्रियाकलाप गर्दा अनिश्चित कारणबाट बेहोर्नुपर्ने नकारात्मक असर एवम् परिणामलाई जोखिम भनिन्छ । तर वित्तीय संस्थाहरूमा जोखिमलाई अनिश्चितताको कारण उत्पन्न हुन सक्ने वित्तीय वा आर्थिक नोक्सानीलाई मात्र जोखिमको रूपमा लिइन्छ । कुनै पनि संगठनमा कार्य सम्पादनको क्रममा अनगिन्ति जोखिमहरूको सामना गर्नुपर्ने हुन्छ । ती सम्भावित जोखिमहरूलाई उपयुक्त समयमा सम्बोधन गर्न नसक्दा संस्थाले अकल्पनीय परिणाम समेत भोग्नु पर्ने हुन्छ । क्यानाडाको जोखिम व्यवस्थापन सम्बन्धी मागदर्शन जारी गर्ने संस्थाले "प्रतिकूल प्रभावको सम्भावना र गाम्भिर्यताको असरलाई मापन गरी स्वास्थ्य, धनसम्पत्ति, पर्यावरण वा अन्य मूल्यवान बस्तुहरू माथि पर्नसक्ने आघात तथा नोक्सानीलाई जोखिमको रूपमा परिभाषित गरेको छ ।[1] कुनै पनि व्यक्ति वा संस्थाले विभिन्न काम गर्दा आइपर्ने जोखिमलाई समय मै पहिचान गर्ने, मापन गर्ने, त्यसले कार्यसम्पादन एवम् वित्तीय अवस्थामा पार्न सक्ने असरका बारेमा आँकलन गर्ने, सम्भावित जोखिमबाट बच्नको लागि आवश्यक उपकरण तथा उपायका अवलम्बन गर्ने लगायतका कार्यहरूलाइ नै जोखिम व्यवस्थापन भनिन्छ । जोखिम अनिश्चितताको कारण उत्पन्न हुने भएकाले यसको पूर्वानुमान गरी एकै तवरबाट बर्गीकरण गर्न सकिँदैन । संस्थाको प्रकृति, लक्ष्य, आकार, प्रकार सञ्चालन क्षेत्र लगायतका विविध तत्वहरूले जोखिमलाई निर्धारण गर्दछ । जोखिम र प्रतिफलको वीचमा घनिष्ट सम्बन्ध हुन्छ । त्यसैले नाफामूलक संस्थाले जोखिमलाई हेर्ने दृष्टिकोण र गैरनाफामूलक क्षेत्रका संस्थाले हेर्ने दृष्टिकोणका वीच समानता देखिँदैन ।

**वित्तीय संस्थामा जोखिमको प्रकार**

वित्तीय संस्थाहरूले धेरै सरोकारवालाहरूसँग प्रत्यक्ष सम्पर्कमा रही कारोवार गर्ने तथा फरक प्रकारका सेवा प्रदान गर्ने भएकाले प्रकृतिगत हिसाबले पनि धेरै प्रकारका जोखिमको सामना गर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय सुपरिवेक्षकीय संस्था वासेल कमिटीले प्रस्तुत गरेको BASEL Capital Accord मा बैकिङ्ग क्षेत्रमा विद्यमान जोखिमहरूलाई जोखिमहरूलाई मुख्यतः तीन वर्गामा वर्गीकरण गरिएको छ ।

१. कर्जा जोखिम (Credit risk)
२. सञ्चालन जोखिम (Operational risk)
३. बजार जोखिम (Market risk)

**१. कर्जा जोखिम (Credit risk):**

सामान्यतयाः कर्जा जोखिम भन्नाले बैंक तथा वित्तीय संस्थाहरूले कुनै पक्षलाई कर्जाको रूपमा प्रवाह गरेको रकम सम्बन्धित पक्षबाट फिर्ता नहुने जोखिमलाई बुझिन्छ । तर विस्तृत अर्थमा वित्तीय संस्थाहरूले कर्जाको रूपमा लगानी गरेको रकम मात्र नभई कुनै पनि पक्षसँग जुनसुकै प्रकारका लिनु पर्ने बक्यौता रकम तोर्किएको शर्त र सम्झौता बमोजिम प्राप्त नभई सृजना हुने वित्तीय नोक्सानी नै कर्जा जोखिम हो । सैद्धान्तिक रूपमा कर्जा जोखिमलाई मुख्यतः दुई भागमा वर्गीकरण गर्ने गरिन्छ ।

- कारोवारमा निहित जोखिम (Transaction Risk): वित्तीय संस्थाहरूले आफनो कर्जा नीति बमोजिम विभिन्न ग्राहकहरूलाई कर्जा लगानी गर्दा ग्राहक तथा ऋणीको नियत तथा विश्वसनीयतामा देखिएको समस्याका कारण कर्जा असुल हुन नसेकेर उत्पन्न हुने जोखिमलाई कारोवारमा निहित जोखिमको रूपमा

१. The chance of injury or loss as defined as a measure of the probability and severity an adverse effect to health, property, the environment or other things of value.- ***The Canadian Standards Association Risk Management Guidelines for Decision Maker***

परिभाषित गरिएको छ । यस्तो जोखिम लगानी गर्ने संस्थाले सही पद्धतिबाट ऋणी तथा परियोजनाको विश्लेषण तथा छनौट गर्न नसकेर उत्पन्न हुने गर्दछ । नेपालको सन्दर्भमा ऋणी तथा परियोजनाको वित्तीय विवरण, सञ्चालकहरूको योग्यता र क्षमता, कारोवारको आकार, आयश्रोत, व्यवसायको संभावना, बजार लगायतका पक्षहरूलाई विश्लेषण गुर्नभन्दा पनि चलअचल सम्पत्तिको मूल्य तथा आपसी सम्बन्धको आधारमा कर्जा प्रदान गर्ने प्रवृत्ति रहेका कारण यस्तो प्रकृतिका कर्जा जोखिमको मात्रा अधिक देखिन्छ ।

- पोर्टफोलियोमा हुने जोखिम (Portfolio Risk) : कुनै एउटा ऋणी तथा परियोजनाको समस्याका कारण नभई कुनै वित्तीय संस्थाले गरेको निश्चित क्षेत्र वा प्रोडक्टमा नै समस्या उत्पन्न भई कर्जा नउठ्ने वा लगानी गरेको रकम असुली नभई उत्पन्न हुन जोखिमलाई पोर्टफोलियो जाखिमको रूपमा लिइन्छ । कुनै वित्तीय संस्थाको कुल बक्यौता रकममध्ये उठन नसक्ने कर्जाको प्रतिशतलाई यस्तो जोखिमको रूपमा लिइन्छ । सामान्यतया बढि मुनाफाको अपेक्षा गरी गरिएका लगानीमा यस्तो जोखिमको मात्रा पनि अधिक नै रहेको हुन्छ ।

२. **सञ्चालन जोखिम (Operational risk):**

सञ्चालन जोखिम भन्नाले व्यवसाय सञ्चालनमा संलग्न मानवीय पक्षहरूको कमी कमजारी, प्रविधिमा हुने गडबडी, नीतिगत विचलन, सुशासन सम्बन्धी व्यवस्थाको अवहेलना, प्राकृतिक प्रकोप तथा अकल्पनीय घटना आदिका कारण संस्थाले बेहोर्नुपर्ने नोक्सानीलाई बुझिन्छ । बैंकिङ्ग व्यवसायमा हुने सञ्चालन जोखिमका सम्बन्धमा वासेल कमिटीले कुनै पनि वित्तीय संस्थाको कमजोर र अपर्याप्त आन्तरिक प्रणाली, संलग्न मानिसहरूको कमजोरी तथा, बाह्य घटनाहरूको कारणबाट सृजित नोक्सानीलाई सञ्चालन जोखिम (Operational risk)[२] को रूपमा परिभाषित गरेको छ । यस्तो जोखिम अन्तर्गत कानुनी जोखिमलाई समेत समावेश गरिने कुरा उक्त परिभाषाबाट स्पष्ट हुन्छ । सञ्चालन जोखिमको परिभाषामा समेटिए जस्तै बैंकले नियमित कार्यसञ्चालनको लागि कार्यान्वयनमा ल्याएको आन्तरिक प्रणाली, सञ्चालन नीति तथा प्रकृया, कार्यसञ्चालनका लागि प्रयोगमा ल्याइएका यन्त्र, सफटवेयर, बैंकमा कार्यरत कर्मचारी, बैंक सञ्चालनमा संलग्न पक्षहरूको नियत, बैंकले विकास गरेको कर्जा तथा निक्षेपका प्रोडक्ट, प्राकृतिक प्रकोप, आकस्मिक घटना, दुर्घटना आदिका कारण बैंकले नोक्सानी बहोर्नु पर्दा सञ्चालन जोखिम सृजना हुन्छ । सञ्चालन जोखिम बैंकले गर्ने प्रायः सबैजसो कारोवारमा रहेकै हुन्छ तर पछिल्लो समयमा आधुनिक बैंकिङ्गको अवधारणा र तीव्र प्रतिस्पर्धात्मक वातावरणमा प्रयोगमा ल्याइएका सफ्टवेयर, इलेक्ट्रोनिक बैंकिङ्ग, मोवाइल बैंकिङ्ग, कार्ड बैंकिङ्ग लगायतका विद्युतीय माध्यमबाट हुने प्रविधिमैत्री कारोवारमा यसको मात्रा बढदै गएको देखिन्छ ।

३. **बजार जोखिम (Market risk):**

बैंकले लगानी गरेको वस्तु वा सम्पत्तिको बजार मूल्यमा परिवर्तन भई हुनसक्ने नोक्सानी तथा जोखिमलाई बजार जोखिम (Market risk) भनिन्छ । बैंकको कच्चा पदार्थको रूपमा रहने निक्षेप तथा कर्जाको व्याजदर, लगानी गरिएका शेयरबाट प्राप्त हुने प्रतिफलमा हुने उतारचढाब, विदेशी मुद्राको विनिमयदर आदिमा हुने परिवर्तनले संस्थाको मुनाफामा पार्ने प्रतिकुल असर सबै यस अन्तर्गत पर्दछन् । यस अर्न्तगत विशेष गरी देहायका जोखिम पर्दछन् ।

- व्याजदर जोखिम (Interest rate risk)
- शेयर लगानीको मूल्यमा हुने उतारचढावले हुने जोखिम (Equity risk)
- सुन चाँदी वा कमोडिटी बजारको मूल्यमा हुने उतारचढाब Commodity risk
- विदेशी विनिमयदरमा हुने परिवर्तनले हुने जोखिम (Forex risk)

वित्तीय संस्थामा सामना गर्नुपर्ने जोखिमहरूलाई उपर्युक्त तीन प्रकारका जोखिमभित्रै नै समेटनु उपयुक्त हुन्छ । तापनि प्रकृतिगत र विशेषतागत हिसाबले यसका अलवा तरलता जोखिम, कानुनी जोखिम, प्रतिष्ठा जोखिम लगायत धेरै प्रकारका जोखिमहरू अन्तर्गत समेटिएका हुन्छन् । वित्तीय संस्थाहरूको परम्परागत कार्य निक्षेप संकलन गर्ने र संकलित रकमको मुख्य अंश कर्जाकोरूपमा लगानी गर्ने नै हो । यसरी कर्जा लगानी गरी सोबाट

---

२. Risk of loss resulting from inadequate or failed internal processes, people and systems or from external events.. This definition includes legal risk, but excludes strategic and reputational risk(Basel Committee on Banking Supervision, 2006).

आर्जित आयबाट नै संस्था सञ्चालन तथा शेयरधनीलाई प्रतिफल वितरण गर्नुपर्ने भएकाले तुलनात्मक रूपमा यस्ता संस्थाहरूमा कर्जा जोखिमको मात्रा अधिक रहेको पाइन्छ । नेपालको बैंकिङ्ग क्षेत्रमा पुँजीगत र व्यवस्थापकीय क्षमता समेतका आधारमा चार प्रकारका वित्तीय संस्थाहरू क्रियाशील रहेका छन् । ती सबै प्रकारका संस्थाहरूको आआफ्नै लक्षित क्षेत्र, कर्जा नीति, कर्जाका प्रोडक्ट एवम् विशेषताहरू हुने भएकाले जोखिमको मात्रा र दायरा पनि फरक तहमा नै रहेको हुन्छ ।

## कोभिड-१९ पछिको अवस्थामा जोखिम व्यवस्थापन

### जोखिम व्यवस्थापन र यसको आवश्यकता

जोखिम व्यवस्थापनको अवधारणा दोस्रो विश्वयुद्ध पश्चात शुरूवात भए पनि सन् १९५० को दशकपछि मात्र यसले व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण स्थान पाएको देखिन्छ । खासगरी नाफामूलक व्यवसायहरूमा देखिएको अनगिन्ती जोखिमको स्वामित्व हस्तान्तरण गर्ने वीमा कम्पनीको उदयसँगै जोखिम व्यवस्थापनको व्यापकता बढेको देखिन्छ । सबै प्रकारका संस्थाहरूले गर्ने क्रियाकलापमा निहित जोखिमका बारेमा सञ्चालक र व्यवस्थापकहरू सचेत हुने गर्दछन् । त्यसमा पनि बैंक तथा वित्तीय संस्थाहरू आर्थिक रूपमा बढि संवेदशील हुने भएकाले जोखिम व्यवस्थापनप्रति सचेत र अग्रसर भएको पाइन्छ ।

**<u>Importance of Risk Management</u>**

- Survival of the organization
- Efficiency in Operations
- Uninterrupted Operations
- Identifying and achieving acceptable level of risk
- Earning Stability
- Continued and sustained Growth
- Develop a strong risk culture
- Proactive Action

साधारणतयाः जोखिम व्यवस्थापन भन्नाले सम्भावित जोखिमको पहिचान गर्ने, मूल्याकंन गर्ने, अनुगमन तथा नियन्त्रण गर्ने र उपयुक्त विधिबाट सम्भावित नोक्सानीलाई न्यूनीकरण गर्ने विभिन्न उपाय र उपकरणको अवलम्बन गर्नेलगायतका क्रियाकलापलाई बुझिन्छ । जोखिम व्यवस्थापनलाई विभिन्न विज्ञ तथा संस्थाहरूले आ-आफनै किसिमबाट परिभाषित गरेको पाइन्छ । इन्साइक्लोपेडिया अफ ब्रिटेनीयाका अनुसार "समन्वयात्मक र मितव्ययी तरिकाले उपलव्ध साधन र श्रोत परिचालन गरी बढी भन्दा बढी अवसरहरू प्राप्त गर्न जोखिमको पहिचान,मूल्याकंन र प्राथामिकता क्रम निर्धारण गरी सम्भावित अवाञ्छित घटनालाई अनुगमन र नियन्त्रण गर्नु नै जोखिम व्यवस्थापन हो ।[३]

जोखिम व्यवस्थापनको प्रमुख उद्देश्य अनिश्चितताका कारण उत्पन्न हुने जोखिमबाट हुन सक्ने सम्भावित नोक्सानीलाई न्यूनीकरण गर्नु नै हो । यसका आवश्यकतालाई निम्न बुँदागत रूपमा व्याख्या गरिएको छ ।

१. प्रभावकारी जोखिम व्यवस्थापनबाट मात्रै संगठनको अस्तित्व बचाई राख्न सकिन्छ । भविष्यमा आइपर्ने दुर्घटना वा प्रतिकूल अवस्थाको सामना गर्न आवश्यक रणनीतिक तयारीदेखि जोखिमबाट बेहोर्नुपर्ने सम्भावित क्षतिलाई न्यूनीकरणको प्रयास समेत यस अन्तर्गत पर्ने भएकोले प्रभावकारी जोखिम व्यवस्थापन विन संस्थाको दीर्घकालीन अस्तित्व कायम गर्न कठिन हने देखिन्छ ।
२. संगठनको नियमित क्रियाकलापलाइ प्रभावकारी ढंगबाट सम्पादन गर्नु तथा विना अवरोध कार्य सुचारू गराउने उद्देश्य जोखिम व्यवस्थापनको हुन्छ । विगतमा भएका तथ्यांक, प्रमाण, घटना वा सूचनाहरू समेतका आधारमा सम्भावित जोखिमहरूको पहिचान गरी त्यसलाई सामना गर्ने योजना यस अन्तर्गत पर्दछ । उपयुक्त विकल्पहरूको खोजी र प्रयोग गरिने भएकोले कार्य सञ्चालन अवरूद्ध हुन नदिन जोखिम व्यवस्थापनको मुख्य भूमिका रहन्छ ।
३. जोखिम व्यवस्थापनको अर्को महत्व संस्थाले सहन वा स्वीकार गर्न सक्ने जोखिमको तह पत्ता लगाउनु पनि हो । यस अन्तर्गत विभिन्न विधि वा उपकरण प्रयोग गरी जोखिमको मात्रा र त्यसले पार्न सक्ने असरको मूल्याकंन गर्ने गरिन्छ । जसले गर्दा समयमा नै त्यसलाई व्यवस्थापन गर्दा मद्दत पुग्दछ । संस्थाले

३. Risk Management is the identification assessment and prioritization of risk followed by coordinated and economical application of resources to minimize, monitor and control the probability and impact of unfortunate events or to maximize the realization of opportunities.

बहन गर्न सक्ने जोखिमलाई स्वीकार गर्ने र अधिक जोखिमलाई पन्छाउने वा त्याग्ने गरी व्यवस्थापन गर्न सक्छन् ।

४. नाफामूलक संगठनहरूको आयलाई स्थायित्व वा दीगोपन गर्नु जोखिम व्यवस्थापनको उद्देश्य हो । सम्भावित जोखिमहरू आँकलन गरी बस्तु वा सेवाको लागत प्रक्षेपण गर्ने, ह्रासकट्टी, वीमा आदिको माध्यमबाट जोखिमको हस्तान्तरण गर्ने, नोक्सानी व्यवस्थाकोषको व्यवस्था गर्ने लगायतका उपायहरूबाट संस्थाको आय स्थायित्व गर्न यसले मद्दत पुऱ्याउँछ ।

५. प्रभावकारी जोखिम व्यवस्थापनको माध्यमबाट नियमित र दीगो संस्थागत वृद्धि हासिल गर्न सकिन्छ ।

६. संगठनमा सुदृढ जोखिम संस्कृतिको विकास र स्थापित गर्ने उद्देश्य जोखिम व्यवस्थापनले लिएको हुन्छ । जोखिम न्यूनीकरणको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने, जोखिमप्रति सचेतना फैलाउने, घटनाहरूको व्यवस्थित अभिलेख राख्ने, विश्लेषण गर्ने लगायतका कार्यहरूबाट जोखिम संस्कृतिको विकास र कार्यान्वयनमा सहयोग पुग्दछ ।

७. घटना घटनुपूर्व नै सचेत गर्ने वा सावधनी उपनाउने उद्देश्य जोखिम व्यवस्थापनले लिएको हुन्छ ।

**वित्तीय संस्थामा जोखिमको व्यवस्थापन तथा चुनौतीहरु**

| **RM technique** | |
|---|---|
| • Risk Avoidance | **only chances of loss** |
| • Loss Control | |
| • Risk Retention | **Risk Financing** |
| • Risk Transfer | |

सम्भावित घटनालाई रोक्न अपनाइने पूर्व सावधानीकाअतिरिक्त आईलागेका समस्याहरूलाई सही समयमा उपर्युक्त विधिबाट व्यवस्थापन गर्नु जोखिम व्यवस्थापनको अन्तिम चरण हो । जोखिमको मापन र विश्लेषण गर्ने प्रकृया पार गरेपछि संस्थाको जोखिम बहन क्षमताको आधारमा केहीलाई स्वीकार गर्ने, केही जोखिम हस्तारन्तण गर्ने र केहीलाई त्याग गर्ने लगायतका रणनीति तय गर्ने गरिन्छ । खासगरी नाफा वा दक्षता अभिवृद्धि गर्न सहयोग नपुऱ्याउने तर खर्च वा नोक्सानीमा मात्र वृद्धि हुने प्रकृतिका जोखिमलाई त्याग र नियन्त्रण गर्ने विधि अपनाइन्छ त्यसैगरी भने दक्षता र प्रतिफल वृद्धिको सम्भावना सहितका जोखिमलाई स्वीकार्ने रणनीति लिने व्यवस्था गरेको देखिन्छ ।

अन्य व्यवसायको तुलनामा बैंक तथा वित्तीय संस्थाको कारोवारको प्रकृतिको पृथक हुने भएकोले सबै प्रकारका जोखिमलाई एकै प्रकारबाट समाधान गर्न कार्य चुनौतीपूर्ण हुन्छ । संस्थाका हरेक कारोवारमा अलग अलग प्रकृतिका जोखिमहरू जोडिएका हुन्छन् । जोखिमको दायरा, क्षेत्र, संवेदनशीलता, संस्थाको प्रकृति, नीति,उद्देश्य संस्था सञ्चालन हुने स्थानको वातावरण लगायतका विभिन्न तत्वहरू यसको व्यवस्थापनका आवश्यकता र औचित्यतलाई निर्धारण गर्दछ । वित्तीय संस्थाहरूको संस्थागत संस्कृति, सञ्चालक समितिको संरचना, योग्यता, अनुभव लगायतका पक्षहरूको प्रत्यक्ष प्रभाव जोखिम व्यवस्थापन कार्यमा पर्दछ । सबै प्रतिपादित सिद्धान्त सबै प्रकारका संस्था र वातावरणका लागि एकैरूपले सान्दर्भिक नहुन पनि सक्छ । अतः यसको व्यवहारिक प्रयोग भने आवश्यकता अनुसार विगतका अनुभव र आफ्नो अनूकुल परिर्माजन गर्न सकिन्छ । यस स्थितिमा बैंकको क्रियाकलापहरूमा निहित जोखिम र सोको न्यूनीकरणका सम्बन्धमा बैंकले विगतमा विभिन्न नीतिगत व्यवस्था अवलम्बन गरेको पाइन्छ । वित्तीय कारोवार निहित जोखिमको प्रकृतिलाई राम्रोसँग विश्लेषण गरेर मात्र व्यवस्थापनको रणनीति तय गर्नु पर्दछ ।

वित्तीय संस्थाहरूमा हुने जोखिमहरूको करिब ९० प्रतिशत भार कर्जा जोखिम नै हुने भएकोले सबैभन्दा अधिक प्रयास र व्यवस्थापनको आवश्यकता कर्जा न्यूनीकरणका लागि आवश्यक हुन्छ । कर्जाको नीतिगत व्यवस्था गर्दादेखि लिएर कर्जा व्यवस्थापनमा जोडिएका हरेक पक्षहरूमा निहित जोखिमलाई विश्लेषण गर्ने पद्धतिको विकास गर्नु चुनौतीपूर्ण मानिन्छ । अतः कर्जा व्यवस्थापनको सन्दर्भमा प्रोडक्ट पेपर तयार गर्दा कै वखतदेखि असुली प्रकृयासम्म नै विशेष ध्यान पुर्‍याउनु आवश्यक हुन्छ । कर्जा जोखिमको व्यवस्थापनका लागि सम्बन्धित संस्थाले नै बलियो नीतिगत आधार तय गरी नियमित अनुगमन र आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ तुल्याउन आवश्यक हुन्छ । कर्जा स्वीकृत गर्नुपूर्व ऋणीको वास्तविक अवस्था पत्ता लगाउने, परियोजनाको संभाव्यता अध्ययन तथा विश्लेषणमा विशेष ध्यान दिने, परियोजनाको नियमित अनुगमन तथा मूल्याकंन गर्ने, विग्रेका कर्जाहरूलाई समयमा नै आवश्यक कर्जा नोक्सानी व्यवस्था गर्ने, प्रतिफल वितरणमा मात्र केन्द्रित नभई

आयको केही अंश कर्मचारी तालिम, दक्षता अभिवृद्धिमा खर्च गर्ने अनुसन्धानात्मक पद्धतिद्वारा समस्या पहिचान गरी समाधान गर्ने संस्थाका संस्थापक तथा सञ्चालकहरूलाई आवश्यक ज्ञान अभिवृद्धिको पहल गरी संस्थागत सुशासन पक्षलाई सुदृढ तुल्याउने, कारोवार तथा अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको उपयोग गर्ने, विद्यमान ऐन कानुन तथा नियमनकारी निकायबाट जारी गरिएका निर्देशन, लगायतका उपायहरूको अवलम्बन गरी कर्जा जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

सञ्चालन जोखिमबाट बच्नको लागि व्यवसायको परिणाम समेतलाई दृष्टिगत गरी सम्भावित घटनाहरूको आँकलन गर्दै सो को लागि आवश्यक पुँजी व्यवस्था गर्नु आवश्यक हुन्छ । नेपालका बैंक तथा वित्तीय संस्थाहरूको हकमा सञ्चालन जोखिमका लागि वासेल कमिटिले प्रदान गरेको विकल्प मध्येबाटै तीन वर्षको कुल आम्दानीको औषतका आधारमा पन्ध्र प्रतिशत पुँजी व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ । तर सबै प्रकार जोखिम पूर्व अनुमान गरी नोक्सानीको प्रक्षेपण गर्न सकिंदैन । प्रविधिका प्रयोग गर्दा त्यसमा गडबडी उत्पन्न भई जुनसुकै बेला पनि सेवा अवरूद्ध हन सक्छ । तर बैंक तथा वित्तीय संस्थाहरूले त्यस्तो विकल्पको विकास गर्ने नगरेका कारण कतिपय अवस्थामा ग्राहकले आफ्ना खातामा रहेको रकम समेत निकाल्न नपाएको गुनासो सार्वजनिक भैरहेको हुन्छ । यो वित्तीय प्रणालीकै लागि नकारात्मक पक्ष हो । अतः बैंकले ग्राहकका यस्ता गुनासोलाई समयमै सम्बोधन गर्ने संयन्त्र विकास गर्नु पर्छ । महाभूकम्प वा प्राकृतिक विपत्तिको कारण हुने क्षतिहरू न्यूनीकरण गर्न जटिल भए पनि कुनै पनि घटनापश्चात व्यवसाय निरन्तर गर्ने सक्ने योजना (बिजनेस कन्टीन्युटी प्लान) भने सबै बैक तथा वित्तीय संस्थाले तयार गर्नै पर्छ ।

नेपालको सन्दर्भमा बजारयोग्य साधन जस्तै शेयर डिवेञ्चर आदिमा लगानी गर्न सक्ने अवस्था नरहेको तथा ब्याजदर निर्धारणमा पनि बैंक तथा वित्तीय संस्थाहरूको एकाधिकार रहेका कारण बजार जोखिमको मात्रा अधिक देखिदैन । यस्तो जोखिमलाई न्यूनीकरणका लागि लगानीको पोर्टफोलियो व्यवस्थापन गर्ने, बजार सूचनाप्रणालीलाई प्रभावकारी तुल्याउने, नियमित अनुगमन र परीक्षण गर्ने पद्धतिलाई सुदृढ तुल्याउने लगायतका व्यवस्थापकीय पहल आवश्यक हुन्छ ।

**निष्कर्ष**

वित्तीय संस्थाहरूको सफलता संस्थाले जोखिम व्यवस्थापनका लागि अपनाएको सावधानी र प्रयासमा निहित हुन्छ । अनुमान गर्न सकिने प्रकृतिका जोखिमहरूलाई व्यवस्थापन गर्नु व्यवस्थापकीय कुशलतामा पर्दछ । तर अनिश्चित वाह्य वातावरणमा पनि जोखिमको मात्रा बढि हुन्छ । संस्थाले नियन्त्रण योग्य जोखिमका लागि प्रयास गर्दागर्दै पनि बाह्य कारणमा हुने उतारचढाबले जोखिम निम्त्याई रहेको हुन्छ । वास्तवमा जोखिम व्यवस्थापन गरी बैंक तथा वित्तीय संस्थालाई दिगो, विश्वासनीय र सुरक्षित रूपमा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित बैंकका सञ्चालक तथा उच्च व्यवस्थापन नै हो । तापनि नेपालका धेरैजसो बैकिङ्ग संस्थाहरूमा व्यापारिक तथा गैह्रबैकिङ्ग क्षेत्रकै बढी संलग्नता रहेका कारण यसतर्फ पर्याप्त ध्यान नपुगेको स्पष्ट देखिन्छ ।

संस्थाको क्रियाकलापमा निहित जोखिमलाई यथोचित व्यवस्थापन गर्न उच्च तहकै व्यवस्थापनबाट नीतिगत पहल आवश्यक हुन्छ । यसका लागि आवश्यक पूवाधार र चुस्त अनुगमन/नियन्त्रण प्रणाली अपरिहार्य हुन्छ । जोखिम व्यवस्थापन निरन्तर चलिरहने प्रकृया हो । जोखिमलाई पूर्वअनुमान गरी सम्भावित नोक्सानी कम गर्न वा दुर्घटनाबाट बचाउने कार्य मात्र गर्न सकिन्छ । शून्य तहमा झर्ने गरी निराकरण गर्न सकिंदैन । वित्तीय क्षेत्रको सन्दर्भमा जोखिम व्यवस्थापनका सबै पक्षहरूलाई नीतिगत संरचनामा समेटन नसकिने भएकोले अख्तियार प्राप्त अधिकारी वा कर्मचारीले विशेष चासो दिनु आवश्यक हुन्छ । विभाग तथा कार्यालयले तोकेका जोखिम अधिकृतलाई जोखिम पहिचान र विश्लेषणमा दक्ष बनाउन समय सापेक्ष तालिम प्रदान गर्नु आवश्यक देखिन्छ । साथै, यसका लागि जोखिमको अनुगमन र मूल्याकंन पद्धतिलाई पनि समय सान्दर्भिक परिमार्जन गर्दै लैजानु पर्दछ । सूचना प्रविधिको बढ्दो प्रयोगका कारण उत्पन्न हुने जोखिम र आकस्मिक जोखिमलाई समय मै सम्बोधन गर्न Disaster Recovery Site को व्यवस्था गर्न मनासिव हुन्छ । त्यसैगरी कुनै पनि दैनिक एवम् प्राकृतिक विपत्तिबाट उत्पन्न हुनसक्ने अवस्थालाई सम्बोधन गर्न व्यावसायिक निरन्तरता योजना (Business Continuety Plan)तयार गरी कार्यान्वयनमा ल्याउनु अपरिहार्य देखिन्छ । ■

*लेखक नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक हुनुहुन्छ ।*

# नेपालमा सरकारी बैंकहरूको भविष्य

■ नरबहादुर थापा

## गौरवमय सुरुवाती चरण

१. हाल सञ्चालनमा रहेका २७ वटा वाणिज्य बैंकहरूमध्ये नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक गरी तीन सरकारी बैंकहरूको सुरूवाती चरण गौरवमय रह्यो । सुरूवाती आरोह चरणपछि यी तीन सरकारी बैंकहरूले विगतमा संकटपूर्ण अवरोहको स्थिति भोग्नु पर्‍यो । संकटपूर्ण अवरोहपछि वर्तमान अवस्थामा स्थिर प्रायः वित्तीय स्वास्थ्यको स्थितिमा रहेका यी तीन सरकारी बैंकहरूको भविष्य भने अन्योलग्रस्त देखिन्छ । गर्विलो इतिहास रहेको नेपाल बैंक आजभन्दा ८३ वर्ष अगाडि वि.सं. १९९४ साल कार्तिक ३० गते स्थापना भएको हो भने राष्ट्रिय वाणिज्य बैंक वि.सं. २०२२ माघ १० गते सञ्चालनमा आएको हो । कृषि विकास बैंक वि.सं. २०२४ माघ ७ गते स्थापना भएको हो ।

२. वि.सं. १९९४ मा नेपाल बैंकको स्थापनासँगै नेपाल आधुनिक बैंकिङ्ग युगमा प्रवेश गर्‍यो । शेयर निष्काशनमार्फत् पुँजी परिचालन गर्ने प्रथा नेपालमा नेपाल बैंकको स्थापनाको क्रमबाट सुरू भएको हो । नेपाल सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा स्थापना भएकाले हाल चर्चित सार्वजनिक-निजी साझेदारी (पीपीए) मोडेल नेपाल बैंकसँगै नेपालमा सुरू गरिएको थियो । छरिएर रहेको स-सानो निक्षेप परिचालन गरी पुँजी निर्माण तथा औद्योगिकीकरणको जग बसाल्ने कार्य नेपाल बैंकबाट सुरू गरिएको हो । नेपाल बैंकको स्थापनासँगै नेपालमा जुट मिल्स, सलाई उद्योग, चिनी उद्योग, कटन उद्योग र धान चामल मिल्स सञ्चालनमा आए । नेपाल बैंकले राष्ट्र बैंक स्थापनापूर्व केन्द्रीय बैंकको कार्य र नेपाली मुद्राको चलनचल्ती बढाउने कार्य गर्दै अर्थतन्त्रको मौद्रिकीकरणमा महत्वपूर्ण योगदान पुर्‍याएको थियो ।

३. वि.सं. २०२२ सालमा दोस्रो वाणिज्य बैंकको रूपमा नेपाल सरकारले आफ्नो पूर्ण स्वामित्वमा स्थापना गरेको राष्ट्रिय वाणिज्य बैंकको सुरूवाती चरण गर्विलो रहेको छ । नेपाली अर्थतन्त्रको मौद्रिकीकरण, द्वय मुद्रा प्रणालीको अन्त्य, सर्वसाधारण नेपाली जनतामा बैंकिङ्ग आदतको विकास, नेपाल सरकारलाई बैंकिङ्ग सेवा र नेपालमा उद्योग व्यवसाय प्रवर्द्धनमा खेलेको भूमिकालाई राष्ट्रिय वाणिज्य बैंकको वर्तमान अवस्थासँग जोडेर यसको भविष्यबारे विवेचना गर्नुपर्ने हुन्छ । मुलुक संघीयतामा गइसकेपछि ७५३ स्थानीय तहमा कम्तीमा एउटा वाणिज्य बैंकको उपस्थिति कायम गर्ने लक्ष्य झैं नेपालमा सबै जिल्लाहरूमा वाणिज्य बैंकको भौतिक उपस्थिति गराउने लक्ष्य वि.सं. २०३४ सालमा हासिल हुनुमा राष्ट्रिय वाणिज्य बैंकको महत्वपूर्ण भूमिका रहेको थियो ।

४. वि.सं. २०२४ सालमा स्थापना भएको कृषि विकास बैंकको हालको अवस्था ग्रामीण कर्जा विस्तारमा अग्रणी भूमिका रहेको यसको विगतसँग जोडेर हेर्नुपर्ने हुन्छ । कृषि विकास बैंकले ग्रामीण क्षेत्रमा संस्थागत कर्जा प्रवाहको थालनी गर्दै समूह जमानीमा साना किसानलाई कर्जा दिने व्यवस्था २०३२ सालदेखि सुरू गरेको हो । आफ्ना ग्राहक र कर्मचारीलाई शेयर स्वामित्वमा जोड्ने प्रचलन सुरू गरेको कृषि विकास बैंकले ग्रामीण गरिबी न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको छ । वि.सं. २०४१ सालदेखि आफ्ना ग्राहकहरूलाई कम्प्युटर प्रविधिमार्फत् सेवा सुरू गरी आधुनिक बैंकिङ्ग सेवाको थालनी गर्ने जस कृषि विकास बैंकलाई जान्छ ।

## संकटपूर्ण अवरोह

५. गौरवशाली इतिहास भएका यी तीन सरकारी बैंकहरूले आफ्नो जीवनको मध्यकालमा संकटको स्थिति भोग्नु पर्‍यो । यी बैंकहरूको दूर्दशा वि.सं. २०४०

को दशकमा सुरू भई २०५० को दशक संकटपूर्ण रह्यो । २०४६ सालमा विश्व बैंक, युएनडीपी र राष्ट्र बैंकको संयुक्त सक्रियतामा भएको सिवीपास (Commercial Banks Problems Analysis and Strategy Study) अध्ययनले नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको दुर्दशाको स्थिति नापेको थियो । सो अध्ययनले सुधारका दुइटा चरणबद्ध उपाय सुझाएअनुरूप पहिलो चरणमा यी बैंकहरूको पुँजीकरण भएको थियो । नेपाल सरकारले पूरक बजेट ल्याई यी दुई बैंकहरूमा ३ अर्ब ४५ करोड रूपैयाँ पुँजी प्रवाह गर्नुपरेको इतिहास हाल कार्यरत कर्मचारी र उच्च व्यवस्थापनले बारम्बार स्मरण गर्नुपर्ने र बैंकलाई गतिशील बनाई राख्न रणनीति बनाउन गम्भीर हुनुपर्ने देखिन्छ ।

६. सिवीपास अध्ययन प्रतिवेदनले सुधारको दोस्रो चरणको रूपमा यी बैंकहरूको संस्थागत विकास सुझाएको थियो । कर्जा लगानी, कर्जा असुली, कर्मचारी व्यवस्थापन र शाखा सञ्चालन दोस्रो चरण सुधारका विषयवस्तु थिए । तर दोस्रो चरणका सुधारका उपायहरू अवलम्बन नगरिँदा पुँजीकरण मात्रले यी बैंकहरूको सुधार दिगो रहन सकेन ।

७. वि.सं. २०५० को दशकमा सरकारी बैंकहरू खासगरी नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको वित्तीय संकटले गम्भीर मोड लियो । उच्च व्यवस्थापनको वित्तीय अराजकता र प्रशासनिक तथा राजनीतिक हस्तक्षेप समेतका कारण वि.सं. २०५९ मा नेपाल बैंकको खराब कर्जा अनुपात ५६.९ प्रतिशत र राष्ट्रिय वाणिज्य बैंकको ७२ प्रतिशतसम्म पुगेर लगभग खारेजीको मुखमा पुगेको स्थितिलाई स्मरण नगर्ने हो भने यी बैंकहरूको अस्तित्व संकटको सम्बोधन हुँदैन ।

८. नियामक निकाय राष्ट्र बैंकले यी सरकारी बैंकहरूको दूरावस्था टुलुटुलु हेरेर बस्नु परेको विवशतालाई चिर्न दातृ निकायको दबाब रायसुझाव अनुसार नेपाल राष्ट्र बैंक ऐन २०५८ आएको हो । सरकारी तथा निजी स्वामित्वमा रहेका बैंक तथा वित्तीय संस्थाहरूको समान तथा प्रभावकारी नियमन तथा सुपरीवेक्षण गर्न राष्ट्र बैंकलाई स्वायत्त बनाउनका लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ तर्जुमा गरिएको हो ।

९. वि.सं. २०५० को दशकमा जुझारू र निकै शक्तिशाली रहेका कर्मचारी ट्रेड युनियनहरूले यी सरकारी बैंकहरूको दूरावस्था पुऱ्याउने उच्च व्यवस्थापनको वित्तीय अराजक व्यवहारलाई रोक्न र खबरदारी गर्न नसकेकाले पनि नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन विदेशीलाई सुम्पिनु परेको थियो । नेपाल बैंकको बैंक अफ स्कटलैन्ड (आइलैन्ड) लि. को ICC Consulting समूहले २०५९ साउनदेखि र राष्ट्रिय वाणिज्य बैंकको अमेरिकी नागरिक ब्रुश आई. हेन्डरसन (Bruce I. Henderson) प्रमुख कार्यकारी अधिकृत (CEO) को व्यवस्थापन समूहले २०५९ पुसदेखि व्यवस्थापन जिम्मा लिनुपरेको कारण हालको बोर्ड र व्यवस्थापनले स्मरण गर्नुपर्ने देखिन्छ । यी बैंकहरूमा विदेशी समूह २०५९ देखि २०६४ साउनसम्म रह्यो । त्यसपछि केही वर्षसम्म राष्ट्र बैंकले व्यवस्थापन आफ्नो नियन्त्रणमा राखी २०७१ मा मात्र बैंकहरूलाई हस्तान्तरण गरेदेखि बैंकहरूमा हाल कुनै संकट आएको देखिँदैन । हाल व्यावसायिक ढंगले चले पनि बजार हिस्सा घटिरहेको पृष्ठभूमिमा अर्थतन्त्रमा सान्दर्भिक भइरहन यी बैंकहरूका लागि चुनौती थपिएको देखिन्छ ।

१०. सरकारी बैंकहरूलाई संकटमुक्त गराउनमा विश्व बैंकको वित्तीय क्षेत्र प्राविधिक सहयोग परियोजनाले महत्वपूर्ण भूमिका खेल्यो । कृषि विकास बैंकको हकमा एसियाली विकास बैंकको सहयोग रह्यो भने नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको हकमा विश्व बैंकले सुधारका लागि भूमिका खेल्यो । दातृ निकायको सहयोग समेतमा वित्तीय कानुन निर्माण तथा संस्थागत सुधार गरिएका कारण सरकारी बैंकहरूको वित्तीय स्वास्थ्यमा सुधार र वित्तीय क्षेत्र स्थायित्व कायम रहन गएको हो । यस क्रममा नेपाल राष्ट्र बैक ऐन २०५८ ले राष्ट्र बैंकलाई नियमन तथा सुपरीवेक्षण कार्यमा स्वायत्त बनायो । बैंक तथा वित्तीय संस्थाहरूको लागि छाता ऐनका रूपमा 'वाफिया' आयो । ऋण असुली ऐनका अतिरिक्त ऋण असुली न्यायाधीकरणको गठन भयो । बैंकिङ्ग कसुर तथा सजाय ऐन आयो । कर्जा सूचना केन्द्रको सुदृढीकरण भयो । अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको लेखा प्रणाली अवलम्बन गरियो । समग्रमा भन्नुपर्दा कानुनी संरचना निर्माणका अतिरिक्त वृहत्तर विवेकशील नियमन जस्ता अन्तर्राष्ट्रिय असुल अभ्यास अवलम्बन गरिएको परिणामस्वरूप सरकारी बैंकहरूलाई संकटबाट बाहिर ल्याई नेपालको वित्तीय क्षेत्र स्थायित्व सुनिश्चित भएको हो ।

### स्थिर वर्तमान वित्तीय अवस्था

११. नेपाल सरकारले २०५७ मंसिर ७ गते जारी गरेको वित्तीय क्षेत्र सुधार सम्बन्धी रणनीतिपत्र

(Strategy Paper) को जगमा अहिले नेपालको वित्तीय क्षेत्र खासगरी सरकारी बैंकहरूको वित्तीय अवस्था स्थिरप्रायः छ । सो पत्रमा उल्लेखित कतिपय कार्यक्रमहरू कार्यान्वयनमा आइसके भने केही कार्यान्वयन नगरी थाँती रहेका छन् । कानुनी संरचना निर्माण गर्ने, राष्ट्र बैंकको नियमन तथा सुपरीवेक्षण क्षमता बढाउने, नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना गर्ने, संस्थागत सुशासनमा अभिवृद्धि गरी खराब कर्जा अनुपात घटाउने र लेखा तथा लेखापरीक्षणमा सुधार गर्ने कार्यबाट नेपालको बैंकिङ्ग क्षेत्र संकटबाट जोगिएको हो । त्यसपछि अवलम्बन गरिएका मर्जर नीति र चुक्ता पुँजी वृद्धि गर्ने निर्णयका कारण विकास बैंक तथा वित्त कम्पनीहरू मासिएका छन् र नेपालको बैंकिङ्ग क्षेत्र वाणिज्य बैंकमुखी हुँदै गएको छ ।

१२. नेपाल सरकार, न्यायपालिका, राष्ट्र बैंक तथा वित्तीय संस्था र कर्मचारी युनियनको सहकार्यले गर्दा सन् २००८ को विश्व वित्तीय संकटको समयमा वित्तीय क्षेत्र स्थायित्व कायम गर्न नेपाललाई सफलता मिल्यो तर स्थायित्व अझ सुदृढ हुन बाँकी छ । २०५७ मंसिर ७ को वित्तीय क्षेत्र सुधार रणनीति पत्रमा उल्लेखित सहयोगी वित्तीय संस्थाहरूको विकास गर्ने र नेपाल बैंक तथा राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचनापछि निजीकरण गर्ने कार्य थाँती राखिएकाले एकातिर वित्तीय क्षेत्रको गुणात्मक विकास हुन सकेको छैन भने थप कुनै वैकल्पिक रणनीति अवलम्बन नगरिएको र यथास्थितिमा रूमलिएका कारण सरकारी बैंकहरूको भविष्य अझै अन्योलग्रस्त देखिएको छ ।

१३. वि.सं. २०५७ देखि कार्यान्वयनमा ल्याएको वित्तीय सुधार रणनीतिका कारण सरकारी बैंकहरूको वित्तीय स्वास्थ्य (Financial Health) मा ठूलो सुधार भए तापनि यी बैंकहरूको बजार हिस्सा त्यसपछि निरन्तर घट्दै गएको छ । वि.सं. २०५५ मा नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकको गरी निक्षेपमा बजार हिस्सा ६३ प्रतिशत रहेकोमा २०७७ असारमा १४.८ प्रतिशतमा झरेको छ । यस बीचमा निजी क्षेत्रका वाणिज्य बैंकहरूको संख्या बढ्नु, निजी क्षेत्रका वाणिज्य बैंकहरूले आक्रामक तरिकाले विकास बैंक तथा वित्त कम्पनीहरूलाई आफूमा गाभ्नु, निजी क्षेत्रका बैंकहरूले ग्राहकलाई छिटोछरितो सेवा दिनु र नयाँ वित्तीय प्रविधि भित्र्याउनुका कारण सरकारी बैंकहरूको बजार हिस्सा क्रमशः घट्दै गएको हो । निजी क्षेत्रका बैंकहरूको बजार हिस्सा ८५ प्रतिशतभन्दा माथि रहेको पृष्ठभूमिमा १५ प्रतिशतभन्दा मुनि बजार हिस्सा लामो समयसम्म रही सीमान्तकृत भई बस्दा सरकारी बैंकहरूले अस्तित्व संकट (Existential Issue) को स्थिति भोग्नुपर्ने हुन्छ । यस सन्दर्भमा सरकारी बैंकहरूले आफ्नो औचित्य साबित गर्न अर्थतन्त्रमा आफ्नो भूमिका विस्तार गर्ने रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

१४. सरकारी बैंकहरूको खराब कर्जा अनुपात अत्यन्तै न्यून छ । नाफा राम्रै छ । नयाँ तथा प्रविधिमा सीप भएका कर्मचारी नियुक्त गरिएकाले बैंकहरूको दिनानुदिनको कार्य राम्रै चलेको छ । कर्मचारी ट्रेड युनियनको पहिलेको जस्तो दबदबा पनि अहिले छैन । यी कारणहरूले गर्दा यी बैंकहरूको सञ्चालक समिति (बोर्ड) र उच्च व्यवस्थापन आरामदायी सेवा जीवनमा छन् । उता निजी क्षेत्रका बैंकहरूको बोर्डहरू आफ्नो बैंकलाई नम्बर वान बनाउनका लागि रणनीति निर्माणमा तल्लिन रहेका छन् भने उच्च व्यवस्थापन बोर्डले तय गरेको रणनीति कार्यान्वयनमा सक्रिय देखिन्छन् । यस्तो परिस्थितिमा सरकारी बैंकहरूको औचित्य दिनानुदिन ओझेलमा पर्दै जाने जोखिम बढेको छ ।

**अनिश्चित भविष्य**

१५. बैंकिङ्ग क्षेत्रका खेलाडी, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष तथा विश्व बैंक जस्ता बहुराष्ट्रिय दातृ निकायको सम्भावित भूमिका, भारतको बैंकिङ्ग परिदृश्य र नेपाल सरकारको आर्थिक सोचमा नेपालका सरकारी बैंकहरूको भविष्य निर्भर रहने देखिन्छ ।

१६. वित्तीय क्षेत्र, निजी क्षेत्रका लागि खुला गर्ने नीति, मर्जर नीति र बैंक तथा वित्तीय संस्थाहरूको २०७२ सालमा चार गुणाले चुक्ता पुँजी वृद्धि गर्ने निर्णयका कारण बैंकिङ्ग क्षेत्रमा निजी क्षेत्रका बैंकहरू सशक्त रूपमा अगाडि बढेका देखिन्छन् । बैंक तथा वित्तीय संस्थाहरूलाई चार वर्गमा बाँड्ने (गलत वा सही) नीतिका कारण विकास बैंक, वित्तीय कम्पनी र लघुवित्त वित्तीय संस्थाहरूको दुर्गति र वाणिज्य बैंकहरूप्रति आकर्षण बढेकाले बैंकिङ्ग क्षेत्र असन्तुलित र अस्वस्थ प्रतिस्पर्धा उन्मुख देखिन्छ । निजी क्षेत्रका व्यवसायी समूह नियन्त्रित बैंकहरूमा नम्बर वान बन्ने तीव्र महत्वाकांक्षा बढ्दै गएको छ । आगामी दिनमा बैंकिङ्ग क्षेत्रमा आधिपत्य जमाउन नेपालमा कर्पोरेट वार (युद्ध) हुने प्रतीत हुन्छ । सम्भावित कर्पोरेट वारलाई रोकिएन भने नेपालको बैंकिङ्ग क्षेत्र बढीमा ६ व्यापारी समूहको पकडमा जाने देखिन्छ । यति

सानो व्यापारी समूहको दुश्चक्रमा नेपालको बैंकिङ्ग क्षेत्र फस्दा स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण र वित्तीय समावेशिता विस्तार गर्ने उद्देश्य चुनौतीपूर्ण हुने देखिन्छ । कदाचित व्यापारी समूह नियन्त्रित बैंकहरूमा समस्या आए मात्र सरकारी बैंकहरूको भूमिका विस्तार हुने देखिन्छ । तर यस प्रकारको परिदृश्य परिकपना गरेर पर्खेर बस्नु देशका लागि हितकर हुँदैन ।

१७. दातृ निकायको सहयोगमा तर्जुमा गरिएको वि.सं. २०५७ को वित्तीय क्षेत्र सुधार रणनीतिको समग्र उद्देश्य नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना गरी निजीकरण गर्ने थियो । अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले सरकारी बैंकहरूको निजीकरण विश्व वित्तीय आर्किटेक्चर (Global Financial Architecture) को महत्वपूर्ण सम्भागको रूपमा लिँदै आएका छन् । अहिले ओझेलमा परेको तर जीवितै रहेको विश्व वित्तीय आर्किटेक्चरका चार आधारस्तम्भमध्ये पहिलो नियम बनाई मौद्रिक तथा वित्त नीतिमार्फत् समस्ष्टिगत आर्थिक स्थायित्व कायम गर्ने हो । यो आधारस्तम्भ अनुसार मौद्रिक नीति लक्षित मुद्रास्फिती (Inflation targeting) र वित्त नीति (Fiscal Policy), सार्वजनिक ऋण अनुपात (Public Debt Ratio) सहितको मौद्रिक अंकुश (Nominal Anchor) मा बाँधेर समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने हो । दोस्रो आधारस्तम्भ खुकुलो नियमन (Deregulation) र निजीकरणमार्फत् आर्थिक वृद्धि र सम्वृद्धि (Prosperity) हासिल गर्ने हो । तेस्रो, वित्तीय बजारको विकासमार्फत् उत्पादनशील क्षेत्रमा वित्तीय स्रोत सोझ्याउने हो । चौथो, भूमण्डलीकरण (Globalization) मार्फत् सबै राष्ट्रहरूलाई उठाउने हो । अब वित्तीय क्षेत्रमा संकट आउँदा र नेपालले गुहार माग्दा दातृ निकायको पहिलो सर्त नै नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको निजीकरण रहने देखिन्छ । जोगाउने हो भने अब यी सरकारी बैंकहरूमा कुनै प्रकारको संकट आउन दिनु भएन र अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने अवस्थामा राख्नुपर्ने हुन्छ ।

१८. भारतको बैंकिङ्ग परिदृश्यमा पनि नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको भविष्य गाँसिएको देखिन्छ । भारतमा आर्थिक विकास र वित्तीय समावेशी विस्तारमा सरकारी बैंकहरूको महत्वपूर्ण भूमिका रहँदै आएको छ । भारतमा सन् १९६० को अन्त्य र १९७० को दशकमा सम्पन्न हरित क्रान्तिलाई दिगो र सफल बनाउन सरकारी बैंकहरूबाट भएको कर्जा विस्तारको महत्वपूर्ण भूमिका रहेको थियो । सरकारले तय गरेका निर्देशित कर्जा कार्यक्रम सरकारी बैंकहरूमार्फत् सफलतापूर्वक कार्यान्वयन गरिएबाट भारतमा हरित क्रान्ति सफल भएको हो । सन् १९८० पछि भारतमा कृषि तथा ग्रामीण अर्थतन्त्रको रिन्युवल (सिर्जनशील विकास) मा सरकारी बैंक तथा नार्वाड (National Bank for Agriculture and Rural Development) को महत्वपूर्ण भूमिका रहेको छ । वि.सं. २०५७ को वित्तीय क्षेत्र सुधार रणनीतिअनुसार वाणिज्य बैंकबाहेक सहायक वित्तीय संस्थाहरू निर्माण हुन नसकेको र अर्कोतर्फ सरकारी बैंकहरूको बजार हिस्सा संकुचित हुँदै गएको कारण नेपाल सरकार र राष्ट्र बैंकले तय गरेका निर्देशित कर्जा कार्यक्रमहरू सफलताका साथ कार्यान्वयन हुन सकिराखेका छैनन् । सन् २०१४ पछि भारतले वित्तीय समावेशितामा उल्लेख्य प्रगति गर्नुमा सरकारी बैंकहरूको महत्वपूर्ण भूमिका रहेको छ । विश्व बैंकले सन् २०१७ मा सार्वजनिक गरेको फ्रिन्डेक्स प्रतिवेदनअनुसार वित्तीय पहुँच पुगेका जनसंख्याको अनुपात नेपालको ४५ प्रतिशतको तुलनामा भारतमा ८० प्रतिशत पुग्नुमा भारत सरकारले तय गरेको जनधन योजना (JAM Trinity) त्यहाँका सरकारी बैंकहरूले सफलताका साथ कार्यान्वयन गरेर नै हो । त्यसैगरी नेपालमा पनि सरकारी बैंकहरूलाई राष्ट्रिय अर्थतन्तसँग जोड्ने र वित्तीय पहुँच विस्तारमा संलग्न गर्ने हो भने सान्दर्भिकता रहिरहन्छ ।

१९. भारतले सरकारी बैंहरूको राष्ट्रिय अर्थतन्त्रमा सान्दर्भिकता कायम गरिराख्न र विकासात्मक कार्यमा सफलतापूर्वक प्रयोग गरिराख्न तीनखम्बे रणनीति गरेबाट नेपालले पनि पाठ सिक्नुपर्ने हुन्छ । पहिलो खम्बाका रूपमा धेरै संख्यामा रहेका सरकारी बैंकहरूको सुदृढीकरण कार्य अगाडि बढाएको छ । दोस्रो, निजी क्षेत्रको विकास तथा कर्जा प्रवाह विस्तारमा सहयोग पुर्‍याउन सरकारी बैंकहरूमा निरन्तर पुँजी थपिरहेको छ । तेस्रो, वाणिज्य बैंकहरूलाई अर्थतन्तसँग जोड्ने उपायका रूपमा नार्वाड जस्ता सहायक दोस्रो तहका संस्थाको रूपमा निर्माण तथा सबलीकरण कार्यलाई निरन्तरता दिएको छ । वाणिज्य बैंकहरूसँग रहेको अधिक तरलता नार्वाडमार्फत् कृषि तथा ग्रामीण अर्थतन्त्रको विस्तारका लागि प्रयोग गर्ने कार्यलाई निरन्तरता दिएको छ ।

२०. नेपाल सरकारको आर्थिक सोचमा पनि सरकारी बैंकहरूको भविष्य निर्भर रहने देखिन्छ । नेपाल जस्तो विकासोन्मुख देशमा विकासात्मक कार्य तथा

प्रति चक्रीय नीति कार्यान्वयनका लागि सरकारी बैंकहरूको भूमिका रहेको भारत लगायत अन्य मुलुकहरूको दृष्टान्तलाई आधार मानी नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकलाई सरकारले वित्तीय रूपमा सबलीकरण गरी जोगाउन सक्छ । यी बैंकहरूलाई वित्तीय रूपमा जोगाउन सरकारले तीन विकल्पहरूमा काम गर्न सक्छ । एउटा विकल्प वैदेशिक रणनीतिक साझेदार खोज्ने हुन सक्छ । कम्तीमा १५ प्रतिशत शेयर लगानी रहने गरी वैदेशिक रणनीतिक साझेदार खोज्दा मुलुकमा वैदेशिक पुँजी, वित्तीय प्रविधि र सीपयुक्त जनशक्ति भित्र्याई यी बैंकहरूलाई वित्तीय रूपमा बलियो र प्रतिस्पर्धी बनाउन सकिन्छ । विश्व अर्थतन्त्रसँग नेपाली वित्तीय क्षेत्र जोड्ने यो एउटा आधार पनि हुनसक्छ । दोस्रो विकल्प, यी बैंकहरूलाई विशिष्टीकरण गर्ने र सोको लागि पुँजी थप्ने हुन सक्छ । उदाहरणका लागि नेपाल बैंकलाई आयात-निर्यात बैंकमा केन्द्रित गर्न सकिन्छ । राष्ट्रिय वाणिज्य बैंकलाई औद्योगिक वित्तमा मोड्न सकिन्छ । नेपाल औद्योगिक विकास निगम गाभिएकाले यो कार्य राष्ट्रिय वाणिज्य बैंकले गर्न सक्छ । कृषि विकास बैंकलाई पुनः कृषि विकास कार्यमा फर्काउन सकिन्छ । यी कार्यहरूका लागि नेपाल सरकारले भारतमा झैं ठूलो मात्रामा पुँजी थपेर माहोल बनाउनु पर्छ । तेस्रो विकल्प मुलुकमा बाँकी रहेकामध्ये केही बैंकहरूलाई गाभेर ठूलो बनाउने रणनीति अवलम्बन गर्नुपर्ने हुन सक्छ । ठूला व्यापारी घराना समूह नियन्त्रित बैंकहरूले यो रणनीति अवलम्बन गरेर आफ्नो बैंकलाई ठूलो बनाई पनि रहेका छन् ।

२१. माथि उल्लेखित कुनै पनि विकल्प अवलम्बन नगरी नेपाल सरकार मौन बसिरह्यो भने सरकारी बैंकहरूको भविष्य अनिश्चित, अन्योलग्रस्त रहने देखिन्छ । परिबन्दमा परेर यी बैंकहरू हराउन पनि सक्छन् । उदाहरणको लागि वि.सं. २०६१ सालतिर बैंक तथा वित्तीय संस्था ऐन, 'वाफिया' नेपाल सरकारले ल्यायो । यो ऐनले वाणिज्य बैंकहरूलाई 'क', विकास बैंकहरूलाई 'ख', वित्त कम्पनीहरूलाई 'ग' र लघुवित्त वित्तीय संस्थाहरूलाई 'घ' वर्गमा विभाजित गऱ्यो । यसरी बैंक तथा वित्तीय संस्थाहरूलाई वर्गमा विभाजित गर्ने एउटा आधार पुँजी थियो । यस प्रकारको वर्ग निर्धारण अनुसार नेपालको राष्ट्रिय अर्थतन्त्रमा महत्व राख्ने कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगम (NIDC) 'ख' वर्गमा पर्ने भए । वाफिया अनुसार पुनः लाइसेन्स दिंदा नेपाल सरकारले कृषि विकास बैंकलाई तल्लो 'ख' वर्गमा राख्न चाहेन र 'क' वर्गको लाइसेन्स दियो । कृषि विकास बैंकले वाफिया कानुन अनुसार 'क' वर्गको अर्थात् वाणिज्य बैंकको लाइसेन्स प्राप्त गरिसकेपछि कानुनी परिबन्दमा परेर आफूले कृषि क्षेत्रमा गर्दै आएको काम साना किसान विकास लघुवित्त वित्तीय संस्था र साना किसान सहकारी संस्थाहरूलाई सुम्पिएर आफू सहर बजारमा वाणिज्य बैंकिङ्ग अर्थात् व्यापारी कर्जामा सीमित हुन बाध्य भयो । नेपाल सरकार र कृषि विकास बैंकले पनि यो चाहेको थिएन तर कानुनी परिबन्दले यो स्थितिमा पुऱ्यायो । त्यसैगरी औद्योगिक तथा पर्यटन क्षेत्र विकासमा महत्वपूर्ण भूमिका खेलेको नेपाल औद्योगिक विकास निगमलाई महत्वहीन अवस्थामा राख्नुभन्दा गाभ्नु उत्तम मानेर सरकारले राष्ट्रिय वाणिज्य बैंकमा विलय गरायो । यही नीतिगत परिबन्दको फलस्वरूप आज कृषि क्षेत्रको विकास हुन सकेको छैन । राष्ट्रिय अर्थतन्त्रमा उद्योगको योगदान निरन्तर घटेर ५ प्रतिशतमा सीमित हुन पुगेको छ । कृषि क्षेत्रमा संस्थागत कर्जा प्रवाह गर्ने विशेषाकृत वित्तीय संस्थाको रूपमा रहेको कृषि विकास बैंक वाणिज्य बैंकमा रूपान्तरण गरेपछि र उद्योग क्षेत्रमा कर्जा प्रवाह गर्ने विशेषाकृत वित्तीय संस्थाको रूपमा रहेको नेपाल औद्योगिक विकास निगम राष्ट्रिय वाणिज्य बैंकमा विलय गराएपछि कृषि र उद्योग क्षेत्रको विकास ओझेलमा पर्ने भइहाल्यो । वाणिज्य बैंकहरूको मूल कार्य अल्पकालीन वित्तीय स्रोत परिचालन गरेर आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको लागि कर्जा उपलब्ध गराउने र आन्तरिक भुक्तानी प्रणालीको सम्वर्द्धन गर्ने नै हो । यो कार्य भइरहेको छ । उद्योग तथा कृषि क्षेत्रको क्षमता वृद्धिका लागि स्थापना गरिएका वित्तीय संस्थाहरू वाणिज्य बैंकमा रूपान्तरण भएपछि अन्तर्राष्ट्रिय व्यापार बढ्ने भइहाल्यो । निर्यात अपेक्षाकृत बढ्न सकेको छैन तर आयातको आयतन ठूलो छ । यही कारण समेतले गर्दा नेपालमा व्यापार घाटा चुलिँदो छ ।

२२. अहिले नीति निर्माताहरूले अनावश्यक ढंगले बैंक तथा वित्तीय संस्थाहरूको मर्जरमा आफूलाई केन्द्रित बनाइराखेका छन् । बैंक तथा वित्तीय संस्थाहरू मर्ज पनि भइराखेका छन् । वाफियाको परिबन्दमा परेझैं मर्जरको परिबन्दमा नीति निर्माता परेर सरकारी बैंकहरूको भविष्य अन्योलग्रस्त रहिरहने जोखिम त्यत्तिकै छ । ■

*लेखक नेपाल राष्ट्र बैंकका*
*पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ ।*

# कृषितन्त्रका विकृति र कृषि कर्जामा प्रणालीगत सुधारको आवश्यकता

■ कृष्ण प्रधान

१. भारतेली प्याज र चिनीञा लसुन आइनपुगे नेपालीहरूको भातभान्सा नुन नपुगेको तरकारीजस्तो हुन्छ । तर, नेपाली माटोमा लसुन प्याज नहुने चाँही होइन । ग्याँसको त कुरै छाडौं, अब नाकाबन्दीका सामान्य हल्लाले पनि ग्याँसको कालोबजारी थालिनुर ग्याँसका लागि उपभोक्ताको चौबिसौं घण्टाको लाइन लाग्नु त सामान्य कुरा हुन्छ । ग्याँस उत्पादन नेपालमा अहिले भइरहेको नहोला तर सम्भावनाका सपनाहरू सरकारले देखाउन थालेको दशकौं चाँही भैसकेको छ । वैकल्पिक उर्जाको खपतबाट त्यसको प्रतिस्थापन गर्न भने कबै चासो भएन । बिजुलीले सो प्रतिस्थापन गर्ननसकिने थिएन । तर यसो भन्न थालिएको पनि पञ्चायतकालदेखि नै हो । अहिले त हाम्रो बानी यस्तो भैसक्यो कि भात पकाउने कुरामा ग्याँसबाहेक अरूले पकाउनै सकिन्न, अर्थात् ग्याँसकै जोहो गर्नुपर्छ । त्यो पीडा हामीले विगतको नाकाबन्दीताका नबेहोरेको होइन । नेपालीहरूले फलाएका तरकारी बजारमा बिक्दैनन् र किसानले तिनलाई बाटो चौबाटोमा फाल्ने वा बारीमै कुहाएर मल बनाउने गरेका उदाहरण त हामीले सँधै देख्दै आएका घटना हुन् । दूधमा आत्मनिर्भर भएको भनिएको नेपाली किसानका दूध नबिकेर तिनले सडकमा पोखिनु परेका उदाहरण पनि मनग्गे छन् । तर बाहिरबाट पाउडर वा धूलो दूध आई नपुगे नेपालका डेरी उद्योगहरूले दूध उत्पादन नै बन्द गर्छन् वा बजारमा दूधको अभाव हुनथाल्छ । पोखरा, चितवन र बिराटनगरमा धूलो दूधका कारखाना खोलिएका खबरहरू त पढन पाइएकै हो तर ती कारखानाका उत्पादन बिक्री नभएर समस्यामा परेका उदाहरण पनि यहीं पाइन्छ ।

२. नेपालमा फलफूलको उत्पादन मनग्गे हुन्छ, नेपाली माटोमा हावापानी अनुकूलन विभिन्न जातका फलफूल लगाउन सकिन्छ पनि । त्यसका लागि सरकारले सहुलियतपूर्ण कृषि ऋण आदिको पनि व्यवस्था नगरेको देखिन्न । तर दुर्भाग्य, भारतीय फलफूलसीमा नाकातिर कथम्कदाचित कुनै कारणले केही दिन रोकिदा वा बन्द हुँदा यहाँ फलफूलको बेपारमा हाहाकार हुन्छ र फलफूल बजार नै बन्द हुन्छ । उपभोक्ताले हजारौं गुणा महंगो मूल्य चुकाउनु पर्छ । उता नेपाली फलफूल या त बजारसम्म पुग्नै पाउँदैनन् वा पुगे पनि तिनलाई बिचौलियाहरूले बजारमै जान सकभर दिँदैनन्, अनेक चलखेल हुन्छ र किसानहरू बाध्य भएर पछुताउनु सिवाय उनीहरूसित अर्को विकल्प हुन्न । एकातिर नेपाली कृषि उत्पादन नबिक्ने अर्कातिर भारतीय वा तेश्रो मुलुकबाट आयातीत तेस्तै कृषि उत्पादनहरू बजारमा छ्याप्छ्याप्ति पाइने त यहाँको विशेषता नै भई गयो ।

३. नेपालमा उत्पादित मुसुरो दालको उत्पादनले आन्तरिक माग नै धान्दैन तर नेपालबाट भारत, बंगलादेश र पाकिस्तानतिर अरबौंको त्यस्ता दाल निकासी भइरहेको देखिन्छ । नेपालका चिनी मिलहरूले कृषकका उखु समयमा नकिनीदिने, किने पनि पैसा भुक्तानी नदिने, त्यसैका लागि किसानले महिनौं आन्दोलित हुनपर्ने, समयमै उखु मिलले क्रसिँग नगरीदिंदा उखु सुकेर जाने भई उत्पादन नै कम हुने जस्ता चिनी मीलका रोगहरू दशकौं पुराना हुन् । तथापि ती कहिल्यै समाधान हुँदैनन् । बरू, स्वदेशी माग धान्न भनेर चिनी आयातको चलखेल हुने कुरा त सामान्य नै भैगयो । किसानका उखु किन्नुभन्दा त सस्तोमा चिनी आयात गरेर मार्जीन कमाउनु तिनका लागि सजिलो पनि हुने नै भयो । यस्तो बेला स्वदेशी उद्योग कल कारखानालाई संरक्षण गर्ने, संरक्षित क्षेत्रको चुस्त अनुगमनगर्ने

र किसानहरूलाई प्रोत्साहन गर्ने नीतिगत कुराको संयोजन कहिल्यै भएको देखिन्न ।

४. कोरोना महामारीका कारण विदेशबाट दशौं लाखको संख्यामा नेपाली स्वदेश फर्किएकै हुन् । त्यसले गर्दा यस वर्ष धान बालीको रोपाईं प्रतिशत पनि बढ्न गएकै हो । अर्थात् विगतमा मजदुर अभावका कारण खेती नभएको भूमिमा पनि धान बाली लागेकै हो । त्यसबाट धानको उत्पादन बढ्ने भनेर सरोकारवालाहरू पनि उत्साहित बनेकै हुन् । त्यसका अलावा स्वदेश फर्किएकाहरूलाई थप रोजगारीको अवसर समेत प्रदान गरिने अनेकौं सरकारी सपनाहरू बाँडिँदाका बावजुद पनि अहिले तिनै जहाँबाट आए उतैतिर लस्कर लागेर बाहिरीरहेको दृष्य देख्दा लाग्छ यहाँ सम्भावना या त नभएकै हो या त भए पनि तिनको यथोचित व्यवस्थापन चाँही गर्न नसकिएको हो । पहिलो कुरा अर्थात् सम्भावना नै नभएको भन्नेमा सत्यता छैन भने दोस्रो कुरा अर्थात् उचित व्यवस्थापजन गर्न नसकिएको चाँही तीतो यथार्थ हो । यसपटक धानबालीकै कुरा गरौं, बिडम्बना किसानहरूले मलखाद हाल्नुपर्ने बेलामा मलै पाएनन् । पैंचोको मल पनि अहिलेसम्म भित्रिन सकेन । मल समयमै नपाइने, अभाव भैरहने रोग त दशकौं दशक पुरानो हो तथापि त्यसको बन्दोबस्तीका लागि भनेरै खडा गरिएका संस्थाहरू भने कहिल्यै सुध्रिएनन् । अर्थात् समयमै किसानहरूका लागि मलखादको बन्दोबस्त गर्नुपर्छ भन्ने तत्वज्ञान तिनमा कहिल्यै पलाएन, अझै पलाउन सकेको छैन । अर्कातिर, स्वदेशमै मल कारखाना खोल्ने सपना बाँडेका सरकारहरू पनि धेरै आए, गए । तर, हरेक वर्ष किसानहरूका लागि सहकारी संस्थाका ढोकाअगाडि रात दिनभर लाइन लागेर पनि एक बोरा मलखाद पाउने खुशीका दिन ल्याउन कुनै सरकार कामयाब देखिएन । एक माघले जाडो जाँदैन । तर अर्को माघको जाडोका लागि बेलैमा न्यानो लुगाहरूको बन्दोबस्ती गर्न सक्नु बुद्धिमानी हो ।

५. नेपालमा पशुपालनको अगाध सम्भावना छ । दुग्ध पदार्थका लागि गाई,भैंसी, चौरी पालन र मासुका लागि खसी बोका, च्यांग्रा, बाख्रापालन र उनका लागि भेंडा च्यांग्रा पालनको राम्रो सम्भावना हुँदाहुँदै पनि ती कहिल्यै दीगो गरी फस्टाउन सकेनन् । बरू खाडी मुलुकको मरूभूमिमा उँट र भेंडा पार्ममा काम गर्नका लागि हाम्रो वैदेशिक रोजगारी फस्टाएको छ । यस्तो हुनु बिडम्बना नै हो । नेपालमा हुने नगदे तरकारी बाली आलुको गुणस्तर कमको छैन । तथापि, हामीकहाँ भारत र भुटानबाट आलु आयात हुने गर्छ । मुस्ताग, ईलाम, सिन्धुपलाञ्चोक, दोलखा, काभ्रे, पाँचथरका आलुको गुणस्तर आयातीत आलुभन्दा कम छैनन् तथापि हामीले त्यस बालीलाई कहिल्यै निर्यातयोग्य बनाउन सकेनौं । इजरायलले शखरखण्ड र गाँजर विदेश निर्यात गर्छ तर हामी भने प्रशस्तै सम्भावना भएको बालीको स्तरीकरण, व्यावसायिकरणको कुरा त परै जाओस् आत्मनिर्भरयोग्य समेत बनाउन सक्दैनौं, सकिरहेका छैनौं । यसो भनिरहँदा केले रोक्यो त ? भन्ने प्रश्न स्वाभाविकरूपमा आउँछ । केही वर्षपहिले नेपालबाट धानचामल निर्यात हुन्थ्यो । त्यसकै लागि धानचामल कम्पनीहरू पनि खडा भएकै हुन् । अहिले ठीक विपरीत त्यही वस्तु आयात हुन्छ । जुटजस्तो नगदे बालीमा कुनै समय नेपाल निकै अगाडि नभएको थिएन तर सरकारी रबैयाकै कारण अहिले त्यसको खेतीबाट कृषकहरू पलायित छन् । एशियाकै पुरानो मानिएको जुट मिल समस्याग्रस्त बनेको पनि धेरै भयो । त्यो अहिले येनकेन प्रकारेण बंगलादेशबाट जुट आयात गरी जसोतसो घस्रिरहेको देखिन्छ । नेपालमा उत्पादित सूर्तीमै निर्भर जनकपुर चुरोट कारखाना अहिले बन्द भएको छ । अब सूर्ति खेती हुने कुरै भएन । अहिले जुटको कुरा गर्दा होस् वा उखु किसानका कुरा गर्दा होस् वा चिया खेतीकै कुरा गर्दा किन नहोस् विश्वभर बजार पनि भएको र नेपालमा असाध्य सम्भावना र सफल समेत भएको नगदे बालीलाई स्तरीकरण, व्यावसायिकरणर गुणस्तरीकरण गरेर लैजानमा सरकारलाई केले रोकेको छ ? त्यहाँको स्थिति हेर्दा जहिल्यै समस्या मात्र देखिन्छन् । चिया, कफी, जुट, सूर्ति, एभोकाडो, किबी, ज्याकफ्रुट, अलैंची, अदुवा, आलुजस्ता नगदे बालीहरूमा नेपालमा प्रशस्तै सम्भावनाहरू देखिएको र त्यसमा किसान, व्यवसायीहरू लागेका समेत देखिएकाले तिनलाई कसरी उत्साहित, प्रोत्साहित र संरक्षित गरेर लानसकिन्छ भन्ने बारेमा कुनै सरकारहरूले गम्भीर रूपमा सोचेको भेटिएन । केही कार्यक्रमहरू नभएका, नआएका होइनन् तर तिनलाई निरन्तरता दिन नसक्दा वा छिनछिनमा नीतिगत परिवर्तन हुँदा त्यसमा लाग्नेहरू उत्साहित हुनको साटो निराश हुने अवस्था आउनु नै यो क्षेत्रको विकृति हो ।

६. कृषिको अर्थतन्त्रलाई जोगाड गर्ने हो भने माथि उल्लेख गरिएका कृषितन्त्रका प्रणालीगत बिकारहरूमा तत्काल सुधार आउन नसके कृषिमा क्रान्ति नारामै सीमितरहने पक्का छ । कृषि क्षेत्रमा लाग्नेहरूलाई जहिल्यै प्रोत्साहित गरेर लानुपर्छ भने त्यसले संरक्षण समेत खोज्छ । यो क्षेत्रमा जोखिम भए पनि यो रोजगारीको प्रशस्त सम्भावना बोकेको क्षेत्र हो । यसमा जहिल्यै बजार अभाव नरहने अनि गार्हस्थ उत्पादनमा जहिल्यै सहयोग गरिरहने क्षेत्र भएकाले त्यसलाई अगि बढाएर लानु चाँही जुनसुकै दलका सरकार आए पनित्यसमा चुक्नु हुँदैन वा दलीय विचारभन्दा माथि उठेर तेसको विकास र विस्तारमा ध्यान केन्द्रित गर्नसक्नुपर्छ । जोखिम भएकैले हो त्यसका लागि सरकारी संरक्षण लगायत विविध कुराहरूमा ध्यान दिनुपर्ने । खेतीपातीमा लाग्नेहरूका लागि मल, बीऊ, सिंचाई, सिचाईका लागि आवश्यक पर्ने विद्युतको उपलब्धता, बजार, भण्डारण, बीमा, सहुलियत कर्जा, उत्पादनलाई बजारसम्म पुऱ्याउने ग्रामीण सडकको सुबिधा, मूल्यको न्यूनतम समर्थन मूल्यको प्रत्याभूति, कृषि प्रविधिकहरूको निरन्तर र गुणस्तरीय सहयोगको उपस्थिति, कृषि औजारको समूचित प्रबन्ध, औषधीहरूको उपलब्धता, अनुदान आदि एकीकृत र प्याकेजकै रूपमा उपलब्ध हुने व्यवस्था हुनु पर्छ । वा, ती चीजको बन्दोबस्तीको प्रत्याभूत भयो भने यो क्षेत्र फस्टाउन मदत पुग्छ । अर्को अर्थमा, कृषि क्षेत्रमा लाग्नु भनेको जोखिम उठाउनु पनि हो । परम्परागतरूपमा जीविकोपार्जनका लागि त जसोतसो कृषि प्रणाली घस्रीरहेकै छ । तर, साँच्चिकै यो क्षेत्रमा कायापलट गर्ने हो भने माथि भनिएका कुराहरूलाई सरोकारीहरूले कार्यान्वयन गर्ने हो भने यसको भविष्य अथाह छ र नेपालमा त्यो सम्भव पनि छ । कृषिमा स्नातक वा उच्च उपाधी गरेकाहरूलाई यो क्षेत्रमा प्रोत्साहित गरेर लाने कार्यक्रमहरू आउन सकेका छैनन् भने कृषि क्षेत्रमा भएका गरिएका अध्ययन अनुसन्धानले पनि कृषिको आर्थिक वृद्धिमा सघाउन सकेको देखिन्न ।

७. माथि उल्लेख गरिएका कृषितन्त्रमा बिकारहरूको प्रस्तुति किन आवश्यक रह्यो भने कृषि क्षेत्रको व्यवसाय निकै जोखिमपूर्ण भएको र त्यसको उन्नयनका लागि आवश्यक पर्ने कृषि कर्जाको विस्तार र विकासमा पनि तिनै बिकारहरूले कहीं न कहीं दुःख दिइरहने हुनाले कृषि कर्जाको व्यवस्थितिकरणका लागि पनि ती कुराहरूको अध्ययन आवश्यक हुन्छ । यो क्षेत्रको व्यवसाय जोखिमपूर्ण र सजिलो नभएजस्तै कृषि कर्जाको विस्तारमा पनि प्रशस्त जोखिम हुने हुनाले त्यसको बन्दोबस्ती पनि सोही अनुकूलन हुनसक्यो भने मात्र कृषि कर्जा विस्तार नीतिको अभीष्ट पूरा हुन्छ । त्यसैले मौजुदा कृषि कर्जा प्रणालीमा व्यापक सुधार नगरी एकोहारो नीतिगत रटानले मात्र यो क्षेत्रको विकास सम्भव देखिन्न ।

८. कसरी सुधार्ने त हाम्रो कृषि कर्जा प्रणाली? नेपालमा कृषि क्षेत्रमा कर्जा विस्तारको संस्थागत प्रयास भएको निकै भयो । खासगरेर २०२४ सालमा विशेष ऐन अन्तर्गत आएको कृषि विकास बैंकको स्थापनापछि यो क्षेत्रमा संस्थागत कर्जा लगानीको आरम्भ भएको हो । त्यसअघि स्थापित सहकारी बैंकले पनि यो क्षेत्रमा कर्जा प्रवाह गर्नेगरेको पाइन्छ । पछि त्यो बैंक कृषि विकास बैंकमा गाभिएको हो । अहिले त्यही कृषि विकास बैंक वाणिज्य बैंकमा परिणत भएको छ । अब सो बैंकबाट कृषि क्षेत्रमा हुने लगानी भनेको प्राथमिकताप्राप्त क्षेत्रका तोकिएको सीमाको लगानी मात्र हो । त्यसरी विगतमा कृषि कर्जा लगानीका लागि गरिएको गतिलो संस्थागत प्रयास नै वाणिज्य बैंकिङ्गमा परिणत भएपछि यो क्षेत्रमा दीर्घकालीन कृषि कर्जा लगानीका लागि ढोका थुनिएको छ । कृषि कर्जा प्रवाहका क्षेत्रमा यो एउटा गम्भीर नीतिगत त्रुटी थियो ।

वाणिज्य बैंकहरूबाट यो क्षेत्रमा कर्जा प्रवाहको थालनी भने २०३१ सालदेखि हुनथालेको हो । त्यसबेलादेखि थालिएको वाणिज्य बैंकहरूमार्फत् यो क्षेत्रमा लगानी गर्ने नीतिगत व्यवस्था हाल प्रथमिकता प्राप्त क्षेत्रका नाममा कायमै छ । जस अन्तर्गत कूल कर्जा लगानीको १० प्रतिशत कर्जा प्रवाह कृषि क्षेत्रमा गर्नु पर्छ । यसलाई आगामी चार वर्षभित्र १५ प्रतिशत पुऱ्याउनुपर्ने यस वर्षको मौद्रिक नीतिबाट व्यवस्था गरिएको हुँदा ती संस्थाहरूबाट आगामी तीन चार वर्षभित्र १५ प्रतिशत लगानी हुने देखिएको छ । त्यो भनेको हालको १० प्रतिशत सीमाले करिब २९० अरबको कर्जा प्रवाह (२०७७ असारको कूल कर्जा २९०७ अरब) आगामी पुस मसान्तमा कृषि क्षेत्रमा गर्नुपर्ने हुन्छ । यो अनिवार्य व्यवस्था भएकाले लगानी नपुग्दा बैंक्हरूले केन्द्रीय बैंकलाई हर्जाना तिर्नुपर्ने हुँदा जसरी पनि लगानी हुने नीतिगत अपेक्षा हो । यो व्यवस्था खुद कर्जामा आधारित

भएको हुँदा हालको कोरोनाकालमा बैंकहरूको लगानी बढ्न नसकेको अवस्थामा कृषिमा थप लगानी हुने देखिँदैन । अहिले बैंकहरूको यो क्षेत्रमा करिब ११ प्रतिशत लगानी भएको देखिन्छ । गत वर्षको तुलनामा यस वर्षको कर्जा लगानी सबैजसो बैंकहरूको घटेको हुँदा कमसेकम लगानी सहज नहुँदासम्म कृषि क्षेत्रमा थप लगानी बढ्ने सम्भावना कम छ । अर्थात् अहिलेकै लगानीले नीतिगत सीमा पुग्ने देखिन्छ । यस्तो अवस्थामा बैंकहरूबाट नयाँ लगानी भनेको थप जोखिम मोल्नु भएकाले नीतिगत सीमाभन्दा माथि जाने जोखिम पनि तिनले लिन रूचाउँन्नन् । त्यसो हुँदा बैंकहरूबाट कृषि क्षेत्रमा थप लगानीको अपेक्षा गर्न सकिन्न । उदाहरणका लागि अहिले बैंकहरूको कर्जा विस्तारमा करिब १० प्रतिशतको कमी आएको देखिन्छ । त्यो भनेको गत वर्षभन्दा करिब ३०० अरबको खुद लगानीमा कमी हुनुहो । त्यो भनेको २६०७ अरबको कर्जा लगानीमा बैंकहरूले २०७८ असार मसान्तमा

करिब २६१ अरबको कृषि कर्जा लगानी गरे पुग्ने हुन्छ । त्यो भनेको अहिलेको लगानीमा थप लगानी नगर्दै वा गतवर्षको तुलनामा लगानी गर्नुपर्नेभन्दा पनि करिब ३० अरबको कम लगानीले पनि तोकिएको नीतिगत सीमा पुग्ने देखिन्छ । यस्तो अवस्थामा बैंकहरूबाट थप कृषि कर्जा, सामान्यतया प्रवाह नहुने सम्भावना रहिरहन्छ । यस्तो अवस्था आउनुभनेको वर्तमान नीतिगत व्यवस्थाको कमजोर पक्ष पनि हो ।

सामान्यतया वित्तीय संस्थाहरूको कर्जा लगानी हरेक वर्ष बढ्दै जाने अपेक्षा गरिएको हुन्छ । कोरोना महामारीका कारण अरू कर्जा लगानी विस्तारित हुन नसक्दा कृषि कर्जामा थप प्रवाह नगररे पनि सीमा पुग्नु भनेको बैंकहरूलाई नीतिगत हाइसञ्चो नै हो । केन्द्रीय बैंकले अब यस नीतिको पुनरावलोकन गर्नुपर्ने समय आएको छ । तोकिएको सीमाभन्दा सामान्यतया यस्तो लगानी बढ्न नसकेको यथार्थलाईमध्यनजर राखी सीमाभन्दा बढी लगानी गर्ने वित्तीय संस्थाहरूलाई केन्द्रीय बैंक वा सरकारले विशेष किसिमको प्रोत्साहन दिएर त्यस्तो लगानीलाई अगाडि बनाउने वातावरण पनि बनाउनु पर्छ । अहिले कम लगानी गर्नेलाई बैंकहरूको तत्काल कायम उच्चतम ब्याज दरका आधारमा हर्जाना लाउने व्यवस्था छ भने त्यस्तो हर्जाना केन्द्रीय बैंकको आम्दानी हुने गरेको छ । कृषिमा लगानी नगर्दाको अवस्थामा वित्तीय संस्थाहरूलाई हर्जाना लगाई केन्द्रीय बैंकले आम्दानी बाँध्नु न्यायिक देखिन्न । बरू, कसरी यो क्षेत्रमा वित्तीय संस्थाहरूलाई प्रोत्साहित गरेर लान सकिन्छ भन्ने चाँही नीतिगत अभीष्ट रहनु पर्छ । हाल यो क्षेत्रमा कुनै बेग्लै वित्तीय संस्था नभएको अवस्थामा भइरहेकै वित्तीय संस्थाहरूबाट लगानी परिचालन गर्ने केन्द्रीय बैंकको नीतिगत अभीष्ट स्वयंमा नराम्रो भन्न त मिल्दैन तथापि यो व्यवस्था मात्र पर्याप्त वा अन्तिम विकल्प नरेहको कुरा त अहिलेसम्मको करिब पाँच दशकको यो क्षेत्रमा लगानीगर्ने नीतिगत अनुभवले पनि भनिरहेकै छ । अब यस व्यवस्थाको पुनरावलोकनको खाँचो देखिएको छ । उदाहरणका लागिः प्रोत्साहनको एउटा उपाय कृषिमा तोकिएको सीमाभन्दा बढी लगानी गर्ने वित्तीय संस्थालाई कर्पोरेट ट्याक्समा निश्चित प्रतिशत (हालको पैतीस प्रतिशतलाई तीस वा पच्चीस प्रतिशत) छुट दिएर पनि लगानी बढाउन सकिन्छ, सम्भावना छ ।

९. खासगरेर वाणिज्य बैंकहरू, विकास बैंकहरू वा वित्त कम्पनीहरू कृषि क्षेत्रमा भरसक लगानी नै गर्न नपरे हुन्थ्यो भन्ने मानसिकतामा जहिल्यै देखिएका छन् । कोरोनाकालमा बैंकहरू लगानी गर्नका जोखिमबाटै पन्छिन खोजेका दृष्टान्त त अहिले कर्जा लगानी बढ्न नसकेको मात्र होइन विगतका तुलनामा घटिरहेकै उदाहरणले भन्छ । कृषिमा हुने लगानी जोखिमयुक्त मात्र नभएर प्राविधिक किसिमको पनि हुनेभएको साथै लगानीकर्ताहरूका लागि त्यस्तो बैंकको प्रयासलाई अन्य सरकारी निकायहरू समेतको समन्वयको आवश्यकता हुने हुन्छ । वाणिज्य बैंकिंगबाट अहिलेसम्मको अनुभवले के बताउँछ भने उनीहरू यो क्षेत्रमा नीतिगत बाध्यताका कारण मात्र लागेका हुन्, स्वयं प्रोत्साहित भएर होइन ।

१०. कृषि क्षेत्रमा कर्जा लगानी गर्नु भनेको अत्यन्त जोखिमपूर्ण कार्य हो । त्यो अन्य व्यापारिक कारोबारमा जाने कर्जाजस्तो पक्कै हुँदैन । यसैले यस्तो कार्यमा लगानी गर्ने वित्तीय संस्थालाई मात्र कर्जा लगानी भएन गर्न सकेनन् भनेर दोष पन्छाउनु न्यायिक हुँदैन । लगानी गर्‍यो, उत्पादन पनि भयो तर किसानले आफ्नो उत्पादन बजारसम्म लान सक्दैन, सक्ने वातावरण पनि हुँदैन भने उसले त्यसको बिक्री नगरी बैंक कर्जाको किस्ता तिर्न सकोइन । बजारसम्म लान सकेन भने कमसेकम त्यसको भण्डारणको प्रत्याभूति हुनपर्‍यो र उसले

केही समय भण्डारण गरी उचित समयमा र मूल्यमा आफ्ना उत्पादन बिक्री गरी बैंकको किस्ता तिर्न सक्छ । अर्कातिर खेती लगायो, तर मलखाद नै पाईदैन । मानौ जसोतसो उत्पादन हुन लागेको समयमा प्राकृतिक प्रकोपबाट बालीनाली क्षति हुँदा त्यसको बीमा व्यवस्थाबाट क्षतिको पूर्ति गर्ने व्यवस्था भएन भने बैंक कर्जा डुब्ने सम्भावना धेरै हुन्छ । खासगरेर कृषि कर्जामा जोखिम व्यवस्थापन र लगानीका लागि आवश्यक पर्ने पूर्वाधारहरूको व्यवस्थाका साथै लगानीपश्चात् कृषि उत्पादनको वितरण, भण्डारण, बजार व्यवस्था र एकीकृत र एकमुष्ठ कृषि कर्जाको यथोाचित प्रबन्ध गर्नसके यो क्षेत्रमा कायापलट गर्न नसकिने भने होइन ।

११. कृषि कर्जाका क्षेत्रमा त्योसित सम्बन्धित रहेको सुधार गर्नपर्ने अर्को बिकार होः कृषकले आफ्ना उत्पादन बजारसम्म लाने व्यवस्थामा बिचौलियाहरूको दबदबालाई कसरी उन्मुलन गर्ने भन्ने पनि हो । यो क्षेत्रमा जरा गाडेर बसेको बिचौलिया प्रथाको उन्मुलन वा त्यसको व्यवस्थित चाँजोपाँजो नहुँदासम्म किसानले वास्तविक मूल्य पाउन सक्दैनन् । त्यसका लागि सहकारी क्षेत्रलाई सरकारले अगाडि ल्याउनसक्नुपर्ने थियो, हाल यो नारामा मात्र सीमित रहेको देखिन्छ । बिचौलियाकै दबदबाका कारण स्वदेशी कृषि उत्पादन फालिनुपर्ने स्थिति देखिइरहेको छ भने तेस्तै उत्पादन अर्को देशबाट खुलेआम भित्रिइरहेको पाइन्छ । बिचौलिया प्रथालाई शेयर ब्रोकरहरूलाई व्यवस्थित गरेजस्तै गरी व्यवस्थित गर्न नसकिने भने होइन । सहकारी संस्थाहरूलाई त्यसमा परिचालन गर्न सकिन्छ ।

१२. यो क्षेत्रमा लाग्ने, लागेका आम कृषक (व्यावसायिक मात्र होइन) लाई अनुदानको व्यवस्था कृषि कर्जाका लागि अर्को पूरक आवश्यकता हो । यसकै कारण बेपारीहरूलाई भारतीय उत्पादन भित्र्याउन सहज भएको देखिन्छ भने स्वदेशी उत्पादन महंगो पर्न गएका कारण ती बिचौलियाले उठाउँदैनन् । अतः यहाँनेर स्वदेशी उत्पादनको संरक्षण पनि यसका लागि अर्को अनिवार्यता देखिएको छ । वर्तमानमा अलमलिइरहेको सहकारी क्षेत्रलाई बलियो, चुस्त र भरपर्दो किसिमबाट परिचालन गरेर यो क्षेत्रको उत्पादनको वितरणर बजार परिचालनमा सरीक गराउन सके कृषिको लगानीले फड्को मार्नसक्छ ।

१३. कृषि कर्जाको वर्तमान व्यवस्थामा प्रणालीगत सुधारकै खाँचो छ । त्यो भनेको अब कृषि कर्जाका लागि मात्र एउटा बेग्लै वित्तीय संस्था( कृषि बैंक)कै स्थापना गरिनु पर्छ । यो क्षेत्रमा दीर्घकालीन, मध्यकालीन र अल्पकालीन कर्जा लगानी गर्ने हाल कुनै पनि संस्था छैनन् । वाणिज्य बैंकहरूबाट हालको प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा लगानी गर्ने नीतिगत व्यवस्थाबाट यो क्षेत्र खासै खगाडि बढ्न सक्दैन । किनभने तिनले लगानी गर्ने भनेको निश्चित सीमा मात्र हो र त्यो अगि माथि उल्लेख गरिएको अवस्थामा बढ्न सक्दैन । अर्को कुरा, वाणिज्य बैंकहरूले दीर्धकालीन कर्जा लगानी गर्दैनन्, जस्तोः चिया, कफी र फतफूल खेतीमा दीर्घकालीन लगानीको आवश्यकता पर्छ । यसैले अब कमसेकम पनि ५० अरबको चुक्ता पुँजी भएको एक कृषि बैंक खोलिनु पर्छ । त्यसमा हालका बैंक वित्तीय संस्थाहरूले गर्नपर्ने प्राथमिक क्षेत्रअन्तर्गतको कृषि क्षेत्रमा लगानी गर्नुपर्ने रकम यसको शेयरमा लगानी गर्ने व्यवस्था गर्न सकिन्छ, वा त्यसरी ती बैंकलाई परिचालन गर्न सकिन्छ । त्यसो भयो भने ती बैंकले हाल गरेजस्तो अलमल र ढलपलको कृषि कर्जा लगानी प्रणालीको पनि अन्त्य हुन्छ । क्रमशः प्रस्तावित कृषि बैंकले आफनो कार्य बढाउँदै लान थालेपछि बैंकहरूको कृषि कर्जा व्यवस्थालाई अनिवार्य नगर्न पनि सकिन्छ । कृषि क्षेत्रले गार्हस्थ उत्पादनमा अझै पनि तीस प्रतिशत हिस्सा ओगटेको देखिन्छ भने अधिकांश नेपालीको जीविकोपार्जनको क्षेत्र पनि यही हो । तर, बिडम्बना यतिका बैंक वित्तीय संस्थाहरू हुँदा पनि सरकारले कहिल्यै कृषि कर्जा व्यवस्थाका लागि बेग्लै बैंक आवश्यक पर्छ भन्ने कुरा ठम्याउनै सकेन । यस्तो बैंक स्थापना हुनसके अहिलेका लघुवित्तीय संस्थाहरू, जसका कार्यसञ्जाल ७७ वटै जिल्लामा पुगेका छन् र जससित करिब पचास लाख सदस्यहरू आवद्द छन्, लाई समेत परिचालन गर्ने हो भने कृषि क्षेत्रमा कर्जा प्रवाहको अथाह सम्भावनादेखिएको छ । त्यसैगरी, हाल करीव पैंतीस हजारको संख्यामा रहेका सहकारी संस्थाहरूमध्ये संस्थागत सुशासन भएकालाई सरीक गराएर लान नसकिने होइन । मूल कुरो, सरकार, केन्द्रीय बैंक र सरोकारवाला संस्थाहरूले कृषि कर्जा आवश्यकतालाई प्रणालीगत सुधार गरेर लाने विषयमामा कटिबद्धता र प्रतिबद्धता देखाउन सक्नु अहिलेको आवश्यकता हो । ■

*लेखक नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ ।*

# वित्तीय अपराधमा वास्तविक धनीको पहिचान

■ सुशीलप्रसाद आचार्य

A beneficial owner means any natural person(s) who ultimately owns or controls the Assets and/or the natural person(s) on whose behalf a transaction or activity is being conducted and includes:

वास्तविक धनी भन्ने शब्दको प्रार्दुभाव गुठीको (Trust) विकाससँगै भएको हो । गुठीको प्रयोग सँगै गुठीयार (Trusty) शब्दको पनि उदय भयो । गुठी भन्ने वित्तिकै कुनै परोपकारी कार्य गर्न कानुन बमोजिम स्थापना भएको संस्था भन्ने बुझ्नुपर्ने हुन्छ । गुठीको स्थापना एक जनाले गरेको हुन्छ, सञ्चालन अर्कोले र उपयोग अर्कैले गरेको बुझ्नुपर्ने हुन्छ । आज हामी यो परोपकारी वा समाजिक कार्यका लागि स्थापना भएको संस्थाको बारेमा नभई वास्तविक धनी र भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरण अपराधको सम्बन्धको बारेमा चर्चा गर्दछौं । भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण अपराधमा अपराधीहरू धेरै नै चलाख र राज्य सत्तामा पहुँच भएका वा संलग्न भएका हुन्छन् । यिनीहरूलाई राज्यको कानुन र यसको कमजोरी तथा छिद्रहरूको बारेमा ज्ञान हुन्छ । त्यसैले यिनिहरू एकातिर कानुन कार्यान्वयन गर्ने निकायभन्दा धैरै चलाख हुन्छन् भने अर्कोतर्फ तिनलाई प्रभाव समेत पार्ने सामर्थ राख्दछन् ।

**भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण अपराधमा अपराधीहरु धेरै नै चलाख र राज्य सत्तामा पहुँच भएका वा संलग्न भएका हुन्छन् । यिनीहरुलाई राज्यको कानुन र यसको कमजोरी तथा छिद्रहरुको बारेमा ज्ञान हुन्छ ।**

भ्रष्टचार र सम्पत्ति शुद्धीकरण अपराधमा वास्तविक धनी पत्ता लगाउने काम एउटा जटिल तर अनिवार्य कार्य हो । यसको अभावमा गरिएको अनुसन्धानले एकातिर वास्तविक अपराधी पत्ता लाग्दैन । अपराधी पत्ता लागेमा पनि उसले अपराध गरेको सबै सम्पत्ति पत्ता नलागी वास्तविक सजायबाट बन्चित हुने तथा दोषी नै प्रमाणित नहुने अवस्था रहन सक्दछ । नेपाल जस्ता मुलुकमा भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणको मुद्धामा वान्छित सफलता पाउन नसक्नुको प्रमुख कारण पनि यही रहेको छ । यिनै वास्तविकतालाई महशुस गरेर विश्वका सुशासन भएको मुलुकले वास्तविक धनी पत्तालगाउने र चोरिएका सम्पत्ति (Stolen Assets) पत्ता लगाउने विषयमा धेरै अध्ययन अनुसन्धान गरेको छन् । सम्बन्धित संस्थालाई सोही अनुरूप तयार गरेका छन् । त्यसैले तिनिहरूले सुशासन कायम गर्ने र भ्रष्टाचार निवारण गर्ने कार्यमा धेरै सफलता पाएका हुन । राज्यको सही नीति सोही नीति बमोजिमका कानुन, कानुन कार्यान्वयन गर्ने सक्षम निकाय र जनशक्ति तथा राष्ट्रिय अन्तर्राष्ट्रिय समन्वय र सहयोगको संयोजनबाट तिनिहरूले यो सफलता पाएको हो । राम्रो कानुन र संस्था मात्र भएर मात्र भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण अपराध नियन्त्रणमा सफलता नपाउने कुराको प्रमाणको रूपमा नेपाल लगायतका देशलाई लिदँा हुन्छ ।

भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण गर्ने व्यक्तिले कसूरबाट प्राप्त गरेको सम्पत्ति वा कसूरबाट प्राप्त सम्पत्ति बढी बढाएको सम्पत्ति सबै आफैंले आफ्नो हक भोगमा नराख्न सक्दछ । यसरी उसले कसूरबाट प्राप्त सम्पत्तिको स्रोत, प्रकृति, स्थान, स्वामित्व, अधिकार, कारोबार लुकाउने, परिवर्तन वा छल्ने उद्देश्यले त्यस्तो प्रकारको सम्पत्ति रूपान्तरण, परिवर्तन वा हस्तान्तरण गरेवा गराएमा मा उल्लेखित अपराध गरेको मानिने विश्वव्यापी मान्यता रहेको छ । यसबाट पनि के स्पष्ट हुन्छ भने सम्पत्तिबाट अपराधसम्म पुग्ने वा अपराधबाट सम्पत्तिसम्म पुग्न सकेमा मात्र वास्तविक रूपमा राज्यको चोरिएको सबै सम्पत्ति र अपराधी पत्ता लाग्ने हुन्छ । यसरी वास्तविक धनिको

पहिचान गर्न नसक्ने अवस्था विद्यमान रहनु भनेको अपराधबाट उन्मुक्तिको अवस्था हो । कानुन कार्यान्वयन गर्ने निकाय कमजोर हुनु भनेको समग्र राज्यको अपराध नियन्त्रण प्रणाली कमजोर हुनु हो । अनुसन्धानकारी निकायले वास्तविक अपराधी र राज्यबाट चोरिएको सबै रकम बिगोको रूपमा अभियोजन गर्न नसकेमा अपराधीको मनोवल बढ्ने तथा अन्तर्राष्ट्रिय रूपमा राज्यको छवि कमजोर भएर जाने हुन्छ । जसको मूल्य समग्र राज्य र विश्व समुदायले समेत चुकाउनु पर्ने हुन्छ । कसूरबाट प्राप्त सम्पत्ति नै प्रायजसो अन्य अपराधको स्रोतका रूपमा रहेको हुन्छ । यसवाटके प्रष्ट हुन्छ भने वास्तविक धनी पत्ता लगाउने कार्य बिना सुशासनको कल्पना गर्नु हास्यास्पद हुन्छ ।

नेपाल जस्तो सम्पत्ति शुद्धीकरण प्रणालीको राम्रो व्यवस्था नभएको देशमा वास्तविक धनी पत्ता लगाउने कार्य अझ अनिवार्य हुन्छ । भ्रष्टाचार निवारण प्रणाली राम्रो भएको देशमा प्रणालीले नै अपराध नियन्त्रण गर्न ७० प्रतिशत काम गर्दछ । २० प्रतिशत जति काम कार्यान्वयन (Complaince) ले गर्दछ । बाँकी १० प्रतिशत जति दायित्व मात्र अनुसन्धानकारी निकायको भागमा पर्दछ । यसरी १० प्रतिशत जति मात्रको अनुसन्धान तहकिकात गर्दा राज्यको स्रोत साधनको वचत हुने तथा भएको स्रोत साधन तथा समय अनुसन्धानमा प्रयोग हुने हुनाले प्रभावकारी उपलब्धि हासिल हुने देखिन्छ ।

भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण प्रणाली राम्रो भएको देश र नेपाल जस्ता CPI कमजोर भएका देशहरूको तुलनात्मक अध्ययनबाट पनि के प्रष्ट हुन्छ भने वास्तविक धनी घोषणा गर्ने र अनुसन्धानको क्रममा वास्तविक धनी पत्ता लगाउने सवालमा हाम्र जस्ता देश धेरै नै कमजोर रहेका छन् । जसको अर्थ कसूरबाट आर्जित रकम लुकाउन, छिपाउन हाम्रा जस्ता देशमा धेरै सजिलो छ । CPI कमजोर भएका देशको प्रकृति हेर्ने हो भने यस्ता देशले अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा घोषणापत्रहरूमा चाडैनै हस्ताक्षर गर्ने कानुन पनि बनाउने, संस्था पनि खडा गर्ने तर कार्यान्वयन मा फितलोपना रहने । यसको dtna complaince मा जोड दिने तर Effictiveness प्राप्त नगर्ने ।

वास्तविक धनीको पहिचान नगर्ने र तिनीहरूको कसूरबाट आर्जन गरेको सबै सम्पत्ति बिगोको रूपमा माग नगर्ने प्रणालीले भ्रष्टाचारलाई अझै बढावा दिन्छ । त्यसैले वास्तविक रूपमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने हो भने राज्यले निम्न कुरामा ध्यान दिन अब ढिला गर्न हुन्न ।

**नीतिगत व्यवस्था**

वास्तविक धनी पत्ता लगाउन राज्यमा हुने प्रत्येक आर्थिक गतिविधि राज्यको सूचनामा हुनु पर्दछ । कानुनले गोप्य राख्ने विषय गोप्य राखेता पनि अनुसन्धान गर्दा सजिलै पाउने व्यवस्था राज्यको नीतिमा झल्कनु पर्दछ । व्यवसाय, रोजगारी तथा लगानी गर्दा अनिवार्य रूपमा वास्तविक धनी घोषणा गर्ने । बैंक तथा वित्तीय संस्थामा खाता खोल्दा, घर जग्गा तथा सवारी साधन रजिष्ट्रेशन गर्दा, गैह्र सरकारी संस्था दर्ता गर्दा तथा बहुमूल्य धातु खरिद बिक्री गर्दा अनिवार्य रूपमा वास्तविक धनी घोषणा गर्ने नीति राज्यले लिनु पर्दछ ।

**कानुनी व्यवस्था**

जबसम्म कानुनले कुनै कार्य अपराध भन्दैन तबसम्म त्यस्तो कार्यलाई विधिशास्त्रले अपराध मान्दैन । त्यसैले कुनै व्यवसाय, रोजगारी वा लगानी गर्दा, बैंक तथा वित्तीय संस्थामा खाता खोल्दा, घर जग्गा रजिष्ट्रेशन गर्दा तथा बहुमूल्य धातु खरिद बिक्री गर्दा कानुनमा नै वास्तविक धनी घोषणा गर्ने व्यवस्था गर्ने । पहिला घोषणा नगरी अनुसन्धानको क्रममा मेरो सम्पत्ति हो वा होइनभन्दा दुवै दोषी हुने व्यवस्था कानुनमा नै हुनुपर्ने हुन्छ । यसबाट कसूरबाट आर्जन गरेको रकम राख्ने वा राख्नलगाउने प्रवृत्तिमा कमी आउँछ ।

**संस्थागत व्यवस्था**

वित्तीय अपराधको अनुसन्धान गर्ने निकाय एकदमै चुस्त दुरूस्त हुनु पर्दछ । कुनै संस्था भन्ने वित्तिकै त्यसमा 4M + I को राम्रो व्यवस्था हुनु पर्दछ । अरू सबै अवयवहरूलाई चलायमान गराउने मानव स्रोतले भएकोले Compitent मानव स्रोत त्यस्ता निकायमा हुनु पर्दछ । वित्तीय अनुसन्धानमा पोख्त नभएका जनशक्तिको अभावमा अनुसन्धान अनुसन्धान नभई झारा टार्ने काम मात्रहुन्छ । एउटै प्रकृतिको काम गर्ने निकाय धेरै हुनु भनेको देशको व्यावसायिक वातावरण मा त्रास रहनु हो । उदाहरणका लागि नेपालमा कर छली भएमा हेर्ने निकाय ४ वटा छन् । सम्बन्धित कर कार्याल, राजश्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुस्नधान विभाग र अख्तियार दुरूपयोग अनुसन्धान आयोग । यसरी एउटै विषयमा अनुसन्धान गर्ने निकाय धेरै हुनु र ती सबैलाई कानुनी अधिकार रहनु अन्तर्राष्ट्रिय रूपमा राम्रो मानिन्न । यसको विकल्पको बारेमा पछि अर्को लेखमा स्पष्ट पार्ने कोशिस गर्नेछौं ।

**जनशक्ति**

वित्तीय अपराधाको अनुसन्धान गर्ने निकायमा वित्तीय अनुसन्धानमा निपूर्ण जनशक्तिको व्यवस्था हुनु पर्दछ । त्यस्ता जनशक्तिको कैफियत नदेखिएसम्म सरूवा नहुने व्यवस्था हुनु पर्दछ । विशेष गरी ठूला तथा जटिल खालका वित्तीय अनुसन्धान गर्दा विभिन्न विषयका विज्ञ सम्मिलित अनुसन्धान टोलिको निर्माण गरी अनुसन्धान गर्ने व्यवस्था मिलाउनु पर्छ । यस्तो समूहमा विशिष्टीकृत बित्तिय बिश्लेषक, फरेन्सिक विज्ञ, कर विशेषज्ञ, प्रहरी, सूचना प्राविधिक आदिको संलग्नता आवश्यक पर्छ । यस्तो समूह वा टोलिबाट जटिल खालको अनुसन्धान गर्ने व्यवस्था भएमा वित्तीय, बैंकिङ्, व्यवसाय व्यावसायिक लेखा, कर तथा भन्सारका विवरण, वायर ट्रान्सफर आदिको सही विश्लेषण भएर एउटा ठोस नतिजामा पुग्न सकिन्छ ।

अनुसन्धान गर्ने निकायमा कार्यरत कर्मचारीहरूलाई सेवा प्रवेश तालिम, मेन्टेनेन्स र नयाँ ज्ञान सीप दिलाउने तालिम बारम्बार दिनुपर्दछ । यस्ता निकायका कर्मचारीलाई स्वदेश तथा विदेशमा तालिम दिइनु पर्दछ । तालिमको अभावमा अपराधी अघि अघि तथा अनुसन्धान गर्ने निकाय सधैं पछि पछि पर्ने हुन्छ । त्यसैले तालिमलाई कानुन कार्यान्वयन गर्ने निकायको अभिन्न अङ्का रूपमा लिइनुपर्दछ ।

**अन्तर्राष्ट्रिय सहयोग र सहकार्य**

वित्तीय अपराधमा सम्पत्ति एक देशबाट अर्को देशमा पुऱ्याउने प्रचलन बढदो छ । त्यसैले अन्तर्राष्ट्रिय सहयोगको अभावमा चोरिएका धनहरू राज्यमा फिर्ता ल्याई वास्तविक धनी पत्ता लगाउने कार्य चुनौतीपूर्ण छ । अन्तर्राष्ट्रिय सहयोग र सहकार्य बिना कसूरबाट आर्जित सम्पत्ति पत्ता लगाउन तथा वास्तविक अपराधी पत्ता लगाउन अझ कठिन छ । औपचारिक र अनौपचारिक दुवै विधिबाट अन्तर्राष्ट्रिय सहयोगको आदानप्रदान गर्न सकिन्छ । औपचारिक सहयोगमा अन्तर्राष्ट्रिय संघसंस्थासँगको आबद्धता र अनौपचारिक सहयोगमा व्यक्तिगत र संस्थागत सम्पर्कको उपयोग आदि पर्छन् ।

अन्त्यमा व्यवसाय, रोजगार तथा लगानी दर्ता, घरजग्गा तथा सवारी साधन रजिष्ट्रेशन तथा राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थालाई सञ्चालन स्वीकृति दिंदा वास्तविक धनी घोषणा गर्ने अनिवार्य व्यवस्था र माथि उल्लेख गरिए बमोजिमको नीतिगत, कानुनी, संस्थागत तथा जनशक्ति व्यवस्थापन भएमा वित्तीय अनुशासन कायम भई सुशासन कायम हुने देखिन्छ । ■

*लेखक सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा निर्देशक हुनुहुन्छ ।*

# सुशासनका लागि सेवा प्रवाहमा सुधार



किरणराज शर्मा



सुमन भट्टराई

सुशासन एक वृहत अवधारणा हो जसले राज्यका हरेक सम्यन्त्र कानुन र विधिसम्मत सञ्चालनको अपेक्षा गरेको हुन्छ । यसले राज्य सञ्चालनका बहुआयामिक पक्षहरू जस्तै लोकतान्त्रिक चरित्र, जनताको अधिकतम सहभागिता, पारदर्शी शासन सञ्चालन, नागरिकप्रति जवाफदेहिता लगायत विभिन्न विशेषता बोकेको हुन्छ । राज्य व्यवस्था र सार्वजनिक प्रशासनप्रति जनताको अनुभूति र दृष्टिकोणसँग समेत जोडिएको हुनाले यसको ठोस र सम्पूर्ण परिभाषा आफैँमा कठिन छ ।यसैले सामान्य भाषामा शासन व्यवस्थाप्रति जनताको सकारात्मक दृष्टिकोणलाई सुशासनको रूपमा बुझ्नुपर्ने हुन्छ ।

सुशासन न मापन गर्न सकिने विषय हो न यसको अन्तिम सीमा नै यकिन गर्न सकिन्छ । सेवाप्रवाहमा निरन्तर सुधार, जनताको सकारात्मक पृष्ठपोषण र विकासका सकारात्मक परिसूचकका आधारमा यसलाई मूल्यांकन गर्नुपर्ने हुन्छ । तर जनताले बुझ्ने र अनुभव गर्ने सुशासनको माध्यम भनेको सेवाप्रवाहमा निरन्तर सुधार नै हो । नागरिकले देख्ने, बुझ्ने र प्रतिक्रिया जनाउने सुशासनका लागि विद्यमान सेवा प्रवाहमा निरन्तर सुधार गर्दै जानुको विकल्प छैन ।

सेवाप्रवाहमा सुधारको सुरुवात आधारभूत विषयहरूमा जोडिन्छ । 'विग व्यांग' वा 'वान नाइट चेन्ज'ले सबै अवस्थामा एकै रूपले प्रतिफल नदिन सक्छ ।यसैले भईरहेकै संरचना र संयन्त्रमा सामान्य सुधार र परिवर्तन गर्दा पनि महत्वपूर्ण उपलब्धि हासिल हुन सक्ने भएकाले अहिलेकै अभ्यासमा अवरोधहरू पहिचान गरी समाधान गर्नु आवश्यक छ । सुधारका विषय निरन्तर र नियमित प्रक्रिया भएकाले कार्य सम्पादनका क्रममा प्राप्त अनुभव र अभ्यासका आधारमा थप राम्रो गर्दै जाने आत्मबोध नै सुधारको पहिलो पाइला हुन सक्छ ।

**सुशासनका आयामहरु**

सुशासन राज्यसञ्चालनका समग्र पक्षसँग जोडिएको विषय हो । राज्यका आर्थिक, प्रशासनिक, राजनीतिक लगायतका सबै पक्षहरूमा यसका तत्वहरूको अपेक्षा गरिन्छ । सुशासनका तत्वहरू सापेक्षिक रूपमा देश, काल र परिस्थिति अनुसार फरक हुने भएपनि आधारभूत तत्वहरूमा समानता पाइन्छ । शासन सञ्चालनमा पारदर्शीता, जवाफदेहिता, श्रोतसाधन परिचालनमा प्रभावकारिता, नागरिकको सहभागिता, विधिको शासन र समावेशी राज्य संरचना लगायतका पक्षहरूलाई सुशासनका आयामका रूपमा बुझ्ने गरिएको छ । यस्ता विभिन्न आयामहरू सार्वजनिक सेवा प्रवाहमार्फत अभिव्यक्त हुने गर्दछन् । सरकारको मुख्य जिम्मेवारी सार्वजनिक सेवा प्रवाह भएकाले पनि नागरिकले अपेक्षा गर्ने र अनुभूत गर्ने शुसासन सार्वजनिक सेवाप्रवाहमार्फत नै हो ।

सार्वजनिक सेवाप्रवाहमा पारदर्शिताले नागरिकको विश्वास आर्जन गर्न मद्दत पुग्ने मात्र होइन, सेवाप्रवाहका क्रममा हुन सक्ने अनियमितता रोक्न समेत मद्दत गर्दछ । यस्तै सार्वजनिक कोष र श्रोतसाधनको परिचालनका साथै सोको नतिजाका विषयमा समेत जवाफदेहिताको विकास गर्दछ । सुशासनको अवधारणामा राज्यको लोकतान्त्रिक चरित्र समेत अन्तर्निहित हुने हुनाले विधिको शासन र शासन सञ्चालनका क्रममा जनताको अधिकतम सहभागिताको पक्षलाई समेत यसले आत्मसात गरेको हुन्छ । जनताको सहभागिता भित्र पनि यसले समावेशी सहभागितालाई जोड दिने भएकाले राज्यका सबै संयन्त्रहरूमा जातीय, क्षेत्रीय, भाषिक, लैंगिक, साँस्कृतिक लगायत विभिन्न पक्षको सहभागिताको अपेक्षा गरेको हुन्छ । यसैले सुशासनलाई बहुआयामिक र बृहत दृष्टिकोणका रूपमा अर्थ्याउने गरिएको छ ।

**सुशासन र सेवाप्रवाहको सम्बन्ध**

सुशासनको अभिव्यक्ति सेवाप्रवाह मार्फत हुने भएकाले सेवाप्रवाहको चुस्तता र प्रभावकारितामा यसको मूल्यांकन गरिन्छ । जनाधार तहका जनताले बुझ्ने र महसुस गर्ने सुशासन पनि सेवाप्रवाहमार्फत नै हो । नीति निर्माण तह जति प्रभावकारी भए पनि प्रत्यक्ष सेवाप्रवाह गर्ने तहबाट प्रभावकारी कार्यसम्पादन भएन भने समग्र सेवाप्रवाहको स्तर कमजोर देखिन पुग्छ । सार्वजनिक सेवा जति लागत प्रभावी, किफायती, समयसापेक्ष, विकेन्द्रित र सहज हुन्छ जनताले त्यति नै सुशासनको अनुभूति गर्न सक्छन् ।

विद्यमान सेवाप्रवाहको सुधारमार्फत् सार्वजनिक सेवाको स्तर उकास्न र समग्रमा सुशासनको प्रवर्द्धनमा महत्वपूर्ण उपलब्धि हासिल हुन सक्छ । यसबाट सार्वजनिक सेवाप्रति जनताको विश्वास वृद्धि हुने मात्र होइन श्रोत साधन प्रयोगमा प्रभावकारिता समेत आउन सक्छ । जनतामाझ बढदो निराशाको अन्त्य हुन गई भविष्यमुखी दृष्टिकोण विकास हुन सक्छ । नेपालको सन्दर्भमा हाल सार्वजनिक सेवा प्रति देखिएको नागरिकको वितृष्णा सेवाप्रवाहमा देखिएका समस्याका कारणबाट नै हो ।

राज्यको पुनःसंरचनामार्फत् तीन तहको सरकारको व्यवस्था गरिनुको ध्येय पनि सार्वनजिक सेवालाई जनताको अधिकतम निकट लैजाने प्रयास हो । सेवा प्रवाहको सुधारका लागि तिनै तहका सरकारबाट विद्यमान सेवाप्रवाहको शैली र स्वरूपमा निरन्तर सुधार गर्दै जानुपर्ने अवस्था छ ।

**सेवाप्रवाह सुधारका आधारभूत क्षेत्र**

सेवाग्राहीको सरोकार नीतिगत व्यवस्थामा भन्दा आधारभूत व्यवस्थासँग जोडिएको हुन्छ । उनीहरूको धारणा निर्माणमा सामान्य व्यवस्थापकीय पक्षको महत्वपूर्ण भूमिका हुन्छ । सेवा प्रदायकको सहज व्यवहार, सेवाको सहज प्रक्रिया र आधारभूत व्यवस्थापकीय पक्षमा मात्रै सम्बोधन गर्ने हो भने पनि सेवाग्राही र सेवा प्रदायक बिचका धेरै समस्या सम्बोधन हुन सक्छन् । सेवाग्राहीका चासो सधै सही र उपयुक्त हुन्छन् भन्ने होइन तर उनीहरूका कुरा सुनिदिने र भएका कठिनाई स्पष्ट राखिदिने हो भने मात्रै पनि असन्तुष्टि कम गर्न सकिन्छ । झन् प्रविधिको उपयोगले सेवाग्राहीको धेरै समस्या एकैपटक समाधान गर्न सकिने असाधारण अवसर सिर्जना गरेको छ । उदाहरणका लागि केही वर्षअघिसम्म सेवाग्राहीको भीड लाग्ने कार्यालयमा आजभोलि सेवाग्राही नगन्य मात्रै देख्न पाइन्छ । राजश्व तिर्ने, विभिन्न फाराम भर्ने, पानी बिजुलीको महशूल लगायतका कार्यका लागि अव कार्यालय नै जानुपर्ने बाध्यता हटेको छ ।

सुधारका लागि लगानी आवश्यक नै हुन्छ भन्ने छैन । विना लगानी वा न्यूनतम लगानीमा नै सेवाको आधारभूत परिवर्तन गर्न सकिन्छ । कार्यालयको सूचना सहज रूपमा सेवाग्राहीसम्म पुग्ने व्यवस्था मात्रै गर्ने हो भने सेवाग्राही अनावश्यक हैरानीबाट जोगिन सक्छन् । उदाहरणका लागि कार्यालयको वेभसाइट निरन्तर अद्यावधिक मात्रै गर्ने हो भने सेवाग्राहीले सेवाका लागि आवश्यक कागजातको विवरण, दस्तुर, जिम्मेवार अधिकारी, सेवा सम्बद्द नीति/निर्णय, सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने प्रक्रिया लगायतका विषय सहज रूपमा जानकारी पाउन सक्छन् । सामाजिक सञ्जाल प्रति आम मानिसको बढ्दो पहुँचलाई सेवाप्रदायकले सूचना प्रवाहको प्रभावकारी माध्यमका रूपमा उपयोग गर्न सक्छन् ।

सेवाप्रवाहको सम्बन्धमा आम मानिसमा प्रभाव राख्न सक्ने विषयमा गुनासो व्यवस्थापन, इमेल र पत्रको समयमै जवाफ पठाउने, टेलिफोन उठ्ने सुनिश्चितता, कार्यालय वरपरको वातावरण र सेवा लिने क्रममा सहज व्यवस्था लगायत रहेका छन् । सेवाप्रवाह सुधार र सुशासनको पक्षसँग जोडिएका यस्ता अधिकांश विषय मूलतः आधारभूत विषयहरू हुने गरेका छन् । तर यस्ता विषयहरूमा नजरअन्दाज गर्दा सेवाप्रदायकहरूको नजरमा सार्वजनिक सेवाको छविप्रति नकारात्मक प्रभाव पर्ने गरेको छ । कार्यालयको मुख्य व्यवस्थापनले यस्ता विषयमा सधैं निगरानी राख्न सम्भव नहुन सक्छ । त्यसैले 'फ्रन्ट डेस्क' मा रहेर काम गर्ने कर्मचारी, कार्यालय सहयोगी, सुरक्षा गार्ड लगायत सबै मातहतका कर्मचारीलाई आधारभूत विषयको सुधारका लागि नियमित अभिमुखीकरण र अनुगमन मार्फत चुस्त राख्न प्रयत्न गर्नु आवश्यक छ । सेवाग्राहीको नजरमा संगठनको समग्र मूल्यांकन नै यस्तै नजर अन्दाज गरिएका आधारभूत विषयमा आधारित हुन सक्छ ।

**सेवाप्रवाह सुधारका लागि सेवाग्राही बाट अपेक्षा**

सेवाप्रवाहका सम्बन्धमा सेवाप्रदायकका तर्फबाट गर्नुपर्ने आधारभूत सुधारका विषय धेरै छन् । यद्यपि सेवाप्रवाहको विषय कुनै एक पक्षको प्रयासबाट मात्र सम्भव हुने विषय होइन । यसमा सेवाग्राहीका समेत निश्चित भूमिका रहन सक्छन् । तर सेवाग्राहीलाई आफ्नो जिम्मेवारी र भूमिकाका विषयमा सचेतना जगाउने जिम्मेवारी भने पुनः सेवाप्रदायककै पक्षमा रहन्छ । सेवाप्रदायकले सेवाग्राहीलाई विधि प्रक्रियाका सम्बन्धमा नियमित रूपमा सुसूचित गराउनु पर्दछ भने विधि प्रक्रिया

पालनामा सेवाग्राहीबाट सहयोगको अपेक्षा गर्न सकिन्छ ।

विधि, प्रक्रिया र कानुनी व्यवस्थालाई अवलम्बन गर्नु पर्दछ भन्ने प्रतिबद्धता, सोच र परिपालनाको अवस्थाले पनि सेवाप्रवाहको गुणस्तरमा प्रभाव राख्छ । विधि प्रक्रिया विपरीत आफ्ना स्वार्थका विषयमा सेवाप्रदायकबाट अधिक लचकता र सुविधा खोज्ने सेवाग्राहीको व्यवहारले समस्या सिर्जना गर्ने गरेको छ । अतिरिक्त छुट, सुविधा र अवसरको अपेक्षा गर्ने सेवाग्राहीले सबै अतिरिक्त सुविधाको निश्चित सिमा हुन्छ भन्ने बोध गर्नु आवश्यक छ । जस्तै उदाहरणका लागि व्यावसाय नविकरण, अद्यावधिक तथा शुल्क दस्तुर भुक्तानीमा सरकारले आर्थिक वर्ष सकिएको ६ महिनासम्म अतिरिक्त समय दिएको छ । तर उल्लिखित सेवाका लागि सेवाग्राही पुसको अन्तिम सातामात्र कार्यालयमा भिड लाग्ने गरेका छन् । यसबाट न सम्बन्धित कार्यालयको सेवाप्रवाहमा गुणस्तर कायम गर्न सकिन्छ न सेवाग्राहीमा सेवाप्रति सन्तुष्टि प्राप्त हुन्छ । यसबाट के देखिन्छ भने सेवाग्राहीमा सेवाप्रति प्रतिबद्धता र तदारूकता नहुने हो भने सेवाप्रदायकले दिने अतिरिक्त समय र छुटको सदुपयोग हुन सक्दैन ।

यस्तै सेवाग्राहीबाट रित नपुगेका कागजात प्राप्त हुने र सोही विषयलाई सेवाग्राहीले अनावश्यक हैरानीका रूपमा लिने गरेको पाइन्छ । साथै सेवाप्रवाहमा थप सहजीकरण, सुधारका प्रयास र गुनासो सम्बोधनपश्चात समेत नकारात्मक टिप्पणी गर्ने, असान्दर्भिक गुनासा अगाडि सार्ने र सामान्य शिष्टतामा समेत ख्याल नराख्ने व्यवहारले सेवाप्रदायकको मनोवलमा प्रभाव पर्ने गरेको छ । सेवा लिन कार्यालय पुग्नुअघि नै सार्वजनिक सेवाप्रति सेवाग्राहीले बनाउने गरेको नकारात्मक दृष्टिकोणमा परिवर्तन ल्याउनु सार्वजनिक सेवा प्रवाह सुधारका लागि ठूलो चुनौती बन्न पुगेको छ ।

**निश्कर्ष**

सुशासन र सार्वजनिक सेवा एक आपसमा अन्तर्सम्बन्धित विषय भएकाले सेवाप्रवाह सुधारको विषय सुशासनका लागि अनिवार्य शर्त हो । सेवाप्रवाहमा सुधारको पक्ष सबै अवस्थामा जटिल नहुन सक्छ । विद्यमान शैली र व्यवहारमा सामान्य परिवर्तनले मात्रै पनि यसमा सकारात्मक नतिजा दिन सक्छ । कार्यालयको विद्यमान संरचना र आधारभूत व्यवस्थाकीय पक्षमा ध्यान दिने हो भने मात्रै पनि महत्वपूर्ण उपलब्धि हुन सक्छ । कर्मचारीलाई अभिमुखीकरण र उत्प्रेरणामार्फत् सुधारका काममा अभ्यस्त बनाउन सकिन्छ । आधारभूत विषयमा निरन्तर सुधारको अभ्यास समष्टिगत सुधारको पहिलो र अनिवार्य शर्त हो । विद्यमान नीतिगत व्यवस्था र कानुनी व्यवस्थामा कुनै परिवर्तन नगरिकन पनि यस्ता आधारभूत विषयमा परिवर्तन गर्न सकिन्छ । यसका लागि सेवाप्रदायकको इच्छाशक्ति पहिलो र अनिवार्य शर्त हो । ■

*लेखकद्वय किरणराज शर्मा शासकीय सुधार महाशाखा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सहसचिव हुनुहुन्छ । सुमन भट्टराई सूचना तथा प्रशारण विभागमा सहसचिव हुनुहुन्छ ।*

# नेपालमा ऋणपत्र बजारको आवश्यकता र विकास एवं विस्तारका उपायहरू

■ डा. नवराज अधिकारी

## १. पृष्ठभूमि

'ऋणपत्र' ऋणपत्रधारीलाई ऋणपत्रको अवधिभरि प्रत्येक वर्ष वार्षिक, अर्धवार्षिक, त्रैमासिक रूपमा निश्चित व्याज प्रदान गर्ने गरी जारी भएको दीर्घकालीन वित्तीय औजार हो । ऋणपत्रलाई निश्चित आय तथा मध्यम जोखिमयुक्त औजारको रूपमा लिने गरिन्छ । यसलाई ऋण लिने र दिने बीच 'I Owe You' को रूपमा लिने गरिन्छ । धितोपत्र सम्बन्धी ऐन, २०६३ को (च) मा "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको अन्य औजारका साथै बण्ड, डिवेञ्चर, डिवेञ्चर स्टक वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनुपर्छ भन्ने व्यवस्था रहेकोले ऋणपत्रलाई विशेषरूपमा धितोपत्र बजार तथा समग्रमा वित्तीय बजारको एक महत्वपूर्ण औजारको रूपमा लिने गरिन्छ । हाल ऋणपत्र मध्यमकालीन तथा दीर्घकालीन ऋण परिचालन गर्ने एक महत्वपूर्ण औजारको रूपमा स्थापित हुँदै गएको छ ।

**विश्वका विकसित देशहरुमा तथा विकासोन्मुख देशहरुमा समेत ऋणपत्र संगठित संस्था, महानगरपालिका, संघीय तथा प्रादेशिक सरकारले विभिन्न परियोजनामा लगानी गर्न जारी गर्दै आएको देखिन्छ ।**

ऋणपत्र संस्थागत तथा सरकारी गरी दुई प्रकारको हुने गर्दछ । संस्थागत ऋणपत्रका विभिन्न प्रकारमा परिपक्व नहुने ऋणपत्र (Perpetual Bond), शून्य ब्याजदर ऋणपत्र (Zero Interest Rate Bond), निश्चित व्याज तथा समयावधिको ऋणपत्र (Fixed Interest Rate and Maturity Bond), साधारण शेयरमा परिवर्तन गर्न सकिने परिवर्तनशील ऋणपत्र आदि हुने गर्दछ भने सरकारी ऋणपत्रका प्रकारहरूमा विशेषरूपमा प्रमिसरी नोट (Promissory Note), प्राइज ऋणपत्र (Prize Bond), धारक ऋणपत्र (Bearer Bond), ट्रेजरी बिल (Treasury Bills), राष्ट्रिय बचत ऋणपत्र (National Saving Bond), नागरिक बचत (Citizen Saving Bond), वैदेशिक रोजगार ऋणपत्र (Foreign Employment Bond), कृषि ऋणपत्र (Agriculture Bond) तथा अन्य विशेष वचत ऋणपत्र (Special Saving Bond) तथा नगरपालिका ऋणपत्र (Municipal Bond) आदि पर्दछन् । ऋणपत्र सामान्यतया एक निश्चित अवधिका लागि जारी गरिन्छ र समय भुक्तान (Maturity) भएपछि सम्बन्धित व्यक्ति वा संस्थालाई आर्जित ब्याजसँगै साँवा ऋण फिर्ता गरिन्छ ।

ऋणपत्र, बण्ड तथा डिवेञ्चरको निष्काशन तथा प्रभावकारी कारोवारको व्यवस्थाले देशको पूर्वाधार निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ यसले गर्दा ऋणपत्रलाई राष्ट्र निर्माणको एक महत्वपूर्ण वित्तीय औजारको रूपमा समेत लिने गरिन्छ । ऋणपत्र बजारले लगानीको क्षेत्रलाई विविधिकरण गर्दै जोखिम न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हाल ऋणपत्र बजार विकशित राष्ट्रमा जस्तै विकासशील राष्ट्रमा समेत एक महत्वपूर्ण एवं गतिशील बजारको रूपमा विकास एवं विस्तार हुँदै गएको छ । विश्वका विकसित देशहरूमा तथा विकासोन्मुख देशहरूमा समेत ऋणपत्र संगठित संस्था, महानगरपालिका, संघीय तथा प्रादेशिक सरकारले विभिन्न परियोजनामा लगानी गर्न जारी गर्दै आएको देखिन्छ । साथै यस्ता ऋणपत्रहरूको प्रभावकारीरूपमा कारोवार हुने व्यवस्था समेत गरिएको देखिन्छ ।

नेपालमा सरकारी ऋणपत्रको निष्काशनको इतिहास आर्थिक वर्ष २०१८।१९ देखि सुरू भई प्रथम पटक एक

प्रतिशत व्याजदरमा रू. ७० लाख मूल्य बराबरको ट्रेजरी विल्स निष्काशन भएको देखिन्छ । नेपालमा विकास ऋणपत्र भने वि.सं. २०२० सालमा ६ प्रतिशत व्याजदरमा रू.१ करोड ३१ लाख मूल्य बराबरको निष्काशन भएको थियो । त्यस्तै नेपालमा श्रीराम सुगर मिल्स क.लि.ले मिति २०५४ कार्तिक ७ गते (आर्थिक वर्ष २०५४।५५) नेपाल धितोपत्र बोर्डबाट रू. ९ करोड ३० लाख मूल्य बराबरको ऋणपत्र (रिडिमेवल डिबेञ्चर) निष्काशनको अनुमति पाएदेखि संस्थागत ऋणपत्रको निष्काशनको सुरूवात भएको थियो । नेपालमा वाणिज्य बैंक क्षेत्रतर्फ सर्वप्रथम हिमालयन बैंक लि.ले आर्थिक वर्ष २०५९।६० मा रू. ३६ करोड मूल्य बराबरको ऋणपत्र निष्काशन गरेको थियो । तत्पश्चात संस्थागत ऋणपत्र निष्काशनले निरन्तरता पाउँदै आर्थिक वर्ष २०७५।७६ सम्ममा कूल ४८ वटा ऋणपत्र निष्काशन भई धितोपत्र बजारबाट रू.४८ अर्ब २३ करोड पुँजी परिचालन भएकोमा आर्थिक वर्ष २०७६।७७ को मौद्रिक नीतिले वाणिज्य बैंकहरूलाई आफ्नो चुक्ता पुँजीको २५ प्रतिशत ऋणपत्र अनिवार्य जारी गर्नुपर्ने व्यवस्था गरेसँगै संस्थागत ऋणपत्रको निष्काशन द्रुत गतिमा भई आर्थिक वर्ष २०७६/७७ तथा आर्थिक वर्ष २०७७।७८ को प्रथम चौमासिक अवधिसम्ममा थप कूल १५ संगठित संस्था (वाणिज्य बैंक) ले ऋणपत्रको सार्वजनिक निष्काशन गरी थप कूल रू.३२ अर्ब ५ करोड पुँजी परिचालन गरेका छन् । यसरी नेपाल धितोपत्र बोर्डको स्थापना पश्चात् आर्थिक वर्ष २०७७।७८ को प्रथम चौमासिक अवधिसम्ममा कूल ६३ ऋणपत्र निष्काशन भई कूल रू. ८० अर्ब २८ करोड पुँजी परिचालन भएको छ । नेपालको धितोपत्र बजारमा नेपाल धितोपत्र बोर्डको २०५० जेठ २५ गते स्थापना भएपश्चात आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक अवधिसम्ममा संस्थागत ऋणपत्र बाहेक अन्य संस्थागत धितोपत्र जस्तै साधारण शेयर, अग्राधिकार शेयर तथा सामूहिक लगानी योजना जस्ता औजारहरूको निष्काशन मार्फत् कूल रू. ३ खर्ब २४ अर्ब पुँजी परिचालन भएको तुलनामा संस्थागत ऋणपत्र निष्काशन मार्फत् परिचालन भएको पुँजीको परिमाण हेर्दा २४ प्रतिशत रहेको देखिन्छ । नेपालमा आर्थिक वर्ष २०७६/७७ को अन्तसम्ममा सूचीकृत ऋणपत्र बजारको आकार रू.२ खर्ब ३७ अर्ब रहेकोमा सरकारी ऋणपत्रको हिस्सा ८५ प्रतिशत रहेको छ । नेपालमा शेयर बजारको आकार ऋणपत्र बजारको भन्दा ७.५ गुणा ठूलो रहेको देखिन्छ ।

नेपालमा डच अक्सन (Dutch Auction) प्रणाली मार्फत् विकास ऋणपत्रको निष्काशन तथा व्याज समेत सोही प्रणाली अनुसार निर्धारण हुने गरेको छ । २०७७ असार मसान्तसम्ममा निष्काशनमा रहेको विकास ऋणपत्र, नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्र गरी कूल रू. ३ खर्ब ९७ अर्ब ९९ करोड ४० लाख रहेकोमा सर्वसाधारण लगानीकर्ताहरूको अंश ०.५८ प्रतिशत मात्र रहेको देखिन्छ । नेपालमा नेपाल राष्ट्र बैंकको राष्ट्र ऋण व्यवस्थापन विभागबाट वि.सं. २०६१ देखि विकास ऋणपत्रको कुपनदर तोकी बोलकबोलको माध्यमबाट निष्काशन गर्ने कार्य हुँदै आएकोमा वि.सं. २०७२ देखि बोलकबोलमार्फत् बजारले एकलरूपमा ब्याज दर निर्धारण गर्ने अभ्यास हुँदै आएको छ ।

**२. ऋणपत्र बजारको आवश्यकता एवं महत्व**

उत्पादनशील बचत, बचतको संकलन तथा कोष निर्माण र बचतको उत्पादनशील परिचालनका लागि वित्तीय बजार आवश्यक रहेको हुन्छ । ऋणपत्र बजार (Debt Markets) ले वित्तीय बजारको एक महत्वपूर्ण अंगको रूपमा देशको समग्र बचत तथा लगानीलाई प्रभावकारी बनाउने गर्दछ ।

वित्तीय मध्यस्थकर्ताको परिचालनबाट बचतपक्षको तर्फबाट मागपक्षसम्म पुँजी वा कोष परिचालन गर्न वित्तीय बजारले ठूलो भूमिका खेलेको हुन्छ । वित्तीय बजारको एक अभिन्न अंगको रूपमा ऋणपत्र बजार रहेको हुन्छ । एक स्वस्थ ऋणपत्र बजारले स्रोत साधनको प्रभावकारी बाँडफाँड गर्नुका साथै सार्वजनिक तथा निजी क्षेत्रलाई लगानीका विविध औजारहरू उपलब्ध गराउँछ । साथै संस्थागत लगानीको आवश्यकता पूर्ति (Financing) को चापलाई न्यून गर्दै सरकारको विकास निर्माण सम्बन्धी परियोजनाहरूमा लगानी गर्न सहजता प्रदान गर्दछ । देशको आर्थिक विकासका लागि सरकारी वित्तको समुचित व्यवस्थापनमा सघाउ पुऱ्याउन तथा वित्तीय र मौद्रिक नीति बीच सामन्जस्यता कायम गर्दै आन्तरिक वचत परिचालनलाई प्रोत्साहन गर्न सरकारले आन्तरिक ऋण लिने गर्दछ । यसका लागि सरकारले केन्द्रीय बैंकमार्फत् राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र, विशेष ऋणपत्र, विकास ऋणपत्र आदि जारी गर्ने गर्दछ । नेपालमा ऋणपत्र निष्काशन गरी आन्तरिक ऋण लिने परम्पराको सुरूवात आर्थिक वर्ष २०१८/१९ देखि भएको हो ।

विभिन्न संघ संस्था तथा व्यक्तिहरूबाट ऋणपत्रमा भएको लगानीलाई तरलता प्रदान गरी लगानीलाई थप आकर्षक बनाउन ऋणपत्रको दोस्रो बजार आवश्यक हुन्छ । विशेष गरी विकास ऋणपत्र निष्काशनको शुरूवात आजभन्दा करिब ५८ वर्ष अघि देखि भएता पनि यसको

दोस्रो बजार कारोवारको संस्थागत व्यवस्थाको सुरूवात भने २०६३ देखि मात्र भएको छ । विशेषगरी शेयरमा गरिएको लगानीको प्रतिफलमा लगानीकर्ताहरू सुनिश्चित हुन नसक्ने यसको विपरीत, ऋणपत्रमा गरिएको लगानीको प्रतिफलमा प्राय विश्वस्त हुन सक्ने भएकाले समेत ऋणपत्र बजारको विकास विस्तार आवश्यक देखिन्छ । लगानीकर्ताहरूलाई लगानी विविधिकरणमार्फत् लगानीको जोखिममा कमी तथा प्रतिफलमा वृद्धि ल्याउनमा ऋणपत्र बजारले महत्वपूर्ण सहयोग पुऱ्याउँछ । जोखिम लिन नचाहने तथा तुलनात्मक रूपमा छोटो समयका लागि लगानी गर्ने लगानीकर्ताहरूका लागि ऋणपत्र लगानीको महत्वपूर्ण साधन हुने गर्दछ । साथै, बैंकिङ्ग क्षेत्रले बढ्दो ऋणको माग पूरा गर्न र समग्र वित्तीय प्रणालीको तरलतामा प्रभाव नपर्ने गरी दीर्घकालीन पुँजी/साधनको उपलब्धतालाई सुनिश्ति गर्ने कार्यमा ऋणपत्र बजारले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । यस बजारले विभिन्न उद्यम तथा व्यावसायिक गतिविधिहरूका अतिरिक्त साना तथा मझौला उद्योगलाई आवश्यक पुँजीको उपलब्धतालाई समेत सहयोग पुऱ्याउँछ ।

ऋणपत्रको कारोवारबाट ऋणपत्रको प्रतिफल र जोखिम समान भएका ऋणपत्रहरूको परिपक्व हुने समयावधि बीचको सम्बन्ध देखिने गरी तयार हुने रेखालाई प्रतिफल बक्ररेखा (Yield curve) भनिन्छ । ऋणपत्र बजारको विकासका लागि ऋणपत्रको प्रतिफल बक्ररेखाको महत्वपूर्ण भूमिका हुन्छ । विशेष गरी विकास ऋणपत्रको दोस्रो बजार कारोवार भएमा संस्थागत ऋणपत्र बजार विकासका लागि आय बक्ररेखा आधार (Benchmark yield curve) बन्ने तथा यसका आधारमा नयाँ निष्काशन गरिने संस्थागत ऋणपत्र तथा विकास ऋणपत्रको ब्याज निर्धारण गर्न सहज हुने तथा लगानीकर्ताहरूलाई उपयुक्त अवधिको ऋणपत्र छनौट गर्न समेत सहज भई बृहत आधारको ऋणपत्र बजारको विकास हुने अनुकूल वातावरण तयार हुन सक्दछ । ऋणपत्रको आय बक्ररेखाको अभावका कारण देशमा आधार ब्याजदर (Benchmarking Interest Rate) तयार भई यसबाट देशमा संस्थागत क्षेत्रले विभिन्न प्रकृतिका ऋणपत्र निष्काशनका लागि सहजरूपमा उपयुक्त ब्याजदर तोक्न सक्ने र समग्र ब्याजदरमा स्थिरता आउने अवसर उपलब्ध हुन सकिरहेको छैन् ।

संस्थागत तथा विकास ऋणपत्रको व्यवस्थित दोस्रो बजार भएमा सरकार/सरकारी निकाय तथा संस्थागत क्षेत्रका कम्पनीहरूलाई ऋणपत्र जारी गरी न्यून लागतमा कुनै निश्चित अवधिको मध्यमकालीन तथा दीर्घकालीन पुँजी आवश्यकता पूर्ति गर्न सम्भव हुने गर्दछ । विशेष गरी ऋणपत्रको प्रभावकारी दोस्रो बजारले ऋणपत्रमा तरलता प्रदान गर्न तथा उपयुक्त मूल्य निर्धारणमा सहयोग पुऱ्याउँछ । वित्तीय प्रणालीमा ऋणपत्र बजारले ऋणको माग भएको पक्षलाई निश्चित ब्याज प्राप्त हुने औजारमा लगानी गर्न इच्छुक लगानीकर्तासँग जोड्ने कार्य गरी ऋण आपूर्तिका लागि बैंकहरूमा हुने अत्यधिक निर्भरतामा कमी ल्याई बैंकिङ्ग क्षेत्रको तरलता व्यवस्थापनमा सहयोग पुऱ्याउँछ । त्यस्तै, ऋणपत्रको अभौतिकीकरण भई धितोपत्र विनिमय बजारमार्फत् प्रभावकारी रूपमा दोस्रो बजार कारोवारको व्यवस्था भएमा देशमा पऱ्याप्त गहिराइ तथा चौडाइसहितको ऋणपत्र बजारको विकास तथा विस्तार हुने र यसले एकातर्फ ऋणपत्रको सही मूल्य निर्धारणमा मद्दत पुग्दछ भने अर्कोतर्फ देशको पूर्वाधार विकास, हाउजिङ्ग, तथा निजी क्षेत्रलाई आवश्यक पर्ने मध्यमकालीन तथा दीर्घकालीन वित्तीय स्रोतको आपूर्ति गर्न सहज हुने गर्दछ । ऋणपत्र बजारले मौद्रिक नीतिको प्रभावकारिता बढाउनमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले देशको आर्थिक विकासका लागि ऋणपत्र बजार ज्यादै महत्वपूर्ण हुने गर्दछ । साथै यसले निवृत्तिभरण कोष (पेन्सन फण्ड) र बीमा कम्पनीहरू जस्ता संस्थागत लगानीकर्ताहरूलाई दीर्घकालीन लगानी औजारको रूपमा लगानी अवसर प्रदान गर्दछ । अन्ततः ऋणपत्र बजारले देशको वित्तीय क्षेत्र विविधिकरण गर्न तथा वैदेशिक मुद्रामा आधारित ऋण लगानी भएको अवस्थामा वैदेशक मुद्रा जोखिम न्यूनीकरण गर्न मद्दत गर्दछ । साथै ऋणपत्रको प्रभावकारी बजारले देशको अर्थतन्त्रलाई विभिन्न आर्थिक तथा वित्तीय फाइदा प्रदान गरेको हुन्छ । सरकारी ऋणपत्रको प्रभावकारी दोस्रो बजारले सरकारलाई बहुसंख्यक नयाँ लगानीकर्ताहरूमार्फत् न्यून लागतमा ठूलो परिमाणमा आन्तरिक ऋण परिचालन गर्न सहज हुने गर्दछ । ऋणपत्र बजारको अवस्थाले देशको वित्तीय प्रणाली एवं अर्थतन्त्रको विकासको अवस्थालाई समेत चित्रण गर्ने भएकोले विभिन्न दृष्टिकोणबाट देशको अर्थतन्त्रको विकास तथा विस्तार तथा गतिशीलता अभिवृद्धिका लागि ऋणपत्र बजारको विकास हुनु आवश्यक मानिन्छ ।

### ३. ऋणपत्र बजार सम्बन्धी व्यवस्था तथा बजारको वर्तमान अवस्था

नेपाल राष्ट्र बैंकले ऋणपत्रको प्राथमिक निष्काशन तथा दोस्रो बजार कारोवारका लागि राष्ट्र ऋण ऐन, २०५९ अन्तर्गत ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१ बनाई लागू गरेको छ । यस नियमावलीले सरकारी ऋणपत्रको दोस्रो बजार

कारोवार गर्ने प्रयोजनका लागि बैंकले कारोवार गरिने ऋणपत्रको किसिम, रकम, ब्याजदर, सांवा ब्याज भुक्तानी अवधि लगायतका विवरण खोली धितोपत्र बजारमा सूचीकृत गराई दलाल वा बजार निर्माताामार्फत् धितोपत्र विनिमय बजारमा दोस्रो बजार कारोवार गर्न सकिने व्यवस्था गरेको छ । साथै, नेपाल धितोपत्र बोर्डले धितोपत्र सूचीकरण तथा कारोवार नियमावली, २०७५ नेपाल सरकारको स्वीकृतिमा लागू गरी धितोपत्र बजारमार्फत् दोस्रो बजार कारोवारका लागि सूचीकरण गराउनु पर्ने, धितोपत्र व्यवसायीले आफूले कारोवार गरेको कारोवारको रकम, सरकारी ऋणपत्रको प्रमाणपत्र, दाखिल खारेजी पत्र, बिक्रेताको लिखत तथा अन्य आवश्यक विवरण र कागजातहरू कारोवार भएकै दिन धितोपत्र बजारले तोकेको समयभित्र धितोपत्र बजारमा पेश गरी कारोवार राफसाफ गर्नुपर्ने र धितोपत्र दलालले आफूमार्फत् भएको ऋणपत्रको कारोवार सम्बन्धी विवरण छुट्टाछुट्टै अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ । त्यस्तै, बोर्डले नेपाल सरकारको स्वीकृतिमा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा निर्माता) नियमावली, २०६४ लागू गरी उक्त नियमावलीको अनुसूची-१४ मा नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र तथा संस्थागत ऋणपत्रको खरिद बिक्री कारोवारमा धितोपत्र दलाली वापत लिन पाउने सेवा शुल्क कारोवार रकमका आधारमा कम्तिमा ०.०२ तथा बढीमा ०.१० प्रतिशत लिन सक्ने व्यवस्था रहेको छ । साथै, सिडिएस एण्ड क्लियरिङ्ग लि. ले बोर्डको स्वीकृतिमा धितोपत्रको केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ लागू गरी उक्त विनियमावलीको विनियम ८ मा सरकारी ऋणपत्रको अभौतिकीकरण गरी कारोवार राफसाफ तथा नामासारी गर्ने र अभौतिकीकरणका लागि कुनै दर्ता शुल्क तथा वार्षिक शुल्क नलाग्ने व्यवस्था गरेको छ ।

नेपाल राष्ट्र बैंक ले विकास ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापनका लागि ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली,२०६१ बनाई लागू गरेको छ । त्यस्तै नेपाल स्टक एक्स्चेन्ज लि.ले धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत विकास ऋणपत्रको कारोवारका लागि सरकारी ऋणपत्रको दोस्रो बजार व्यवस्थापन विनियमावली, २०६२ तथा सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार सञ्चालन विनियमावली, २०६२ बनाई लागू गरेको छ । यस विनियमावलीको व्यवस्था अनुसार नेपाल स्टक एक्स्चेन्ज लि.ले विकास ऋणपत्रको दोस्रो बजार कारोवारको सुविधा दिई सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार सञ्चालन गर्ने गरेको छ । विकास ऋणपत्रको नेपाल स्टक एक्स्चेन्ज लि. मार्फत् दोस्रो बजार कारोवारको सुरूवात २०६३ मंसिर २ ९ बाट भएको भएतापनि नेपाल स्टक एक्सचेञ्ज लि.को तत्कालीन कारोवार प्रणालीमा ऋणपत्र औजारलाई परिभाषित नगरिएको (Absence of bond script definition/recognisation in the system) कारणले ऋणपत्रको कारोवार नेपाल स्टक एक्सचेञ्ज लि.ले २०७५ कार्तिक ६ गते देखि स्वचालित कारोवार प्रणाली लागू गर्नु अघिसम्म मानवीय रूपमा (Manually) नै हुने गरेको थियो ।

नेपाल स्टक एक्स्चेन्ज लि. मा ऋणपत्रको कारोवारका लागि आइतबार देखि बिहीबार ११ बजेदेखि ३ बजेको समय तोकिएको छ । कारोवारको रकम, ऋणपत्रको प्रमाणपत्र, दाखिल खारेज पत्र, बिक्रेताको लिखत तथा अन्य आवश्यक विवरण र कागजात कारोवार भएकै दिन धितोपत्र बजारले तोकेको समयभित्र धितोपत्र बजारमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । तोकिएको अवधिमा कारोवारको राफसाफ गर्न नसकी निवेदन गरेमा विनिमय बजारले प्रतिदिन शून्य दशमलब शून्य पाँच प्रतिशत बिलम्ब शुल्क र ऋणपत्रमा तोकिएको ब्याजदर अनुसार बिलम्ब अवधिको ब्याज रकम समेत थप गरी भुक्तानी दिने गरी कारोवार भएको बढीमा तेस्रो दिनसम्म म्याद थप गरी दिन सक्ने व्यवस्था समेत रहेको छ । ऋणपत्र कारोबारको मूल्य परिवर्तन सीमा प्रतिदिन सुरू कारोवार हुँदा अघिल्लो दिनको अन्तिम कारोवार मूल्यको + ०.१ प्रतिशत तथा तत्पश्चातको प्रत्येक कारोवारमा + ०.०५ प्रतिशत र दिनभरको कारोवारमा + ०.०२ प्रतिशत हुने व्यवस्था रहेको छ । त्यस्तै, संस्थागत ऋणपत्र एक कित्ता अर्थात् रू.१,००० को मात्र कारोवार हुनसक्ने व्यवस्था भए पनि विकास ऋणपत्रको कारोवार कम्तिमा २५,००० रूपैयाँ लटमा हुने व्यवस्था रहेको छ । ऋणपत्रको कारोवार गर्दा २५,००० रूपैयाँभन्दा कम मौज्दात बाँकी रहने भएमा पूरै रकम तथा २५,००० रूपैयाँभन्दा कम मूल्यको ऋणपत्रको हकमा पूरै रकमको ऋणपत्र कारोवार गर्न सकिने गरी ऋणपत्रको कारोवारको सहज व्यवस्था गरिएको छ । साथै, विकास ऋणपत्रको कारोवार बापतको दलाली दस्तुर सम्बन्धमा कारोवार रकम रू.५,००,०००सम्म भएमा ०.१० प्रतिशत, कारोवार रकम रू.५,००,००० देखि ५०,००,००० सम्म भएमा ०.०५ प्रतिशत तथा कारोवार रकम रू. ५०,००,००० भन्दा बढी भएमा ०.०२ प्रतिशत हुने व्यवस्था रहेको छ । समग्र रूपमा विकास ऋणपत्रको स्वामित्व संरचना हेर्दा ९९ प्रतिशतभन्दा बढी संस्थागत

स्वामित्व रही व्यक्तिगत लगानीकर्ताहरूको सहभागिता एकदमै न्यून रहेको देखिन्छ ।

नेपालको ऋणपत्र बजारको विकास हालसम्म अपेक्षितरूपमा हुन सकेको छैन । नेपालमा ऋणपत्र सरकार तथा संगठित संस्था (सूचीकृत कम्पनी) दुवैले जारी गर्दै आएका छन् । ऋणपत्रको सार्वजनिक निष्काशन उल्लेख्य रूपमा हुँदै आएता पनि दोस्रो बजारमा यसको कारोवार अत्यन्तै न्यून रहेको देखिन्छ । नेपालमा संस्थागत ऋणपत्र तथा सरकारी विकास ऋणपत्रहरूको कारोवार नेपाल स्टक एक्स्चेन्ज लि. (नेप्से) को प्रणालीबाट हुने व्यवस्था भएता पनि सरकारी ऋणपत्रको कारोवार उक्त प्रणालीमार्फत हालसम्म हुन सकेको छैन । नेपालमा ऋणपत्र निष्काशनको इतिहास हेर्दा दक्षिण एशियाली अन्य देशहरू जस्तै सरकारी ऋणपत्रको निष्काशनको बाहुल्यता रहेको छ । समग्रमा संस्थागत ऋणपत्र बजारको अवस्था तथा विकास हेर्दा निष्काशनकर्ता कम्पनी तथा लगानीकर्ता दुवै नगन्य रहेको छ । ऋणपत्रको दोस्रो बजार मूल्य ऋणपत्रको उपलब्धता, आदेशको आकार, खरिद बिक्री वापतको दलाली दस्तुर, कारोवार, राफसाफ तथा फछ्र्यौट पद्धति तथा आदेश कार्यान्वयन समयावधि आदिबाट प्रभावित हुने गर्दछ ।

व्यवस्थित कारोवार प्रणालीको अभाव, व्यक्तिगत लगानीकर्ताहरूको न्यून संलग्नता, जानकारी तथा सचेतनामा कमी, ज्यादै उतार चढावयुक्त धितोपत्र (शेयर) बजार, उतार चढावयुक्त तरलता तथा ब्याजदर आदि जस्ता कारणहरूले समेत नेपालमा हालसम्म बजारको व्यवस्थित एवं प्रभावकारीरूपमा विकास तथा विस्तार हुन सकिरहेको देखिँदैन । फलस्वरूप, धितोपत्रको दोस्रो बजारमा संस्थागत ऋणपत्र तथा सरकारी विकास ऋणपत्र विगत करिब डेढ दशक (१५ वर्ष) देखि सूचीकरण हुँदै आएको भएतापनि नेप्सेको स्वचालित कारोवार प्रणालीमार्फत् विगत एक (१) वर्ष अघिदेखि मात्र संस्थागत ऋणपत्रको ज्यादै न्यून मात्रामा कारोवार हुने गरेको देखिन्छ । सरकारी ऋणपत्रको अभौतिकिकरण नभएको कारण नेप्सेको प्रणालीबाट कारोवार हुन नसकेको देखिन्छ । यस्ता ऋणपत्रहरूको कारोवार अत्यन्तै न्यून मात्रामा ओटिसी बजारमार्फत् हुँदै आएको छ । त्यस्तै, एक वर्ष अघिसम्म संस्थागत ऋणपत्रको समेत नेप्सेको कारोवार प्रणालीमार्फत् कारोवार नभै नेप्सेले सञ्चालन गर्दै आएको ओटिसी बजारमार्फत् मानवीय रूपमा (Manually) नै कारोवार हुने गरेकोमा नेप्सेले २०७५ कार्तिक ६ गते देखि स्वचालित कारोवार प्रणाली लागू गरेको करिब एकवर्ष पश्चात् २०७६ पुष देखि उक्त प्रणालीमार्फत् न्यून मात्रामा नियमित रूपमा कारोवार हुने क्रमको सुरूवात भई २०७६ पुष, २०७६ माघ, २०७६ फागुन, २०७६ चैत्र, २०७७ बैंशाख, २०७७ जेठ, २०७७ असार, २०७७ साउन, २०७७ भाद्र तथा २०७७ आश्विनमा क्रमशः रू. १५ करोड ८२ लाख, रू. २९ लाख ५० हजार, रू. १३४० हजार, रू.१ लाख ८० हजार, रू.शून्य, रू. शून्य, रू. शून्य, रू.९ लाख ६६ हजार, रू.२ करोड २२ लाख, तथा रू.१ करोड २५ लाख मूल्य बराबरको ऋणपत्र कारोवार भएको देखिन्छ । त्यस्तै, नेपाल राष्ट्र बैंकको राष्ट्र ऋण व्यवस्थापन विभागबाट उपलब्ध तथ्यांक अनुसार धितोपत्रको ओटिसी बजारमार्फत् भएको सरकारी ऋणपत्रको दोस्रो बजार कारोवारको स्थिति हेर्दा आर्थिक वर्ष २०७२/७३, २०७३/७४, २०७४/७५, २०७५/७६ तथा २०७६/७७ मा क्रमशः रू.१ करोड, रू.३ करोड ९३ लाख, रू. ४३ करोड ७७ लाख, रू. १३ अर्ब ३४ करोड २३ लाख तथा रू.१ अर्ब ४४ करोड ७५ लाख मात्र भएको देखिन्छ । संस्थागत ऋणपत्रको उक्त मासिक कारोवार रकम तथा सरकारी ऋणपत्रको वार्षिक दोस्रो बजार कारोवार रकम धितोपत्र बजारमा उक्त अवधिमा हुने गरेको दैनिक औषत करिब रू १ अर्ब मूल्य बराबरको शेयरको कारोवारको तुलनामा ज्यादै न्यून रहेको छ । विभिन्न समयावधि तथा व्याजदरका ऋणपत्रको निष्काशनमा कमी र ऋणपत्रको नियमित निष्काशन तथा ऋणपत्रको प्रभावकारी दोस्रो बजार नहुनाले नै बजारमा आधारित मूल्य तथा व्याजदर निर्धारण (Market-based price and interest rate discovery) र आय बक्ररेखा (Yield Curve) निर्माण प्रक्रियाका लागि उपयुक्त वातावरण विकास हुन सकेको देखिँदैन् ।

ऋणपत्रको दोस्रो बजार प्रभावकारी हुन नसकेतापनि प्राथमिक बजारमा ऋणपत्रको निष्काशन भने नियमितरूपमा भइरहेको देखिन्छ । नेपालमा आर्थिक वर्ष २०५०/५१ देखि छुट्टै नियमन निकाय नेपाल धितोपत्र बोर्डको स्थापनासहित अन्य न्यूनतम पूर्वाधार समेतको व्यवस्थासहित संगठित धितोपत्र बजारको विकास विस्तारको सुरूवात भएको करिब पाँच वर्षपश्चात् आर्थिक वर्ष २०५४/५५ देखि श्री श्रीराम शुगर मिल्स लि. ले रू.९ करोड ३० लाख रकमको ऋणपत्र निष्काशन सुरूवात गरेपश्चात् विगत १६ वर्षदेखि नियमितरूपमा ऋणपत्र निष्काशन हुँदै आएकोमा पछिल्ला पाँच आर्थिक वर्ष २०७२/७३, आर्थिक वर्ष २०७३/७४, आर्थिक वर्ष २०७४/७५, आर्थिक वष २०७५/७६ तथा आर्थिक वर्ष २०७६/७७ मा क्रमशः रू. १ अर्ब ४५ करोड, रू. २ अर्ब ९० करोड, रू. ३ अर्ब, २९ अर्ब ९८ करोड

तथा रू. २३ अर्ब ४५ करोड भई ऋणपत्रको निष्काशन रकममा वृद्धि हुँदै गएको देखिन्छ । ऋणपत्र निष्काशनसँगै निष्काशित ऋणपत्रहरूको दोस्रो बजार कारोवारका लागि नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकरण हुँदै आएको देखिन्छ । ऋणपत्रको कारोवारको राफसाफ तथा फछ्र्यौट हुने कानुनी व्यवस्था भएतापनि अन्तर्राष्ट्रिय स्तरको राफसाफ तथा फछ्र्यौट प्रणालीको अभावका कारण हालसम्म अन्य धितोपत्र कारोवारको राफसाफ जस्तै ऋणपत्र कारोवारको राफसाफ समेत टि+३ मा नै हुने गरेको छ ।

यसरी देशमा ऋणपत्र निष्काशनमार्फत् मध्यमकालीन तथा दीर्घकालीन पुँजी परिचालनमा सरकारको बाहुल्यता रहँदै आएकोमा हाल संस्थागत क्षेत्रबाट पनि ऋणपत्र निष्काशनमार्फत् बजारबाट मध्यमकालीन तथा दीर्घकालीन पुँजी परिचालन गर्ने अभ्यासमा वृद्धि हुँदै जानुले समग्र वित्तीय प्रणालीको स्थायित्व एवं सन्तुलित विकास विस्तारमा सहयोग पुग्ने वातावरण विकास हुँदै गएको देखिन्छ । यसलाई निरन्तरता दिनका लागि समेत देशमा ऋणपत्रको सक्रिय दोस्रो बजारका लागि आवश्यक अन्तर्राष्ट्रिय स्तरको कारोवार र राफसाफ तथा फछ्र्यौट प्रणालीको विकास गर्न आवश्यक देखिन्छ ।

### ४. ऋणपत्र बजार विकासका समस्या तथा समाधानका उपायहरु

ऋणपत्रको दोस्रो बजार कारोवारको हालसम्मको स्थिति हेर्दा यो बजार सक्रिय एवं प्रभावकारी रूपमा विकसित हुन सकेको देखिँदैन । ऋणपत्रको दोस्रो बजार कारोवार तथा विकासका सम्बन्धमा देखिएका केही समस्याहरू देहाय अनुसार रहेका छन्ः

- विभिन्न प्रकारको ब्याजदर तथा परिपक्व अवधिका विकास तथा संस्थागत ऋणपत्रहरूको नियमित निष्काशनमा कमी ।
- छोटो, सरल तथा न्यून लागतयुक्त निष्काशन प्रक्रियाको अभाव ।
- व्यक्ति र संस्थालाई ऋणपत्रको ब्याजमा फरक दरमा कर (व्यक्ति ५ प्रतिशत, संस्था १५ प्रतिशत) लाग्ने हुनाले व्यक्ति र संस्था बीच कारोवार तथा कारोवारको राफसाफ गर्नमा समस्या ।
- सरकारी ऋणपत्रमा संस्थागत क्षेत्रको स्वामित्व ९९ प्रतिशत बढी तथा व्यक्तिगत लगानीकर्ताको स्वामित्व १ प्रतिशतभन्दा कम मात्र हुनु ।
- सरकारी ऋणपत्र तथा संस्थागत ऋणपत्रको एकीकृत दोस्रो बजारको अभाव र सरकारी ऋणपत्रको निष्काशनमा व्यक्तिगत लगानीकर्ताहरूको लगानी पहुँच कम हुने गरेको हुँदा सरकारी ऋणपत्रको अभौतिकीकरण भई धितोपत्र दलाल व्यवसायीमार्फत् दोस्रो बजार कारोवार भएमा मात्र व्यक्तिगत लगानीकर्ताहरूलाई सरकारी ऋणपत्र खरिदको अवसर उपलब्ध भई दोस्रो बजार सक्रीय हुनेमा सो हालसम्म हुन नसक्नु । साथै अर्थतन्त्रमा एउटै कार्य गर्ने औजारहरूको दुईवटा पृथक बजार हुँदा लगानीकर्ताको कृतिम विविधिकरण तथा सम्बन्धित संस्थाहरूको भिन्न भिन्न नियमन हुने अवस्था विद्यमान हुनु ।
- लगानीकर्ताहरूमा ऋणपत्र बजार, ऋणपत्रको लगानीमा जोखिम तथा प्रतिफल र कारोवार प्रक्रिया सम्बन्धी जानकारीमा कमी हुनु ।
- कमजोर ब्याजदर संरचना र विकास ऋणपत्र निष्काशनको निरन्तरता तथा निश्चित समय अन्तरालको अभाव ।
- उतारचढावयुक्त शेयर बजार तथा लगानीकर्ताहरूको सट्टेवाजी प्रवृत्ति एवं दीर्घकालीन लगानीमा कमी ।
- बजार पूर्वाधारहरूः स्वचालित ओ.टि.सी. बजार, सहज, स्तरीय, प्रतिस्पर्धी एवं परिपक्व शाख मूल्यांकन पूर्वाधारको अभाव ।
- संस्थागत सुशासनको कमजोर अभ्यास र नियमन व्यवस्था तथा पूर्वाधार सम्बन्धी कमी कमजोरी ।
- संस्थागत लगानीकर्ता विशेष गरी कर्मचारी संचय कोष, नागरिक लगानी कोष, बीमा कम्पनीहरू तथा म्यूचुअल फण्ड, विभिन्न संस्थाहरूबाट परिचालित कर्मचारी कल्याण कोषहरूको धितोपत्रको दोस्रो बजार कारोवारमा संलग्नतामा कमी तथा सर्वसाधारण लगानीकर्ताहरूमा रहेको सट्टेबाजी लगानी प्रवृत्तीका कारण ऋणपत्रको माग पक्ष कमजोर हुनु, आदि ।

### ५. ऋणपत्र बजारको विकास एवं विस्तारका उपायहरु

पर्याप्त गहिराइ तथा तरल ऋणपत्र बजारलाई देशको वित्तीय पूर्वाधारको एक महत्वपूर्ण कडीका रूपमा लिइन्छ । ऋणपत्रको सुदृढ बजारको सुनिश्चित गर्ने कुनै खाश नियम नभए तापनि बजार प्रबर्द्धनका लागि केही खास तत्वहरूको उपस्थिति आवश्यक देखिन्छ । यसका लागि सुदृढ कानुन र स्पष्ट तथा दोहोरो अर्थ नलाग्ने

नियमहरू तथा कार्यविधि सहितको प्रभावकारी नियमन प्रणाली आवश्यक हुन्छ । ऋणपत्रको दोस्रो बजार कारोवार सक्रियता तथा कारोवार विस्तार सम्बन्धमा देहाय अनुसार गर्न आवश्यक देखिन्छ ।

- ब्याज कर सम्बन्धी व्यवस्थाको खारेजी वा व्यक्ति तथा संस्था दुवैलाई ऋणपत्रको ब्याँजमा समान दरमा न्यूनतम कर (Taxation) को व्यवस्था ।
- ऋणपत्रमा लगानी प्रक्रिया, लगानी जोखिम तथा प्रतिफलको सम्भावना र ऋणपत्र बजार संयन्त्र सम्बन्धमा लगानीकर्ता, धितोपत्र दलाल तथा बजार निर्माताहरूमा जानकारी, सचेतना अभिवृद्धि, निरन्तर प्रचार प्रसार, तालिम तथा प्रशिक्षणका लागि नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.को संयुक्त प्रयासमार्फत् उपयुक्त संस्थागत व्यवस्था तथा नियमित कार्यक्रम सञ्चालन ।
- विकास ऋणपत्र बजार निर्माताहरूलाई बजार निर्माण सम्बन्धी तालिम तथा प्रशिक्षणको व्यवस्था गरी बजार निर्माण क्षमता (Market-making capability) मा अभिवृद्धि ।
- सरकारी अल्पकालीन तथा दीर्घकालीन पुँजी आवश्यकता पूर्तिको संमन्वयात्मक व्यवस्था र सुदृढ ब्याजदर संरचनाको व्यवस्था गरी योजनाबद्ध रूपमा विविध परिपक्व अवधि (Wide range of maturities) का विकास ऋणपत्रहरूको नियमित तालिका (Regular Schedule) बमोजिम निष्काशन ।
- मुद्रास्फीतिमा स्थिरता ल्याउने तथा बाह्य ऋण नीतिको स्पष्ट व्यवस्था गरी विभिन्न प्रकृतिका ऋणपत्रहरूः पूर्वाधार विकास ऋणपत्र, स्थानीय मुद्रा ऋणपत्र तथा अन्य सृजनात्मक प्रकृतिका ऋणपत्रहरु (Infrastructure bonds, Local currency denominated bonds and other Innovative bonds) को निष्काशन र यी लगायत अन्य सम्पूर्ण ऋणपत्रको सक्रिय खरिद बिक्रीको व्यवस्था गरी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजारलाई आवश्यक मार्गनिर्देश गर्न सक्ने ऋणपत्रको आय रेखा (Yield Curve) निर्माणको उपयुक्त वातावरणको विकास ।
- बजार पूर्वाधारहरूः ऋणपत्रको स्वचालित ओ.टि.सी बजारमार्फत् दोस्रो बजार कारोवार सुविधा (Electronic OTC bond trading facilities) अर्थात स्वचालित आदेश कार्यान्वयन (The automatic order matching) तथा विद्युतीय कारोवार स्थल (The electronic trading platform) को व्यवस्था, विकास ऋणपत्रको अभौतिकीकरण (Dematerialisation of development bonds) को सहज व्यवस्था र ऋणपत्रको कारोवार राफसाफको सुनिश्चित गर्ने राफसाफ संस्था (Clearing corporation) को स्थापना गरी Government bond's delivery versus payment system (DVPS) अर्थात् टि+० को राफसाफ तथा फछ्र्यौटको व्यवस्था ।
- ऋणपत्रको बीमा गर्ने संस्थागत व्यवस्था ।
- शाख मूल्यांकन अभ्यासको प्रबर्द्धन गरी वस्तुनिष्टरूपमा शाख मूल्यांकन र ऋणपत्र बजार सम्बन्धी अध्ययन अनुसन्धान तथा जानकारी अभिलेख राख्ने सुदृढ संस्थागत व्यवस्था ।
- देशको लेखा परीक्षण अभ्यास तथा लेखामान स्तरमा सुधार, संगठित संस्थाहरूका लागि विवरण प्रवाहको एकीकृत व्यवस्था तथा मुलुकको संस्थागत सु-शासन अभ्यासमा सुधार र धितोपत्र बजार सम्बन्धी विद्यमान कानुनी व्यवस्थाहरूको प्रभावकारी रूपमा प्रबलीकरण, संस्थागत धितोपत्रको प्राथमिक बजार मूल्य निर्धारणको प्रतिस्पर्धी व्यवस्था र बजारको पारदर्शिता तथा सूचना प्रवाह व्यवस्थामा सुधार तथा शेयरको भित्री कारोवार (Insider Trading) को प्रभावकारी नियमन लगायत कारोवारको राफसाफ तथा फछ्र्यौट सुनिश्चितता कोष (Settlement Guarantee Fund-SGF) को सुदृढ व्यवस्था ।
- ऋणपत्रको सक्रिय कारोवारका लागि उत्साहित गर्न तथा तरलता अभिवृद्धि गर्न लगानीको विविध समायावधि, जोखिमको चाहना तथा लगानीको उद्देश्य अनुसारका विविध प्रकृतिका लगानीकर्ताहरूको आधार प्रबर्द्धन । यसका लागि विशेषरूपमा कर्मचारी संचय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बीमा कम्पनीहरू तथा पेन्सन फण्ड व्यवस्थामा सुधार गरी यस सम्बन्धी संस्थापन ऐन तथा नियम विनियमहरूमा ऋणपत्रमा लगानी सम्बन्धमा रहेका अस्पष्ट व्यवस्थाहरू हटाउनुका साथै व्यावसायिक कोष व्यवस्थापन प्रणाली (Professional fund management system) लागू गरी ऋणपत्र लगायतका अन्य वित्तीय औजारमा लगानीको सहज वातावरणको निर्माण ।

- म्युचुअल फण्ड सञ्चालन सम्बन्धी ऐन नियमको स्पष्ट व्यवस्था लगायत संस्थागत लगानीकर्ताहरूको विकास तथा प्रबर्द्धन गरी म्युचुअल फण्डलाई उद्योगको रूपमा विकास विस्तार गरी ऋणपत्रको मागमा वृद्धि ।
- ऋणपत्र निष्काशन तथा बिक्रीको प्रभावकारी व्यवस्थापनका लागि अभौतिकरूपमा प्राथमिक निष्काशन तथा दोस्रो बजार कारोवारको व्यवस्था लगायत प्राथमिक व्यापारी (Primary Dealer) तथा धितोपत्र व्यापारी (Securities Dealer) हरूको सुदृढ व्यवस्था गरी ऋणपत्रको माग तथा आपूर्तिको प्रभावकारी व्यवस्थापन र विकास ऋणपत्रमा व्यक्तिगत लगानीकर्ताहरूको स्वामित्वमा वृद्धि ।
- नेपाल राष्ट्र बैंकका राष्ट्र ऋण व्यवस्थापन विभाग हेर्ने डेपुटी गर्भनरको संयोजकत्व रहने गरी गठित ऋणपत्रको प्राथमिक तथा दाश्रो बजार व्यवस्थापन समितिलाई सक्रिय बनाउनुका साथै विकास ऋणपत्रको दोस्रो बजार व्यवस्थापनका लागि सम्बन्धित ऐन नियममा हुनुपर्ने संशोधन तथा थप व्यवस्था र कारोवार तथा राफसाफ एवं फछ्र्यौट प्रणालीमा हुनुपर्ने सुधार तथा स्तर अभिवृद्धिका लागि दुई छुट्टाछुट्टै प्राविधिक समिति गठन गरी निश्चित समयसीमाभित्र आवश्यक नीतिगत तथा प्रक्रियागत सुधारको सूची तयार गरी सोही अनुसार सुधार कार्य अगाडि बढाउने ।

संक्षेपमा निश्चित आय प्राप्त हुने वित्तीय औजारको मूल्य आविष्कार, वित्तीय प्रणालीको तरलता अभिवृद्धि, निश्चित आय प्राप्त हुने औजारको निष्काशनका लागि न्यूनतम ब्याजदर तोक्ने आधारका लागि आयरेखा विकसित हुनसक्ने वातावरण तयार गर्न, बृहत् आधारयुक्त ऋणपत्र बजारको विकास गर्न, मध्यम तथा दीर्घकालीन पुँजी परिचालनको दक्ष एवं प्रभावकारी संयन्त्रको विकास गर्ने कार्यमा महत्वपूर्ण भूमिका रहने ऋणपत्र बजारको विकास विस्तारका लागि लेखमा चर्चा गरिएअनुसार माग, आपूर्ति, जानकारी तथा सचेतना अभिवृद्धि, बजार पूर्वाधार, र कानुन तथा नियमन संरचना सम्बन्धमा रहे भएका कमीकमजोरी/अवरोधहरूलाई सम्बोधन गर्न आवश्यक देखिन्छ । प्रस्तुत विषय वस्तुहरूलाई जिम्मेवारी एवं गंभिरतापूर्वक ग्रहण गरी विकास तथा सुधार कार्य अगाडि बढाइएमा देशमा ऋणपत्रको प्रभावकारी दोस्रो बजार विकास एवं विस्तार हुने र यसबाट धितोपत्र बजारले स्थिरता प्राप्त गर्नुका साथै देशको समग्र वित्तीय प्रणालीमा नै स्थिरता आउने वातावरण समेत सृजना हुन सहयोग पुग्ने देखिन्छ । ■

*लेखक नेपाल धितोपत्र बोर्डका उपकार्यकारी निर्देशक हुनुहुन्छ ।*

# बैंकिङ्ग व्यवसायमा देखिने जोखिम र समाधानका उपायहरू



सुदिप फुयाल

(क) **परिचय** :

बैंकिङ्ग व्यवसाय जोखिमयुक्त व्यवसाय हो । निक्षेप जम्मा गर्ने, कर्जा सुविधा लिने तथा अन्य कारोवारहरू गर्ने ग्राहकहरू र उनीहरूको व्यवहारबाट बैंक तथा वित्तीय संस्थाहरूको दैनिक कार्य सञ्चालनमा प्रभाव पारेको हुन्छ । कर्जा सुविधा लिएका ऋणी ग्राहकले कर्जाको ब्याज र साँवा समयमा भुक्तानी गरेनन् भने बैंकको आम्दानी घट्छ अथवा बैंकलाई नोक्सानी हुन जान्छ । यसलाई कर्जा जोखिम भनिन्छ । अर्को तर्फ निक्षेपकर्ताहरू आफूसँग भएको रकम बचत गर्न बैंकमा आएनन वा बैंकबाट एकैपटक धेरै निक्षेप रकम फिर्ता लगे भने बैंकमा रकम अभाव भई तरलता संकट उत्पन्न हुन्छ । बैंकको निक्षेप तथा कर्जातर्फबाट उत्पन्न हुने जोखिमलाई वासलात विधिबाट पनि विश्लेषण गर्न सकिन्छ । पूँजी तथा दायित्व शीर्षकमा बैंकले पुँजी लगानीको तुलनामा धेरै गुणा निक्षेप संकलन गरेको हुन्छ । सर्वसाधरणबाट जम्मा हुन आएको बचत रकमलाई मागेको वखत वा अवधि पुग्नासाथ बैंकले फिर्ता दिनु पर्दछ । बैंकको वासलातमा सम्पत्ति शीर्षकमा कर्जा लगानीमा भएको रकमले ठूलो हिस्सा ओगटेको हुन्छ । यस्तो सम्पत्ति अथवा कर्जा रकम तुरुन्तै ऋणी वा ग्राहकले फिर्ता गर्न सकेनन वा कर्जाको भुक्तानी अवधी बढाउँदै लगे भने बैंकको आम्दानीमा प्रभाव पर्दछ । बैंकले लगानी गरेको कर्जा सही रूपमा प्रयोग नभएको अवस्थामा उसको वासलातमा रहेको सम्पत्ति वा कर्जा रकमको प्रचलित बजार मूल्य कम हुन जान्छ । बैंकको पुँजी तथा दायित्व शीर्षकमा रहेको कूल रकमभन्दा बैंकको सम्पत्ति शीर्षकमा रहेको कर्जाको वास्तविक बजार मूल्य कम भयो भने बैंकमा समस्या रहेको छ भनेर विश्लेषण गर्न सकिन्छ । यस्तो अवस्थामा बैंकले निक्षेपकर्ताको निक्षेप रकम मागेको बखत फिर्ता गर्न कठिन हुन्छ ।

**बैंकको पुँजी तथा दायित्व शीर्षकमा रहेको कूल रकमभन्दा बैंकको सम्पत्ति शीर्षकमा रहेको कर्जाको वास्तविक बजार मूल्य कम भयो भने बैंकमा समस्या रहेको छ भनेर विश्लेषण गर्न सकिन्छ ।**

बैंकको सबैजसो सेवाहरू सञ्चालन गर्न अत्याधुनिक सिष्टम जडान गरिएको हुन्छ । पछिल्लो समयमा सिष्टमको दुरुपयोग गरी ठूलो धनराशि अनियमित तवरले ईलेक्ट्रोनिक माध्यमबाट अन्यत्र खाताहरूमा लैजाने, नगदै झिक्ने आदि घटनाहरू पनि बढिरहेका छन् । त्यसैले बैंकिङ्ग व्यवसायलाई जोखिमयुक्त र संवेदनशील व्यवसायको रूपमा लिइन्छ । यस व्यवसायलाई स्वस्थ र व्यवस्थित बनाई वित्तीय प्रणालीको दिगोपना कायम गर्दै आर्थिक विकासमा टेवा पुयाउन संसारका सबै देशमा मौद्रिक अधिकारीकारूपमा केन्द्रीय बैंकले नवीनतम नियमन तथा सुपरीवेक्षणका औजारहरू कार्यान्वयन गरी व्यवस्थित बनाउने कार्य गर्दै आइरहेको हुन्छ । बैंकहरू आफैंले पनि कारोवारहरूमा विभिन्न नियन्त्रणात्मक उपायहरू अवलम्बन गरिरहेका हुन्छन् ।

(ख) **सञ्चालक समिति र व्यवस्थापनको भूमिका** :

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले बैंक तथा वित्तीय संस्थाहरूको सञ्चालक समिति र व्यवस्थापनले गर्नुपर्ने कार्यहरू स्पष्ट पारिदिएको छ । यसको साथै, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका एकीकृत निर्देशनहरू र परिपत्रहरूमा बैंकको सञ्चालक समितिमा व्यावसायिक, दक्ष व्यक्तिहरूको चयन हुनुपर्ने व्यवस्था

गरेको छ । संस्थाको संस्थागत सुशासनलाई प्रभावकारी बनाउन सञ्चालक समितिले सदैव महत्वपूर्ण भूमिका खेलेको हुनुपर्दछ । सामान्यतया बैंकमा पचासभन्दा धेरै साना–ठूला नीति नियम, कार्यविधिहरू सञ्चालक समितिबाट स्वीकृत गरिएको हुन्छ । सञ्चालक समितिले व्यवस्थापनको काममा हस्तक्षेप गर्नु हुँदैन । कर्जा दुरूपयोग गर्नु हुँदैन । संस्थाको रकम अनियमितता गर्न प्रत्यक्ष वा अप्रत्यक्षरूपमा संलग्न हुनु हुँदैन । सञ्चालक समितिले निर्माण गरेका नीति, व्यवस्थाहरू, परिपत्रहरू, म्यानुअल, कार्यविधिलाई व्यवस्थापनले प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्दछ । बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई भरपर्दो बनाउने र जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । बैंकभित्र दैनिक रूपमा ग्राहकहरूबाट लाखौको सख्यामा कारोवारहरू भइरहेका हुन्छन् । ग्राहकहरूका यस्ता कारोवारहरूको सूक्ष्म निगरानी गर्ने, नियन्त्रण गर्ने र नियमन गर्ने कार्यका लागि अत्याधुनिक प्रविधि र सिष्टमको जडान गरिएको हुन्छ । सूचना प्रविधिको माध्यमबाट हरेक किसिमका कारोवारहरूको प्रतिवेदनहरू तयार गरी व्यवस्थापनले आवश्यकता अनुसार विभिन्न रणनीतिहरू तर्जुमा गर्न संञ्चालक समितिमा सुझावहरू दिएको हुन्छ । व्यवस्थापन र सञ्चालक समितिको प्रभावकारी भूमिका स्थापित भएको खण्डमामात्र ग्राहकहरूले स्तरीय सेवा प्राप्त गर्न सक्दछन् । बैंकले स्थिर दरमा मुनाफा आर्जन गर्न सक्दछ । यसबाट शेयरलगानीकर्ताहरू, निक्षेपकर्ताहरू, ऋणीहरू, कर्मचारीहरू तथा बैंकसँग प्रत्यक्ष सरोकार राख्ने पक्षहरूले लाभ लिन सक्दछन् ।

**(ग) कर्जा जोखिम :**

बैंकमा सर्वसाधरण नागरिकहरूबाट र संस्थागत निक्षेपकर्ताहरूबाट सानो–ठूलो वचत रकमहरू दैनिकरूपमा जम्मा भइरहेको हुन्छ । सर्वसाधरणहरूले आफूले राखेको नगद रकम बैंकमा सुरक्षित रहन्छ र आफूलाई आवश्यक पर्दा त्यस्तो बचत रकम जुनसुकै समयमा फिर्ता पाउन सकिन्छ भन्ने विश्वास गरेका हुन्छन् । बैंकले त्यस्तो वचत रकमलाई कर्जाको रूपमा परिचालन गरेको हुन्छ । बैंकको सबैभन्दा जोखिमयुक्त क्षेत्र कर्जा लगानी नै हो । बैंकले लगानी गरेको कर्जाको समयमा साँवा र व्याज फिर्ता हुन सकेन, कर्जा रकमलाई तोकिएको प्रयोजनमा भन्दा बाहिर खर्च गरियो, ऋणी गायव भयो, कर्जामा प्रयोग भएको धितो सम्पत्तिको वास्तविक मूल्य धेरै कम देखियो, नक्कली कागजातहरूको आधारमा कर्जा प्रवाह भएको भेटियो, कर्जा हिनामिनामा ऋणी तथा कर्मचारीहरू संलग्न भएको देखियो, कमसल धितो प्रयोग गरेको पाइयो आदि तथ्यहरू देखिएमा त्यस्तो कर्जा डुब्न सक्ने हुन्छ । खराब कर्जाहरूको सख्या धेरै भयो भने बैंकले अतिरिक्त कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने हुन्छ र बैंक नोक्सानीमा पनि जान सक्छ । कर्जामा हुन सक्ने जोखिमलाई कम गर्न बैंकले धेरै वटा कार्यविधिहरू र नियन्त्रण प्रणाली अवलम्बन गर्नुपर्दछ । जस्तैः ऋणीको आयस्रोत विवरण, सम्पत्ति विवरण, परिवार सदस्य विवरण, व्यवसायको कागजपत्र, व्यवसाय गरेको अनुभव, धितो सम्बन्धि विवरण, वित्तीय विवरणहरू, कर्जा प्रयोग सीमा, भुक्तानी अवधि, कर्जा प्रयोग गर्ने शर्तहरू, स्टक विवरण, कर्जा जमानिकर्ताहरू, बिमालेख, स्थलगत निरीक्षण प्रतिवेदन, कम्प्यूटर सिष्टमबाट कर्जा लिने दिने सम्बन्धि सीमा र समयको नियन्त्रण, नियामक निकायहरूले जारी गरेका अन्य नियन्त्रणात्मक निर्देशनहरू अनुसारका कागजातहरू आदि तयार भए पश्चात त्यस्ता कागजातहरू यर्थाथपरक भए नभएको विश्लेषण गरेर मात्र कर्जा प्रवाह गर्नुपर्दछ ।

**(घ) सञ्चालन जोखिम :**

बैंकभित्रको नियमित सञ्चालनमा संलग्न हुने कर्मचारीहरू, बैंकका ग्राहकहरू, बैंकले जडान गरेको सिष्टम र बैंकको कार्य प्रक्रियाको आधारमा गरिएका कारोवारहरू सुरक्षित छन् वा छैनन् भन्ने विषयमा सञ्चालन जोखिम विधिबाट मापन गर्ने गरिन्छ । कर्मचारीहरू, ग्राहकहरू वा पेशेवार सिष्टम ह्याकरहरूबाट नियोजित रूपमा पटक पटक बैंकको सिष्टममा गरिने आक्रमण, नगद रकममा गरिने अनियमितता अथवा त्रुटीपूर्ण कागजी प्रक्रियाहरू धेरै भएको खण्डमा त्यस्तो बैंकको सञ्चालन जोखिम अधिकस्तरमा रहेको मान्न सकिन्छ । नगद हिनामिना गरेको, कारोवारको रेकर्ड नराखेको, प्रक्रिया पूरा नगरी

**कर्मचारीहरु, ग्राहकहरु वा पेशेवार सिष्टम ह्याकरहरुबाट नियोजित रुपमा पटक पटक बैंकको सिष्टममा गरिने आक्रमण, नगद रकममा गरिने अनियमितता अथवा त्रुटीपूर्ण कागजी प्रक्रियाहरु धेरै भएको खण्डमा त्यस्तो बैंकको सञ्चालन जोखिम अधिकस्तरमा रहेको मान्न सकिन्छ ।**

कारोवार गरेको, कारोवारमा ग्राहकसँग मिलेमतो गरेको, एटिएमबाट अवैधरूपमा रकम निकालेको, बैंकको स्विफ्ट सिष्टमबाट अवैध रूपमा रकम ट्रान्सफर गरेको आदि कारणहरूले बैंकलाई ठूलो नोक्सान हुन सक्दछ । मानवीय त्रुटिहरू गल्तीहरूबाट पनि संस्थालाई हानी नोक्सानी हुन्छ । सञ्चालन जोखिम कम गर्न वा नोक्सानी कम गर्न अत्याधुनिक र सुरक्षित सिष्टमको जडान गर्ने, भौतिक नियन्त्रण प्रणालीहरू कार्यान्वयन गर्ने, पासवोर्डहरू सुरक्षित राख्ने, एटिएम कार्डहरू पिनहरू सुरक्षित रूपमा सञ्चालन गर्ने लगायतका धेरै सावधानीहरू बैंकभित्र अवलम्बन गरिएको हुनुपर्दछ । बैंकभित्र वायर ट्रान्सफरबाट वा इलेक्ट्रोनिक माध्यमबाट धेरै कारोवारहरू हुने भएकोले यसको सुरक्षाका लागि पर्याप्त आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गर्नुपर्दछ । नियामक निकायको निर्देशन अनुसार सञ्चालन जोखिम बढी भएको बैंकमा अतिरिक्त जोखिम पुँजीकोष कायम गर्नुपर्ने हुन्छ ।

(ङ) **संस्थागत सुशासन** :

बैंकभित्रको दैनिक कार्यसञ्चालन गर्दा सञ्चालक समितिबाट स्वीकृत भएका विनियमावलीहरू, म्यानुअलहरू, कार्यविधिहरू र परिपत्रहरूको आधारमा गर्नुपर्दछ । यस्ता नीतिगत कागजातहरूमा कारोवारहरू सञ्चालन गर्दा अवलम्बन गर्नुपर्ने विधि र प्रक्रियाहरू स्पष्ट गरिएको हुन्छ । सबै प्रकारका कारोवारहरू पारदर्शि हुनु पर्दछ । संस्थाका सञ्चालकहरू र उच्च तहका व्यवस्थापकहरू वा अन्य निकायहरूबाट संस्थाको दैनिक कार्य सञ्चालनमा हस्तक्षेप गर्ने, आफू अनुकूलको निर्णय गर्न लगाउने, नियम र प्रक्रिया बाहिरबाट कर्मचारीहरू भर्ना गर्ने, कागजातहरू नपुगी कर्जा दिने, नक्कली ऋणी खडा गर्ने, कर्जा रकम आफैं प्रयोग गर्ने आदि कार्यहरू गर्नु हुँदैन ।

बैंकका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीहरू लगायत सबैले तोकिए बमोजिमको पदीय एवं व्यावसायिक आचरण पालना गरेको हुनुपर्दछ । यसका लागि संस्थागत सुशासन सम्बन्धि विभिन्न व्यवस्थाहरू राखिएको छ । बैंकको सञ्चालक भएपछि कर्जा प्रवाहमा संलग्न हुन नहुने, कर्जा रकम वा संस्थाको नगद रकम व्यक्तिगत रूपमा प्रयोग गर्न नहुने, व्यवस्थापनका कार्यहरूमा अनावश्यक दवाव दिन नहुने, ग्राहकहरूसंगको सम्बन्धबाट फाइदा लिन नहुने, आफ्नो स्वार्थ वाभिने लगानीहरू भए सोको विवरण सार्वजनिक गर्नुपर्ने आदि व्यवस्थाहरूको पालना गर्नुपर्दछ ।

त्यस्तै प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकहरू र अन्य कर्मचारीहरूले बैंकबाट व्यक्तिगत कर्जाहरू लिन नपाउने, कर्जा प्रवाह गर्दा मापदण्डहरू अपनाउनु पर्ने, व्यक्तिगत विवरणहरू सार्वजनिक गर्नुपर्ने, बैंकभित्रका विनियमावलीहरूको पालना गर्नुपर्ने, नगद तथा सम्पत्ति हिनामिना गर्न नहुने, ग्राहकसंगको सम्बन्ध पारदर्शि बनाउनुपर्ने आदि व्यवस्थाहरूको पालना गर्नुपर्दछ । सुशासनसँग सम्बन्धित व्यवस्थाहरूको पालना नगर्ने बैंकको समग्र जोखिमको मात्रा अधिक रहेको हुन्छ । त्यस्तो बैंक कुनै पनि समयमा समस्याग्रस्त हुन सक्दछ ।

(च) **लेखापरीक्षण कार्य** :

बैंकले सम्पत्ति, दायित्व, कर्जा, निक्षेप, विदेशी मुद्रा कारोवार, ट्रेजरी कारोवार, प्रतितपत्र, ग्यारेन्टी कारोवार र अन्य बैंकिङ्ग करोवारहरूको नियमितरूपमा कागजपत्रहरूसहित लेखा राख्नु पर्दछ । यस्ता सबै कारोवारहरूको नियमितरूपमा आन्तरिक लेखापरीक्षण गर्नु पर्दछ । सबै कारोवारहरू नीतिगत व्यवस्थाहरू, विनियमावलीहरू, म्यानुअल अनुसार गरे नगरेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

दैनिक कारोवारहरू गर्दा तोकिए बमोजिमको तहगत निर्णयहरू भएको छ छैन, कर्जा प्रवाह गर्दा पर्याप्त सावधानी अपनाइएको र मापदण्ड पूरा भएको छ छैन, वायर ट्रान्सफरबाट कारोवार गर्दाको नियन्त्रण प्रणाली पर्याप्त छ छैन, कानुनी प्रक्रिया पूरा भएको छ छैन, नियन्त्रण प्रणाली भरपर्दो भएको र पूर्णरूपमा कार्यान्वयन भएको छ छैन, बैंकलाई नियतवस हानी नोक्सानी पुऱ्याउने कार्य भएको छ छैन, संस्थाको सम्पत्तिको अधिकतम उपयोग गर्ने र हितमा हुने गरी व्यवस्थापन गरिएको छ छैन, सिष्टममा अनधिकृत प्रयोग हुने अवस्था छ छैन, नगद हिनामिना र अन्य अनियमितता नियन्त्रण गर्न पर्याप्त जोखिम व्यवस्थापन अवलम्बन गर्ने प्रणालीको विकास गरिएको छ छैन आदि विषयमा नियमितरूपमा आन्तरिक लेखापरीक्षण गरिएको हुनु पर्दछ । आन्तरिक लेखापरीक्षण कार्य गर्दा पूर्णरूपमा व्यावसायिक, स्वतन्त्र र दक्ष जनशक्तिको प्रयोग भएको हुनुपर्दछ ।

लेखापरीक्षण कार्य स्वतन्त्र बनाउन यसका सबै गतिविधिहरूलाई लेखापरीक्षण समितिको मातहतमा अधिकारसम्पन्न बनाउनु पर्दछ । पछिल्लो समयमा नेपालका धेरै जसो बैंकहरूमा आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई आउटसोर्सिङ फर्महरूमार्फत् समेत गर्न थालिएको छ । बैंकको वार्षिक रूपमा तयार गरिने वित्तीय विवरणको वाहय लेखापरीक्षक फर्ममार्फत् लेखापरीक्षण गर्ने र बाहय लेखापरीक्षकले औंल्याएका कैफियतहरूलाई समयमै सुधार गर्नेतर्फ बैंकले ध्यान दिनु पर्दछ ।

**(छ) नेपालको समग्र बैंकिङ्ग व्यवसायमा देखिएका समस्याहरु :**

नेपालका बैंक तथा वित्तीय संस्थाहरूमा कर्जा जोखिम र सञ्चालन जोखिम अत्यधिक रहेको छ । बैंकभित्र सबै पक्षहरूबाट संस्थागत सुशासन कायम गर्नेतर्फ पर्याप्त ध्यान दिइएको पाईदैन । कर्जा तथा निक्षेपको व्याजदर निर्धारणमा स्वस्थ प्रतिस्पर्धा भई ग्राहकहरूले पर्याप्त लाभ लिन नपाएको गुनासोहरू धेरै आउने गरेका छन् । बैंकहरूको सिष्टममा असावधानी भएको कारण नगद हिनामिनाका घटनाहरू बढेर गएको देखिन्छ । नेपालको बैंकिङ्ग व्यवसायमा देखिएका केही समस्याहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

- बैंकहरूको नीतिगत निर्णय गर्ने तहमा रहेको सञ्चालक समितिले व्यावसायिक भएर प्रभावकरी रूपमा कार्य गर्न नसकेको ।
- बैंकको सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापन तहबाट संस्थागत सुशासन सम्बन्धी व्यवस्थाहरूलाई पूर्णरूपमा पालना हुन नसकेको ।
- आफैंले आफ्नो जोखिम व्यवस्थापन गर्ने र स्व:नियमनको अभ्यास बसाल्नुपर्नेमा बैंकहरूले सबै विषयहरूमा केन्द्रीय बैंकको निर्देशनको अपेक्षा गर्ने गरेको ।
- बैंकहरूले बजारमा व्याजदरमा स्वस्थ प्रतिस्पर्धा कायम गर्नेतर्फ पर्याप्त ध्यान नदिएको ।
- बैंकहरु मुनाफाका लागि अत्यन्त जोखिमयुक्त क्षेत्रहरूमा लगानी बढाउन प्रेरित हुने गरेको ।
- बैंकहरूले कर्जा प्रवाह गर्दा आवश्यकताभन्दा अधिक लगानी गर्ने र धितो वा स्टक मूल्याकन मार्जिन अधिक गर्ने, ऋणीको नेटवर्थभन्दा धेरै कर्जा लगानी गर्ने गरेको ।
- ऋणीहरुले बैंकमा पेश गर्ने गरेको वित्तीय विवरणहरू र कागजातहरू यर्थाथपरक बन्न नसकेको ।
- समग्र बैंकिङ्ग क्षेत्रबाट उत्पादनशील क्षेत्रमा कर्जा लगानी बढाउन पर्याप्त पहल नभएको ।
- सञ्चालन जोखिम कम गर्न तथा मनी लाउन्डरिङ्गसँग सम्बन्धित नियमहरू पूरा गर्न अत्याधुनिक सिष्टम र प्रविधिको जडान गर्नुपर्नेमा त्यसतर्फ अग्रसर नभएको ।
- कर्जा तथा निक्षेप व्याजदर निर्धारण गर्दा त्यसबाट ग्राहकहरूले पर्यापत लाभ लिन नसकेको ।
- व्यवस्थापकीय कार्यहरूमा सञ्चालक समिति वा अन्य निकायहरूबाट प्रभाव पार्ने गरिएको ।
- कर्जा प्रवाह गरेपश्चात् तोकिए बमोजिमको समयमा कर्जा सदुपयोगिता निरीक्षण गर्ने नगरेको तथा ऋणीको कर्जा व्यवहार र कारोवारहरूको सूक्ष्म अनुगमन गर्ने नगरेको ।
- बैंकभित्रको ठूला खरिद कारोवारहरुमा पर्याप्त सावधानीहरू अपनाउने नगरिएको ।
- बैंकिङ्ग क्षेत्रमा नीति नियमहरू, निर्देशनहरूको अनुपालना गर्ने तर्फ पर्याप्त ध्यान दिने नगरेको ।
- कर्जा असुली प्रक्रियामा पारदर्शिता नभएको विषयमा ग्राहकहरूबाट गुनासोहरू आउने गरेको ।

**(ज) समस्या समाधानका लागि सुझावहरु :**

बैंकिङ्ग व्यवसायमा देखिने माथि प्रस्तुत गरिएझै विभिन्न समस्याहरू संस्थापिच्छे फरक फरक रूपमा आउन सक्छन् । यस्ता समस्याहरूलाई सूक्ष्मरूपमा अध्ययन गरी आफ्नो संस्थामा देखिएको प्रमुख समस्यालाई समाधान गर्नेतर्फ समयमै ध्यान दिनु आवश्यक हुन्छ । कर्जा जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, बजार जोखिमलाई समयमै प्रभावकारी ढंगले व्यवस्थापन गर्नुपर्दछ । पर्याप्त नीतिगत व्यवस्थाहरू कार्यान्वयन गर्ने र संस्थागत सुशासनको अधिकतम पालना गर्ने बैंकहरूमा ठूला समस्याहरू सामान्यतया आउँदैनन । जोखिम कम लिएर पनि कतिपय बैंकहरूले दिगो वृद्धि गरिरहेका छन् । प्रविधिको विकाससँगै ग्राहकहरूको सेवा मागमा समेत वृद्धि हुँदै गइरहेकोले अत्याधुनिक सिष्टम जडान गर्न ध्यान दिनुपर्ने देखिएको छ । कम आधार व्याज दर भएको बैंकमा ग्राहकहरू आर्कर्षित हुने भएकोले सञ्चालनगत र अन्य लागत घटाउनेतर्फ सचेत हुनुपर्ने देखिन्छ । पर्याप्त मात्रामा पुँजीको व्यवस्था गर्ने बैंकसँग साना तिना जोखिमहरू सहन गर्न सक्ने क्षमता धेरै हुन्छ । लगानी गर्ने क्षेत्रलाई विविधिकरण गर्ने बैंकहरूले दिगो प्रतिफल दिन सक्दछन् । परम्परागत बैंकिङ्ग गर्दै आइरहेका सरकार नियन्त्रित बैंकहरूले कारोवारको प्रक्रिया छोटो बनाउने, कार्यसम्पादनलाई सरलीकृत गर्ने, छरितो बनाउने र अहिलेको सेवा गुणस्तरमा पर्याप्त सुधार गर्नुपर्ने देखिएको छ ।

**(झ) कृषि विकास बैंक सुधारका लागि केही सुझाव :**

कृषि विकास बैंकले सार्वजनिक गरेका विभिन्न प्रतिवेदनहरू, बाह्य लेखापरीक्षण प्रतिवेदन र विभिन्न आर्थिक वर्षको वित्तीय विवरणहरूको विश्लेषणको आधारमा त्यस बैंकभित्रका समस्याहरूलाई समाधान गर्न केही सुझावहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

- कर्जा तथा निक्षेप कारोवारहरूमा पुरानो ढाँचाका फारामहरू, व्यवस्थाहरू र नीतिहरूलाई परिमार्जन गर्ने र कारोवारहरूको परम्परागत प्रक्रिया विधिलाई सरलीकरण गर्ने ।
- सञ्चालक समितिमा नेपाल सरकारका कर्मचारी प्रतिनिधिहरूको सट्टामा बैंकिङ्ग अनुभव भएका व्यावसायिक सञ्चालकहरूको मनोनयका लागि पहल गर्ने ।
- वर्तमान भौतिक संरचनाहरूलाई अटोमेशनमा लैजाने र ठूला भवनहरू र कार्यस्थलहरूलाई छरितो, आधुनिक र ग्राहकमैत्री बनाउने ।
- बैंकको सूचना प्रविधि कमजोर अवस्थामा रहेकोले सिष्टम क्षमता बढाउने, दक्ष जनशक्ति व्यवस्थापन गर्ने, अत्याधुनिक सफ्टवेयर जडान गर्ने र ब्राण्डेड हार्डवेयरको व्यवस्था गर्ने ।
- कोर बैंकिंग सिष्टममा धेरै सुविधाहरू भए तापनि पूर्णरूपमा उपयोग गर्न नसकेकोले डाटा इन्ट्री गर्ने तहमा रहेका कर्मचारीहरूलाई पर्याप्त र अनिवार्य तालिम दिने ।
- बैंकभित्र झण्डै ५०० जना जनशक्तिको अभाव रहेकोले अबिलम्ब कर्मचारीहरू भर्ना गर्ने ।
- बैंक शाखाहरूबाट भइरहेको कर्जा तथा निक्षेपको कारोवारलाई केन्द्रीयकरण गरी नियन्त्रण गर्ने ।
- अत्याधुनिक सफ्टवेयरहरूको विकास गरी नियमितरूपमा तथ्यांकहरू प्रशोधन गर्ने र निर्णयका लागि अति आवश्यक देखिएको Management Information Systemलाई कार्यान्वयन गर्ने ।
- अन्य बैंकहरूको तुलनामा आधार व्याजदर अधिकतम तहमा रहेको र बजारमा प्रतिस्पर्धा गर्न कठिन भइरहेको सर्न्दभमा यसलाई घटाउन ठोस रणनीति तयार गर्ने र यसका लागि सबै तहका कर्मचारीहरूलाई प्रेरित गर्ने ।
- कर्पोरेट विभागको पुनर्संरचना गर्ने, दक्ष कर्मचारी राख्ने, नयाँ प्रोडक्टपेपर कार्यान्वयनमा ल्याउने, कर्जा सीमालाई फराकिलो बनाउने, सहवित्तीयकरण कर्जामा जान नीतिगत व्यवस्थाहरूमा थप परिमार्जन गर्ने ।
- कर्जा दुरूपयोग गर्ने र गर्न प्रोत्साहन गराउने कर्मचारीहरूलाई गरिने कारवाहीको प्रक्रियालाई छोटो र पारदर्शि बनाउने ।
- आन्तरिक लेखापरीक्षण कार्यलाई जोखिममा आधारित बनाउने र आउटसोर्सिङ्ग गर्ने ।
- ग्यारेन्टी, एलसी कारोवारहरूलाई केन्द्रीकृत गर्ने, यस व्यवसायको वर्तमान नीतिगत व्यवस्थाहरू परिवर्तन गर्ने, धितोको गुणस्तरमा जोड दिने, दक्ष जनशक्तिको व्यवस्थापन गर्ने, नियमितरूपमा रिर्पोटिङ्ग गर्ने व्यवस्था मिलाउने ।
- कार्डबाट रकम चोरी, सिष्टमबाट रकम चोरी, कर्मचारीहरूको पासवोर्ड चोरी लगायतका सिष्टमसँग सम्बन्धि अनियमिततका घटनाहरू बढेकोले यस्ता संवेदनशील कारोवारहरूमा अत्याधुनिक नियन्त्रण प्रणालीको व्यवस्थापन गर्ने ।
- व्याजदर निर्धारण गर्ने तथा समयानुकूल परिमार्जन गर्ने कार्यमा ढिलाई हुने गरेकोमा यसलाई लचिलो र छिटोछरितो बनाउने ।
- कार्यालय सञ्चालन गर्ने समयलाई बढाउने र ग्राहकको सेवा गुणस्तर बढाउने ।
- कर्मचारी संगठनहरूको गतिविधिहरू केन्द्रीय कार्यालयबाट मात्र सञ्चालन गर्ने । शाखा कार्यालयहरूमा समेत रहेका यस प्रकारका संरचनाहरू घटाउने ।
- केन्द्रीय बैंकबाट सञ्चालन जोखिम, सम्पत्ति दायित्व व्यवस्थापन र समग्र जोखिम व्यवस्थापन प्रभावकारी नभएकोले उक्त शीर्षकहरूमा अतिरिक्त जोखिम व्यवस्था कायम गर्न लगाइएकोले यसतर्फ पर्याप्त कार्यहरू गर्ने ।
- Core Banking System मा अतिरिक्त सुरक्षा व्यवस्थाहरू थप गर्ने । आधुनिक सेवाहरू थप्दै लैजान बैंकभित्र थप सहायक सफ्टवेयरहरू विकास गर्ने र यस कार्यमा आउटसोर्सिङ्ग गर्ने ।
- धेरै पुराना खराब कर्जाहरू र गैर बैंकिङ्ग सम्पत्तिहरूको असुली प्रक्रिया छिटो सम्पन्न गर्ने ।
- निक्षेपवृद्धिका लागि थप प्रोडक्ट पेपर ल्याउने र मार्केटिङ्ग गर्ने ।

- कर्जा स्वीकृत गर्ने हालको प्रक्रियालाई शाखाहरूबाट केन्द्रमा सार्ने र छोटो समयमा गर्ने ।
- कृषि कर्जा अन्य बैंकहरूलाई बिक्री गर्न सहज पार्ने ।
- सबै रिर्पोटिङ्ग डाटावेस प्रणालीलाई अटोमेटेड गर्ने ।
- नियुक्ति, सरूवा, बढुवा वा कारवाही सम्बन्धि सबै प्रकारका जनशक्ति सम्बन्धी निर्णयहरू छोटो समयमा सम्पन्न गर्ने प्रणालीको विकास गर्ने ।

ञ) **सारांश** :

बैंकिङ्ग व्यवसायलाई जोखिमयुक्त र संवेदनशील व्यवसायको रूपमा लिइन्छ । निक्षेपकर्ताहरूबाट जम्मा भएको साधनलाई बैंकले कर्जाकोरूपमा लगानी गरेको हुन्छ । निक्षेपकर्ताहरूको पैसा जुनसुकै समयमा पनि बैंकले फिर्ता गर्नुपर्ने दायित्व रहेको हुन्छ । तर, बैंकले कर्जाको रूपमा लगानी गरेको रकम निर्धारित समयमै ऋणीले फिर्ता गर्दछ भन्ने निश्चित हुँदैन । यस्ता कर्जाहरूमा बैंकले निश्चित प्रतिशत नोक्सानी व्यवस्थाहरू गर्नु पर्दछ । यसले गर्दा बैंकको मुनाफामा प्रभाव पारेको हुन्छ । बैंकको कर्जा लगानीमा हुने जोखिमलाई कम गर्न सञ्चालक समिति र उच्च व्यवस्थापनले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । बैंकभित्रको समग्र सुशासन पक्ष प्रभावकारी भएको, दैनिक क्रियाकलापका लागि आवश्यक पर्ने नीतिगत व्यवस्थाहरू समयमै कार्यान्वयन भएको, बजार विस्तार र कर्जा लगानीमा पर्याप्त सावधानीहरू अपनाएको, दैनिक कारोवारमा प्रयोग हुने सिष्टम र सफ्टवेयरमा पर्याप्त नियन्त्रण प्रणाली लागू गरिएको अवस्थामा बैंकले मुनाफा हासिल गर्न सक्दछ । यस्तो बैंकले निक्षेपकर्ताहरूको निक्षेपको सुरक्षाको प्रत्याभूति दिन सक्दछ । बैंकभित्रका कारोवारहरूको जोखिम मापन गर्न र बैंकभित्र हुनसक्ने अनियमितता र मानवीय त्रुटिहरूलाई समयमै समाधान गर्न नियमित रूपमा आन्तरिक लेखापरीक्षण गर्नु पर्दछ । लेखापरीक्षण गर्ने कार्य स्वतन्त्र, व्यावसायिक र निरन्तर भएको हुनुपर्दछ । नेपालको बैंकिङ्ग प्रणालीमा अझै पनि धेरै समस्याहरू रहेका छन् । यस्ता समस्याहरूलाई निरन्तर सुधार गर्नुपर्ने देखिन्छ । कृषि विकास बैंकलाई आधुनिकीकरण गर्ने र प्रतिष्पर्धी बनाउन यसको हालको सिष्टमलाई अत्याधुनिक बनाउने, पराम्परागत अवस्थामा रहेको कर्जा व्यवसायलाई थप नीतिगत व्यवस्थाहरूसहित फराकिलो बनाउने, सञ्चालक समितिलाई व्यावसायिक बनाउने, आन्तरिक लेखापरीक्षण कार्यलाई आउटसोर्सिङ्ग गर्ने, कर्मचारी भर्ना समयमै सम्पन्न गर्ने, संगठन संरचनालाई छरितो बनाउने र निक्षेप संकलनमा मार्केटिङ्ग गर्ने तर्फ ध्यान दिनुपर्ने देखिएको छ । ■

*लेखक नेपाल राष्ट्र बैंकका निर्देशक हुनुहुन्छ ।*

# उपभोक्ता हित सम्बन्धी कानुन र नेपालमा वित्तीय उपभोक्ताको अवस्था

■ रेशमराज रेग्मी

**विषय प्रवेश**

आम उपभोक्ताको हित संरक्षणका लागि नेपालमा धेरै पहिलेदेखि नै विभिन्न कानुनी व्यवस्थाहरू रहेको पाइन्छ । ऐतिहासिक रूपमा हेर्दा जयस्थिति मल्लले स्थापना गरेको माना, पाथी, धार्नी लगायत नाप तौलका व्यवस्था वा राम शाहले बाँधेका स्थितिहरूमा आम उपभोक्ताको हित संरक्षणको भावना रहेको पाइन्छ भने आधुनिक समयमा जंगबहादुर राणाले जारी गरेको मुलुकी ऐन, १९१० मा रहेका केही महलहरू जस्तो कि इलमको, इलाजको र खोटा चलनको मा उपभोक्ताको हितको भावना समेटिएको पाइन्छ । २००७ सालको परिवर्तनपश्चात बनेका आवश्यक वस्तु संरक्षण ऐन, २०१२; आवश्यक सेवा सञ्चालन ऐन, २०१४; आवश्यक पदार्थ नियन्त्रण ऐन, २०१७; स्टान्डर्ड नाप र तौल ऐन, २०२५ लगायतका ऐनहरूमा उपभोक्ता हितका केही विषय वस्तुहरू समेटेको पाइन्छ भने मुलुकी ऐन २०२० मा रहेका जमानी, ठगी, खोटाचलन, चौपाया, इलाज गर्ने र अदलको आदि महलमा बजारको स्वच्छता तथा उपभोक्ताको हित संरक्षणसम्बन्धी विषयहरू समेटिएको पाइन्छ ।

कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ ले उपभोक्ता हित विपरीतका कतिपय काम कारवाहीलाई अपराधकै रूपमा परिभाषा गरी कारवाहीको व्यवस्था गरेको थियो भने देशमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात २०५४ सालमा उपभोक्ता हित सम्बन्धमा संसारभर स्वीकार गरिएको सर्वमान्य सिद्धान्तहरूलाई समावेश गरी उपभोक्ता संरक्षण ऐन नै लागू भएको थियो । यस ऐनले उपभोक्ताका अधिकारहरूलाई स्थापित गर्ने एवं तिनको संरक्षणका लागि आवश्यक संयन्त्रको समेत व्यवस्था गरिएको थियो । यस ऐनलाई उपभोक्ता हित संरक्षण सम्बन्धमा नेपालको सन्दर्भमा ऐतिहासिक दस्तावेजकै रूपमा स्वीकार गर्न सकिन्छ ।

आम उपभोक्ताको हित संरक्षणको कार्यलाई थप प्रभावकारी बनाउन थप कानुनी व्यवस्था गर्ने कार्यले तत्पश्चात पनि निरन्तरता पाइरहेको छ । जसको परिणाम स्वरूप प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४; विज्ञापन नियमन गर्ने ऐन, २०७६ र सेफगार्ड्स, एण्टिडम्पिङ तथा काउण्टर भेलिङ्ग ऐन, २०७६ लगायतका नयाँ कानुनी व्यवस्थाहरू पनि गरिएको पाइन्छ ।

नेपालको संविधान, २०७२ ले नागरिकको मौलिक हकको रूपमा नै उपभोक्ता हित सम्बन्धी विषयलाई समावेश गरी धारा ४४ मा देहाय बमोजिम व्यवस्था गरेको छ ।

(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ ।

(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यसरी संवैधानिक रूपमा संरक्षित उपभोक्ताको अधिकारलाई थप व्यवस्थित गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ जारी गरिएको छ भने पछिल्लो समय प्रदेश सरकारहरूले पनि उपभोक्ता संरक्षणलाई आफ्नो प्राथमिकतामा राख्न थालेका पाइन्छ ।[1] संविधान तथा ऐनको व्यवस्था कार्यान्वयन गर्न सहयोग गर्ने उद्देश्यले नेपाल सरकारले उपभोक्ता

---

१ उदाहरणका लागि वाग्मती प्रदेश सरकारले लागू गरेको उपभोक्ता संरक्षण ऐन, २०७५ लाई लिन सकिन्छ ।

संरक्षण नियमावली, २०७६ लागू गरेको छ । उपभोक्ता अधिकारका विश्वव्यापी मान्यता तथा उपभोक्तावादका स्वीकृत सिद्धान्तसमेतलाई समावेश गरी जारी गरिएका पछिल्ला कानुनी व्यवस्थाहरूले आम उपभोक्ताको अधिकारलाई देहाय बमोजिम उल्लेख गरिएको छ:[२]

- वस्तु वा सेवामा सहज पहुँचको अधिकार,
- स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार,
- वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर, आदिको बारेमा सूचीत हुने अधिकार,
- सम्मिश्रणबाट बनेको वस्तुमा मिश्रित पदार्थको परिमाण र मात्राको बारेमा जानकारी पाउने अधिकार,
- मानव जिउज्यान स्वास्थ्य तथा सम्पत्तिमा हानी पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार,
- अनुचित व्यापारिक तथा व्यवसायजन्य कार्यविरूद्ध उपचारको अधिकार,
- वस्तु वा सेवाको प्रयोगबाट भएको हानी नोक्सानी विरूद्ध क्षतिपूर्ति पाउने अधिकार,
- उपभोक्ता शिक्षा पाउने अधिकार, आदि ।

उपभोक्ताका अधिकारको रूपमा उल्लेखित उपरोक्त बमोजिमका व्यवस्थाहरू र कुनै पनि कारोवारमा निहित उपभोक्ताको हितको संरक्षणमा सकारात्मक प्रभाव पार्न यी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको खाँचो रहेको छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली २०७६ ले उपभोक्ताको हितलाई सम्मान गर्नुपर्ने दायित्व सबै प्रकारका व्यवसायीलाई तोकेको पाइन्छ । व्यावसायिको उपभोक्ताप्रतिको दायित्वलाई प्रष्ट पार्ने क्रममा ऐनले गुणस्तरीय वस्तु तथा सेवा उत्पादन गर्ने, वस्तुको लेबलमा ऐनले तोके बमोजिमका कुरा उल्लेख गर्ने, त्रुटिपूर्ण उत्पादन नगर्ने, आफूले उत्पादन गरेको वस्तु त्रुटिपूर्ण उत्पादन भई त्यस्तो वस्तु बजारमा रहेको कुरा जानकारीमा आएमा त्यस्तो वस्तु संकलन गरी नष्ट गर्ने, वस्तु वा सेवाको उत्पादनको कारण उपभोक्तालाई कुनै किसिमको क्षति भएमा सोको क्षतिपूर्ति दिने, वस्तु वा सेवाको गलत वा भ्रामक विज्ञापन वा प्रचार प्रसार नगर्ने, आदि विषयलाई व्यावसायिको दायित्वको रूपमा निर्धारण गरेको छ ।[३] त्यसैगरी वस्तु वा सेवाको आफैले उत्पादन नगरी विदेशबाट आयात गरी कारोवार गर्ने पैठारीकर्ताको दायित्वका सम्बन्धमा समेत ऐनले व्यवस्था गरेको छ ।[४] यसबाहेक ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता, सेवा प्रदायकको समेत दायित्वका बारेमा ऐनले व्यवस्था गरेको छ ।

उपभोक्ताका उपरोक्त बमोजिमका अधिकार र विभिन्न व्यावसायीको दायित्वको सुनिश्चितताका लागि ऐनले सरकारका विभिन्न निकायहरूको जिम्मेवारी समेत तोकिएको पाइन्छ । सरकारी स्तरमा निरीक्षण अधिकृतदेखि विभागीय प्रमुखसम्मलाई उपभोक्ता हित संरक्षण सम्बन्धमा विभिन्न अधिकार र दायित्व निर्धारण गरिएको छ भने महानिर्देशकको निर्णयमा चित्त नबुझ्ने पक्षले जिल्ला अदालतमा समेत कारावाही चलाउन सक्ने व्यवस्था गरिएको छ ।

### वित्तीय उपभोक्ताको हित संरक्षण सम्बन्धी व्यवस्था

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ज) मा सेवाको परिभाषा गर्दै बैंकिङ्ग सेवालाई समेत सो परिभाषा भित्र समेटेको छ । सोही ऐनको दफा १२ ले सेवा प्रदायकको दायित्वको रूपमा विना भेदभाव सेवा प्रदान गर्ने, सेवाको प्रकृति र सेवाबापत उपभोक्ताले तिर्नु पर्ने मूल्यसूची सार्वजनिक रूपमा राख्ने, आफूले प्रदान गर्ने सेवासँग विवरण तथा कागजात सरोकारवालालाई उपलब्ध गराउने, पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने, सेवा शुल्क बापतको रकम प्राप्त गरेपछि सोको बिल वा रसिद दिने लगायतका व्यवस्थाहरू गरेको पाइन्छ । यस ऐनको व्यवस्थाले सेवा व्यवसायलाई समेत उपभोक्ता हितको सम्बन्धी कानुनको दायरामा ल्याएको भए तापनि वित्तीय क्षेत्रका

---

२ उपभोक्ता संरक्षण ऐन, २०७५, दफा ३

३ दफा ७

४ दफा ८

उपभोक्तासँग सम्बन्धित विषय वस्तुहरूलाई भने प्रभावकारी रूपमा समेटन सकेको देखिँदैन । त्यसबाहेकका माथि उल्लेख गरेका उपभोक्ता संरक्षणसँग सम्बन्धित कानुनी व्यवस्थाहरूमा वस्तु तथा सेवा दुवैका उपभोक्तालाई समेट्ने प्रयास गरेको भएता पनि नेपालमा वित्तीय सेवाका उपभोक्ताहरूको हित संरक्षणमा अझै प्रभावकारी व्यवस्था हुन नसकेको अनुभूति आम उपभोक्ताहरूले गर्ने गरेको पाइन्छ ।

अन्य मुलुकहरूको अभ्यास हेर्दा आजभन्दा दश वर्षपहिले नै वित्तीय सेवाका उपभोक्ताको हित संरक्षणका लागि छुट्टै कानुनी व्यवस्था गरी सोमार्फत स्थापित सयन्त्रले वित्तीय उपभोक्ता हितको संवर्द्धन र प्रवर्द्धन गर्ने मुलुकहरू ६७ वटा भन्दा बढी रहेका छन् ।[५] त्यसैगरी वित्तीय क्षेत्रका नियमनकारी निकाय मार्फत सम्बन्धित क्षेत्रका उपभोक्ताहरूको हितको संरक्षण र प्रवर्धन गर्ने व्यवस्था गरेका मुलुकहरू ७७ वटा रहेको पाइन्छ ।[६] यी मुलुकको अभ्यासका आधारमा हेर्दा अन्य सेवाका उपभोक्ताहरूभन्दा वित्तीय उपभोक्ताहरूका सरोकारका विषयहरू फरक रहेको पाइन्छ भनी उनीहरूको हित संरक्षणका लागि समेत विशेष प्रकारको संयन्त्रको विकास गर्ने गरेको देखिन्छ ।

प्रचलित अन्तर्राष्ट्रिय अभ्यासका आधारमा हेर्दा वित्तीय सेवा प्रदायकहरूले आफ्ना उपभोक्ताका हितहरूलाई देहाय बमोजिम उल्लेख गर्ने गरेको पाइन्छ ।[७]

- कारोवारमा शुद्धता, पारदर्शिता र सामनजस्यता कायम गर्ने,
- विना आधार ग्राहकबीचमा भेदभाव नगर्ने,
- विश्वासका साथ कुनै जिम्मेवारी प्रदान गर्ने ग्राहकलाई सेवा प्रदान गर्दा वा उपकरण जारी गर्दा असल व्यवस्थापकको रूपमा कार्य गर्ने,
- ग्राहकको हितको संरक्षणका लागि हिफाजत, सावधानी, बुद्धिमत्ता, कुशलता तथा दक्षताको प्रयोग अधिकतम गर्ने,
- ग्राहकको हितलाई ध्यानमा राखी इमान्दारीपूर्वक असल नियतले काम गर्ने,
- कारोवारको क्रममा सरल र बुझ्ने भाषाको प्रयोग गर्ने,
- एकतर्फि रूपमा सेवाका शर्तहरू परिवर्तन नगर्ने,
- कारोवारमा निहित जोखिमको बारेमा जानकारी गराउन पर्ने,
- अधिकारको उल्लंघनमा प्रभावकारी उपचार पाउने, आदि ।

वित्तीय उपभोक्ताका उपरोक्त बमोजिमका सरोकारहरूका बारेमा हाम्रो उपभोक्ता संरक्षण ऐनले पर्याप्त व्यवस्था नगरेको भए तापनि वित्तीय क्षेत्रका विभिन्न नियमनकारी निकायहरूले आफ्नो कार्यक्षेत्रभित्र लागू हुने गरी विभिन्न प्रकारका निर्देशनहरू जारी गर्दै सोही आधारमा वित्तीय उपभोक्ताको हित संरक्षणको प्रयास भने नेपालमा पनि अगाडि वढेको देखिन्छ ।

**नियमनकारी निकायहरुले गरेका वित्तीय ग्राहक संरक्षण सम्बन्धी व्यवस्था**

नेपालमा वित्तीय क्षेत्रका विभिन्न विधाका लागि छुट्टाछुट्टै नियामक रहेका छन् । जस्तो कि बैंक तथा वित्तीय संस्थाहरूका लागि नेपाल राष्ट्र बैंक, धितोपत्र सम्बद्ध व्यवसायीहरूका धितोपत्र बोर्ड, बीमा व्यवसायीका लागि बीमा समिति

---

5 Oya Pinar Ardic, Joyce A. Ibrahim and Nataliya Mylenko, (2011) Consumer Protection Laws and Regulations in Deposit and Loan Services; A Cross-Country Analysis with a New Data Set, The World Bank, Policy Research Working Paper 5536 at 7

6 Ibid
The Consumer Protection Act, 2019, section 19 (2), The Gazette Of India, Part 2, section 1, August 9, 2019
Taiwan has enacted and promulgated Financial Consumer Protection Act on 29 June 2011 through Presidential Order No. Hua-Zong-I-Yi-10000133861; which came into force from 30 December 2011 . Likewise Columbia has enforced Financial Consumer Protection Law from 2010 and

7 विस्तृत जानकारीका लागि UNITED NATIONS CONFERENCE ON TRADE AND DEVELOPMENT (UNCTAD) ले जारी गरेको United Nations Guidelines for Consumer Protection, 2016 लगायतका दस्तावेजहरुमा यस सम्बन्धी जानकारी पाइन्छ ।

र सहकारीहरूका लागि सहकारी विभाग । यी विभिन्न नियमनकारी निकायहरूले आ-आफ्नो क्षेत्रमा सीमित रही सम्बन्धित व्यवसायीहरूले प्रदान गर्ने सेवामा पारदर्शिता, शुद्धता र स्वच्छता कायम गर्ने प्रयास गरेको पाइन्छ । तर प्रत्यक्षरूपमा उपभोक्ताको हितमा केन्द्रित भई विशेष निर्देशन वा व्यवस्था गर्ने र उपभोक्ताको हित विपरीतका काम कारवाही भएको पाइएमा सो सम्बन्धमा सम्बन्धित उपभोक्ताको गुनासो सुन्नका लागि औपचारिक व्यवस्था गर्ने कार्य भने हालसम्म नेपाल राष्ट्र बैंकले गरेको पाइन्छ ।

बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना ग्राहकसँगको कारोवारमा स्वच्छता, पारदर्शिता र शुद्धता कायम गर्नुपर्ने विषयहरू राष्ट्र बैंकबाट जारी विभिन्न निर्देशनहरूमा समावेश भएको पाइए तापनि वित्तीय उपभोक्ताको हितको विषयमा केन्द्रित भई पहिलो पटक नेपाल राष्ट्र बैंकले २०७२ सालमा जारी गरेको एकीकृत निर्देशनको निर्देशन नं २२ मा यस सम्बन्धी व्यवस्थाहरू समेटिएको पाइन्छ । ती व्यवस्थाहरूलाई थप परिमार्जन गर्दै हालै जारी एकीकृत निर्देशन २०७७ को निर्देशन नं २० मा वित्तीय ग्राहकको हितसँग सम्बन्धित विषयहरूलाई समेटिएको पाइन्छ । उक्त निर्देशनमा प्रमुख रूपमा पारदर्शितासँग सम्बन्धित विषयहरू, सरल भाषा र सूचनामा पहुँच सम्बन्धी विषयहरू, विशेष प्रकारका ग्राहकहरूलाई सरल बैंकिङ्ग सेवा, शुल्क र शर्त परिवर्तन सम्बन्धी विषयहरू समावेश भएको पाइन्छ ।

यसबाहेक उक्त निर्देशनले वित्तीय उपभोक्ताहरूको गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था समेत गरी कुनै बैंक वा वित्तीय संस्थाले ग्राहकको हित विपरीत कार्य गरेको उजुरी प्राप्त भएमा सोको सुनुवाइ गरी कारवाही गर्न सम्बन्धित सेवा प्रदायकले सूचना तथा गुनासो सुनुवाइ डेस्क स्थापना गर्नुपर्ने व्यवस्था समेत गरेको छ ।

त्यसैगरी बैंक बा वित्तीय संस्थाले आफ्ना सेवाग्राहीको हित विपरीतको कार्य गरेमा सो सम्बन्धमा सम्बन्धित उपभोक्ताको उजुरी प्राप्त भएमा सोको सुनुवाइ गर्ने र आवश्यक निर्देशन दिने प्रयोजनका लागि डेपुटी गर्भनरको संयोजकत्वमा विभिन्न क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी गुनासो सुनुवाइ समिति गठन गरी सो मार्फत वित्तीय उपभोक्ताहरूका गुनासोहरूलाई सम्बोधन गर्ने कार्य राष्ट्र बैंकले गर्दै आएको पाइन्छ ।

त्यसैगरी बीमा व्यवसायको नियमक बीमा समितिले उपभोक्ताको हित सम्बन्धमा प्रत्यक्ष रूपमा कुनै निर्देशन जारी नगरेको भए तापनि यस समितिबाट जारी संस्थागत शुसासन सम्बन्धी निर्देशिकाको बुँदा नं ५३ मा कर्मचारीले ग्राहकसँग मित्रता, सम्बन्ध वा व्यवहारबाट प्रभावित नभई निष्पक्ष र समानताको आधारमा व्यावसायिक व्यवहार गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । बिमा ऐन, २०५२ को दफा ८ ले समितिको काम कर्तव्य र अधिकारको व्यवस्था गर्दै समितिलाई बीमक तथा बीमित बीचको वाद विवादमा मध्यस्थता गर्ने, बिमा दायित्व निर्धारणका सम्बन्धमा बीमक विरूद्ध बीमितले दिएको उजूरी उपर निर्णय गर्ने । बिमा व्यवसायका सम्बन्धमा बीमकलाई समय-समयमा आवश्यक निर्देशन दिने र बीमितको हित रक्षाको निम्ति आवश्यक आधार तर्जुमा गर्ने लगायतका अधिकार प्रदान गरेको छ । समितिले प्राप्त अधिकारको प्रयोग गर्दै उपभोक्ताको हितमा थप योगदान गर्नुपर्ने अवस्था रहेको छ ।

यसबाहेक धितोपत्र बोर्ड र सहकारी विभागले समेत संस्थागत सुशासन लगायतका निर्देशनहरूमार्फत् वित्तीय ग्राहकका हितको संरक्षण गर्ने प्रयास गरेको पाइन्छ । यी निकायका प्रयासहरूलाई यसतर्फ अझै प्रभावकारी बनाउन जरूरी छ ।

**उपभोक्ता हित सम्बन्धमा सर्वोच्च अदालतले प्रतिपादन गरेका अवधारणा**

वित्तीय उपभोक्ताको हित संरक्षणका सम्बन्धमा बनेका व्यवस्थाहरूको कार्यान्वय र ती व्यवस्थाहरूले समेटन नसकेका कतिपय उपभोक्ताका सरोकारका विषय समावेश भएका मुद्दाहरूमा सर्वोच्च अदालतबाट समेत उपभोक्ताको पक्षमा फैसला हुने गरेको प्रत्यक्ष उदाहरण पाइन्छ । अदालतका सेवाग्राहीहरूका लागि कोभिड १९ ले सृजना गरेको लकडाउन लगायतका अवस्थाले सृजना गरेको अवस्थाका सम्बन्धमा २०७७ जेठ १५ मा भएको वृहत् पूर्ण इजलासको फैसला होस् वा उपभोक्ताको सरोकारका सम्बन्धमा व्याख्या गरिएका देहाय बमोजिमका फैसलाहरूले समेत नेपालमा उपभोक्ताको हित प्रवर्धनका लागि सहयोग गरी रहेको पाइन्छ ।

उपभोक्ता हित संरक्षण मञ्च वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय[८] रहेको मुद्दामा कालो बजार तथा केही अन्य सामाजिक अपराध नियन्त्रण ऐन, २०३२ र उपभोक्ता संरक्षण ऐन २०५४ का व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने संयन्त्रको निर्माण गरी उपभोक्ताको हित कायम गर्ने व्यवस्था गरिपाउँ भन्ने निवेदन रहेकोमा

८ नेकाप, २०६८ असार नि.नं. ८५८५ सर्वोच्च अदालत, काठमाडौं

अदालतले "जनताको स्वास्थ्य, सुविधा र हितसँग सम्बन्धित विषयमा बजारबाट हुन सक्ने दूषित कार्यहरू रोकी समाजलाई सुरक्षित राख्न अग्रसर रहनुपर्ने सरकारको कर्तव्य एवं दायित्व हुनेमा सरकारी संयन्त्र त्यस्तो दायित्वबाट पन्छिन पाउने होइन । यस्तो सरकारी संयन्त्र निष्क्रिय वा उदासीन रहेको अवस्था र जनता स्वयं न्यायिक निकायमा शरण लिन आएको अवस्थामा सरकारको मात्र कार्य हो भन्ने नाममा राज्यको एक अंग न्यायिक निकाय समेतले मुकदर्शक मात्र हुन नहुने ।" भन्दै नेपाल सरकारलाई उक्त ऐनका व्यवस्थाहरूको कार्यान्वयनका लागि आवश्यक संयन्त्र निर्माण गर्न आदेश दिएको छ ।

डा. बुलन्द थापा वि. सुष्मा थापा[९] रहेको मुद्दामा चिकित्सकले गलत सेवा प्रबाह गरेको वा लापरवाहीपूर्ण कार्य गरेको कारणबाट उपभोक्तालाई असर वा हानी नोक्सानी पुग्न गएको अवस्थामा क्षेतिपूर्ति पाउने विषयलाई पीडित उपभोक्ताको कानुनी अधिकारको रूपमा व्याख्या गरिएको पाइन्छ ।

अधिवक्ता तुलसी सिंखडा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं समेत[१०] भएको मु'द्दामा सर्वोच्च अदालतले सर्वसाधारण उपभोक्ताको स्वास्थ्यमा असर गर्ने प्रकारका विषादीको अत्यधिक प्रयोगले मानव स्वास्थ्य र वातावरणमा प्रत्यक्ष असर गरी मानव स्वास्थ्य प्रतिकूल हुन गई वातावरणीय विनास भइरहेको देखिन्छ । यस्तो अवस्थामा नेपाल सरकारले विषादीको खरिद बिक्री, ओसार पसार गर्ने कार्यको पञ्जीकरण (दर्ता) गर्ने निकाय अबिलम्ब गठन गर्नुपर्ने गरी निवेदकको माग बमोजिम आदेश समेत जारी गरेको छ ।

यति एयरलाइन्स प्रा. लि. वि उपभोक्ता हित संरक्षण मञ्च[११] भएको मुद्दामा सर्वोच्च अदालतले हवाई सेवा प्रदान गर्ने प्रकृतिको संस्थाले आफ्नो प्राविधिक कठिनाइ उल्लेख गरी काबुबाहिरको परिस्थिति पर्न गई भएका ढिलाई सम्बन्धमा उपभोक्तालाई यथासक्य चाँडो सूचना गरेको अवस्थामा त्यस्तो परिस्थितिलाई अन्यथा भन्न सकिने हुँदैन । तर सेवा प्रदायक संस्थाले लापरवाहीपूर्वक उडान तालिका परिवर्तन गरी उडानको निर्धारित तालिका विपरीत उडान गर्दा त्यसको परिणाम उपभोक्तालाई क्षति पुग्न गएको अवस्थामा पनि टिकटको सर्त देखाई आफ्नो कुनै पनि दायित्व नै नभएको भनी पन्छिन नमिल्ने भनी व्याख्या गर्दै सेवा प्रदायकलाई पनि उपभोक्ता हित प्रति सचेत गराएको पाइन्छ ।

निर्मल कुमार श्रेष्ठ वि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं समेत[१२] भएको मुद्दामा सर्वोच्च अदालतले सिन्डिकेट प्रथाले स्वच्छ र प्रतिस्पर्धात्मक खुला अर्थ व्यवस्थालाई निषेधित गर्दछ । विश्व भूमण्डलीकरण (Globalization) को युगमा नेपालले समेत आर्थिक उदारीकरणको अर्थतन्त्र अङ्गीकार गरेको सन्दर्भमा उपभोक्तालाई बजार छनौटको अधिकार रहेको हुन्छ । जसअन्तर्गत स्वच्छ, गुणस्तरीय र प्रतिस्पर्धात्मक सेवा छनौटको अधिकार उपभोक्तालाई रहन्छ । यातायात सेवाअन्तर्गत पनि नयाँ, भरपर्दो, विश्वसनीय तथा गुणस्तरीय यातायातमा सवारी गर्न पाउनु वा पुरानो, जीर्णरूपमा रहेका र वातावरणमा नै असर पुऱ्याउने खालका सवारी साधन त्याग गरी नयाँ सवारी साधनमा यात्रा गर्ने पाउनु नागरिकको आफ्नो अधिकारको नै विषय रहेको हुन्छ । त्यसलाई पुराना, जीर्ण अवस्थामा रहेका गाडीहरू मात्र सञ्चालन गर्ने गरी सिन्डिकेट कार्टेलिङ्ग गर्ने अधिकार कसैलाई पनि नरहने भनी व्याख्या गर्दै यातायात सेवा प्रदायकलाई पनि उपभोक्ता हितप्रति सचेत गराएको पाइन्छ ।

उपरोक्त बमोजिमका मुद्दाहरूको अध्ययनबाट उपभोक्ताको हितसँग सम्बन्धित रहेका विषय र त्यसको संरक्षणका लागि सर्वोच्च अदालत सकारात्मक रहेको प्रष्ट हुन्छ । यस बाहेक प्रत्यक्ष रूपमा उपभोक्ता हितको कुरा नउठेका तर अप्रत्यक्ष रूपमा वित्तीय उपभोक्ताको सरोकार रहेका मुद्दाहरूमा समेत सर्वोच्च अदालतले उपभोक्ताकै पक्षमा निर्णय गरेको पाइन्छ । जस्तो किः

सकुन्तला होमागाई वि. राष्ट्रिय वाणिज्य बैंक[१३] भएको मुद्दामा सर्वोच्च अदालतले बैंक र जमानीकर्ताबीच हुने जमानीको सम्झौताले पूरा गर्नुपर्ने शर्तहरू भन्दै विभिन्न छ वटा बुँदाहरू उल्लेख गर्दै जमानीकर्ताको हितको संरक्षणले बैंकले ख्याल गर्नुपर्ने पक्षमा फैसला गरेको छ ।

---

९ नेकाप, २०७४ भदौ नि.नं. ९८१४ सर्वोच्च अदालत, काठमाडौं

१० नेकाप, २०७६ असार नि.नं. १०२३० सर्वोच्च अदालत, काठमाडौं

११ नेकाप, २०७५ साउन नि.नं. ९९८९सर्वोच्च अदालत, काठमाडौं

१२ नेकाप, २०७५ वैशाख नि.नं. ९९२६ सर्वोच्च अदालत, काठमाडौं

१३ नेकाप, २०६५ माघ, निर्णय नं ८०२५, सर्वोच्च अदालत, काठमाडौं ।

लुम्बिनी बैंक वि. संगीता त्रिपाठीको[१४] मुद्दामा जमानी दिने व्यक्तिको पक्षमा फैसला गर्दै सर्वोच्च अदालतले जमानीको दायित्वको र यस क्रममा बैंकहरूले पूरा गर्नुपर्ने प्रक्रियाका बारेमा बुँदागत रूपमा सम्पूर्ण बैंकहरूलाई निर्देशन दिएको थियो । उक्त निर्देशन कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकलाई समेत परमादेश दिएकाले सो फैसलामा निर्देश भएका विभिन्न १४ बुँदाहरूलाई नेपाल राष्ट्र बैंकले एकीकृत निर्देशनको विविध शीर्षकमा २०७३ सालदेखि समावेश गरिएको छ ।

त्यसैगरी अमर आदर्श माध्यमिक विद्यालय प्रा.लि. को अधिकार प्राप्त ऐ. को संस्थापक प्रधानाध्यापक बसन्त बहादुर श्रेष्ठ वि मालपोत कार्यालय, काठमाडौं समेत[१५] भएको मुद्दामा वित्तीय उपभोक्ताको रूपमा रहेको ऋणीको पक्षमा फैसला गर्दै सर्वोच्च अदालतले,

- निवेदक र विपक्षी फाइनान्स कम्पनीबीच ऋण प्रवाहको विषयमा भएको सम्झौता मूलरूपमा करार हो र साँवा ब्याज तिर्नुपर्ने दायित्व सम्झौतामा उल्लेख भएबमोजिम नै हुने हो भन्ने देखिन्छ । तर यो सम्झौता र ऋण प्रवाहको विषयमा करार ऐन मात्र आकर्षित हुने भन्ने चाहीँ होइन । विपक्षी फाइनान्स कम्पनी तत्कालमा वित्त कम्पनी ऐन, २०४२ र हालमा बैंक तथा वित्तीय संस्था ऐन, २०६३ अन्तर्गत कार्य सञ्चालन गर्ने संस्था हो । त्यस्तैगरी ऋण प्रवाह र असुलउपर गर्ने कार्य पनि करार ऐनअन्तर्गत मात्र गरिएको वा उपचार खोज्ने पक्षले करार ऐनअन्तर्गत मात्र उपचार खोजिएको अवस्था पनि होइन । यहाँ ऋण असुल उपरको प्रक्रिया वित्त कम्पनी ऐन, २०४२ अन्तर्गत सुरू भएको छ । तसर्थ करार ऐन मात्र आकर्षित हुने जस्तो गरी यो करारीय सम्बन्धको विषय हो भन्दा विषयवस्तुलाई समग्रमा सम्बोधन नगरिएको हुन जाने ।

- बजार मूल्यमा जग्गा सकार गरिएको वा प्रवाह गरेको ऋणको साँवा ब्याजले खाम्नेसम्म जग्गा सकार गरिएको अवस्था हुन्थ्यो भने प्रक्रियागत स्वच्छता अपनाइएको मान्न सकिने स्थिति रहन्थ्यो । तर आफूले ऋण प्रवाह गर्दा एक किसिमको मूल्यांकनलाई आधार मानी ऋण प्रवाह गर्ने, त्यसको चार वर्षपछि आफैँले प्राविधिक खटाई मूल्यांकन गर्दा पनि साबिककै हाराहारीमा मूल्यांकन गर्ने, तर आफूले सकार गर्दा चाहीँ आधाभन्दा कम मूल्यमा गर्ने कार्य कुनै रूपमा पनि उचित, विवेकसम्मत र न्यायपूर्ण मान्न सकिँदैन । यस्तो अवस्थामा सकार गर्ने कार्य लिलामको निरन्तरता हो र सकार गर्दा ऋणीलाई सूचना दिनु पर्दैन भन्दा ऋणीको सम्पत्तिसम्बन्धी हकमा अनुचित हस्तक्षेप गरेको हुन जाने ।

- ऋणी र साहु समान आर्थिक हैसियतमा रहेका हुँदैनन् । ऋण तिर्न नसक्नु ऋणीको इच्छित अवस्था होइन । धितो अवमूल्यांकन गर्ने पक्षले ऋणीलाई एकपटक आफ्नो कुरा भन्ने अवसर प्रदान गर्नुपर्छ । ऋणीको असमर्थताको फाइदा उठाई घटिमा सकार गरिन्छ र सो पूर्व ऋणीलाई आफ्नो कुरा भन्ने अवसर दिइँदैन भने अन्यायपूर्ण परिस्थितिको सृजना हुन जान्छ । तसर्थ धितो सकार गर्नुपूर्व ऋणीलाई सूचना नदिइनुलाई प्राकृतिक न्यायको सिद्धान्तको बर्खिलाप कार्य गरेको भन्नु पर्ने देखिन आउने-

भन्दै वित्तीय उपभोक्ताको हितमा नै फैसला गरेको पाइन्छ । यसरी सरकारका सम्बद्ध निकाय, नियमनकारी निकाय, सर्वोच्च अदालत लगायतका विभिन्न प्रयासका बावजुद पनि नेपालमा उपभोक्ताहरूको हित संरक्षणको अवस्था अझै पनि कमजोर रहेको अनुमान गर्न सकिन्छ ।

नेपालमा उपभोक्ता हित संरक्षणको अवस्था विशेष गरी वित्तीय उपभोक्ताको हित संरक्षणका सम्बन्धमा कुनै विशेष अध्ययन भएको पाईदैन । भएको भए पनि आफूले त्यस प्रकारको जानकारी पाउन नसकेको सविनय अनुरोध गर्दछु । उपभोक्ताको हित संरक्षणको कहाली लाग्दो अवस्था झल्काउने समाचारहरू समय समयमा मिडियामा आइनै रहेका हुन्छन् । त्यसैगरी विभिन्न बैंक, बिमा कम्पनी, सहकारी लगायतका संस्थाहरूले अपारदर्शी काम कारवाही गरी रहेका कारण उपभोक्ताको उठीवास भएको खबर पनि समय समयमा आई नै रहेको हुन्छ । कतिपय वित्तीय सेवा प्रदायकले भित्री कारोवार गर्नुका साथै कानुन विपरीतका काम कारवाही गरी रहेको खबर पनि दैनिक जसो पत्रपत्रिकामा हेर्न पाइन्छ । सोबाहेक कतिपय सहकारीका त कार्यालय नै बन्द गरेर सञ्चालक र व्यवस्थापकहरू फरार भएको भन्ने खबर पनि नियमित रूपमा आइरहेकै हुन्छन् । त्यसैले वित्तीय क्षेत्रलाई सक्षम, सबल आर्थिक विकासमा प्रभावकारी योगदान गर्ने क्षेत्रको रूपमा स्थापित गर्न यस प्रकारका गतिविधिको नियन्त्रण गर्न आवश्यक छ । त्यसका लागि सम्बन्धित नियमनकारी

---

१४ नेकाप, २०७३ मंसिर, निर्णय नं ९६४६, सर्वोच्च अदालत, काठमाडौं ।
१५ नेकाप, २०७४ असोज, निर्णय नं ९८२२, सर्वोच्च अदालत, काठमाडौं ।

निकायको क्षमता अभिवृद्धि गर्नुका साथै वित्तीय क्षेत्रका उपभोक्ताको हित संरक्षण सम्बन्धी कानुनको आवश्यकता समेत खट्किएको छ ।

**अन्तमा**

स्वच्छ बजार सुरक्षित उपभोक्ताको अवधारणालाई मूर्तरूप दिनका लागि वस्तु तथा सेवाका अन्य क्षेत्र जस्तै वित्तीय उपभोक्ताहरूको हित संरक्षण उत्तिकै महत्वपूर्ण रहेको हुन्छ । आम उपभोक्ताहरूको हित संरक्षणका सन्दर्भमा हेर्दा कानुनी व्यवस्थाको कमी नभए पनि कार्यान्वयनको अवस्थालाई अझै सुधार गर्नुपर्ने देखिन्छ । नीति निर्माणको सन्दर्भमा हेर्दा पछिल्लो समय प्रदेश सरकारले समेत यस सम्बन्धी कानुन बनाई लागू गर्न थालेको पाइन्छ । तर कार्यान्वयनको अवस्था भने अझै कमजोर नै देखिन्छ ।

वित्तीय उपभोक्ताको हकमा हेर्दा उनीहरूको हित संरक्षणका लागि आवश्यक कानुनी व्यवस्था र कार्यान्वयनको प्रभावकारी संरचना भने अझै पनि निकै कमजोर अवस्थामा रहेको पाइन्छ । यस सम्बन्धमा राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरूले केही प्रयासहरूको थालनी गरेको भए तापनि ती प्रयासहरू समेत पर्याप्त र प्रभावकारी हुन सकिरहेका छैनन् । त्यसैले वित्तीय उपभोक्ताको हित संरक्षणका सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा भइरहेका प्रयासहरू र समय समयमा सर्वोच्च अदालतबाट फैसलामार्फत जारी भएका निर्देशन समेतका आधारमा हालसम्म उपेक्षित अवस्थामा रहेको वित्तीय उपभोक्ताको हित संरक्षणका लागि छुट्टै वित्तीय उपभोक्ताको हित संरक्षण सम्बन्धी कानुनको निर्माण गरी लागू गर्न ढिला भई सकेको छ ।

यस प्रकारको कानुनले वित्तीय उपभोक्ताको हक हितको त संरक्षण गर्छ नै । सगँसँगै सर्वसाधारण जनताको वित्तीय सेवा प्रदायक र उनीहरूको सेवामा विश्वास अभिवृद्धि गराउन समेत मद्दत पुग्ने देखिन्छ । यसबाट समग्र वित्तीय क्षेत्रमा स्थायीत्व कायम गर्ने उद्देश्यले स्थापना भएका नेपाल राष्ट्र बैंक, धितोपत्र वोर्ड, बिमा समिति लगायतका संस्थाहरूको स्थापनाको उद्देश्य प्राप्तिमा समेत सहयोग पुग्न जाने तथा मुलुकको आर्थिक विकासमा समेत सहयोग पुग्न जाने देखिन्छ । ■

*लेखक अधिवक्ता हुनुहुन्छ ।*

# जहाँ पनि, पहिले पनि, अहिले पनि
# देश विदेशमा सेवा दिन्छ ADBL ले जहिले पनि

सुरक्षित | भरपर्दो | सहज

**INDO NEPAL REMIT**

भारतबाट नेपालभरी जुनसुकै ठाउँमा पैसा पठाउन र पाउन भरपर्दो माध्यम




## कृषि विकास बैंक लि. र एक्सिस बैंकको सहकार्य

| पैसा पठाउन (एक्सिस बैंक) | पैसा पाउन (कृषि विकास बैंक लि.) |
| --- | --- |
| नजीकको एक्सिस बैंकमा जाने<br>आफ्नो परिचय र बसोबास खुल्ने कागजात लिएर जाने<br>पैसा पठाउने फर्म भर्ने<br>न्यूनतम चार्ज तिर्ने | आफूलाई पायक पर्ने बैंकको शाखामा जाने<br>खाता भए खातामा जम्मा हुने<br>तुरुन्त प्राप्त गर्न सकिने |

अब घर आउदा लुटिने ठगिने दिन गए
आफूले कमाएको पैसा सजिलै पठाउन भारतमा एक्सिस बैंकमा जाऔं, नेपालमा कृषि विकास बैंक लि. बाट पाऔं

न कुनै झन्झट, न कुनै डर,
भारतमा काम गर्ने नेपालीलाई छ सुनौलो अवसर,
भारतमा कमाएको पैसा अब पुग्छ तपाँईको घर घर

### विशेषताहरु

- प्रति महिना रु. ५००००/- सम्म पठाउन सकिने
- १ वर्षमा १२ पटकसम्म मात्र पठाउन मिल्ने
- न्यूनतम शुल्क
- सरल, सहज र सुरक्षित
- खातामा जम्मा हुने

**विस्तृत जानकारीको लागि:**
नेपालमा कृषि विकास बैंक लि. को शाखाहरु तथा भारतमा एक्सिस बैंकका शाखाहरुमा सम्पर्क गर्नुहोस् ।

Agricultural Development Bank Ltd.
**कृषि विकास बैंक लि.**
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

www.adbl.gov.np | सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घरआँगनको बैंक | SWIFT: ADBLNPKA


समृद्धिसँग जोडौं नाता, सबै नेपालीको बैंक खाता
ADBL
सबै नेपालीको बचत खाता
के गाउँ के शहर, सबैलाई छ
कृषि विकास बैंक लि. को भर
ADBL सबैं नेपालीको बचत खाता
विशेषताहरु :
• शुन्य मौज्दातमा खाता खोल्न सकिने ।
• बैंकको तर्फबाट खातामा रु. १००/- नगद जम्मा गरी दिने ।
• वार्षिक व्याजदर ६% ।
• भिसा कार्ड, इन्टरनेट बैंकिङ्ग, मोबाईल बैंकिङ्ग, डिम्याट, सि-आस्वा लगायतका सम्पूर्ण सेवा नि:शुल्क उपलब्ध हुने ।
• त्रैमासिक व्याज भुक्तानी ।
• कुनै पनि परिचयपत्रको आधारमा खाता खोल्न सकिने ।
* शर्तहरु लागु हुनेछ ।
"खोलौं बैंक खाता अभियान २०७६"
थप जानकारीका लागि नजिकैको शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

# ADBL's Current Nexus Building Efforts with Governmental and Non-governmental Organizations for Agriculture and MSME Credit Lending



**Babu Kaji Thapa**

1.0 **ADBL Background:**

Agricultural Development Bank Limited (ADBL) is one of among the largest commercial banks in the country in terms of capital base, balance-sheet size, number of branches, ATM networks, agricultural lending customer base etc.

Nepal has predominantly an agriculture based economy-almost 28% of its GDP comes from agriculture and nearly two-thirds of people draw their livelihoods from agriculture and allied activities. Although agriculture has contributed more than one third of the total GDP but import of agricultural commodities are increasing day by day. Commercialization in agriculture sector is crucial for import substitution, export promotion, increasing employment opportunities, attracting youths in agriculture, industrialization, mechanization and discouraging subsistence nature of farming as well. Also, demand of loan in agriculture sector is increasing every year but agricultural credit is not increased as expected. Utilization of available high technology and extension of agriculture with increasing loan in agriculture sector could bring commercialization in agriculture.

Considering these facts, Nepal government has given top most priority to the development of agricultural sector. Accordingly, Nepal Rastra Bank (NRB) has directed commercial banks to increase their exposure in agricultural sector from 10% to 15% in next three years i.e. by Ashad end 2080. Out of the total target of 15% for agricultural sector, banks outstanding exposure should reach 11% of its total credit portfolio by Ashad end 2078. Similarly, through monetary policy of NRB and budget speech of FY 2077/78, government of Nepal has planned Agricultural Development Bank Limited to make a lead bank in terms of lending in agricultural sector. In line with the government declaration, ADBL has been issuing Kisan Credit Card to its clients who are enjoying agricultural credits and issuing Agriculture Bond to the commercial banks as well-probably the first time in the history of banking industry in Nepal.

Looking at all these things in account, ADBL has been making Memorandum of Understanding and/or extending its nexus with some Governmental bodies and I/NGOs for the promotion of agricultural credit, MSMEs and subsidized loan. This article intends to highlights the MoU made by ADBL with these organizations and importance of making MoU as well.

2.0 **MoU Made with Govt./Non-govt. Organizations and Progress Achieved**

2.1 **Centre for Rural Technology, Lalitpur, Nepal (CRT/N)**

CRT/N is a national NGO established in August 1989 as private entity and focuses on developing, demonstrating and disseminating appropriate technologies for rural and marginalized population in Nepal.

- Districts to Cover: Chitwan, Dhading, Lalitpur, Kavre, Sindhupalchowk, Dolakha, Ramechhap and Sindhuli

**Major Areas of Work:**

- Providing subsidized loan to customers organized under Electricity Users Committee (EUCs) upon fulfilling bank's required documents.
- Organizing interaction/training of crop and livestock insurance to agro enterprise based Women Entrepreneurs (WEs).
- Assisting ADBL in deposit collection, account opening, issuing of ATM card, mobile banking, internet banking, loan disbursement and the loan monitoring/ supervision and will also help to recover the loans.

**Progress (Mangsir 2077 B.S.)**

- Loan has been disbursed to 33 customers and outstanding amount is NRs. 2,62,50,000 and 64 customers (NRs. 5,57,50,000) are in the final stage of getting loans from different ADBL branches.

2.2 **Centre for Rural Technology, Nepal (CRT/N) and Kathmandu University/KOICA, Nepal Technology Innovation Centre (NTIC)**

NTIC was established within Kathmandu University (KU) as per the KU Executive Council decision of January 18, 2019 A.D. It enables institutions/organizations to exploit new and emerging technologies that bridge gap between research and implementation. It mainly works in three priority areas: agriculture and rural development; alternative and renewable energy; and health related livelihood.

**Major areas of work:**

- CRT/N will establish Technology Innovation Centre at potential villages (Demonstration centers of Eco-Village concept) and in developing an innovative financing mechanism for promotion and diffusion of different RETs.
- ADBL will mobilize seed grant money and other subsidies received from IRDP/NTIC for agriculture and rural development.
- ADBL will provide complete financial solution in value chain financing recommended by IRDP/NTIC and will work as Partner Bank of the project.

**Progress (Mangsir 2077 B.S.)**

- Program is expected to start soon.

2.3 **Heifer International Nepal:**

Heifer Nepal's mission is to work with Nepalese communities to end hunger and poverty and to care for the Earth. Heifer Nepal carries out this mission byproviding livestock and resource placement to families as well as providing technical assistance and capacity building trainings to the farm families. It mainly works towards women's empowerment by organizing them into self-help groups and mobilizing them as a single unit for personal and community development.

- Districts to cover: Dhading, Palpa, Rupandehi, Arghakhanchi, Lamjung, Pyuthan and Nuwakot

**Major areas of work as per MoU:**

- The project aims to extend credit to about 2000 borrowers within three years thereby building a total portfolio of NRs. 1 billion through ADBL upon providing required documents to bank.
- Referring bankable client to the bank, integrating ADBL's digitization scheme to dully registered cooperatives and farmer group.
- Enhancing access to finance for women entrepreneurs and MSMEs engaged in the goat, diary, vegetables and backyard poultry value chains.

**Progress (Mangsir 2077 B.S.)**

- Loan has been disbursed to 268 customers and total approval amount is NRs. 15,06,50,000.00 (total outstanding NRs. 14,24,64,367) from different branches.

2.4 **National Youth Council (Raastriya Yuwa Parishad)**

For the development of Nepalese youth, National Youth Council (RastriyaYuwa Parishad) is self-governed organization and was established under RastriyaYuwa Parishad Act, 2072. The main aim was to implement the program prepared by Nepal government (National Youth Act 2072 and Youth vision 2025 or Ten year strategy Plan).

- Districts to cover: All over Nepal

**Major areas of work:**

- Providing subsidized loan to youth (specially returning migrants) both agriculture and non-agriculture sectors.
- ADBL will conduct financial literacy programs, crop/livestock insurance programs and CSR programs to returnee migrant are family.
- National Youth Council will assist in deposit collection, account opening, issuing of ATM card, and ADBL banking products, loan disbursement and monitoring utilization of loan and its recovery.

3.0 **Home Stay Association Nepal (HOSAN)**

Home stay Association was established in Nepal to increase the quality, integration; development and marketing of home stay established all over the Nepal.

- Districts to cover: All over Nepal

**Major areas of work:**

- Opening bank account of 1000 home stay of country associated with HOSAN.
- Home stay association will assist in deposit collection, account opening, issuing of ATM card, mobile banking, internet banking, loan disbursement in ADBL.
- Providing home stay loan along with subsidy and tourism loan to at least 1000 home stay owners.

**Progress (Mangsir 2077)**

- Loan has been disbursed to 57 homestay customers and the total outstanding amount is NRs. 5,70,00,000.00 more than 100 files are on pipelines for the processing.

3.1 **Rastriya Krishak Samuha Mahasangh Nepal**

With the main aim of integrating marginal farmer groupsin the main streams of agricultural development, Rastriya Krishak Samuha Mahasangh Nepal was established in 2068 B.S. Till date 5165 farmers groups from 57 districts are already associated with this organization.

- Districts to cover: All over Nepal

**Major areas of work:**

- Opening bank account of all members (5165 farmers from 57 districts) associated with Rastriya Krishak Mahasanghin ADBL.
- Providing subsidized loan in agriculture and livestock to members upon request of Mahasangh fulfilling all required documents and policies of the bank.

3.2 **Ministry of Economic Affairs and Planning, Bagmati Province**

- Districts to cover: Bagmati Province

**Major areas of work as per MoU:**

- Bagmati province will provide up to 2 Arab NRs. to ADBL at zero cost every year.
- Amount received from Ministry should provide loan to customer up to NRs. 1 million at 3% interest per annum for 5 years as collateralized term loan upon receiving necessary documents from the customers.
- 50% of the loan should be provided in Agriculture, Livestock and Aquaculture.
- The amount received from Bagmati province has to be returned within 6 years.

- Insurance premium of the loan or the project is covered by the Ministry.

**Progress**

- NRs. 40 crore is received from the ministry as first installment, this amount is distributed to the branches and concerned ADBL staffs are oriented.
- Bank has prepared the product paper and program is going to start soon.

3.3 **Ministry of Land Management, Agriculture and Cooperative, Lumbini Province**

- Districts to cover: Lumbini Province

**Major areas of work**

- Providing subsidized loan up to NRs. 1crore in agriculture sector upon receiving required documents from the customer.
- Ministry will bear interest on loan up to 10% (cent percent of bank loan) depending on loan size.
- Providing ADBL`s modern banking products to customer and staffs of the ministry.

**Progress** so far

- Loan has been disbursed to 5 customers and 10 files are under process at province level.

3.4 **Malarani Rural Municipality, Arghakhanchi**

- Districts to cover: Malarani Rural Municipality

**Major areas of work**

- Providing subsidize loan on agriculture and MSMEs up to NRs.1 Million without collateral upon receiving the written guarantee from Municipality.
- Municipality has already deposited guarantee money in Bank's account to recover in case of default.
- Providing ADBL`s modern banking products to customer and staffs of the Municipality.

Progress so **far**

- Loan has been disbursed to 7 customers and more than 100 files are under processing.

3.5 **Ministry of Land Management, Agriculture and Cooperative, Surkhet**

- Districts to cover: Karnali Province

**Major areas of work**

- Opening bank account in ADBL for parking local and province level agriculture and livestock related budget.
- Receiving the list of commercial farmers from ministry for subsidized collateralized loan.
- Ministry will bear 8% bank interest for customers on agricultural loan up to NRs. 1 crore.

**Progress so far**

- Bank has prepared the product paper and program is going to start soon.

3.6 **Ministry of Land Management, Agriculture and Cooperative, Province 7/Far-western Province**

- Districts to cover: Far-western Province

**Major areas of work as per MoU:**

- Opening bank account for parking local and province level agriculture and livestock related budget and providing 25% interest in prior to be bear by Ministry on behalf of customer on bank loan.
- Receiving the list of commercial farmers from ministry and bank will provide term-loan for 5 years to the customers on agriculture upon fulfilling all documents required to the bank.
- Ministry will bear 8% bank interest for customers on agricultural loan up to NRs. 50 lakh.

**Progress**

- Bank has prepared the product paper and program is going to start soon.

3.7 **Ribdikot Rural Municipality**

- Date of contract: 2077/06/15; Area to cover: Ribdikot Rural Municipality

**Major areas of work:**

- Providing subsidize loan on agriculture and MSMEs up to NRs. 1 Million without collateral upon receiving the written guarantee from Municipality.
- Municipality has already deposited guarantee money in Bank's account to recover in case of default.
- Providing ADBL`s modern banking products to customer and staffs of the Municipality.

**Progress**

- Collecting loan applications.

**2.13 IFAD (International Fund for Agricultural Development):**

**2.13.1 Rural Poor Stimulus Fund (RPSF):** Supporting COVID-19 recovery through accelerated private investment in agriculture.

- Districts/provinces to cover: Province 1, 2, 5 and 6, 12 municipalities; Grant and Loan

**Major areas/scope of work:**

- To initiate basic activities designed for VITA project.
- To develop and successfully pilot & expansion of "Kisan Credit Card/Apps".
- To increase access of agriculture value chain actors to digital financial, extension and marketing service.
- To support in automation of loan processing.

**Progress (Mangsir 2077 B.S.)**

- Negotiation between Government of Nepal and IFAD is completed, signing of financing agreement between Government of Nepal and IFAD is completed. Project account in NRB is opened and will be operated by MoF.
- AWPB (Annual work plan and budget) is finalized.
- PP (Procurement Plan for Goods, Work and consultancy services) is finalized.
- PSC (Project Steering Committee) is formed.

**2.13.2 Value Chains for Inclusive Transformation of Agriculture (VITA)**

- Districts/provinces to cover: Province 1,2,3,5 and 6; all districts of Province 2 & 5, 8 districts of Bagmati province, Karnali province and RERP project in Province 1.

**Major areas/scope of work:**

- Soft loan for 35 years mainly for agriculture commodities and agriculture based industry, traders, processors suppliers, warehouse and exporters.
- Capacity building of agriculture value chain actors like farmers, traders, processors, bankers.
- Support in digitization of ADBL.

**Progress (Mangsir 2077 B.S.)**

- Negotiation between Government of Nepal and IFAD is completed.
- Financing part from IFAD loan is negotiated, implementation of non-funding activities is still in the process of finalization.
- HEIFER-International has committed to support implementation of non-fund activities; technical team and IFAD team have revised project design report (PDR).

**2.14 GiZ (German Development Organization):**

- Date of contract: in progress; Date of Expiry: 3 years from date of signing.
- Districts/provinces to cover: Province 1, 2, 5 and 6.

**Major areas/scope of work:**

- Support for Agriculture and livestock insurance.
- Support in digitization of ADBL: Kisan card/Apps.
- Capacity building of bank staffs and farmers.
- Development of training manuals.
- Strengthening of ADBL Training Centers.

**Progress (Mangsir 2077 B.S.)**

- Proposal is finalized and accepted by German Government Ministry.
- Cost breakdown is finalized from ADBL, GiZ Nepal team and yet to finalized from GiZ Head office.

**2.15 The World Bank:**

- Date of Contract: Negotiation between Government of Nepal and World Bank is completed in July 2020; Date of Expiry: 6 years from date of signing.
- Districts/provinces to cover: Province 2 and 5, 50 municipalities

**Major areas/scope of work:**

- Loan financing to forest based enterprises like nursery establishment of NTFPs and medicinal plants, saw mill, plywood, furniture and forest related other industries/enterprises.
- Capacity building of bank staffs and entrepreneurs.

**Progress (Mangsir 2077 B.S.)**

- Project design and implementation manual report is finalized, negotiation is completed, is in the process of approval from Cabinet of Government of Nepal.

1.16 **ASDP/RERP:**

These two projects Agriculture Sector Development Project **(ASDP)** and Rural Enterprise and Remittances Project (**RERP)** are in operation in province 1, 2 and 6 under technical and financial support of IFAD. ADBL is planning to make an MoU very shortly with both of these projects in lending agriculture and MSME credit under bank's prevailing procedures and guidelines.

1.17 **Balkhu Fruit and Vegetable Market Management Committee (BFVMMC)**

The bank intends to sign an MoU with BFVMMC very shortly for providing collateral and non-collateral based credit lending to its members on both sectors-agriculture and non-agriculture. In addition to this, BFVMMC will open bank account with ADBL and bank will provide all the ADBL products to its members at subsidized rates. If any loans extended to the members on non-collateralized basis are defaulted, responsibility to recover such loans will be of BFVMMC.

**3.0 Why was the MoU/Nexus Built-up?:**

An Memorandum of Understanding (MoU) is a formal written document done by specifying the mutually agreed terms and conditions between two or more than two individuals or organizations (in our case:Organizations) seeking to achieve a common objective. As far as the purpose of MoU made by ADBL with organizations stated above is concerned, it can be explained as below…

1. Government of Nepal has considered ADBL as a lead bank in agriculture

sector lending. In this case, ADBL has to broaden and/or explore the scope and horizon of the working area, MoU was therefore made majorly to fulfill this primary purpose.

2. To establish a common intention, goal and achievement for agricultural and MSME lending among likeminded institutions.

3. Nepal Rastra Bank has clearly given the certain target/quota for BFIs for non-collateralized subsidy loan lending. In such case, making MoU with different organizations will help achieve in getting bankable customers from them in one hand and will help for loan recovery in other if defaulted.

4. The number of bank accounts is expected to increase as MoU have clearly stated to open bank account of institutions with whom the bank has made MoU from their central level units to a field level offices and staffs.

5. Branch managers would have no worries in getting bankable customer as the institutions with which the bank has made MoU will refer the good and bankable clients to ADBL that ultimately saves staff's time, cost and effort.

6. In some cases, bank receives technical, financial and logistic supports from the institutions we made MoU.

7. Mutual cooperation and coordination with those institutions may help develop and strengthen the human resource development of the bank through training, workshops and exposure visits.

8. In some cases, bank's physical infrastructure development is likely to establish and strengthen through the financial support of organizations like GiZ, IFAD.

9. Resource base of the bank will be strong. For an example, ADBL gets NPR 2 billion every year at zero interest from Bagmati province to lend at 3% interest in agriculture and MSMEs as term-loan for 5 years that ultimately helps manage the flow of fund.

10. Loan recovery will be easier. For an instance, MoU made recently with Province 7 states that 8% of interest on agriculture loan of the customers will bear by province. Province will deposit such interest in prior in ADBL account; that means our 89 % interest is already collected.

11. MoU is done to reduce the risk of uncertainty in expectations and objectives.

12. MoU is made to provide a framework for future dealings and engagements which helps increase working outreach, scope and low cost deposit of the bank.

13. It makes a platform for marketing of digital products of the bank.

14. Working relations through MoU would help maintain bank's goodwill not at domesticlevel but also at international arena as well.

*Head of Department*
*Agriculture Credit and MSME*

# Introduction of Internal audit and its general practice in Agricultural Development Bank



Sushil humagai

Internal audit is an integral component of an organization and even more in regulated industries like Banking and Financial institution. The Institute of Internal Auditors (IIA) defines internal audit as an independent, objective assurance and consulting activity designed to add value and improve an organization's operations and also helps an organization accomplish its objectives by bringing a systematic, disciplined approach to evaluate and improve the effectiveness of risk management, control, and governance processes.

The core concept of internal audit is to provide independent and objective opinion regarding control systems of an organization and performance by the management and to add value to the organization by timely correction and improvement in internal control system which may adversely impact the organization if such lapses on internal control system are not corrected on time. Thus, independence and objectivity are the major pillars of internal audit. An organization intends to achieve independence of internal auditors by way of arranging reporting relationship or not involving internal auditors in operational responsibility. Internal audit division generally functions under Audit Committee of an organization so as to assure independence in terms of reporting and performance from the management. The management structure of an organization and legislative condition also impacts the structure and position of internal audit in an organization. Corporate governance and Organizational Culture also impact the quality of internal audit. Likewise, internal auditors should have an impartial and unbiased attitude while performing audit engagements. Internal auditors should avoid any situations indicating a possible conflict of interest. Internal auditors should not accept any gifts or hospitality which might impair or seem to impair their objectivity. Internal auditors should adhere to Code of Ethics comprising mainly of Integrity, Objectivity, Professional Competence and Due Care and Confidentiality. Hence, both an Organization and Internal auditors should work together to achieve the objectives and effectiveness of internal audit which ultimately benefits and adds value to the organization by providing objective assurance and contributing towards effectiveness and efficiency of governance, risk management and control processes.

Internal audit acts as a third line of defense and plays an integral role in evaluating internal control and effective risk management system of an organization. The primary responsibility of designing and maintaining effective internal control system lies in the management. The Committee of Sponsoring Organizations of the Treadway Commission (COSO) Framework provides guidance on enterprise risk management and internal control system of an organization. Control environment, Risk assessment, Control activities, Information and communication, and Monitoring are the five components of Internal Control as per the COSO Framework. Internal Controls can be in the form of detective, preventive, and corrective in nature. Internal auditors test and evaluate the efficacy of internal control system and identify any loopholes in the

system as well as provide corrective measures to improve the system. The main role of internal audit in effective risk management is to provide assurance to the management and the board of an organization on the effectiveness of risk management. Internal audit also identifies, prioritizes and monitors risks for effective risk management. Internal audit identifies any gaps in the risk environment and provides remedial measures. Internal audit is the backbone of good corporate governance in an organization. Compliance level of an organization is also enhanced by an effective internal audit as audit checks compliance status of the organization with relevant laws, rules, regulations and guidelines. Hence, internal audit is an important aspect of an organization.

Internal audit can be of different types based on the area it primarily focuses. Some of the popular types of internal audit that are commonly used in banking and financial sectors are:

1. **Financial Audit:** It focuses on the efficacy and reliability of the book keeping system and generated data and information along with the resulting financial reports. The main objective is to give assurance on the reliability, accuracy and fairness of financial statements.

2. **Information System Audit:** Information system has been an integral part of various types of business processes including banking. Information system audit involves assessment of management controls within an Information Technology Infrastructure and suggest measures to improve the system.

3. **Compliance Audit:** Compliance audit is an independent evaluation and review of organization system to assure that the organization is adhering to the applicable laws, bylaws, rules, regulations, guidelines, policies and procedures.

4. **Management Audit:** Management audit can be defined as an independent and objective appraisal of overall management system of an organization in terms of methods, policies, strategies, use of resources and actions of management. It evaluates the efficiency of the management and also identifies if there is also an opportunity to increase the efficiency. It is also known as performance audit.

Internal audit is a continuous process in an organization unlike external audit or regulatory supervision which are conducted only for certain period of time. Like external audit, internal audit is also constrained by time, manpower and other resources and internal audit should prioritize the areas that need to be audited. So, the concept of risk-based audit is being used around the world where the areas to be audited are prioritized based on risk analysis. Risk based Internal Audit (RBIA) has been a popular term in recent times which denotes the audit methodology that links an organization's overall risk management framework of an organization and provides assurance to the top management regarding the efficacy of risk management processes. Risk based internal audit provides assurance to the Board of an organization that the organization's risk management processes are managing risks effectively in relation to its risk appetite. Probability and impact of risk event is considered while conducting RBIA. If an organization doesn't have risk management framework, then internal audit division alone can't perform Risk based internal audit. Risk based internal audit identifies risks and allows management to place effective internal controls for better risk management of an organization.

In case of Agricultural Development bank, internal audit function is carried out by a separate division called "Internal Audit Division" and is under Audit Committee of the Bank so as to assure independence and objectivity of the internal audit functions. Employees under Internal audit division adhere to high standards of behavior and fundamental code of ethics such as integrity, objectivity, confidentiality and professional competence. Internal audit functions are also governed by the Bank's relevant policies and guidelines such as Internal Audit Policy 2073, Internal Audit Manual 2064 etc. International Standards for the Professional Practice of Internal Auditing (Standards) issued by Institute of Internal

Auditors (IIA) are also referred as and when required. Internal auditing of some branches of the Bank has been done by way of Outsourcing in recent years.

अहिलेको मौद्रिक नीतिमा कृषि विकास बैंकको तालिम केन्द्रमार्फत कृषि कर्जा तालिम विस्तार गर्न आवश्यक संस्थागत एवं संरचनागत व्यवस्था गरिने उल्लेख हुनुलाई कृषि वित्त क्षेत्रमा निकै नै दूरगामी निर्णय भएको छ । विगतमा बैंक तथा वित्तीय संस्थाहरूलाई कृषि कर्जा प्रवाह गर्नुपर्ने बाध्यात्मककारी निर्देशन गरिरहँदा तत्कालीन अवस्थामा बैंकको कृषि कर्जा क्षेत्रमा आवश्यक जनशक्ति र संयन्त्रलाई नजरअन्दाज गरिएकै हो । छोटो अवधिमा तोकिएको क्षेत्रमा कर्जा प्रवाह गर्नु निकै नै चुनौतीपूर्ण कार्य थियो । प्रभावकारी र गुणस्तरीय कृषि कर्जा प्रवाहका लागि कर्मचारीहरूलाई कृषि कर्जा विश्लेषणमा पनि विशेष दक्षता आवश्यक पर्ने हुन्छ । यस ब्यवस्थाले कृषि वित्त

क्षेत्रमा अनुभव आदानप्रदान गर्नका लागि सबै बैंक तथा वित्तीय संस्थाहरूलाई साझा थलो उपलब्ध हुने देखिएको छ । विगतमा कृषि विकास बैंकले कृषि तथा ग्रमीण कर्जालाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्दा आफ्ना कर्मचारीलाई कृषि वित्त क्षेत्रमा दक्षता अभिवृद्धि साथै कृषक तथा ग्राहकहरूलाई विभिन्न प्रकारका उद्यमशीलता विकास तथा सीपमूलक तालिम प्रदान गर्न राजधानी लगायत सबै विकास क्षेत्रहरूमा अत्याधुनिक तालिम केन्द्रहरूको व्यवस्था गरिएको थियो ।

**र अन्त्यमा,**

पछिल्ला वर्षहरूमा कृषि कर्जाको पहुँच विस्तार गर्न विभिन्न ब्यवस्थाहरू गरिएता पनि कृषकहरूले सहज रूपमा नपाएको र कृषि कर्जाको प्रक्रियामा अप्ठ्याराहरू भोग्नु परेको गुनासो आइरहेको पाइन्छ । नेपालको कृषि क्षेत्रमा साना किसानहरूकै बाहुल्यता रहेको छ । यस सन्दर्भमा कृषि कर्जालाई साना किसान मैत्री बनाउन थप नीतिगत परिमार्जनको आवश्यकता देखिन्छ । कृषि कर्जा कृषि विकासको एउटा पाटो मात्र हो । कृषि कर्म गर्दा कृषकले उत्पादनदेखि बजारीकरणसम्म विभिन्न समस्याहरू झेल्नु परिरहेको अवस्था विद्यमान छ । बीउविजन, मलखाद, कृषि सामग्री, सींचाई, प्राविधिक सेवा, बिमा आदिको सहज उपलब्धता र कृषि उपजमा मुनाफाको सुनिश्चिता हुन जरूरी छ । हाम्रो विद्यमान कृषि प्रणालीलाई दृष्टिगत गर्दा कृषि पेशालाई भरपर्दो बनाउन कृषि सम्बद्ध सबै निकायहरूबाट एकीकृत प्रयास हुन आवश्यक छ । अन्यथा कृषि कर्जा विस्तारलाई मात्र जोड दिइँदा कृषकहरू झन् गरिबीतर्फ धकेलिन सक्ने पक्षलाई पनि विचार गरिनु पर्दछ । ■

*लेखक डेभलपमेन्ट एलाएन्स नेपालका कृषि वित्त विज्ञ एवं कृषि विकास बैंकका पूर्व विभागीय प्रमुख हुनुहुन्छ ।*

**सन्दर्भ सामग्री**

१. आ.व. २०७७/७८ को बजेट बक्तब्य, नेपाल सरकार, अर्थमन्त्रालय
२. आ.व. २०७७/७८को मौद्रिक नीति, नेपाल राष्ट्र बैंक
३. नेपालमा कृषि क्षेत्रको विकासमा वित्तीय सेवाको अवस्था, सम्भावना र चुनौती (२०६८), नेपाल राष्ट्र बैंक
४. नेपाल राष्ट्र बैंकबाट जारी गएिका एकीकृत निर्देशन एवं परिपत्रहरू
५. बैंक समाचार (कृषि विकास बैंकको प्रकाशन)का विभिन्न अंकहरू
६. वार्षिक प्रतिवेदन २०७५/७६, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

# विश्वव्यापीकरणको महत्त्व र यसको प्रभाव



गम्भीरबहादुर हाडा

विश्वव्यापीकरण विशेषगरी सन् १९८० को दशकदेखि बढी चर्चा र छलफलमा आएको हो । सँगसँगै विश्वभरि यसका सम्बन्धमा मानिसहरूको दृष्टिकोण विभाजित भएको छ । एकथरीले विश्वव्यापीकरण सकारात्मक कुरा हो, त्यसैले यसमा सहभागी हुनुपर्दछ भनेर यसको अन्धाधुन्ध समर्थन गरिरहेका छन् भने अर्काथरीले यसप्रति अत्यन्त नकारात्मक दृष्टिकोण राखी धुवाँधार विरोध गरिरहेका छन् । एकथरीले विश्वव्यापीकरणले कम विकसित मुलुकहरूमा गरिबी बढाएको छ र धनी तथा गरिबबीचको अन्तर झन् फराकिलो बनाएको छ भनेर यसको विरोध गरिरहेका छन् भने अर्काथरीले विश्वव्यापीकरणले विश्वमा समृद्धि ल्याएको छ, यसले धनी र गरीबबीचको अन्तर पनि घटाएको छ भनेर यसका पक्षमा तर्कहरू प्रस्तुत गरिरहेका छन् । यसरी विश्वव्यापीकरण आज विश्वमा उपेक्षा गर्न नसकिने विषय बनेको छ । विश्वव्यापीकरण भनेको मुलुकको अर्थतन्त्र विश्व अर्थतन्त्रसँग आबद्ध हुनु हो । यस्तो आबद्धता वस्तु तथा सेवाको व्यापार र पुँजीको प्रवाहको माध्यमद्वारा हुने गर्दछ । त्यसैगरी जनशक्ति र विचार वा प्रविधिको प्रवाहको माध्यमबाट पनि हुने गर्दछ । विश्वव्यापीकरणले मुलुक-मुलुकबीचको भौगोलिक सीमानालाई गौण गराउँछ वा मुलुक-मुलुकबीच रहेका भौगोलिक सिमानाहरूले वस्तु, सेवा, पुँजी, प्रविधि र जनशक्तिको प्रवाहलाई रोक्न सक्दैन । सीमानाहरूमा हुने यी कुराहरूको आवागमनलाई सकेसम्म सजिलो, छिटो र कम खर्चिलो बनाइन्छ । विज्ञान र प्रविधिको विकासले विश्वव्यापीकरणलाई तीब्रता दिएको छ । सामानहरू आयात/निर्यात गर्न, भुक्तानी लिन/दिन र एक ठाउँबाट अर्को ठाउँमा पुँजी प्रवाह गर्न पहिले जस्तो कठिन, खर्चिलो र समय लाग्ने अहिले छैन । विज्ञान र प्रविधिको विकासले सामानको ढुवानीलाई छिटो, सुरक्षित र कम खर्चिलो बनाएको छ । बैंकिङ्ग तथा वित्तीय क्षेत्रको सञ्जालको विस्तार र नयाँ नयाँ उपकरणहरूको विकासबाट भुक्तानी लिन/दिन र पुँजी प्रवाहलाई अत्यन्त सहज, छिटो र कम खर्चिलो बनाएको छ । सूचना प्रविधिको चमत्कारिक विकासले पनि विश्वव्यापीकरणलाई महत्वपूर्ण सहयोग पुऱ्याएको छ । वास्तवमा विश्वव्यापीकरण भनेका जसरी एउटा मुलुकको आन्तरिक बजारमा वस्तु र सेवाको व्यापार तथा पुँजी, प्रविधि र जनशक्तिको लेनदेन वा कारोबार हुन्छ त्यसको विस्तारित रूप हो । विश्वव्यापीकरण भनेको आफ्नो मुलुकको सीमाभित्र नभई सीमावाहिर पनि त्यही अनुरूपको व्यापार, आवागमन र कारोवार हुनु हो । यसबाट पुँजी तथा प्रविधि भण्डारमा पहुँच बढ्छ, निर्यातका लागि ठूलो बजार उपलब्ध हुन्छ र विश्व बारबाट सस्तोमा सामानहरू आयात गर्न सकिन्छ ।

पुँजी, प्रविधि, श्रम र मानव समूह जस्ता विभिन्न उत्पादनका साधनहरूको व्यापक प्रयोग तथा त्यस्ता साधनहरूको उचित उपयोगको सन्दर्भमा विश्वव्यापीकरणले जन्म लिएको हो । एक देश अर्को देशसँग कुनै न कुनै सूचना, प्रविधि तथा वस्तुहरूसँग अन्तरनिर्भर रहेका हुन्छन् । जसबाट वस्तु तथा सेवामा सुलभता र मितव्ययी हुन्छ । यस्ता चाहना तथा आवश्यकताहरूलाई परिपूर्ति गर्न, अन्तर्राष्ट्रिय व्यापारमा खुल्लापन वा स्वतन्त्रपन ल्याउन र अर्थतन्त्रमा आर्थिक विकास ल्याउने आदिजस्ता वातावरण सिर्जना विश्वव्यापीकरणले गर्दछ । विश्वव्यापीकरणको शाब्दिक अर्थ 'विश्व' र 'व्यापी' दुई शब्दको मिलनबाट विश्वव्यापी (Global) शब्द बनेको छ । विश्वव्यापीमा 'करण' प्रत्यय लागि विश्वव्यापीकरण बनेको छ । यसको शाब्दिक अर्थमा विश्वभरि, एक देशले अन्य देशमा वा जताततै भन्ने अर्थ जनाउँछ । वेवस्टरले सन् १९४४ मा अंग्रेजीमा ग्लोबलाइज (Globalize) शब्दको सर्वप्रथम उनको शब्दकोशमा प्रयोग गरेका थिए । हालसम्म यो शब्द औधी प्रचलनमा आइरहेको छ ।

**विकासको विश्वव्यापीकरण विरुद्धमा स्थानीयकरण**

विश्वमा विकासको आधुनिकीकरण भित्रिँदै गएपछि

अझभन्दा दोस्रो विश्वयुद्ध पश्चात् मानिसमा चेतना, धारणा, यान्त्रिक आविष्कार, प्रविधिहरूको विकास द्रुत गतिमा सन् १९५० को दशकदेखि सुरू हुँदै करिब आधा शताब्दी पार गरिसकेको परिप्रेक्ष्यमा विश्वव्यापीकरण विकास नीति, जसले पृथ्वीलाई नै एक गाउँको रूपमा परिणत गरिदिएको छ । यसको श्रेय आधा शताब्दीसम्मको विकास संरचना, ढाँचा एवं गति नै प्रमुख पक्षहरू हुन् । अहिले नेपालमा बसी बाबु घर व्यवहार चलाउन यति रकमको आवश्यक पऱ्यो, खर्च पठाइदिनु भनी मलेसिया बस्ने आफ्नो छोरालाई कुनै नेपाली बाबुआमाले फोन गर्दा नेपालमा रहेको IME (International Monetary Fund) मार्फत् पाँच मिनेटमा नै उक्त रकम उपलब्ध गराउँछ । यसको प्रमुख कारक तत्व २१ औं शताब्दीमा विश्वव्यापीकरणको प्रभाव नै हो । विश्वको कुनै कुनामा बसी अर्को कुनै कुना वा महादेशको खबर, घटना अवस्था प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सुन्न देख्न पाइन्छ । यसको उपादेयता भनेको सूचना, सञ्चार, आधुनिक प्रविधि र नयाँ अपनाइएको विश्वव्यापीकरण नीतिहरू हुन् । अब विकासमा विश्वव्यापीकरण र स्थानीयकरण सम्बन्धमा चर्चा गरौं ।

विश्वव्यापीकरण शब्द र यसका निहितार्थहरू २० औं शताब्दीको अन्तिम दशकमा आएर एकाएक प्रभावशाली स्थितिमा स्थापना भएको देखिए तापनि यसको विकाससम्म सोह्रौ शताब्दीबाट सुरू भएको देखिन्छ । पन्ध्रौं शताब्दीको अन्तिम कालखण्ड र सोह्रौं शताब्दीकोप्रारम्भकालदेखि नै विश्वस्तरमा मानिसहरूको ओहोरदोहोर जीवजन्तु र वनस्पतिहरूको व्यापक ओसारपसारबाट विश्वव्यापीकरणको पहिलो चरणमा श्री गणेश भएको मानिन्छ । यस धर्तीमा मानिसको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकाससम्म गर्ने क्रममा माइकलदेखि नै भारतमा महात्मा गान्धीको स्वराज आन्दोलनबाट आत्मनिर्भर विकास सिद्धान्तको चर्चा सन् १९७० भन्दा अघि नै भएको थियो ।स्वावलम्बन विकास धारणा अनुरूप अरूको भरमा विकास कार्य नगरी स्वनिर्भर, स्व-पुँजी, स्व-लगानी आदिका माध्यमबाट विकास कार्य गरिनु स्वावलम्बन विकास भनिन्छ । अझैभन्दा आफ्नो देश वा ठाउँलाई सुहाउँदो आफैंले विकास कार्य गरिनुपर्ने धारणा स्वावलम्बन विकास हो । यस विकास धारणा अनुरूप स्थानीय स्रोत साधनको भरपुर प्रयोग, विकासमा पूर्ण सहभागिता र समस्याको पहिचानमा सरलता साथै त्यस अनुरूप कार्यान्वयन पक्ष दरिलो हुने आदि कुरामा यस विकासबाट मद्दत पुग्दछ । अर्कोतर्फ सामाजिक, सांस्कृतिक संरचना अनुरूप विकास कार्य गरिने, आवश्यक मात्रामा आफ्नो आवश्यकता परिपूर्ति गर्नमा जोड दिइने आदि कार्यमा मद्दत पुग्दछ । कुनै पनि स्थानको विकासका सिद्धान्तका कारण त्यस स्थानको संस्कृति तथा मौलिकता आदिमा ह्रास आई नकारात्मक प्रभाव पनि पर्न सक्दछ । यसर्थ स्वावलम्बन विकासबाट परनिर्भरता हटी स्वावलम्बी समाज निर्माण हुन्छ । गाउटङ्ग (Galtung) विकासको लक्ष्य बताएका छन् :

"Adequate and sustainable satisfaction and further development of human needs –material and non-material and the process of development includes building institution for production of basic needs, with priority for there most in need, in an equitable culture and development of others." वर्तमान परिप्रेक्ष्यमा पूर्ण स्वावलम्बन विकास नीति अपनाउन कठिन भएको महसुस गरिएको छ, किनभने यसबाट मानिसको आधारभूत आवश्यकता परिपूर्ति गर्ने विश्वास हुन्छ । अन्य विभिन्न विकासका नमुनाबाट स्वावलम्बनभन्दा भिन्नै र प्रभाव पार्ने किसिमका हुन्छन् । पूर्ण रूपमा स्वावलम्बन विकास नीति अपनाउन नसके तापनि केही मात्रामा स्वावलम्बन विकास नीति अपनाई ग्रामीण समाजका आवश्यकता परिपूर्ति गर्न सकिन्छ । यस विकास नीति अनुरूप दुर्गम तथा पिछडिएका वर्गको सहभागिताबाट विविध समूहहरूमा आबद्ध भई स्थानीय स्रोत साधन सीपको आडमा गरिने विकास कार्यक्रम हो । नेपालमा विभिन्न किसिमका समूह तथा संस्थाहरूमा स्वावलम्बन विकास नीति अनुरूप कार्य भइरहेको छ । यस्ता कार्यक्रमबाट सामाजिक, आर्थिक विकास तथा सशक्तिकरण भई परनिर्भरता हट्दै जान्छ ।

जातीय विभाजन भएको ठाउँमा माथिबाट थोपरिएको डर र घृणाको कारणले द्वन्द्व बढ्दछ न कि तलको कारणले । यस्ता द्वन्द्वहरूमध्ये केही जातीय वा साँस्कृतिक विभाजनको कारणले हुन्छ भने बढी मात्रामा शक्ति, जमीन र साधनको प्राप्तिका लागि हुने गर्दछ । जातीय परिचय प्राचीन कालदेखि अविरल छ, यस्ता विभाजनहरूले मान्छे मार्न उक्साउँछन् र जातीय विविधताले हिंसात्मक द्वन्द्व बढाउँछ भन्ने कुराहरू गलत छन् । जातीय विभाजन अहिलेको राजनीतिको उपज हो (Browen, 1996) । विकासशील देशहरूमा बजार र लोकतन्त्र पश्चिमी देशहरूमा भन्दा अनिश्चित देखिन्छ । केही अल्पसंख्यक जातिहरूले बजारमा प्रभुत्व कायम गरेका हुन्छन् । तर लोकतन्त्रपछि पहिले चुपचाप बसेका बहुमतवालाहरूलाई पनि बोल्ने शक्ति आउँछ जसले गर्दा जातजातको बीचमा शत्रुता बढ्छ जसले लोकतन्त्र र बजार दुवैलाई खतम बनाउँछ (Amy Chua) । तान्जानिया र केन्यामा गरिएको

अर्को अध्ययनले के देखाउँछ भने जातीय विभाजन धेरै भएको देशमा जहाँ उदार सँस्कृति, धार्मिक र भाषिक नीति लिइन्छ त्यहाँ सजिलोसँग राष्ट्र निर्माणको काम हुन्छ । तान्जानिया र केन्यामध्ये तान्जानियामा त्यस किसिमको नीति भएकोले त्यहाँको आर्थिक विकास राम्रो छ (Miguel, 2002) । विकासशील देशमात्र होइन विकसित देश अमेरिकामा पनि जातीय विभाजन भएको ठाउँमा सार्वजनिक खर्च उत्पादनशील सेवा जस्तो : सडक, शिक्षा, ढल, फोहोरको निकास आदिमा कम हुन जान्छ । त्यस्तो समाजमा वित्तीय अनुशासनमा भन्दा पनि आफ्नो जातीय फाइदामा ध्यान दिइन्छ (Alesina, Baqir and Easterly, 1999) । जुन देशमा जातीय विभाजन छ तर जातजातिहरूको संख्या कम छ त्यहाँ जातइि द्वन्द्व हुने सम्भावना बढी हुन्छ (Collier, 1998) । जातीय विभाजनले आर्थिक वृद्धिमा असर त गर्छ तर त्यो आर्थिक नीतिको माध्यमद्वारा (Linzer, 2003) घटाउन सकिन्छ ।

आर्थिक विविधिकरण, गरिबी र जनसंख्यामा कटौती तथा राजनीतिक सुधारले मात्र अफ्रिकी देशहरूमा द्वन्द्वलाई कम गर्न सकिन्छ । त्यसका लागि आर्थिक वृद्धिदर बढाउने र रोजगारीको माध्यमद्वारा विद्रोहीको जनशक्ति कम गर्ने, विद्रोहीलाई देशको प्राकृतिक साधन बेच्न अप्ठेरो बनाउने, देशको मूल आम्दानीको स्रोतलाई प्रारम्भिक कच्चापदार्थबाट तयारी वस्तुमा सार्ने तथा सरकारले प्राकृतिक स्रोतबाट गरेको आम्दानीलाई पारदर्शी बनाउने (Anyanwu, 2004) आदि माध्यम प्रयोग गर्न सकिन्छ । आर्थिक अवधारणामा टिकेको छ । एडम स्मिथका अनुसार सुरक्षा, निजीक्षेत्रले हात नहाल्ने ठाउँ र न्याय सम्पादनमा वा मिल्टन फ्रेडम्यानका अनुसार एउटा व्यक्तिले अर्को व्यक्तिको स्वतन्त्रता हनन गरेको अवस्थामा राज्यले नै हेरचाह गर्नुपर्ने वर्गका लागि र प्राविधिक एकाधिकारको अवस्था तोड्नमात्र राज्यले हस्तक्षेप गर्नुपर्दछ भन्ने यसको मान्यता हुन्छ । विश्वव्यापीकरणको मान्यतालाई अहिले मूलरूपमा अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक र विश्वव्यापार संगठनले बोकेका छन् । विश्वव्यापीकरणको सन्दर्भमा दुई किसिमका विचारहरू देखिन्छन् । पहिलो, विश्वव्यापीकरणको समर्थन गर्ने जसलाई नयिदयउजषभिक पनि भनिन्छ । दोस्रो, विरोध गर्ने जसलाई नयिदयउजयदभक पनि भनिन्छ । समर्थन गर्नेहरूको तर्क छ, विश्वव्यापीकरणले व्यापार बढाउँछ, लगानी बढाउँछ, जनताको आम्दानी बढाउँछ र गरिबीबाट उठ्न मद्दत गर्छ । विरोध गर्नेहरूको तर्क छ, यसले गरीब मुलुकहरूलाई झन् गरीब बनाउँछ, गरीब मुलुकको संस्कृति, उद्योगधन्दा आदिलाई नष्ट बनाउँछ । गरीब देशको साधन र स्रोत धनी देशमा सर्न पुग्दछ । त्यसैले विश्वव्यापीकरण टाइसुटमा आएको साम्राज्यवाद हो । यसले पाँच किसिमका- प्राविधिक ज्ञान, वित्तीय बजार, प्राकृतिक साधन, सञ्चार, हातहतियार आदिमा धनी मुलुकको एकाधिकार स्थापित गर्दछ आदि । बीसौं शताब्दीमा विश्वले अभूतपूर्व आर्थिक प्रगति हासिल गरेको छ । यस शताब्दीमा विश्वको प्रतिव्यक्ति आय पाँच गुणाले वृद्धि भएको छ । यो शताब्दीको पूर्वार्द्धभन्दा उत्तरार्द्धमा बढी उच्च दरमा आर्थिक विकास भएको छ । व्यापार र वित्तीय क्षेत्रको उदारीकरणबाट यो उत्तरार्द्धमा अन्तर्राष्ट्रिय व्यापारमा व्यापक विस्तार भएको छ । पूर्वाद्धमा पहिलो र दोस्रो विश्वयुद्धको बीचका अवधिमा विश्व संरक्षणवाद र नियन्त्रणमुखी अर्थतन्त्रतर्फ फर्कियो । यस अवधिमा (१९१३-१९५०) विश्वको प्रतिव्यक्ति आय प्रतिवर्ष १ प्रतिशतले मात्र बढ्न सक्यो । जबकि, उत्तरार्द्धमा जनसंख्या वृद्धिदर तीव्र रहे पनि प्रतिव्यक्ति आय वार्षिक २ प्रतिशतभन्दा बढीले बढ्यो । औद्योगिक राष्ट्रहरूमा यो वृद्धिदर सर्वाधिक रह्यो ।

### विश्वव्यापीकरणका विशेषताहरु

- राष्ट्रिय सीमाहरूको प्रथामिकता कम हुँदै जानु र सरकारहरू कम हुँदै जानु ।
- अन्तर्राष्ट्रिय संसथाहरूको बोलाबोल बढदै जानु ।
- आर्थिक शाधन र स्रातहरू केन्द्रीकरण हुँदै जानु ।
- बहुराष्ट्रिय निगमहरूको दबदबा बढदै जानु ।
- आर्थिक र व्यापारिक गतिविधिमा अत्यन्त तीब्रतापूवर्क वृद्धि हुँदै जानु आदि रहेका छन् ।

### विश्वव्यापीकरणका क्षेत्रहरु

(क) वस्तु व्यापार : वस्तुहरूको अन्तर्राष्ट्रिय व्यापार विश्वव्यापीकरणको प्रमुख आधार हो । अन्तर्राष्ट्रिय व्यापारमा सम्पूर्ण विकासशील मुलुकहरूको अंश सन् १९७१ मा १९ प्रतिशत मात्र थियो भने सन् १९९९ मा त्यो अंश बढेर २९ प्रतिशत पुग्यो । यसमध्ये पूर्वी एसियाका मुलुकहरूले अधिक उपलब्धि हासिल गरे भने अफ्रिकी मुलुकहरूले अपेक्षित उपलब्धि हासिल गर्न सकेनन् । साथै, निर्यातको संरचनामा पनि उत्तिकै आमूल परिवर्तन भयो । निर्यात भएका वस्तुहरूमा पहिले खाद्य वस्तु र कच्चा पदार्थ अधिक हुने गर्दथ्यो भने अहिले औद्योगिक उत्पादनहरूको अंश उल्लेख्य (८० प्रतिशत) रहने गरेको छ र यो बढ्दै छ । (ख) पुँजी प्रवाह : त्यसैगरी मुलुकहरू

बीच हुने पुँजीको ओहोरदोहोर विश्वव्यापीकरणको दोस्रो महत्वपूर्ण आधार हो । बीसौं शताब्दीको अन्तिम दशकमा विकसित मुलुकहरूबाट विकासशील मुलुकहरूतर्फ निजी क्षेत्रको पुँजी प्रवाहमा ठूलो तीब्रता आयो । सन् १९८० को दशकदेखि वैदेशिक सहायताका रूपमा सरकारी पुँजी प्रवाह उल्लेख्य रूपमा घट्यो भने निजी क्षेत्रको पुँजी उल्लेख्य रुपमा बढ्यो । निजी पुँजीमध्ये पनि विदेशी प्रत्यक्ष लगानी तीव्र रूपमा बढ्यो भने पोर्टफोलियो लगानी र बैंक ऋण पनि बढ्न त बढ्यो । तर, प्रत्यक्ष विदेशी लगानीको गतिमा बढेन । पोर्टफोलियो लगानी बढी मात्रामा जोखिमपूर्ण र संवेदनशील (Volatile) हुने भएकोले पनि यसो हुन गएको हो । (ग) जनशक्तिको प्रवाह : वस्तु, सेवा र पुँजी सरह जनशक्तिको प्रवाह पनि विश्वव्यापीकरणको अर्को महत्वपूर्ण आधार र माध्यम हो । वस्तु, सेवा र पुँजी सरह जनशक्तिको प्रवाह त्यसरी बढेको छैन । तर, सन् १९६५-९० को अवधिमा जनशक्तिको प्रवाह ५० प्रतिशतले बढेको छ । धेरैजसो यस्तो प्रवाह विकासशील मुलुकहरूबीच नै भएको छ । तर, विकासशील मुलुकहरूमा पारिश्रमिकको दर बढ्दै जाँदा त्यस्तो जनशक्ति आफ्नै मुलुकतर्फ फर्कने क्रम बढ्नेछ । (घ) विचार र प्रविधिको प्रवाह : सूचनाको प्रवाह र आदान-प्रदान विश्वव्यापीकरणको एउटा अविभाज्य अङ्ग हो । प्रत्यक्ष वैदेशिक लगानीबाट पुँजी मात्र आउँदैन, त्यससँग प्राविधिक ज्ञान र सीप, उत्पादन प्रणाली, व्यवस्थापन प्रणाली, विश्व बजारसम्बन्धी जानकारी र उपयुक्त आर्थिक नीतिसम्बन्धी जानकारी पनि आउँछ, जुन विकासशील मुलुकहरूका निम्ति अत्यन्त महत्वपूर्ण हुन्छ ।

विश्वव्यापीकरण द्वारा आफ्नो मुलुकको तीव्र विकास गर्न चाहने हरेक मुलुकले विश्वव्यापीकरणको अभियानमा यथाशीघ्र समाहित भई अगाडि बढ्नुपर्दछ भन्ने गरिएको छ । यसो किन भनिँदैछ भने यस्तो नीति अन्तर्गत विश्वको कूल व्यापार (आयात तथा निर्यात दुवै) निरन्तर बढ्दै जाने हुनाले यस अन्तर्गत समग्र विश्व उत्पादन पनि त्यही अनुपातमा बढ्दै जान्छ । अर्थात् सम्पूर्ण रूपमा खुला विदेश व्यापारबाट कूल विश्व व्यापार र त्यसको परिणाम स्वरूप विश्व उत्पादन तीव्र गतिमा बढ्दछ । यसरी उत्पादन र व्यापार तीव्र गतिमा बढेपछि विश्वको आय तथा रोजगारी पनि त्यसरी नै बढ्दछ । फलस्वरूप मुलुकहरू विकसित र समृद्ध हुँदै जान्छन् र सँगसँगै गरिबी र बेरोजगारी पनि हट्दै जान्छ । विश्वव्यापीकरणको अर्को तर्क के छ भने कुनै वस्तु सस्तोमा विदेशमा उपलब्ध हुन्छ भने त्यही वस्तु महँगोमा आफ्नो मुलुकमा उत्पादन गर्नु बुद्धिमानी हुँदैन । त्यसैले आफूले उत्पादन गर्दा महँगो पर्ने तर विदेशमा सस्तोमा पाइने वस्तुहरू आफैंले उत्पादन नगरी सस्तोमा विदेशबाट आयात गर्नु बुद्धिमानी हुन्छ । उपभोक्ताहरूको हितका निम्ति यसो गर्नु जरूरी हुन्छ । उच्च गुणस्तरीय उत्पादन सस्तोमा उपभोग गर्न पाउनुपर्ने आमउपभोक्ताहरूको अधिकार नै हो । त्यसो नगरी देशभित्रै न्यून गुणस्तरका उत्पादनहरू महँगोमा उपभोग गर्न बाध्य पार्नु सर्वथा अनुचित कुरा हो । यसो गर्नु एक अर्थमा उनीहरूको मानवअधिकारको हनन् पनि हो । विदेशमा भन्दा आफूकहाँ सस्तोमा उत्पादन हुन सक्ने वस्तुहरूको उत्पादनमा मात्र मुलुकहरूले जोड दिनुपर्दछ । यसलाई विदेश व्यापारको सापेक्षित लाभको सिद्धान्त (Theory of Comparative Advantage) भन्दछन् । यो नै अहिलेको विश्वव्यापीकरणको मूल सैद्धान्तिक आधार हो । यो सिद्धान्तका आधारमा गरिने खुला तथा स्वतन्त्र अन्तर्राष्ट्रिय व्यापारका मुख्य तीनवटा फाइदाहरू छन् । ती हुन् : Specialization, Market Expansion र Economies of Scale । विश्वव्यापीकरणले निर्यात व्यापारलाई विशेष जोड दिन्छ । कुनै पनि मुलुक निर्यातमुखी नभई विकास र समृद्धि हासिल गर्न सक्दैन भन्दछ । किनभने, निर्यातमुखी नीति अपनाउँदा मुलुक जतिसुकै सानो भए पनि उसले असीमित विश्व बजार पाउन सक्दछ । त्यसको उपयोगद्वारा त्यस मुलुकले असीमित सम्पन्नता र समृद्धि हासिल गर्न सक्दछ । विश्वमा जति पनि मानिसहरू सम्पन्न भएका छन्, तिनीहरू व्यापार र त्यसमा पनि निर्यात व्यापारबाटै सम्पन्न भएका छन् । यो तर्कलाई पुष्टि गर्न पहिले सिङ्गापुर, हङकङ, ताइवान र कोरियालाई एसियाली बाघको संज्ञा दिई तिनैको उदाहरण दिने गरिन्थ्यो । पछि यही नीतिको अनुशरण गर्दै केही वर्षसम्म उच्च दरमा आर्थिक वृद्धि हासिल गरेका मलेसिया, थाइल्याण्ड, इण्डोनेसिया आदि मुलुकहरूको उदाहरण पनि दिन थालियो । तर, सन् १९९७ मा यही नीतिको फलस्वरूप नै ती मुलुकहरूको अर्थतन्त्र अकस्मात सङ्कटग्रस्त हुन गएकाले अहिले ती मुलुकहरूको सम्बन्धमा कुनै चर्चा गरिँदैन ।

विश्वव्यापीकरणको पक्षमा अर्को तर्क के छ भने अल्पविकसित मुलुकहरूको तीव्र विकासका निम्ति ठूलो स्तरको लगानीको आवश्यकता पर्ने तर यस्ता मुलुकहरूले वैदेशिक लगानी पनि आकर्षित गर्न नसक्ने र आफूसँग भएको साधनले नपुग्ने भएकोले पनि यी मुलुकहरूको विकास हुन नसकेको हो । त्यसैले विकासको मन्दतालाई चिरेर तीव्र गतिमा विकासलाई अगाडि बढाउन उनीहरूलाई विदेशी लगानीको आवश्यकता हुन्छ र त्यस्तो लगानी उनीहरूले विश्वव्यापीकरणको नीति अवलम्बन गरेपछि

मात्र पाउन सक्दछन् । यस सन्दर्भमा पनि माथि उल्लेखित मुलुकहरूको नै उदाहरण दिने गरिन्छ । विश्वव्यापीकरणको अपरिहार्यताका बारेमा अरू तर्कहरू पनि अगाडि सार्ने गरिएको छ । जस्तो कि, अहिलेको विश्वमा सूचना तथा सञ्चारको क्षेत्रमा अकल्पनीय विकास भएको छ । यसले हर क्षेत्रका सूचनाहरूलाई तत्काल विश्वभर पुर्‍याउने हुनाले विश्वका जनताले दुनियाँका कुनाकुनामा भइरहेका आर्थिक तथा अन्य घटनाहरू तत्काल थाहा पाउँछन् । यसले दुनियाँ स्वाभाविक रूपमा विश्वव्यापीकरणतर्फ उन्मुख भइरहेको कुराको संकेत गर्दछ । त्यसैगरी अहिले विकसित मुलुकहरूमा बृद्धहरूको संख्या बढ्दै गइरहेको र सक्रिय जनशक्तिको संख्या घट्दै गइरहेकोले अधिक जनशक्ति भएका अल्पविकसित मुलुकहरूबाट करोडौंको संख्यामा दक्ष-अदक्ष जनशक्ति विकसित र ज्याला बढी हुने मुलुकहरूमा रोजगारीका लागि गइरहेको छ । पछिल्ला वर्षहरूमा यो क्रम अझ तीव्र हुँदै गइरहेको छ । बाहिरबाट आउने जनशक्ति तुलनात्मक रूपमा सस्तो पनि हुने र उनीहरू संगठित पनि नहुने भएकोले पनि विकसित मुलुकहरूले बाहिरबाट श्रमशक्ति ल्याउने प्रवृत्ति बढेर गएको हो । यसले पनि विश्वव्यापीकरणलाई नै बल पुर्‍याइरहेको छ । विश्वव्यापीकरणको फलस्वरूप कम विकसित मुलुकका बेरोजगार र रोजगार नै भए पनि सीमित ज्यालामा काम गर्न बाध्य नागरिकहरूले विकसित मुलुकहरूको उच्च ज्यालाको रोजगारी पाई आफ्नो गरिबी निवारण गर्न पाइरहेका छन् पनि भन्न सकिन्छ । पुँजीको स्थिति पनि त्यस्तै छ । विकसित युरोप, अमेरिका, जापान र केही अरबियन राष्ट्रका सरकार तथा निजी क्षेत्रका उद्यमी, व्यापारी तथा व्यवसायीहरूसँग अपार पुँजी थुप्रिएको छ । उनीहरू लगानीका निम्ति दुनियाँका कुनै पनि मुलुकमा जान तयार छन् र गइरहेका पनि छन् । सिंगापुर, ताइवान, कोरिया, हङकङ, चीन, मलेसिया, थाइल्याण्ड, इण्डोनेसिया आदि मुलुकहरूमा अहिले जे जति विकास भएको छ, त्यसमा विदेशी लगानीको महत्वपूर्ण भूमिका रहेको छ । विदेशी पुँजी प्रवाहको यो क्रम चली नै रहेको छ । यो पनि विश्वव्यापीकरणलाई बल पुर्‍याउने अर्को पक्ष हो ।

अहिले विश्वमा बहुराष्ट्रिय कम्पनी (Multi-National Companies, MNC) हरूको व्यापकता र प्रभाव निकै नै बढेर गएको छ । अहिले विश्व बजारमा प्रचलित अधिकांश लोकप्रिय वस्तु र सेवाहरू तिनै बहुराष्ट्रिय कम्पनीका उत्पादन हुन् । एउटा कुनै बहुराष्ट्रिय कम्पनीले कुनै एउटा वस्तु उत्पादन गर्दछ भने विश्वभर त्यही वस्तुले नै प्रभुत्व जमाइरहेको पाइन्छ । सामान्यतया अर्को बहुराष्ट्रिय कम्पनीले सकेसम्म त्यस्तै वस्तु उत्पादन गर्दैन । अहिले विश्वमा यस्ता बहुराष्ट्रिय कम्पनीहरूको संख्या एक हजारभन्दा बढी पुगेको छ । नेपाल जस्तो अतिकम विकसित र भूपरिवेष्ठित मुलुकको कुनाकुनामा समेत अमेरिका, युरोप, जापान तथा अन्य विकसित मुलुकहरूका बहुराष्ट्रिय कम्पनीका उत्पादनहरू पुगिरहेका छन् । साथै, यस्ता कम्पनीहरूले आलु चिप्सदेखि लिएर साबुन, टुथपेष्ठ, चिया, कफीजस्ता सामान्य वस्तुहरू समेत उत्पादन गरेर विश्व बजारमा प्रभुत्व जमाइरहेका छन् । यो नै विश्वव्यापीकरणको एउटा सशक्त नमुना हो । यो प्रवृत्ति आज विश्वमा दिन-प्रतिदिन व्यापक र शक्तिशाली बन्दै गइरहेको छ । यसरी मुलुकहरूको औद्योगिक विकास, विदेश व्यापार, पर्यटन, बैंकिंग कारोबार, व्यापारिक मेला, हवाई सेवा, अध्ययन, अन्तर्राष्ट्रिय सभा-सम्मेलन, गोष्ठी, रोजगारी, रकम ट्रान्सफर आदि कुराहरूले पनि आज विश्वव्यापीकरणलाई बल पुर्‍याइरहेका छन् । यिनीहरूले वस्तु, सेवा, पुँजी, प्रविधि तथा श्रमशक्तिको कारोबारलाई क्रमिक रूपमा अन्तर्राष्ट्रिय रूपमा एकीकरण गर्दै लगेका छन् । यस्ता आकर्षक तर्क तथा अवधारणाहरू अगाडि सारेर विश्वव्यापीकरणको अभियानलाई विश्वभर तीव्र पारिएको छ । यसका निम्ति आइएमएफ, विश्व बैङ्क तथा अन्तर्राष्ट्रिय व्यापार संगठनजस्ता शक्तिशाली संस्थाहरूले सबै प्रकारका उपायहरू लगाएर यस अभियानलाई अगाडि बढाइरहेका छन् । अल्पविकसित मुलुकहरूलाई विकासको क्रम अगाडि बढाउन विदेशी सहायताको आवश्यकता पर्ने र त्यस्तो विदेशी सहायताको अधिकांश हिस्सा उपरोक्त संस्थाहरूको नियन्त्रणमा रहेकाले अल्पविकसित मुलुकहरू त्यो सहायता प्राप्त गर्न ती संस्थाहरूले राखेका सबै किसिमका शर्तहरू स्वीकार गर्न बाध्य भइरहेका छन् । त्यस्ता शर्तहरू स्वीकार गरेमा विदेशी सहायता पाइने र अस्वीकार गरेमा नपाइने स्थिति रहेको छ । त्यसैले कतिपय देशका सरकारहरू स्वेच्छाले चित्त बुझेर नै यस्ता शर्तहरू स्वीकार गरी विश्वव्यापीकरणको अभियानमा सामेल भएका छन् भने कतिपय मुलुकहरू चित्त नबुझेर पनि पछि लाग्न बाध्य भइरहेका छन् । विश्व परिस्थिति यस्तो तयार गरिएको छ कि यसलाई स्वीकार नगरी विश्व समुदायमा ससम्मान रहन नै मुस्किल भइरहेको छ ।

चीनले पनि यस्तै आर्थिक नीतिको अवलम्बनबाट चमत्कारिक विकास गर्न सकेको हो भनिन्छ । तर, चीनको विकासका पछाडि अरू पनि धेरै कारण छन् । उसको राजनीतिक व्यवस्था र नेतृत्वको स्थिरता, अनुशासित र राष्ट्रवादी जनता, सरकारको सुशासन र लामो समयसम्म व्यक्तिगत सम्पत्ति निषेधित गरिएको अवस्थाबाट सम्पत्ति आर्जन गर्न पाउने छुट दिइएकोले जनतामा जागृत

भएको उत्साह र उत्प्रेरणा आदि चीनको विकासका पमुख कारण हुन् । साथै, हङ्कङ्, कोरिया, सिंगापुर, ताइवान तथा अन्य मुलुकहरूमा रहेका धनाड्य चिनियाँ मुलका गैरआवासीय चिनियाँहरूले ठूलो मात्रामा लगानी गरेका कारणले पनि चीनको विकास यस रूपमा हुन सकेको हो । यसभन्दा भिन्न विचार राख्ने राष्ट्रहरूका लागि आफ्नो विचार प्रसतुत गर्ने कुनै साझा मञ्चको अभाव भएको र कम विकसित मुलुकहरूको पक्षमा काम गर्न स्थापित संयुक्त राष्ट्र व्यापार तथा विकास संस्था (United Nations Cooperation on Trade and Development, UNCTAD) तथा अन्तर्राष्ट्रिय श्रम संगठन (International Labour Organization, ILO) जस्ता संस्थाहरू पनि विश्वव्यापीकरणको लहरको अगाडि नतमस्तक रहन बाध्य भएकाले यतिखेर विश्वमा विश्वव्यापीकरणको अभियान आक्रामक ढंगले अगाडि बढिरहेको छ । आज विश्वका प्रायः सबैजसो मुलुकहरू यस अभियानमा समेटिन पुगेका छन् ।

**विश्वव्यापीकरणका सकारात्मक प्रभावहरु**

- आर्थिक क्रियाकलापहरूमा वृद्धि हुँदै जानु ।
- अन्तर्राष्ट्रिय बजारको सम्भावना अन्तर्गत अन्तर्राष्ट्रिय लगानी बढोत्तरी हुँदै जानु । विश्व बजारमा रोजगारीको सम्भावना ।
- प्रतिस्पर्धा र उद्यमशीलताको विकास
- सेवा तथा सुविधाको सस्तो र सहज उपलब्धता ।
- निजी क्षेत्रको उत्पादनशील क्षेत्रमा सहभागिता वृद्धि हुँदै जानु ।
- श्रमको विभाजन तथा वस्तु तथा सेवाको विशिष्टीकरणमा जोड दिनु ।
- समष्टिगत आर्थिक स्थायित्व र औद्योगिकीकरणमा टेवा पुऱ्याउने ।
- WTO ले प्रदान गर्न सक्ने सम्भावनाको प्राप्ति ।
- नवीन प्रविधि र नयाँ अविष्कारको सहज प्राप्ति
- राजनीतिक प्रभावहरूमा प्रजातान्त्रिकीकरण र विकास र जनसहभागितामा अभिवृद्धि ।
- मानव अधिकारको प्रत्याभूतिमा जोड, स्थानीयकरणमा जोड तथा समयसापेक्ष विकास ।
- सामाजिक प्रभावहरूमा विश्वबनधुत्व र भातृत्वको भावना बढदै जानु ।
- सामाजिक सचेतनामा वृद्धि ।
- जातीय धार्मिक विभेदको अन्त्य गर्नमा सहयोग ।
- सुसंस्कृत र सभ्य समाजको निर्माणमा सहयोग ।

**विश्वव्यापीकरणका नकरात्मक प्रभावहरु**

- धनी र गरीब राष्ट्र समाज तथा व्याक्ति विचको खाडल फराकिलो बनाँउने

**अन्य प्रभावहरु**

- निर्यात वृद्धि
- उत्पादनका साधनहरूको हस्तान्तरण,
- उत्पादकत्वमा वृद्धि, रोजगारीमा वृद्धि,
- असमान साझेदारी,
- सामाजिक र साँस्कृतिक मूल्यलाई चुनौती,
- घरेलु उद्योगलाई चुनौती ।

**विश्वव्यापीकरणको नकार्न नसकिने अर्को पक्ष**

विश्वव्यापीकरणको अर्को पक्षलाई केलाएर हेर्दा यसमा विकसित मुलुकहरूको ठूलो स्वार्थ लुकेको छर्लङ्ग देखिन्छ । अमेरिका, युरोप, जापानलगायतका विकसित मुलुकहरूमा अकुत पुँजी एकत्रित भएको छ । त्यहाँ विज्ञान तथा प्रविधि र औद्योगिक विकास उत्कर्षमा पुगेको छ । ती मुलुकका जनता तथा सरकारहरू पनि उत्तिकै सम्पन्न र समृद्ध छन् । त्यो अवस्थालाई उनीहरूले निरन्तरता मात्र दिनु छैन, त्यसमा अरू उचाइँ थप्नुछ । उनीहरूले यो सम्पन्नता र समृद्धि आफ्ना औद्योगिक उत्पादन, प्रविधि, पुँजी र व्यवस्थापन दक्षतालाई विशेष गरी एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकी मुलुकहरूमा निर्यात र लगानी गरेर एकत्रित गरेका हुन् । विगतमा आफ्ना उपनिवेशहरूको दोहन गरेर थुपारेका हुन् । आफ्ना उपनिवेशहरूबाट कच्चा पदार्थ तथा अन्य प्राकृतिक सम्पदाहरू लगी विभिन्न वस्तुहरू उत्पादन गरेर ती वस्तु तिनै मुलुकहरूमा चर्को मूल्यमा बिक्री गरेर आर्जन गरेका हुन् । अर्थात् समग्रमा उनीहरूको विकास, सम्पन्नता र समृद्धि आफ्ना औद्योगिक उत्पादन, प्रविधि तथा पुँजी अन्य मुलुकहरूमा बिक्री र लगानी गरेर हासिल भएको हो । आफ्नै मुलुकभित्र मात्र बिक्री, उपयोग र लगानी गरेर हासिल भएको होइन, आफ्नै आन्तरिक बजारभित्रबाट मात्र यो सम्भव थिएन । त्यसैले उनीहरूको विकास, सम्पन्नता र समृद्धि बढाउनका लागि बाह्य बजार नै मूल तत्व र प्रमुख आवश्यकताको कुरा हो । त्यसबाट नै उनीहरूले आजको समृद्ध अवस्था हासिल गरेका हुनाले यो अवस्थाको निरन्तरता तथा अरू उच्चस्तर हासिल गर्नका निम्ति उनीहरूलाई बाह्य बजार प्रमुख आवश्यकताको कुरा हुन्छ । त्यसैले यो विश्वव्यापीकरणको अभियान उनीहरूको औद्योगिक उत्पादन, प्रविधि तथा पुँजी विकासशील मुलुकहरूको बजारमा प्रवेश गराउने अभियान

हो । बजार विस्तार गरी आफ्नो अझ उच्चस्तरको विकास र थप समृद्धिलाई सुनिश्चितता प्रदान गर्ने अभियान हो ।

विश्वव्यापीकरणले खुला व्यापार प्रणाली (Open General License System, OGL)लाई प्रमुख रूपमा जोड दिन्छ । यही व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न पहिलेको व्यापार तथा भन्सारको सामान्य सम्झौता (General Agreement on Trade and Tariff, GATT)लाई सन् १९९५ जनवरी १ मा विश्व व्यापार संगठन (World Trade Organization, WTO) मा परिणत गरिएको हो । र, यस संगठनको सदस्यता लिनका निम्ति खुला व्यापार प्रणाली लागू गर्नुपर्ने र भन्सारका दरहरूमा व्यापक कटौती गर्नुपर्ने जस्ता शर्तहरू पालन गर्नुपर्ने व्यवस्था गरिएको हो । यसका निम्ति भन्सारका उच्चतम दरहरूलाई घटाउँदै लगेर न्यूनतम पार्नुपर्ने शर्तका अतिरिक्त आयातका निम्ति आवश्यक हुने विदेशी मुद्रा प्राप्त गर्न लिनुपर्ने इजाजत र तिनको विनिमय दर निर्धारणमा रहेका नियन्त्रणहरू खरेज गर्नुपर्ने, आयातमा लगाइएका परिमाणात्मक बन्देज वा कोटा प्रणाली खारेज गर्नुपर्ने र भन्सार प्रशासनलाई सरल र पारदर्शी तुल्याइनुपर्ने जस्ता शर्तहरू पनि राखिएका छन् । यस संगठनका सदस्य राष्ट्रहरूबाहेक अन्य राष्ट्रहरूलाई यस संगठनले उपलब्ध गराउने व्यापार सुविधाहरू उपभोग गर्न नदिने यसको मूल उद्देश्य हो । गैरसदस्य राष्ट्रहरूले व्यापार नै गर्न नपाउने नभई उनीहरूले सदस्य राष्ट्रहरूसँग व्यापार गर्दा कुनै सुविधा नपाउने मात्र हो, जसको परिणामस्वरूप गैरसदस्य राष्ट्रका उत्पादनहरू सदस्य राष्ट्रहरूमा प्रवेश गर्न सक्दैनन् । अर्थात् अन्तर्राष्ट्रिय बजारलाई आफ्नो नियन्त्रणमा लिई सदस्य राष्ट्रहरूलाई मात्र त्यसभित्र व्यापार गर्न दिने यसको मूल उद्देश्य हो । अर्थात् सदस्य राष्ट्रहरूबीच सुविधायुक्त व्यापार गर्नु हो । औद्योगिक उत्पादनहरूका अतिरिक्त विश्व व्यापार संगठन अन्तर्गत वौद्धिक सम्पत्तिसम्बन्धी (Trade Related Intellectual Property Rights, TRIPS), लगानीसम्बन्धी सम्झौता (Trade Related Investment Measures and Services, TRIMS) तथा सेवाहरूको व्यापारसम्बन्धी सम्झौता (General Agreement on Trade in Services, GATS) को पनि व्यवस्था छ । यी सम्झौताहरू अन्तर्गत प्याटेन्ट राइट, दूरसञ्चार सेवा, बैंकिंग तथा वित्तीय सेवाहरू विदेशीहरूलाई पनि खुला गर्नुपर्ने व्यवस्था छ । माथि उल्लेख गरिएझैं विकसित मुलुकहरूमा असीमित पुँजी एकत्रित भएको छ । त्यसैले त्यो पुँजीको उपयोग गरी आफ्नो सम्पन्नतालाई निरन्तरता दिन र अझ बढाउन पनि विश्वव्यापीकरणको अभियानमार्फत पुँजी आवतजावत गर्न सक्ने वातावरण तयार गर्नु अनिवार्य भएको थियो । यसै प्रयोजनका निम्ति डब्लुटिओमा TRIMS सम्बन्धी सम्झौता गरिएको हो । र, आइएमएफले शोधनान्तरको चालू खाता र पुँजी खाता दुवै खुला गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने गरेको हो ।

यसरी अहिले विश्वव्यापीकरण उपेक्षा गर्न नसकिने एउटा जबर्जस्त लहरका रूपमा विश्वका सामु आएको छ । विकासशील मुलुकका अर्थव्यवस्थालाई त्यस अनुरूप नलगी विकास तथा समृद्धि हासिल गर्न सकिन्न भन्ने विश्वास दिलाउन खोजिएको छ । यो अभियानमा कुनै न कुनै रूपमा सरिक नभई एक्लिएर बसेर विकास तथा समृद्धि हासिल गर्न नसकिने स्थिति सिर्जना गरिएको छ । यसरी एक्लिएर बसेका मुलुकहरूको आर्थिक अवस्था सन्तोषजनक रहेको पनि छैन । बाह्य पुँजी, प्रविधि तथा व्यवस्थापनलाई अर्थात् विश्वव्यापीकरणलाई देश तथा जनताको अधिकतम हित हुने गरी उपयोग गरेर अगाडि बढ्नुसिवाय यतिखेर अर्को विकल्प देखिएको छैन, जस्तो चीनले गरिरहेको छ । यसरी अहिले वस्तु, पुँजी तथा प्रविधि सम्पन्न विकसित मुलुकहरू तथा तिनका नागरिकहरूलाई लगानी र व्यापारका लागि विश्वका कुन मुलुकमा बढी सुविधा, सुरक्षा र नाफाको सम्भावना उपलब्ध छ । त्यो छान्ने अवसर र वातावरण तयार भएको छ । यसले गर्दा उनीहरू जहाँ बढी नाफा कमाउन सक्छि, त्यहाँ मात्र गइरहेका छन्, अरूको उपेक्षा गरिरहेका छन् । विडम्वनान के छ भने विकासशील मुलुकहरू विदेशी पुँजी तथा प्रविधि प्राप्त गर्नका लागि उनीहरूलाई सुविधा दिन आपसमा प्रतिस्पर्धा गरिरहेका छन् । उनीहरूलाई आकर्षित गर्न करका दरहरू घटाउने, विद्युत्, टेलिफोन, भिसा, सटही सुविधा आदि सेवाहरूमा सुविधा बढाउँदै जाने कुरामा आपसमा प्रतिस्पर्धा गरिरहेका छन् । यति मात्र होइन, यसरी विकासशील मुलुकहरूमा गरिने वैदेशिक लगानी जोखिममा नपरोस् भनेर त्यसको सुरक्षाको निम्ति विश्व बैंककै एक समूहका रूपमा बहुपक्षीय लगानी सुरक्षा प्रत्याभूति निकाय समेतको स्थापना गरिएको छ । फलस्वरूप सन् १९८० को दशकको अन्ततिर विकसित मुलुकहरूबाट विकासशील मुलुकतर्फ वार्षिक ११५ अर्ब अमेरिकी डलर बराबरको वैदेशिक प्रत्यक्ष लगानी प्रवाह भएकोमा सन् १९९९ मा ८६५.५ अर्ब अमेरिकी डलर बराबरको पुँजी प्रवाह भएको थियो । तर, विदशी निजी पुँजी धेरै जसो पोर्टफोलियो लगानीमा आउँछ, जसबाट अर्थव्यवस्थामा प्रत्यक्ष रूपमा थप पुँजी निर्माण हुँदैन । यस्तो पुँजी अत्यन्त अस्थिर र मौका परस्त पनि हुन्छ । साथै, यस्तो पुँजी, पुँजी निर्माणमा आयो भने पनि White

Goods Sector हरूमा आउने गरेको छ, जसले उच्च मध्यम र उच्च वर्गका निम्ति बिलासिताका वस्तुहरूको मात्र उत्पादन गर्दछ ।

निश्चित विषय, प्रविधि वा पद्धतिलाई हेर्ने विश्व दृष्टिकोणमा समानता हुनु र उक्त मुद्दाले अन्तरसम्बन्धित एकभन्दा बढी मूल्यमा असर पर्नु विश्वव्यापीकरण हो । विश्वव्यापीकरण एक अर्थमा सीमाविहीन गतिविधिको प्रभाव हो भने अर्को अर्थमा पारस्परिक परनिर्भरता हो । खासगरी विश्वव्यापीकरण पुँजी प्रविधि र सीपको फैलावटसँग सम्बन्धित छ । बढ्दो आर्थिक क्रियाकलाप, उद्योगभन्दा र जनसांख्यिक आप्रवाहमा आएको विश्वव्यापी परिवर्तनलाई विश्वव्यापीकरणको रूपमा बुझिन्छ । जसलाई उदारीकरण, पश्चिमीकरण आदिका रूपमा पनि बुझिने गरिएको छ । विश्वव्यापीकरणको सन्दर्भ अन्तर्राष्ट्रिय सहयोग र वैदेशिक लगानीसँगै अगाडि बढेको हो । क्षेत्रीय तथा विश्वव्यापी आर्थिक सामाजिक संगठनहरूको सक्रियताले यसलाई व्यापक गहिराईका सन्दर्भमा सूचना प्रविधि र वैंकिङ्ग क्षेत्रमा भएको व्यापक विकासले अझ सुदृढ गरायो । बढ्दो सहरीकरण, नयाँ नयाँ प्रविधिको विकास र अन्तर्राष्ट्रिय रोजगार बजारका माध्यमबाट विश्वका मुलुकहरू परस्पर अन्तरनिर्भर बन्न पुगे । विश्वव्यापीकरणको यस प्रभावबाट व्यवस्थापनले राष्ट्रिय सन्दर्भलाई नभई विश्व बजार र यसको प्रवृत्तिलाई दृष्टिगत गर्नुपर्ने अवस्था आएका कारण नयाँ नयाँ सोंच र पद्धति अगाडि आए । सरकारी प्रशासन पनि यसको प्रभावबाट अछुतो रहन सकेन खासगरी सूचना प्रविधिको उपयोग जनमुखी र लागत प्रभावी प्रशासनिक परिपाटी निजी क्षेत्रसँगको प्रतिस्पर्धात्मक तथा सरकारको कल्याणकारी अवधारणालाई समेत आत्मसात गर्नेपर्ने बाध्यता निजीस्तरलाई छ । यस परिस्थितिबाट नेपालको ग्रामीण विकास पनि अछुतो छैन । अतः विश्वव्यापीकरण सकारात्मक पक्षलाई ग्रहण गर्दै नकारात्मक असरलाई न्यूनीकरण गर्न सक्ने क्षमताको विकास गर्नु जरूरी भएको छ ।

**विश्वव्यापीकरणका दुष्परिणामहरु**

यस्तो विश्वव्यापीकरणले विश्वका विकसित तथा सम्पन्न राष्ट्रहरूलाई मात्र लाभ पुऱ्याएको र गरीब राष्ट्रहरूलाई ठूलो नोक्सान पुऱ्याएको निष्कर्ष संयुक्त राष्ट्रसंघको सेप्टेम्बर २००० को शहस्राब्दी शिखर सम्मेलन (Millennium Summit) ले निकाल्यो । त्यही शिखर सम्मेलनले विश्वव्यापीकरणको अभियानले विश्वका गरीब राष्ट्रहरूमा गरिबी, बेरोजगारी, भ्रष्टाचार तथा आर्थिक असमानतालाई उत्कर्षमा पुऱ्याएको निष्कर्ष निकाल्यो । सन् १९८८ र १९९३ का बीचमा विश्वका १० प्रतिशत सबैभन्दा गरीब जनताले पाउने विश्वको कूल आयको अंश २५ प्रतिशतभन्दा बढीले घटेको छ भने १० प्रतिशत सबैभन्दा धनी जनताको अंश ८ प्रतिशतले बढेको निष्कर्ष २८ अप्रिल, २००१ को 'इकोनोमिष्ट' पत्रिकामा प्रकाशित एक अध्ययन प्रतिवेदनले देखाएको छ । यही कारणले विश्वमा आतङ्कवादले टाउको उठाएको निष्कर्ष पनि विशेषज्ञहरूले निकालेका छन् । साथै, यही अभियानको पछाडि आँखा चिम्लेर लाग्नाले सन् १९९४ मा मेक्सिकोमा, सन् १९९७ मा थाइल्याण्ड, मलेसिया, इन्डोनेसिया र कोरियामा र सन् १९९८ मा रूस र ब्राजिलमा र त्यसपछि टर्की र अर्जेन्टिनामा अभूतपूर्व आर्थिक संकट आइपऱ्यो । यी सबै मुलुकका अर्थतन्त्रहरू अद्यापि संकटपूर्वको अवस्थामा आउन सकिरहेका छैनन् । संकट मोचनका निम्ति भनेर आइएमएफ, विश्व बैंक, एसियाली विकास बैंक तथा विकसित राष्ट्रहरूले यी राष्ट्रहरूलाई उल्टै खर्बौं डलरको ऋणको भार बोकाएका छन् । नेपालजस्तै सुरूदेखि आर्थिक उदारीकरण कार्यक्रम लागू गरेका अफ्रिकी राष्ट्रहरूको प्रतिव्यक्ति आय सन् १९६० को स्तरभन्दा र ल्याटिन अमेरिकी राष्ट्रहरूको प्रतिव्यक्ति आय सन् १९७० को स्तरभन्दा माथि जान सकेको छैन । नेपालमा पनि देश र जनताको वास्तविक अवस्थाको उपेक्षा गरी जुन ढंगले उदारीकरण र विश्वव्यापीकरणका कार्यक्रमहरू लगू गरियो, त्यसको परिणाम आज देशले भोगिरहेको छ । हाम्रो जस्तो अतिकम विकसित, गरिबी र पछौटेपनबाट ग्रस्त मुलुकमा आर्थिक क्रियाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई जिम्मा दिने र सरकार पछाडि हट्ने गरेकोले आज गरिबी, बेरोजगारी तथा आर्थिक असमानताले देश आक्रान्त बनेको छ । सरकार आर्थिक क्रियाकलापहरू सञ्चालन गर्न निस्क्रिय रहेकै कारणले देशको आर्थिक मेरूदण्डका रूपमा रहेको कृषि क्षेत्र यो दुरावस्थामा पुगेको हो, ग्रामीण क्षेत्र यसरी जर्जर र तवाह हुन पुगेको हो । ग्रामीण तथा घरेलु उद्योगको क्षेत्र समाप्त प्रायः हुन पुगेको हो । देशको उद्योग र वित्तीय क्षेत्र तहसनहस हुन पुगेको हो । जबकि, यस्तै विश्वव्यापीकरणको नीतिलाई देशको वस्तुस्थिति अनुरूप रचनात्मक ढंगले लागू गर्दै गएकोले चीन आज एसियाको मात्र होइन कि विश्वकै एउटा सशक्त आर्थिक शक्तिका रूपमा अगाडि आएको छ । यिनै अनुभव र उदाहरणहरूका आधारमा संयुक्त राष्ट्रसंघको उक्त शिखर सम्मेलनले उपरोक्त निष्कर्ष निकाली सहस्राब्दी विकासको लक्ष्य (Millennium Development Goals, MDG) निर्धारण गर्नुपरेको हो, जस अन्तर्गत सन् २०१५सम्म

विश्वको गरिबी आधा घटाउने र भोकमरी निवारण गर्ने आदि लक्ष्यहरू निर्धारण गरिएका छन् ।

आफ्नै अध्ययन तथा मूल्यांकनहरूका आधारमा आइएमएफ तथा विश्व बैंकले पनि त्यसै ताका झण्डै यस्तै किसिमको निष्कर्ष निकालेर उदारीकरण र विश्वव्यापीकरणको कार्यक्रमलाई विश्वभरी लागू गर्ने कडीका रूपमा ल्याइएको विस्तारित संरचनात्मक समायोजन कार्यक्रम (Enhanced Strctural Adjustment Facility, ESAF)लाई खारेज गरी गरिबी न्यूनीकरण तथा आर्थिक वृद्धि गर्ने कार्यक्रम (Poverty Reduction and Growth Facility, PRGF) ल्याइएको हो । यो कार्यक्रम अन्तर्गत समष्टिगत तथा क्षेत्रगत विकास कार्यक्रमहरूमा गरिबी न्यूनीकरण गर्ने खालका कार्यक्रमहरूलाई प्राथमिकता दिने, सुशासन दिने तथा भ्रष्टाचार नियन्त्रण गर्ने आदि कुराहरूलाई उच्च प्राथमिकता दिने भनिएको छ । यसबाट विश्वमा सन् १९८० देखि उदारीकरण र सन् १९९० देखि विश्वव्यापीकरणको जुन अभियान छेडियो, त्यो विश्वमा नै असफल भएको प्रमाणित हुन्छ । यदि भनिएका उद्देश्यहरू हासिल हुन सकेका भए संयुक्त राष्ट्रसंघले सहस्राब्दी विकास लक्ष्य तथा आइएमएफ तथा विश्व बैंकले इएसएएफलाई खारेज गरेर पीआरजीएफ ल्याउनैपर्ने थिएन । उदारीकरण तथा विश्वव्यापीकरणले उच्च आर्थिक वृद्धिदर हासिल हुने, त्यसका साथसाथै गरिबी तथा बेरोजगारी स्वतः निवारण हुँदै जाने, मुलुकहरू विकसित र समृद्ध हुँदै जाने र मुलुकहरूमा आर्थिक तथा राजनीतिक स्थिरता तथा स्थायित्व स्थापित हुने जुन दलील दिइएको थियो, त्यो पूर्णतः असत्य सावित हुन गएको छ । मेक्सिको, थाइल्याण्ड, मलेसिया, इण्डोनेसिया, कोरिया, ब्राजिल, रूस, टर्की, अर्जेन्टिना आदि मुलुकहरूको आर्थिक तवाही तथा राजनीतिक अस्थिरता र विकासशील राष्ट्रहरूमा बढ्दै गएको गरिबी, बेरोजगारी तथा विभिन्न क्षेत्रमा देखा परेको आतंकवाद यसको ज्वलन्त उदाहरण हो । त्यसैगरी नेपालको वर्तमान आर्थिक तथा राजनीतिक अवस्था स्वयं नै पनि यस कुराको जीउँदो उदाहरण हो । तर यसको अर्थ पश्चिमा विकसित राष्ट्रहरू र अन्तर्राष्ट्रिय संघसंस्थाहरूले उदारीकरण तथा विश्वव्यापीकरणको अभियान त्यागे भन्ने किमार्थ होइन । अहिले पनि उदारीकरण र विश्वव्यापीकरणप्रतिको विश्वास पहिलेझैं नै अविचलित छ । अहिले गर्न खोजिएको प्रयत्न त्यो नीतिका स्वाभाविक परिणामहरूलार्य केही क मगर्न सकिन्छ कि भन्ने प्रयास मात्र हो । यसमा पनि विकसित मुलुकहरूको पूर्ण समर्थन र प्रतिबद्धता देखिएको छैन । यसै भएकोले आर्थिक संकटको भुमरीमा परिरहेका उपरोक्त मुलुकहरूलाई संकटबाट पार हुन् अरू उदारीकरण गर्नुपर्दछ भनिएको छ ।

विश्वव्यापीकरणले उच्च गुणस्तरका औद्योगिक उत्पादन, पुँजी, प्रविधि तथा व्यवस्थापन दक्षता विश्वका जुनसुकै मुलुकमा पनि निर्वाध रूपमा जान पाउनुपर्दछ भन्ने जुन अवधारणा बोकेको छ, त्यसबाट यी कुराहरू प्रचुर मात्रामा हुनेहरूलाई निश्चित रूपमा लाभ पुऱ्याउँछ र पुऱ्याइरहेको पनि छ । अहिलेका विपन्न मुलुकहरूसँग पनि यी कुराहरू प्रचुर मात्रामा भइदिएको भए विश्वव्यापीकरणको उपरोक्त प्रावधान अनुसार यिनीहरूले पनि त्यसबाट भरपुर लाभ लिन पाउने थिए । तर, यिनै कुराहरूको अभाव भएकोले नै यी मुलुकहरू विपन्न, गरीब, अतिकम विकसित र पछौटे रहन गएका हुनाले विश्वव्यापीकरणबाट उनीहरूले लाभ पाउने गुञ्जायस नै छैन । यो प्रमाणित सत्य हो कि जोसँग धेरै बिक्रीयोग्य कुराहरू छन् उसले नै विश्वव्यापीकरणबाट फाइदा लिन सक्दछ । त्यसैले वर्तमानमा विश्वव्यापीकरणबाट उच्च गुणस्तरीय औद्योगिक उत्पादन, विविध किसिमका प्रविधिहरू, झण्डै असीमित पुँजी तथा उच्चस्तरीय व्यवस्थापन दक्षता भएका विकसित मुलुकहरूले नै एकतर्फी रूपमा लाभ उठाइरहेका छन् । त्यो लाभ देखेर नै उनीहरूले यसलाई योजनाबद्ध रूपमा कम विकसित मुलुकहरूमा आक्रामक ढंगले अगाडि बढाइरहेका छन् । अल्पविकसित मुलुकहरूमा केही कृषि उपज, सस्तो श्रमशक्ति र केही प्राकृतिक सम्पदाहरूबाहेक विकसित मुलुकहरूको बजारमा बिक्री हुन सक्ने कुनै खास कुरा हुँदैनन् र छैनन् पनि । विश्वव्यापीकरण प्रतिस्पर्धाको दुहाइ दिन्छ । तर, यस्ता विपन्न मुलुकहरूले सबै कुराले सम्पन्न विकसित मुलुकहरूसँग कसरी प्रतिस्पर्धा गर्न सक्दछन् ? यो स्थितिमा विपन्न मुलुकहरूको बजार खुला गरिदिँदा विकसित देशका उत्पादनहरूले स्थानीय उत्पादनहरूलाई छिनभरमै सखाप पार्दछन् र पारिरहेका पनि छन् । स्वयं नेपालले यो स्थितिको सामना गरिरहेको छ । नेपालका उद्योगहरू यसै कारणले धराशायी भएका हुन् । विकसित मुलुकहरूले आइएमएफ, विश्व बैंक तथा विश्व व्यापार संगठनमार्फत विकासशील मुलुकहरूको बजार आफ्ना उत्पादन, पुँजी, प्रविधि आदिका निम्ति खुला गर्न दबाब दिने गर्दछन् । तर,उनीहरू स्वयं विकासशील मुलुकका सीमित उत्पादनहरूका निम्ति पनि आफ्ना बजारहरू खुला गर्न तयार हुँदैनन् । त्यसैगरी विकासशील मुलुकहरूलाई कृषि तथा अन्य क्षेत्रमा सरकारी अनुदान दिनुहुँदैन भनी त्यसलाई खारेज गर्न दबाब दिन्छन् । तर, स्वयं अमेरिका कृषिमा दिइरहेको अनुदान घटाउन तयार हुँदैन । विश्व बैंकको एक अध्ययन प्रतिवेदन अनुसार धनी

मुलुकका सरकारहरूले कृषि क्षेत्रलाई वार्षिक ३५० अर्ब अमेरिकी डलर बराबरको अनुदान दिइरहेका छन्, जुन उनीहरूले विकास सहायताका रूपमा वार्षिक रूपमा दिँदै आएको रकमभन्दा झण्डै ७ गुणा बढी छ । उनीहरूले दिइरहेको यो अनुदान रकमले विकासशील मुलुकका गरीब जनतालाई गरिबीबाट माथि उठ्न दिइरहेको छैन । कस्तो विडम्बना, अमेरिका र युरोपको कृषिलाई सरकारी अनुदान चाहिने तर नेपालको जस्तो परम्परागत र निर्वाहमुखी कृषिलाई अनुदान नचाहिने ! खुला सीमाना पारी कृषिमा पर्याप्त अनुदान दिने गरिएको छ । तर, नेपालमा कृषि क्षेत्रको विकास गर्न सरकारी अनुदान खारेज गरिएको छ । विकासशील मुलुकहरूलाई संरक्षणवाद त्याग्न दबाब दिइन्छ । तर, स्वयं अमेरिका आफ्ना स्टिल उद्योगहरू र कपास खेती गर्ने किसानहरूलाई अत्यधिक मात्रामा संरक्षण दिइरहेको छ । यी अन्तर्राष्ट्रिय संस्थाहरू पनि अमेरिका र विकसित मुलुकहरूको अगाडि नतमस्तक रहन्छन् ।

**विश्वव्यापीकरणका समस्याहरु (Problems of Globalization)**

विश्वव्यापीकरणले विकासोन्मुख मुलुक अझभन्दा नेपालजस्ता मुलुकमा विभिन्न नकारात्मक प्रभाव परी त्यस्ता मुलुकको कच्चा पदार्थ, उत्पादनजस्ता विषयहरूमा नकारात्मक परिवर्तन ल्याई आर्थिक धरातलीय स्वरूपमा ज्वालामुखी धारण गर्न सक्दछ । यस्ता ज्वालामूखीलाई समयमा नियन्त्रण, नीति, नियमजस्ता पक्षहरूबाट बाँध्न एवं त्यसअनुरूप कार्यान्वयन तहसम्म पुग्न या पुऱ्याउन सकिएन भने विश्वव्यापीकरण एक 'सति महिलाको सराप' झैं हुनसक्छ । यसर्थ विश्वव्यापीकरणले मुख्यतया निम्नलिखित कुराहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्न सक्दछ :

(क) विश्वव्यापीकरण एक राक्षसी स्वरूप हो जबसम्म स्वतन्त्र उदार आर्थिक नीतिको कसी छोडी स्वतन्त्रतापूर्वक पुँजी प्रवाह, लगानी, उत्पादन, प्रविधिहरूको आयात हुन्छ, स्थानीयस्तरमा विशेषतः ग्रामीण समाजमा जीवित रही सञ्चालनमा रहेका थोरै पुँजी, लगानी, न्यून उत्पादन र स्थानीय प्रविधिहरूको लोप भई अन्य प्रविधि भित्रिने र बाह्य हस्तक्षेप आदिको कारणबाट बाह्य शासित आर्थिक नीति तय हुन सक्दछ ।

(ख) विभिन्न मुलुकहरूमा विश्वव्यापीकरणका कारण जति राष्ट्रिय आयमा वृद्धि भनी यसको पक्षमा हनुमान बनी जति भजन भने पनि यसले धनीलाई झन धनी दुईगुणा र गरिबलाई गरीब रातको चौगुणा वृद्धि गर्ने श्रेय विश्वव्यापीकरणलाई जान्छ ।

(ग) विश्वव्यापीकरण मान्यताले गर्दा ग्रामीण समाजमा हुर्कँदै गरेका जस्तै घरेलु उद्योग, साना तथा मझौला उद्योगहरू, हातेलुम, सिलाई बुनाई जस्ता व्यवसाय फस्टाउन पुगेका छैनन् । यसको प्रमुख कारक तत्व वैदेशिक वस्तुको प्रवाहले स्वदेशी वस्तुको कम प्रवाह हुन गई स्थानीय बजारको पहुँचमा वृद्धि हुनु हो ।

(घ) विश्वव्यापीकरण पद्धतिमा वा यान्त्रिक प्रविधिको प्रयोग जसबाट उत्पादित वस्तुहरूको न्यून मूल्यको कारण स्थानीय तहका उत्पादित वस्तुले प्रतिस्पर्धा गर्न नसक्ने समस्या आउँछ । अर्कोतर्फ वैदेशिक लगानीको प्रवेशले स्वदेशको लगानी पर्याप्त नहुने या गर्न नसक्ने कारण आर्थिक आम्दानी जति विदेशिने सम्भावना प्रबल भइदिन्छ ।

(ङ) विश्वव्यापीकरणका राक्षसी स्वरूपका कारण स्थानीयस्तरमा रहेको कच्चा पदार्थ तथा प्राकृतिक स्रोतको अति प्रयोग हुने जसबाट वातावरणीय स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने हुन्छ । यसबाट स्व-निर्भरभन्दा पर-निर्भरतामा विशेष जोड दिन्छ ।

**विश्वव्यापीकरणका कर्ताहरु**

विश्वव्यापीकरणका एउटा बहुआयामिक एवं गतिशील प्रक्रिया हो । राष्ट्रिय राज्यहरूले आफ्ना नीति तथा कार्यक्रमहरूमार्फत् खुकुलो एव उदारमुखी आर्थिक तथा सामाजिक आबद्धीकरण बढाउने गर्दछ । यसको विस्तृतीकरण तथा अभिवृद्धिमा केवल राज्य मात्र नभई गैर राज्यकर्ताको पनि सम्मिलन तथा एकीकरणमा महत्वूर्ण भूमिका रहन्छ । यसको विकास तथा तथा प्रबर्द्धनका कर्ताहरू State Actor र Non State Actor गरी २ भागमा विभाजन गर्न सकिन्छ । जुन देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ ।

**१. State Sector**

१. राज्य : निश्चित भूगोलभित्र सार्वभौम सरकारद्वारा शाशित अन्तर्राष्ट्रिय समुदायबाट मान्यता प्राप्त मानवीय समुदाय नै राज्य हो । यो विश्वव्यापीकरण प्रक्रियाको प्रमुख तथा महत्वपूर्ण कर्ता हो । जुन विश्वव्यापीरूपमा १९२ वटा राज्यहरू रहेका छन् ।

१.२ सरकार भनेको राज्य सञ्चालन गर्ने वैधानिक मानवीय समुदाय हो । जुन जनताबाट अनुमोदित भएर आउँछ । विश्वव्यापीकरण प्रक्रिया तथाविधिमा यो जीवित साधन हो । जसले विश्वव्यापीकरणलाई

गतिशीलता तथा सार्थकता दिन्छ । आफ्ना दीर्घकालीन तथा अल्पकालीन नीति तथा कार्यक्रममार्फत् विश्वव्यापीकरणको प्रक्रियालाई कार्यन्वयन गर्दछ ।

२. **Non- State Actor:**

राज्य बाहेकका निकायहरू जसले विश्वव्यापीरूपमा कार्यक्षेत्रमा आफ्ना गतिविधि सञ्चालन तथा व्यवस्थापन गर्दछन् । यिनीहरूले राज्यहरूसँग सहकार्य तथा सहभागितामा खुला तथा उदार आर्थिक नीति सञ्चलन गर्न प्रबर्द्धनात्मक तथा विकासात्मक कार्यहरू गर्दछन् ।

२.१ IGN or Inter Governmental Organization : सार्वभौम राष्ट्रहरूको सदस्यताबाट निर्मित क्षेत्रीय वा विश्वव्यापी कार्यक्षेत्र भएको संगठित एवं स्वशासित संगठन Intergovernmental Organization हो । जस्तै IPCV, UNO, WHO, WB, IMF, WTO, UNSCO आदि संगठनहरू IGO हुन् र जसले मुख्यरूपमा विश्वव्यापीकरण प्रक्रियालाई सहयोग तथा विस्तार गर्ने वैध निकाय तथा प्रवन्ध हुन् ।

२.२ INGO (International Governmental Organization) गैर नाफामुलक, स्वतन्त्र, संयसेवी मानिसहरू सहितको संरचना जुन स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा काम गर्ने निकाय नै International Governmental Organization हो । विश्वव्यापी कार्यक्षेत्र हुने हुँदा त्यसले सामाजिक कल्याण तथा विकासका काम गर्दै विश्वव्यापी सञ्जालमार्फत् विश्वव्यापीकरणलाई प्रबर्द्धन तथा विस्तार गर्दछ । जस्तै Red Cross, Oxfam, WWF, Greenpeace संगठनहरू INGO हुन् ।

२.३ MNC's TNCs ( Multinational Transnational Corporations) दुईभन्दा बढी देशहरूमा सञ्चालन हुने वस्तु तथा सेवाहरूको नाफामूलक उत्पादन तथा बिक्री विवरण गर्ने कम्पनी नै मुख्य कार्यालय स्थापना गरी विश्वव्यापी शाखा तथा उत्पादन एवं विकास प्लान्टहरू विस्तारगरी आफ्नो व्यापार व्यवसाय कानुनी रूपमा सञ्चालन गर्दछन् । आफ्नो व्यापार व्यवसाय गर्ने कार्यक्षेत्र नै विश्वबजार भएपछि यीनीहरूले विश्वव्यापीकरणलाई विस्तार र विकास गर्ने महत्वपूर्ण भूमिका खेल्दछन् । यिनीहरूका कारोबार तथा नेटवोर्कले पनि विश्वव्यापीकरणलाई प्रबर्द्धन गर्दछन् । जस्तै Cocacola, Dabur, Sony, Nike आदि कम्पनीहरू MNCs/ TNCs हुन ।

२.४ Activists of Group : आम जनताको राजनीति, सामाजिक तथा आर्थिक कल्याण र परिवर्तनका लागि अभियान तथा आन्दोलन सञ्चालन गर्ने स्वतःस्फूर्त मानवीय समूह नै Activists of Group हुन । जस्तै IFAT, PETA,NOW, SSCS / ADBUSTER आदि Activists Group हुन् । जसले विश्वव्यापी रूपान्तरण एवं परिवर्तनका अभियानले नै विश्वव्यापीकरणको प्रबर्द्धन तथा विस्तार गर्दछ ।

**विश्वव्यापी तत्व तथा निर्धारकहरु**

विश्वव्यापीकरण एउटा बहुआयामिक प्रक्रिया तथा रणनीति हो । यस प्रक्रियामा धेरै बाहिरी तथा आन्तरिक तत्वहरूले प्रभाव पार्दछन् । यस्ता तत्वहरू मध्ये कुनै विश्वव्यापी छन् भने कुनै भौगोलिक सीमामा सीमित छन् ।

१. Global Markets : वस्तु, सेवा, श्रम तथा पुँजीको निर्वाध आवागमन नै विश्वव्यापीकरण हो । त्यसैले अन्तर्राष्ट्रिय रूप वित्तीय बजार, पुँजीबजार र प्रविधिबजार नै विश्व बजारका खेलाडी तत्वहरू हुन । वित्तीय बजार, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, ADB, European Bank, AIIB जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्था तथा अन्य विश्व वित्त बजारले विश्वव्यापीकरणको प्रक्रियालाई सहयोग तथा विस्तार गर्दछन् । विश्व श्रम बजारमा श्रमिकहरूको आवागमन तथा माग र पूर्तिकोविचको सन्तलनबाट पनि विश्वव्यापीकरणको प्रक्रियालाई सहजीकरण गर्दछ ।

२. Global Fair Competition : विश्व बजारमा स्वच्छ प्रतिस्पर्धाले विश्वव्यापीकरण प्रक्रियालाई बलियो तथा एकीकृत बनाउँदछ । This Competition Sets the paths of Production Restructuting its Restructuring its Organization and Fast the technology progress. आन्तरिक तथा बाहिरी कम्पनीको प्रतिस्पर्धाले वस्तु तथा सेवा र पुँजी गुणस्तरीयता एवं मितव्यव्ययिता र प्रभावकारिता बढाउँछ ।

३. गतिशील Foreign Direst investement ( FDI) को कारणले पनि वस्तु सेवा प्रवाह विश्वववयापीकरणमा सहयोग गर्दछ । Foreign Direct Investments Change streams and Structure of of International trade and influence on developmentprocesses. Companies inplement global . expansion strategies, recognize and change management methods in order to decrease codt, improve profits,

minize the risk and process a competitive advantavge on the global market. यसले विश्व बजारमा आर्थिक सहयोग, लगानी एवं प्रविधि हस्तान्तरण गर्दछ ।

४. प्रविधि परिवर्तन, कम्प्यूटर विज्ञानमा विकास, सञ्चार र यातायातको विकासले उत्पादन, प्रशोधन एवं पारबाहन तथा बजारीकरणको प्रक्रियामा Cost मा व्यापक कटौती गर्दछ । जसले उद्योग तथा कम्पनीको विस्तार तथा विकासमा विश्वव्यापीकरण गर्न सहयोग गर्दछ । Globalization is connected with companies new activities and their specialization in the global scale ( investment, trade, production, technology development, Research and Development, R& D, New Products and marketing).

५. Global relationship and Interactions : खुल्ला व्यापार तथा सीमाहिन प्रक्रियाले राज्यहरूबीच, कम्पनीबीच, व्यापारीहरूबीच तथा उपभोक्ताबीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धमा हुने विस्तारले विश्वव्यापीकरणको प्रक्रियालाई बढी गतिशील एवं पारदर्शी बनाउँछ ।

६. Education : विश्वव्यापी शिक्षाले पनि विश्वव्यापीकरणलाई ज्ञान, अनुसन्धान तथा सिद्धान्तको निरन्तर आदान प्रदान गराउँछ ।

७. Ecology : पर्यावरणले पृथ्वीलाई एउटा Single Ecosystem को रूपमा व्यवहार गर्दछ । यिनीहरूका साथै व्यापार तथा लगानी उदारीकरण, प्रविधि विकास र सञ्चार, उद्यमशीलता विस्तार र विश्वव्यापी सञ्जाल जस्ता विषय पनि विश्वव्यापीकरणका प्रभावकारी तत्वहरू हुन ।

**विश्वव्यापीकरणबाट विकासशील मुलुकहरुमा प्रभाव**

विश्वव्यापीकरण भनेको वस्तु, सेवा, पुँजी र श्रमशक्तिको अन्तर्राष्ट्रिय एकीकरण (Integration) हो । अर्थात् यी कुराहरूको मुलुकमुलुक बीच हुने आवागमन (Movement)लाई निर्वाध र सहज तुल्याउनु हो । वस्तु, सेवा, पुँजी, प्रविधि र जनशक्तिलाई अधिक भएको मुलुकहरूबाट तिनको अभाव भएका मुलुकहरूमा सहज र सुरक्षित रूपमा ओहोरदोहोर गर्न दिइनु हो । अर्थात् यी कुराहरूको माग वा प्रतिफल कम वा हुँदै नभएका मुलुकहरूबाट बढी भएका मुलुकहरूमा सहज, सरल र सुरक्षित रूपमा जान दिइनु हो । यसले वस्तु, सेवा, पुँजी, प्रविधि र जनशक्तिको ओहोरदोहोरमा कुनै भौगोलिक सीमाले अवरोध गर्नुहुँदैन भन्ने मान्यता राख्दछ । अर्थात् यसले विश्वका सम्पूर्ण मुलुकहरूले आफ्नो देशका वस्तु, सेवा र पुँजी तथा अरू मुलुकका वस्तु, सेवा र पुँजीबीच कुनै भेदभाव र पक्षपात गर्नुहुँदैन भन्दछ । अर्को शब्दमा विश्वव्यापीकरणले यी कुराहरू जहाँका भए पनि यदि आफ्ना देशका नागरिकहरूले वा विदेशी नागरिकहरूले तिनलाई देशभित्र ल्याई उपयोग, भोगचलन वा बिक्री वितरण गर्न चाहन्छन् भने तिनलाई बिना कुनै वाधाविरोध आफ्नै मुलुकका वस्तु, सेवा र पुँजीसरह समान राष्ट्रिय व्यवहार (National Treatment) दिई भित्र्याउन दिइनुपर्दछ र फर्कन चाहेको अवस्थामा पनि त्यसरी नै निर्वाध रूपमा फर्कन दिइनुपर्दछ भन्ने मान्यता राख्दछ । विश्वव्यापीकरण भनेको यार्थमा सम्पूर्ण वस्तु, सेवा र पुँजीले विश्व बजारलाई एउटै एकीकृत बजारका रूपमा उपयोग गर्न पाउनुपर्दछ भन्ने अवधारणा हो । विश्वव्यापीकरणलाई अन्तर्राष्ट्रिय व्यापार नै विकास र समृद्धि प्राप्ति तथा गरिबी र बेरोजगारी निवारणको एक मात्र उपाय हो भन्ने मान्यताका साथ अगाडि बढाइएको छ ।

विश्वव्यापीकरणले धर्म, संस्कृतिलगायतका पक्षमा असर पारेको छ । जसको परिणामस्वरूप भाषा, खानपान, पोसाक, पारिवारिक संरचनाजस्ता अनेकन पक्षहरूमा एउटा समान संस्कृतिको विकास हुने क्रममा रहेको देखिन्छ । विश्वव्यापीकरणको राजनीतिक क्षेत्रमा समेत ठूलो असर रहेको देखिन्छ । यसको असरबाट कुनै पनि राष्ट्रले चाहेर पनि मुक्त रहन नसक्ने हुनाले उत्पादित असरको रूपमा समेत लिने गरिएको पाइन्छ । राजनीतिक व्यवस्थामा यसले पार्ने असर राज्यहरूको बीचमा स्वतः बढ्न जान अन्तरक्रियाको कारणले हो जहाँ बाहिरी दबाबको सामना गर्नुपर्दछ । त्यसैले केही विद्वान्हरूले त विश्वव्यापीकरणले राज्यहरूको आन्तरिक स्वायत्ततामा नै आघात पुऱ्याएको छ भन्ने गर्दछन् । अर्कोतर्फ संस्थागत पुनर्संरचना, बेरोजगारी जस्ता पक्षहरू समस्याको रूपमा अन्तर्राष्ट्रिय रूपमै प्रवाहित हुने क्रमले कुनै पनि विकसित र विकासोन्मुख राष्ट्रको राजनीतिक व्यवस्था अप्रभावित रहन सकेको छैन । पृष्ठभूमिमा हामीले उल्लेख गरिसक्यौं कि वर्लिनको पर्खाल भत्किनुसँग विश्वव्यापीकरणलाई आबद्ध गर्ने गरिएको छ । त्यसैले विद्वान्हरू खुल्ला र उदार प्रजातान्त्रिक व्यवस्थालाई यसले समर्थन गर्ने र अधिनायकवाद तथा एकतन्त्रीय व्यवस्थालाई प्रत्यक्ष वा परोक्ष रूपमा दुरूत्साहन गर्छ भन्ने धारणा राख्ने गरिएको पाइन्छ ।

विश्वव्यापीकरणले बहुपक्षीय असर पार्ने सन्दर्भमा सार्वजनिक प्रशासन स्वयंमा अछुतो रहन सक्दैन ।

आर्थिक रूपमा निजीकरण तथा उदार बजार अर्थतन्त्रका अवधारणाहरू आत्मसात गर्दा होस्, उदार प्रजातान्त्रिक व्यवस्थाको अवलम्बन गर्दा होस् वा राज्यले आफ्नो आन्तरिक अधिकार क्षेत्रमा आवश्यक नीति तर्जुमा गर्दा अन्तर्राष्ट्रिय सन्धि सम्झौता, मूल्य एवं मान्यतालाई ध्यान दिनुपर्ने अवस्था नै किन नहोस् जुनसुकै अवस्थामा पनि विश्वव्यापीकरणको असरबाट सार्वजनिक प्रशासन मुक्त हुन सक्दैन । UNDP, World Bank, OECD लगायतका संस्थाहरूले विश्वव्यापीकरणलाई स्वतः व्यवहारमा उतार्न सुशासनलाई सार्वजनिक सेवामा पूर्ण आत्मसात गर्नुपर्ने कुरामा जोड दिएका छन् । यसै प्रसंगमा Owen E. Huges ले भनेका छन् The rigid hierarchial bureaucratic form of public administration, which has predominated for more of the twentieth century is changing to a flexible, market based form of public management. विश्वव्यापीकरणले ल्याएको प्रतिस्पर्धात्मकता, तुलनात्मक लाभको अवधारणा, कार्यसम्पादनमा अपेक्षित सुधार, दिगोपन जस्ता अवधारणाले सार्वजनिक प्रशासनमा नयाँ सार्वजनिक व्यवस्थापनको अवधारणा स्थापित गर्न बल पुऱ्यायो । साथै यिनै अवधारणालाई बल पुग्ने Flexi Time, Quality Circle, Total Quality Management, Kaizen, Lean Management. Performance Pay system जस्ता विधिहरूको प्रयोग सार्वजनिक प्रशासनमा उपयोग गर्नुपर्नेमा जोड दिन थालिएको पाइन्छ । ल्एः र विश्वव्यापीकरण दुवैले केही पक्षहरू लगभग समान रूपमा अंगीकार गरेको पाइन्छ ।

*लेखक भक्तपुर बहुमुखी क्याम्पसमा अर्थशास्त्रका सह-प्राध्यापक हुनुहुन्छ ।*

**सहायक ग्रन्थहरु**


- Frederick Habison and Chares A. Myars: 'Education Growth MC Graw-Hill Inc; Oxford and IBH Publishing Co. New Delhi, Second Indian Reprint 1970.
- प्रा.डा. बासुदेव काफ्ले : हेमराज ढकाल किसान प्रसाद अधिकारी शिक्षामा सामाजिक न्याय Social Justice in Education किर्तिपुर पहिलो संस्करण २०६८ भाद्र ।
- Kisan Prasad Adhikari: Adhikari Social Social Justice Educatio Subhakamana Prakasan, Kath First Edition 8.
- मीन बहादुर विष्ट : शिक्षाको सिद्धान्त साझा प्रकाशन पुल्चोक छैठौ संस्करण २०५० ।
- कमला ज्ञवाली शिक्षामा समन्यायिक पहुँचका लागि दुर तथा खुला शिक्षा र सूचना प्रविधि अनौपचारिक शिक्षा वर्ष २, अंक १, २०७३ अनौपचारिक शिक्षा केन्द्र सानो ठिमि, भक्तपुर ।
- हरि विनोद अधिकारी सामाजिक न्याय शिक्षा र महिला मानव अधिकारका क्षेत्रमा गएका प्रयासहरू शिक्षा वर्ष ३३, अंक १, संख्या ४४, २०७३ पाठयक्रम विकास केन्द्र सानो ठिमि, भक्तपुर ।
- हरि विनोद अधिकारी सामाजिक न्याय शिक्षा र त्यसको अनुसन्धान पक्ष शिक्षा, वर्ष ३०, अंक १, २०७१ पाठयक्रम विकास केन्द्र सानो ठिमि, भक्तपुर ।
- रमेस अर्याल सामाजिक न्याय तथा समानत निजामति सेवा पत्रिका वर्ष ३७, अंक १२, ०७२ पुस, लोक सेवा आयोग
- लेखा जोखा सन् १९९५/ ९६ र २००३/ ०४ केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय योजना आयोगको साचिवालय, नेपाल सरकार माघ २०६३ The World Bank, DFID, ADB.
- शिवराम न्यौपाने नेपालमा शानित प्रक्रियाका प्रयास र चुनौतीहरू व्यापार र विकास वर्ष ४, अंक १, २०६८ कार्तिक पूर्णाक ६, वाणिज्य तथा आ. मंत्रालय ।
- वेगेन्द्र राज शर्मा पौडेल "द्वन्द्व पीडित महिला तथा बालिकाहरूको क्षमता अभिवृद्धिमार्फत् रोजगारी र व्यवसाय विकास कार्यक्रम अद्योगी" चौमासिक बुलेटिन वर्ष १८, आ.व. २०६९.७० अंक २, घरेलु तथा साना उधोग विभाग ।
- रूप नारायण खतिवडा, नेपालमा द्वन्द्व संवेदनशील विकासको सान्दर्भिकता, हुलाक वर्ष ५३, पूर्णाक १९२, २०७२ वैशाख १
- राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ नेपालमा जेष्ठ नागरिकहरूको अवस्था र सुधारका क्षेत्रहरू एक सर्भेक्षण संवाहक मानव अधिकार पत्रिका वर्ष ३, भदौ २०७४ ।
- दिपक राज आचार्य जेष्ठ नागरिकलाई राज्यबाट गरिएको व्यवस्था र कार्यान्वयन लेखा परीक्षण पत्रिका वर्ष ३८, अंक ८९, पौष २०७६, महालेखा परीक्षकको कार्यालय बबरमहल काठमाडौं नेपाल ।
- Dr. Rajendra Shrestha Social Protection Measures in Nepal" Nepal Council of World Affairs Annual Journal 2013.
- Dr. Suman Kumari Sharma "Social Practice in Nepal – some thoughts on Building a social protection Index (SPI) KAMAD Vol.7 No-2, Issue-14 October 2004 (Aswin 2065)
- लक्ष्मी बिलास कोइराला "सामाजिक न्याय र सामाजिक सुरक्षा" नेपाल वर्ष ४५, अंक १, पूर्णाक २०४, श्रावण भदौ २०७१ सूचना विभाग
- राम बाबु नेपाल समृद्धि र सामाजिक सुरक्षा अन्तर सम्बन्ध र व्यवस्थापन कोष ५७ औ वार्षिक विशेषांक २०७५, अंक ८५, कर्मचारी संचय कोष केन्द्रीय कार्यालय, पुल्चोक ललितपुर ।

# वित्तीय क्षेत्रका सार्वजनिक संस्थान र कार्यकुशलता

■ इन्द्रबहादुर देवकोटा

## १. पृष्ठभूमि

बीसौं शताब्दीभन्दा अगाडि विश्वमा सार्वजनिक संस्थानको प्रचलन र अभ्यास थिएन । सन् १९३० को विश्व आर्थिक मन्दीको घटनाले बजार संयन्त्रले सफलतापूर्वक काम नगरेको स्पष्टता, निजी क्षेत्र सबल र सक्षम भई नसकेको अवस्था, लोक कल्याणकारी राज्यको अवधरणा र पूर्वाधार विकासको कमजोर अवस्थाले गर्दा सरकारले नै नागरिकका दैनिक जीवनयापनका वस्तु तथा सेवाको व्यवस्थापनमा अग्रसर हुनुपर्ने अवस्था एकातिर सिर्जना भयो भने अर्कोतिर द्वितीय विश्व युद्धको कारणबाट प्रभावित विश्वमा पुनः निर्माण र नागरिक जीवन एवं विकास व्यवस्थापन गर्न सरकारको भूमिका सशक्त हुनुपर्ने परिस्थिति बन्न गयो । यिनै दुई धारका कारण विशेष गरी द्वितीय विश्वयुद्धपश्चात कल्याणकारी राज्य व्यवस्थाको अभ्याससँगै आम जनमानसका लागि अत्यावश्यक, सार्वजनिक र एकाधिकार रहेका वस्तु तथा सेवाको उत्पादन, वितरण र व्यवस्थापन गरी राज्यप्रति नागरिक भरोसा सिर्जना गर्ने उद्देश्यसाथ सार्वजनिक संस्थानको स्थापना सुरू भएको पाइन्छ । निजी क्षेत्रको सबलीकरण तथा विकास नभएको कारण विकास गतिविधिमा न्यून उपस्थिति, राष्ट्रिय उद्योगधन्दाको विकास तथा संरक्षण गर्नुपर्ने, रणनीतिक क्षेत्रमा राज्यको उपस्थिति सशक्त र सुदृढ तुल्याउनुपर्ने जस्ता कारणले पनि सार्वजनिक संस्थानको स्थापना र सञ्चालन भएको हो । नेपालमा पनि यसै परिवेशबाट सार्वजनिक संस्थानहरू स्थापना भई सञ्चालनमा आएका छन् । राज्यबाट विभिन्न क्षेत्रमा सेवा प्रवाह लगायत मूल मार्गदर्शकको भूमिका खेल्नुपर्ने अवस्थाले औद्योगिक विकास, व्यापारिक गतिविधि सञ्चालन सामाजिक सेवा, जनउपयोगी क्षेत्र र वित्तीय क्षेत्र लगायतका विविध क्षेत्रमा विशिष्टिकरण र व्यावसायिकता प्रबर्द्धन गर्न तत् तत् क्षेत्रगत सार्वजनिक संस्थान स्थापना भएका हुन् । विश्वव्यापी नवीन लहरका साथ आएका शासकीय व्यवस्थापनका शैली, लोकतान्त्रिकरण प्रणालीको अभ्यास तथा अवलम्बन र उदार आर्थिक कार्य प्रणालीका कारण राज्यको भूमिकामा परिवर्तन भए पनि नागरिक सन्तुष्टि हासिल गर्नु राज्यको मूल उद्देश्य रहेको कारण अझै सार्वजनिक संस्थानको भूमिका महत्वपूर्ण रहेको छ ।

**राज्यबाट विभिन्न क्षेत्रमा सेवा प्रवाह लगायत मूल मार्गदर्शकको भूमिका खेल्नुपर्ने अवस्थाले औद्योगिक विकास, व्यापारिक गतिविधि सञ्चालन सामाजिक सेवा, जनउपयोगी क्षेत्र र वित्तीय क्षेत्र लगायतका विविध क्षेत्रमा विशिष्टिकरण र व्यावसायिकता प्रबर्द्धन गर्न तत् तत् क्षेत्रगत सार्वजनिक संस्थान स्थापना भएका हुन् ।**

## २. नेपालमा सार्वजनिक संस्थानको विकास

द्वितीय विश्वयुद्धपछि सरकारको भूमिका लोककल्याणकारी राज्य स्थापनामा केन्द्रित भएको सन्दर्भमा उत्पादन, वितरण र अर्थ व्यवस्था सञ्चालनका अधिकांश गतिविधि सरकारका तर्फबाट सञ्चालित भए । सरकार एक किसिमले सम्पूर्ण आर्थिक गतिविधिको एकल सञ्चालक रह्यो । यसै परिवेशमा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति सुनिश्चित गर्ने, ठूला पूर्वाधार लगानीको आवश्यकता पूर्ति गर्ने, बजार सन्तुलन ल्याउने, मूल्यस्थिरता कायम राख्ने र सरकारका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले सरकारको स्वामित्व रहेका सार्वजनिक संस्थानहरूको स्थापना र सञ्चालन गर्ने प्रचलन विश्वभर नै चल्यो ।

नेपाल पनि विश्वमा चलेको यसप्रकारको लहरबाट अछुतो रहन सकेन । अझ भनौं, विश्वमा चलेको राजनीतिक, सामाजिक, आर्थिक एवं पर्यावरणीय प्रणालीबाट अलग रहेर बस्न सकेन । नेपालको विकास पूर्वाधारको अवस्था,

आन्तरिक सक्षमता, स्रोत-साधनको उपलब्धता लगायतका विविध कारणबाट विश्व समुदायसँग सहकार्य, समन्वय र पारस्परिक सहयोगसाथ अघि बढिरहेको अवस्थामा सार्वजनिक संस्थानमार्फत् सेवा प्रवाह र सञ्चालन गरी नागरिकलाई राज्यप्रति विश्वास तथा भरोसा दिलाउने कार्यमा मुलुक अग्रसर भयो । नेपालमा आमनागरिकको दैनिक जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध रहेका अत्यावश्यक वस्तु तथा सेवा सर्वसुलभ एवं सुपथ मूल्यमा उपलब्ध गराउने, रोजगारी सिर्जना गर्ने, विकासका लागि भौतिक पूर्वाधारको आधार तयार गर्ने, आत्मनिर्भर र स्वाधीन अर्थतन्त्रको आधार तयार गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन गर्ने, निजीक्षेत्रको विकासका लागि वातावरण तयार गर्ने एवं समतामूलक राज्यको स्थापना गरी सामाजिक न्यायको प्रबर्द्धन गर्ने लगायतका विविध उद्देश्यसाथ वि.सं. १९९३ देखि सार्वजनिक संस्थान स्थापना र सञ्चालन सुरू भएको पाइन्छ । नेपालमा पहिलो सार्वजनिक संस्थानको रूपमा वि.सं. १९९३ मा विराटनगर जुट मिलको स्थापना भएको थियो भने प्रथम पञ्चवर्षीय योजना (वि.सं. २०१३-२०१८) अवधिमा विभिन्न क्षेत्रगत सार्वजनिक संस्थानहरू स्थापना भएका थिए ।

### ३. सार्वजनिक संस्थानको परिदृश्य

विश्वमा लोककल्याणकारी राज्यको भूमिकालाई प्रभावकारी बनाउन आम नागरिकका दैनिक जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध रहेका सेवा सुविधा उपलब्ध गराउने उद्देश्यका साथ सार्वजनिक संस्थानको स्थापना गर्ने लहरसँगै तत्कालीन राजनीतिक, आर्थिक-सामाजिक एवं विश्व परिवेश अनुसार नेपालमा पनि सार्वजनिक संस्थान स्थापना गर्ने कार्य भयो ।

वि.सं. १९९४ मा विराटनगर जुट मिलको स्थापनाबाट सुरू भएको सार्वजनिक संस्थान स्थापना र सञ्चालनको गति सातौं योजना अवधि (वि.सं. २०४२-२०४७) को अन्त्यसम्ममा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थानको संख्या ६२ सम्म पुगेको थियो । तीमध्ये हाल ४४ वटा सार्वजनिक संस्थानहरू अस्तित्वमा रहेका छन् । अस्तित्वमा रहेका ४४ वटा सार्वजनिक संस्थानहरूमध्ये ३३ वटा सार्वजनिक संस्थानहरू मात्र सञ्चालनमा छन् भने ११ वटा संस्थान व्यावसायिक कारोबारमा संलग्न छैनन् । यी ११ सार्वजनिक संस्थानमध्ये केही बन्द अवस्थामा र केहीले कारोबार शुरू नगरेको अवस्था छ । हाल अस्तित्वमा रहेका सार्वजनिक संस्थानलाई विविध क्षेत्रगतरूपले वर्गीकरण गरिएको छ ।

**तालिका १: संस्थानको क्षेत्र वर्गीकरण तथा संख्या**

| सि. नं. | वर्गीकरण क्षेत्र | संस्थान संख्या | विषयगत मन्त्रालय र सम्बद्ध संस्थान सख्या |
|---|---|---|---|
| १. | औद्योगिक क्षेत्र | १० | कृषि तथा पशुपन्छी विकास मन्त्रालय ३<br>वन तथा वातावरण मन्त्रालय २<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय १३<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ५<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ३<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ३<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय १<br>शहरी विकास मन्त्रालय १<br>खानेपानी मन्त्रालय १<br>ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय ४<br>अर्थ मन्त्रालय ९ |
| २. | व्यापारिक क्षेत्र | ५ | |
| ३. | सेवा क्षेत्र | १० | |
| ४. | सामाजिक क्षेत्र | ५ | |
| ५. | जनउपयोगी क्षेत्र | ५ | |
| ६. | वित्तीय क्षेत्र | ९ | |
| जम्मा | | ४४ | |

### ४. वित्तीय सार्वजनिक संस्थान

नेपालमा वित्तीय सेवाको विस्तार गर्ने, वित्तीय स्रोतको संकलन व्यवस्थापन गर्ने, पूर्वाधार विकास लगायत आर्थिक गतिविधिमा वित्तीय स्रोत परिचालन गर्ने लगायतका विविध सेवाको सुनिश्चित गरी आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्य लिई वित्तीय क्षेत्रगत सार्वजनिक संस्थानहरू स्थापना भएको पाइन्छ । यस वर्गमा हाल ९ वटा संस्थानहरू सञ्चालनमा छन् । यस वर्गमा रहेको नेपाल बैंक लिमिटेड वि.सं. १९९४ मा स्थापना भएको पुरानो संस्था हो । वित्तीय क्षेत्रमा सञ्चालित ९ वटा संस्थामा नेपाल सरकारको ६९.५३ प्रतिशत शेयर स्वामित्व रहेको छ भने अन्य संस्थान एवं निजीक्षेत्रको ३०.४७ प्रतिशत शेयर स्वामित्व रहेको छ । यस वर्गका संस्थान मध्ये २ वटा आफ्नै ऐनद्वारा र बाँकी ७ वटा कम्पनी ऐन अनुसार स्थापना भएका संस्थान रहेका छन् ।

**तालिका २: वित्तीय क्षेत्रका संस्थानको शेयर संरचना**

| सि.नं. | संस्थानको नाम | शेयर संरचना | | स्थापना | स्थापना गर्ने ऐन |
|---|---|---|---|---|---|
| | | सरकार | संस्थान/निजीक्षेत्र | | |
| १ | कृषि विकास बैंक लि. | ५१% | ४९% | २०२४ | कम्पनी ऐन |
| २ | राष्ट्रिय बीमा संस्थान | २७.७८ | ७२.२२ | २०२४ | राष्ट्रिय बीमा संस्थान ऐन |
| ३ | राष्ट्रिय बीमा कम्पनी लि. | ४७.५० | ५२.५० | २०७१ | कम्पनी ऐन |
| ४ | राष्ट्रिय वाणिज्य बैंक लि. | ९९.९७ | ०.०३ | २०२२ | कम्पनी ऐन |
| ५ | निक्षेप तथा कर्जा सुरक्षण कोष | ९१.८४ | ८.१६ | २०३१ | कम्पनी ऐन |
| ६ | नेपाल धितोपत्र विनिमय बजार लि. | ५८.६६ | ४१.३४ | २०५० | कम्पनी ऐन |
| ७ | नागरिक लगानी कोष | १०.०० | ९०.०० | २०४८ | नागरिक लगानी कोष ऐन |
| ८ | जलविद्युत लगानी | ५०.०० | ५०.०० | २०६८ | कम्पनी ऐन |
| ९ | नेपाल बैंक लि. | ५१.०० | ४९.०० | १९९४ | कम्पनी ऐन |

**५. वित्तीय क्षेत्रका सार्वजनिक संस्थानको वित्तीय कार्यकुशलता**

हाल सञ्चालनमा रहेका वित्तीय सार्वजनिक संस्थानहरूको वित्तीय कार्यकुशलतालाई विश्लेषण गर्दा पछिल्लो अवधिमा सकारात्मक देखिन्छ । सबै संस्थान सञ्चालन नाफामा रहेका छन् भने विविध पक्षमा योगदान पुऱ्याएका छन् । यस वर्गका संस्थानको कूल सञ्चालन आय आर्थिक वर्ष २०७५/७६ मा रू. ७० अर्ब ६६ करोड ३० लाख पुगेको छ । वित्तीय क्षेत्रका संस्थानहरूमा नेपाल सरकारको शेयर र ऋण लगानी आर्थिक वर्ष २०७५/७६ सम्ममा रू. ४ खर्ब ६४ अर्ब ५९ करोड ३१ लाख पुगेको छ । वित्तीय क्षेत्रका सार्वजनिक संस्थानको शेयर लगानीको अवस्था, ऋण लगानीको अवस्था, लाभांश प्राप्तिको अवस्था, सञ्चालन आय, प्रशासकीय खर्च, खुद नाफा/नोक्सान स्थिति, सञ्चित नाफा/नोक्सान, शेयरधनी कोष/नेटवर्थ, कोषमा व्यवस्था नगरिएको दायित्व र कार्यरत जनशक्तिको अवस्था स्थिति देहायअनुसार रहेको छ :

**तालिका ३: वित्तीय सार्वजनिक संस्थानको कार्यकुशलता**

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| कुल गार्हस्थ्य उत्पादनमा सञ्चालन आयको योगदान (%) | १।६१ | १।६७ | १।७२ | १।८७ | २।०४ |
| आयकरमा योगदान (रू. लाखमा) | २५२६८ | ५०३९१ | ४१३०९ | ४९११० | ६९४३० |
| रोजगारीमा योगदान (संख्या) | ५७१४ | ८०३६ | ७४११ | ६९३१ | ६९३३ |
| शेयर लगानी (रू. लाखमा) | २४०२४७ | २८२१३२ | ३०२२७९ | ३६९९३१ | ४४७९८६ |
| ऋण लगानीको (रू. लाखमा) | २५३८५ | १७९५२ | १५०२९ | ९९१२ | ४७९३ |
| लाभांश प्राप्ति (रू. लाखमा) | | ९४५१ | ६२४२ | ७०३६ | ९७९९ |
| सञ्चालन आय (रू. लाखमा) | ३२५६१९ | ३५९८१३ | ४५९७६१ | ५७०३८४ | ७०६६३० |
| प्रशासकीय खर्च (रू. लाखमा) | १०७०९१ | १०८५३९ | ११७९४१ | ११००५१ | १०७७२२ |
| खुद नाफा/नोक्सान (रू. लाखमा) | ९०३४५ | ९८०६१ | ११६६४३ | १४५०४० | १८२०४० |
| सञ्चित नाफा/नोक्सान (रू. लाखमा) | (४३८५८) | (३०८६३) | २४४९२ | २७८७६ | १३१९०८ |
| शेयरधनी कोष/नेट वर्थ (रू. लाखमा) | ६००६५७ | ७०८७२६ | ८४३६७७ | १२०१९५७ | १४५४३५१ |
| कोषमा व्यवस्था नगरिएको दायित्व (रू. लाखमा) | ८७२८ | २६९ | ३२८६ | १०९८६ | २५८२८ |

## ६. सार्वजनिक संस्थानहरुको समस्या तथा चुनौती

हाल सञ्चालनमा रहेका सार्वजनिक संस्थानहरूका मूलभूत एवं साझा समस्याका रूपमा संस्थानहरूको व्यावसायिकता र प्रतिस्पर्धात्मक क्षमता कमजोर रहनु, सञ्चालन र व्यवस्थापनमा एकरूपता नहुनु, कतिपय संस्थानले नियामक एवं वस्तु/सेवा प्रदायकको दोहोरो भूमिका निर्वाह गर्नु, संस्थानको नियमन, समन्वय र सुपरीवेक्षण फरक फरक निकायबाट हुनु, बन्द भएका संस्थानको सम्पत्तिको उचित संरक्षण तथा उपयोग नहुनु, स्रोत व्यवस्था नभएको दायित्व उच्च रहनु, विश्व परिवेशमा आएका कोभिड-१९ जस्ता समस्याको प्रभावबाट कार्यप्रणालीमा उत्पन्न हुने समस्या जस्ता विविध समस्या रहेका छन् । यी समस्या सबै प्रकृतिका सार्वजनिक संस्थानका प्रतिनिधिमूलक समस्या हुन् । वित्तीय क्षेत्रका सार्वनजिक संस्थान पनि यी समस्याबाट टाढा छैनन् ।

सार्वजनिक संस्थानहरूले विविध प्रकृतिका चुनौतीहरू पनि सामना गरिरहेका छन् । वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि र विविधीकरणमार्फत् बजार विस्तार गर्ने, व्यवस्थापन सुधार गरी व्यावसायिकता र दक्षता बढाउने, कार्यरत जनशक्तिलाई प्रतिस्पर्धी र सक्षम बनाउने, संस्थान सञ्चालनमा संस्थागत सुशासन प्रबर्द्धन गर्ने, आत्मनिर्भर बन्ने, संस्थानको वित्तीय दायित्व घटाउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, अभिलेख व्यवस्थापन वैज्ञानिक र यथार्थपरक बनाउने, स्रोतसाधनको प्रभावकारी र विवेकशील परिचालन गर्ने, आधुनिक प्रविधि एवं कार्य संस्कृति र व्यवहार अवलम्बन गर्ने जस्ता चुनौतीहरू संस्थानहरूले व्यहोरिरहेका छन् । वित्तीय क्षेत्रका संस्थानहरूमा पनि यस्ता चुनौतीहरू विद्यमान रहेकै अवस्था छ ।

## ७. वित्तीय सार्वजनिक संस्थानको सुधार

सार्वजनिक संस्थानहरूमा विद्यमान रहेका समस्याहरू समाधान गरी चुनौतीलाई अवसरको रूपमा रूपान्तरण गर्न सार्वजनिक संस्थानबाटै आन्तरिकरूपमा सुधार गर्नुपर्छ भने त्यसका लागि पर्यावरणीय सहजीकरण गरिदिने कार्य सरकार एवं सम्बद्ध पक्षबाट हुनुपर्दछ । वित्तीय क्षेत्रमा सञ्चालनमा रहेका सार्वजनिक संस्थानहरूले पनि आन्तरिकरूपमा सबलीकरण गर्ने, क्षमता विस्तार गर्ने, कार्यविधि व्यवहार-संस्कारमा परिवर्तन गर्ने र देखिएका समस्यालाई विवेकशील तवरले समाधान गर्ने गर्नुपर्दछ । त्यसका लागि देहाय सुधार अघि बढाउनुपर्छ :

क. व्यावसायिकता र प्रतिस्पर्धात्मक क्षमतामा सुधार गर्न सेवाको गुणात्मकता सुधार गर्ने, विविधिकरण गर्ने, नवीन प्रविधि र ढाँचा अवलम्बन गर्ने र सोहीअनुसार आर्थिक/वित्तीय र मानवीय सक्षमता अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकतासाथ अगाडि बढाउने ।

ख. सञ्चालन र व्यवस्थापनका लागि एकरूपता ल्याउन ऐन, नियमावली, विनियमावली र कार्यविधिमा बृहत् सहभागिता अभिवृद्धि गरी सम्बद्ध मन्त्रालयमार्फत् सहजीकरण गर्न पैरवी गर्ने ।

ग. आन्तरिक रूपमा नियमन, सुपरीवेक्षण, अनुगमन प्रणाली सबल, सक्षम र दिगो बनाई कार्यगत गुणात्मकता बढोत्तरी गर्ने प्रणाली एवं पद्धति बसाउने ।

घ. संस्थानको स्वामित्वमा रहेका सम्पत्तिलाई वैज्ञानिक एवं विवेकशील तवरले उच्चतम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने ।

ङ. उपलब्ध स्रोतसाधनको अधिकतम प्रतिफल हासिल गर्ने र संस्थाको नाफा अभिवृद्धि हुने क्षेत्रमा परिचालन गर्ने ।

च. संस्थानमा कार्यरत जनशक्तिलाई सक्षम, प्रतिस्पर्धी र दक्ष बनाउन जनशक्ति क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र संस्थामा टिकाइराख्न उनीहरूको उत्प्रेरणा र मनोबल उच्च राख्ने ।

छ. नेपाल सरकारबाट समय समयमा भएका नीतिगत व्यवस्था, परिपत्र, निर्देशनको कार्यान्वयन तथा परिपालना गर्ने ।

सार्वजनिक संस्थानको सुधारका लागि नीतिगत तथा कार्यगत रूपमा बाह्य क्षेत्रगत सुधार पनि अपरिहार्य छन् । सरकारबाट संस्थान सुधार गर्ने, संस्थानको प्रतिफल आम नगारिकमा पुऱ्याउन यस्ता संस्थानलाई सक्षम, दक्ष, व्यावसायिक र प्रतिस्पर्धी बनाउने विषयमा विविधखाले प्रयास निरन्तर रूपमा भइरहेका छन् । संस्थानको सुधार एवं सुदृढीकरण गर्न संस्थान बाहिरबाट देहायका सुधार तथा प्रयासगरिनुपर्छ :

क. सुधार प्रयासका रूपमा सर्वप्रथम संस्थानको विस्तृत अध्ययन तथा विश्लेषण गरी सरकारले सञ्चालन नगरी नहुने, सरकारले सञ्चालन गरे पनि हुने, सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्दा लागत तथा कार्यकुशलता प्रभावकारी हुने र विनिवेश गर्नुपर्ने संस्थानको वर्गीकरण गरी सोहीअनुसार व्यवस्थापन गर्ने ।

ख. सरकारले सञ्चालन नगरी नहुने र सरकारले सञ्चालन गरे पनि हुने प्रकृतिका संस्थानको उद्देश्य सेवा प्रवाह गर्ने हो वा नाफा आर्जन गर्ने हो, सोको यकिन गरी उद्देश्य पुनः परिभाषित गर्ने ।

ग. सञ्चालन हुने संस्थानमध्ये समान कार्यप्रकृति भएका गाभ्ने, गाभिने जस्ता नीतिगत र कार्यगत व्यवस्था गर्ने ।

घ. संघीय शासन प्रणालीको अवलम्बन गरेपछि सोहीबमोजिम सार्वजनिक संस्थानको संस्थागत संरचना, कार्यक्षेत्र र भूमिका समेत पुनरावलोकन गरी सहज र प्रभावकारी बनाउने ।

ङ. सार्वजनिक संस्थानको नियमन, अनुगमन, सुपरीवेक्षण गर्ने तथा सबै संस्थानको सेवा-सुविधा, वृत्ति विकास र अन्य सर्वाङ्गीण पक्षमा एकरूपता कायम गर्न छाता ऐन वा नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।

च. सार्वजनिक संस्थानलाई छरितो, सक्षम र प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संस्थानको उत्पादन र उत्पादकत्व बढोत्तरी गर्न आवश्यक योग्य, प्रतिभावान् र सक्षम जनशक्ति व्यवस्था गर्ने ।

छ. संस्थानमा उच्च तहका पदाधिकारीसँग कार्यसम्पादन सम्झौतागरी नियुक्ति गर्ने र हरेक वर्षको कार्यसम्पादन स्तरबमोजिम नियुक्तिलाई निरन्तरता दिने कानुनी तथा नीतिगत व्यवस्था गर्ने ।

ज. सार्वजनिक संस्थानसँग सम्बन्धित ऐन, कानुन र नीतिमा भएका कानुनी प्रावधान बमोजिम कार्यगत स्वायत्तताको सुनिश्चितता गरिदिने ।

झ. विश्वव्यापीकरण, आर्थिक उदारीकरण र प्रतिस्पर्धात्मक विश्व परिवेशका सन्दर्भमा संस्थानका निर्णय प्रक्रिया सरलीकरण गरिदिने र उत्तरदायित्व एवं जिम्मेवारी वहन प्रणाली सशक्त बनाउने ।

ञ. वित्तीय सुदृढीकरणका लागि लेखा प्रणालीको प्रभावकारिता अभिवृद्धि गर्ने, सरकारको लगानी व्यावसायिक योजनामा आबद्ध गर्ने, संस्थानमा रणनीतिक साझेदार संलग्न गराउने जस्ता पक्षमा सहजीकरण र समन्वय गरिदिने ।

## ८. निष्कर्ष

बजार संयन्त्रको असफलता तथा कल्याणकारी राज्यको अवधारणाबाट शुरू गरिएका सार्वजनिक संस्थानले सरकारका नीति, कार्यक्रम, तथा आयोजना कार्यान्वयन गर्नेसपूर्वाधार विकास गर्ने; सरकारको वैद्यता स्थापना गर्ने; नागरिकलाई सबलीकरण र सचेतीकरण गर्नेस समाजिक न्यायलाई प्रबर्द्धन गर्ने; मुलुकको सक्षमता अभिवृद्धि गर्ने; राष्ट्र निर्माणमा योगदान पुर्‍याउने; नागरिकको जीवनस्तरमा सुख, समृद्धि हासिल गर्न योगदान दिने; राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने लगायतका कार्य गरिरहेका छन् । यी कार्य सम्पादनका लागि स्थापना भई सञ्चालनमा रहेका सार्वजनिक संस्थानहरूको आवश्यकता तथा औचित्य वर्तमानमा पनि झन् बढिरहेको छ । दैनिक आवश्यकताका वस्तु तथा सेवाको प्रवाहीकरण गर्नेदेखि राष्ट्र निर्माण र राष्ट्रिय सम्मान अभिवृद्धि गर्नेसम्मका कार्यमा संस्थानको महत्वपूर्ण योगदान रहेको छ । विश्वमा आउने कोभिड-१९ जस्ता विविध प्रकृतिका संकटको समय नागरिकका घरदैलोमा सेवा प्रवाह गरी 'संकटको साथी' को रूपमा सार्वजनिक संस्थानहरूले औचित्य सावित गरेका छन् । अतः संस्थान व्यवस्थापन र सञ्चालनमा रहेका कमिकमजोरीलाई सुधार गरी वर्तमान परिवेश अनुकूल सबल, सक्षम र सशक्त संस्थाको रूपमा सञ्चालन गर्ने स्थितिको सुनिश्चितता गरी आर्थिक-सामाजिक-साँस्कृतिक मामिलाको विकास, उन्नति, प्रगतिमा नेतृत्वदायी भूमिका खेल्न सक्षम संस्थान बनाई यसको लाभांश राज्यले लिनुपर्छ । ■

*लेखक अर्थ मन्त्रालयका उपसचिव हुनुहुन्छ ।*

## सन्दर्भ सूची

१. नेपालको संविधान २०७२, कानुन किताब व्यवस्था समिति, काठमाडौं ।
२. सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७७, अर्थ मन्त्रालय, काठमाडौं ।
३. आर्थिक सर्वेक्षण, २०७६/७७, अर्थ मन्त्रालय, काठमाडौं ।
४. पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७ (२०८०/८१), राष्ट्रिय योजना आयोग, काठमाडौं ।
५. वित्तीय व्यवस्थापन रणनीति (२०७३/७४-२०७७/७८), अर्थ मन्त्रालय, काठमाडौं ।


ADBL
QR PAYMENT
भुक्तानी झनै सजिलो
QR Code स्क्यान गरी !
MERCHANT NAME
MERCHANT NAME
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क" वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA


ADBL
SMART BANKING
बिल भुक्तानी
नगद ट्रान्सफर
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक
SWIFT: ADBLNPKA

# विकास योजनाको अवधारणा र नेपालमा यसको अभ्यास



रमेश अर्याल

### १. विकास योजनाको परिचय

विकास एक बहुआयमिक तथा गतिशील प्रक्रिया हो । यसले मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, प्रशासनिक लगायतका क्षेत्रमा सकारात्मक परिवर्तन ल्याई मानिसको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने गर्दछ । निर्दिष्ट उद्देश्य हासिल गर्नका लागि आवश्यक पर्ने श्रोत साधनको व्यवस्थासहित अग्रिम रूपमा तय गरिने कार्यक्रमको दस्तावेजलाई योजना भनिन्छ ।

स्टेफेन्स पी. रविन्स (Stephen P. Robbins) का अनुसार योजना भनेको निर्दिष्ट लक्ष्य हासिल गर्नका लागि के गर्ने, कसरी गर्ने, कहिले गर्ने र कसले गर्ने भन्ने बारे अग्रिम रूपमा निर्णय गर्ने कार्य हो । लेस्ले वार्कर (Lesley Barker) का अनुसार "तोकएको समयावधिभित्र हासिल हुने गरी कुनै संगठन वा समुदायद्वारा योजना गरिएको रणनीतिक मापनयोग्य लक्ष्यहरूलाई विकास योजना भनिन्छ । विकास योजनामा समय सीमामा आधारित मापन चिन्ह र लक्ष्यहरू हासिल भए नभएको मूल्यांकन गर्ने आधार समेत समावेश हुन्छ ।"

माइकल पि.टोडारोले विकास योजनालाई आर्थिक योजनाको संज्ञा दिएका छन् । उनका अनुसार आर्थिक योजनालाई सुविवेचित प्रयासको रूपमा वर्णन गर्न सकिन्छ । जसले पूर्व निर्धारित विकास उद्देश्यहरू हासिल गर्नका लागि दीर्घकालमा आर्थिक निर्णयहरूको संयोजन गर्नमा एवं प्रत्यक्ष प्रभाव पार्नमा र कहिलेकाही राष्ट्रको प्रमुख आर्थिक परिवर्तनशीलहरू (आय, उपभोग, रोजगारी, लगानी, वचत, निर्यात, आयात आदि) को स्तर तथा वृद्धिलाई नियन्त्रण समेत गर्छ ।

यसरी राष्ट्रको समग्र विकास गर्ने उद्देश्य राखी तर्जुमा गरिने योजनालाई विकास योजना भनिन्छ ।

### २. विकास योजनाका विशेषता

विकास योजनाका विशेषताहरू निम्नानुसार छन् :

- विकास योजनाको उद्देश्य निश्चित हुन्छ ।
- विकास योजनाले समग्र क्षेत्रलाई ओगट्ने हुनाले व्यापक हुन्छ ।
- विकास योजनाको उद्देश्य सामूहिक हितमा केन्द्रित हुन्छ ।
- विकास योजनाको समय सीमा निश्चित हुन्छ ।
- विकास योजनाको निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका प्रक्रिया सञ्चालन गर्नका लागि केन्द्रीय योजना आयोगको व्यवस्था गरिएको हुन्छ ।
- विकास योजनाले साधनको विवेकपूर्ण बाँडफाँटलाई महत्व दिएको हुन्छ ।
- विकास योजनामा दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति, प्राथमिकतालाई उल्लेख गरिएको हुन्छ ।

### ३. विकास योजनाको महत्व

विकास योजनाको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- देशमा उपलब्ध सीमित स्रोत साधनलाई समुचित किसिमले वितरण गर्न,
- देशको समन्वयात्मक तथा सन्तुलित विकास गर्न,
- गरिबी, बेरोजगारी, बञ्चितिकरण, सीमान्तीकरण जस्ता समस्याहरूको समाधान गर्न,
- उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्न,
- विकास प्रक्रियालाई राज्य निर्देशित, सन्तुलित, न्यायपूर्ण र व्यवस्थित तुल्याउन,
- सरकार, निजी, गैर सरकारी तथा सामुदायिक क्षेत्रका

विकास प्रयासहरूलाई एउटै दिशामा केन्द्रित गर्न,

- सबै तह र क्षेत्रका विकासात्मक कार्यलाई समुचित मार्गनिर्देश गर्न,
- विकास कार्यलाई प्राथमिकीकरण र योजनाबद्ध तुल्याउन,
- दिगो विकासका लक्ष्य हासिल गर्न,
- लोककल्याणकारी राज्यको निर्माण गर्न,
- वैदेशिक सहायता लगायत विभिन्न स्रोतबाट प्राप्त रकमको अधिकतम सदुपयोग गर्न,
- वार्षिक बजेट र नीति तथा कार्यक्रमलाई मार्ग निर्देश गर्न,
- आर्थिक तथा सामाजिक पूर्वाधारको निर्माण गर्न ।
- आर्थिक स्थायित्व कायम गर्न ।

### ४. विकास योजनाको प्रकार

योजनाको समयावधि, उद्देश्य, क्षेत्र जस्ता आधारमा योजनालाई देहाय अनुसार विभाजन गर्न सकिन्छ :

**(क) दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना**

- दीर्घकालीन योजना : सामान्यतया १० वर्ष वा सोभन्दा बढी अवधिका योजना ।
- मध्यकालीन योजना : ३ वर्ष देखि १० वर्ष सम्मका योजना ।
- अल्पकालीन योजना : ३ वर्षभन्दा कमका योजना ।
- दीर्घकालीन योजना र मध्यकालीन योजनाले नीति निर्धारण गर्ने काम गर्दछ भने अल्पकालीन योजनाले ती नीतिलाई कार्यान्वयन कसरी गर्ने भन्ने निर्धारण गर्दछ ।

**(ख) बृहत योजना, क्षेत्रगत योजना र सूक्ष्य योजना**

- बृहत योजना : सबै क्षेत्रको विकासका लागि बनाइने योजना ।
- क्षेत्रगत योजना : कुनै एउटा क्षेत्रलाई विकास गर्ने उद्देश्यले बनाइने योजना ।
- सूक्ष्म योजना : परियोजनाको तहमा बनाइने योजना ।

**(ग) राष्ट्रिय योजना, प्रादेशिक योजना र स्थानीय योजना**

- राष्ट्रिय योजना : राष्ट्रभर सञ्चालन गरिने योजना ।
- प्रादेशिक योजना : कुनै प्रदेशको निम्ति बनाइने योजना ।
- स्थानीय योजना : कुनै खास जिल्ला, नगर वा गाँउका लागि बनाइएको योजना ।

### ४. विकास योजनाका चरण

**(क) योजना तर्जुमा** (Plan Formulation)

योजनाको दस्तावेज तयार गर्ने कामलाई योजना तर्जुमा भनिन्छ । योजना तर्जुमा गर्नु अघि विभिन्न पक्षको समीक्षात्मक विश्लेषण गरेर विगतको पृष्ठभूमि र विद्यमान स्थितिको सम्बन्धमा अध्ययन गर्नुपर्दछ । सोको आधारमा रणनीतिक स्थितिको आँकलन गर्नुपर्दछ । सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीको सूक्ष्म अध्ययन गर्नुपर्दछ । विकासको निम्ति सम्बोधन गर्नुपर्ने प्रमुख विषयहरू पहिचान भएपछि सम्भाव्य विकल्पहरूको छनौट गरी योजना बनाउने निर्णय गर्नुपर्दछ । योजना तर्जुमाका चरणहरू

- समस्याको पहिचान गर्ने (Desire)
- योजनाको ढाँचाँ तयार गर्ने (Design)
- ढाँचामा सरोकारवालासँग छलफल गरी परिमार्जन गर्ने (Deduction)
- योजनाको प्रस्तावमा भएका विकल्पबाट उत्तम विकल्पको छनौट गरी कस्तो योजना वनाउने निर्णय गर्ने (Decision)

विकास योजना बनाउँदा दीर्घकालीन सोच, उद्देश्य, रणनीति, प्राथमिकता, लक्ष्य निर्धारण गर्नुपर्दछ । स्रोत साधन परिचालन तथा खर्च व्यवस्थापनका उपाय निश्चित गर्नुपर्दछ । क्षेत्रगत रूपमा योजनाको वर्गीकरण गर्नुपर्दछ र सो अनुरुप उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम, अनुगमन मूल्यांकन, अपेक्षित उपलब्धिहरूको व्यवस्था गर्नुपर्दछ ।

**(ख) योजना कार्यान्वयन** (Plan Implemention)

योजना तयार भएपछि त्यसलाई व्यवहारमा उतार्ने कामलाई योजना कार्यान्वयन भनिन्छ । आवधिक योजना तर्जुमा भएपछि सो बमोजिम वार्षिक योजना, बजेट, बृहत कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजानुपर्दछ । योजना कार्यान्वयनका लागि आवश्यक संरचनागत निकायको साथै मानव संशाधनको व्यवस्था गर्नुपर्दछ । आवश्यकतानुसार योजना कार्यान्वयन गर्न आवश्यक पर्ने अधिकार प्रत्यायोजन गर्नुपर्दछ । सफल कार्यान्वयनका

लागि सम्बद्ध निकाय बीच समन्वय हुनुपर्दछ । योजना कार्यान्वयनमा राजनीतिक दलको समर्थन, निजी, सहकारी तथा गैससको सहभागिता, जनसहभागिता हुनुपर्दछ ।

(ग) **योजना अनुगमन तथा मूल्यांकन** (Plan Monitoring & Evaluation)

योजना कार्यान्वयनलाई प्रभावकारी तुल्याई अपेक्षित उपलब्धि हासिल गर्न अनुगमन र मूल्यांकनको आवश्यकता पर्दछ । अनुगमनले योजनाको कार्यान्वयन के कसरी भइरहेको छ ? तोकिएको उद्देश्य पूरा गर्न निर्दिष्ट ढंगले काम भएको छ छैन ? के कस्ता समस्या देखापरेका छन् ? तिनको समाधानका निम्ति के गर्नुपर्दछ ? भन्ने कुरामा जोड दिन्छ । अनुगमन सामान्यतया कार्यान्वयनकै चरणमा हुने भएकोले यसलाई कार्यान्वयनकै एक अंगको रूपमा समेत लिने गरिन्छ ।

योजनाको कार्यान्वयनबाट अपेक्षित उपलब्धि हासिल भयो भएन भन्ने लेखाजोखा गर्ने कार्यलाई योजनाको मूल्यांकन भनिन्छ । योजनाको मूल्यांकन गर्दा लागत, समय र गुणस्तरको लेखाजोखा गरिन्छ । यसले कार्यान्वयनमा देखा परेका कमी कमजोरी, त्यसका कारण, कमजोरी हटाउन के गर्नुपर्दछ, सबल पक्ष, दुर्वल पक्ष के के थिए, योजनाबाट के कस्तो प्रतिफल र परिणाम प्राप्त भयो र के कस्तो प्रभाव पर्‍यो भन्ने कुराको पहिचान र विश्लेषण गरी आगामी योजनाका लागि पृष्ठपोषण प्राप्त हुन्छ ।

**५. नेपालमा योजनाबद्ध विकासको अभ्यास**

वि.सं. २०१३ सालमा प्रथम पञ्चवर्षीय योजनाको तर्जुमा र कार्यान्वयन भएपछि मात्र नेपालमा योजनाको औपचारिक सूत्रपात भएको हो । योजनाबद्ध विकासको ६४ वर्षको अवधिमा १४ वटा आवधिक योजनाहरू सञ्चालन भई हाल पन्ध्रौं योजना कार्यान्वयन भइरहेको छ । अहिलेसम्म ५ वटा त्रिवर्षीय योजना र ९ वटा पञ्चवर्षीय योजना सम्पन्न भएका छन् । वि.सं. २०१८ देखि २०१९ सम्म र वि.सं. २०४७ देखि २०४९ सम्म गरी ३ वर्ष योजना विहीन वर्षका रूपमा रहेको छ ।

नेपालमा योजनाबद्ध विकासको थालनी भएको ६ दशक पूरा भए तापनि जनताको जीवनस्तरमा अनुभूति गर्न सकिने अपेक्षित सुधार भने भएको छैन । प्रथम पञ्चवर्षीय योजनाको शुरूवातदेखि नै भौतिक पूर्वाधारको विकास गर्ने उद्देश्य लिए पनि पन्ध्रौं योजनासम्म आइपुग्दा अझै पनि त्यही उद्देश्यका लागि रूमल्लिरहनु परेको अवस्था छ । १८.७ प्रतिशत जनता निरपेक्ष गरिबी र २८.६ प्रतिशत जनता बहुआयामिक गरिबी छन् । बेरोजगारी दर ११.४ प्रतिशत छ । रोजगारीका लागि युवाहरू खाडी मुलुकमा गएर पसिना चुहाउन बाध्य छन् । नेपाल अझै पनि अल्पविकसित राष्ट्रको कोटीमा रहेको छ ।

यद्यपि योजनाबद्ध विकास क्रमको ६४ वर्षको यस अवधिमा शिक्षा, स्वास्थ्य, प्रविधिको क्षेत्रमा सुधार भएको पाइन्छ । मानव विकास प्रतिवेदन २०२० अनुसार मानव विकास सूचाकांक ०.६०२ पुगेको छ । अपेक्षित आयु (जन्मेको समयमा) ७०.८ वर्ष पुगेको छ । पन्ध्रौं योजना अनुसार ५ वर्ष मुनिको बालमृत्युदर प्रति एक हजार जीवित जन्ममा ३९, शिशु मृत्युदर प्रति हजारमा २६ मा झरेको छ भने मातृमृत्युदर प्रति एक लाख जीवित जन्ममा २३९ रहेको छ । आधारभूत खानेपानीको सेवा पुगेको जनसंख्या ८९ प्रतिशत र आधारभूत सरसफाई पुगेको जनसंख्या ९९ प्रतिशत छ । आधारभूत तहको खुद भर्नादर ९३ प्रतिशत छ । १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर ९२ प्रतिशत र १५ देखि माथिको साक्षरता दर ५८ प्रतिशत पुगेको छ । महिला सहभागिता संघीय संसदमा ३३.५ प्रतिशत, प्रदेश सभामा ३४.४ प्रतिशत र स्थानीय तहमा ४१ प्रतिशत पुगेको छ । त्यस्तै, निजामती सेवामा महिला सहभागिता २५.८२ प्रतिशत पुगेको छ ।

**६. नेपालको विकास योजना तर्जुमाका आधारहरु**

- नेपालको संविधान : मौलिक हक, निर्देशक सिद्धान्त, राज्यका नीतिहरू, राज्यको दायित्व, संघ, प्रदेश र स्थानीय तहको अधिकारका सूचीहरू ।
- दीर्घकालीन सोंच, क्षेत्रगत नीति र विगतका योजनाहरू ।
- विद्यमान आर्थिक अवस्था र स्रोत-साधनको उपलब्धता ।
- अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू जस्तै : दिगो विकास लक्ष्य
- सत्तासीन दलको चुनावी घोषणपत्र
- विभिन्न कानुनहरू
- नागरिकका माग र समस्याहरू
- अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू
- सरकारका नीतिगत निर्णयहरू
- अघिल्ला योजनबाट प्राप्त पृष्ठपोषण, आदि ।

**७. चालु आवधिक योजना (पन्ध्रौं योजना)**

आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक

जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने, वि.सं. २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति गर्ने र वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने गरी पन्ध्रौं योजना (२०७६/७७ - २०८०/८१) तर्जुमा भएको छ । यसको लक्ष्य, उद्देश्य, रणनीति र प्रमुख परिमाणात्मक लक्ष्य निम्नानुसार छ :

**(क) राष्ट्रिय लक्ष्य**

पन्ध्रौं योजना समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा रहेको छ । सो बमोजिम समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवाद उन्मुख लोककल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य रहेको छ ।

**(ख) राष्ट्रिय उद्देश्य**

- सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु ।
- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ्य तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु ।
- सामाजिक आर्थिक रूपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु ।

**(ग) राष्ट्रिय रणनीति**

- तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने ।
- सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने ।
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवं दिगो शहर/बस्ती विकास गर्ने ।
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।
- गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने ।
- प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने ।
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

**(घ) प्रमुख परिमाणात्मक लक्ष्य**

**तालिका १: समृद्धिका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक**

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|
| १. | उच्च र समतामूलक राष्ट्रिय आय | | | |
| १.१ | औद्योगिक राष्ट्रको स्तरको उच्च आय | | | |
| १.१.१ | आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | १०.३ |
| १.१.२ | प्रतिव्यक्ति कूल राष्ट्रिय आय | अमेरिकी डलर | १,०४७ | १,५९५ |
| १.२ | गरिबीको अन्त्य | | | |
| १.२.२ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ९.५ |
| १.३ | राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा | | | |
| १.३.१ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात | अनुपात | १.३ | १.२५ |
| १.३.२ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.३१ | ०.२९ |
| २. | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | | | |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|
| २.१ स्वस्थ्य र लामो आयु भएका नेपाली | | | | |
| २.१.१ | अपेक्षित आयु | वर्ष | ६९.७ | ७२ |
| २.१.२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | संख्या | २३९ | ९९ |
| २.१.३ | ५ वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | ३९ | २४ |
| २.१.४ | किशोरी अवस्थाको प्रजनन (१९ वर्ष मुनि) | प्रतिशत | १३ | ६ |
| २.२ | गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिक | | | |
| २.२.१ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९५ |
| २.२.२ | युवा सारक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९२ | ९९ |
| २.२.३ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९३ | ९९ |
| २.२.४ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४६ | ६५ |
| २.२.५ | उच्च शिक्षामा कूल भर्नादर | प्रतिशत | १२ | २२ |
| २.२.६ | काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | ३१ | ५० |
| २.३ | उत्पादनशील र मर्यादित रोजगारी | | | |
| २.३.१ | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ४९ |
| २.३.२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ५० |
| ३. | सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तरआबद्धता | | | |
| ३.१ | सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात | | | |
| ३.१.१ | सडक घनत्व | कि.मि. प्रति वर्ग किमी | ०.५५ | ०.७४ |
| ३.१.२ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग (२ लेनसम्म) | कि.मि. | ७७९४ | २०,२०० |
| ३.१.३ | राष्ट्रिय लोकमार्ग (२ लेन माथि, द्रुतमार्ग समेत) | कि.मि. | ९६ | ११७४ |
| ३.१.४ | रेलमार्ग | कि.मि. | ४२ | ३४८ |
| ३.२ | पूर्वाधारमा पहुँच तथा आबद्धता | | | |
| ३.२.१ | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८२ | ९५ |
| ३.२.२ | विद्युत पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | १०० |
| ३.२.३ | इन्टरनेटमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ६५.९ | ८० |
| ४. | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | | | |
| ४.१ | अर्थतन्त्रमा क्षेत्रगत योगदान | | | |
| ४.१.१ | प्राथमिक क्षेत्र (कृषि, वन र खानि) | प्रतिशत | २७.६ | २३.० |
| ४.१.२ | द्धितीय क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत, ग्याँस र पानी तथा निर्माण) | प्रतिशत | १४.६ | १८.१ |
| ४.१.३ | तृतीय क्षेत्र (सेवा) | प्रतिशत | ५७.८ | ५८.९ |
| ४.२ | स्वच्छ ऊर्जाको उत्पादन तथा उपभोग | | | |
| ४.२.१ | विद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | १२५० | ५,८२० |
| ४.२.२ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोबाट घण्टा | २४५ | ७०० |
| ४.२.३ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | ५ | १२ |
| ४.३ | व्यापार सन्तुलन | | | |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|
| ४.३.१ | वस्तु तथा सेवाको निर्यात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | अनुपात | ९.० | १५.७ |
| ४.३.२ | वस्तु तथा सेवाको आयात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ५०.८ | ५१.० |
| ४.४ | राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व | | | |
| ४.४.१ | श्रम उत्पादकत्व | रू. हजारमा | १८४.६ | २७६ |
| ४.४.२ | कृषि उत्पादकत्व (प्रमुख बाली) | मेट्रिक टन प्रति हेक्टर | ३.१ | ४ |
| ४.४.३ | सिचाइयोग्य भूमि मध्ये वर्षैभरी सिचाइ सुविधा पुगेको भूमि | प्रतिशत | ३३ | ५० |
| ४.४.४ | प्रति पर्यटक खर्च (प्रतिदिन) | अमेरिकी डलर | ४८ | १०० |

*स्रोतः रा.यो.आ, पन्ध्रौं योजना*

**तालिका २ : सुखका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक**

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|
| ५. | परिष्कृत तथा मर्यादित जीवन | | | |
| ५.१. | नागरिक स्वस्थता तथा सन्तुष्टि | | | |
| ५.१.१ | मानव विकास सूचकांक | सूचकांक | ०.५७९ | ०.६२४ |
| ५.१.२ | नागरिक सन्तुष्टिको अनुभूति सूचकांक | सूचकांक | ४.७ | ५.१ |
| ५.१.३ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | ११.५ |
| ५.१.४ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | २७ | १५ |
| ५.१.५ | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घरपरिवार | प्रतिशत | ४९ | ८० |
| ५.२ | सुरक्षित तथा सुविधासम्पन्न आवास | | | |
| ५.२.१ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ४० | ६० |
| ५.२.३ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ८९ | ९९ |
| ५.२.३ | उच्चम मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २१ | ४० |
| ५.३ | भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व | | | |
| ५.३.१ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८९ |
| ५.३.२ | सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसंख्या | प्रतिशत | ४.४ | २० |
| १.३.३ | लैंगिक विकास सूचकांक | सूचकांक | ०.९२५ | ०.९६३ |
| ६. | सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | | | |
| ६.१ | विभेद, हिंसा र अपराधमक्त समाज | | | |
| ६.१.१ | लैंगिक विकास सूचकांक | सूचकांक | ०.८९७ | ०.९६३ |
| ६.१.२ | लैंगिक असमानता सूचकांक | सूचकांक | ०.४७६ | ०.३९ |
| ६.१.३ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २४.४ | १३ |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|
| ६.१.४ | दर्ता भएका लैंगिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ८८.९ | १०० |
| ६.२ | सामाजिक-सांस्कृतिक विविधता | | | |
| ६.२.१ | मातृभाषामा पठन-पाठन हुने विद्यालय | संख्या | २७० | ३२४ |
| ६.२.२ | विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदा | संख्या | १० | १२ |
| ६.३ | सामाजिक सुरक्षा तथा संरक्षण | | | |
| ६.३.१ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | ६० |
| ६.३.२ | राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ११.७ | १३.७ |
| ७ | स्वस्थ र सन्तुलित पर्यावरण | | | |
| ७.१ | प्रदूषणमुक्त र स्वच्छ वातावरण | | | |
| ७.१.२ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | ७ | १२ |
| ७.१.२ | वायु प्रदूषणको औषत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घनमिटर | ५० | ४० |
| ३.२ | जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन | | | |
| ३.२.१ | लोपोन्मुख, सङ्कटापन्न र जोखिम परेका प्रजाति/वनस्पति संरक्षण | संख्या | ५८९ | ५८९ |
| ७.२ पर्यावरणीय सन्तुलन र दिगो उपयोग | | | | |
| ७.२.१ | वनजंगल घनत्व | रूख प्रति हेक्टर | ४३० | ४५० |
| ७.२.२ | काठ उत्पादन | घनफिट (लाख) | १९४ | ३०० |
| ७.३ | जलवायु परिवर्तन अनुकूलनशीलता | | | |
| ७.३.१ | अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह | संख्या | २१७ | ४६० |
| ८ | सुशासन | | | |
| ८.१ | विधिको शासन | | | |
| ८.१.१ | कानुनी शासन सूचकांक | सूचकांक | ०.५४ | ०.५८ |
| ८.१.२ | विश्वव्यापी प्रतिष्पर्धी सूचकांक | सूचकांक | ५१.६ | ६० |
| ८.१.३ | व्यवसाय सहजीकरण सूचकांक | सूचकांक | ६३.२ | ६८ |
| ८.१.१ | भ्रमण तथा पर्यटन प्रतिष्पर्धी सूचकांक | सूचकांक | ३.३ | ३.८ |
| ८.२ | सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिता | | | |
| ८.२.१ | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकांक | सूचकांक | ३४ | ४१ |
| ८.२.२ | हेलो सरकारमा प्राप्त उजुरी फछ्र्यौट | प्रतिशत | ४८.९ | ९८ |
| ८.२.३ | कुल आर्थिक प्रतिष्ठान मध्ये दर्ता नभएका (अनौपचारिक प्रतिष्ठानको अनुपात) | प्रतिशत | ४९.९ | १० |
| ८.२.४ | दर्ता भएका मध्ये लेखा राख्ने आर्थिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५२ | ७० |
| ९. सबल लोकतन्त्र | | | | |
| ९.१.१ | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६८.६७ | ७२ |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|
| ९.१.२ | मुद्दा फैसला | प्रतिशत | ५६.५ | ६० |
| ९.१.३ | फैसला कार्यान्वयन | प्रतिशत | ३९ | ६० |
| १० | राष्ट्रिय एकता, सुरक्षा र सम्मान | | | |
| १०.१ | नेपालीत्वको उच्च भावना | | | |
| १०.१.१ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | - | १०० |
| १०.१.२ | नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुक | संख्या | ३५ | ६० |
| १०.२ | मानव तथा अन्य सुरक्षा | | | |
| १०.२.१ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ६३ | १०० |
| १०.२.२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४८.२ | ८० |
| १०.२.३ | आत्महत्या दर (प्रति लाख जनसंख्यामा) | संख्या | १० | ५ |
| १०.३ | विपद् उत्थानशील समाज र अर्थतन्त्र | | | |
| १०.३.१ | विपद्का घटनाबाट प्रभावित जनसंख्या | प्रति हजार | १७.१ | ९.८ |
| १०.३.२ | विपद्का घटनाबाट मृत्यु हुने जनसंख्या | प्रति लाख | १.६ | १ |
| १०.४ | अत्यावश्यक वस्तु र सेवा आत्मनिर्भरता | | | |
| १०.४.१ | कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश | प्रतिशत | १४.७ | ५ |

*स्रोतः रा.यो.आ, पन्ध्रौं योजना*

**८. नेपालमा विकास योजनामा देखिएका समस्याहरु**

नेपालमा विकास योजनामा देखिएका समस्याहरू निम्नानुसार छन् :

- आवधिक योजना, नीति तथा कार्यक्रम र बजेटमा सामञ्जस्यता नहुनु,
- योजना तर्जुमालाई तथ्यपरक र नतिजामूलक बनाई कार्यान्वयन पद्धतिसँग जोड्न नसक्नु,
- संघीय प्रणाली अनुरूप खण्डीकृत तथ्यांक उपलब्ध नहुनु,
- तर्जुमाको अवस्थामा कार्यान्वयन गर्ने सरोकारवाला निकायको न्यून सहभागिताको फलस्वरूप योजनामा अपनत्वको कमी हुनु,
- कार्यान्वयनमा लैजानु पर्ने आयोजना विश्लेषण र छनौट गर्ने पद्धति वैज्ञानिक नहुनु,
- योजना कार्यान्वयन गर्ने निकायको क्षमता कमजोर हुनु,
- छरिएका तथा टुक्रे आयोजनाहरूको वाहुल्यता कायमै रहनु,
- विषय क्षेत्रगत मन्त्रालय तथा निकायमा योजना सम्बद्ध जनशक्तिको क्षमता विकासमा पर्याप्त ध्यान पुग्न नसक्नु,
- सांगठनिक एवं कार्य प्रणालीगत सुधार नहुनु र कार्य सम्पादन सम्झौता संस्थागत हुन नसक्नु,
- आयोजनाहरूमा दोहोरो श्रोत विनियोजनको अवस्था रहनु,
- सूचकसहित अनुगमन र मूल्याकंन निरन्तर नहुनु,
- विकास नीति, योजना तर्जुमाको क्रममा अनुगमन र मूल्याकंनका लागि कार्ययोजनाले प्राथमिकता नपाउनु,
- अनुगमन र मूल्याकंनबाट औंल्याइएका सुझावको कार्यान्वयन नहुनु ।

**९. नेपालमा विकास योजनामा देखिएका समस्या समाधानका उपायहरु**

नेपालमा विकास योजनामा देखिएका समस्या समाधान गर्न देहायका विषयमा सुधार हुनुपर्छ :

- आवधिक योजना, नीति तथा कार्यक्रम र बजेटमा सामञ्जयस्ता हुने गरी मध्यमकालीन खर्च संरचनाको पालना गर्नुपर्ने,
- योजना तर्जुमालाई तथ्यपरक र नतिजामूलक बनाई कार्यान्वयन पद्धतिसँग जोड्नुपर्ने,
- संघीय प्रणाली अनुरूप खण्डीकृत तथ्यांकको उपलब्ध हुनुपर्ने,
- तर्जुमाको अवस्थामा कार्यान्वयन गर्ने सरोकारवाला निकायको सहभागिता गराउनुपर्ने,
- कार्यान्वयनमा लैजानु पर्ने आयोजना विश्लेषण र छनौट पद्धति प्रभावकारी हुनुपर्ने,
- योजना कार्यान्वयन गर्ने निकाय र सम्बद्ध जनशक्तिको क्षमता विकास गर्नुपर्ने,
- छरिएका तथा टुक्रे आयोजनाहरूको छनौट नगरी ठूला आयोजनाको छनौट र कार्यान्वयन गर्नुपर्ने,
- आयोजना बैंकमा समावेश आयोजनाहरूको प्राथमिकीकरण गरी कार्यान्वयन गर्नुपर्ने,
- सांगठनिक एवं कार्य प्रणालीगत सुधार गरी कार्य सम्पादन सम्झौता गरी कार्यसम्पादनलाई पुरस्कार र दण्डसँग आबद्ध गर्नुपर्ने,
- योजना कार्यान्वयनका लागि अन्तरनिकाय समन्वय गर्नुपर्ने,
- योजना सम्बन्धी व्यवस्थापन सूचना प्रणाली विकास गरी कार्यान्वयन गर्नुपर्ने,
- वस्तुगत सूचक र मापदण्डको आधारमा अनुगमन मूल्याङ्कन गर्नुपर्ने,
- विकास नीति, योजना तर्जुमाको क्रममा अनुगमन र मूल्याकंनका लागि कार्ययोजना बनाई सो अनुसार काम गर्नुपर्ने,
- अनुगमन-मूल्याङ्कन प्रक्रियालाई नियमित र प्रभावकारी तुल्याउनुपर्ने,
- नतिजामुखी अनुगमन पद्धतिको प्रयोग गर्नुपर्ने,
- अनुगमन-मूल्याङ्कनमा व्यापक सहभागिता परिचालन गर्नुपर्ने,
- अनुगमन-मूल्याङ्कन संयन्त्रको क्रियाशीलता अभिवृद्धि गर्नुपर्ने,
- नागरिक र तेश्रो पक्षबाट मूल्याङ्कन गराउने पद्धतिको कार्यान्वयन गर्नुपर्ने,
- अनुगमन र मूल्याकंनबाट औल्याइएका सुझावको कार्यान्वयन गर्नुपर्ने ।

**१०. निष्कर्ष**

नेपालमा योजनाबद्ध विकासको ६४ वर्षको अवधिमा विकास योजनाको अवधारणा अनुसार जनअपेक्षित विकास हुन सकेको छैन । नेपालको योजना तर्जुमा र कार्यान्वयनमा धेरै समस्याहरू देखा परेका छन् । यी समस्याहरूलाई समाधान गर्दै समृद्ध नेपाल सुखी नेपालीको दिर्घकालीन सोच प्राप्त गर्नमा सम्बद्ध पक्ष प्रतिबद्ध र कटिबद्ध हुनु पर्ने देखिन्छ ।

*लेखक अर्थ मन्त्रालयका उपसचिव हुनुहुन्छ ।*

**सन्दर्भ सामग्री**


- अर्थ मन्त्रालय (२०७७), आर्थिक सर्वेक्षण २०७६/७७, काठमाडौं : अर्थ मन्त्रालय ।
- अर्थ मन्त्रालय (२०७७), आ.व. २०७७/७८ को बजेट वक्तव्य, काठमाडौं : अर्थ मन्त्रालय ।
- राष्ट्रिय योजना आयोग (२०७६), पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१), काठमाडौं : राष्ट्रिय योजना आयोग
- राष्ट्रिय योजना आयोग (२०७७), मध्यमकालीन खर्च संरचना (२०७७/७८–२०७९/८०), काठमाडौं : राष्ट्रिय योजना आयोग ।
- लुइटेल, चक्रपाणि (२०६७), विकास अर्थशास्त्र तथा नेपालको अर्थशास्त्र, काठमाडौं : प्रधान बुक हाउस ।
- युएनडिपी (२०२०), मानव विकास प्रतिवेदन २०२०, न्यूयोर्क : युएनडिपी ।

# नेप्से कारोवारमा सर्किट ब्रेकर र प्रारम्भिक सत्रको कारोवार

■ निरन्जन फुयाल

**पृष्ठभूमि**

पुँजी बजारमा उपलब्ध सूचनाका आधारमा धितोपत्रको मूल्यांकन हुने गर्दछ र त्यसैको आधारमा दोस्रो बजारमा धितोपत्रको नियमित कारोबार हुने गर्दछ । प्राप्त सूचनालाई विश्लेषण गरी लगानीकर्ताले खरिद वा बिक्री निर्णय गर्दछन् । वित्त शास्त्रमा उपलब्ध सूचनालाई लगानीकर्ताले विवेकपूर्ण विश्लेषण गरी सही निर्णय गर्छन् भन्ने सिद्धान्त वा मान्यता राखिएको हुन्छ । तर बजारको प्रवृत्तिमा यो सिद्धान्त झल्किएको हुँदैन । बजारमा कुनै नयाँ सूचना वा घटना हुँदा लगातार सूचांकहरूमा घटबढ भएको देखिन्छ । यसको कारण लगानीकर्ताले लगानी निर्णयमा पुग्न सूचनाको विवेकपूर्ण विश्लेषणनगरी छिट्टो (shortcut) मा निर्णयमा पुग्ने प्रवृत्ति हुनु, हल्लाको पछि लग्नु, स्वनिर्णय नगरी अरूले गरेको निर्णयको पछि लाग्नु आदि हुन् । त्यसैले कुनै एक कम्पनी वा समग्र बजारलाई असर गर्ने सूचना वा घटना हुँदा बजारमा तीब्र उतार चढाब हुन्छ जसलाई आधार मानेर लगानीकर्ताले झन धेरै अविवेकी निर्णय लिने सम्भावना भएकोले त्यस्तो अवस्थाको बजारलाई केही वेर रोक्दा लगानीकर्ताले सम्हालिएर विवेकपूर्ण निर्णय लिने सम्भावना रहन्छ । यसका लागि सर्किट ब्रेकर लागू गरिन्छ ।

सर्वप्रथम सर्किट ब्रेकर शब्दको प्रयोग प्रसिद्ध वैज्ञानिक थोमस अल्वा एडिसनले सन् १८७९ मा बिजुलीको उच्च भोल्टेजबाट उत्पन्न हुने जोखिमबाट विद्युतीय उपकरणलाई बचाउने प्रयोजनका लागि प्रयोग गरेका हुन् । धितोपत्र बजारमा पनि लगानीकर्ताहरूलाई उच्च खरिद बिक्री चापबाट उत्पन्न हुन सक्ने जोखिम कम गर्न सर्किट ब्रेकर प्रयोग गरिन्छ । साधारणतया सर्किट ब्रेकर बजारको प्रचलित परिसूचकलाई आधार मानेर गणना गरिन्छ । साथै कम्पनीको मूल्यमा एक दिनभरि हुन सक्ने वृद्धि र कमीको रेन्जका अधारमा पनि हरेक कम्पनीका लागि ब्रेकर राख्न सकिन्छ । सबैभन्दा पहिला सर्किट ब्रेकरको व्यवस्था सन् १९८७ देखि अमेरिकी बजारमा लागू गरिएको थियो । अक्टोवर १९, १९८७ मा त्यहाँको परिसूचक एकै दिन २२ प्रतिशतले घटेपछि त्यहाँ सर्किट ब्रेकरको व्यवस्था गरिएको थियो । तर विभिन्न अध्ययनहरूले सन् २००८ को अन्तर्राष्ट्रिय वित्तीय समस्याका कारण बजारमा आएको जोखिमलाई सर्किट ब्रेकरले घटाउन खासै सहयोग गर्न नसकेको देखाएको छ । कोभिड-१९ को असर र यस अवस्थामा सर्किट ब्रेकरको भूमिकाका सम्बन्धमा अझै अध्ययन हुन बाँकी नै छ ।

**नेपाली बजारमा सर्किट ब्रेकर**

नेप्सेमा सर्वप्रथम सर्किट ब्रेकर सम्बन्धी व्यवस्था २०६४ सालबाट भएको थियो । सुरूमा नेप्से इन्डेक्सको संख्या एवं प्रतिशत परिवर्तन दुवैका आधारमा सर्किट ब्रेकर लगाइएतापनि करिब एक वर्षपछि प्रतिशत परिवर्तनका आधारमा मात्र सर्किट ब्रेकर लगाइएको थियो । नेप्सेमा सर्वप्रथम असोज २१, २०६४ मा २० अंकले नेप्से इन्डेक्स घट्दा १५ मिनेट बजार बन्द भई सर्किट ब्रेकर लगाइएको थियो । त्यसपछि नेप्सेमा हालसम्म २२१ पटक नेप्से इन्डेक्समा उतार चढाव आउँदा सर्किट ब्रेकर लगाइएको थियो । सुरूका दिनहरूमा १५ अंक, २० अंक र २५ अंकको परिवर्तनमा पनि ब्रेकर लाग्ने हुँदा पटक पटक सर्किट ब्रेकर लाग्ने गरेकोले पहिलो एक वर्षमा नै ५६ पटक सर्किट ब्रेकर लागेको थियो । त्यसैगरी त्यसैगरी बजारमा तीब्र उतार चढाव आउँदा वि.सं २०६८-२०६९ मा पनि करिब ७५ पटक पटक सर्किट ब्रेकर लागेको थियो । हालसम्म ४५ दिन उच्च प्रतिशत वा अंकका आधारमा बजारमा घटबढ हुँदा पूरा दिन बजार बन्द भएको देखिन्छ । वैशाख ३, २०६९ र वैशाख ४, २०६९ मा दुवै दिन ५ प्रतिशतले बजार वृद्धि भई सर्किट ब्रेकर लागेकोमा त्यसको भोली पल्ट नै वैशाख ५, २०६९ मा ५ प्रतिशतले बजार घटी सर्किट ब्रेकर लागेको थियो । यसबाट हाम्रो बजार असाध्यै अस्थिर रहेको र लगानीकर्ताहरूले तथ्य र स्वविवेकभन्दा पनि आवेग

र हल्लाका भरमा लगानी निर्णय गर्ने गरेको देखिन्छ । नेपालमा हाल नेप्से इन्डेक्सलाई आधारमा मानेर सर्किट ब्रेकर लागू गरिएको छ जस अनुसार ४५, ५५ र ६५ ले नेप्से परिसूचक बढ्दा वा घट्दा बजार क्रमशः २० मिनेट, ४० मिनेट र बाकी दिनका लागि बजार बन्द हुन्छ । त्यसैगरी हरेक कम्पनीको बजार मूल्य एक दिनमा बढीमा १० प्रतिशतसम्म वृद्धि वा कमी हुन सक्छ ।

### कोभिड-१९ को असरका कारण नेपाली बजारमा लागेको सर्किट ब्रेकर

सन् २००८ को वित्तीय संकटको अवस्थामा पनि सर्किट ब्रेकर नलागेको अमेरिकी शेयर बजार लगायत अन्य केही शेयर बजारमा सन् २०२०मा कोभिड-१९को असरका कारण निरन्तर सर्किट लाग्ने अवस्था सृजना भयो । नेपालमा पनि कोभिड-१९ को असर बजारमा चैत महिनाको सुरूवाततिर परको थियो । लकडाउन आंशिक रूपमा खुलेपछि २०७७ असार १५ बाट बजार पनि नियमित सञ्चालन भयो । धेरै लामो समयपछि बजार खुल्नु, कोभिड-१९ को असर पुँजी बजारमा धेरै हुन सक्ने आशंका लगानीकर्तामा हुनु आदि कारणले सुरूवाती दिनहरूमा बजार निकै अस्थिर भयो । यसैबीच नेपाल राष्ट्र बैंकबाट जारी भएको मौद्रिक नीतिले पुँजी बजारमा थप तरलता सृजना हुने अवस्था आउँदा धेरै घटेको बजारमा एकाएक लगानीकर्ता उत्साहित भई मौद्रिक नीति आएको पहिलो दिन जम्मा करिब ८ मिनेट बजार सञ्चालन भयो । बजार खुलेको ६ मिनेट ३३ सेकेन्डमा ४५ इन्डेक्स घटी २० मिनेट बजार बन्द भयो भने त्यसपछि खुलेको बजारमा थोरै समय मात्र कारोबार सञ्चालन हुँदा नेप्से इन्डेक्सको वृद्धि ५५ र ६५ पुगेर बजार बन्द हुन गयो । दोस्रो दिनको सर्किट ब्रेकर नेपाली पुँजी बजारका लागि अनौठो किसिमको थियो । दिनको ११ बजे बजारको नियमित शत्र सुरू भएको केही सेकेन्डमा नै ४५ ले बजार बढ्न गई २० मिनेटका लागि बजार बन्द भयो । हुनत यो दिन ५५ को सर्किट ब्रेकरपछि बजार घट्न सुरू भई पूरै दिन बजार सञ्चालन भयो । तर केही सेकेन्डमा ४५ ले बजार घट्नु नेपालको दोस्रो बजारमा नौलो विषय थियो ।

### दोस्रो बजारमा प्रारम्भिक सत्र (Pre Open Session)

संसारका प्रायः सबै स्टक एक्स्चेन्जहरू बजारको नियमित कारोवार सुरू गर्नुभन्दा अघि केही मिनेटका लागि एक छुट्टै सत्र सञ्चालन गर्छन् जसलाई प्रारम्भिक सत्र भनिन्छ । नियमित सत्रमा मूल्य, समय प्राथमिकतामा आदेशहरू म्याच भई कारोबार हुन्छ भने प्रारम्भिक सत्रमा इकोंमिक अर्डर क्वान्टिटी (EOQ) आधारमा आदेशहरूको कारोबार हुन्छ । यो सत्र राख्नुको मुख्य कारण कारोबारको नियमित सत्रका लागि प्रारम्भिक मूल्य गणना गर्नु हो । साथै कुनै नयाँ घटना वा सूचनाको आधारमा बजार वा कुनै कम्पनीमा धेरै असर गर्ने रहेछ भने त्यस्ता नयाँ सूचनाका कारण मूल्यमा पर्ने असर प्रारम्भिक सत्रमा नै परी नियमित सत्रलाई कम जोखिमयुक्त बनाउँछ भन्ने मान्यता रहेको छ ।

भारत, श्रीलंका, बंगलादेश, पाकिस्थान लगायत धेरै देशका बजारहरूमा भन्दा नेपालमा प्रारम्भिक सत्रको प्रयोग केही फरक ढंगले भएको देखिन्छ । नेपालमा यो सत्रमा अघिल्लो दिनको अन्तिम मूल्यका आधारमा ५५ सम्म मूल्य घटबढ गरी आदेश राख्न पाइन्छ भारतमा २०५ सम्म तलमाथि आदेश राख्न पाइन्छ । तर नेपालमा यस सत्रमा कारोबार भएको मूल्य नियमित सत्रमा कायम भएको मूल्य र परिसूचकलाई नियमित सत्रमा लगिएपनि सर्किट ब्रेकर लगाउँदा अघिल्लो दिनको अन्तिम मूल्य र परिसूचकलाई नै आधार मानिन्छ जबकि भारत लगायत अन्य बजारमा प्रारम्भिक सत्रमा कारोबार भएपछि आउने मूल्य नियमित सत्रका लागि सुरूवाती मूल्य कायम हुन्छ र नियमित स्तरको सुरूवाती मूल्यमा सर्किट ब्रेक लाग्छ । उदाहरणका लागि- भारतमा १०५ को सर्किट ब्रेकर लाग्दा अघिल्लो दिनको परिसूचकको अन्तिम अंकको १०५ घटबढको आधारमा नभई प्रारम्भिक सत्रमा कायम भएको परिसूचकको अन्तिम अंकको १०५ घटबढको आधारमा सर्किट ब्रेकर लगाइन्छ । प्रारम्भिक सत्र सञ्चालन गर्नुको एक प्रमुख कारण कुनै बाह्य कारणले बजारमा असर गर्दै छ भने त्यस्ले बजारको नियमित कारोबार सत्रलाई असर नगरोस् भन्ने हो । यसले गर्दा नयाँ सूचना वा घटनाका आधारमा आउने उतार चढाब प्रारम्भिक सत्रमा नै परी नियमित सत्र सहज चल्छ । अन्तर्राष्ट्रिय दोस्रो बजारमा प्रारम्भिक सत्रलाई बजार बढी स्पेकुलेटिभ हुँदा यस सत्रले स्थिरीकरण गर्छ भन्ने मान्यता रहेको हुन्छ ।

नेपालमा पनि २०६४ सालमा नेप्सेले सेमी सेमी अटोमेटेड प्रणालीसञ्चालन गरेदेखि नै नियमित सत्र सुरू हुनु अघि १५ मिनेटका लागि प्रारम्भिक सत्र सञ्चालन गरेको थियो । नियममा व्यवस्था नभए पनि अन्तर्राष्ट्रिय प्रचलन अनुसार सुरू गरिएको प्रारम्भिक सत्र सुरू गरिएको तर सर्किट ब्रेकर गणना गर्न भने अघिल्लो दिनको अन्तिम मूल्य र परिसूचकलाई लिइएको थियो । नेप्सेले कारोबार सम्बन्धी विनियमावली २०७५ लागू गरेपछि प्रारम्भिक सत्र र सर्किट ब्रेकर नियममा नै व्यवस्था भयो । तर नियमित सत्रमा सर्किट ब्रेक लगाउने प्रचलन विगतमा जस्तै

| विदेशी बजारमा सर्किट ब्रेकर लाग्ने अवस्था | | | | |
|---|---|---|---|---|
| स्टक एक्सचेन्ज | | पहिलो चरण | दोस्रो चरण | तेस्रो चरण |
| बम्बई स्टक एक्सचेन्ज<br><br>नेसनल स्टक एक्सचेन्ज | परिवर्तन सीमा | १०% | १५% | २०% |
| | समय अवधि | दिनको १:०० बजेसम्म: ४५ मिनट<br><br>दिनको १–२:३० सम्म : १५ मिनट<br><br>२:३० पछि कारोबार स्थगन नगर्ने | दिनको १:०० बजेसम्म: १ घ. ४५ मि.<br><br>दिनको १–२:३०सम्म : ४५ मिनट<br><br>२:३० पछि पुरै दिनको कारोबार स्थगित | पुरै दिनको कारोबार स्थगित |
| कोलम्बो स्टक एक्सचेन्ज | बजार घट्दा | ५% | ७.५% | १०% |
| | समय अवधि | ३० मिनेट | ३० मिनेट | पुरै दिनको कारोबार |
| न्युयोर्क स्टक एक्सचेन्ज नास्दाक, अमेरिका | परिवर्तन सीमा | ७% | १३% | २०% |
| | समय अवधि | दिनको ३:२५ भन्दा अघि १५ मिनेट | दिनको ३:२५ भन्दा अघि पुन १५ मिनेट | पुरै दिनको कारोबार स्थगित |
| स्टक एक्सचेन्ज अफ मौरिसस | परिवर्तन सीमा | ८% | - | - |
| | समय अवधि | ३० मिनेट | - | - |
| संघाई र सेन्जेन एक्सचेन्ज | परिवर्तन सीमा | ५% | ७% | |
| | समय अवधि | १५ मिनेट | पुरै दिनको कारोबार स्थगित | |

अघिल्लै दिनको अन्तिम मूल्य र परिसूचकका आधारमा गणना भयो । यसले गर्दा प्रारम्भिक सत्र सञ्चालन गर्नुको एक प्रमुख उद्देश्य पूरा हुन पाएन भने प्रारम्भिक सत्र किन चाहियो भन्ने प्रश्न समेत उठ्यो ।

कोलोम्बो स्टक एक्सचेन्जमा कोभिड–१९ का कारण ५१ दिन बजार बन्दपछि मे ११, २०२० मा बजार खुल्दा ३८ सेकेन्ड समयमा इन्डेक्स १०५ घट्दा पूरै दिनका लागि बजार बन्द भएको थियो । श्रीलंकामा बजार घट्दा मात्र सर्किट लाग्ने नियम रहेको छ ।

**नेपालमा गर्नुपर्ने परिवर्तन**

नेप्से सूचकांकमा लाग्ने गरेको सर्किट ब्रेकर प्रणालीलाई समसामयिक बनाउन आवश्यक देखिएको सन्दर्भमा अन्तर्राष्ट्रिय अभ्यासलाई समेत मध्यनजर गरी बजार प्रभावित गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न नेप्से सूचकांक बढ्दा वा घट्दा सर्किट ब्रेक लाग्ने व्यवस्थालाई समसामयिक बनाउनु पर्ने देखिन्छ । विदेशी बजारमा कमै मात्र सर्किट ब्रेकर लाग्ने भए पनि नेपालमा केही वर्षमा नै धेरै पटक सर्किट ब्रेकर लागेको देखिन्छ । माथि उल्लेखित अभ्यासहरूलाई दृष्टिगत गर्दा विकसित बजारहरूमा नेपालमा प्रयोग भएको भन्दा बढी प्रतिशतको घटबढमा सर्किट ब्रेकरको व्यवस्था भएको छ । तर त्यस्ता बजारहरूमा सट्टेबाज तथा अल्पकालीन लगानीकर्ताहरूलाई अलग्गै प्रकृतिका कारोवार उपकरणको व्यवस्था रहनाले शेयर बजारमा रहेको जोखिम कम हुन जान्छ ।

त्यसैले बजारको आवश्यकता, हालै भएका केही उतारचढाबलाई समेत मध्यनजर गर्दा सर्किट ब्रेकरमा हाल प्रयोग भएको प्रतिशत एवं त्यसको फरकलाई केही वृद्धि गर्न उपयुक्त देखिन्छ । त्यसैगरी प्रारम्भिक सत्रका सम्बन्धमा हालको ५५ को फरकमा आदेश प्रविष्टि गर्न पाउने नियम यथावत राखेर यो सत्रमा कारोबार भएको मूल्य र परिसूचकलाई निरन्तर सत्रको सुरूवाती मूल्यको रूपमा लिने, यो सत्रमा कारोबार नभएका कम्पनीहरूका लागि मात्र अघिल्लो दिनको अन्तिम मूल्यलाई सुरुवाती मूल्यका रूपमा व्यवस्था गर्नु उपयुक्त हुन्छ । प्रारम्भिक सत्रमा कम्तिमा १०० कित्ता मात्र आदेश राख्न सकिने गरी परिवर्तन गर्दा मूल्यलाई अस्वाभाविक असर पार्ने प्रवृत्तिलाई निरूत्साहित गर्न सकिने देखिन्छ । उपरोक्त अनुसार नेपालको पुँजी बजारमा सर्किट ब्रेकर र प्रारम्भिक सत्रको व्यवस्थालाई परिमार्जित गर्दा दीर्घकालमा बजारमा सकारात्मक असर पर्ने र भविष्यमा बजारमा तरलता थप भई बढीभन्दा बढी लगानीकर्ताहरू आकर्षित हुने देखिन्छ । ■

*लेखक नेपाल स्टक एक्सचेन्जमा सम्बद्ध हुनुहुन्छ ।*

# बैंकिङ्ग भिलेजमा कृषि विकास बैंकको प्रकृति, संस्कृति र प्रगति



डा. सुरोज टण्डन

**१. विषय प्रवेश**

नेपालको बैंकिङ् क्षेत्रमा भएको गुणात्मक सुधारले बैंकिङ् प्रणालीको संरचनामा परिवर्तन भई व्यवसायको प्रकृति र संस्कृतिमा आमुल परिवर्तन हुँदै बैंकिङ् क्षेत्र भिलेजमा परिणत भएको छ । आधुनिक बैंकिङ् व्यवसाय मानिसहरूको आवश्यकता पूरा गर्ने भरपर्दो आधार भएकोले समग्र आर्थिक प्रणालीलाई क्रियाशील बनाउन र समृद्ध नेपाल, सुखी नेपालीको अभियान पूरा गर्न समेत बैंकिङ् क्षेत्रको भूमिका अहं रहेको छ । नेपालमा कृषि क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन गर्ने, सरल तथा सुलभ वित्तीय सेवा प्रदान गर्ने, कृषि कर्जासँगै ज्ञान र सीप प्रदान गरी कृषि क्षेत्रलाई व्यबसायि बनाउने प्रधान उद्देश्यले कृषि विकास बैंकको स्थापना भएको हो । बैंकिङ् भिलेजको प्रकृति र संस्कृतिसँगै यसक्षेत्रमा भएको प्रगतिले कृषि विकास बैंक जस्ता बैंकिङ् सेवा प्रदान गर्ने संस्थाका व्यावसायिक कार्यक्रम, सेवा, सुविधा र जनशक्तिलाई ग्राहकमैत्री, प्रविधियुक्त, आधुनिक र मितव्ययी बनाउन जरूरी छ । बैंकिङ् भिलेजलाई २१औं शताब्दिको युग सुहाउँदो बनाउन, अन्तर्राष्ट्रिय अभ्यास र मान्यता अनुरूप आफ्ना सेवा तथा सुविधालाई परिष्कृत गर्न, कोभिड संक्रमणको समयमा पनि सेवालाई नियमित गर्न र बैंकिङ् संस्कृतिको विकास गर्न यस क्षेत्रको योगदानलाई सधै उच्च मूल्यांकन गर्नु पर्दछ । आजका ग्राहकले महामारी, मन्दी, आर्थिक संकट जान्दैन, उसले त वित्तीय संस्थाबाट प्रवाह हुने सेवा सजिलो, सस्तो र सुविधासँग पाइयो कि पाइएन, सेवा लिँदा अतिरिक्त समय र रकम खर्चन पऱ्यो कि परेन, सेवा लिँदा कस्तो व्यवहार पाइयो, कार्य प्रकृति र संस्कृति कस्तो छ, परिस्थिति र वातावरण कस्तो छ आदि मात्र हेर्दछ । तसर्थ ग्राहकले कृषि विकास बैंक जस्ता वित्तीय संस्थाबाट दैनिक रूपमा प्राप्त गर्ने सेवा तथा सुविधाको जुन रूपमा अनुभूति गर्दछन् त्यही नै बैंकिङ् भिलेजको वास्तविक संस्कृति र प्रगति हो ।

**२. बैंकिङ् भिलेज**

विश्वमा बैंकको विकासक्रम सन् ११५७ मा इटाली (भेनिसको बैंक), सन् १४०१ मा स्पेनको वार्सिलोना, सन् १६०९ मा हल्याण्ड र सन् १६१९ मा जर्मनीमा स्थापना भएका बैंकहरू नै विश्वका अगुवा बैंकहरू हुन् भने नेपालमा आधुनिक बैंकिङ् प्रणालीको विकास हुनुअघि राजा मानदेवको मनाङ्क, गुणकामदेवको गुणाङ्क नामका मुद्राहरू सञ्चालनमा ल्याई बैंकिङ् प्रथाको सुरू भएको मानिन्छ । त्यसैगरी सदाशिवदेवले चाँदीका सिक्का, रत्न मल्लले तामाका, महिन्द्र मल्लले चाँदीका र जयप्रकाश मल्लले सुनका सिक्का सञ्चालनमा ल्याएर बैंकिङ् पद्धतिको सुरूवात पश्चात तेजारथ अड्डा, टक्सार अड्डा खुलेपछि मुद्रा निष्काशन तथा ऋण दिने कामसँगै बैंकिङ् प्रणालीको प्रारम्भ भएको देखिन्छ । यसैगरी वि.सं. १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापनासँगै औपचारिक बैंकिङ् प्रणालीको सुरू भएकोले बैंकिङ् व्यवसायको झण्डै एक शताब्दी पुरानो इतिहास मान्न सकिन्छ । वि.सं.२०१३ सालमा नेपाल राष्ट्र बैंकको स्थापना भई केही समय बैंकिङ् कारोबार गरेपनि पछिल्लो समयमा यस बैंकले नेपालमा स्थापना भएका बैंक तथा वित्तीय संस्थाहरूको नियमन, सुपरीवेक्षण, संरक्षण र प्रबर्द्धन गर्दै आएकोले यस बैंकलाई बैंकहरूको बैंक अर्थात् केन्द्रीय बैंक पनि भनिन्छ । यसैगरी वि.सं.२०२२ सालमा राष्ट्रिय वाणिज्य बैंक, वि.सं. २०२४ सालमा कृषि विकास बैंक लगायतका वित्तीय संस्थाहरूको स्थापनाले नेपालको बैंकिङ् क्षेत्र थप विकसित हुँदै गयो । वि.सं.२०४० को दशकबाट नेपालको अर्थतन्त्रले निजीकरण, उँदारीकरण र विश्वव्यापीकरणको बाटो लिएपश्चात निजीक्षेत्रको सहभागितामा विदेशी बैंकको संयुक्त लगानीमा बैंकहरू स्थापना हुन थाले । यसैको परिणमस्वरूप हाल नेपालको बैंकिङ् भिलेजमा क वर्गका २७ वाणिज्य बैंक, ख वर्गका १९ विकास बैंक, ग वर्गका २१ वित्त कम्पनी र ७८ लद्युवित्त गरी १४५ वित्तीय

संस्थाका ९९०३ शाखाहरूबाट देशभर बैंकिङ्ग सेवा प्रदान गरिरहेका छन् ।

वि.सं. २०४० को दशकसम्म सरकारी स्वामित्वका बैंकहरूको मात्र उपस्थितिले बैंकिङ्ग क्षेत्रको कारोबार सीमित देखिए पनि पछिल्ला वर्षहरूमा यस क्षेत्रको प्रकृति र संस्कृतिमा ठूलो परिवर्तन भएको छ । बैंकिङ्ग भिलेजमा अहिले निक्षेपकर्ता करिब ३ करोड ३५ लाख, कर्जाग्राही १५ लाख ५७ हजार, एटिएम संख्या ४१९१, मोबाइल बैंकिङ्ग संख्या १ करोड २० लाख, इन्टरनेट बैंकिङ्ग ग्राहक संख्या १० लाख ६१ हजार, डेबिट कार्ड संख्या ७६ लाख ६९ हजार, क्रेडिट कार्ड संख्या १ लाख ६८ हजार र प्रिपेड कार्ड संख्या ५८०४८ प्रयोगमा रहेको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ । यसैगरी बैंकिङ्ग भिलेजमा बैंक तथा वित्तीय संस्थाहरूको योग १४५, कूल चुक्ता पुँजी करिब ३ खर्ब ३० अर्ब, प्रति शाखा सेवा ३०२९ र ७३९ स्थानिय तहमा वित्तीय संस्था हाल सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरूले गत आर्थिक वर्षमा रू. ५९ अर्ब ४ करोड र चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा १५ अर्ब ९२ करोड नाफा आर्जन गरेका छन् । बैंकिङ्ग क्षेत्रको कूल निक्षेप रू. ४१ खर्ब २३ अर्ब, कर्जा प्रवाह रू.३४ खर्ब १६ अर्ब रहेको केन्द्रीय बैंकको प्रथम त्रैमासिक प्रगति विवरणले देखाएको छ । बैंकिङ्ग भिलेजमा तरलता व्यवस्थापनको समस्या रहनु, सूचना प्रविधिमा परिवर्तन तथा थप जटिलता सृजना हुनु, कर्जा लगायत विभिन्न प्रकारका जोखिम बढ्नु, छाँया बैंकिङ्गको प्रभाव हुनु, राजनीतिक प्रभाव रहनु, नियमनकारी बाध्यता हुनु, लगानीमैत्री वातावरणको अभाव हुनु, क्षमतावान् जनशक्तिको अभाव रहनु, तीब्र प्रतिस्पर्धा हुनु, संस्थागत सुशासनको समस्या देखिनु, वित्तीय समावेशीकरणको मुद्दा आदि नेपालको बैंकिङ्ग भिलेजका चुनौतीहरू हुन् । यसरी नेपालको बैंकिङ्ग भिलेज अहिले निक्षेप संकलन र कर्जा प्रवाह गर्ने परम्परागत सेवाबाट परिवर्तन भई बैंकिङ्ग पहुँच वृद्धि गर्ने, बैंकिङ्ग ज्ञान र शिप प्रदान गर्ने, रोजगारी सृजना गर्ने, पुँजी परिचालन तथा आर्थिक प्रणालीलाई गतिशील बनाउने व्यवसायको रूपमा अन्तर्राष्ट्रिय बजारसम्म जोडिन पुगेको छ । नेपालमा बैंक तथा वित्तीय संस्थाहरू जुन उद्देश्यले स्थापना भए पनि शहरको पुँजी, प्रविधि, ज्ञान र सीपलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउँदै जनताको आय, आर्जनका लागि सहयात्री बनेका छन् ।

नेपालको बैंकिङ्ग व्यवसायमा धेरै समस्या तथा चुनौतीहरू रहे पनि अधिक नाफा आर्जन गर्ने, कर बढी तिर्ने, छिटोछरितो सेवा प्रदान गर्ने, आधुनिक प्रविधि प्रयोग गर्ने, प्रतिष्ठित र आर्कषक क्षेत्र बनेको छ । तसर्थ बैंक तथा वित्तीय संस्थाले जनताको माग पहिचान गरी आफ्ना सेवा तथा सुविधा बढाउँदै सबै स्थानीय तहमा बैंकिङ्ग सेवा समान रूपले पुऱ्याउन सक्नु पर्दछ । कूल जनसंख्याको झण्डै ६१ प्रतिशतमा वित्तीय पहुँच पुगेपनि ठूलो जनसंख्या वित्तीय पहुँच बाहिर रहेको हुँदा बैंक तथा वित्तीय संस्थाले आफ्नो भूमिका बढाउन वित्तीय साक्षरता, वित्तीय ज्ञान र शिक्षा अभिवृद्धि गरी बैंकिङ्ग संस्कृतिको विकास गर्नु पर्दछ । बैंकिङ्ग भिलेजमा ग्राहकले बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी, प्रबन्धक, कर्मचारी नचिनेपनि उसले वित्तीय संस्थाले प्रवाह गर्ने सेवा सजिलो र सस्तो पाइयो वा पाइएन, सेवा लिदाँ अतिरिक्त समय र रकम लाग्यो वा लागेन, कर्मचारीको व्यवहार कस्तो रह्यो, कार्य प्रकृति र संस्कृति कस्तो छ, भौतिक पूर्वाधार कस्तो छ आदि पक्षको शुक्ष्म अध्ययन गर्दछ । त्यसैले बैंक तथा वित्तीय संस्थाबाट ग्राहकले दैनिक रूपमा प्राप्त गर्ने सेवा तथा सुविधाको जुन रूपमा अनुभूति गर्दछन्, त्यही नै बैंकिङ्ग भिलेजको वास्तविक प्रगति हो ।

### ३. कृषि विकास बैंकको प्रकृति, संस्कृति र प्रगति

कृषि विकास बैंक ऐन, २०२४ अन्तर्गत पूर्ण सरकारी स्वामित्वमा वि.सं. २०२४ साल माघ ७ गते स्थापना भएको बैंक आज जनता, ग्राहक, कर्मचारी र सरकारको संयुक्त लगानीबाट सञ्चालन भएको छ । बैंकका सेवा तथा सुविधासँगै यसको प्रकृति र संस्कृतिमा पनि रूपान्तरण हुँदै गाउँदेखि शहरसम्म एकीकृत र सन्तुलित सेवा प्रवाह गर्दै राष्ट्रको आधुनिक, प्रविधियुक्त, सबल र सक्षम वाणिज्य बैंक बन्न सफल भएको छ । बैंकले आफ्नो स्थापनादेखि शहरको पुँजी, शिप, प्रविधि, ज्ञान र अनुभवलाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउँदै जनताको चाहना, आवश्यकता र माग अनुसार सेवा प्रदान गर्दै नेपाली समाजमा अलग प्रकृतिको पहिचान बनाएको छ । अर्थतन्त्रलाई क्रियाशील बनाउन, रोजगार सृजना गर्न, राष्ट्रको आम्दानी बढाउन, वित्तीय साक्षरता अभिवृद्धि गर्न, उत्पादकत्व बढाउन कृषि, घरायसी, शैक्षिक, पर्यटन, उर्जा लगायत व्यावसायिक क्षेत्रमा छोटो, मध्यम एवं लामो अवधिको कर्जा बैंकले प्रवाह गर्दै आएको छ । कृषि विकास बैंकले कर्जासँगै ज्ञान, निक्षेपसँगै सेवा र गैह्रकोषमा आधारित सुविधासँगै ग्राहकको माग अनुसार सेवा प्रवाह गर्दै बैंकिङ्ग क्षेत्रमा फरक प्रकृतिको सुविधा प्रदान गरिरहेको छ । बैंकले सम्पत्ति, कर्मचारी, प्रविधि, कार्यसञ्जाल, कृषि र विपन्नवर्ग कर्जा, ब्याज आम्दानी लगायतका क्षेत्रमा बैंकिङ्ग बजारको नेतृत्व लिइरहेको हुँदा बैंकका सेवा तथा सुविधाको प्रकृति

र संस्कृति नै फरक देखिन्छन् । वि.सं.२०३२ साल देखि नै देशका धेरै स्थानमा साना किसान विकास आयोजना कार्यान्वयनमा ल्याई विपन्नवर्ग, समूदाय र क्षेत्रगत लक्षित कार्यक्रमहरू सञ्चालन गरी जनताको आर्थिक, सामाजिक र प्राविधिक उन्नतिका लागि बैंकले विशेष सुधारका कार्यक्रम निरन्तर सञ्चालन गर्दै आइरहेको छ । तत्कालीन समयमा बैंकले विपन्न परिवारलाई विभिन्न क्षेत्रमा कर्जा प्रवाह गरी सीमान्तकृत समुदायको शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक र आर्थिक जीवनस्तर सुधार गरी रोजगार सृजना र आय आर्जन बढाउन महत्वपूर्ण योगदान पुऱ्याएको हुँदा बैंकिङ्ग इतिहासमा कृषि विकास बैंकको सेवाको प्रकृति फरक संस्कृतिको छ । बैंकको प्रकृति कार्यक्रममूलक, अविस्मरणीय र रोचक रहेको हुँदा वास्तवमा कृषि विकास बैंक हेटेरोटोपिया अर्थात सबैले आ–आफनै खुबी र क्षमताले अनुमान गर्ने फरक प्रकृतिको प्रतिष्ठित वित्तीय संस्था बन्न पुगेको छ ।

कृषि विकास बैंकले आफ्नो व्यवसाय छिटो, छरिता, भरपर्दो र जोखिममूक्त बनाउन ग्राहकलाई सबै प्रकृतिको बैंकिङ्ग सेवा एउटै स्थानबाट प्रदान गर्ने ध्येयका साथ आधुनिक प्रविधिको प्रयोगमा ल्याएको छ । बैंकले अन्तर्राष्ट्रिय बैंकिङ्ग अभ्यासहरूलाई आत्मसात गरी गैह्र बैंकिङ्ग सम्पत्ति, खराब कर्जा, राजनीतिक हस्तक्षेप, युनियनहरूको दबाब, कर्मचारीको काम ढग्ने प्रवृत्तिलाई निराकरण गर्दै नीति, नियम र निर्देशनभित्र बसी कार्य गर्ने संस्कृतिको विकास गरेको छ । बैंकले आधुनिक बैंकिङ्ग सेवाहरू जस्तोः एटिएम, एसएमएस, मोवाईल बैंकिङ्ग, लकर, शैक्षिक कर्जा, रेमिट, एलसी, ग्यारेन्टी लगायतका कारोबारलाई सरल, सहज र सुरक्षित बनाउँदै आफ्नो व्यवसायमा नयाँ आयाम थपेको छ । त्यसैगरी बैंकले आफ्ना सम्पूर्ण कार्यालयलाई प्रविधिद्वारा एकीकृत र समन्वय गर्दै कारोबार झण्झटमुक्त, प्रक्रिया सरल एवं प्रविधिमैत्री र व्यवसाय ग्राहकमैत्री बनाउँदै लगेको छ । बैंक प्रविधिमा रूपान्तरण भएपश्चात व्यवसाय, कर्मचारी, व्यवस्थापन र प्रतिष्पर्धीको विश्लेषण, अनुगमन, परिचालन र नियन्त्रण प्रविधिमार्फत् गरी नयाँ संस्कृतिको थालनी गरेको छ ।

नेपालमा बैंकिङ्ग संस्कृतिको सुरूवात र विकास गराउन कृषि विकास बैंकले स्थापनादेखि गरीब, किसान एवं व्यबसायिलाई फरक प्रकृतिको सेवा प्रदान गरिरहेको हुँदा वित्तीय साक्षरता, लद्यु वित्त, वित्तीय क्षेत्र विकास तथा वित्तीय ज्ञान अभिवृद्धिको सन्दर्भमा पहिलो गुरू मानिन्छ । बैंक ५४औं वसन्तमा प्रवेश गर्दा बैंकिङ्ग भिलेजमा असल संस्कृति अभिवृद्धिका लागि सफल भएको हुँदा अर्थतन्त्रलाई चलायमान बनाउन आर्थिक इञ्जिनको रूपमा स्थापित वित्तीय संस्था बनेको छ । करिब रू.५ करोड अधिकृत पुँजीबाट स्थापना भएको बैंकको चुक्ता पुँजी हाल रू. १४ अर्ब ९८ करोडभन्दा बढी, निक्षेप करिब रू. १ खर्ब ४१ अर्ब, कर्जा प्रवाह करिब रू. १ खर्ब ३१ अर्ब, निक्षेपकर्ता संख्या झण्डै १३ लाख, कर्जाग्राही संख्या १ लाख ५० हजार, आधार दर ८.७९ प्रतिशत, स्प्रेडदर ४.३९ प्रतिशत र कोषको लागत ५.८२ प्रतिशत रहेको छ । त्यसैगरी बैंकका २ सय ८० शाखा कार्यालयबाट झण्डै बाइस सय कर्मचारीले नियमित सेवा प्रवाह गरिरहेका छन् । नेपालको अर्थतन्त्रमा केही योगदान नगरेका संस्था वा बैंकको खासै चर्चा हुँदैन तर कृषि विकास बैंकको स्थापनादेखि हालसम्म आउँदा अर्थतन्त्रमा फरक प्रकृतिको देखिनु र सधै चर्चामा रहनु बैंकका लागि प्रगतिको आधार हो । अरू पक्ष एवं विषयमा लगानीकर्ता, ग्राहक र कर्मचारीका आ–आफनै तर्क होलान् तर कृषि विकास बैंकका केही विशेषतालाई अरू वाणिज्य बैंकहरूले पनि मनन गर्न सके एउटा वित्तीय संस्थाबाट जुन प्रकृतिको कृषि वित्तमा एक्सिलेन्सको आशा गरिएको छ त्यो कृषि विकास बैंकबाट पूरा हुने देखिन्छ । बैंकले स्थापनादेखि राष्ट्रका योजना, नीति, कार्यक्रम र उद्देश्य अनुसार गरीब, किसान, उद्यमी, विद्यार्थी लगायतको निम्ति आय, आर्जनका लागि लोन प्लस कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

बैंकले कूल कर्जाको करिब ६० प्रतिशत ग्रामीण क्षेत्रमा, करिब २८ प्रतिशत कृषि क्षेत्रमा कर्जा प्रवाह गरिरहेको र कूल कर्जाको करिब ८० प्रतिशत सानो प्रकृतिको रहेकोले अन्य वाणिज्य बैंकहरूभन्दा कृषि विकास बैंकको सेवा तथा सुविधा फरक देखिन्छ । वास्तवमा जोखिम विनाको व्यवसाय, प्रविधिबिनाको सेवा, योग्यता तथा दक्षता विनाको जनशक्ति र बैंकिङ्ग व्यवसायबिनाको बैंक कल्पना पनि गर्न सकिदैन । तसर्थ बैंक सामु जोखिम, चुनौती र समस्या अनेकौ भए पनि उपलब्धि, अवसर र सम्भावनालाई उपयोग गर्दै आफ्ना सम्पूर्ण कार्यालयलाई एकीकृत गराउँदै कारोबारलाई प्रविधि भिलेजमा रूपान्तरण गरी आधुनिक सेवा प्रवाह गरिरहेको छ । बैंकका सम्पूर्ण सेवा तथा सुविधाहरू प्रविधिमैत्री भइसकेकोले सन्दर्भमा व्यवसाय अभिवृद्धि गर्न, ग्राहकलाई सन्तुष्टि पुऱ्याउन स्रोतको अधिकतम संकलन तथा परिचालन गरी ब्राण्ड स्थापना गर्नु आजको आवश्यकता हो । समग्रमा भन्दा बैंकिङ्ग भिलेजमा फरकफरक प्रकृतिको सेवा फरकफरक संस्कृतिसहित प्रवाह गर्न सक्नु र प्रविधिमैत्री वातावरण बनाई बजारमा रणनैतिक लाभ लिन सक्नु कृषि विकास बैंकको ठूलो खुबी र प्रगति हो ।

### ४. आधुनिक बैंकिङ्ग प्रणालीमा रुपान्तरण

नेपालमा औपचारिक बैंकिङ्ग प्रणालीको सुरूवात राणाकालमा शुरू भई आजको खुला बैंकिङ्ग भिलेजसम्म आईपुग्दा यस व्यवसायको दायरा र कार्यक्षेत्र निकै फराकिलो भएको छ । बैंकिङ्ग व्यवसायलाई स्वस्थ, पारदर्शी, सुरक्षित र जोखिमरहित बनाउन नियमनकारी निकायबाट जारी भएका ऐन, नीति, नियम, निर्देशन र मार्गदर्शनको पूर्ण पालना गर्दै संस्थागत सुशासन, सामाजिक उत्तरदायित्व र जोखिम न्यूनीकरण गरी वित्तीय पहुँच बढाई आर्थिक प्रणालीमा देखिएका बहुआयामिक चुनौतीलाई अवसरमा रूपान्तरण गर्न सक्नु पर्दछ । नेपाललाई मध्यम-आय भएको अर्थतन्त्रमा स्तरोन्नति गर्न बैंकिङ्ग क्षेत्रले महत्वपूर्ण भूमिका खेल्न सकोस् भन्ने उद्देश्यले "वित्तीय क्षेत्र विकास रणनीति २०७३/७४ देखि २०७७/७८" तयार गरी यस क्षेत्रका विद्यमान चुनौती तथा कमी-कमजोरीलाई सम्बोधन गर्न एक समन्वयात्मक पद्धतिको योजना कार्यान्वयन भइरहेको छ । नेपालमा बैंकिङ्ग क्षेत्रको सञ्जाल बढिरहेकोले वित्तीय संस्थाहरू बीचको अस्वस्थ प्रतिस्पर्धा रोक्न र बैंकिङ्ग क्षेत्रको स्थायित्वलाई थप सुदृढ गर्न आवश्यक छ । बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीका लागि बैंकिङ्ग सेवा प्रवाह सम्बन्धि तालिम, अध्ययन, अवलोकनको व्यवस्था मिलाई उत्पादकत्व बढाउन जरूरी छ । अबको बैंकिङ्ग व्यवसाय विगत वर्षहरूमा भन्दा राम्रो भएर पुग्दैन अन्य मुलुकको बैंकिङ्ग प्रणाली जस्तो पूर्ण प्रविधियुक्त, सबल, सुरक्षित, सक्षम र आधुनिक सेवा, सुविधा जनतामा पुऱ्याई संस्थागत लक्ष्य हासिल गर्न सक्नु पर्दछ । वित्तीय क्षेत्र अन्तर्गत बैंकिङ्ग, बिमा, पुँजी बजार, गैर- बैंकिङ्ग वित्तीय संस्था र सहकारी क्षेत्र पर्ने भए पनि बैंकिङ्ग क्षेत्रका योजना तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरी राष्ट्रको आर्थिक प्रणालीलाई गतिशील बनाउन जरूरी छ । बैंकिङ्ग सेवाको सहज र सरल पहुँच बढाउन बैंक तथा वित्तीय संस्थाले शाखा खोल्ने नीतिमा सुधार गरी ग्रामीण क्षेत्रमा शाखा वा सेवा काउन्टर खोल्न केन्द्रीय बैंकको स्वीकृति लिन नपर्ने व्यवस्थालाई उपयोग गर्न आवश्यक छ । कोभिड-१९ को संक्रमणको समयमा पनि बैंकिङ्ग क्षेत्रका कर्मचारीले घरमा बसी सेवा तथा सुविधा नियमित प्रवाह गरेकोले कृषि विकास बैंक जस्ता वित्तीय संस्थाबाट असहज अवस्थामा पुराएको योगदानलाई कहिलै बिर्सन सकिँदैन । महामारीको समयमा कृषि विकास बैंक लगायतका वित्तीय संस्थाहरूले वर्क फर्म होमबाट आफ्ना सेवालाई नियमित गर्ने सन्दर्भमा भएका प्रयास, प्रविधिको अधिकतम उपयोग, विज्ञताको प्रयोग र सेवाको निरन्तरतालाई नेपालको बैंकिङ्ग इतिहासमा सधै स्मरण हुनेछ ।

नेपालको बैंकिङ्ग प्रणाली आधुनिक बैंकिङ्ग भिलेजमा रूपान्तरण भएको धेरै लामो समय नभए पनि यसक्षेत्रले आर्थिक प्रणालीमा बहुआयामिक योगदान पुराएको छ । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र डेभलपमेन्ट फर इन्टरनेशनल डिपार्टमेन्ट (डिएफआईडि) को सहयोगमा सुरू गरिएका वित्तीय क्षेत्र सुधारका कार्यक्रमले नेपालका केही बैंकहरूको व्यवस्थापन, व्यवसाय, प्रविधि, निष्कृय कर्जा र जनशक्तिमा आमूल सुधार भएका छन् । यसरी अध्ययन गर्दा नेपालको बैंकिङ्ग क्षेत्र खुला वातावरणमा रूपान्तरण भएपछि यस व्यवसायको प्रकृति र संस्कृतिमा निकै प्रगति भएको छ । कोरोना भाइरसको संक्रमणबाट अर्थतन्त्रका अधिकांश सेवाहरू बन्द भई मानवीय र आर्थिक क्षति भए पनि बैंकिङ्ग क्षेत्रबाट नियमित सेवा प्रवाह हुँदै अझ प्रभावकारी र आधुनिक प्रकृतिको बनेको देखिन्छ । कोभिड-१९ को प्रभावबाट राष्ट्रव्यापी गरिएको लकडाउन समयमा बैंकिङ्ग क्षेत्रले Remote Access and Work From Home बाट आवश्यकता अनुसार VPN प्रयोग गरी Remote Access बाट सेवा तथा सुविधालाई नियमित गराउन महत्वपूर्ण कार्य गरेको र कोभिड-१९ को प्रभाव तथा जोखिमलाई न्यूनीकरण गर्ने सन्दर्भमा Quick Response समूहहरू गठन गरी सेवालाई सुचारू गर्न आवश्यक गृहकार्य गरेको दखिन्छ ।

### ५. प्रविधि एक चुनौती अनेक

नेपालमा सूचना प्रविधिको राम्रो प्रयोग एवं उपयोग भएको एकमात्र क्षेत्र बैंकिङ्ग बजार हो । बैंकिङ्ग क्षेत्र प्रतिष्पर्धी हुँदा प्रविधिमा आधारित सेवाहरूको प्रवाह बढ्दै आधुनिक र सहज पनि बन्दै गएको छ । केन्द्रीय बैंकले समेत भर्चुअल बैंकिङ्ग कारोबारलाई बढाउन, बैंकिङ्ग सेवाको पहुँच अभिवृद्धि गर्न र नगदमा आधारित कारोबारलाई घटाउँदै लैजान जोड दिएको छ । जसअनुसार बैंकिङ्ग क्षेत्रले आफ्नो व्यवसायमा नयाँ नयाँ प्रणाली भित्राइ सेवा तथा सुविधामा विविधता ल्याउँदै जाने रणनीति लिएको र आफ्ना सुविधालाई थप गरी व्यवसाय सञ्चालनमा निकै सजग र सचेत रहन जरूरी छ । नेपालको बैंकिङ्ग भिलेजका आधुनिक बैंकिङ्ग सेवाहरू जस्तोः मोबाइल बैंकिङ्ग, इलेक्ट्रोनिक बैंकिङ्ग, ब्रान्चलेस बैंकिङ्ग, भिसा तथा मास्टर कार्ड, एटिएम सेवाको सुविधाले बैंकिङ्ग बजार अन्तर्राष्ट्रिय क्षेत्रसम्म जोडिन पुगेको छ । बैंकिङ्ग बजारमा आएको प्रविधि र विद्युतीय माध्यमको सुविधाले बैंकिङ्ग प्रणाली एउटा गाँउमा परिणत भएको हुँदा

व्यापार, व्यवसाय, भुक्तानी, कर, आयात एवं निर्यातका क्षेत्रमा प्रविधिमैत्री बनाउन जरूरी छ । नेपालमा अहिले इ-कर्मस (इ-बैंकिङ्ग, इ-गर्भनेन्स, इ-टिकट, इ-भुक्तानी, इ-व्यापार, इ-स्वस्थ्य, इ-शिक्षा, इ-कोटेशन, इ-चुनाव) मार्फत् बैंकिङ्ग सेवाको विकास, विस्तार एवं प्रवर्द्धन हुँदै बैंकिङ्ग क्षेत्रको प्रकृति र संस्कृतिमा निकै प्रगति भएको छ । कार्ड व्यवसायका कारण बैंकिङ्ग कारोबार ३६५ दिन, २४सै घण्टा सञ्चालन हुने पेशा भएकोले यस व्यवसायमा अनेक प्रकृतिका चुनौती र समस्या बढ्दै गएका छन् । बैंकहरूले आफ्नो व्यवसाय प्रवर्द्धनका लागि विभिन्न प्रकारका नाराहरू जस्तोः सबैमा बैंकको सम्बन्ध, एक परिवार एक बैंक, नारीको प्रगति देशको उन्नती, एक व्यक्ति एक बचत खाता, राष्ट्रको समुन्नति हाम्रो बाचा, बैंक एक सेवा अनेक, तपाई हाम्रो घर आँगनको बैंक आदि प्रयोग गर्न सूचना प्रविधिका कारणले सहज भए पनि बैंकिङ्ग भिलेजमा अनेकौं प्रकृतिका चुनौतीहरू थपिँदै गएका छन् ।

बैंक तथा वित्तीय संस्थाको मुटु भनेको प्रयोगमा ल्याएको बैंकिङ्ग सफ्टवेयर हो । अहिले बैंकिङ्ग क्षेत्रमा मुख्यरूपमा फिनाकल, टेमनस, आइफेलेक्स जस्ता स्वदेश एवं विदेशबाट आयात गरिएका सफ्टवेयरहरू प्रयोगमा ल्याई आफ्ना सेवा तथा सुविधाहरू प्रविधिमार्फत प्रवाह गर्दै आएका छन् । पछिल्लो समय विभिन्न स्थानबाट बैंकिङ्ग सफ्टवेयरहरू ह्याक गर्ने, सिस्टममा रहेको पैसा चोर्ने, सूचना लैजाने, डाटा नोक्सानी गराउने जस्ता समस्याहरू बढ्दै गएको सन्दर्भमा नेपाल राष्ट्र बैंकले प्रविधिमा अन्तरनिहित आन्तरिक एवं बाह्य सुरक्षाको जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सूचना प्रविधि आकस्मिक सहायता समूह गठन गरी साइबर सुरक्षा सम्बन्धी घटनामा तत्काल सहायता उपलब्ध गराउन निर्देशन दिएको छ । यसैगरी बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो वेबसाइट, Mobile App, आधिकारिक सामाजिक सञ्जाल तथा सूचना प्रविधिमा Cyber Attack, Malware Virus Ransom ware जस्ता जोखिम, बाह्य जोखिम, Spam, Phishing, Spoofing आदि माध्यमबाट प्रणालीमा अनाधिकृत पहुँच गरी सूचना चुहावट, चोरी तथा आर्थिक नोक्सानी लगायत सञ्चालन जोखिमबाट हुन सक्ने क्षतिको न्यूनीकरण गरी आफ्ना औजार तथा यन्त्रहरूलाई सुदृढ गर्दै लगेका छन् । अहिले वित्तीय संस्थामा प्रयोग हुने एउटा प्रविधिबाट अनेकौ समस्या एवं जोखिमको सृजना भैरहकोले सोको रोकथामका लागि नीति, नियम र कार्यविधिको परिपालना गरी बैंकिङ्ग कसूर अन्तर्गत आवश्यक कानुनी कारबाही समेत गर्नु पर्दछ । कोभिड-१९ को समयमा घरमा बसी बैंकिङ्ग कारोबार सञ्चालन गर्नुपर्ने बाध्यताले गर्दा कर्मचारीमा प्रविधि, प्रक्रिया लगायत मानवीय त्रुटि, नीति एवं कार्यविधिको अपर्याप्तताका कारण पनि अनेक समस्या सृजना हुन सक्ने भएकोले विभिन्न प्रकारका जोखिमको पहिचान, अनुगमन, व्यवस्थापन र नियन्त्रण गर्नु पर्दछ ।

**६. अन्त्यमाः**

नेपालमा बैंकिङ्ग व्यवसायको आठ दशकभन्दा लामो विकासक्रम रहे पनि पछिल्लो एक दशकमा बैंकिङ्ग सेवाको प्रकृति र संस्कृतिमा निकै प्रगति भएको छ । तत्कालीन समयमा बैंकिङ्ग सेवाको माग र आपूर्ति बीचमा ठूलो खाडल देखिए पनि अहिले यस क्षेत्रमा उल्लेखनीय सुधार भएको छ । सुरूका दशकमा सूचना प्रविधि, दक्ष तथा सक्षम जनशक्ति, बजार, ग्राहकमा वित्तीय साक्षरता एवं ज्ञानको अभावका कारण आधुनिक बैंकिङ्ग प्रणालीको विकास हुन सकेको थिएन । लामो समयसम्म सीमित दायरामा कारोबार गर्ने बैंकिङ्ग व्यवसाय पछिल्ला वर्षमा नयाँ प्रविधिबाट कारोबार सञ्चालन गर्ने भएकोले यस व्यवसायमा निकै प्रगति भएको छ । नेपालको बैंकिङ्ग भिलेजमा कृषि विकास बैंकको सेवाका प्रकृतिले बैंकिङ्ग ज्ञान, शिक्षा, पहुँच र साक्षरताको अभिवृद्धि गरी बैंकिङ्ग संस्कृतिको विकास गर्दै राष्ट्रमा वित्तीय एवं आर्थिक गतिविधि बढाई लक्ष्य बमोजिम प्रगति हासिल गर्न सक्नु पर्दछ । ■

*लेखक कृषि विकास बैंक लि. का*
*वरिष्ठ शाखा प्रमुख हुनुहुन्छ ।*

**सन्दर्भ सामग्रीः**

१. नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीति ।
२. नेपाल राष्ट्र बैंक (२०७७) बाट इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन ।
३. नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७७/७८ का लागि सार्वजनिक गरेको बजेट तथा कार्यक्रम ।
४. नेपाल सरकार, अर्थ मन्त्रालयको वित्तीय क्षेत्र विकास रणनीति २०७३/७४-२०७७/७८
५. टण्डन सुरोज (२०७४), आधुनिक बैंकिङ्ग व्यवस्थापन र अर्थ व्यवस्था, उत्सव बुक्स प्रकाशन, काठमाडौं ।

# नेपालको व्यावसायिक कृषि विकासमा भएका प्रयास, समस्या तथा चुनौतीहरू



हिम लाल श्रेष्ठ

**पृष्ठभूमि**

नेपाल कृषि प्रधान देश हो । गाउँ नै गाउँले भरिएको हाम्रो मुलुकको आर्थिक समृद्धि कृषि क्षेत्रको विकास विना सम्भव छैन । नेपालको अर्थतन्त्रको मेरूदण्डको रूपमा रहँदै आएको कृषि क्षेत्रको विकासबाट नै देशको विकास हुने सत्यलाई आत्मसात गर्दै कृषि क्षेत्रको विकासको लागि विभिन्न प्रयासहरू हुँदै आएको पाइन्छ । कृषि नेपाली अर्थतन्त्रको प्रमुख क्षेत्र हो र देशको कूल गार्हस्थ उत्पादनमा करिब २७ प्रतिशत योगदान कृषि क्षेत्रको रहेको छ । कूल जनसंख्याको करिब ६५ प्रतिशत रोजगारी तथा जिविकाका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको स्पष्ट छ ।

देशको भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, अनुसन्धान, उन्नत बीउ विजन र प्रविधि, स्रोतसाधन, कृषि उद्यमी युवा तथा सिमान्त कृषक वर्गको चाहना, तुलनात्मक लाभ र राष्ट्रिय आवश्यकता, प्रतिबद्धता, सहस्राब्दी विकास लक्ष्यहरू, राष्ट्रिय नीतिहरूमा गरेका प्रतिबद्धतालाई मध्यनजर राख्दै कृषि तथा पशु पंक्षीजन्य उत्पादन एवं व्यापारमा प्रतिस्पर्धा, व्यावसायीकरण, आधुनिकीकरण, विविधिकरणमा जोड दिनुका साथै आर्थिक तथा सामाजिक रूपमा पछि परेका वर्गहरूलाई प्राथमिकता दिई सरकार, निजी क्षेत्र र सहकारीको साझेदारीबाट कृषि पेसालाई सम्मानजनक बनाई आय तथा रोजगारी सृजना, गरिबी न्यूनीकरण, सुधारात्मक व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, संविधानले परिकल्पना गरे बमोजिम खाद्य तथा पोषण सुरक्षा र आर्थिक रूपान्तरणमा कृषि क्षेत्रको योगदान बढाउन केन्द्रित हुनु पर्दछ ।

देशको आवश्यकता र सम्भाव्यता अनुरूप कृषि विकास सम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयन गर्ने मूल उद्देश्य बोकेर कृषि मन्त्रालयले व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवं दीगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउने लक्ष्य लिएको पाइन्छ । राष्ट्रको आर्थिक विकास कृषिमै आधारित भएको हुँदा कृषि विकासमा बढी भन्दा बढी गतिशिलता ल्याई सर्व साधारणको आर्थिक हित र सुविधा कायम गर्नु, कृषि क्षेत्रमा सरल र सुलभ पद्धति अपनाई पूँजी तथा ऋण उपलब्ध गराउने मुख्य उद्देश्यका साथ नेपाल सरकारको पूर्ण स्वामित्वमा वित्तीय संस्थाको रूपमा 'कृषि विकास बैंक' को स्थापना भएको हो ।

**नेपालमा कृषि क्षेत्रको विकासका लागि भएका प्रयासहरू**

- संस्थागत रूपमा वि.सं. १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट नेपालको कृषि विकास सम्बन्धी कार्यक्रम संचालनको थालनी भएको पाइन्छ । वि.सं. १९८२ सालमा सिंहदरबारमा कृषि प्रदर्शन फर्म खुल्यो भने वि.सं. १९९४ मा कृषि परिषदको गठन भयो ।
- वि.सं. १९९८ सालमा त्रिपुरेश्वरमा भेटेनरी अस्पतालको स्थापना भयो । त्यसै वर्ष नहर शाखाको समेत स्थापना भयो ।
- वि.सं. २००० मा मकवानपूरको चित्लाङ्ग र नुवाकोटको ककनीमा भेडा फर्महरू खुले ।
- वि.सं. २००४ मा परवानीपुर सेन्ट्रल एक्सपेरिमेन्टल एण्ड रिसर्च फार्म खडा गरी कृषि अनुसन्धानलाई जोड दिन थालियो ।
- वि.सं. २००७ को परिवर्तनपछि कृषि परिषदबाट भएका विभिन्न कार्यहरूको लेखाजोखा भयो ।
- वि.सं. २००८ मा कृषि परिषद विघटन गरी कृषि विभाग स्थापना भयो ।
- वि.सं. २०१० सालमा सहकारी विभाग स्थापना भयो । यही सालमा कृषि स्कूलको स्थापना पनि गरियो ।

- वि.सं. २०१२ सालमा नहर शाखालाई नहर विभागको रूपमा बिस्तार गरियो ।
- वि.सं. २०१८ सालमा नेपालमा कृषि गणनाको शुरूवात भएको ।
- वि.सं. २०१९ सालमा कीर्तिपुरमा वागबानी केन्द्र र गोदावरी मत्स्य विकास केन्द्रको स्थापना भयो ।
- नेपालमा सर्वप्रथम २०२१ सालमा भूमि सुधार ऐनको व्यवस्था ।
- वि.सं. २०२४ सालमा कृषि विकास बैंकको स्थापना गरी कृषि विकासमा लगानी गर्न स्रोतको व्यवस्था गर्न (Financial Institution) को प्रबन्ध गरियो ।
- वि.सं. २०३० सालमा खाद्य, कृषि तथा सिंचाई मन्त्रालय राखियो ।
- वि.सं. २०५२ सालमा कृषि रणनीति योजनाको सुरूवात भयो ।
- वि.सं. २०६१ सालमा पहिलोपटक कृषि नीति २०६१ जारी गरिएको हो ।
- वि.सं. २०६३ सालमा व्यावसायिक कृषि नीतिको थालनी गरियो ।
- नेपालको आवधिक योजनाहरूमा कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखिएको छ ।
- १४ औं त्रिवर्षीय योजनामा कृषिलाई प्रमुख प्राथमिकताका साथ राखिएको र कृषि क्षेत्रको दिगो र व्यावसायिकरण गरी रोजगारी सृजना मार्फत गरिबी घटाउन सघाउ पुऱ्याउने उल्लेख गरिएको छ ।
- दिगो आत्मनिर्भर एवं व्यावसायिक कृषि क्षेत्रको परिकल्पनासहित २० वर्षे कृषि विकास रणनीतिक कार्य योजना २०७२ को सार्वजनिकीकरण भएको छ । जसले कृषि क्षेत्रको व्यसायीकरण गरि रोजगारी सृजना गरी गरिबी न्यूनीकरण गर्ने मुख्य उद्देश्य लिएको ।
- नेपालको कृषि क्षेत्रको विकासलाई अनुसन्धानमार्फत बढी प्रभावकारी बनाउन वि.सं. २०४८ बैशाख २५ गते नेपाल कृषि अनुसन्धान परिषद (नार्क) स्थापना भएको ।
- नेपालमा दशौं र एघारौं योजना अवधिलाई कृषि दशकका रूपमा मनाइयो ।
- नेपालको संविधान २०७२ मा कृषिलाई व्यावसायीकरण गरी खुल्ला उदार अर्थनीति अनुकूल बनाउने सबैधानिक व्यवस्था ।
- वर्तमान नेपालको संविधानले खाद्य सम्बन्धी हकलाई जनताको मौलिक हकका रूपमा स्थापित गरेको, कृषि र भूमिसुधार सम्बन्धी नीतिलाई राज्यको १३ वटा नीतिमध्ये एकको रूपमा उल्लेख गरेको ।
- बजेटले कृषि उत्पादनमा आत्मनिर्भर गराउँदै खाद्य सुरक्षा र सम्प्रभुता कायम गर्दे लगिने, कृषकको पहुँच बिस्तार गर्न करार खेती, चक्लाबन्दी र सामूहिक सहकारी खेतीलाई प्रोत्साहन गर्ने । एक स्थानीय तह एक उत्पादन पकेट क्षेत्र कार्यक्रम संचालन गरिने, कृषि तथा पशुपंक्षी कर्जाको व्याजमा ५% अनुदानको व्यवस्था, कृषि तथा पशुपंक्षी बिमाको प्रिमियममा ७५ प्रतिशत अनुदान दिने व्यवस्थाको निरन्तरता दिने आदि जस्ता व्यवस्था,
- आगामी २० वर्षको मार्गदशकको रूपमा कृषि विकास रणनीति २०७२ जसको मुख्य लक्ष्य ५ वर्षमा नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने, २० वर्षमा नेपालको खाद्यान्नजनित गरिबीलाई ५% र ग्रामिण क्षेत्रको गरिबीलाई १०% मा झार्ने,
- प्राथमिकता प्राप्त क्षेत्रको रूपमा कृषि क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूले अनिवार्य रूपमा नेपाल राष्ट बैंकले तोके बमोजिम लगानी गर्नुपर्ने व्यवस्था गरेको,
- आर्थिक वर्ष २०७२/७३ देखि व्यावसायिक कृषि तथा पशुपक्षी पालन कर्जाको लागि नेपाल सरकारले ५ प्रतिशत ब्याज अनुदान दिने व्यवस्था गरेको ।
- नीतिगत अन्य प्रयासहरू
  - राष्ट्रिय भू-उपयोग नीति २०७२,
  - राष्ट्रिय चिया नीति २०५७, राष्ट्रिय कफि नीति २०६२,
  - राष्ट्रिय मल नीति २०५८,
  - कृषि जैविक विविधता नीति २०६३,
  - OVOP संचालन कार्यविधि २०६३,
  - सिंचाई नीति २०६३,
  - राष्ट्रिय कृषि नीति २०६१ लगायत अन्य क्षेत्रगत एवं विषयगत नीतिहरू ।
- संस्थागत व्यवस्थाहरू :
  - कृषि विकास मन्त्रालय,
  - सिंचाई मन्त्रालय,

- नेपाल कृषि अनुषन्धान परिषद,
- कृषि विकास बैंक लि.
- साना किसान विकास बैंक लि., (हालको साना किसान लघुवित्त वित्तीय संस्था)
- सहकारी तथा गरिबी निवारण मन्त्रालय,
- जिल्लास्तरीय कृषि विकास कार्यालयहरू,
- कृषि ज्ञान केन्द्र, कृषि तथा पशु विकास कार्यालयहरू,
- गाउँपालिका तथा नगरपालिकाहरू, उपमहानगरपालिका, महानगरपालिकाहरू,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी एवं गैर सरकारी संघसंस्थाहरू,
- प्रधनमन्त्री कृषि आधुनिकीकरण परियोजना आदि ।

**नेपालको व्यावसायिक कृषि विकासका समस्या तथा चुनौतीहरु**

१. नेपालमा आर्थिक रूपले सक्रिय जनशक्ति विदेशिने क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा श्रम शक्तिको अभाव, उर्वर कृषि भूमिको गैर कृषि प्रयोजनमा वढ्दो उपयोग, जलवायु परिवर्तनको नकारात्मक प्रभाव, सिंचाई सुविधाको अपर्याप्तता तथा खाद्यान्न तथा खाद्य पदार्थमा भएको मूल्यवृद्धि तथा अपर्याप्त आपूर्ति जस्ता कारणहरूले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल गर्नु चुनौतीपूर्ण रहेको छ ।

२. खण्डीकृत जमीनमा परम्परागत रूपमा निर्वाहमुखी खेती प्रणालीको अवलम्बन गरिँदै आएको र कृषि विकासका लागि भएका सरकारी प्रयास सीमित स्रोत र साधनहरूका कारण एकीकृत रूपमा नभई छरिएर जाने गरेकोले प्रतिफलमुखी हुन सकेको पाइदैन।

३. कृषिलाई नाफामूलक व्यवसायका रूपमा स्थापित गर्न नसक्दा यस क्षेत्रमा लगानीका लागि निजी क्षेत्र र राजगारीका लागि युवा उद्यमीहरू आकर्षित हुन सकेको छैन ।

४. देशमा कृषि क्षेत्रमा आवश्यक कृषि मजदूरको अभावका कारण कृषि उत्पादन र उत्पादकत्वमा नकारात्मक प्रभाव परेको देखिन्छ ।

५. साना कृषकहरूको बढी संलग्नता रहेको र निर्वाहमुखी कृषि प्रणालीबाट गुज्रिरहेको अवस्था रहेको छ ।

६. कृषिमा व्यावसायीकरण र विविधिकरण हुन नसकेको ।

७. कृषि उत्पादन लागत बढी लाग्ने ।

८. बढ्दो जग्गाको खण्डीकरण तथा घडेरीकरणले कृषि भूमिको ह्रास हुन पुगेको ।

९. नेपाल प्राकृतिक रूपमा सवल र कृषिका लागि उपयुक्त हुँदाहुँदै पनि सरकारको कमजोर क्षमता र कृषिको न्यून प्राथमिकता नै विगत देखिको प्रमुख चुनौतीको रूपमा रहेको ।

१०. किसानले बाली लगाउने मुख्य समयमा बिउ, मलको लागि सरकारको मुख ताकिरहनु पर्ने अवस्था रहेको ।

११. कृषि क्षेत्रको विकास र आवश्यक बजेटको लागि अर्थमन्त्रालयको आवश्यक सहयोग नरहने गरेको ।

१२. कृषि नीतिहरू नेपालको भूगोल र माटो सुहाउँदो नभएको ।

१३. कृषिमा विविधिकरण, यान्त्रीकरण र व्यावसायीकरणको अभाव रहेको ।

१४. कृषि पूर्वाधार विकासमा न्यूनता,

१५. कृषि भूमिको असमान वितरण,

१६. कृषि उपजको उपयुक्त मूल्य र बजारको कमी,

१७. आवश्यक ज्ञान, प्रविधि र श्रमशक्तिको अभाव,

१८. कृषि उत्पादनको भण्डारण र वितरण प्रणाली राम्रो नहुनु,

१९. दोहोरो भू-स्वामित्वको स्थिति रहनु,

२०. कीटनाशक औषधी एवं रासायनिक मलको सुरक्षित प्रयोगबारे पर्याप्त जानकारीको अभाव,

२१. कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्न नसक्नु,

२२. प्रभावकारी सरकारी नीति, अध्ययन, अनुसन्धानको अभाव,

२३. कृषि पेशालाई हेयको दृष्टिले हेर्ने, व्यावसायिक कृषि प्रतिको अनाकर्षण आदि मुख्य समस्या रहेको ।

**कृषि क्षेत्रको विकासका लागि गर्नुपर्ने सुधारका क्षेत्र**

वर्तमान नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हकको रूपमा प्रयाभूत गरेको छ । खाद्य तथा पोषण संकटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यन्न, फलफूल, तरकारी खेती, माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा व्यापक सुधारको आवश्यकता छ । देशलाई खाद्य सम्प्रभु तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढाउन आवश्यक छ ।

आवधिक योजनाले अंगिकार गरेको सोंच, लक्ष्य र उद्देश्य, बजेट कार्यक्रममा समावेश भएका लक्ष्य, २० वर्षे

कृषि विकास रणनीतिको उद्देश्य, प्रधानमन्त्री आधुनिक कृषि विकास परियोजना, कृषि मन्त्रालय, कृषि अनुसन्धान केन्द्र, प्रदेश तथा स्थानीयको आपसी समन्वयमा कृषि क्षेत्रको विकासलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनु पर्दछ ।

१. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वको वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित हुने गरी कृषिमा क्रान्तिकारी परिवर्तन गरिनु पर्दछ ।
२. कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु पर्दछ ।
३. व्यावसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्नु ।
४. कृषिलाई नाफामूलक व्यवसायका रूपमा स्थापित युवा उद्यमीहरू आकर्षिक गरिनु पर्दछ ।
५. कृषि क्षेत्रको बजारीकरणको लागि स्थानीय सरकार मार्फत कृषि सहकारीहरूलाई परिचालन गरी बिचौलियाहरूको अन्त्य गरिनु पर्दछ ।
६. कृषि योग्य जमीनको खण्डीकरण एवं घडेरीकरण बन्द गरिनु पर्दछ ।
७. व्यापक मात्रामा सिंचाई सुविधा पुऱ्याई बाँझो जमीन राख्नेलाई कर लगाई सुधार गरिनु पर्ने ।
८. कृषि क्षेत्रसँग सम्बन्धित पशुपन्छी पालनको लागि नेपालमा ठूलो सम्भावना रहेको छ । कुखरा, बाख्रा, बंगुर, अष्ट्रिच, टर्की आदि पालन गर्न सकिन्छ । गाई तथा भैसी पालनबाट दूध तथा दुग्ध पदार्थ उत्पादन गर्न सकिन्छ ।
९. नेपालको दीर्घकालीन कृषि विकास रणनीति कार्यान्वयनमा रहेको छ । यसलाई सही ढंगले परिचालन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।
१०. कृषि क्षेत्रमा थोरै मानिसहरू संलग्न हुने तर धेरै उत्पादन हुने वातावरण निर्माण गर्नु पर्दछ ।
११. पहाडतर्फ एउटा सिंगो डाँडा वा गाउँमा केही संख्याका युवाहरूले व्यावसायिक कृषि कार्य गर्नु पर्दछ । तराईमा पनि बलिया र पढेलेखेका युवाहरू धेरै क्षेत्र ओगटेर आधुनिक ढंगले गरिने कृषि कार्यमा लाग्नु जरूरी छ ।
१२. कृषकहरूले उत्पादित कृषि वस्तुलाई लामो समयसम्म जोगाएर राख्न नसक्ने भएकोले कृषि उपजलाई प्रशोधन गरेर बढी समयसम्म ताजा राख्न सकिने वस्तु उत्पादन गर्नेतर्फ प्रयास हुनु पर्ने देखिन्छ ।
१३. कृषिमा ठूला ठूला फर्महरू बनाएर उत्पादनदेखि बजारीकरणसम्म एउटै फर्मले काम गर्न सक्ने वातावरण सिर्जना गरिनु पर्दछ ।
१४. कृषिलाई उद्योग र पर्यटनसँग जोड्नु पर्ने देखिन्छ । उद्योग र पर्यटन फस्टाउँदै जाँदा कृषि उपजको माग बढ्दछ । कृषि उपजको प्रशोधन र प्याकेजिङ गरेर औद्योगिकीकरण गर्ने र पर्यटक आकर्षित गर्ने गरी कृषि क्षेत्रलाई पर्यटनसँग जोडनु पर्ने आवश्यकता छ ।

**निष्कर्ष**

मुलुकको अर्थतन्त्रमा कृषि क्षेत्रको गहन स्थान रहेको हुन्छ र रहँदै आएको छ । नेपालमा अहिलेसम्म कृषि क्षेत्रको विकासको लागि गरिएका प्रयासहरूले खासै परिवर्तन ल्याउन सकेको छैन । अब कृषि क्षेत्र परम्परागत निर्वाहमुखी ढंगले चल्नु हुँदैन । निर्वाहमुखी खेती प्रणालीको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रिकीकरणमा परिवर्तन गर्नु जरूरी छ । ठूला ठूला कृषि फार्महरू खुल्नु पर्दछ र संख्यात्मक रूपमा थोरै तर बलिया र जानकार युवाहरू कृषि कार्यमा लाग्नु पर्दछ । मुलुकमा उपलब्ध कृषियोग्य जमीनको अधिकतम उपयोगका लागि भूमि बैंक स्थापना गरी कृषि कर्म गर्न चाहने व्यक्तिहरूलाई जग्गा उपलब्ध गराउने व्यवस्था लागू गर्नु आवश्यक छ । कृषि कार्यका लागि पर्याप्त सिँचाइको सुविधा, सहुलियतपूर्ण कृषि कर्जा, उन्नत बीउविजन, प्रविधि तथा यन्त्रहरू सहज र सरल रूपमा उपलब्ध हुनु पर्दछ । साथै, कृषि कर्ममा लाग्ने व्यक्तिहरूलाई उत्पादनको आधारमा सहुलियत, सामाजिक सुरक्षा र सम्मानको व्यवस्था हुने हो भने कृषि क्षेत्र आधुनिक ढंगले रूपान्तरण हुने अपेक्षा गर्न सकिन्छ । ■

*लेखक कृषि विकास बैंक लि. का*
*वरिष्ठ शाखा प्रमुख हुनुहुन्छ ।*

**सन्दर्भ सामाग्रीहरु**

१. कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३
२. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दस्तावेज
३. नेपालको आवधिक योजनाहरू
४. नेपालको संविधान
५. बैंक समाचार कृषि विकास बैंक लि.
६. Websites
https://www.moald.gov.np
https://mof.gov.np
https://adbl.gov.np
https://nrb.org.np

# Proliferation of Digital Banking and the Emerging Cyber Threats

■ Deep Singh Rawat

## Introduction

Digitization is no more a choice. Today every business sector is experiencing digital transformation and banks and financial institutions are at the forefront. Digital transformations are thus ubiquitous and those who are left behind (digital laggards) will be doomed to die. The collapsecases of Kodak, Blockbuster, Nokia etc. clearly explain how once a successful company lost its mighty presence due to ignoring the shift towards digitization and innovation. Thus, it is rightly said - *Digitize or die!*

The technological advancement and increasing customer expectations are driving the digital transformation. Digital banking helps banks achieve operational excellence and customer delight. As Bill Gates opined that 'banking is essential, banks are not', bank customers today can perform banking with a tap and a swipe on their hand-held devices in real time. Internet banking, mobile banking, plastic cards (used at ATM machines, POS terminals and e-commerce sites), digital wallets (with QR add-ons) are the most used alternate channels in the banking industry. These channels have totally changed the way we bank today especially for retail payments. For wholesale and large payments, SWIFT Transfers, Real Time Gross Settlement (RTGS), Interbank Payments (IPS) are available which are handled by the banks and financial institutions (BFIs). There are also non-bank participants (FinTechs) which are disrupting the traditional banking. Artificial Intelligence and Machine Learning are going to further revolutionise the financial services.

## Digital Banking Milestones

The journey of digital banking in Nepal can be traced with plastic cards and ATM machines launched in the 1990s.The digital era took some momentum with the introduction of internet and mobile (SMS) banking in 2002 and 2004 respectively. The need for the domestic ATM and POS switching network was fulfilled by the private sector with the establishment of Smart Choice Technologies (SCT). The first digital wallet Esewa was started by Techpreneurs in 2009. After the setup of the Payment Systems Department (PSD) at Nepal Rastra Bank (NRB) in 2019 the digital channels were formally regulated and guided. Licenceprovision to non-bank companies as Payment Service Operator (PSO) and Payment Service Provider (PSP) was incorporated in Payment & Settlement Act, 2019 to promote digital banking. In 2019, NRB introduced Real Time Gross Settlement (RTGS) to facilitate real time transfer of high value payments. Below figure shows the major milestones in the development of digital banking in Nepal till 2020.




**Proliferation of Digital Banking**

Digital banking in Nepalese banking industry is growing exponentially.This is only the beginning of digital banking as still 39.10% of the population are still unbanked in our country. Digital banking can be instrumental in bringing these people into the banking system thereby contributing for the growth in financial inclusion. Most of the BFIs are offering digital banking products and online applications.The government's efforts to route government transactions through banking channels using digital banking has also helped to build public confidence in online banking. The digitization that started and focused on payments services has now broadened to include not only online account opening and online KYC but also made possible for online loan application and approval. The increasing number of licensed PSPs and PSOs in Nepalese banking industry also reveals how the banking industry is onset to undergo digital.

**Status of Digital Banking Participants and Customers**

| **No. of Bank Accounts** | **33,411,214** | **BFI Participant** | **67** |
|---|---|---|---|
| No. of Internet Banking | 992,724 | Commercial Banks | 27 |
| No. of Mobile Banking | 10,670,072 | Development Banks | 23 |
| No. of Digital Wallets* | 4,000,000 | Finance | 22 |
| **No. of Cards Issued** | **7465432** | **Non-bank Participants** | **23** |
| Debit Cards | 7243153 | PSO | 9 |
| Credit Cards | 156749 | PSP | 14 |
| Prepaid Cards | 65530 | | |
| **No. of ATMs** | **3,945** | | |

(Mid April 2020 NRB)

* *Estimated number of wallets*

**Enablers of Digital banking**

There are several enablers that support the digital banking eco system:

- **Availability of Smartphone:**The affordability for smartphones (due to increasing income level of Nepalese and decreasing price of smartphones) has positively helped in increasing access to digital banking. Currently, smartphone penetration is estimated to be over 60% in Nepal.
- **Growing broadband internet penetration:** There is good progress in broadband internet penetration due to mushrooming ISPs (internet service providers) and 3G and 4G services by mobile network operators. As per the MIS report from Nepal Telecommunication Authority (NTA 2020) broadband Internet penetration has reached 72.22% in Nepal.
- **Easier and Cost-effective banking service:**Banks are offering their banking services to people through alternate channels rather than the traditional brick and mortal model. Bank customers arefinding it easy to use banking services at theirfingertip 24/7 at nominal subscription fee and transaction fees. Banks are further pushing the sales (customer onboarding) by free subscription and launching promotional activities (customer engagement) on different occasions.
- **Government policies:**Government have framed different policies to promote digital ecosystem. Digital Nepal Framework 2019 (issued by Ministry of Communication and Information Technology) aims to transform Nepal into a digitally empowered economy. Most of the government receipts (Tax collections, Fees etc.) and payments (Payments to vendors, contractors, social securities, subsidies etc.) are now done through digital banking channels. There is increasing in trend of G2B, B2G,G2C, C2G etc. transactions.
